ने
का
प

२
०
७
८

अ
सो
ज

अ
ङ्
क

६

# नेपाल कानून पत्रिका

भाग-६३ **२०७८ असोज** अङ्क-६




प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं



फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २१११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्स: ४२००७४९, पो.ब.नं. २०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np, Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

मानननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत - अध्यक्ष
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत - सदस्य
मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत - सदस्य
नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय- सदस्य
रजिस्ट्रार श्री नारायणप्रसाद पन्थी, सर्वोच्च अदालत - सदस्य
अधिवक्ता श्री रूद्रप्रसाद पोखेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन - सदस्य
अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य
प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय - सदस्य
सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत - सदस्य सचिव

**सम्पादक :** श्री ध्रुवकुमार ढकाल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरज कुमार ढुंगाना
नायब सुब्बा श्री रूद्र आचार्य
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खड्का
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा :**
नायब सुब्बा श्री निलदेव रिजाल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर



**प्रकाशित सङ्ख्या : ३५०० प्रति**

**नेपाल कानून पत्रिकाको उद्धरण गर्नु पर्दा**

**निम्नानुसार गर्नु पर्नेछ :**

*नेकाप, २०७८..., .........महिना, नि.नं. ........., पृष्ठ ...*

**उदाहरणार्थ :** *नेकाप,* २०७८, असोज, नि.नं.१०६७३, पृष्ठ ५७३

**सर्वोच्च अदालत बुलेटिनको उद्धरण गर्नु पर्दा**

**निम्नानुसार गर्नु पर्नेछ :**

*सअ बुलेटिन*, २०७८, ... ... ...- १ वा २, पृष्ठ ...

**उदाहरणार्थ :** *सअ बुलेटिन*, २०७८, असोज – १ वा २, पृष्ठ १

**सर्वोच्च अदालतको वेभसाइट www.supremecourt.gov.np** मा गई दायाँतर्फ **प्रकाशनहरू** मा क्लिक गरी २०६५ सालदेखिका **नेपाल कानून पत्रिका** तथा **सर्वोच्च अदालत बुलेटिन** मा समाविष्ट निर्णयहरू पढ्न र डाउनलोड गर्न सकिनेछ।

**साथै, नेपाल कानून पत्रिका** मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म) **हेर्न, पढ्न तथा सुरक्षित गर्न www.nkp.gov.np** मा जानुहोला।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा कुनै शब्द **नेपाली युनिकोड फन्ट**मा टाइप गरी खोज्न सक्नुहुन्छ। वेभसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत खोजमा** गई विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

**निन्दन्तु नीतिनिपुणा यदि वा स्तुवन्तु**
**लक्ष्मी: समाऽविशतु गच्छतु वा यथेष्टं ।**
**अद्यैव वा मरणं मस्तु युगान्तरे वा**
**न्याय्यात्पथ: प्रविचलन्ति पदं न धीरा: ॥८४॥**

- भर्तृहरि नीतिशतकम्

**<u>अर्थ:</u>** **निन्दा गरून् वा प्रशंसा, लक्ष्मी आउन् वा जाउन्,**
**आजै मर्नुपरोस् वा कालान्तरमा,**
**यी कुनै कुराको कत्ति पनि चिन्ता नराखी**
**न्यायिक मार्गमा लाग्नेहरू कहिल्यै विचलित हुँदैनन् ।**

## नेपाल कानून पत्रिकामा फैसला खोज्ने तरिका

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**मूल्य रू.७५।-**

**मुद्रक** : सर्वोच्च अदालत छापाखाना

# विषय सूची


| क्र. स. | नि.नं./इजलास/ विवरण | पक्ष / विपक्ष | विषयको सारसङ्क्षेप | पृष्ठ |
|---|---|---|---|---|
| १. | १०६७३<br>पूर्ण<br>हकसफा गरिपाऊँ | बुद्धिकुमार गोसाई<br>विरूद्ध<br>जसमाया गोसाई | ▪ लिखत बदर गराउन साधिकार निकायमा माग गर्न पाउने हदम्याद बाँकी रहेकै अवस्थामा निखन्न पाउने हदम्यादभित्र निखन्न माग नगरेकै आधारमा मोहीले निखन्न पाउने अवस्था सिर्जना भएको र त्यसपश्चात् उक्त १० नं. को व्यवस्थाबमोजिम सँग बसेका अंशियार हकवालाले लिखत बदरतर्फ माग गर्न नपाउने भन्ने अर्थ गर्न नमिल्ने। | ५७३ |
| २. | १०६७४<br>पूर्ण<br>उत्प्रेषण / परमादेश | दण्डपाणी ढकाल<br>विरूद्ध<br>नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, काठमाडौंसमेत | ▪ नैतिक पतन देखिने फौजदारी अभियोगमा थुनामा रहेको शिक्षक सो अवधिभर स्वत: निलम्बन भई निजले उक्त अवधिको तलब भत्ता नपाउने तर त्यस्तो अभियोगबाट सफाइ पाएमा निलम्बन समाप्त भएको आफ्नो पदमा पुनः स्थापित हुने र पूरै तलब पाउने नै बुझ्नुपर्ने। | ५८७ |
| ३. | १०६७५<br>संयुक्त<br>परमादेश | अधिवक्ता शैलेन्द्रप्रसाद अम्बेडकर (हरिजन) समेत<br>विरूद्ध<br>नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत | ▪ स्वास्थ्यको अधिकारको सम्मान, संरक्षण र परिपूरण गरिएमा मात्र जीवनको अधिकारको पूर्ण अनुभूत गर्ने वातावरण बन्दछ। त्यसैले स्वास्थ्यको अधिकारलाई अन्य सामान्य अधिकार जस्तो नहेरी राज्यले छिटो र प्रभावकारी ढङ्गबाट पूर्ण अनुभूत गराउने विषयको रूपमा हेर्नुपर्ने। | ५९५ |

| | | | | |
|---|---|---|---|---|
| ४. | १०६७६<br>संयुक्त<br>बन्दी प्रत्यक्षीकरण | ज्ञानबहादुर शाही<br>विरूद्ध<br>उच्च अदालत पाटनसमेत | ▪ निवेदन बेहोराबाट नै निवेदकले आफ्नो वास्तविक ठेगाना स्वीकार गरिरहेको अवस्थामा आफ्नो नामको समाह्वान म्यादबारे निज अनभिज्ञ, बेखबर रहेछन् भन्ने अर्थ गर्नु औचित्यपूर्ण नहुने। | ६१० |
| ५. | १०६७७<br>संयुक्त<br>प्रतिषेध | हरिभक्त पराजुली<br>विरूद्ध<br>प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत | ▪ कुनै कानूनी प्रक्रिया चलिरहेको छ भन्ने देखिएको अवस्थामा मात्र प्रतिषेधको रिट जारी गर्न सकिन्छ । त्यस्तो कारबाही अन्त्य भइसकेको **(functus officio)** देखिएमा प्रतिषेधको रिटको सट्टा उत्प्रेषणको रिट जारी हुन सक्दछ। मूलत: प्रतिषेधको रिट जारी हुन चलिरहेको कुनै कानूनी प्रक्रिया **(legal proceedings)** रोक्नुपर्ने अवस्था **(prevention)** विद्यमान हुनुपर्ने। | ६१६ |
| ६. | १०६७८<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | गेहेन्द्र बस्नेत क्षेत्री<br>विरूद्ध<br>वैदेशिक रोजगार न्यायाधिकरण, बबरमहल, काठमाडौंसमेत | ▪ कुनै व्यक्तिले आफ्नो हक भोगको सम्पत्ति धरौटीबापत जेथाजमानत लेखिदिएको भन्दैमा उक्त सम्पत्तिमाथि निजले कुनै अधिकार राख्दैन भनी अर्थ गर्नु मनासिब नहुने। | ६२५ |
| ७. | १०६७९<br>संयुक्त<br>वैदेशिक रोजगार कसुर | नेपाल सरकार<br>विरूद्ध<br>सिर्जना भुजेल | ▪ कुनै अपराधमा आरोपित व्यक्तिको संलग्नता प्रमाणले जुन तहसम्म पुष्टि गर्दछ सोही तहसम्मको कानूनले तोकेको सजाय कसुरदारले भोग्नुपर्ने। | ६३४ |

| | | | | |
|---|---|---|---|---|
| ८. | १०६८०<br><br>संयुक्त<br><br>बन्दी प्रत्यक्षीकरण | राजेन्द्र कुमारसमेत<br>विरुद्ध<br>महानगरीय प्रहरी वृत्त, कालीमाटी, काठमाडौंसमेत | ▪ प्रचलित कानूनबमोजिम मुद्दा हेर्ने अधिकारीबाट कसुर अनुसन्धानको लागि हिरासतमा राख्ने म्याद थप गरी साधिकार निकायबाट मुद्दाको अनुसन्धान तहकिकात भइरहेको हुँदा प्रचलित कानूनले अनुसन्धान अधिकारीलाई कसुर अनुसन्धान गर्न तोकेको कर्तव्यमा बाधा पुग्ने गरी तथा मुद्दा हेर्ने निकायको साधारण क्षेत्राधिकारको बाटो अवरूद्ध हुने गरी असाधारण क्षेत्राधिकारभित्र प्रवेश गरी मातहतका मुद्दा हेर्ने निकायलाई कानूनबमोजिम प्रदान गरिएको प्रक्रियाबमोजिमका कार्यविधिहरू प्रयोग गर्नमा हस्तक्षेप गर्नु औचित्यपूर्ण नहुने। | ६४२ |
| ९. | १०६८१<br><br>संयुक्त<br><br>जबरजस्ती करणी | नेपाल सरकार<br>विरुद्ध<br>दुर्गाप्रसाद खत्री चौलागाईं | ▪ अपाङ्गता भन्ने विषय व्यक्तिको शारीरिक, मानसिक, बौद्धिक रूपमा पहिलेदेखि नै स्थापित भइरहेको अवस्था हुँदा जहिले पनि पुष्टि हुने । त्यस्तो अपाङ्गतासम्बन्धी प्रमाणपत्र लिनु र नलिनुले अपाङ्गता भएको यथार्थलाई नकार्न नसक्ने। प्रमाणपत्रले उक्त यथार्थलाई औपचारिकता प्रदान गर्ने मात्र हुने। | ६४९ |
| १०. | १०६८२<br><br>संयुक्त<br><br>जबरजस्ती करणी र गर्भपतन | दुर्गादत्त भट्ट<br>विरुद्ध<br>नेपाल सरकार | ▪ महिलाको शरीर र अस्मिता विरूद्ध हुने जघन्य अपराधमा पीडितको भनाइलाई अदालतले अत्यन्त गम्भीरताको साथ लिनुपर्ने हुन्छ । जबरजस्ती करणी मुद्दाको पहिलो साक्षी भनेको पीडित आफैँ हो । अरू प्रत्यक्ष प्रमाणहरूसँग | ६५९ |

| | | | | |
|---|---|---|---|---|
| | | | बाझिएको, पीडितको भनाइमा निकै विरोधाभाष देखिएको, पीडितको भनाइ कृत्रिम र बनावटी देखिएको जस्ता अवस्थाहरूमा बाहेक सामान्यतः अदालतले पीडितको भनाइलाई प्रमाणको रूपमा लिनुपर्ने। | |
| ११. | १०६८३<br>संयुक्त<br>बन्दी प्रत्यक्षीकरण | तेन्जेन नगरकोटी<br>विरूद्ध<br>उच्च अदालत पाटनसमेत | ▪ एक वर्षसम्म कैद हुने ठहर भएका जुनसुकै मुद्दाका कसुरदारका हकमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को प्रावधान आकर्षित हुने पनि होइन। यस प्रकारको सुविधा प्रदान गर्नुअगाडि निर्णयकर्ताले कसुरको प्रकृति, गम्भीरता, कसुरदारको उमेर, कसुर गरेको तरिका, आचरण जस्ता दफा १५५ मा तोकिएका सर्तहरू र सार्वजनिक नीतितर्फ पनि विवेकपूर्ण दृष्टि दिनु आवश्यक हुन्छ । विशेष असाधारण कारण र परिस्थितिमा बहुविवाह मुद्दाका सन्दर्भमा पनि उक्त दफा १५५ बमोजिम सुविधा प्रदान गर्नुपर्ने अपवादस्वरूपका अवस्था पनि देखा पर्न सक्लान् !! तर, सामान्यतयाः, बहुविवाह मुद्दाका कसुरदारलाई केही रकम बुझाएर कैद बस्नबाट फुर्सद पाउने गरी उल्लिखित संहिताको दफा १५५ बमोजिम छुट दिनु मनासिब नदेखिने। | ६७४ |

| | | | | |
|---|---|---|---|---|
| १२. | १०६८४<br><br>संयुक्त<br><br>बन्दी प्रत्यक्षीकरण | गोविन्दबहादुर खड्कासमेत<br>विरूद्ध<br>रामेछाप जिल्ला अदालत, मन्थली, रामेछापसमेत | ▪ सरकारवादी भई कैदको सजाय हुन सक्ने फौजदारी अभियोगमा मुद्दा चलेको र निजहरू न्यायिक प्रक्रियामा नै रहेको अवस्थाका व्यक्तिलाई अन्यथा पर्याप्त र मनासिब कारण नदेखिएसम्म निजले रोजेको निजी घर, अस्पताल वा यस्तै अन्य ठाउँमा बस्ने गरी रोज्ने वा छनौट गर्न पाउने छुट नहुने। | ६७९ |
| १३. | १०६८५<br><br>संयुक्त<br><br>अंश | जोगी रावतसमेत<br>विरूद्ध<br>बलबहादुर रावत | ▪ एकासगोलका अंशियारका नाममा रहेको सम्पत्ति दर्तावाला व्यक्तिको निजी ठहरी एकलौटी हकभोगको पुष्टि हुन नसकेपछि सो सम्पत्तिबाट सगोलका अंशियारलाई अंश हक हिस्सा प्राप्त गर्नबाट वञ्चित गर्न नमिल्ने। | ६८५ |
| १४. | १०६८६<br><br>संयुक्त<br><br>लागु औषध (ब्राउन सुगर) | नेपाल सरकार<br>विरूद्ध<br>राजन कार्की | ▪ लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ मा "साथमा" भन्ने बेहोरा उल्लेख भएकोबाट अभियुक्तको शरीर, निजले बोकेको वा निजको स्वामित्वको मालवस्तु र अन्य कुनै तेस्रो व्यक्तिको उपस्थिति नरहेको सवारी साधन, वाहन आदिमा फेला परेको हुनुपर्ने। | ६९४ |
| १५. | १०६८७<br><br>संयुक्त<br><br>बैंकिङ कसुर | नेपाल सरकार<br>विरूद्ध<br>शेरबहादुर थापासमेत | ▪ सर्वसाधारणको निक्षेप स्वीकार गरी बैंकिङ व्यवसाय गर्ने बैंकले आफूसमक्ष सङ्कलित हुन आएको रकमको हिसाब किताब दुरूस्त छ वा छैन, आफूले जिम्मा लिएको रकम कहीँकतैबाट हिनामिना भएको छ वा छैन, भनी | ७०१ |

| | | | | |
|---|---|---|---|---|
| | | | समुचित सुरक्षाको प्रबन्ध नगरेको कारणबाट निक्षेपकर्ताको रकम जोखिममा पर्ने गरी बैंकको बिगो नै अलपत्र पार्ने गरी सफाइ दिन मिल्ने अवस्था नदेखिने । | |
| १६. | १०६८८<br><br>संयुक्त<br><br>बन्दी प्रत्यक्षीकरण | सन्तोषकुमार चौधरीसमेत<br>विरूद्ध<br>गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ▪ प्रमाणको मूल्याङ्कनसम्बन्धी विषय वा तजबिजी अधिकारको प्रयोग गर्दा विविध मानवीय दृष्टिकोणमा रहने स्वाभाविक विविधताको कारणबाट देखा पर्ने अन्तर-भिन्नता जस्ता कुरालाई हेरेर मातहतका अदालतले साधारण अधिकारक्षेत्रअन्तर्गत मुद्दाको नियमित प्रक्रियाका सन्दर्भमा गरेका निर्णय वा आदेशअनुसार थुना वा कैदमा परेको विषयलाई लिएर बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु स्वीकृत न्यायिक मान्यता वा परिपाटीअनुकूल नहुने । बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने अधिकारको खुकुलो वा हलुका प्रयोगले न्याय पद्धतिमा खलबली वा गडबडी नमच्चियोस् भन्ने पक्षमा वाञ्छित विवेक पुग्नु आवश्यक हुने । | ७१३ |
| १७. | १०६८९<br><br>संयुक्त<br><br>मिलापत्र बदर | प्रविणकुमार झासमेत<br>विरूद्ध<br>राखीकुमारी झा | ▪ अंशको हक सगोलका अंशियार भएका नाताले स्वत: प्राप्त गर्ने हक हुँदा अंश जस्तो नैसर्गिक कानूनी हकलाई कुनै प्रक्रियाबाट निष्क्रिय वा सङ्कुचित पार्ने | ७२७ |

| | | | | |
|---|---|---|---|---|
| | | | गरी भएका कुनै लिखतले कानूनी मान्यता प्राप्त गर्न नसक्ने। | |
| १८. | १०६९० संयुक्त वैदेशिक रोजगार कसुर | नेपाल सरकार विरूद्ध सन्तोष महर्जन | ▪ वैदेशिक रोजगार ठगी जस्तो मुद्दामा, लिखत, भौचर र अन्य कागजातहरू जस्ता भौतिक एवं स्वतन्त्र प्रमाण र सोका परीक्षणले घटना, वारदात र सोमा कसुरदारको संलग्नतालाई पुष्टि नगरेको अवस्थामा केवल सहप्रतिवादीले पोल गरेकै आधारमा अदालतले पनि शंका र अनुमानको आधारमा कसैलाई पनि सजाय गर्न नमिल्ने। | ७३२ |
| १९. | १०६९१ संयुक्त वैदेशिक रोजगार कसुर | होमबहादुर छन्त्याल विरूद्ध नेपाल सरकार | ▪ वैदेशिक रोजगारीमा जानका लागि रकम भुक्तानी गरेको वा उपलब्ध गराएको हो भनी पीडितले जाहेरी दरखास्तमा किटानी रूपमा उल्लेख नगरेको स्थितिमा प्रतिवादीलाई उपलब्ध गराएको रकम अन्य काम बेहोरा वा ऋण सापटको लागिसमेत उपलब्ध गराएको हुनसक्ने अवस्थालाई पूरै इन्कार गर्न नसकिने। | ७३९ |

## निर्णय नं. १०६७३

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान
माननीय न्यायाधीश श्री प्रकाशकुमार ढुंगाना
फैसला मिति : २०७६।३।२६
०७२-DF-०००५

मुद्दाः हकसफा गरिपाऊँ

पुनरावेदक / वादी : भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा नं.२ बस्ने बुद्धिकुमार गोसाई

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा नं. २ बस्ने जसमाया गोसाई

- **लेनदेन व्यवहारको १० नं. को अवस्था रहेकोमा सँगै बसेका हकवाला वा अंशियारले सोही महलको ११ नं. को व्यवस्थाबमोजिम तोकिएको हदम्यादभित्र निखन्न नगएकोले निजको हक समाप्त भएको अर्थ गरी प्राथमिकताको क्रममा रहेका अन्य हकवाला वा मोहीले निखन्न पाउने हक स्वतः सिर्जना भएको र लेनदेन व्यवहारको १० नं. को कानूनी व्यवस्थाबमोजिम लिखत बदरतर्फ माग गर्न पाउने सँगै बसेका हकवाला वा अंशियारले आफ्नो हक परित्याग गरेको अर्थ गर्न मिल्ने नदेखिने।**
- **लेनदेन व्यवहारको १० नं. को व्यवस्था सँगै बसेका अंशियार हकवालाको हकको सम्पत्ति निजको मन्जुरी र सहमतिबेगर बिक्री वा अन्य तवरले हक हस्तान्तरण भएको अवस्थामा त्यस्तो व्यवहारको लिखत बदर गराई आफ्नो हक स्थापित गराउन पाउने कानूनी व्यवस्था हो भने ऐ. ११ नं. को व्यवस्था सँगै बसेका अंशियार हकवालाको हकमा आकर्षित हुने नभई कानूनबमोजिमका अन्य हकवालालाई सन्धिसर्पनमा समस्या पर्ने गरी हक हस्तान्तरण भएमा सन्धिसर्पन पर्ने नजिकको हकवालाले त्यस्तो सम्पत्ति निखनी लिन पाउने र त्यस्तो हकवालाले ननिखनेमा जग्गाको हकमा मोहीले र घरको कुनै हिस्साको हकमा सन्धिसर्पन पर्ने नजिकको अन्य व्यक्तिले पनि निखन्न पाउने व्यवस्था रहने।**
- **लिखत बदर गराउन साधिकार निकायमा माग गर्न पाउने हदम्याद बाँकी रहेकै अवस्थामा निखन्न पाउने हदम्यादभित्र निखन्न माग नगरेकै आधारमा मोहीले निखन्न पाउने अवस्था सिर्जना भएको र त्यसपश्चात् उक्त १० नं. को व्यवस्थाबमोजिम सँग बसेका अंशियार हकवालाले लिखत बदरतर्फ माग गर्न नपाउने भन्ने अर्थ गर्न नमिल्ने।**

(प्रकरण नं.२०)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री लक्ष्मीबहादुर निराला, श्री बालकृष्ण नेउपाने, श्री मुक्ति प्रधान, श्री

बालमुकुन्द श्रेष्ठ तथा विद्वान् अधिवक्ता श्री ज्ञानेन्द्र कार्की

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल, श्री विश्वप्रकाश सिग्देल, विद्वान् अधिवक्ताहरू श्री सुनिल पोखरेल र श्री चन्द्रमणि पौडेल

अवलम्बित नजिर :

- ने.का.प.२०६६, अङ्क ८, नि.नं.८२१०
- ने.का.प.२०६४, अङ्क ४, नि.नं.७८३२

सम्बद्ध कानून :

- भूमिसम्बन्धी ऐन, २०२१

सुरू फैसला गर्नेः-

मा.जि.न्या.श्री बलभद्र बास्तोला

भक्तपुर जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः-

मा.न्या.श्री पुरूषोत्तम भण्डारी

मा.न्या.श्री सारदाप्रसाद घिमिरे

पुनरावेदन अदालत पाटन

यस अदालतबाट फैसला गर्नेः-

मा.न्या.श्री दीपकराज जोशी

मा.न्या.श्री गोविन्दकुमार उपाध्याय

फैसला

**न्या.विश्वम्भरप्रसाद श्रेष्ठ** : पुनरावेदन अदालत, पाटनको मिति २०६६/६/२० को फैसलाउपर तत्काल प्रचलित न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) (क) र (ख) बमोजिम वादी बुद्धिकुमार गोसाईको तर्फबाट परेको निवेदनमा मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान भई यस अदालतको संयुक्त इजलाससमक्ष पेस हुँदा माननीय न्यायाधीशहरूबिच रायमा मतैक्य हुन नसकी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः-

तथ्य खण्ड

भक्तपुर जिल्ला ताथली गाउँ विकास समिति वडा नं. ८छ कि.नं. १४० को क्षेत्रफल ५-७-०-० जग्गाको साबिक दर्तावाला कृष्णबहादुर बासुकला र जगतबहादुर बासुकला भएको र मोही म फिरादी बुद्धिकुमार गोसाई हुँ । दर्तावाला कृष्णबहादुरको मृत्युपछि निजको हक हिस्सा निजका हकदार गोविन्द, कृष्णमान, बाबुकाजी, द्वारिका, बालमुकुन्द र केशव बासुकलाका नाममा नामसारी भई जगतबहादुरको आधा हक हिस्सा यथावत् रहेको थियो। जग्गाधनी जना ७ कायम भए पनि आधा जगतबहादुरको हकहिस्सा र आधा गोविन्दसमेत जना ६ को हकहिस्सा भएकोमा मैले जोतभोग गरी जग्गाधनीलाई बाली बुझाउँदै आएको थिएँ। उक्त कि.नं. १४० जग्गामध्येबाट आधा गोविन्द बासुकलासमेत जना ६ ले दिने र जसमाया गोसाई लिने गरी मिति २०५९।११।९ मा र.नं. ४४६८ बाट मूल्य रू.३००००१।- मा हस्तान्तरण गर्नुभएको रहेछ । त्यसैगरी अर्का जग्गाधनी जगतबहादुरले पनि र.नं.४८४८ मिति २०५९/११/२६ मा आफ्नो हक हिस्साको जग्गा निज जसमाया गोसाईलाई हस्तान्तरण गरेको कुरा मिति २०६०/२/१० मा जानकारी पाई लेनदेन व्यवहारको १२ नं. बमोजिम उक्त जग्गा निखनाई पाउन मिति २०६०/३/९ मा मालपोत कार्यालयमा छुट्टाछुट्टै निवेदन दिएको थिएँ । उक्त जग्गा हकसफा गरिपाउन निवेदन दिएपछि विपक्षीले सो जग्गामा मोहीको लगत कट्टाको विषयमा विवाद छ भनी प्रतिवाद गरेकाले उक्त निवेदन मुलतबीमा राख्ने गरी मिति २०६०/६/२९ मा आदेश भएको थियो। उक्त आदेश पुनरावेदन अदालत पाटनबाट बदर

भई कारबाही हुँदा प्रस्तुत विषयमा भक्तपुर जिल्ला अदालतमा नालिस गर्न जानु भनी सुनाइदिने ठहर्छ भनी मालपोत कार्यालयबाट मिति २०६१/६/१ मा निर्णय भएकोले प्रस्तुत फिराद गर्न आएको छु। मुलुकी ऐन, लेनदेन व्यवहारको महलको ११ नं. बमोजिम निवेदन नपरेको अवस्थामा सोही महलको १२ नं. बमोजिम मोहीको हैसियतले सकार गर्ने हक सुरक्षित रहेको अवस्थामा पछि परेको विवादले पहिलो मुद्दालाई असर पर्ने होइन । र.नं.४४६८ मिति २०५९/११/९ मा पारित राजीनामाको लिखतबमोजिमको रकम विपक्षीलाई बुझाई लिखतबमोजिमको हदसम्म उक्त जग्गा हकसफा गरिपाउँ भन्ने मिति २०६१/६/१८ को फिरादपत्र।

मेरा ससुरा मोहनारा गोसाईकी कान्छी पत्नीतर्फका ३ भाइ छोराहरूमा जेठा विपक्षी बुद्धिकुमार गोसाई, माइला मेरा पति गणेशकुमार र कान्छा कृष्णकुमार गोसाई भएकोमा निजहरूका बिचमा २०३७ सालमा नै घरसारमा बन्डा हुँदा उक्त विवादको जग्गासमेत बन्डा गरी अलगअलग जोतभोग गर्दै आएका थियौं। जग्गा पारित भएकै दिन सम्पूर्ण तथ्य विपक्षीको जानकारीमा थियो । विपक्षीले भूमि सुधार कार्यालयमा जग्गा बाँडफाँटका लागि निवेदन दिएकोमा साबिक जग्गाधनी उपस्थित भई जग्गा हस्तान्तरण गरिसकेको भनी मिति २०५९।१२।७ गते नै लिखित जवाफ दिएका र विपक्षी तारेखमा नै बसी थाहा पाएकोमा मिति २०६०।२।१२ मा मात्र नक्कल सारी थाहा पाएको भनी हदम्याद नघाई माल अड्डामा प्रवेश गरेको अवस्था छ । मोहीको नाताले जग्गा निखनाई पाउँ भनी दाबी गर्न विपक्षीको हकदैयासमेत छैन । विवादको जग्गा मैले पारित लिखतबाट प्राप्त गरेपछि दाताका एकासगोलका हकदारले लेनदेन व्यवहारको १० नं. बमोजिम फिराद गरेकोमा यसै अदालतबाट भएको मिलापत्रबमोजिम दाताका हकदारका नाममा गइसकेको छ। जोबाट मैले जग्गा प्राप्त गरेको हो उसैमा जग्गा गइसकेकोले यस्तो अवस्थामा हक हस्तान्तरण भएको दोस्रो पक्षको उपस्थिति नमानिने हुँदा हकसफा गरिपाउँ भनी फिराद गर्ने हकदैया विपक्षीलाई नरहेको हुँदा फिराद खारेज गरिपाउँ भन्ने प्रतिउत्तरपत्र।

प्रतिवादी जसमायाको नामबाट साबिक दर्तावालाकै नाममा मिलापत्रबाट हक स्थापित भइसकेको र जग्गाको स्वामित्व यी वादीका जग्गाधनीमा नै भइरहेको अवस्थामा मिति २०५९।११।९ मा भएको पारित लिखत मिति २०६०।१०।२० र मिति २०६१।३।३२ को मिलापत्रबाट निष्क्रिय भइसकेको देखिँदा यी वादी मोही बुद्धिकुमार गोसाईका जग्गाधनीको नाममा जग्गा कायम भएको र जग्गाको स्वामित्व परिवर्तन नभएको अवस्थामा मोहीको नाताले लेनदेन व्यवहारको १२(१) नं. बमोजिम हकसफा गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्छ भन्ने भक्तपुर जिल्ला अदालतको मिति २०६५।५।११ को फैसला।

सुरू फैसलामा चित्त बुझेन । सुरू भक्तपुर जिल्ला अदालतले लिखत बदरसमेतका मुद्दा पर्दापर्दैको अवस्थालाई विश्लेषण नगरी पुनरावेदन अदालत पाटनबाट भएको आदेशलाई नजरअन्दाज गरी दण्ड सजायको ४३ नं., प्रमाण ऐनको दफा ३ र ५४ एवं मुलुकी ऐन, अ.बं. १८४क र १८५ नं. समेतको विपरीत हुने गरी गरेको फैसला बदर गरी वादी दाबीबमोजिम इन्साफ दिलाइपाउँ भन्नेसमेत बेहोराको वादीले पुनरावेदन अदालत पाटनमा दायर गरेको पुनरावेदनपत्र।

यसमा प्रतिवादी जसमायाको नामबाट साबिक दर्तावालाकै नाममा मिलापत्रबाट हक स्थापित भइसकेको र जग्गाको स्वामित्व पुनरावेदक वादीकै

साबिक जग्गाधनीमै भइरहेको, मिति २०५९/११/९ को राजीनामाबाट हक हस्तान्तरण भएकोमा उक्त राजीनामाको अस्तित्व मिति २०६०/१०/२० र मिति २०६१/३/३२ को मिलापत्रबाट निष्क्रिय भई उक्त राजीनामाबाट जग्गाको स्वामित्व परिवर्तन नभएको अवस्थामा लेनदेन व्यवहारको १२(१) नं. बमोजिम मोहीको नाताले विवादित जग्गा हकसफा गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर गरी सुरू भक्तपुर जिल्ला अदालतबाट मिति २०६५।५।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने पुनरावेदन अदालत पाटनको मिति २०६६।६।२० को फैसला।

मिति २०५९।११।९ मा र.नं. ४४६८ बाट गोविन्द वासुकलासमेत ६ जनाले जसमाया गोसाईलाई हक हस्तान्तरण गरेको कि.नं.१४० क्षेत्रफल ५-७-० जग्गाको मोही म निवेदक भएको सो जग्गा बिक्री गर्ने भएमा आफूले लिन तयार भएको कुरा दाताहरूलाई भन्दै आएकोमा मलाई जानकारी नदिई जसमायालाई बिक्री गरेको कुरा ऐनका म्यादभित्रै जानकारी पाई निखनाई पाउन थैली धरौट राखी निवेदन गरेको हुँ । सो निवेदन विचाराधीन रहेकै अवस्थामा दाताका हकदारमार्फत लिखत बदर मुद्दा दायर गर्ने र प्रतिवाद गर्ने कार्य गरी मैले निखनाई पाउने हकमा असर पारी गरेको दूषित मिलापत्र बदर मुद्दा दिएकोमा मिलापत्र बदर नहुने गरी भएको फैसलामा समेत दोहोऱ्याई पाउन भनी आजै निवेदन गरेको छु । लेनदेन व्यवहारको १२(१) नं.ले मोहीले निखनी लिन पाउने अधिकार सुरक्षित गरेको अवस्थामा दाबी नपुग्ने ठहराएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसलामा मुलुकी ऐन, दण्ड सजायको ४३ नं., लेनदेन व्यवहारको १२(१) नं., अ.बं. १८४क र १८५ तथा ने.का.प. २०३४, अङ्क १, पृष्ठ २१ मा प्रतिपादित नजिरको त्रुटि भएकोले न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क) र (ख) बमोजिम मुद्दा दोहोऱ्याई हेरिपाउँ भन्ने वादी बुद्धिकुमार गोसाईले यस अदालतमा दिएको निवेदनपत्र।

यसमा विवादित कि.नं.१४० को मोही निवेदक रहेभएकोमा विवाद देखिँदैन। जग्गाको साबिक दर्तावाला कृष्णबहादुर र जगतबहादुर बासुकलामध्ये कृष्णबहादुरको मृत्युपछि सो जग्गाको आधा हकहिस्सा निजका हकदार गोविन्द, कृष्णमान, बाबुकाजी, द्वारिका, बालमुकुन्द र केशव बासुकलाका नाममा नामसारी भएकोमा निजहरूले विपक्षी जसमायालाई मिति २०५९।११।९ मा र.नं. ४४६८ बाट लिखत पारित गरिदिएको र सो विषयमा निवेदक मोहीको तर्फबाट मिति २०६०।३।९ मा हकसफा मुद्दा दर्ता भई कारबाहीयुक्त रहेको अवस्थामा जग्गाधनीका हकदारहरूले लिखत बदर मुद्दा दायर गरी निजहरू र प्रतिवादी जसमाया गोसाईबिच मिलापत्र भएकोमा सोही मिलापत्रलाई आधार लिई वादी दाबी पुग्न नसक्ने ठहर गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला "मुद्दा परिसकेपछि उक्त मुद्दालाई निष्क्रिय र निस्तेज गर्न सिर्जना भएको कार्य मान्य हुन नसक्ने" भन्ने ने.का.प. २०३२, नि.नं. ९१७ मा प्रतिपादित नजिर प्रतिकूल भएको देखिनुको साथै मिलापत्र गर्दा वादी दाबी र आफ्नो हकसम्ममा सीमित रहेर मिलापत्र गर्नुपर्नेमा सो निर्धारित मापदण्डभन्दा बाहिर गएर गरिएको दूषित मिलापत्रलाई आधार बनाई मुद्दा परिसकेपछि पुनः दाताको नाममा हस्तान्तरण गर्दा मुलुकी ऐन, लेनदेन व्यवहारको १२(१) नं. बाट संरक्षित मोहीको हकसमेत सदा कुण्ठित हुन जाने हुँदा सोसमेतको त्रुटि देखिएकोले न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क) र (ख) बमोजिम मुद्दा दोहोऱ्याउने निस्सा प्रदान गरिएको छ। विपक्षी झिकाई

नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०६७/९/२३ को आदेश।

आफ्नो अंश हकको सम्पत्ति हस्तान्तरण भएमा मुद्दा गर्न पाउने हक सारवान् हक हो । जग्गाधनीका हकदारबाट लेनदेन व्यवहारको महलबमोजिम फिराद दिई मिलापत्र गर्न नपाउने भन्ने हुँदैन । हकवालाले आफ्नो हक प्राप्तिका लागि फिराद गरेको कार्य विपक्षीको मुद्दालाई निष्क्रिय गर्न सिर्जना भएको भन्न मिल्दैन । बुद्धिकुमार गोसाईका नाममा मोही जनिएको सो कि.नं. १४० को जग्गा मोही बुद्धिकुमार गोसाईका दाजुभाइहरूबिच २०३७ देखि नै मोहीसमेत बन्डा लाग्ने गरी बन्डा भई व्यावहारिक रूपमै आ-आफ्नो भागमा परेको जग्गा आ-आफूले जोत भोग गरी आएका हुन् । विवादको जग्गा मिलापत्रबाट साबिककै अवस्थामा गएको हो, जग्गाधनी परिवर्तन भएको होइन । यस्तो अवस्थामा हकसफा हुन सक्दैन। अतः जिल्ला र पुनरावेदन अदालत पाटनबाट भएको फैसलामा कुनै त्रुटि नरहेकोले विपक्षीको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने ठहर इन्साफ पाउँ भन्नेसमेत बेहोराको जसमाया गोसाईको लिखित प्रतिवाद।

यसमा मुद्दा पर्दापर्दै कुनै एक पक्षले अर्को पक्षलाई प्रतिकूल असर पर्ने कुनै प्रमाणको श्रृष्टि गर्छ भने त्यसलाई मान्यता दिन मिल्दैन तर पक्ष आफैँले अर्को पक्षलाई प्रतिकूल असर पर्ने प्रमाण श्रृष्टि गरेको नभई कानूनी प्रक्रियाहरूबाट नै कुनै काम कुरा हुन जान्छ र सो काम कुराको परिणामबाट कुनै पक्षलाई प्रतिकूल असर पर्न जान्छ भने त्यसउपर कानूनले तोकेको व्यवस्थाअनुसार निजले आफूलाई असर परेको कुरामा कानूनले तोकेबमोजिम उजुर गर्नुपर्ने भनी ने.का.प. २०३२, नि.नं. ९१७ मा सिद्धान्त प्रतिपादन भएको र सोही सिद्धान्तसमेतको आधारमा भएको मुद्दा दोहोर्‍याउने निस्सासँग समेत असहमत हुनुपर्ने देखिएन । यसबाट वादी दाबीबमोजिम वादीले मोहीको हैसियतले निखन्न पाउनुपर्नेमा वादी दाबी पुग्न नसक्ने ठहराएको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६६।६।२० को फैसला उल्टी भई वादी दाबीबमोजिम वादीले निखनाई पाउने ठहर्छ भन्ने माननीय न्यायाधीश श्री दीपकराज जोशीको राय।

लेनदेन व्यवहारको १०, ११ र १२ नं. को कानूनी व्यवस्था हेर्दा लिखत गर्नेको अंशियारहरूले लिखत बदर गराउन पाउने र निखन्न पाउने गरी निजहरू पहिलो प्राथमिकतामा रहेको देखिन्छ र अंशियारले ननिखनेमा मात्रै मोहीलाई निखन्ने हक प्राप्त हुने अवस्था छ । प्रस्तुत मुद्दामा अंशियारहरूमध्येबाटै लिखत बदर मुद्दा दायर भएकोले यी वादीले मोहीको हैसियतले निखन्न पाउनुपर्ने भनी लिएको दाबी मनासिब देखिएन । पहिलो प्राथमिकतामा रहेको अंशियारहरूले गरेको लिखत बदर मुद्दामा भएको मिलापत्रको आधारमा साबिक जग्गाधनीकै हकवालाहरूमा जग्गाको स्वामित्व हस्तान्तरण भएको कार्य कानूनसम्मत नै देखिन आयो । मिलापत्र बदर हुन नसक्ने भनी यसै लगाउको मिलापत्र बदर मुद्दामा विस्तृत रूपमा विवेचना भएको, सो र आजै पेस भएको ०६८-CI-०८६२ को हकसफा मुद्दामा व्यक्त आधारसमेतबाट हकसफा गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको पुनरावेदन अदालत पाटनको मिति २०६६।६।२० को फैसला मिलेकै देखिएकोले उक्त फैसला सदर हुने ठहर्छ । वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । माननीय न्यायाधीश श्री दीपकराज जोशीले पुनरावेदन अदालत पाटनको फैसला उल्टी गर्नुभएको रायसँग सहमत नभएकोले प्रस्तुत मुद्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलासमा

पेस गर्नु भन्ने माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्यायको राय ।

ठहर खण्ड

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक / वादी बुद्धिकुमार गोसाईका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री लक्ष्मीबहादुर निराला, श्री बालकृष्ण नेउपाने, श्री मुक्ति प्रधान, श्री बालमुकुन्द श्रेष्ठ तथा विद्वान् अधिवक्ता श्री ज्ञानेन्द्र कार्कीले कि.नं. १४० को जग्गाको मोही पुनरावेदक बुद्धिकुमार गोसाई हुन् । उक्त कि.नं. १४० को जग्गामध्ये आफ्नो हक हिस्साको आधा जग्गा गोविन्द बासुकलासमेत जना ६ ले जसमायालाई बिक्री गरेकोमा उक्त जग्गा हकवालाले ननिखनेको अवस्थामा लेनदेन व्यवहारको १२ नं. बमोजिम मोहीले निखन्न पाउनु पर्दछ । मोही समयमा नै निखन्न गएको अवस्था छ । यसमा सन्धिसर्पन पर्ने हकवाला नभएकोले मोही निखन्न गएको अवस्था हो । निखन्न पाउने पहिलो हक हकवालाको भएकोमा हकवाला निखन्न नगएको अवस्थामा मोही निखन्न गएकोले मोहीले निखन्न पाउनुपर्छ । हकसफा मुद्दा गरेकोमा उक्त मुद्दालाई प्रभावित गर्ने गरी गोविन्द बासुकलासमेतका जग्गाधनीका हकदारले लिखत बदर मुद्दा दिई उक्त मुद्दामा भएको मिलापत्रबाट वादी बुद्धिकुमार गोसाईको निखनाई पाउने हकमा प्रत्यक्ष असर पुग्न गएको अवस्था हुँदा सुरू भक्तपुर जिल्ला अदालतबाट वादी दाबी पुग्न नसक्ने गरी भएको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेको छैन । पुनरावेदन अदालत पाटनबाट भएको फैसला उल्टी गरी वादी दाबी पुग्ने ठहर भएको माननीय न्यायाधीश श्री दीपकराज जोशीले व्यक्त गर्नुभएको राय कानूनसम्मत हुँदा सोही राय सदर हुनुपर्दछ भन्नेसमेत बहस गर्नुभयो ।

विपक्षी जसमाया गोसाईको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री हरिहर दाहाल, श्री विश्वप्रकाश सिग्देल, विद्वान् अधिवक्ताहरू श्री सुनिल पोखरेल र श्री चन्द्रमणि पौडेलले विवादको कि.नं. १४० को जग्गा वादी मोहीले निखनाई पाउने होइन । उक्त जग्गा गोविन्द बासुकलासमेत ६ जनाले जसमायालाई बिक्री गरेकोमा गोविन्द बासुकलासमेतका हकदारले हदम्यादभित्र लिखत बदर मुद्दा दिएको अवस्था छ । उक्त लिखत बदर मुद्दामा भएको मिलापत्रबाट विवादको जग्गा जग्गाधनीका हकदारहरूका नाउँमा कायम भएको कार्यलाई दूषित भन्न मिल्दैन । उक्त कार्यबाट वादीको मोही हकमा कुनै असर पर्न गएको अवस्था छैन । तसर्थ, वादी दाबी पुग्न नसक्ने गरी सुरू भक्तपुर जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला कानूनसम्मत हुँदा उक्त फैसला सदर कायम गर्ने गरी यस अदालत संयुक्त इजलासमा माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्यायबाट व्यक्त राय सदर हुनुपर्दछ भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो ।

यसमा भक्तपुर जिल्ला ताथली गाउँ विकास समिति वडा नं. ८छ कि.नं. १४० को क्षेत्रफल ५-७-०-० जग्गाको मोही म भएकोमा जग्गाधनीले मलाई जानकारी नदिई विपक्षीमध्येका जसमाया गोसाईलाई जग्गा बिक्री गरेकोमा नजिकको हकवालाले ननिखनेकाले मोहीको हैसियतले मैले जग्गा निखनाई पाउँ भनी मालपोत कार्यालयमा निवेदन दिएकोमा प्रस्तुत विषयमा भक्तपुर जिल्ला अदालतमा नालिस गर्न जानु भनी सुनाइदिने ठहर्छ भनी मालपोत कार्यालयबाट मिति २०६१।६।१ मा निर्णय भएको छ । मोहीको हैसियतले उक्त जग्गा निखनाई पाउन निवेदन दिएपश्चात् जग्गा दाताका हकदारले लिखत बदर मुद्दा दायर गरी मिलापत्र गरेका कारणले मेरो निखनाई पाउने हकमा आघात पुग्ने

होइन । फिराद दाबीबमोजिम उल्लिखित जग्गाको हक सफा गरिपाउँ भन्ने फिराद दाबी रहेको देखियो । प्रतिवादीको प्रतिउत्तर पत्रमा वादीले हदम्याद नघाई मालपोत कार्यालयमा प्रवेश गरेको र हकवालाले लेनदेन व्यवहारको महलबमोजिम लिखत बदर मुद्दा दायर गरी मुद्दामा मिलापत्र भई जग्गा साबिककै जग्गाधनीमा गएको अवस्थामा मोहीको हैसियतले हकसफा गरिपाउँ भन्ने फिराद दिने हकदैया नभएको हुँदा फिराद दाबी खारेज गरिपाउँ भन्नेसमेत जिकिर रहेकोमा मिलापत्रबाट साबिककै जग्गावालाको हक स्थापित भई पारित लिखत निष्क्रिय भइसकेको देखिँदा वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू भक्तपुर जिल्ला अदालतको फैसलाउपर परेको पुनरावेदनमा पुनरावेदन अदालत पाटनबाट सुरू फैसला सदर हुने ठहर भई वादीले मुद्दा दोहोऱ्याई हेरिपाउँ भनी यस अदालतमा निवेदन दिई यस अदालतबाट दोहोऱ्याई हेर्ने निस्सा प्रदान भएको देखिन्छ ।

प्रस्तुत मुद्दा संयुक्त इजलासमा पेस हुँदा मोहीको हैसियतले जग्गा निखनाई हकसफा गर्न पाउने स्पष्ट कानूनी व्यवस्था भइराखेको र हाल मोही जग्गाधनी भइसकेको अवस्थामा मोहीको हैसियतले निखनाई पाउने वा नपाउने भन्ने प्रश्नमा विवेचना गरिरहनु परेन । वादी दाबीबमोजिम वादीले मोहीको हैसियतले निखन्न पाउनुपर्नेमा वादी पुग्न नसक्ने ठहराएको सुरू फैसला मिलेको देखिएन । तसर्थ, वादी दाबी पुग्न नसक्ने ठहर गरेको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६६/६/२० को फैसला उल्टी भई वादी दाबीबमोजिम वादीले निखनाई पाउने ठहर्छ भन्ने माननीय न्यायाधीश श्री दीपकराज जोशीको राय र अंशियारहरूमध्येबाटै लिखत बदर मुद्दा दायर भएकोले यी वादीले मोहीको हैसियतले निखन्न पाउनुपर्ने भनी लिएको दाबी मनासिब देखिएन । पहिलो प्राथमिकतामा रहेका अंशियारहरूले गरेको लिखत बदरको मुद्दामा भएको मिलापत्रको आधारमा साबिक जग्गाधनीकै हकवालाहरूमा जग्गाको स्वामित्व हस्तान्तरण भएको कार्य कानूनसम्मत नै देखिन आयो । हकसफा गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहराएको पुनरावेदन अदालत पाटनको मिति २०६६/६/२० को फैसला मिलेकै देखिएकोले उक्त फैसला सदर हुने ठहर्छ भन्ने माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्यायको राय भई संयुक्त इजलासका माननीय न्यायाधीशहरूबिच मतैक्य नभई फरकफरक राय प्रस्तुत भई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलाससमक्ष पेस हुन आएको देखियो ।

उपर्युक्तानुसारको तथ्य रहेको प्रस्तुत मुद्दामा दुवै पक्षका विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको बहस जिकिर सुनी मिसिल संलग्न कागजात एवं यस अदालतको संयुक्त इजलासको फैसलासमेत अध्ययन गरी हेर्दा मूलतः प्रस्तुत मुद्दामा निम्न प्रश्नहरूउपर विचार विवेचना गरी निर्णय दिनुपर्ने अवस्था देखियो ।

- प्रस्तुत मुद्दाको विवादित जग्गा वादी / पुनरावेदकले हकसफा गरी लिन पाउने अवस्थाको हो वा होइन ?
- पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेको छ, छैन ?

२. यस सम्बन्धमा सर्वप्रथम प्रस्तुत मुद्दाको तथ्यगत अवस्था हेर्दा भक्तपुर जिल्ला ताथली गाउँ विकास समिति वडा नं. ८छ को कि.नं.१४० को ५-७-०-० जग्गाको साबिक दर्तावाला कृष्णबहादुर बासुकला र जगतबहादुर बासुकला एवं मोही वादी बुद्धिकुमार गोसाई भएको देखिन्छ । जग्गाधनी कृष्णबहादुर बासुकलाको मृत्यु भई निजको भागको जग्गा निजका हकदार छोराहरू गोविन्द बासुकला, कृष्णमान

बासुकला, बाबुकाजी बासुकला, द्वारिका बासुकला, बालमुकुन्द बासुकला र केशव बासुकलाको नाममा नामसारी भएको देखिन्छ। जग्गा नामसारीपश्चात् निज गोविन्द बासुकलासमेत ६ जना संयुक्त रूपमा दिने र लिने प्रतिवादी जसमाया गोसाई भई उक्त कि.नं. १४० को आधा अर्थात् आफ्नो हक हिस्साको जग्गा र.नं. ४४६८ मिति २०५९।११।९ मा राजीनामा लिखत गरी बिक्री गरेको देखिन्छ । उक्त राजीनामा बिक्री सम्बन्धमा नजिकको हकदारले ननिखनेको भनी यी वादीले लेनदेन व्यवहारको १२ नं. बमोजिम मोहीको हैसियतमा जसमाया गोसाईउपर मिति २०६०।३।९ मा मालपोत कार्यालय भक्तपुरमा जग्गाधनीको भाग जतिको जग्गा निखनाई पाउँ भनी नालिस गरेको देखिन्छ। वादी बुद्धिकुमार गोसाईको मालपोत कार्यालय भक्तपुरमा निखनाई पाउँ भनी नालिस परेपछि रजिस्ट्रेसनको ३५नं. अनुसार प्रमाण बुझी निर्णय दिनुपर्ने अवस्था भएकोले अदालतमा नालिस गर्न जानु भनी मालपोत कार्यालयको मिति २०६१/६/१ मा भएको निर्णयपश्चात् हकसफा गरिपाउँ भनी भक्तपुर जिल्ला अदालतमा यी वादी बुद्धिकुमार गोसाईको मिति २०६१/६/१८ मा प्रस्तुत मुद्दाको फिराद परेको अवस्था देखियो।

३. वादी बुद्धिकुमार गोसाई र प्रतिवादीमध्येको जसमाया गोसाईको पति गणेशकुमार दाजु भाइ नाताका व्यक्ति भएको देखिन्छ। उक्त कि.नं. १४० को जग्गाको साबिक जग्गाधनी कृष्णबहादुर वासुकला र जगतबहादुर बासुकला तथा मोही बुद्धिकुमार गोसाई भएको भन्ने कुरामा विवाद छैन। बुद्धिकुमार गोसाईका नाममा मोही जनिएको सो कि.नं. १४० को जग्गा मोही बुद्धिकुमार गोसाईका दाजुभाइहरूबिच २०३७ सालदेखि नै मोहीसमेत बन्डा लाग्ने गरी बन्डा भई व्यावहारिक रूपमै आ-आफ्नो भागमा परेको जग्गा आ-आफूले जोत भोग गरी आएको भन्ने प्रतिवादी जसमाया गोसाईको जिकिर रहेको देखिन्छ।

४. जग्गाधनी गोविन्द बासुकलासमेत ६ जना संयुक्त रूपमा दिने र लिने जसमाया गोसाई भई र.नं. ४४६८ मिति २०५९।११।९ को राजीनामा लिखतबाट कि.नं.१४० मध्येको आधा जग्गा लिनुदिनु भएपछि वादी बुद्धिकुमार गोसाईले प्रस्तुत हकसफाको नालिस गरेको र हकसफाको नालिस विचाराधीन रहेको अवस्थामा कृष्णमान बासुकलाका छोरा विजय वासुकलासमेतले, केशव वासुकलाका छोरा दिनेश वासुकलासमेतले, गोविन्द बासुकलाको छोरा गंगाप्रसाद वासुकलासमेतले, बाबुकाजीको छोरा धिरज बासुकलासमेतले, बालमुकुन्दको छोरा मदन वासुकलासमेतले र द्वारिकाको छोरा पुष्पलाल वासुकलासमेतका अंश हक खाने हकदारहरूले जसमाया गोसाईसमेत उपर राजीनामा लिखत बदर गर्न माग गरी मिति २०६०/४/२० मा भक्तपुर जिल्ला अदालतमा दिएको अलग अलग लिखत बदर मुद्दामा बिक्री भएको सो पूरै जग्गामा वादीहरूको हक कायम हुने गरी मिति २०६०।१०।२० र मिति २०६१/३/३१ मा वादीहरू र प्रतिवादीमध्ये जसमाया गोसाईबिचमा मिलापत्र हुँदा जसमायाका नामबाट साबिक जग्गाधनीहरूका हकदारहरूका नाउँमा जग्गाको स्वामित्व कायम हुने गरी भक्तपुर जिल्ला अदालतबाट मिलापत्र गरेको भन्ने कुरा यसै मुद्दासाथ पेस हुन आएको वादी मोही बुद्धिकुमार गोसाई भएको लगाउको मिलापत्र बदर मुद्दामा पेस भएका मिलापत्रका कागजको प्रतिलिपिबाट देखिन्छ।

५. उल्लिखित तथ्य रहेको प्रस्तुत मुद्दामा जग्गाधनीको हैसियतले गरेको बिक्रीउपर मोहीले हकसफामा फिराद गरेको तथा जग्गाधनीहरूको सबैभन्दा नजिकको हकदार छोरा छोरी र पत्नीले लिखत बदरमा अलगअलग मुद्दा दिई आफ्नो हक

कायम हुने गरी मिलापत्र गरी सो जग्गा जग्गाधनीकै अंश हक खाने हकदारहरूले आफ्नो नाममा कायम गराइसकेको अवस्थामा वादी दाबीबमोजिम मोहीले सो जग्गा हकसफा गरी लिन पाउने हो वा होइन ? भन्ने सम्बन्धमा अचल सम्पत्तिको हक हस्तान्तरण तथा हकसफासम्बन्धी कानूनी व्यवस्थाहरूसमेतलाई हेर्नुपर्ने हुन्छ।

६. प्रस्तुत मुद्दामा मोही लागेको जग्गा जग्गाधनीले बिक्री गरेउपर लेनदेन व्यवहारको महलको ११ नं. को हदम्याददभित्र ऐ. १२ नं. बमोजिम मोहीको हकसफाको फिराद परेको र सोही बिक्रीउपर दाताको छोरा छोरी तथा श्रीमतीले लिखत बदर मुद्दा गरी उक्त मुद्दामा मिलापत्र भएको अवस्था हुँदा कस्ता व्यक्तिहरू अंशियार हकवालाभित्र पर्दछन् र मोहीको हक स्थापित हुने सैद्धान्तिक तथा कानूनी आधारहरू के के छन् भन्ने सम्बन्धमा पनि विवेचना हुनु मनासिब देखिन्छ। अंशियार हकवालाको सम्बन्धमा हेर्दा कुनै व्यक्तिको अंश हक खान पाउने अवस्थाको हकदार नै अंशियार हकवालाभित्र पर्ने हुन्छ। अंशियार हकवाला भन्ने वित्तिकै अंश प्राप्त गर्ने विषय सन्निहित भएर आउँछ। अंश लाग्ने सम्पत्तिबाट प्रत्यक्ष वा परोक्ष रूपमा प्रभावित हुने हकवाला नै अंशियार हकवालाको दायराभित्र समेटिने हुँदा अंशियार हकवालाको अंश हक मासिने गरी कुनै काम गर्न हुँदैन भन्ने कानूनी विधिशास्त्रको विकास हुन पुगेको देखिन्छ। मूलतः हाम्रो कानून प्रणालीले साबिकदेखि नै अंश हक व्यक्तिको जन्मसिद्ध हक मानी व्यक्तिको त्यस्तो हक स्वेच्छाले परित्याग नगरेसम्म कसैले हरण गर्न नसक्ने मान्यतालाई अङ्गीकार गरी आएको पाइन्छ।

७. साबिक मुलुकी ऐनमा अंशबन्डा सम्बन्धमा भएको कानूनी व्यवस्था हेर्दा अंशबन्डाको १ नं. मा बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरीहरूको जियजियैको अंश गर्नुपर्छ भन्ने कानूनी व्यवस्था रहेको छ। सो कानूनी व्यवस्थाअनुसार बाबुको सम्पत्तिउपर छोरा छोरी र पत्नीको अंश हक रहने हुन्छ। बाबु / पति वा घरको मुख्य भई काम गर्नेले सम्पत्ति बिक्री वा अन्य तवरले हस्तान्तरण गर्दा छोरा छोरी वा पत्नीको त्यस्तो अंश हक हनन नहुने गरी वा निजहरूको मन्जुरी लिएर हस्तान्तरण गरेको अवस्थामा मात्र त्यस्तो हस्तान्तरण पक्का ठहर्ने अन्यथा अन्य अंशियारले त्यस्तो बिक्री वा हस्तान्तरणउपर उपचार माग गर्न सकिने व्यवस्था मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. मा गरी अंश हक खाने अंशियार हकवालाले आफ्नो हक सुरक्षित गर्ने कुरालाई स्पष्ट गरेको अवस्था देखिन्छ।

८. भूमिसम्बन्धी ऐन, २०२१ ले दफा २ को (ख) मा मोही भन्नाले जग्गावालाको जग्गा कुनै सर्तमा कमाउन पाई सो जग्गामा आफ्नो वा आफ्नो परिवारको श्रमले खेती गर्ने किसान सम्झनुपर्छ भनी उल्लेख गरेको देखिन्छ भने सोही ऐनको दफा २(क) मा जग्गावालाको परिभाषा गरेको देखिन्छ। उक्त परिभाषाबाट जग्गावाला र मोही अलग अलग व्यक्ति भन्ने देखिन्छ। मोही हक प्राप्त हुने अवस्थाका सम्बन्धमा ऐ. ऐनको दफा २५(१) मा यो दफा प्रारम्भ भएको मितिसम्म कुनै जग्गावालाको जग्गा मोहीको हैसियतले कमाई आएको व्यक्तिलाई सो जग्गामा यो परिच्छेदबमोजिमको मोहीको हक प्राप्त हुने छ भनी मोही हक प्राप्त हुने बारेमा विस्तृत रूपमा उल्लेख गरेको अवस्था देखिन्छ। यसबाट मोही हक अंशहक जस्तो स्वतः प्राप्त हुने हक नभई अर्काको जग्गा कुनै सर्तमा कमाई वा जोतभोग गरेबापत कानूनबमोजिम प्राप्त हुने हक हो।

९. अब जग्गावालाले आफ्नो जग्गा बिक्री वितरण गरेको अवस्थामा त्यस्तो जग्गा मोहीले हकसफा गरी लिन पाउने नपाउने सम्बन्धमा विद्यमान कानूनी व्यवस्थाको बारेमा हेर्दा मुलुकी ऐन, लेनदेन व्यवहारको

१० नं. मा **"अंश नभएका अंशियारले सगोलको अचल सम्पत्ति बेचबिखन गर्दा वा कुनै किसिमले हक छाडी दिँदा ऐनले आफूखुसी गर्न पाउने अरूको मन्जुरी लिनु नपर्नेमा बाहेक अरूमा एकाघरसँगका अंशियार सबै साक्षी बसेका वा निजहरूले मन्जुरीको लिखत गरिदिएको भए मात्र पक्का ठहर्छ । साक्षी पनि नबसेको र मन्जुरीको लिखत पनि नभए मन्जुर नहुनेले रजिस्ट्रेसन भएको मितिले एक वर्षसम्ममा थाहा पाएको पैंतिस दिनभित्र उजुरी गर्‍यो र निजको मन्जुरी ठहरिएन भने निजको हकजति सो सम्पत्ति निजलाई फिर्ता गराइ दिनुपर्दछ । सोबमोजिम फिर्ता भएकोमा साहुको थैली परेको भए फिर्ता भएजतिको थैली र ऐनबमोजिमको ब्याज लिखत रजिस्ट्रेसन दस्तुरसमेत सो सम्पत्ति बेचबिखन गरी वा अरू कुनै किसिमको हक छाडिदिनेबाट साहुले कपालीसरह असुल गरी लिन पाउँछ । आफ्नो निजी आर्जनको भए सँग बस्नेको मन्जुरी लिनु पर्दैन । बेचबिखनसमेत गैह्र गर्न हुन्छ"** भन्ने व्यवस्था भएको देखिन्छ ।

१०. उल्लिखित कानूनी व्यवस्थाको मकसद, प्रयोजन र उद्देश्य भनेको अंश नभएका र सँग बसेका अंशियारले कानूनले आफूखूसी गर्न पाउने अरूको मन्जुरी लिनु नपर्ने अवस्थामा बाहेक सगोलको अचल सम्पत्ति बेचबिखन गरेको वा कुनै किसिमले हक छाडी दिएको लिखत एकाघरसँगका अंशियार सबै साक्षी बसेको वा निजहरूले मन्जुरीको लिखत गरिदिएको अवस्थामा मात्र पक्का हुने र साक्षी पनि नबस्ने र मन्जुरीको लिखत पनि नभए मन्जुर नहुनेले रजिस्ट्रेसन भएको मितिले एक वर्षसम्ममा थाहा पाएको पैंतिस दिनभित्र नालिस गर्नुपर्ने र मन्जुरी ठहरिएन भने निजको हकजतिको सो सम्पत्ति निजलाई फिर्ता गराइदिनुपर्ने देखिन्छ । त्यसरी फिर्ता भएकोमा साहुको थैली परेकोमा फिर्ता भएजतिको थैली र ऐनबमोजिमको ब्याज र लिखत रजिस्ट्रेसन दस्तुरसमेत सो सम्पत्ति बेचबिखन गरेर वा अरू कुनै किसिमले हक छाडिदिनेबाट साहुले कपालीसरह लिन पाउने देखिन्छ। आफ्नो निजी आर्जनको सम्पत्ति बिक्री गरेकोमा सँग बस्नेको मन्जुरी लिन नपर्ने र बेचबिखनसमेत गैह्र हुने भन्ने देखिन्छ । यसप्रकार लेनदेन व्यवहारको १० नं. ले एकासगोलको अंशियारहरूको सम्पत्तिसम्बन्धी हकको संरक्षण गर्ने उद्देश्य राखी कुनै अंशियारको मन्जुरी वा सहमतिबेगर निजको हकको सम्पत्ति अन्य अंशियारले बिक्री गर्न नपाउने व्यवस्था गरी अंशको हकलाई महत्त्वका साथ संरक्षण गरेको पाइन्छ ।

११. यसैगरी हकवालाले जग्गाको हकसफा गरी निखनी लिन पाउनेसम्बन्धी कानूनी व्यवस्था हेर्दा मुलुकी ऐन, लेनदेन व्यवहारको ११ नं. मा **"कसैले आफ्नो हक पुग्ने अचल बिक्री गरेकोमा यसै महलको १० नम्बरबमोजिम साक्षी बस्ने, मन्जुरी दिनेबाहेक सो बिक्री भएको सम्पत्ति सन्धिसर्पन परेको निजको ऐनबमोजिमको कुनै हकवालाले निखनी लिन चाहेमा किने बेचेको लिखत रजिस्ट्रेसन भएको मितिले छ महिनासम्ममा थाहा पाएको पैँतिस दिनभित्र निखनी लिन पाउँछ । सो म्याद नाघेपछि किने बेचेको पक्का हुन्छ । एकाघर सगोलका उमेर पुगेका कसैले थाहा पाएकोमा सगोलमा भएको मुख्यसमेत सबैले थाहा पाएको ठहर्छ । सन्धिसर्पन पर्ने धेरै हकवालाले निखन्न चाहेमा सोमध्ये सबैभन्दा नजिकको हकवालाले निखन्न पाउँछ । नजिकको हकवालाले किनेकोमा सन्धिसर्पन पर्ने भए पनि टाढाको हकवालाले निखन्न पाउँदैन"** भन्ने व्यवस्था रहेको देखिन्छ । यस नं. बमोजिम हकसफा गरी लिनको लागि बिक्री गर्ने व्यक्तिको सन्धिसर्पन पर्ने हकवाला भएको र निजलाई सन्धिसर्पन परेको अवस्था पनि हुनुपर्दछ ।

१२. हकवाला भन्नाले कसलाई बुझाउँछ

भन्ने सन्दर्भमा हेर्दा मुलुकी ऐन, अपुतालीको १ नं. मा "हकवाला भन्नाले सम्बन्धित व्यक्तिको सात पुस्तासम्मको सबैभन्दा नजिकको अंशियार हुन्छ । सात पुस्ता नाघेको टाढाको नातेदार हुन्छ" भनी परिभाषित गरिएको देखिन्छ । उक्त कानूनी व्यवस्था, समाजमा प्रचलित परम्परा र व्यवहार एवं मान्यतासमेतका आधारमा हेर्दा हकवाला भन्नाले अपुतालीमा दाबी गर्न सक्ने हैसियत तथा प्राथमिकीकरणको सूचीभित्र परेका वा पर्न सक्ने सात पुस्ताभित्रका पुस्तेवारी, रक्तसम्बन्ध वा नाताभित्रका व्यक्ति पर्ने देखिन्छ ।

१३. सन्धिसर्पन भन्नाले कस्तो अवस्थालाई जनाउँछ भनी हेर्दा गुमादेवी पाठक विरूद्ध पुरूषोत्तम भट्टराई भएको (ने.का.प.२०६६, अङ्क ८, नि.नं. ८२१०, प्रकरण नं.४) हक निखनाइ पाउँ मुद्दामा "सन्धिसर्पन भन्नाले साँध जोडिएको मात्र नभई सो अचल सम्पत्ति आफूलाई निकास, बाटो, सिँचाई, हावा, प्रकाश वा अन्य यस्तै कारणबाट आफूलाई नभई नहुने प्रकृतिको अचल सम्पत्ति देखिनुपर्ने" भनी सन्धिसर्पनको व्याख्या गरेको पाइन्छ । त्यसैगरी राममणि गौली विरूद्ध शेरबहादुर गुरूङ (ने.का.प.२०६४, अङ्क ४, नि.नं.७८३२, प्रकरण नं.१४) हक निखनाइ पाउँ मुद्दामा "सन्धिसर्पनको सम्बन्धमा लेनदेन व्यवहारको ११ नं. ले परिभाषा नगरे पनि त्यस्तो स्थान ठाउँलाई मान्नुपर्ने हुन्छ जुन ठाउँ, स्थानको उपयोग र प्रयोग बिना त्यससँग सम्बन्धित अर्को ठाउँ विशेषको उपयोग हुँदैन । सन्धिसर्पनका लागि एउटा जग्गा नभई अर्को जग्गामा आवतजावत निकास बाटो बन्द हुनु वा पानी लाने लगाउने खेतीलगायतका अन्य कार्य गर्न नपाउने हुनुपर्दछ । एउटा जग्गाको उपयोग र उपभोग अर्को जग्गामा पूर्णतया निर्भर रहेको हुनुपर्ने" भनी व्याख्या भएको पाइन्छ ।

१४. मोहीको मोहियानी हक सम्बन्धमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६घ. मा मिति २०५३।९।२४ मा भएको चौथो संशोधनले मोही र जग्गाधनीबिच जग्गा बाँडफाँट हुने व्यवस्था गरेको देखिन्छ । सोही कानूनी व्यवस्थासमेतका आधारमा मोही र जग्गाधनीबिच जग्गा बाँडफाँट गरिपाउँ भनी प्रस्तुत विवादित जग्गाको सम्बन्धमा मोही बुद्धिकुमार गोसाईबाट भूमि सुधार कार्यालय, भक्तपुरमा मिति २०५९।८।२७ मा निवेदन परेको भन्नेसमेत देखिन्छ । जग्गा बाँडफाँटको निवेदन परेमा मोही र जग्गाधनीबिच आधा आधा हुने गरी जग्गा बाँडफाँड हुने भन्ने व्यवस्था भूमिसम्बन्धी ऐन, २०२१ (चौथो संशोधन) को दफा २६(घ) मा भएको देखिन्छ ।

१५. अब मोहीले हकसफा गर्न पाउने सम्बन्धमा भएको कानूनी व्यवस्थातर्फ दृष्टिगत गर्दा मुलुकी ऐन, लेनदेन व्यवहारको १२ नं. मा निम्न व्यवस्था रहेको पाइन्छः-

> **सन्धिसर्पन पर्ने हकवाला नभए वा भए पनि निजले ननिखनेमा यसै महलको ११ नं. को म्यादभित्र निखन्न पाउँ भनी उजुर गरे देहायकोले निखन्न पाउँछः-**

**जग्गा भए जग्गाको मोहीले ...................१**

> **तर घरबारीको लागि जग्गा किनेकोमा दुई रोपनी वा तीन कठ्ठासम्म जग्गा सन्धिसर्पन पर्ने हकवालाबाहेक अरूले निखन्न पाउँदैन ।**

**घर भए ............२**

> **एउटै घरको भिन्नभिन्न हिस्साको भिन्नभिन्न धनी भएको अवस्थामा घरको कुनै हिस्साको धनीले आफ्नो हिस्सा जति बिक्री गरी दिएकोमा सो घरको अर्को हिस्साको धनीले निखन्न खोजेकोमा निजले निखन्न पाउँछ । त्यस्तो निखन्न पाउने व्यक्ति धेरै भएमा तीमध्ये**

**सबैभन्दा मर्का पर्ने व्यक्तिले निखनी लिन पाउँछ .........१**

**माथि देहाय दफा१ बमोजिम निखन्न पाउने व्यक्तिले निखनी नलिएमा र मोहियानी हकको जग्गामा मोहीले घर बनाएको भए जग्गावालाले निखन्न पाउँछ .......... २**

१६. यसबाट कसैले आफ्नो हकभोगको जग्गा बिक्री वा अन्य बेहोराले हस्तान्तरण गरेको अवस्थामा मुलुकी ऐन, लेनदेन व्यवहारको ११ र १२ नं. मा भएको उल्लिखित व्यवस्थाबमोजिम सन्धिसर्पन पर्ने हकवाला छ र त्यस्तो हकवालाले नै निखन्न चाहन्छ भने सोही सन्धिसर्पन पर्ने हकवालाले नै लिखत रजिस्ट्रेसन भएको मितिले ६ महिनासम्म थाहा पाएको ३५ दिनभित्र निखन्न पाउने भन्ने स्पष्ट व्यवस्था रहेको पाइन्छ । त्यसैगरी सन्धिसर्पन पर्ने हकवालाले ११ नं. बमोजिम निखन्न नगएमा ऐ. १२(१) नं. बमोजिम सोही हदम्यादभित्र मोहीले निखन्न पाउने व्यवस्था रहेको देखियो । उक्त कानूनी व्यवस्थाले मोहीको निखन्न पाउने हकलाई दोस्रो प्राथमिकतामा राखेको र हकवालाले ननिखनेको अवस्थामा मात्र क्रियाशील हुने दोस्रो प्राथमिकताअन्तर्गतको हक भई लेनदेन व्यवहारको ११ नं. को हदम्याद पक्री मोहीले हकसफा गर्न पाउने व्यवस्था भएको देखिन्छ।

१७. मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. अनुसार अंश नभएका वा सँग बसेका अंशियारले एकासगोलको जग्गा बिक्री वितरण वा हक छाडी दिएकोमा मन्जुर नहुने अंशियारले लिखत रजिस्ट्रेसन भएको मितिले १ वर्षसम्म थाहा पाएको ३५ दिनभित्र नालिस गरी आफ्नो भागको जग्गा फिर्ता गराई लिन सक्ने र लेनदेन व्यवहारको ११ नं. अनुसार कसैले आफ्नो हक पुग्ने जग्गा बिक्री वितरण तथा हक हस्तान्तरण गरेकोमा लिखत रजिस्ट्रेसन भएको मितिले ६ महिनासम्म थाहा पाएको ३५ दिनभित्र सन्धिसर्पन पर्ने धेरै हकवालाले निखन्न चाहेमा नजिकको हकवालाले निखन्न पाउने र नजिकको हकवालाले किनेकोमा सन्धिसर्पन पर्ने भए पनि टाढाको हकवालाले निखन्न नपाउने देखिन्छ। हकसफा सम्बन्धमा लेनदेन व्यवहारको १२ नं. को देहाय १ मा मोहीले जग्गा निखन्न पाउने भए पनि त्यो व्यवस्थाले निरपेक्ष रूपमा मोहीलाई जग्गा निखन्ने अधिकार दिएको देखिन आउँदैन। सन्धिसर्पन पर्ने हकवाला नभए वा भएर पनि त्यस्तो हकवालाले ननिखनेको अवस्थामा मात्र मोहीले निखन्न पाउने देखिन्छ । उक्त १२ नं. को कानूनी व्यवस्थाअनुसार सन्धिसर्पन पर्ने हकवाला छ र त्यस्तो हकवालाले नै निखन्न चाहन्छ भने सोही सन्धिसर्पन पर्ने हकवालाले निखन्न पाउने हुँदा त्यस्तो अवस्थामा मोहीले निखन्न सक्ने वा निखन्न पाउने भन्ने देखिँदैन । यसरी हेर्दा लेनदेन व्यवहारको १० नं. ले सँग बसेका एकासगोलका अंशियारलाई अंशको हकअन्तर्गत विशेष महत्त्व प्रदान गरी लिखत रजिस्ट्रेसन भएको मितिले १ वर्षसम्म थाहा पाएको ३५ दिनभित्र लिखत बदर मुद्दा दायर गरी आफ्नो हक सुरक्षित गर्न सक्ने हदम्याद प्रदान गरेको र ऐ. ११ नं. मा लिखत रजिस्ट्रेसन भएको मितिले ६ महिनासम्म थाहा पाएको ३५ दिनभित्र नजिकको हकवाला नभए वा भएर पनि निखन्न नचाहेमा सोही हदम्यादभित्र मोहीले निखन्न पाउने हकलाई अंशियार हकवाला वा सन्धिसर्पन पर्ने हकवालाभन्दा पछाडिको प्राथिमकतामा राखेको अवस्था देखिन्छ। हदम्यादसम्बन्धी उक्त व्यवस्थाबाट लिखत बदरतर्फको हदम्यादको समयावधि र निखनाई पाउने हदम्यादको समयावधिलाई दृष्टिगत गरिएमा अंश हकलाई विशेष महत्त्वका साथ निखनाई पाउने हदम्यादसम्बन्धीको भन्दा करिब दोब्बर एक वर्षसम्ममा

थाहा पाएको ३५ दिनको तुलनात्मक रूपमा लामो हदम्यादको कानूनी व्यवस्था रहेको देखिन्छ। यसबाट पनि अंश हकलाई नै प्राथमिकता दिएको विधायिकी मनसाय रहेको छ।

१८. हकवालाभित्र मोही पर्दछ कि पर्दैन भनी हेर्दा *"मोही भन्नाले अरू जग्गावालाको जग्गा कुनै सर्तमा कमाउन पाई सो जग्गामा आफ्नो वा आफ्नो परिवारको श्रमले खेती गर्ने किसान सम्झनुपर्दछ"* भनी भूमिसम्बन्धी ऐन, २०२१ को दफा २(ख) मा गरिएको परिभाषाबाट पनि हकवालाको परिभाषाभित्र मोही पर्न आउने देखिँदैन । कानूनले स्पष्ट रूपमा नभनेको अवस्थामा भूमिसम्बन्धी ऐन, २०२१ को व्यवस्थाअनुसार अरूको जग्गा कमाएबापत मोही हकको रूपमा सोही जग्गाको आधा हिस्सा जग्गा प्राप्त गर्न योग्य भएको व्यक्ति (मोही) लाई लेनदेन व्यवहारको १२ नं. ले निखन्न पाउनेमा पनि दोस्रो प्राथमिकतामा राखेको अवस्थामा अंश हक पाउन योग्य पुस्तेवारी वा रक्त सम्बन्धसम्बन्धी नाताको व्यक्ति (हकवाला) भनी भन्न र बुझ्न मनासिब हुँदैन।

१९. प्रस्तुत मुद्दामा सगोलका अंशियार तथा सँगै बसेका छोरा र श्रीमतीको मन्जुरी लिएर वा निजहरूलाई साक्षी राखेर मात्र जग्गाधनीहरूले उल्लिखित विवादित जग्गा बिक्री गरी जसमायालाई हक हस्तान्तरण गरेको भन्ने तथ्य कहीँकतैबाट नदेखिएको र विवादित लिखत बदर माग गर्ने व्यक्तिहरू स्वयं जग्गाधनीको अंश हक प्राप्त गर्ने नाता सम्बन्धभित्रका व्यक्तिहरू देखिएकोले त्यस्तो व्यक्तिहरू सन्धिसर्पन पर्ने हकवालाभन्दा पनि माथिल्लो स्तरको हकवाला भएको अवस्था देखियो । लेनदेन व्यवहारको १० नं. ले तोकेको हदम्यादभित्र सँग बसेका अंश हक लाग्ने दाताका हकवाला पत्नी तथा छोराछोरीले लिखत बदर मुद्दा दायर गरी बिक्री भएको जग्गा हकवालालाई फिर्ता गर्ने गरी मिलापत्र भएको कार्यलाई मोहीले लेनदेन व्यवहारको ११ नं. को हदम्यादभित्र निखनाई पाउँ भनी दिएको निवेदनलाई निष्क्रिय तथा निस्तेज पार्ने गरी मुद्दा दायर भएको भन्न मिल्ने देखिँदैन । तसर्थ, त्यस्तो लिखतबाट एकाघरसँगका अंशियारको हक हितमा असर परेको अवस्थामा त्यस्ता अंशियारले सो लिखत बदर गराउन र आफ्नो हकको सम्पत्ति फिर्ता लिनलाई कानूनी उपचारको बाटो अवलम्बन गर्न सक्ने नै देखिन्छ।

२०. यसरी मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. को कानूनी व्यवस्था हेर्दा अचल सम्पत्ति बिक्री वा हक हस्तान्तरण गर्दा सँग बसेका हकवालाको मन्जुरी पनि नलिएको र साक्षी पनि नराखेको अवस्थामा मन्जुरी नदिएका र साक्षी पनि नबसेका हकवालाले लिखत रजिस्ट्रेसन भएको एक वर्षसम्म थाहा पाएको ३५ दिनभित्र नालिस दिई आफ्नो हक हिस्साको जति लिखत बदर गराउन सक्ने अवस्था देखिन्छ भने लेनदेन व्यवहारको ११ नं. मा भएको व्यवस्था हेर्दा कसैले आफ्नो हक पुग्ने घरजग्गा बिक्री वा हक हस्तान्तरण गरेमा सन्धिसर्पन पर्ने नजिकको कानूनबमोजिमको हकवालाले निखन्न पाउने व्यवस्था रहेको देखिन्छ । लेनदेन व्यवहारको १० नं. को अवस्था रहेकोमा सँग बसेका हकवाला वा अंशियारले सोही महलको ११ नं. को व्यवस्थाबमोजिम तोकिएको हदम्यादभित्र निखन्न नगएकोले निजको हक समाप्त भएको अर्थ गरी प्राथमिकताको क्रममा रहेका अन्य हकवाला वा मोहीले निखन्न पाउने हक स्वतः सिर्जना भएको र लेनदेन व्यवहारको १० नं. को कानूनी व्यवस्थाबमोजिम लिखत बदरतर्फ माग गर्न पाउनेसँग बसेका हकवाला वा अंशियारले आफ्नो हक परित्याग गरेको अर्थ गर्न मिल्ने देखिँदैन । लेनदेन व्यवहारको १० नं. को व्यवस्थासँग बसेका अंशियार हकवालाको

हकको सम्पत्ति निजको मन्जुरी र सहमतिबेगर बिक्री वा अन्य तवरले हक हस्तान्तरण भएको अवस्थामा त्यस्तो व्यवहारको लिखत बदर गराई आफ्नो हक स्थापित गराउन पाउने कानूनी व्यवस्था हो भने ऐ. ११ नं. को व्यवस्थासँग बसेका अंशियार हकवालाको हकमा आकर्षित हुने नभई कानूनबमोजिमका अन्य हकवालालाई सन्धिसर्पनमा समस्या पर्ने गरी हक हस्तान्तरण भएमा सन्धिसर्पन पर्ने नजिकको हकवालाले त्यस्तो सम्पत्ति निखनी लिन पाउने र त्यस्तो हकवालाले ननिखनेमा जग्गाको हकमा मोहीले र घरको कुनै हिस्साको हकमा सन्धिसर्पन पर्ने नजिकको अन्य व्यक्तिले पनि निखन्न पाउने व्यवस्था हो। लिखत बदर गराउन साधिकार निकायमा माग गर्न पाउने हदम्याद बाँकी रहेकै अवस्थामा निखन्न पाउने हदम्यादभित्र निखन्न माग नगरेकै आधारमा मोहीले निखन्न पाउने अवस्था सिर्जना भएको र त्यसपश्चात् उक्त १० नं. को व्यवस्थाबमोजिम सँग बसेका अंशियार हकवालाले लिखत बदरतर्फ माग गर्न नपाउने भन्ने अर्थ गर्न मिल्दैन।

२१. अंशमै दाबी गर्न सक्षम तथा अंशको नैसर्गिक अधिकारप्राप्त हुने नाताभित्रका व्यक्तिहरूले आफ्नो सहमति, मन्जुरीबेगर गरेको जग्गाको हक हस्तान्तरण बदर गराउन कानूनले तोकेको हदम्यादभित्र लिखत बदरमा फिराद गरी उक्त जग्गामा आफ्नो हक, स्वामित्व र अधिकार सिर्जना हुने गरी मिलापत्र गरेको तथ्यसमेत सँगै पेस हुन आएका मिलापत्र बदर मुद्दाको मिसिलबाट देखिन्छ । यस्तो अवस्थामा विवादित जग्गा मोहीलाई निखन्न दिँदा जग्गाधनीका अंशियारको अंश हक नै मृत प्रायः हुन जाने र अंशमै दाबी गर्न सक्षम व्यक्तिहरूको अंशसम्बन्धी हक नै समाप्त हुने गरी मोहीलाई जग्गा निखन्न दिनु मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. को व्यवस्था, अन्य प्रचलित कानूनी व्यवस्था तथा अंश हकसम्बन्धी ऐतिहासिक परम्परासमेतका आधारमा मिल्ने देखिन आएन। उल्लिखित अवस्थामा विवादको कि.नं. १४० को संयुक्त दर्तावाला कृष्णबहादुर वासुकलाका हकदार गोविन्द वासुकलासमेत जना ६ ले बिक्री गरेको आफ्नो हक हिस्साको हदसम्मको जग्गा मोहीको हैसियतमा वादीले हकसफा गरी लिन पाउने अवस्थाको देखिएन । यस्तो अवस्थामा विवादित कि.नं. १४० को जग्गा यी पुनरावेदक / वादीले मोहीको हैसियतले हकसफा गरी लिन मिल्ने अवस्था नदेखिँदा वादी दाबी नपुग्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला त्रुटियुक्त रहेको भन्ने पुनरावेदकको पुनरावेदन जिकिर एवं यस अदालतबाट मुद्दा दोहोऱ्याउने निस्सा प्रदान गर्ने क्रममा लिइएको आधार एवं यस अदालतको संयुक्त इजलासमा माननीय न्यायाधीश श्री दीपकराज जोशीको रायसँग समेत सहमत हुन सकिएन।

२२. तसर्थ, माथि विवेचित आधार कारणबाट फिराद दाबीको कि.नं. १४० को जग्गा बिक्री गरेउपर लेनदेन व्यवहारको १० नं. बमोजिम लिखत बदर मुद्दा दायर भई सो मुद्दामा भएको मिलापत्रबमोजिम उक्त जग्गाको आधा हिस्सा साबिककै जग्गाधनीका हकवालाका नाममा कायम भएको र निखनाई पाउँ भनी दाबी गरेको सम्पत्ति साबिककै जग्गाधनीका हकवालामा फिर्ता भई पुनरावेदक / वादी सो जग्गाको मोहीको हैसियत यथावत् कायम रहेको हुँदा सो जग्गाको आधा हिस्साको हकमा स्वामित्वको हैसियत परिवर्तन भइसकेकोले निखनाई पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू भक्तपुर जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। सो ठहर्नाले यस अदालतको संयुक्त इजलासमा पुनरावेदन अदालत पाटनको फैसला सदर गर्नुहुने

माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्यायको राय मनासिब हुँदा सदर कायम हुन्छ । पुनरावेदक / वादी बुद्धिकुमार गोसाईको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा हामी सहमत छौं ।
न्या.टंकबहादुर मोक्तान
न्या.प्रकाशकुमार ढुंगाना

इजलास अधिकृतः ध्रुवराज कार्की / दुर्गाप्रसाद खनाल
इति संवत् २०७६ साल आषाढ २६ गते रोज ५ शुभम् ।

## निर्णय नं. १०६७४

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री प्रकाशकुमार ढुंगाना
माननीय न्यायाधीश श्री नहकुल सुवेदी
आदेश मिति : २०७८।५।३
०७७-WF-०००४

विषय : उत्प्रेषण / परमादेश

निवेदक : गोरखा जिल्ला साबिक आरूपोखरी गा.वि.स वडा नं.८ को हाल परिवर्तन अरूघाट गा.पा. वडा नं. ८ घर भई हाल कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. २९ बस्ने शुक्रराज बलभद्र माध्यमिक विद्यालय पोखरा १४ मा कार्यरत वर्ष ५१ का दण्डपाणी ढकाल

विरूद्ध

विपक्षी : नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय काठमाडौंसमेत

- **कुनै पनि शिक्षक कर्मचारी बिदा स्वीकृत नगराई विद्यालयमा अनुपस्थित भएमा सो अवधिको तलब भत्ता नपाउने भन्ने व्यवस्था सेवा विधिशास्त्र (Service Jurisprudence) को आधारभूत मान्यता हो । तर यस्ता व्यवस्थालाई कठोर तरिकाले नहेरी परिस्थिति र अवस्थाको आधारमा हेरिनुपर्ने । कुन अवस्था, घटना वा परिस्थितिको कारणले व्यक्ति कार्यस्थलमा अनुपस्थित हुनुपरेको हो सो परिस्थितिलाई विवेकपूर्ण ढङ्गबाट न्यायको रोहमा विवेचना गर्नुपर्ने । कुनै मुद्दा चली थुनामा रहेको वा फौजदारी अभियोगको कारण निलम्बन भई विद्यालयमा उपस्थित हुन नसकेको अवस्थालाई सामान्य अवस्थामा जस्तो गरी बिदा स्वीकृत नगराई विद्यालयमा अनुपस्थित भएको भन्ने अर्थ गर्न र No work no pay को विधिशास्त्र लागु गर्न मिल्ने नदेखिने । विभागीय कारबाहीको प्रक्रिया वा फौजदारी अभियोगका कारण निलम्बनमा रहेको व्यक्तिले बिदा स्वीकृत गराउने भन्ने प्रश्न नै नरहने भएकाले यस सम्बन्धमा छुट्टै तरिकाले सम्बोधन गरिनुपर्ने ।**

(प्रकरण नं.३)

- **नैतिक पतन देखिने फौजदारी अभियोगमा थुनामा रहेको शिक्षक सो अवधिभर स्वतः निलम्बन भई निजले उक्त अवधिको तलब भत्ता नपाउने तर त्यस्तो अभियोगबाट सफाइ पाएमा निलम्बन समाप्त भएको आफ्नो पदमा पुनः स्थापित हुने र पूरै तलब पाउने नै बुझ्नुपर्ने ।**

(प्रकरण नं.४)

- **शिक्षा नियमावली, २०५९ को नियम १४१ को प्रतिबन्धात्मक वाक्यांशको रूपमा अभियोग प्रमाणित नभएमा पूरै तलब पाउने भन्ने वाक्यांशले त्यस्तो अभियोगबाट सफाइ पाउने शिक्षकको हकमा सो अवधिको तलब पाउन सक्ने भन्ने अर्थ गर्नुपर्ने । विभागीय सजायबाट निलम्बन फुकुवा भएका शिक्षकले तलब पाउने फौजदारी अभियोगबाट सफाइ पाएकाले नपाउने भन्ने कानूनको परिकल्पना हो भनी मान्न नसकिने ।**

(प्रकरण नं.५)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री लवकुमार मैनाली

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- शिक्षा ऐन, २०२८

आदेश

**न्या.सपना प्रधान मल्ल :** नेपालको संविधानको धारा ४६ तथा धारा १३३(२) बमोजिम यस अदालतको क्षेत्राधिकारमा पर्ने भई दायर भएको प्रस्तुत निवेदनमा यस अदालतको संयुक्त इजलासबाट सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(ग) बमोजिम पूर्ण इजलाससमक्ष पेस गर्नु भनी मिति २०७७/१०/५ मा भएका आदेशानुसार पेस हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :

तथ्य खण्ड

म निवेदक दण्डपाणी ढकालले शिक्षक सेवा आयोगको मिति २०६०।५।१५ को सिफारिस तथा जिल्ला शिक्षा कार्यालय, कास्कीको मिति २०६०।८।३ को निर्णयअनुसार मा.वि. तृतीय श्रेणीमा स्थायी नियुक्ति लिई सोही मितिबाट श्री जनप्रकाश उच्च माध्यमिक विद्यालय भण्डारढिकमा हाजिर भई नेपाली विषयको पठन पाठन कार्य निरन्तर रूपमा गर्दै आएकोमा कुनै व्यक्तिको बहकाउमा लागी म रिट निवेदक विरूद्ध जबरजस्ती करणी मुद्दामा जाहेरी दरखास्त दिई जिल्ला प्रहरी कार्यालय कास्कीले मलाई पक्राउ गरी कास्की जिल्ला अदालतको थुनछेक आदेशबमोजिम कारागार कार्यालय, कास्कीमा रहेको थिएँ । उक्त मुद्दामा कास्की जिल्ला अदालतबाट मुलुकी ऐन, जबरजस्ती करणीको ३(४) नं. अनुसार ५ वर्ष र ऐ. ३क. नं. अनुसार दृष्टिविहीन महिलालाई जबरजस्ती करणी गरेकोमा थप ५ वर्ष गरी १० वर्ष कैद सजाय र पीडितलाई रू.१,००,०००।– (एक लाख) क्षतिपूर्ति भराइदिने गरी मिति २०७१।९।१ मा फैसला भएको थियो । सो फैसलाउपर म निवेदकले पुनरावेदन अदालत पोखरामा पुनरावेदन पत्र दायर गरेकोमा उक्त अदालतबाट कास्की जिल्ला अदालतको फैसलालाई केही उल्टी गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. बमोजिम जबरजस्ती करणीको उद्योगको कसुरमा ५ वर्ष कैद सजाय हुने गरी मिति २०७२।२।२१

गते फैसला भएको थियो । सो फैसलाउपर म रिट निवेदकले सर्वोच्च अदालतमा पुनरावेदन गरेकोमा यस अदालतबाट पुनरावेदन अदालत पोखराको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउने ठहरी मिति २०७४।८।१८ मा अन्तिम फैसला भएको थियो।

मुद्दा दायर भएपछि मिति २०७१/६/१ देखि पुनर्बहाली भएको मिति २०७५/४/२३ सम्म मेरो पद निलम्बनमा परेको थियो । उक्त मुद्दामा सर्वोच्च अदालतबाट सफाइ पाएपश्चात् पुनर्बहाली गरिपाउँ भनी मिति २०७५/१/२८ मा जिल्ला शिक्षा कार्यालय, कास्कीमा निवेदन दिएकोमा मिति २०७५/४/१७ बाट लागु हुने गरी उक्त कार्यालयबाट पुनर्बहालीको निर्णय भएको थियो । शिक्षा ऐन, २०२८ को दफा १६छ. बमोजिम मिति २०७५।४।१७ को निर्णयअनुसार पुनर्बहाली तथा पदस्थापना भइसकेपछि मिति २०७१।६।१ गते देखि २०७५।४।२३ सम्म म सेवामा नरहेको अवस्था होइन। म रिट निवेदकलाई गैरकानूनी रूपमा थुनामा राखी मेरो स्थायी दरबन्दी भएको माध्यमिक विद्यालय तृतीय शिक्षक पद स्वतः निलम्बन परेको थियो । शिक्षा ऐन, २०२८ (संशोधनसहित) को दफा १६छ. बमोजिम म अदालतको आदेशले पुनःबहाली भई पदस्थापन भएको शिक्षक हुँ । म निवेदकलाई उक्त ऐनबमोजिम विभागीय सजाय भएको वा नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक होइन भन्ने गलत अर्थ लगाई तलब भत्ता सुविधा दिन नमिल्ने गरी निर्णय गरिएको छ। म थुनामा परेको कारण कार्यरत रहेको विद्यालयमा अनुपस्थित भएपछि म स्वतः निलम्बन परेको अवस्था हुँदा मलाई पुनर्बहाली गराइसकेपछि मैले पाउने तलब भत्ता तथा सेवा सुविधा प्राप्त गर्न पाउने मेरो संवैधानिक एवं कानूनी हक हो। यसरी म निलम्बनमा परेपछि शिक्षा ऐन, २०२८ को दफा १६छ. र १६ट. को अवस्था नरहेको भनी ऐनको गलत अर्थ लगाई विद्यालयमा अनुपस्थित अवधिको तलब भत्ता नपाउने गरी भएको निर्णय बदरका लागि यो रिट निवेदन लिई उपस्थित भएको छु।

यसरी निलम्बन भएको अवधिको तलब भत्ता उपलब्ध गराउन नमिल्ने भनी शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको सचिव स्तरको मिति २०७५।१२।२१ को निर्णय उत्प्रेषणका आदेशद्वारा बदर गरी उक्त निर्णयले म सामान्य परिवारको त्यसमा पनि पूर्णरूपमा अशक्त, आँखा नेदेख्ने अन्धो व्यक्तिको संवैधानिक तथा कानूनी हक कुण्ठित पार्ने निर्णय गरेको हुँदा प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म उक्त शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७५।१२।२१ को निर्णय कार्यान्वयन नगर्नु नगराउनु भनि विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी गरिपाऊँ । साथै मैले ऐन नियमबमोजिम खाई पाई आएको तलब भत्ता सुविधा म निलम्बनमा परेको मिति २०७१।६।१ देखि २०७५।४।२३ सम्म ३ वर्ष १० महिना २३ दिनको तलब, ग्रेड, महङ्गी भत्ता, पोसाक भत्ता, चाडपर्व भत्ता, सञ्चय कोषमा जम्मा हुने रकम नागरिक लगानी कोषमा जम्मा हुने रकम, मेरो सेवा अवधिसमेतलाई त्यसैमा जोडी निरन्तरता दिने गरी र मेरो निलम्बन अवधिको समयमा जम्मा हुन आउने बिरामी बिदा सञ्चित हुने र मैले पाउने गरी मैले खाईपाई आएको उक्त निलम्बन अवधिको तलब भत्ता सेवा सुविधा सम्पूर्ण जो जे पाउनुपर्ने हो सोसमेत दिनु भनी विपक्षी शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र सो मन्त्रालयका सचिवसमेतका नाउँमा परमादेशलगायत जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदक दण्डपाणी ढकालले मिति २०७६/२/२४ मा यस अदालतमा दायर गरेको निवेदन पत्र।

यसमा के कसो भएको हो ? निवेदकको

मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ता कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूका नाउँमा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू। साथै रिट निवेदक अशक्त भएको देखिँदा प्रस्तुत रिट निवेदनलाई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३(१) बमोजिम अग्राधिकार प्रदान गरिएको छ। मिति २०७५।१२।२१ को शिक्षा मन्त्रालयको निर्णय भएको कागजातसहितको फाइल मिसिल मगाई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७६।२।२७ को आदेश।

शिक्षा ऐन, २०२८ को दफा १६छ. को उपदफा (१) मा "विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक अदालतको आदेश वा फैसलाबमोजिम मात्र नोकरीमा पुन:बहाली हुन सक्ने" र उपदफा (२) मा "उपदफा (१) बमोजिम पुन:बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुन:बहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सोसमेत पाउने छ भन्ने व्यवस्था छ। यसैगरी सोही ऐनको दफा १६ट. ले तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने व्यवस्था गर्दै दफा १६छ. मा उल्लिखित अवस्थामा वा नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन भन्ने प्रस्ट कानूनी व्यवस्था रहेको छ। रिट निवेदकलाई विभागीय सजाय भई नोकरीबाट हटाएको वा बर्खास्त गरेको अवस्था होइन। जबरजस्ती करणीको अभियोगमा जिल्ला अदालत कास्कीको थुनछेक आदेश तथा फैसला र पुनरावेदन अदालत पोखराको फैसलाबमोजिम थुनामा रहेको तथ्य निवेदकले स्वयम् रिट निवेदनमा उल्लेख गर्नुभएको अवस्थामा निवेदकको हकमा शिक्षा ऐन, २०२८ को दफा १६छ. को उपदफा (१) आकर्षित हुने अवस्था देखिँदैन। साथै निवेदक बिदा स्वीकृत गराई अनुपस्थित रहेको अवस्थासमेत नभएकोले निजले शिक्षा ऐन, २०२८ को दफा १६ट. बमोजिम विद्यालयमा अनुपस्थित रहेको अवधिको तलब भत्ता प्राप्त गर्न नसक्ने भएकाले सोहीबमोजिम भएको निर्णय कानूनसम्मत रहेको हुँदा रिट निवेदन खारेजभागी छ।

साथै शिक्षा नियमावली, २०५९ को नियम १४१ को उपनियम (२) मा "नैतिक पतन देखिने फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको शिक्षक त्यसरी थुनिएको अवधिभर स्वत: निलम्बन भएको मानिने छ। यसरी निलम्बन हुने शिक्षकले निलम्बन भएको अवधिको तलब भत्ता पाउने छैन भन्ने कानूनी व्यवस्था रहेबमोजिम जबरजस्ती करणीको अभियोगमा अदालतको आदेशबमोजिम थुनामा रहेको निवेदकले थुनामा रहेको अवधिको तलब भत्ता पाउने अवस्था नहुँदा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट भएको निर्णय कानूनसम्मत रहेको हुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्नेसमेत बेहोराको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको तर्फबाट र आफ्नो हकमा समेत ऐ.का सचिव खगराज बरालले मिति २०७६।३।२५ मा पेस गरेको लिखित जवाफ।

यसमा निवेदकलाई निलम्बनमा राखिएकोमा विवाद नदेखिए पनि जबरजस्ती करणीको अभियोगबाट सफाइ पाउने गरी मिति २०७४।८।१८ मा यस अदालतबाट फैसला भएपश्चात् निलम्बन कायम नरही

निवेदक शिक्षक पदमा कार्यरत रहेको अवस्थामा निवेदक निलम्बनमा रहेको मिति २०७१।६।१ देखि मिति २०७५।४।२३ सम्मको अवधिको तलब, भत्तालगायतको सेवा सुविधाबापतको रकम दिलाइपाउँ भनी निवेदकले दाबी लिएको सन्दर्भमा निवेदकले आरोपित कसुरबाट सफाइ पाई निलम्बनको अस्तित्व नै रहेको नदेखिएको अवस्थामा र नैतिक पतन देखिने फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको हुँदा शिक्षकले निलम्बन अवधिभरको तलब भत्ता सुविधा निवेदकले पाउने वा नपाउने सम्बन्धमा शिक्षा नियमावली, २०५९ को नियम १४१(२) को प्रावधान आकर्षित हुने हो ? वा नियम १४१(३) को प्रावधान आकर्षित हुने हो ? भन्नेसम्बन्धी जटिल कानूनी प्रश्नको व्याख्याको विषय देखिन आएको हुँदा प्रस्तुत निवेदन सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(ग) बमोजिम पूर्ण इजलासमा पेस गर्नू । साथै यी निवेदक शारीरिक रूपमा अशक्तसमेत देखिएको हुँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार दिई नियमानुसार गरी पेस गर्नु भन्ने यस अदालतको मिति २०७७।१०।५ को आदेश।

आदेश खण्ड

यस अदालतको संयुक्त इजलासको मिति २०७७/१०/५ को आदेशानुसार नियमबमोजिम यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदकका तर्फबाट रहनु भएका विद्वान् वरिष्ठ अधिवक्ता श्री लवकुमार मैनालीले निवेदकले फौजदारी अभियोगबाट सफाइ पाई शिक्षक पदमा पुनःबहाली भइसकेको र निजले निलम्बन अवधिको तलब भत्ता पाउँ भनी निवेदन दिएकोमा उपलब्ध गराउन नमिल्ने भनी निर्णय भएको छ । शिक्षा ऐन, २०२८ को दफा १६छ. (५)(ङ) को अवस्थामा मात्र तलब भत्ता नपाउने हो । सफाइ पाएको अवस्थामा तलब भत्ता रोक्न मिल्दैन । शिक्षा नियमावली, २०५९ को नियम १४१(२) विभागीय कारबाहीमा निलम्बन भएको अवधिको हकमा लागु हुने व्यवस्था हो । फौजदारी अभियोग लागेको व्यक्तिले सफाइ पाएको अवस्थामा निलम्बन पनि स्वतः फुकुवा हुने र सो अवधिको तलब भत्ता नपाउने भन्ने कानूनको मनसाय होइन । मुद्दामा सफाइ पाएको अवस्थामा मुद्दा लागेकै आधारमा तलब भत्ता नपाउने भन्ने हुँदैन । कानूनको व्याख्या सकारात्मक परिणाम निस्कने गरी गर्नु पर्दछ । तसर्थ, निवेदन मागबमोजिम तलब भत्तालगायतका सेवा सुविधा उपलब्ध गराउनु भनी परमादेशसमेत जारी गरिपाउँ भनी बहस गर्नुभयो।

त्यसैगरी विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्वान् सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवालीले शिक्षा ऐन, २०२८ को दफा १६छ. मा विभागीय सजायबाट अवकाश भएको हकमा मात्र अदालतको आदेशले पुनःबहाली हुन सक्ने व्यवस्था गरेको र त्यसरी पुनःबहाली भएकाले मात्र निलम्बन अवधिको तलब भत्ता पाउने हो । फौजदारी कसुरको अभियोग लागेकोलाई पुनःबहाली हुने व्यवस्था गरेको छैन । त्यसैगरी दफा १६ट. मा बिदा स्वीकृत नगराई बसेकोले विद्यालयमा अनुपस्थित भएको अवधिको तलब भत्ता नपाउने व्यवस्था गरेको छ । शिक्षा नियमावली, २०५९ को नियम १०८ मा विद्यालयमा अनुपस्थित भएको अवधि सेवा अवधिमा गणना नहुने भन्ने व्यवस्था रहेको छ । अनुपस्थित अवधि सेवा अवधिमा गणना नगरिने अवस्थामा सो अवधिको तलब भत्ता पाउने भन्ने हुँदैन । तसर्थ, निलम्बन अवधिको तलब भत्ता उपलब्ध गराउन नमिल्ने भनी शिक्षा,

विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव स्तरबाट भएको निर्णय कानूनसम्मत भएकाले रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

उपर्युक्तानुसारको बहस जिकिर सुनी प्रस्तुत रिट निवेदनसहितको मिसिल अध्ययन गरी हेर्दा रिट निवेदकको निवेदन मागबमोजिम उत्प्रेषणयुक्त परमादेश जारी हुने हो, होइन ? सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

यसमा निवेदकले आफू मिति २०६०।८।३ देखि स्थायी शिक्षकको रूपमा कार्यरत रही आएको अवस्थामा जबरजस्ती करणीको अभियोगमा कास्की जिल्ला अदालतबाट १० वर्ष कैद सजाय हुने गरी मिति २०७१।९।१ मा भएको फैसला केही उल्टी गरी ५ वर्ष कैद सजाय गरेको पुनरावेदन अदालत पोखराको फैसलाउपर पुनरावेदन परेकोमा अभियोग दाबीबाट सफाइ पाउने गरी यस अदालतबाट मिति २०७४।८।१८ मा फैसला भएको देखिन्छ। सो फैसलाअनुसार मिति २०७४।४।१७ को निर्णयानुसार सेवामा पुनःबहाली भएको हो। उक्त फौजदारी अभियोगबाट सफाइ पाइसकेको हुँदा मिति २०७१।६।१ देखि मिति २०७५।४।२३ सम्मको निलम्बनको अवधि शिक्षा नियमावली, २०५९ को नियम १४१ (३) बमोजिम स्वत: समाप्त हुने भई सो अवधिको तलब, ग्रेड, महङ्गी भत्ता, पोसाक भत्ता, चाडपर्व खर्च तथा सञ्चय कोषसमेतको सेवा सुविधाबापतको रकम पाउनुपर्नेमा विद्यालयमा अनुपस्थित अवधिको तलब भत्ता उपलब्ध गराउन नसकिने भन्ने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७५।१२।२१ को सचिवस्तरीय निर्णयबाट मेरो हक अधिकारमा आघात पुग्न गएकोले उक्त निर्णय बदर गरी निलम्बन अवधिको तलब, भत्तालगायतको सेवा सुविधा म निवेदकलाई दिलाइदिनु भनी विपक्षीका नाममा परमादेशसमेत जारी गरिपाउँ भन्ने निवेदकको माग रहेकोमा निवेदक जबरजस्ती करणीको आरोपमा गिरफ्तार भई थुनिएको, त्यसरी थुनिएको अवधिभर स्वत: निलम्बनमा रहेको मानिने र सो निलम्बन अवधिको तलब भत्तासमेत नपाउने भन्ने शिक्षा नियमावली, २०५९ मा कानूनी व्यवस्था भएको हुँदा निवेदकले सो निलम्बन अवधिको तलब भत्ता तथा सुविधा नपाउने भनी मिति २०७५।१२।२१ मा निर्णय भएकोले रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षीहरूको लिखित जवाफ रहेको देखियो।

२. निर्णयतर्फ विचार गर्दा निवेदक दण्डपाणी ढकाल शिक्षक पदमा कार्यरत रहँदाको अवस्थामा निजउपर जबरजस्ती करणीको अभियोग लागी निवेदक स्वतः निलम्बनमा परेको र सो अभियोगमा सुरू कास्की जिल्ला अदालत तथा पुनरावेदन अदालत पोखराले यी निवेदकलाई कसुरदार ठहर्‍याएकोमा सोउपर परेको पुनरावेदनमा यस अदालतबाट मिति २०७४।८।१८ मा निजले सफाइ पाउने ठहरी फैसला भएपश्चात् निजको निलम्बनसमेत फुकुवा भई निज निवेदक हाल शिक्षक पदमा पुनःबहाली भई कार्यरत रहेको मिसिल संलग्न कागजातबाट देखिएको छ। अभियोग दाबीबाट सफाइ पाई शिक्षक पदमा बहाल भएपछि निवेदकलाई निलम्बनको अवधिको तलब भत्तालगायतका सुविधा उपलब्ध गराउन नमिल्ने भनी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट भएको निर्णय बदर गरी नियमानुसार पाउने तलब भत्तालगायतका सुविधा उपलब्ध गराइपाउँ भनी जिकिर लिई प्रस्तुत निवेदन दिएको देखियो। प्रस्तुत विषयमा निवेदकले निलम्बन अवधिको तलब भत्ता सुविधा पाउने हो वा होइन भन्ने प्रश्नको निरूपणार्थ तत्सम्बन्धी कानूनी

व्यवस्था हेर्नु वाञ्छनीय देखिन्छ । शिक्षा ऐन, २०२८ को दफा १६छ. को उपदफा (१) मा *विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक अदालतको आदेश वा फैसलाबमोजिम मात्र नोकरीमा पुनःबहाली हुन सक्ने* छ भन्ने व्यवस्था र सोही दफाको उपदफा (२) मा *उपदफा (१) बमोजिम पुनःबहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सोसमेत पाउने* छ भन्ने व्यवस्था रहेको छ । त्यसैगरी दफा १६ट. मा *दफा १६छ. मा उल्लिखित अवस्थामा वा नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन* भन्ने व्यवस्था रहेको देखियो ।

३. उक्त कानूनी व्यवस्था हेर्दा विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक अदालतको आदेश वा फैसलाबमोजिम मात्र नोकरीमा पुनःबहाली हुन सक्ने र त्यसरी पुनःबहाली भएको शिक्षकले मात्र नोकरीबाट हटेदेखि पुनःबहाली भएको मितिसम्मको अवधिको पूरा तलब, भत्ता र तलब बृद्धि पाउने भए सोसमेत पाउने देखिन आयो । ऐनको दफा १६ट. मा उल्लिखित नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता नपाउने र त्यस्तो अवधि निजको सेवामा गणना नहुने भन्ने व्यवस्था सामान्य व्यवस्था हो । <u>कुनै पनि शिक्षक कर्मचारी बिदा स्वीकृत नगराई विद्यालयमा अनुपस्थित भएमा सो अवधिको तलब भत्ता नपाउने भन्ने व्यवस्था सेवा विधिशास्त्र **(Service Jurisprudence)** को आधारभूत मान्यता हो । तर यस्ता व्यवस्थालाई कठोर तरिकाले नहेरी परिस्थिति र अवस्थाको आधारमा हेरिनुपर्ने हुन्छ ।</u> कुन अवस्था, घटना वा परिस्थितिको कारणले व्यक्ति कार्यस्थलमा अनुपस्थित हुनुपरेको हो सो परिस्थितिलाई विवेकपूर्ण ढङ्गबाट न्यायको रोहमा विवेचना गर्नुपर्ने हुन्छ । कुनै मुद्दा चली थुनामा रहेको वा फौजदारी अभियोगको कारण निलम्बन भई विद्यालयमा उपस्थित हुन नसकेको अवस्थालाई सामान्य अवस्थामा जस्तो गरी बिदा स्वीकृत नगराई विद्यालयमा अनुपस्थित भएको भन्ने अर्थ गर्न र **No work no pay** को विधिशास्त्र लागु गर्न मिल्ने देखिँदैन । विभागीय कारबाहीको प्रक्रिया वा फौजदारी अभियोगका कारण निलम्बनमा रहेको व्यक्तिले बिदा स्वीकृत गराउने भन्ने प्रश्न नै नरहने भएकाले यस सम्बन्धमा छुट्टै तरिकाले सम्बोधन गरिनुपर्ने हुन्छ ।

४. अब यससम्बन्धी कानूनी व्यवस्था हेर्दा शिक्षा नियमावली, २०५९ को नियम १४१ को उपनियम (२) मा *नैतिक पतन देखिने फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको शिक्षक त्यसरी थुनिएको अवधिभर स्वत: निलम्बन भएको मानिने र सो अवधिको तलब भत्तासमेत नपाउने* भन्ने उल्लेख भएको देखिन्छ भने सोही नियमावलीको नियम १४१ को उपनियम (३) मा *कुनै शिक्षक आफ्नो पदमा पुन: स्थापित भएमा निजको निलम्बन समाप्त भएको मानिने* छ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । त्यसैगरी ऐ. नियम १४१ को उपनियम (४) मा *उपनियम (१) बमोजिम कुनै शिक्षक निलम्बन भएमा सो निलम्बन रहेको अवस्थामा निजले आफ्नो तलबको आधा मात्र पाउनेछ* भन्ने व्यवस्था रहेको र ऐ. उपनियम (४) को प्रतिबन्धात्मक वाक्यांशमा *"तर त्यसरी लागेको अभियोग प्रमाणित नभई कुनै शिक्षकले सफाइ पाएमा निजले निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कटाई बाँकी तलब र त्यस्तो आधा तलब नपाएको भए पूरै तलब पाउने छ"* भन्ने उल्लेख

भएको देखिन्छ । उल्लिखित कानूनी व्यवस्था हेर्दा नैतिक पतन देखिने फौजदारी अभियोगमा थुनामा रहेको शिक्षक सो अवधिभर स्वत: निलम्बन भई निजले उक्त अवधिको तलब भत्ता नपाउने तर त्यस्तो अभियोगपत्रबाट सफाइ पाएमा निलम्बन समाप्त भएको आफ्नो पदमा पुनः स्थापित हुने र पूरै तलब पाउने नै बुझ्नुपर्ने हुन्छ।

५. शिक्षा नियमावली, २०५९ को नियम १४१(४) मा उपनियम (१) मात्र भनेको र यसले विभागीय कारबाहीलाई मात्र इङ्गित गर्न खोजेको हो कि भन्ने जस्तो देखिए तापनि सोही उपनियमको प्रतिबन्धात्मक वाक्यांशमा "अभियोग प्रमाणित नभएमा" भनी उल्लेख भएबाट उपनियम (२) को निलम्बनलाई समेत समेटेको भन्ने स्पष्ट देखिन्छ। उक्त प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएको "अभियोग प्रमाणित नभएमा" भन्ने वाक्यांशले फौजदारी अभियोगलाई लक्षित गरेको देखिन्छ । उक्त उपनियम (२) मा उल्लेख भएको नैतिक पतन देखिने फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएमा स्वतः निलम्बन हुने र सो अवधिको तलब, भत्तासमेत नपाउने भन्ने व्यवस्थाले त्यसरी थुनिएको वा निलम्बन भएको अवधिको तलब, भत्ता नपाउनेसम्म व्यवस्था गरेको र उपनियम (४) को प्रतिबन्धात्मक वाक्यांशको अभियोग प्रमाणित नभई कुनै शिक्षकले सफाइ पाएमा निजले निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कटाई बाँकी तलब र त्यस्तो तलब नपाएको भए पूरै तलब पाउने छ भन्ने व्यवस्था रहेको छ। यसरी नियम १४१ को प्रतिबन्धात्मक वाक्यांशको रूपमा उक्त दफाको अन्तिम हरफमा अभियोग प्रमाणित नभएमा पूरै तलब पाउने भन्ने वाक्यांशले त्यस्तो अभियोगबाट सफाइ पाउने शिक्षकको हकमा सो अवधिको तलब पाउन सक्ने भन्ने अर्थ गर्नुपर्ने हुन्छ । विभागीय सजायबाट निलम्बन फुकुवा भएका शिक्षकले तलब पाउने फौजदारी अभियोगबाट सफाइ पाएकाले नपाउने भन्ने कानूनको परिकल्पना हो भनी मान्न नसकिने।

६. यसरी निवेदकलाई जबरजस्ती करणीको अभियोगमा पक्राउ गरी थुनामा राखी मुद्दाको रोहबाट निलम्बन परेकोमा विवाद नदेखिए पनि जबरजस्ती करणीको अभियोगबाट सफाइ पाउने गरी मिति २०७४।८।१८ मा यस अदालतबाट फैसला भएपश्चात् निलम्बन कायम नरही निवेदक शिक्षक पदमा पुनःबहाली भई कार्यरत रहेको देखिन्छ। नेपाल सरकार आफैँले अभियोग लगाई थुनामा राखी मुद्दाको रोहबाट भएको निलम्बनलाई बिदा स्वीकृत नगराई विद्यालयमा अनुपस्थित रहेको भनी अनुपस्थित अवधिको तलब भत्ता उपलब्ध गराउन नमिल्ने भनी नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सचिवस्तरको मिति २०७५/१२/२१ को निर्णय कानूनसम्मत देखिन आएन।

७. निवेदक निलम्बनमा रहेको मिति २०७१।६।१ देखि मिति २०७५।४।२३ सम्मको अवधिको तलब, भत्तालगायतको सेवा सुविधाबापतको रकम दिलाइपाउँ भनी निवेदकले दाबी लिएको सन्दर्भमा निवेदकले आरोपित कसुरबाट सफाइ पाई निलम्बनको अस्तित्व नै समाप्त भएको र निवेदकले निलम्बन अवधिको तलब, ग्रेड, महङ्गी भत्ता, पोसाक भत्ता, चाडपर्व भत्ता, सञ्चयकोषमा जम्मा हुने रकमलगायतका सम्पूर्ण रकम पाउनुपर्ने हो भनी जिकिर लिएको देखिए पनि शिक्षा नियमावली, २०५९ को नियम १४१ को प्रतिबन्धात्मक वाक्यांशमा तर त्यसरी लागेको अभियोग प्रमाणित नभई कुनै शिक्षकले सफाइ पाएमा निजले निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कटाई बाँकी तलब र त्यस्तो आधा तलब नपाएको भए पूरै **"तलब"** पाउने छ

भन्ने व्यवस्था रहेकोले यी निवेदकले अभियोग लागी निलम्बन भएको अवधिको तलबसम्म पाउने देखियो।

८. तसर्थ, उल्लिखित आधार कारण तथा कानूनी व्यवस्थाबाट निवेदकलाई फौजदारी अभियोग लागी थुनामा परी निलम्बन भएको र फौजदारी अभियोगबाट सफाइ पाएको अवस्थामा उक्त निलम्बन अवधिमा विद्यालयमा अनुपस्थित रहेको अवधिको तलब, भत्ता उपलब्ध गराउन नमिल्ने भनी नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सचिवस्तरको मिति २०७५/१२/२१ को निर्णय उत्प्रेषणको आदेशले बदर हुन्छ। साथै निवेदकले उक्त निलम्बन अवधिको तलब, भत्तालगायतका सम्पूर्ण सुविधा उपलब्ध गराउन परमादेश जारी गरिपाउँ भनी माग गरेको भए पनि शिक्षा नियमावली, २०५९ को नियम १४१ को उपनियम (४) को प्रतिबन्धात्मक वाक्यांशमा निलम्बन रहेको अवधिको तलब पाउने छ भन्ने व्यवस्था रहेकोले सोबमोजिम यी निवेदकले उक्त निलम्बन भएको अवधिभरको तलबसम्म पाउने देखिँदा सो अवधिको तलबसम्म उपलब्ध गराउनु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने ठहर्छ। अरूमा तपसिलबमोजिम गर्नू।

तपसिल

माथि आदेश खण्डमा यी रिट निवेदक दण्डपाणी ढकालले निलम्बन अवधिको तलबसम्म पाउने गरी परमादेश जारी भएकाले सोहीबमोजिम गर्नु गराउनु भनी प्रस्तुत आदेशको प्रमाणित प्रतिलिपिसहित महान्यायाधिवक्ता कार्यालयमार्फत विपक्षीहरूलाई जानकारी दिनू...............................................१

सरोकारवालाले प्रस्तुत आदेशको नक्कल मागे नियमानुसार गरी नक्कल उपलब्ध गराउनू............२

प्रस्तुत आदेशको प्रति अदालतको CMS प्रणालीमा अपलोड गरी रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू..................................................३

उक्त रायमा हामी सहमत छौं।

न्या.प्रकाशकुमार ढुंगाना

न्या.नहकुल सुवेदी

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

इति संवत् २०७८ साल भाद्र ३ गते रोज ५ शुभम्।

## निर्णय नं. १०६७५

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री दीपककुमार कार्की

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

आदेश मिति : २०७८।२।११

०७७-WO-१११३

मुद्दा : परमादेश

निवेदक : जिल्ला कपिलवस्तु शुद्धोधन गाउँपालिका वडा नं. ६ स्थायी घर भई हाल जिल्ला ललितपुर महालक्ष्मी नगरपालिका वडा नं. ५ बस्ने अधिवक्ता शैलेन्द्रप्रसाद अम्बेडकर (हरिजन) समेत

विरूद्ध

विपक्षी : नेपाल सरकारको प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत

- **स्वास्थ्यको अधिकारअन्तर्गत स्वतन्त्रता (Freedom) र हक (Entitlements) दुवै पर्दछन् । स्वास्थ्यको हक (Entitlements) ले स्वास्थ्य सुरक्षाको प्रणालीबाट संरक्षणको अधिकार समावेश गर्दछ । स्वास्थ्यको अधिकारभित्र स्वास्थ्य हेरचाह (Health Care), आवश्यक सेवाको उपलब्धता (Availability), पहुँचयोग्य (Accessibility) त्यो पनि विनाभेदभाव (Non-discrimination) र पहुँचको कुरा गर्दा शारीरिक पहुँच (Physical Accessibility), खर्च वहन गर्ने सामर्थ्य (Affordable), सूचनाको पहुँच भएको (Information Accessibility), स्वीकारयोग्य (Acceptability) तथा गुणस्तरीय स्वास्थ्य सेवा (Quality Health Service) पर्दछ । नागरिकका यी हकहरूको संरक्षण र परिपालना गर्नु, गराउनु राज्यको दायित्व हुने ।**

(प्रकरण नं.६)

- **स्वास्थ्यको अधिकारको सम्मान, संरक्षण र परिपूरण गरिएमा मात्र जीवनको अधिकारको पूर्ण अनुभूत गर्ने वातावरण बन्दछ । त्यसैले स्वास्थ्यको अधिकारलाई अन्य सामान्य अधिकार जस्तो नहेरी राज्यले छिटो र प्रभावकारी ढङ्गबाट पूर्ण अनुभूत गराउने विषयको रूपमा हेर्नुपर्ने ।**

(प्रकरण नं.८)

- **स्वास्थ्य उपचारको अधिकार (Right to Health) मानिसको बाँच्न पाउने हक (Right to Life) सँग प्रत्यक्षरूपमा परस्परमा जोडिएको हुँदा यो अधिकारसँग कुनै पनि कारण सम्झौता (Compromise) गर्न नसकिने ।**

(प्रकरण नं.९)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री दिनेश त्रिपाठी, अधिवक्ताहरू श्री किर्तिनाथ शर्मा पौडेल, श्री विकास भट्टराई, श्री पंकजकुमार कर्ण, श्री अमिता गौतम पौडेल, श्री मोहना अन्सारी, श्री तुल्सीराम पोखरेल, श्री मनिषकुमार श्रेष्ठ, श्री शैलेन्द्रप्रसाद अम्बेडकर, श्री नवराज पाण्डे, श्री गोविन्दराज बर्तौला, श्री झल बि.क, श्री रामबहादुर शाही, श्री तेजकुमार अर्याल, श्री बीरभद्र जोशी, श्री सन्तोष भण्डारी

विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री शान्तिप्रसाद लुइँटेल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- नेपालको संविधान

आदेश

**न्या.दीपककुमार कार्की** : नेपालको संविधानको धारा ४६ एवम् १३३ बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार रहेको छः-

तथ्य खण्ड

मानिसको लागि सबैभन्दा महत्त्वपूर्ण उसको जीवन हुन्छ । विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को महामारीको असर नेपालमा पनि गम्भीर रूपमा परेको छ । पछिल्ला दिनहरूमा नेपालमा कोभिड-

१९ बाट सङ्क्रमित नागरिकहरूको दर र मृत्युदर पनि दिनानुदिन बढिरहेको कुरा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्याङ्क एवम् विभिन्न जिल्ला स्थित जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको तथ्याङ्कहरूबाट समेत देखिएको छ । रूपन्देही, बाँके, दाङ, कैलाली, कञ्चनपुर, पर्सालगायत जिल्लाहरूमा अक्सिजन, भेन्टिलेटर, बेडहरूको पर्याप्त व्यवस्था हुन नसकेका कारण कोभिड-१९ का गम्भीर बिरामीहरूले उपचार पाउन नसकी मृत्युवरण गर्नुपरेको, अस्पतालहरूमा डाक्टर र नर्सहरूको समेत कमी रहेको, कतिपय निजी अस्पतालहरूले उपचारमा महङ्गो शुल्क असुल गर्ने गरेको, भारतलगायत विभिन्न देशबाट नेपाल आउने व्यक्तिहरूलाई राख्न क्वारेन्टिनको पर्याप्त व्यवस्था हुन नसकेको, कोभिड-१९ विरूद्धको खोपको पर्याप्त आपूर्ति हुन नसकेको, कतिपय मानिसहरूले औषधिमा कमिसन खाने, कालो बजारी गर्ने, खोप खरिदमा अवरोध पुर्‍याउनेलगायतको मानवता विरोधी कार्य गरेको भन्ने जस्ता कुराहरू विभिन्न सञ्चारमाध्यमहरूबाट दैनिकजसो प्रसारित र प्रकाशित हुने समाचारहरूबाट पुष्टि हुन्छ । नेपालको संविधानको अनुसूची ६ मा स्वास्थ्य सेवा प्रदेशको अधिकार सूचीभित्र पर्दछ । सम्पूर्ण नेपाली नागरिकहरूलाई समान रूपमा स्वास्थ्य उपचारको उचित प्रबन्ध गरी जनताको जीवनको सुरक्षा गर्नु विपक्षीहरूको दायित्व रहेकोमा विपक्षीहरूले उक्त दायित्वलाई प्रभावकारी रूपमा निर्वाह नगरेका कारण नागरिकहरूले कोभिड-१९ को उपचार, पर्याप्त मात्रामा अक्सिजन र खोपको अभावमा मृत्युवरण गर्नु नेपालको संविधानको धारा १६ बमोजिमको सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १८ बमोजिमको समानताको हक, धारा ३५ बमोजिमको स्वास्थ्यसम्बन्धी हकको विरूद्ध छ । त्यसैगरी नेपाल सन्धि ऐन, २०४७ को दफा ९ अनुसार नेपालमा कानूनसरह लागु हुने सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ११(१), धारा १२(२) को खण्ड (ग) तथा मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५(१) बाट प्रदत्त हक अधिकारबाट समेत वञ्चित हुनुपरेको हुँदा अस्पतालहरूमा पर्याप्त बेड, आइसियु, भेन्टिलेटर, कोभिड विशेष अस्पतालको स्थापना, अस्पतालहरूमा डाक्टर नर्सलगायतका जनशक्तिको तत्काल व्यवस्था, महङ्गो शुल्क लिने अस्पताल र औषधीमा कमिसन खाने, कालो बजारी गर्ने, खोप खरिदमा अवरोध पुर्‍याउने व्यक्तिलाई कारबाही, सम्पूर्ण नागरिकहरूलाई खोपको व्यवस्था र देशभरका अस्पतालहरूमा पर्याप्त मात्रामा अक्सिजनको सहज आपूर्तिको लागि विपक्षीहरूका नाममा अन्तरिम आदेशसमेत जारी गरी देशभरका अस्पतालहरूमा पर्याप्त मात्रामा अक्सिजनको सहज आपूर्तिको लागि अक्सिजन प्लान्टहरू निर्माण गर्न गराउन विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको निवेदक शैलेन्द्रप्रसाद अम्बेडकर (हरिजन) समेतको यस अदालतमा परेको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सबुद प्रमाणसहित म्याद सूचना तामेल भएपछि मिति २०७८।०२।०७ गतेभित्र प्रत्यर्थी नं.१, २, ३ ले महान्यायाधिवक्ताको कार्यालयमार्फत र प्रत्यर्थी नं. ४, ५, ६, ७, ८, ९ ले आ-आफ्नो मुख्य न्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नुहोला भनी आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूको नाउँमा म्याद सूचना जारी गरी रीतपूर्वक तामेल गराई लिखित जवाफ परे वा

अवधि व्यतीत भएपछि नियमानुसार पेस गर्नुहोला । निवेदकले अन्तरिम आदेश जारी गरिपाउँ भनी माग गरेको सम्बन्धमा विचार गर्दा, निवेदकबाट माग गरिएको विषय मानिसको जीवनसँग तत्काल प्रत्यक्ष सम्बन्ध राख्ने भएकोले आवश्यक औषधी र अक्सिजनको आपूर्तिको समस्या, बिरामीसँग प्रत्यक्ष सरोकार राख्ने अस्पतालमा नभई नहुने अत्यावश्यक जनशक्ति आपूर्तिको समस्या, सङ्क्रमित व्यक्तिहरूको दिनदिनै बढ्दै गैरहेको संख्यालाई दृष्टिगत गरी उपचारबाट कसैले पनि विमुख हुन नपरोस् भन्नको लागि थप साधनयुक्त अस्पतालहरू सञ्चालन गर्ने गराउनेतर्फ आवश्यक पहल गर्नुपर्नेसमेतका समस्याहरूको समयमै आवश्यक सम्बोधन हुनुपर्ने अवस्था देखिएकोले आवश्यक पर्ने औषधी र अक्सिजनको आपूर्ति सहज बनाउनु, थप साधनयुक्त अस्पतालहरू सञ्चालनमा ल्याउनु, साथै अस्पतालहरूमा बिरामीहरूको चापलाई ख्याल गरी जनशक्तिको आपूर्ति तत्काल गर्नु र नागरिकको जीवनसँग प्रत्यक्ष सम्बन्ध र सरोकार राख्ने यी उल्लिखित कुराहरूको व्यवस्थापनको लागि आवश्यकताअनुसार सम्बन्धित सरोकारवालाको प्रतिनिधित्वसमेत हुने गरी एउटा कार्य समितिसमेत निर्माण गरी उल्लिखित समस्याको समाधान प्रभावकारी ढङ्गले गर्नु, गराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ। आदेशको जानकारी विपक्षीहरूलाई तत्काल गराई विवादको विषयवस्तु र गाम्भीर्यसमेतलाई ध्यानमा राखी विवादको निरूपण यथासमयमा हुनुपर्ने भएकोले प्रस्तुत निवेदन मिति २०७८।२।९ गते नियमानुसार गरी पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०७८।०१।२८ मा भएको आदेश।

यस लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्रीको अध्यक्षतामा रहेको प्रदेश कोरोना सङ्कट व्यवस्थापन समिति (**PCCMC**) ले कोभिड-१९ को नयाँ भेरियन्टको सङ्क्रमणको जोखिम बढ्नासाथ मिति २०७८।०१।०७ गतेको बैठकबाट कोरोना सङ्क्रमण नियन्त्रणको लागि प्रदेशभित्रका सम्पूर्ण सरोकारवाला निकायहरूलाई परिचालन गर्ने गरी १५ बुँदे निर्णय गरी कार्यान्वयनमा ल्याएको छ । प्रदेशमा रिक्त रहेका स्वास्थ्य सेवाका दरबन्दी पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगबाट विज्ञापन भइसकेको र तत्कालका लागि करारमा जनशक्ति भर्ना गरी काममा लगाइएको छ। सबै अस्पतालहरूलाई अहिले कोरोना नियन्त्रणका लागि काम गर्न आवश्यक स्वास्थ्य सामग्री र जनशक्ति उपलब्ध गराई सहयोग र सहजीकरण गरिरहेको हुँदा लुम्बिनी प्रदेश सरकारले नागरिकको संविधान प्रदत्त स्वास्थ्यसम्बन्धी हकको प्रत्याभूतिको बेवास्ता गरी कुनै कार्य नगरेको भन्ने झुट्टो रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको प्रदेश सरकार, लुम्बिनी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको यस अदालतमा परेको लिखित जवाफ।

यस गण्डकी प्रदेश सरकारले सीमित स्रोत र साधनको अधिकतम उपयोग गरी विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ सङ्क्रमणको रोकथाम, प्रभावकारी नियन्त्रण तथा उपचारका लागि आर्थिक अभाव हुन नदिन कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचार कोषको स्थापना तथा सञ्चालन गरेको छ । उक्त कोषबाट प्रदेश सरकार मातहतका अस्पतालहरूको पूर्वाधार निर्माण, आइसोलेसन सेन्टर स्थापना तथा सञ्चालन, सघन उपचार कक्ष, हाइडिपेन्डेन्सी युनिटहरूको सञ्चालन र व्यवस्थापन, स्वास्थ्य सामग्री खरिद, अक्सिजन सिलिन्डर खरिदलगायतका कार्यहरू गरी आएको छ। आर्थिक वर्ष २०७७/०७८ को वार्षिक नीति तथा

कार्यक्रम र वार्षिक विकास कार्यक्रममा स्वास्थ्य क्षेत्रको सुदृढीकरण कार्यक्रमअन्तर्गत अक्सिजन प्लान्ट जडान तथा सञ्चालन, डायलासिस सेवा सञ्चालन, इलेक्ट्रोनिक मेडिकल रेकर्ड प्रणालीको स्थापना, मर्चरी च्याम्बर स्थापना, शैय्या थप गर्नेलगायतका स्वास्थ्य सेवा विस्तारका कार्यहरूसमेत गरेको छ । विभिन्न अस्पतालहरूमा अस्थायी दरबन्दी स्वीकृत गरी करार सेवामा स्वास्थ्यकर्मी तथा सरसफाइकर्मीको व्यवस्था गरिएको छ । प्रदेश सरकारको व्यवस्थापन तथा जिम्मेवारीमा १४१३ शैय्या क्षमताका ४० आइसोलेसन केन्द्र स्थापना तथा सञ्चालन गरिएको छ। मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश कोरोना सङ्कट व्यवस्थापन केन्द्र (**PCCMC**) गठनसमेत गरी कोभिड-१९ को उपचारका लागि आवश्यक कार्यहरू गरिएको छ । रिट निवेदनमा उल्लेख गरेजस्तो जनताको संविधान प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक, समानताको हक र स्वास्थ्यसम्बन्धी हकमा आघात पार्ने कुनै कार्य नगरिएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको यस अदालतमा परेको लिखित जवाफ।

नेपालमा कोभिड-१९ को सङ्क्रमणको प्रभाव परेदेखि नै मौजुदा कानूनबमोजिम यसको रोकथाम, नियन्त्रण र उपचारको लागि मिति २०७६।११।१८ मा उच्चस्तरीय समन्वय समिति गठन गरिएको थियो । मिति २०७७।०२।२८ मा उक्त समिति विघटन गरी कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको व्यवस्था केन्द्रीय स्तरमा र प्रदेशगत, जिल्लागत तथा स्थानीय तहगत रूपमा गरी उक्त केन्द्रबाट सिमा नाकाहरूमा आवतजावतमा नियन्त्रण, क्वारेन्टिनको निर्माणलगायतका कार्यहरू गरिएको थियो । कोभिड-१९ को दोस्रो भेरियन्टको प्रभावको रोकथाम, नियन्त्रण र उपचारका लागि निजी अस्पतालबाट समेत उपचारको व्यवस्था गरिएको छ भने देशभरका सरकारी अस्पतालहरूलाई कोभिड-१९ अस्पतालको रूपमा रूपान्तरण गरी बेड, आइसियु, भेन्टिलेटरहरू थप गरी उपचारको प्रबन्ध गरिएको छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४(ख) को कानूनी व्यवस्थाबमोजिम आदेश गरी २० लाख डोज कोभिसिल्ड खोप खरिद प्रक्रिया पूरा गरी १० लाख डोज खोप उपलब्ध गराइएको र बाँकी १० लाख डोज खोप आपूर्तिको प्रक्रियामा छ। मित्र राष्ट्र चीनबाट अनुदानमा ८ लाख डोज खोप प्राप्त भएको छ । उक्त खोपहरू अग्रपङ्तिमा खटिने सुरक्षाकर्मी, स्वास्थ्यकर्मी तथा अन्य सर्वसाधारण नागरिकहरूलाई उपलब्ध गराइएको छ । विश्वव्यापी रूपमा खोपको अभाव रहेको भए तापनि विभिन्न मित्रराष्ट्रहरूसँग खोप खरिदका लागि समन्वय तथा कुटनीतिक पहलसमेत गरिएको छ। अक्सिजन आपूर्तिलाई सहजीकरण गर्दै मौजुदा अक्सिजन प्लान्टको स्तरीकरण गरिएको छ । निजी क्षेत्रलाई अक्सिजन प्लान्ट स्थापनाका लागि सहुलियत ऋणको व्यवस्था गरिएको छ । सबै स्वास्थ्यकर्मीलाई परिचालन गरी निजहरूको मनोबललाई ध्यानमा राखी प्रोत्साहनको व्यवस्था गरिएको छ । अस्पतालहरूमा आवश्यक बजेटको समेत व्यवस्था गरिएको छ। महङ्गो शुल्क लिने निजी अस्पताललाई कानूनबमोजिम कारबाही हुने नै छ । नेपाल सरकार नागरिकका संविधान तथा कानून प्रदत्त हकको कार्यान्वयन तथा संरक्षणको लागि क्रियाशील छ । नेपाल सरकार, यस कार्यालय तथा सम्बद्ध निकायबाट कोभिड-१९ को नियन्त्रण, रोकथाम र उपचारका लागि भएका प्रयासहरू नागरिकको मौलिक हकको संरक्षणको लागि नै भएको अवस्थामा सो कुरालाई अनदेखा गरी दायर हुन आएको रिट निवेदन

खारेजभागी छ भन्नेसमेत बेहोराको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको यस अदालतमा परेको लिखित जवाफ।

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ को सङ्क्रमणको प्रभाव नेपालमा पनि देखिएकाले उक्त रोगको रोकथाम तथा नियन्त्रणका लागि मिति २०७६।११।१८ मा गठित उच्चस्तरीय समन्वय समितिबाट सम्पादन हुने कार्यलाई अझ प्रभावकारी बनाउन नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।०२।२८ को निर्णयबाट उक्त समिति बिघटन गरी कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको गठन गरी मिति २०७७।०२।३० देखि हालसम्मका बैठकबाट कार्यादेशबमोजिम विदेशबाट आउनेको व्यवस्थापन, आइसोलेसन केन्द्रको निर्माण तथा व्यवस्थापन, अलपत्र पर्नेको उद्धार, औषधी तथा खोपको व्यवस्थापन, अस्पतालहरूलाई आवश्यक सामग्रीका लागि आवश्यक बजेटको व्यवस्थापन गरी कोभिड-१९ नियन्त्रणका लागि समन्वयात्मक रूपमा कामहरू गरिएको छ। यसअन्तर्गत केन्द्रमा सहजीकरण समिति तथा कार्यान्वयन समितिले काम गरेका छन् भने प्रदेशगत, जिल्लागत र स्थानीय तहगत कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको व्यवस्था गरिएको छ। यी केन्द्रहरूबाट सिमा नाकाहरूमा आवतजावत नगर्न सुसूचित गर्ने, क्वारेन्टिन निर्माण गर्ने, सङ्क्रमितको उपचार तथा उपचारका लागि आवश्यक पर्ने अक्सिजन तथा औषधीलगायतका स्वास्थ्य सामग्रीहरूको आपूर्ति गर्ने कार्यहरू भएको छ। कोभिड-१९ को दोस्रो भेरियन्टको प्रभावको रोकथाम, नियन्त्रण र उपचारका लागि निजी अस्पतालबाट समेत उपचारको व्यवस्था गरिएको छ भने देशभरका सरकारी अस्पतालहरूलाई कोभिड-१९ अस्पतालको रूपमा रूपान्तरण गरी बेड, आइसियु, भेन्टिलेटरहरू थप गरी उपचारको प्रबन्ध गरिएको छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४(ख) को कानूनी व्यवस्थाबमोजिम आदेश गरी २० लाख डोज कोभिसिल्ड खोप खरिद प्रक्रिया पूरा गरी १० लाख डोज खोप उपलब्ध गरिएको र बाँकी १० लाख डोज खोप प्रक्रियामा छ। मित्र राष्ट्र चीनबाट अनुदानमा ८ लाख डोज खोप प्राप्त भएकोमा उक्त खोपहरू अग्रपङ्तिमा खटिने सुरक्षाकर्मी, स्वास्थ्यकर्मी तथा अन्य सर्वसाधारण नागरिकहरूलाई उपलब्ध गराइएको छ। विश्वव्यापी रूपमा खोपको अभाव रहेको भए तापनि विभिन्न मित्रराष्ट्रहरूसँग खोप खरिदका लागि समन्वय तथा कुटनीतिक पहलसमेत गरिएको छ। अक्सिजन आपूर्तिलाई सहजीकरण गर्दै मौजुदा अक्सिजन प्लान्टको स्तरीकरण गरिएको छ। निजी क्षेत्रलाई अक्सिजन प्लान्ट स्थापनाका लागि सहुलियत ऋणको व्यवस्था गरिएको छ। सबै स्वास्थ्यकर्मीलाई परिचालन गरी निजहरूको मनोबललाई ध्यानमा राखी प्रोत्साहनको व्यवस्था गरिएको छ। अस्पतालहरूमा आवश्यक बजेटको समेत व्यवस्था गरिएको छ। महङ्गो शुल्क लिने निजी अस्पताललाई कानूनबमोजिम कारबाही हुने नै छ। यस केन्द्र तथा सम्बद्ध निकायबाट कोभिड-१९ को नियन्त्रण, रोकथाम र उपचारका लागि भएका प्रयासहरू नागरिकको मौलिक हकको संरक्षणको लागि नै भएकोमा सो कुरालाई अनदेखा गरी दायर हुन आएको रिट निवेदन खारेजभागी छ भन्नेसमेत बेहोराको कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको यस अदालतमा परेको लिखित जवाफ।

विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सुदूरपश्चिम प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं.२, प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं.१, प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश सरकार, मुख्यमन्त्री तथा

मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट म्यादभित्र लिखित जवाफ पेस हुन नआएको।

आदेश खण्ड

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा निवेदकहरूका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री दिनेश त्रिपाठी, अधिवक्ताहरू श्री किर्तिनाथ शर्मा पौडेल, श्री विकास भट्टराई, श्री पंकजकुमार कर्ण, श्री अमिता गौतम पौडेल, श्री मोहना अन्सारी, श्री तुल्सीराम पोखरेल, श्री मनिषकुमार श्रेष्ठ, श्री शैलेन्द्रप्रसाद अम्बेडकर, श्री नवराज पाण्डे, श्री गोविन्दराज बर्तौला, श्री झल बि.क., श्री रामबहादुर शाही, श्री तेजकुमार अर्याल, श्री बीरभद्र जोशी, श्री सन्तोष भण्डारीले विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को महामारीको असर नेपालमा पनि गम्भीर रूपमा परेको र पछिल्ला दिनहरूमा नेपालमा सङ्क्रमित नागरिकहरूको दर र मृत्युदर पनि दिनानुदिन बढिरहेको कुरा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्याङ्क एवम् विभिन्न जिल्ला स्थित जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको तथ्याङ्कहरूबाट समेत देखिएको छ । रूपन्देही, बाँके, दाङ, कैलाली, कञ्चनपुर, पर्सालगायत जिल्लाहरूमा अक्सिजन, भेन्टिलेटर, बेडहरूको पर्याप्त व्यवस्था हुन नसकेका कारण कोभिड-१९ का गम्भीर बिरामीहरूले उपचार पाउन नसकी मृत्युवरण गर्नुपरेको, अस्पतालहरूमा डाक्टर र नर्सहरूको समेत कमी रहेको, कतिपय निजी अस्पतालहरूले उपचारमा महङ्गो शुल्क असुल गर्ने गरेको, कतिपय मानिसहरूले औषधीमा कमिसन खाने, कालो बजारी गर्ने, खोप खरिदमा अवरोध पुऱ्याउनेलगायतको मानवता विरोधी कार्य गरेको, भारतलगायत विभिन्न देशबाट नेपाल आउने व्यक्तिहरूलाई राख्न क्वारेन्टिनको पर्याप्त व्यवस्था हुन नसकेको र खोपको पर्याप्त आपूर्ति नहुँदा आम नागरिकहरूको सम्मानपूर्वक बाँच्न पाउने हक, स्वास्थ्यसम्बन्धी हक, समानताको हक जस्ता संविधान प्रदत्त मौलिक हकहरूबाट वञ्चित हुनुपरेको हुँदा सम्पूर्ण नागरिकहरूलाई खोप उपलब्ध गराई र अक्सिजनको पर्याप्त व्यवस्था गरी प्रभावकारी उपचार गर्न गराउन विपक्षीहरूको नाममा परमादेशलगायत उपयुक्त आदेश जारी गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र, काठमाडौंका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री शान्तिप्रसाद लुइँटेलले विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ को सङ्क्रमणको प्रभाव नेपालमा पनि परेको छ। नेपाल सरकार र मातहतका सम्बद्ध निकायहरू उक्त रोगको नियन्त्रण, रोकथाम र उपचारका लागि कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको गठन गरी केन्द्रमा सहजीकरण समिति तथा कार्यान्वयन समितिले काम गरेका छन् भने प्रदेशगत, जिल्लागत र स्थानीय तहगत कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको व्यवस्था गरिएको छ । यी केन्द्रहरूबाट सीमा नाकाहरूमा आवतजावत नगर्न सुसूचित गर्ने, क्वारेन्टिन निर्माण गर्ने, सङ्क्रमितको उपचार तथा उपचारका लागि आवश्यक पर्ने अक्सिजन तथा औषधीलगायतका स्वास्थ्य सामग्रीहरूको आपूर्ति गर्ने कार्यहरू भएको छ । मित्रराष्ट्रबाट प्राप्त खोप र खरिद गरिएका खोपहरू अग्रपङ्तिमा काम गर्ने सुरक्षाकर्मी, स्वास्थ्यकर्मीलगायत आम नागरिकलाई निःशुल्क वितरण गरिएको छ । थप खोप खरिदका लागि मित्रराष्ट्रहरूसँग राजनीतिक तथा कुटनीतिक पहलसमेत गरिएको छ । नेपाल सरकार नागरिकको

सम्मानपूर्वक बाँच्न पाउने हक, स्वास्थ्यसम्बन्धी हक, समानताको हक जस्ता संविधान प्रदत्त मौलिक हकहरूको संरक्षण र प्रचलनका लागि प्रतिबद्ध भई काम गरिरहेको हुँदा परमादेशलगायतका आदेश जारी हुनुपर्ने अवस्था छैन। रिट निवेदन खारेज गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्तबमोजिमको बहस सुनी मिसिल अध्ययन गरी हेर्दा, रिट निवेदन मागबमोजिम परमादेशको आदेश जारी हुनुपर्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ बाट सङ्क्रमित व्यक्तिहरूका लागि अक्सिजन, भेन्टीलेटर, बेडहरूको पर्याप्त व्यवस्था हुन नसकेका कारण कोभिड-१९ का बिरामीहरूले उपचार पाउन नसकी मृत्युवरण गर्नुपरेको, कतिपय निजी अस्पतालहरूले उपचारमा महङ्गो शुल्क असुल गर्ने गरेको, कतिपय मानिसहरूले औषधीमा कमिसन खाने, कालो बजारी गर्ने, खोप खरिदमा अवरोध पुऱ्याउनेलगायतको मानवता विरोधी कार्य गर्ने गरेको हुँदा र कोभिड-१९ विरूद्धको खोपको पर्याप्त आपूर्ति नहुँदा नागरिकको स्वास्थ्यसम्बन्धी हक, सम्मानपूर्वक बाँच्न पाउने हक, समानताको हक जस्ता संविधान प्रदत्त मौलिक हकहरूबाट वञ्चित हुनुपरेको हुँदा सम्पूर्ण नागरिकहरूलाई स्वास्थ्य उपचारको व्यवस्था गरी, खोप उपलब्ध गराई र अक्सिजनको पर्याप्त व्यवस्था गरी प्रभावकारी उपचार गर्न गराउन विपक्षीहरूको नाममा परमादेशलगायत उपयुक्त आदेश जारी गरिपाउँ भन्ने बेहोराको रिट निवेदन रहेको देखियो। नेपाल सरकार र मातहतका सम्बद्ध निकायहरू उक्त रोगको नियन्त्रण, रोकथाम र उपचारका लागि कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको गठन गरी केन्द्रमा, प्रदेशगत, जिल्लागत र स्थानीय तहगत कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको व्यवस्था गरी सङ्क्रमित व्यक्तिहरूको उपचार तथा उपचारका लागि आवश्यक पर्ने अक्सिजन तथा औषधीलगायतका स्वास्थ्य सामग्रीहरूको आपूर्ति गरिएको छ। कोभिड-१९ विरूद्धको खोप खरिद गरी अग्रपङ्तिमा काम गर्ने सुरक्षाकर्मी, स्वास्थ्यकर्मीलगायत आम नागरिकलाई निःशुल्क वितरण गरिएको छ। थप खोप खरिदका लागि मित्रराष्ट्रहरूसँग राजनीतिक तथा कुटनीतिक पहलसमेत गरिएको छ। नागरिकको सम्मानपूर्वक बाँच्न पाउने हक, स्वास्थ्यसम्बन्धी हक, समानताको हक जस्ता संविधान प्रदत्त मौलिक हकहरूको संरक्षण र प्रचलनका लागि प्रतिबद्ध भई काम गरिरहेको हुँदा परमादेशको आदेश जारी हुनुपर्ने होइन भन्ने बेहोराको विपक्षीहरूको लिखित जवाफ रहेको पाइयो।

३. विश्वभरि महामारीको रूपमा फैलिएको कोभिड-१९ को प्रभाव नेपालमा पनि परेकोले उक्त रोगबाट दैनिकरूपमा नागरिकहरू सङ्क्रमित हुने गरेका र सङ्क्रमितमध्ये केही व्यक्तिहरूको दैनिकरूपमा जटिल स्वास्थ्य समस्या भोगी मृत्युसमेत भइरहेको भन्ने कुरा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्याङ्कबाट पुष्टि भइरहेको छ। कोभिड-१९ रोग तीव्र रूपमा एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने एक गम्भीर प्रकृतिको सरूवा रोग रहेकोमा यसको नियन्त्रण, रोकथाम र उपचार प्रभावकारी रूपमा गरी नागरिकको जीवनरक्षा गर्नु सरकारको कर्तव्य हो। निवेदकले रिट निवेदनमा उल्लेख गरेबमोजिम राजधानीलगायत देशका विभिन्न जिल्लाहरूमा रहेका अस्पतालहरूमा कोभिड-१९ बाट सङ्क्रमित व्यक्तिहरूको उपचारको लागि पर्याप्त मात्रामा बेडको अभाव रहेको, बिरामीहरूलाई आवश्यक पर्ने अक्सिजन पर्याप्त मात्रामा नरहेको भन्ने कुरा निवेदकले रिट निवेदनमा उल्लेख गरी निवेदकका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूबाट

समेत उक्त अवस्थाका सम्बन्धमा ध्यानाकर्षण गर्दै बहस गर्नुभयो। उक्त तथ्यलाई विपक्षीहरूले पेस गरेको लिखित जवाफमा सप्रमाण खण्डन गरी अन्यथा भन्न सकेको पाइँदैन भने विपक्षीका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताबाट बहसका क्रममा सप्रमाण खण्डन गरी अन्यथा भन्न सकेको पाइँदैन।

४. विपक्षीहरूको लिखित जवाफमा २० लाख डोज कोभिसिल्ड खोप खरिद प्रक्रिया पूरा गरी १० लाख डोज खोप उपलब्ध गराइएको, बाँकी १० लाख डोज खोप आपूर्तिको प्रक्रियामा रहेको, मित्र राष्ट्र चीनबाट अनुदानमा ८ लाख डोज खोप प्राप्त भएको, उक्त खोपहरू अग्रपङ्तिमा खटिने सुरक्षाकर्मी, स्वास्थ्यकर्मी तथा अन्य सर्वसाधारण नागरिकहरूलाई उपलब्ध गराइएको। हाल विश्वव्यापी रूपमा खोपको अभाव रहेको भए तापनि विभिन्न मित्रराष्ट्रहरूसँग खोप खरिदका लागि समन्वय तथा कुटनीतिक पहलसमेत गरिएको भन्ने उल्लेख गरेको पाइन्छ। यद्यपि हालसम्मको अवस्थामा सम्पूर्ण नागरिकहरूले खोप पाइसकेको वा यति समयभित्र पाउने भन्ने कुराको सुनिश्चितता गरेको पाइएन। बिरामीहरूले पर्याप्त मात्रामा अक्सिजन पाएको र सबै सङ्क्रमितहरूलाई उपचारका लागि आवश्यक पर्ने बेड, अक्सिजन, आइसियु, भेन्टिलेटरसहित उपचारको पर्याप्त प्रबन्ध भएको छ भन्ने पुष्टि हुने आधार प्रमाणसहित विपक्षीले भन्न सकेको पाइँदैन। दैनिकरूपमा कोभिड-१९ का सङ्क्रमित बिरामीहरूको संख्यामा भएको वृद्धिलाई हेर्दा राज्यले क्वारेन्टीन र आइसोलेसनको पर्याप्त र प्रभावकारी व्यवस्थापन गरी रोकथाम गरेको तथा सबै क्षेत्रका नागरिकले समान रूपमा उपचार पाएको भन्ने पनि मिसिल प्रमाणबाट देखिँदैन। राज्यको सम्पूर्ण भूगोलको जुनसुकै कुनामा रहेका नागरिकहरूलाई स्वास्थ्य उपचारमा समान पहुँच हुनु पर्दछ। अधिकांश अस्पतालहरू सुविधा सम्पन्न क्षेत्रमा रहेको अवस्था हुँदा दूरदराजमा रहेका र आर्थिक रूपमा विपन्न तथा सीमान्तकृत नागरिकहरूले सम्पन्न र सुविधायुक्त क्षेत्रका नागरिकसरह समान रूपमा स्वास्थ्य उपचारमा समान पहुँच पाएको देखिँदैन।

५. सामान्य अवस्थामा पनि नागरिकलाई रोग लागेपछि उपचारको यथोचित प्रबन्ध मिलाउनु राज्यको महत्त्वपूर्ण कर्तव्य र दायित्व हुनेमा सरूवा प्रकृतिको कोभिड-१९ को महामारीको यस विशेष परिस्थितिमा नागरिकहरूलाई रोग लाग्नबाट बचाउन रोकथामका प्रभावकारी उपायको कार्यान्वयन गर्नुका साथै सङ्क्रमित व्यक्तिहरूको उपचारको यथोचित प्रबन्ध मिलाई नागरिकहरूको जीवन रक्षा गर्नु राज्यको सर्वाधिक महत्त्वपूर्ण दायित्व रहन्छ। नेपालको संविधानको धारा १६(१) मा ***"प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने छ"*** धारा १८(१) मा ***"सबै नागरिक कानूनको दृष्टिकोणमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन"*** तथा धारा १८(३) ले ***"राज्यले नागरिकहरूका बिच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन"*** भन्ने व्यवस्था गरेको छ। धारा ३५ को स्वास्थ्यसम्बन्धी हकअन्तर्गत उपधारा (१) मा ***"प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने छ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन"***। उपधारा (२) मा ***"प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुने छ"***। उपधारा (३) मा ***"प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने छ"*** साथै धारा १८(३) को प्रतिबन्धात्मक वाक्यांशले ***"सामाजिक***

***वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्यलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानूनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन"*** भन्ने व्यवस्था गरी अल्पसंख्यक र सीमान्तीकृत व्यक्तिलाई राज्यले विशेष व्यवस्था गर्ने भनी मौलिक हकहरूको व्यवस्था भएको पाइन्छ।

६. नेपालसमेत पक्ष रहेको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी प्रतिज्ञापत्र (International Covenant on Economic, Social and Cultural Rights, १९६६) को धारा १२(१) मा "पक्ष राष्ट्रहरूले प्रत्येक व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम स्तरको उपभोग गर्ने अधिकारको सुनिश्चितता गर्नुपर्ने (The states parties to the present covenant recognize the right of everyone to the enjoyment of the highest attainable standard of physical and mental health.)" व्यवस्था रहेको छ। त्यसैगरी धारा १२(२)(ग) मा प्रकोप, महामारी, पेसागत र अन्य रोगहरूको रोकथाम, उपचार तथा नियन्त्रण गर्नका लागि पक्ष राष्ट्रहरूले आवश्यक कदमहरूसमेत चाल्नुपर्ने भनी (The prevention, treatment and control of epidemic, endemic, occupational and other diseases.) भन्ने व्यवस्था रहेको छ। साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको साधारण टिप्पणी नं.१४ ले स्वास्थ्य अन्य मानव अधिकारको अभ्यासको लागि आधारभूत र अपरिहार्य मानव अधिकार हो (Health is a fundamental human right indispensable for the exercise of other human rights.)। यसै कारण स्वास्थ्यको अधिकारअन्तर्गत स्वतन्त्रता (Freedom) र हक (Entitlements) दुवै पर्दछन् । स्वास्थ्यको हक (Entitlements) ले स्वास्थ्य सुरक्षाको प्रणालीबाट संरक्षणको अधिकार समावेश गर्दछ । सबै नागरिकलाई स्वास्थ्यको उच्चस्तरको उपभोगको लागि समान अवसरको सुनिश्चितता गर्नुपर्ने दायित्व राज्य पक्षलाई दिएको छ। यो साधारण टिप्पणीले The right to health must be understood as a right to the enjoyment of a variety of facilities, goods, services and condition necessary for the realization of the highest attainable standard and health को कुरा गर्दछन्। स्वास्थ्यको अधिकारभित्र स्वास्थ्य हेरचाह (Health care), आवश्यक सेवाको उपलबधता (Availability), पहुँचयोग्य (Accessibility) त्यो पनि विनाभेदभाव (Non-discrimination) र पहुँचको कुरा गर्दा शारीरिक पहुँच (Physical accessibility), खर्च वहन गर्ने सामर्थ्य (Affordable), सूचनाको पहुँच भएको (Information accessibility), स्वीकारयोग्य (Acceptability) तथा गुणस्तरीय स्वास्थ्य सेवा (Quality health service) हुनुपर्ने व्यवस्था गरेको छ । नागरिकका यी हकहरूको संरक्षण र परिपालना गर्नु गराउनु राज्यको दायित्व रहन्छ। उक्त हकहरूको प्रचलनबाट कोही पनि वञ्चित हुने अवस्था हुनु हुँदैन।

७. उपर्युक्त उल्लिखित स्वास्थ्यसम्बन्धी हकहरू, सम्मानपूर्वक बाँच्न पाउने हक र समानताको हकसँग समेत अन्तरसम्बन्धित र अन्तरनिर्भित हुनुका

साथै मानव अधिकारको आधारभुत तत्वहरू पनि हुन् । मानव अधिकारसँग सम्बन्धित यी हकहरूको संरक्षण, सम्मान र प्रचलन गर्नु, गराउनु राज्यको दायित्व हो भने उक्त हकहरूको प्रचलन नभएको अवस्थामा प्रचलन गराई माग्नु नागरिकको अधिकार (claim right) हो । जसले राज्य पक्षबाट सक्रियता (Action) को अपेक्षा गर्दछ । राज्यको मूल दायित्व (Core obligation) भित्र स्वास्थ्यको सुविधा, सामग्री र सेवाको पहुँच भेदभावविना पाउने अधिकार, भोकमरीबाट स्वतन्त्र राख्न पोषणयुक्त र सुरक्षित आवश्यक खानाको पहुँचको सुनिश्चितता, आधारभूत बासस्थान, स्वस्थ पिउने पानी तथा आवश्यक औषधी र स्वास्थ्य सुविधाको वितरण गर्नुपर्ने तथा सार्वजनिक स्वास्थ्य रणनीति निर्माण र कार्यान्वयनको अनुगमनसमेत गर्नुपर्ने दायित्व राज्यलाई दिइएको छ । साथै प्राथमिकताका साथ सङ्क्रमणको विरूद्धमा खोप (Immunization) को व्यवस्था र महामारीको रोकथाम, उपचार र नियन्त्रणको लागि सबै उपयुक्त उपायहरू अवलम्बन गर्नुपर्ने व्यवस्थासमेत गरेको छ । आर्थिक र प्राविधिक पक्षमा सके राज्य पक्षले व्यवस्था गर्ने अन्यथा आवश्यकताअनुसार अन्तर्राष्ट्रिय सहयोग लिनुपर्ने दायित्वसमेत सक्षम राज्यलाई दिइएको छ ।

८. स्वास्थ्यसम्बन्धी अधिकार सामान्य रूपमा हेर्दा प्रगतिशील अनुभूति (Progressive realization) को विषय मानिए तापनि कतिपय अवस्थामा स्वास्थ्यको अधिकारको विषय तत्काल प्रभावमा (Immediate effect) मा ल्याउनुपर्ने विषयको रूपमा रहेको छ किनकि यो बाँच्न पाउने जीवनको अधिकारसँग जोडिएको विषय हो । स्वास्थ्यको अधिकारको सम्मान, संरक्षण र परिपूरण गरिएमा मात्र जीवनको अधिकारको पूर्ण अनुभूत गर्ने वातावरण बन्दछ । त्यसैले स्वास्थ्यको अधिकारलाई अन्य सामान्य अधिकार जस्तो नहेरी राज्यले छिटो र प्रभावकारी ढङ्गबाट पूर्ण अनुभूत गराउने विषयको रूपमा हेर्नुपर्दछ । जसमा अधिकारको सम्मान, संरक्षण र परिपूरणको निमित्त सकारात्मक उपाय (Positive Measures) लिने विषयहरू पर्दछ । यस्तो उपायमा राज्यले त्यस्तो समग्र कार्य गर्नुपर्दछ जसले स्वास्थ्यको संरक्षण र सुधारको वातावरण सिर्जना गर्न सक्रियता देखाउन सकोस् । यसको निमित्त राज्य पक्ष आफैं र आवश्यकताअनुसार अन्तर्राष्ट्रिय सहयोग र समन्वयमार्फत आर्थिक, प्राविधिक सहयोग लिनुपर्ने हुन्छ ।

९. उपर्युक्त उल्लिखित संविधान तथा कानूनसरहका नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय सन्धि सम्झौताका प्रावधानहरू नागरिकहरूले के कसरी के कति मात्रामा उपभोग गर्न पाएका छन् वा छैनन् भन्ने कुरा स्वाभाविकरूपमा न्यायिक चासोको विषय बन्छ । संविधान राजनीतिक दस्तावेज मात्र नभई नागरिक अधिकारहरूको दस्तावेज पनि हो । संविधान प्रदत्त मौलिक हकहरूको कार्यान्वयनबाट नै जनताले लोककल्याणकारी राज्यको अनुभूति गर्न सक्छन् । यथोचित कार्यान्वयन बिना संविधानका प्रावधानहरू केवल कागजी अधिकारका रूपमा सीमित हुन पुग्दछन् । संविधानमा व्यवस्था गरिएका नागरिकका मौलिक हकहरूको उपभोगसमेतको सुनिश्चितता गर्नु संविधानको साध्य हो । यो साध्यको प्राप्तितर्फ राज्यका सबै अङ्गहरूको सामूहिक प्रयास रहनुपर्छ । स्वास्थ्यको अधिकार जस्तो जीवनसँग जोडिएको मौलिक हकहरूको सहजरूपमा प्रचलन हुँदा मात्रै जनताले न्यायको अनुभूति गर्न सक्छन् । संविधान प्रदत्त हकहरूको प्रचलनमार्फत नागरिकलाई न्यायको अनुभूति गराउनु अदालतको पनि प्रमुख कर्तव्य हो। संविधानले प्रचलनीय हक भनी प्रत्याभूत गरिसकेको

सम्मानपूर्वक बाँच्न पाउने हक, समानताको हक, स्वास्थ्यसम्बन्धी हकहरूको कार्यान्वयनमा राज्यको आर्थिक क्षमता वा स्रोत साधनको सीमा हुनसक्ला तर त्यसबाट राज्यले उन्मुक्ति पाउँदैन । महामारीबाट नागरिकहरूको स्वास्थ्य र जीवन नै सङ्कटमा परेको अवस्थामा राज्यले नागरिकको जीवन रक्षाका लागि परिणाममा देखिने गरी हरसम्भव प्रयास गर्नु पर्दछ । वर्तमान विश्वलाई नै आक्रान्त पारेको कोभिड-१९ जस्तो नयाँ प्रजातिको सरूवा रोग र त्यसको रूप परिवर्तन गर्ने गुण (New variant) का कारण त्यसको रोकथाम, नियन्त्रण र उपचार गरी नागरिकको स्वास्थ्यसम्बन्धी अधिकारको प्रत्याभूत गर्नको लागि राज्यले चाल्नुपर्ने कदमहरू परिवेशअनुसार फरकफरक हुन सक्छ । तर देशको भौगोलिक अवस्था, दक्ष जनशक्तिको अभाव, जनताको चेतनास्तर, राज्यको आर्थिक क्षमता तथा स्रोत साधनको सीमितता जस्ता कुराले राज्यले निर्वाह गर्नुपर्ने भूमिका र दायित्वमा कमीको गुन्जायस रहनु हुँदैन । स्वास्थ्य सेवा मानिसको लागि सर्वाधिक महत्त्वको र जीवनसँग प्रत्यक्ष सरोकारको विषय हो । राज्यले जुनसुकै मूल्यमा पनि नागरिकको जीवन रक्षाका लागि सदैव तत्परतासहित कार्य गरेको देखिनु र व्यक्तिले सोको अनुभूत गर्न सक्नु पर्दछ । स्वास्थ्य उपचारको अधिकार (Right to Health) मानिसको बाँच्न पाउने हक (Right to Life) सँग प्रत्यक्षरूपमा परस्परमा जोडिएको हुँदा यो अधिकारसँग कुनै पनि कारण सम्झौता (Compromise) गर्न सकिँदैन । हरेक व्यक्तिको सम्पूर्ण स्वास्थ्यका लागि राज्य संवेदनशील भई सबै नागरिकको समान पहुँच हुने गरी स्वास्थ्य उपचारको प्रबन्ध गर्नु राज्यको दायित्व हुने र जुनसुकै मूल्यमा पनि नागरिकले स्वास्थ्य सेवा प्राप्त गरेको सुनिश्चितता गर्नुपर्ने जिम्मेवारी राज्य पक्षमा रहेको देखिन्छ । अस्पतालहरूमा अत्यावश्यक पर्ने बेड, अक्सिजन, भेन्टिलेटर, आइसियु, औषधी तथा स्वास्थ्य सामग्रीको पर्याप्त व्यवस्था, आर्थिक रूपमा खरिद गर्न सामर्थ्य हुने सेवा तथा आपूर्ति नभएको, डाक्टर नर्सलगायतका जनशक्तिको अभाव रहेको, सबै क्षेत्रका नागरिकको समान रूपमा अस्पतालसम्मको पहुँच नरहेको, रोगको रोकथाम तथा नियन्त्रणका लागि क्वारेन्टिन, आइसोलेसन केन्द्रको कमी रहेको र खोपको पर्याप्त आपूर्ति र समान वितरण नभएकोले नागरिकहरूले संविधान प्रदत्त हकहरूको प्रचलनबाट विमुख हुनु परेको अनुभूतिसहित अदालतसमक्ष न्यायको याचना गरेको अवस्थामा त्यस्तो हकहरूको प्रचलनका लागि संविधानबमोजिम आज्ञा आदेश गर्नु अदालतको दायित्वसमेत रहन्छ ।

१०. यस अवस्थामा निवेदकको मागबमोजिम परमादेश जारी गर्ने मागको सम्बन्धमा विचार गर्दा, हाल दोस्रो कोभिड लहरको महामारीको अवस्थामा अक्सिजनको अभावमा धेरै मानिसले ज्यान गुमाउनुपर्ने अवस्था आएको हुँदा तत्कालै सहज र निरन्तर अक्सिजन आपूर्तिको निमित्त तथा अस्पतालमा बिरामीको चापलाई ध्यान दिई जनशक्ति आपूर्ति गर्न, उपचार विमुख नहुन, साधनयुक्त अस्पताल स्थापना गर्न एकल इजलासबाट मिति २०७८।१।२८ मा नै अन्तरिम आदेश जारी भइसकेको देखिँदा सोमा थप बोलिरहन परेन । तर अन्तरिम आदेशद्वारा सम्बोधन गरिएका कतिपय विषयवस्तु दीर्घकालीन स्वास्थ्य अधिकारको व्यवस्थापनसँग जोडिएका विषयवस्तु पनि देखिन्छन् ।

११. रिट निवेदकहरूले निवेदनमा दोस्रो कोभिड महामारीमा सङ्क्रमितको संख्या मात्र बढेको नभई अस्पतालमा अत्यधिक चाप रहेको र अक्सिजनको व्यवस्थापनमा गम्भीर समस्या बढेको, अस्पतालमा बेडको अभाव, भेन्टिलेटरको अभाव

रहेको, सङ्क्रमितहरूको उपचारको लागि निजी अस्पतालहरूमा अत्यधिक शुल्क हुँदा पनि सरकार मुकदर्शक भई बस्नुपरेको, अस्पतालमा बिरामीको चापलाई धान्ने दक्ष जनशक्तिको अभाव रहेको, अक्सिजनको अभावमा धेरै व्यक्तिले ज्यान गुमाउनु परेको तथा कोरोना विरूद्धको खोपको उपलब्धताको सुनिश्चितताको समेत सरकारले व्यवस्थापन नगरेको हुँदा जीवनको रक्षाको लागि सरकारको दायित्व बोध गराउनुपर्ने गम्भीर प्रश्नहरू उठाउनु भएको छ।

१२. आज जेठ ११, २०७८ को मितिसम्म नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्याङ्कलाई हेर्दा पनि जम्मा पोजिटिभ केस ५,२८,८४८, मृत्यु ६७०० तथा पहिलो मात्राको खोप लगाइएको व्यक्तिहरू २१,१३,०८० तथा दोस्रो खोपसमेत लगाएको संख्या ५,९३,७५५ देखिन्छ । परिवर्तित स्वरूपको भाइरसको कारण अत्यन्त छिटो सङ्क्रमण बढेको र अस्पतालमा अत्यधिक चाप, भेन्टिलेटर र अक्सिजनको कमिको कारणसमेत मर्नुपरेको अवस्था हामी कसैसँग पनि लुकेको छैन । अझ तेस्रो लहरको खतरा विश्वले महसुस गरी पूर्वतयारी गरिरहे तापनि हामी दोस्रो लहरकै खतरासँग जुध्न सकिरहेका छैनौं।

१३. स्वास्थ्यको सम्मान, संरक्षण र परिपूर्ति कायम गर्ने दायित्व भएको सरकारले आज कोभिडको महामारीले समग्र स्वास्थ्य र जनजीवन नै तहसनहस भएको अवस्थामा आवश्यक सहयोग प्रणाली, स्वास्थ्यसँग विशेष गरी अक्सिजन, ICU Bed, भेन्टिलेटर, जनशक्ति, औषधिको उचित र पर्याप्त व्यवस्थापन गर्न नसक्दा स्वास्थ्य सेवा हेरचाहबाट वञ्चित भई कयौं नागरिकले जीवनसमेत गुमाउनुपर्ने स्थिति आएको छ । यस्तो अवस्था आउनु भनेको आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी अनुबन्ध तथा नेपालको संविधानको धारा १६ अन्तर्गत जीवनको हक, धारा १८ अन्तर्गत समानताको हक तथा धारा ३५ बमोजिमको स्वास्थ्य अधिकारको उल्लङ्घनको विषय हो।

१४. स्वास्थ्य अधिकारको सम्मान र संरक्षण नगर्नुको अर्थ स्वास्थ्य अधिकारको मूल दायित्वको पालना नगर्नु (non-compliance with core obligation of health right) पनि हो। महामारीबाट सङ्क्रमित भएर स्वास्थ्यमा जटिलताको अवस्था सिर्जना भएर अस्पताल जाँदा भर्ना हुन बेड नपाउने, ICU नपाउने, भेन्टिलेटर नपाउने, अक्सिजन नपाउने, अस्पतालमा बेड पाउँदा पनि धान्नै नसक्ने खर्चिलो हुनु र सरकार मुकदर्शक भएर बस्नुपर्ने बाध्यताको अवस्थाको अर्थ राज्यको अकार्यताको अवस्था हो। कुनै कार्य गर्न नसक्नु र गर्न चाहना नहुनु फरक कुरा हो। राज्य पक्षले स्वास्थ्य अधिकारको निमित्त आफ्नो अधिकतम स्रोत साधनको प्रयोग गर्नुपर्दछ, अनुगमन गर्नुपर्दछ र अस्पताल व्यवस्थापनलाई उत्तरदायी बनाउनु पर्दछ। अब आउने तेस्रो चरणको महामारीलाई समेत ध्यानमा राखी हरेक अस्पतालमा तत्काल पर्याप्त मात्रामा ICU Bed, भेन्टिलेटर, अक्सिजन जस्तो जीवन रक्षाको लागि निरन्तर चाहिने मेसिनहरूको प्रयाप्त व्यवस्था हरेक अस्पतालमा २४ सै घण्टा र ३६५ दिन नै सञ्चालनमा रहने स्थितिमा राख्नु, राख्न लगाउनु भनी यो परमादेशको आदेश जारी गरिदिएको छ।

१५. कोरोना विरूद्ध कुनै निश्चयात्मक औषधीको अभावमा हाल बजारमा उपलब्ध WHO ले समेत प्रयोगको अनुमति दिइएको खोपले नै कोरोना विरूद्ध प्रतिरोधात्मक क्षमता अभिवृद्धि गरी कोरोना रोकथामको महत्त्वपूर्ण आधार बनेको छ । हालसम्म कोरोना महामारीसँग लड्न शारीरिक दुरी कायम,

स्वास्थ्य सुरक्षाको उपाय अवलम्बनसँगै महत्त्वपूर्ण उपाय भनेको खोप नै रहेको तर खोपको पहुँच नेपाल र सबै उमेर र सबै वर्गका सम्पूर्ण नेपालीको लागि हुन सकेको छैन । अनुदान वा सहयोगबाट प्राप्त गरेको वा खरिद गरी प्राप्त गरेको खोप पर्याप्त नहुनुको साथै कतिपय ज्येष्ठ नागरिक, वैदेशिक रोजगार (आप्रवासन) जाँदा खोप लगाउनु नै पर्ने वर्ग पनि खोपको पहुँचबाट वञ्चित भएको देखिन्छ । खोपको निमित्त सरकारले सक्दो प्रयास गरिरहेको भनिए तापनि परिणाममा सीमित मात्रामा केही नेपालीले र विशेष गरी केही फ्रन्टलाइनमा कार्यरतहरूले मात्र खोप लगाउन सफल भएको छ । एकातिर नेपालले अझैसम्म पर्याप्त मात्रामा खोप ल्याउन सकेको छैन । अर्कोतिर ल्याइएको खोपको प्रयोग र वितरण समानुपातिक र न्यायोचित ढङ्गबाट हुन सकेको छैन, पर्याप्त अनुगमन पनि भएको पाइँदैन । भारतबाट किनेको २० लाख मात्राको खोपमा आधा खोप निर्यात भइसकेको र बाँकी १० लाख खोप आइसकेको अवस्था छैन । तसर्थ, भारतबाट रकम भुक्तान गरिसकेको तर नआइसकेको खोपले गर्दा कतिपय ज्येष्ठ नागरिकले पहिलो खोप लिए तापनि दोस्रो डोज लिन नसकी अत्यन्त डरको अनिश्चितताको स्थितिमा रहेका छन् । यसर्थ, भारतबाट खोप खरिद गरी मूल्य भुक्तान गरिसकेको भनिएको खोप ल्याउन तत्काल व्यापारिक, कुटनीतिक र राजनीतिकलगायत आवश्यक पहल गर्नु, गराउनू । साथै खोप बिक्री गर्ने वा नगर्ने, दिने वा नदिने भन्ने विषयमा खोप निर्माण देश वा कम्पनीको अधिकार भए तापनि जुन राष्ट्रसँग खोपको उत्पादन वा उपलब्धता प्रदान गर्ने क्षमता रहेको हुन्छ, त्यस्तो राष्ट्रले अन्तर्राष्ट्रिय स्तरमा विकासशील मुलुकलाई पारस्परिक सहयोग र समन्वय गर्नुपर्ने दायित्वसमेत रहेकोमा सोको निमित्त झकझकाउने कार्यको पहल गर्नु, गराउनू । खोप खरिदको निमित्त राज्यको स्रोत साधनको प्रयोग प्राथमिकताको आधारमा गर्नु, गराउनू । गरिब तथा भौगोलिक विकट अवस्थामा रहेका जनतामा समेत समानुपातिक तरिकाले खोपको पहुँचको सुनिश्चितता गर्नु, गराउनू ।

१६. अक्सिजनको अभावमा धेरै मानिसले ज्यान गुमाउनु परेको अवस्थालाई ध्यानमा राख्दा दीर्घकालीन रूपमा नै यसको सहज व्यवस्थापन गर्नुपर्ने देखिन्छ । यसको निमित्त जिल्लामा जनसंख्याको चापलाई हेरी कमसेकम हरेक प्रदेशको सरकारी अस्पतालहरूमा पर्याप्त क्षमता भएको अक्सिजन प्लान्टको निर्माण गर्न आवश्यक बजेट केन्द्र, प्रदेश र स्थानीय निकायले समेत छुट्याउनु तथा हरेक प्रदेशमा अक्सिजन प्लान्ट निर्माण गर्नु, गर्न लगाउनु भनी परमादेश जारी गरिएको छ ।

१६. निजी मेडिकल कलेजको सञ्चालन स्वीकृति मापदण्डमा नै अक्सिजन प्लान्टको व्यवस्था गर्नुपर्ने व्यवस्था गर्नु तथा अब तेस्रो लहरको कोरोना महामारीको खतराको डरको अवस्थामा आवश्यक सिलिण्डरसहित पर्याप्त र निरन्तर अक्सिजन आपूर्ति (supply) को व्यवस्था गर्नू । दोस्रो लहरको महामारीमा देखिएको र भोगिएको अक्सिजनको अभावलाई ध्यानमा राखी तेस्रो लहरमा आउन सक्ने सङ्कटलाई समेत ध्यानमा राखी हरेक जिल्लामा अक्सिजन कन्सन्ट्रेटर बैंक स्थापना गरी गराई अक्सिजनको पर्याप्त र निरन्तर आपूर्तिको व्यवस्था गर्नु, गराउनू ।

१७. कोभिड-१९ को महामारीले अस्पतालहरूमा बेड, आइसियु र भेन्टिलेटरको अभावमा समेत सङ्क्रमितहरूले थप पीडा भोग्नु परेको र ज्यान गुमाएको अवस्थालाई ध्यानमा राख्दै कोभिड-१९ समेत व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ ले प्रस्तावित गरेको कोभिड-१९ युनिफाइड केन्द्रीय अस्पताल सञ्चालन गर्ने निर्णय

भएको र सोको जिम्मेवारी हेर्दा कोभिड-१९ महामारीको जोखिममा उपचारमा मात्र नभई नियन्त्रणको तयारीमा समेत काम कर्तव्य तोकिएको अवस्थामा एकीकृत उपचार प्रणालीमा मन्त्रालयसँग समन्वय गरी आवश्यक भौतिक पूर्वाधार, औषधी, अक्सिजन, स्वास्थ्य सामग्री र जनशक्ति व्यवस्थापन, परिचालन तथा वितरण अद्यावधिक गर्ने जिम्मेवारीसमेत दिइएको देखिँदा सोको कार्यान्वयन तत्काल गर्नु, गर्न लगाउनू।

१८. अस्पतालहरूले कोभिड-१९ सङ्क्रमितहरूसँग उपचारको निमित्त चर्को रकम असुली गरिरहेकोले उनीहरूलाई नियमन गरी कानूनको दायरामा ल्याउनुपर्ने भन्ने रिट निवेदकको मागको सम्बन्धमा विचार गर्दा स्वास्थ्य मन्त्रालयले कोभिड-१९ सङ्क्रमितको उपचारको निमित्त सामान्य, मध्यम र जटिल बिरामी हेरी शुल्क लिने तथा फरक सेवाहरूको पनि (जस्तै भेन्टिलेटर, आइसियु बेड, अक्सिजनलगायतको) फरक शुल्क निर्धारणको सूचना प्रकाशित गरे तापनि निजी अस्पतालहरूले र साथै सरकारले सम्झौता गरी सूचीकृत गरेका कतिपय अस्पतालहरूमा समेत मन्त्रालयले निर्धारण गरेकोभन्दा अत्यन्त बढी शुल्क असुली गरिरहेको र महङ्गो शुल्क तिर्नुपर्दा कैयौंको घर खेतसमेत बन्धक राख्नुपर्ने वा बेच्नुपर्ने अवस्था आएको, आफ्नो र आफन्तको ज्यानसमेत गुमाउनु परेको देखिन्छ। अस्पतालको बिल भुक्तान गर्न नसक्दा, मृत्यु हुँदा लाससमेत लिन नसकिने जस्ता पीडादायी व्यवहारहरू बेहोर्नु परेकाले सरकारले कोभिड-१९ सङ्क्रमितको निःशुल्क उपचार गर्ने घोषणा कागजमै रहन गएको तथ्य रिट निवेदकहरूले रिट निवेदनमा तथा बहसको क्रममा पनि उठाएको हुँदा कोभिड-१९ महामारीका सङ्क्रमित बिरामीको उपचार खर्च पारदर्शी र उत्तरदायीपूर्ण बनाउन आवश्यक सम्पूर्ण उपाय अवलम्बन गर्नु, गराउनू।

१९. कोभिड-१९ को महामारीमा अत्यधिक सेवा शुल्क लिने अस्पतालको नियमन गर्न सेवा शुल्क निर्धारण समितिको कामको प्रभावकारिता बढाउने व्यवस्था गर्नू। कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा २, ३, ४, ५, ६, ७ ले कालोबजारी, नाफाखोरी, माल वस्तुको बिचलन, जम्माखोरी तथा कृत्रिम अभाव, औषधीमा मिसावट गर्नेलाई सजायको दायरामा ल्याउन सक्ने व्यवस्था छ। माल वस्तुको बिक्रीभित्र स्वास्थ्य सेवाको बिक्री पर्दैन भन्न नसकिने हुँदा आवश्यकतानुसार यस ऐनबमोजिम स्वास्थ्य सेवा बिक्रीको अनुगमन र कारबाहीमा प्रभावकारिता ल्याउने व्यवस्था गर्नु, गराउनू।

२०. उपर्युक्तबमोजिमको आदेश ३ महिनाभित्र कार्यान्वयन गर्न गराउन यो आदेशको जानकारी विपक्षी नं.१, २, ३ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र विपक्षी नं.४, ५, ६, ७, ८, ९ को हकमा मुख्य न्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिनू।

२१. प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.सपना प्रधान मल्ल

इजलास अधिकृत:- कुबेर पाण्डे
इति संवत् २०७८ साल जेठ ११ गते रोज ३ शुभम्।

## निर्णय नं. १०६७६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री सुष्मालता माथेमा
आदेश मिति : २०७७।९।२९
०७७-WH-०१४७

विषयः- बन्दीप्रत्यक्षीकरण

निवेदक : जिल्ला जाजरकोट जुनिचाँदे वडा नं.९ नागरिकताको ठेगाना भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.२९ सामाखुसी बस्दै आएकोमा हाल कारागार कार्यालय नख्खु भएको शिवधन शाहीको छोरा ज्ञानबहादुर शाही

विरूद्ध

विपक्षी : उच्च अदालत पाटनसमेत

- **निवेदन बेहोराबाट नै निवेदकले आफ्नो वास्तविक ठेगाना स्वीकार गरिरहेको अवस्थामा आफ्नो नामको समाह्वान म्यादबारे निज अनभिज्ञ, बेखबर रहेछन् भन्ने अर्थ गर्नु औचित्यपूर्ण नहुने ।**

(प्रकरण नं.७)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्तात्रय श्री ज्योति बानिया, श्री हरिप्रसाद मैनाली र श्री सुस्मिता शाह

विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ पगेनि

अवलम्बित नजिर :

सम्बद्ध कानून :

आदेश

**न्या.दीपककुमार कार्की** : नेपालको संविधानको धारा १३३ बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र रही दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार रहेको छ -

तथ्य खण्ड

म निवेदक जाजरकोट जुनीचाँदे-९ घर भए तापनि उक्त स्थानबाट सम्पूर्ण चल अचल सम्पत्ति बिक्री गरी करिब १७ वर्षदेखि काठमाडौं बस्दै आई हाल बसोबास गर्दै आएको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका-२९ सामाखुसीको डेराबाट सादा पोसाकमा खटिएका सुरक्षाकर्मीले पक्राउ गरिएको हुँदा पक्राउ गर्नुपर्ने कारण के रहेछ भन्नेबारे जिज्ञासा राख्दा उच्च अदालत पाटनमा तपाइँलाई विपक्षी बनाई नेपाल सरकारले बैंकिङ्ग कसुरसम्बन्धी अभियोग दायर भई ०७४-CB-०४२९ मुद्दामा रू.७,८७,०००/- जरिवाना र १० दिन कैद र ०७४-CB-०४३१ मा रू.८,००,०००/- जरिवाना र १० दिन कैद ठहर्ने गरी फैसला भएको रहेछ । उल्लिखित मुद्दामा मलाई फरार अभियुक्तको सूचीमा राखी विगत २०६० सालबाट मैले बसोबास छाडेको ठाउँ जिल्ला जाजरकोट जुनीचाँदे-९ देखाई घरपरिवारभन्दा बाहिरका मानिसले मेरा नामको म्याद मिति २०७५/०३/११ र २०७५/१०/२३ गते म्याद तामेली गराइएको रहेछ । सो बेरितपूर्वकको तामेली म्यादका आधारमा मलाई दोषी करार हुने गरी गैरकानूनी फैसला भएको रहेछ । हाल आफ्नो घर नभएको कारण बसाइँसराई लिन मात्र बाँकी रहेको अवस्थामा जाहेरवाला खमराज नेपालको घरमा म निवेदक २०७५ सालसम्म बस्दै आई पछिल्लो समय २०७५ सालपश्चात् काठमाडौं जिल्ला काठमाडौं

महानगरपालिका वडा नं.२९ सामाखुसीमा डेरा गरी बसोबास गरेको, मैले काम गर्ने कम्पनीको नाम, ठेगाना, मोबाइल नम्बर र सम्पर्क हुने ल्यान्डलाइनको नम्बरसमेत जाहेरवाला खमराज नेपाललाई राम्रो जानकारी हुँदाहुँदै निज जाहेरवालाले मेरो बसोबासको उपयुक्त ठेगाना उल्लेख गरी रीतपूर्वकको म्याद तामेल नगराई, गलत ठेगाना उल्लेख गरी कल्पना नै गर्न नसक्ने अभियोगमा दोषी साबित गर्न मउपर जाल प्रपञ्च गरी मुद्दा दायर गरी बेरितपूर्ण ढङ्गले म्याद तामेल गराई प्रतिवादको मौकासमेत नदिई मलाई कसुरदार ठहर हुने गरी उच्च अदालत पाटनबाट मिति २०७६/०३/२३ मा भएको फैसला त्रुटिपूर्ण भएकोले मेरो थुना गैरकानूनी रहेको छ। विपक्षी उच्च अदालत पाटनबाट गैरकानूनी तरिकाबाट तामेल भएको भनिएको मेरो नामको म्याद र सो म्यादको आधारमा भएको फैसला र फैसला कार्यान्वयनको सिलसिलामा भएका कामकार्यबाही नेपालको संविधानको धारा १६, १७(२) को खण्ड ङ र च, १८,(१),(२), धारा २०(४) (५) (८) (९) धारा २५ र ४६ द्वारा प्रदान गरिएको हकमा आघात परेको तथा साबिक मुलुकी ऐन, अ.बं. ११० र ११२ समेतको प्रतिकूल तथा प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएकाले मिति २०७६/०४/२३ गते मलाई थुनामा राख्ने पत्रलगायत मिति २०७७/०४/३२ मा उच्च अदालतका रजिस्ट्रारबाट भएको आदेश उत्प्रेषणको आदेशले बदर गरी मिति २०७६/०३/२३ मा भएको फैसलासमेत निष्क्रिय घोषित गरी म निवेदकलाई थुनामा राखिएको कार्य गैरकानूनी भएको हुँदा गैरकानूनी थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी अभियोगको सम्बन्धमा उच्च अदालत पाटनमा गई प्रतिवाद गर्ने मौका दिनेलगायतका अन्य उपयुक्त आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदक ज्ञानबहादुर शाहीको तर्फबाट यस अदालतमा दायर हुन आएको रिट निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने मनासिब आधार, कारण र प्रमाण भए सोसमेत खुलाई सूचना म्याद प्राप्त भएका मितिले बाटाका म्यादबाहेक ३( तीन ) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदन पत्रको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतीत भएपछि नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०७७/०९/१५ गते भएको आदेश।

वादी नेपाल सरकार प्रतिवादी ज्ञानबहादुर शाही भएको मु.नं. ०७४-CB-०४२९ समेतको बैंकिङ कसुर मुद्दामा मिति २०७६/०३/२३ गते फैसला भएपश्चात् सम्मानित अदालतमा ज्ञानबहादुर शाहीको पुनरावेदन परी सम्मानित अदालतको च.नं.२७६ मिति २०७७/०६/०४ महाशाखा (पुनरावेदन दर्ता शाखा) को पत्रबाट रेकर्ड मिसिल माग भई यस अदालतको च.नं.२८८ मिति २०७७/०८/१५ को पत्रबाट २ थान रेकर्ड मिसिल तहाँ सर्वोच्च अदालतमा पठाइसकेको हुँदा सोही बेहोरा जानकारी गराउँदै यस अदालतबाट कानूनबमोजिम फैसला भएको हुँदा बन्दीप्रत्यक्षीकरणको रिट जारी हुनुपर्ने होइन। प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको उच्च अदालत पाटनबाट पेस भएको लिखित जवाफ।

शिवधन शाहीको छोरा जिल्ला जाजरकोट जुनीचाँदे वडा नं.९ नगरपालिका स्थायी घर भई हाल कारागार कार्यालय नख्खु ललितपुरमा थुनामा रहेको ज्ञानबहादुर शाही भएको बैंकिङ कसुर मुद्दामा उच्च

अदालत पाटनको च.नं.५०८ मिति २०७६/०४/२३ को थुनुवा पुर्जीअनुसार थुनामा राखिदिन लेखी आएबमोजिम निजलाई नियमानुसार सिधा खान पाउने गरी थुनामा राखिएको हुँदा निवेदकको निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने होइन । प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी कारागार कार्यालय नख्खु, काठमाडौंबाट पेस भएको लिखित जवाफ ।

आदेश खण्ड

नियमबमोजिम निर्णयार्थ पेस हुन आएको प्रस्तुत रिट निवेदनसहितको सम्पूर्ण मिसिल अध्ययन गरी रिट निवेदक ज्ञानबहादुर शाहीको तर्फबाट उपस्थित विद्वान् अधिवक्तात्रय श्री ज्योति बानिया, श्री हरिप्रसाद मैनाली र श्री सुस्मिता शाहसमेतले रिट निवेदकउपरको बैंकिङ कसुरसम्बन्धी मुद्दा दायर गरी निवेदकका नाउँको म्याद बेरितसँग तामेल गराई भएको फैसला त्रुटिपूर्ण हुँदा सो त्रुटिपूर्ण फैसलाअनुसारको कामकारबाही गैरकानूनी भई निजलाई सुनुवाइको मौकाबाट समेत वञ्चित गरी भएको फैसलाको आधारमा थुनामा राख्ने कार्य प्राकृतिक न्यायको सिद्धान्तविपरीत छ । बैंकिङ कसुर मुद्दामा निवेदकलाई कसुरदार ठहराई उच्च अदालत पाटनबाट मिति २०७६/०३/२३ मा भएको फैसलाको आधारमा मिति २०७६/०४/२३ देखि थुनामा राख्ने विपक्षीहरूको कार्य नेपालको संविधानद्वारा प्रदत्त मौलिक हकको हनन भएको छ । बेरितको म्याद तामेलीबाट भएको फैसला कानूनविपरीत भएकोले बेरितका काम कारबाही र सोको आधारमा भएको कामकारबाहीहरू बदर गरी निवेदकलाई गैरकानूनी थुनाबाट मुक्त गरिपाउँ भनी बहस गर्नुभयो ।

विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ पंगेनीले यी रिट निवेदकको स्थाई वतनमा नै म्याद जारी गरी रीतपूर्वक तामेल गरिएको कार्य कानूनबमोजिम नै छ, निवेदकउपरको बैंकिङ कसुरसम्बन्धी मुद्दामा भएको फैसलाबमोजिम निज थुनामा भएको अवस्था हो । अदालतबाट भएको फैसला गैरकानूनी भन्ने पक्षले तत्सम्बन्धमा ठोस प्रमाण गुजार्नुपर्नेमा सो प्रमाण निवेदकबाट गुज्रन आएको छैन । कानूनको रीत पुर्‍याई भएको फैसला कार्यान्वयन गर्नैपर्ने हुन्छ । अतः निवेदकलाई फैसलाअनुसार लागेको कैद जरिवाना असुलउपर गर्नको लागि थुनामा राखिएको हुँदा विपक्षीहरूको नाममा निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने होइन, रिट निवेदन खारेज गरिपाउँ भनी बहस गर्नुभयो ।

दुवैतर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको बहस जिकिर सुनी मिसिल संलग्न कागजात अध्ययन एवं उपर्युक्तानुसारको बहस जिकिरसमेतबाट निवेदन मागबमोजिम निवेदकलाई गैरकानूनी रूपमा थुनामा राखिएको हो वा होइन ? बन्दीप्रत्यक्षीकरणको रिट जारी हुने हो वा होइन ? सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा, विपक्षी उच्च अदालत पाटनबाट गैरकानूनी तथा बेरितसँग म्याद तामेल भएको कारणबाट म निवेदकलाई प्रतिवाद गर्ने मौका नै नदिई उच्च अदालत पाटनबाट मिति २०७६/०३/२३ मा भएको फैसला र सो फैसला कार्यान्वयनको सिलसिलामा भएका सम्पूर्ण पत्राचार, पक्राउ पुर्जी, थुनुवा पुर्जी मिति २०७६/०४/२३ गतेको थुनामा राख्ने पत्रलगायत मिति २०७७/०४/३२ मा उच्च अदालतका रजिस्ट्रारबाट भएको आदेशसमेत उत्प्रेषणको आदेशले बदर गरी सो आधारमा भएको फैसलासमेत निष्क्रिय घोषित गरी मलाई थुनामा राखिएको कार्य गैरकानूनी हुँदा त्यस्तो गैरकानूनी थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेशसमेत

जारी गरी अभियोगको सम्बन्धमा प्रतिवाद गर्ने मौका दिन भनी उपयुक्त आदेशसमेत जारी गरिपाउँ भन्ने निवेदकको मुख्य निवेदन जिकिरलाई हेर्दा - जाहेरवाला खमराज नेपाल र महेन्द्र हमालको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी निज रिट निवेदक ज्ञानबहादुर शाही भई संवत् २०७५ सालको ०७४-CB-०४२९ र ०७४-CB-०४३१ नम्बरको बैंकिङ कसुर मुद्दा उच्च अदालत पाटनको वाणिज्य इजलासमा चलेको देखियो । उल्लिखित ०७४-CB-०४२९ नम्बरको मुद्दामा निज निवेदकलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुरमा सोही ऐनको दफा १५(१) बमोजिम बिगो रू.७,८७,०००/- बिगोबमोजिम जरिवाना र १०(दश) दिन कैद र ०७४-CB-०४३१ नम्बरको मुद्दामा बिगो रू.८,००,०००/- बिगोबमोजिम जरिवाना र १०(दश) दिन कैद सजाय हुने ठहरी मिति २०७६/०३/२३ मा फैसला भई सोही फैसला कार्यान्वयनको सिलसिलामा प्र.ना.नि.ज्ञानेन्द्रबहादुर खत्रीसमेतको प्रहरी टोलीले मिति २०७६/०४/२३ गते निज निवेदकलाई पक्राउ गरी फैसलाबमोजिम निज निवेदक ज्ञानबहादुर शाही थुनामा रहेको निवेदनसाथ पेस भएको प्रमाण मिसिलहरूबाट देखिन्छ । साथै विपक्षीहरूबाट फैसला कार्यान्वयन गर्ने क्रममा भएको काम कारबाही कानूनसम्मत नै रहेको हुँदा रिट निवेदन जारी हुनुपर्ने होइन भन्ने विपक्षीहरूको लिखित जवाफ बेहोरा रहेको देखिन्छ।

३. उच्च अदालत पाटनमा निवेदक ज्ञानबहादुर शाहीउपर खमराज नेपाल र महेन्द्र हमालको जाहेरीले वादी नेपाल सरकार भएको बैंकिङ कसुर मुद्दा दायर भई अभियोग दाबीबमोजिम निज निवेदकलाई सजाय भई फैसला भएको र सो फैसला कार्यान्वयनको सिलसिलामा निवेदकलाई पक्राउ गरी उच्च अदालत पाटनबाट मिति २०७६/०४/२३ मा थुनामा राख्ने आदेश भई निवेदक थुनामा रहेको भन्ने तथ्यमा विवाद देखिन आएन।

४. म निवेदक बसोबास गर्दै कारोबार गरी आएको ठेगाना जाहेरवाला खमराज नेपाललाई जानकारी हुँदाहुँदै २०६० सालबाट नै छोडी आएको जाजरकोट जिल्ला जुनीचाँदे गाउँपालिका वडा नं. ९ ठेगाना उल्लेख गरी भएको म्याद तामेल गराई उक्त मुद्दामा प्रतिवाद गर्ने मौकासमेत नदिई कसुरदार ठहर गरिएको त्रुटिपूर्ण फैसलाबाट म गैरकानूनी रूपमा थुनामा रहन परेकोले सो फैसला गर्ने क्रममा भएको कामकारबाहीहरू तथा फैसलासमेत निष्क्रिय घोषित गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाउँ भन्ने निवेदन जिकिर रहेको देखियो । उक्त मुद्दाको कारबाहीको क्रममा उच्च अदालत पाटनबाट निज निवेदकका नामको ३० दिने समाह्वान म्याद मिति २०७५/०३/११ र २०७५/०४/३० गते निवेदकको स्थायी वतन जाजरकोट जिल्ला साबिक दह गा.वि.स. वडा नं.१ हाल जुनिचाँदे गाउँपालिका वडा नं.९ मा निवेदकको घरदैलोमा म्याद तामेली भएको देखिन्छ। निवेदकले २०६० सालबाट नै स्थायी बसोबास जाजरकोट जिल्ला जुनिचाँदे गाउँपालिका वडा नं. ९ छोडी अन्यत्र नै बसोबास गरेको छु भन्ने आधिकारिक प्रमाण पेस गर्न सकेको देखिँदैन। जाहेरवालाले उल्लेख गरेको ठेगाना स्थायी ठेगाना भए पनि सो स्थानबाट २०६० सालदेखि छोडेको तर आफ्नो घर नभएको कारण बसाई सराई लिन मात्र बाँकी रहेको भनी निवेदन बेहोरामा उल्लेख गरेको हुँदा निवेदक अन्य स्थानमा बसाइँसराई गरी गएको भन्ने प्रमाण नभएसम्म नागरिकतामा उल्लेख भएको ठेगाना अन्यथा भन्न मिल्ने देखिएन।

५. साबिक मुलुकी ऐन, अ.बं.११० नं.

अनुसार म्यादवाला व्यक्तिको घरमा म्याद तामेल गर्दा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सदस्य वा सचिव र अरू स्थानीय भलादमी दुईजना रोहवरमा राखी तामेल गर्न सकिन्छ । त्यसैगरी अ.बं.११२ नं. अनुसार – घरद्वारको पत्ता नभएको मानिसलाई समाह्वान, इतलायनामा, म्याद सूचना जारी गर्नुपर्दा उसको गाउँ, सहर, टोल लेखिएको भए सोही ठाउँमा र गाउँ, सहर, टोल पनि पत्ता नलागेको भए अड्डाका नजिक सबैले देख्ने ठाउँमा टाँसी दिनुपर्छ भन्ने प्रस्तुत कानूनी व्यवस्थाहरूको रोहबाट हेर्दा, निवेदकको नाउँमा जारी भएको समाह्वान म्याद जुनिचाँदे गाउँपालिका वडा नं.९ बस्ने कालिका शाही र कल्पना पुन साक्षीमा र सोही गाउँपालिकाको सचिव क्रितीबहादुर बुढाको रोहवरमा ३०(तिस) दिने समाह्वान म्याद निवेदकको घरदैलोमा तामेल भएकोले सो समाह्वान म्याद रीतपूर्वक तामेली भएको भन्ने देखिन्छ।

६. त्यसैगरी साबिक मुलुकी ऐन, अ.बं.२०८ नं. बमोजिम - **"अड्डाबाट जारी भएको समाह्वान इतलायनामाको म्याद तारिखमा प्रतिवादी नदिई म्याद गुजारी बसेका झगडियाको ऐनबमोजिम एकतर्फी प्रमाण बुझी भएका फैसलाउपर पुनरावेदन लाग्न सक्तैन । समाह्वान इतलायनामा तामेल गर्दा यसै महलको ११० नम्बरबमोजिम रीत नपुऱ्याई तामेल गरेकोले थाहा पाउन नसकी प्रतिवादी दिन नपाई म्याद गुज्रेको भन्ने उजुरीसाथ फैसला भएको छ महिनाभित्रमा थाहा पाएको पैंतिस दिनभित्र झगडियाले प्रतिवादी लेखी दिन ल्यायो भने पहिले मिसिल सामेल रहेको तामेली समाह्वान हेरी रीतपूर्वक तामेल भएको देखिन आएन भने सोही बेहोराको पर्चा लेखी प्रतिवादी दर्ता गरी ऐनबमोजिम बुझ्नुपर्ने प्रमाण बुझी मुद्दा फैसला गर्नुपर्छ । रीत पुगी तामेल भएको देखिएमा सोही बेहोरा खोली उजुर लाग्न सक्तैन भनी दरपिठ गरी फिर्ता दिनुपर्छ ।"** भन्ने कानूनी व्यवस्था छ । उच्च अदालत पाटनबाट मिति २०७६/०३/२३ गते फैसला भई मिति २०७६/०४/२३ गते निवेदक पक्राउ परेको देखिन्छ । यी निवेदकले जाजरकोट जिल्ला जुनिचाँदे गाउँपालिका वडा नं.९ स्थायी ठेगाना भए पनि यस समयदेखि हालसम्म म यस ठेगानामा बसोबास गर्दै आफ्नो पेसा व्यवसाय गरी आएको हुँ, मलाई दोषी साबित गर्ने गरी मेरा नाउँमा जारी भएको समाह्वान म्याद थाहा पाउन नसकी प्रतिवाद गर्ने मौका नपाई म्याद गुज्रेको भन्ने उजुरीसाथ फैसला भएको मितिले छ महिनाभित्र / थाहा पाएको पैंतिस दिनभित्र दरखास्त दिन सक्ने व्यवस्थानुसार निवेदकले म्यादभित्र ऐनले प्रदान गरेको हकलाई सुनिश्चित गर्ने गरी दरखास्त दिन नसकेको स्थितिमा निवेदकले सो तामेली म्यादलाई स्वीकार गरेको नै भन्ने देखिन्छ।

७. म्यादवाला फेला नपरेमा निजको घरदैलोमा म्याद तामेल गर्न सकिने ऐनमा नै व्यवस्था रहेको छ भने निवेदकको नाउँको म्याद तामेल गर्दा उक्त ऐनले तोकेको प्रक्रियाविपरीत कुनै कार्य भए गरेको स्थिति देखिएको छैन । साथै निवेदक पक्राउपश्चात् जाजरकोट जिल्ला जुनीचाँदे गाउँपालिका वडा नं. ९ उल्लेख गरी दिएको निवेदनसमेतबाट निज निवेदकको स्थायी ठेगाना सोही रहे भएको देखिन्छ । सो ठाउँमा नै निजको नामको म्याद तामेल भएको भन्ने देखिन्छ । एकातिर सो म्याद तामेल भएको वतन आफ्नो नरहेको भन्ने निवेदकको जिकिर रहेको छैन । आफ्नो नाममा तामेल भएको म्याद के, कति कारणले बेरितको हुन गएको हो सो कुरा निजले स्पष्ट गर्न नसकेको स्थिति

छ । साथै घरदैलोमा म्याद तामेल गर्दा सम्बन्धित गा.वि.स.वा नगरपालिकाको प्रतिनिधि अनिवार्यरूपमा रोहवरमा राख्नुपर्ने कानूनी व्यवस्थाअनुसार प्रस्तुत मुद्दामा पूरा नगरेको भन्ने अवस्थासमेत देखिएको छैन । निवेदन बेहोराबाट नै निवेदकले आफ्नो वास्तविक ठेगाना स्वीकारोक्ति गरिरहेको अवस्थामा आफ्नो नामको समाह्वान म्यादबारे निज अनभिज्ञ, बेखबर रहेछन् भन्ने अर्थ गर्नु औचित्यपूर्ण हुने देखिँदैन।

८. निवेदकका नामको म्याद रीतपूर्वक नै तामेल भएको देखिएको एवं उक्त म्याद बेरितको भएको भन्न मान्न मिल्ने पर्याप्त आधारसमेत नदेखिँदा सोही म्याद तामेलीको प्रक्रियालगायतका काम कारबाही पूरा गरी उच्च अदालत पाटनबाट मिति २०७६/०३/२३ मा भएको फैसला कार्यान्वयनका सिलसिलामा निवेदक ज्ञानबहादुर शाहीलाई लागेको कैद र जरिवाना असुलउपर गर्ने सिलसिलमा मिति २०७६/०४/२३ गते निवेदक पक्राउ परी निजलाई अदालतबाट भएको फैसलाबमोजिम कैद र जरिवाना लगत कट्टा गर्न सोही मितिबाट कारागार कार्यालय नख्खु, ललितपुरमा थुनामा राख्न पठाइएको सो अवस्थालाई गैरकानूनी थुना भन्न मिलेन।

९. बन्दीप्रत्यक्षीकरणको आदेश मूलत: कानूनविपरीत थुनामा राखिएको भएमा वा कानून प्रतिकूल बन्दी बनाइएको अवस्थामा संविधानद्वारा प्रदत्त वैयक्तिक स्वतन्त्रताको हक प्रचलनका लागि बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने गरिन्छ । विधिवत् रूपमा अभियोगपत्र दायर भई साधारण अधिकार क्षेत्रअन्तर्गत कानूनबमोजिम सक्षम अदालतले मुद्दामा बुझ्नुपर्ने प्रमाण बुझी सो प्रमाणको मूल्याङ्कन गरी निर्णय गरिएको हुन्छ । निवेदकलाई कानूनको उचित प्रक्रिया पूरा नगरी वा प्रवृत्त धारणा राखेर बन्दी बनाइएको अवस्था छैन । निवेदकलाई गैरकानूनी थुनामा राखिएको भए निजलाई आदेश जारी गरी गैरकानूनी थुनाबाट अदालतले मुक्त गर्दछ । तर प्रस्तुत निवेदनका रिट निवेदकले आफ्नो नाउँको म्याद कानूनको उचित प्रक्रिया पूरा नगरी गरेको म्याद बदर गर्न र उच्च अदालत पाटनबाट भएको फैसलालगायत फैसला कार्यान्वयनको सिलसिलामा भएका आदेश बदर गरिपाउँ भन्ने निवेदन जिकिरलाई आधिकारिक प्रमाण पेस गरी पुष्ट्याईं गर्न सकेको देखिँदैन। अभियोगपत्रमा उल्लेख भएको ठेगानामा यी निवेदकको समाह्वान म्याद जारी भई रीतपूर्वक म्याद तामेली भएका आधारमा उच्च अदालत पाटनबाट भएको फैसला सो फैसलाको कार्यान्वयन गर्ने सिलसिलामा निवेदकलाई पक्राउ गरी थुनामा राख्ने गरी उच्च अदालत पाटनबाट भएको कामकारबाही, आदेश तथा फैसला कानूनसङ्गत नै भएगरेको भन्ने देखिन्छ।

१०. अत: माथि उल्लिखित आधार, कारण तथा मिसिल संलग्न प्रमाणको विश्लेषणबाट निवेदकउपर दायर भएको बैंकिङ कसुर मुद्दामा निवेदक ज्ञानबहादुर शाहीका नाउँको समाह्वान म्याद रीतपूर्वक तामेल गरेको देखिएको र उक्त मुद्दाको काम कारबाही कानूनसम्मत तवरबाट भई मुद्दा फैसलासमेत भई सो फैसला कार्यान्वयन हुँदाका अवस्थामा रिट निवेदक ज्ञानबहादुर शाही थुनामा रहेको देखिएको अवस्था एवं विपक्षीहरूको काम कारबाहीहरूबाट निवेदकको संविधानद्वारा प्रदत्त हक अधिकारमा आघात परेको अवस्थाको विद्यमानता नदेखिँदा विपक्षीहरूको नाममा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ठहर्छ । यो आदेशको जानकारी विपक्षीहरूलाई दिनु भनी

एक प्रति प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयमा पठाइदिनू। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाइ दिनू।

उक्त रायमा सहमत छु।
न्या.सुष्मालता माथेमा

इजलास अधिकृत : ऋतु राई
इति संवत् २०७७ साल पौष २९ गते रोज ४ शुभम्।

## निर्णय नं. १०६७७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
आदेश मिति : २०७७।१२।३
०७७-WO-०२८४

विषयः- प्रतिषेध

निवेदक : निलकण्ठ पराजुलीको नाति, लिलाधर पराजुलीको छोरा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३ महाराजगञ्ज बस्ने हरिभक्त पराजुली

विरूद्ध

विपक्षी : प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंसमेत

- **प्रतिषेधको रिट कुनै क्षेत्राधिकारविहीन कारबाही कुनै न्यायिक, अर्धन्यायिक वा प्रशासनिक निकायमा चलिरहेको अवस्थामा त्यस्तो निकायको निर्णय हुनुभन्दा पहिले नै त्यस्तो प्रक्रिया रोकिपाउँ भनी दिने निवेदन हो । उक्त रिट निवेदनको उद्देश्य सम्बन्धित अधिकारीलाई आफ्नो क्षेत्राधिकारभित्र सीमित गराउनु हो । प्रतिषेधको निवेदन कुनै प्रक्रिया (proceedings) चलिरहेको (continuous) अवस्थामा मात्र दायर वा जारी गर्न सकिन्छ । उत्प्रेषणको रिट र प्रतिषेधको रिट निवेदनले प्रदान गर्ने उपचार उही प्रकृतिको हुन्छ तर उत्प्रेषणमा निर्णय भइसकेको हुनुपर्दछ भने प्रतिषेधमा कारबाही निरन्तर रहेको देखिनु पर्दछ । कतिपय अवस्थामा क्षेत्राधिकार भए तापनि पूर्वाग्रहपूर्ण रूपमा कारबाही चलाइएको देखिएमा प्रतिषेधको रिट निवेदनमार्फत रोक लगाउन सकिने।**
- **कुनै कानूनी प्रक्रिया चलिरहेको छ भन्ने देखिएको अवस्थामा मात्र प्रतिषेधको रिट जारी गर्न सकिन्छ। त्यस्तो कारबाही अन्त्य भइसकेको (functus officio) देखिएमा प्रतिषेधको रिटको सट्टा उत्प्रेषणको रिट जारी हुन सक्दछ। मूलत: प्रतिषेधको रिट जारी हुन चलिरहेको कुनै कानूनी प्रक्रिया (legal proceedings) रोक्नुपर्ने अवस्था (prevention) विद्यमान हुनुपर्ने।**

(प्रकरण नं.५)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री श्रीप्रसाद पण्डित

विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ पंगेनी, विद्वान् अधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- मुलुकी देवानी कार्यविधि संहिता, २०७४

आदेश

**न्या.हरिप्रसाद फुयाल** : नेपालको संविधानको धारा ४६ एवं धारा १३३(२) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत रिट निवेदनको संक्षिप्त विवरण यस प्रकार छः-

तथ्य खण्ड

म निवेदक पर्यटन व्यवसायीको रूपमा व्यवसाय प्रवर्द्धनको लागि छ वर्षअघि जापान जाँदा पहिलादेखि नै चिनजानकी विपक्षीमध्येको लक्ष्मी थपलियासँग भेट भएको थियो । सो समयमा निजले मलाई काठमाडौंमा घर किन्नको लागि खोजी दिन भनेकीले मैले बिक्रीको लागि राखेको रमेश मल्लको घरजग्गाको जानकारी विपक्षी लक्ष्मी थपलियालाई दिएँ । उक्त घरजग्गा विपक्षी लक्ष्मी थपलियाले खरिद गर्ने इच्छा गरेको र निज तत्काल जापानमै रहेकोले आफू नेपाल नफर्कंदै रमेश मल्लले सो घर अन्यत्रै बिक्री गरिदिन सक्छन् भनी लक्ष्मी थपलियाले शंका गरी निजले का.जि.का.म.न.पा. वडा नं.३ नक्सा सिट नं.१०२०९४६१४ कि.नं.३६ को क्षेत्रफल २२७.०० वर्गमिटर जग्गामा बनेको घर र जग्गा एन.सी.सी. बैंकमा धितो रहेकोमा सो धितो फुकुवा गराई मालपोत कार्यालयमा उपस्थित भई जो कोहीलाई राजीनामा गरी हक हस्तान्तरण गर्न पाउने गरी रमेश मल्लबाट सो घरजग्गा बेच्न आफ्नै छोरा प्रभातदत्त पन्तको नाममा मिति २०७१।१२।२० मा अधिकृत वारिसनामा बनाएकी थिइन् । निजले खरिद गर्ने भनेको उक्त घरजग्गा मिति २०७२।९।६ मा रमेश मल्लले बुधलक्ष्मी श्रेष्ठलाई रू.१,१०,४२,०००।- मा राजीनामा पारित गरी दिएको देखिन्छ । सो लिखतमा लक्ष्मी थपलिया अन्तर साक्षी बसेकी छन् । सो राजीनामाको लिखत पारित भएपश्चात् निजले मेरा विरूद्धमा उक्त घरजग्गा पारित गराइदिन्छु भनेर लिएको रू.१,३०,००,०००।- रकम नदिएकोले सो रकम असुलउपर गराइपाउँ भनी महानगरीय अपराध अनुसन्धान महाशाखामा उजुरी दिएको र सो महाशाखाले मलाई पक्रनको लागि ०१४१०७२६७ नं. को टेलिफोनबाट मिति २०७७।४।१३ मा र मिति २०७७।५।१ मा मलाई पटकपटक फोन आएको थियो । मेरो फोनमा मैले कलर आइ.डि. राखेको र अघि एक पटक मलाई फोन गरी बोलाई प्रहरीलाई सहयोग गर्न भनी गएकोमा मलाई फर्कन नदिई नियन्त्रणमा लिई उल्टो मलाई नै अभद्र व्यवहारको झुठा अभियोग लगाई मुद्दा लगाइसकेको कारण घरमा टेलिफोन आयो कि पुलिसले नै टेलिफोन गरेको हो कि भनी हेर्ने भएकाले मलाई विपक्षी प्रहरी कार्यालयको टेलिफोन नम्बर थाहा थियो र त्यसै कारण विपक्षी प्रहरी कार्यालयमा जानुअघि एस.वि.आइ. बैंकको मेरो चेकबुकबाट विपक्षीहरूले झिकेको ००१४६५२२६२ र ००१४६५२२६४ नं. को दुई पाना चेकको जरियाबाट विपक्षीहरूले मलाई भुक्तानी रोक्का गराएको चेक दिएको भनी लाग्दै नलाग्ने बैंकिङ कसुर तथा सजाय ऐनअन्तर्गतको मुद्दा लगाई मलाई बैंकिङ कसुरमा अनुसन्धान गर्ने, आफैँले बैंकमा भुक्तानी रोक्का गराएको चेक दिई विपक्षी लक्ष्मी थपलियालाई ठगेको भनी ठगी मुद्दामा अनुसन्धान गर्ने भनी थुनामा राख्ने वा मलाई हैरान गराई अघिल्लो पटक मलाई अभद्र व्यवहार गरेको भनी झुठा अभियोग

लगाएर मुद्दा चलाएझैं प्रमुख जिल्ला अधिकारीबाट अनुमति लिई थुनी घरबाट चेकबुक मगाउन लगाई पुनः चेक काट्न लगाउने प्रबल आशंका रहेको छ । यसरी विपक्षीहरूले मलाई कुनै पनि बखत पक्राउ गरी विपक्षी लक्ष्मी थपलियालाई मैले रकम बुझाउनुपर्ने गरी कुनै प्रकारको तयारी लिखत वा तयार गरिने लिखतमा सहीछाप गराउने र मलाई थुन्नेलगायतका कामहरू गरी मलाई संविधान तथा कानून प्रदत्त मौलिक एवं कानूनी हकको निर्वाध रूपमा उपभोग गर्न बाधा पुर्‍याउने गम्भीर आशंका भएकाले सम्मानित अदालतका शरणमा आएको छु । विपक्षीहरूबाट हुन सक्ने उक्त कार्यले नेपालको संविधानको धारा १७, १८ र धारा २० ले प्रदान गरेको हकलगायतका संवैधानिक एवं कानूनी हकको प्रचलनमा बाधा विरोध उत्पन्न हुन सक्ने गम्भीर आशंका भएकोले मेरा संवैधानिक तथा कानूनी हकको रक्षाको लागि संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम प्रतिषेधलगायतका जो चाहिने आज्ञा आदेश पूर्जी जारी गरिपाउन र तत्काल मलाई थुन्नुपर्ने कारणसहितको थुनुवा पुर्जी नदिई, अदालतको आदेशबेगर निवेदकलाई नथुन्नु धरपकड नगर्नु भन्नेसमेत बेहोराको अन्तरिम आदेश प्रत्यर्थीहरूका नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम जारी गरिपाउँ भन्ने बेहोराको निवेदक हरिभक्त पराजुलीको यस अदालतमा दायर हुन आएको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकहरूको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने मनासिब आधार, कारण र प्रमाण भए सोसमेत खुलाई सूचना म्याद प्राप्त भएको मितिले बाटाको म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षी नं. १, २, ३, ५ र ६ का हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र विपक्षी नं. ४ का हकमा आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्ने भनी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतीत भएपछि नियमानुसार पेस गर्ने र अन्तरिम आदेश जारी गर्न माग भएको सन्दर्भमा विचार गर्दा दुवै पक्ष राखी छलफल गर्न उपयुक्त हुने देखिएकोले सो प्रयोजनको लागि मिति २०७७।७।२४ गते पेसी तोकी सोको सूचना विपक्षीहरूलाई दिनू । उपर्युक्तबमोजिम अन्तरिम आदेशको सम्बन्धमा छलफल नभएसम्मको लागि निवेदकलाई प्रस्तुत निवेदनमा उठाइएका विवादलाई आधार बनाई पक्राउ नगर्नु, नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(ख) बमोजिम अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ भन्ने बेहोराको यस अदालतबाट मिति २०७७।६।३० मा भएको आदेश ।

विपक्षी रिट निवेदक हरिभक्त पराजुलीउपर यस महाशाखासँगै विपक्षी बनाइएकी लक्ष्मी थपलियाले कुनै विषयलाई लिएर यस महाशाखामा उजुरी, निवेदन दिएको यस महाशाखाको अभिलेखबाट देखिँदैन । निवेदकलाई यस महाशाखाबाट फोन गरी बोलाउने, धम्क्याउने, निजका आफन्त तथा चिनजानका मान्छेमार्फत निजको खोजतलास गर्ने, निजको टेलिफोनको कल डिटेल्स हेर्ने, कागज गराउने, चेक खिच्न लगाउने जस्ता कुनै किसिमका कार्यहरू यस महाशाखाबाट गरे, गराएको छैन । यसरी यस महाशाखाले प्रवेश नै नगरेको विषयमा विपक्षी रिट निवेदकले झुट्टा बेहोरा उल्लेख गरी यस महाशाखासमेतलाई विपक्षी बनाई सम्मानित अदालतमा दायर गरेको झुट्टा बेहोराको रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षी महानगरीय अपराध महाशाखा मिनभवन काठमाडौंको तर्फबाट पेस भएको लिखित जवाफ ।

रिट निवेदक हरिभक्त पराजुलीको विरूद्धमा

लक्ष्मी थपलियाले रिट निवेदकले केही महिनामा नै फिर्ता दिन्छु भनी विश्वास दिलाई निजबाट रू.४२,११,०००।- रकम लिई भनेको समयमा रकम नदिई विभिन्न बहाना बनाई आलटाल गरेका थिए । पछि निजले मेरो साथमा हाल पैसा छैन भनी नेपाल एस.बि.आई. बैंकको ००१४६५२२६३०८७१ नं. को चेक काटिदिएका थिए। सो चेक बैंकमा पेस गर्दा बैंकले चेकमा भएको रकम बैंकमा नभएको भनी चेक बाउन्स गरी दिएको रहेछ। लक्ष्मी थपलियाले निजलाई तपाइँले दिएको चेकमा रकम छैन भनी जानकारी गराउँदा कुनै वास्ता नगरी उल्टै जे गर्न सक्छस् गर् भनी धाक धम्की दिएका रहेछन् । सोपश्चात् निजका विरूद्धमा लक्ष्मी थपलियाले बैंकिङ कसुरमा कारबाही गरी मेरो रकमको सावाँ तथा ब्याजसमेत दिलाई भराइपाउँ भन्ने बेहोराको जाहेरी दरखास्त दर्ता भएको थियो । यसरी जाहेरी परेपछि यस परिसरबाट रिट निवेदकका विरूद्धमा बैंकिङ कसुर मुद्दामा उच्च अदालतबाट पक्राउ पुर्जीको अनुमति लिई पक्राउ गरी यस कार्यालयको प्रहरी हिरासतमा राखी अनुसन्धान कार्यपश्चात् उच्च अदालत पाटनमा मुद्दा दायर गरी सो अदालतबाट मिति २०७४।१०।१८ मा रू.४२,११,०००।- रकम धरौटी माग हुँदा उक्त धरौटी रकम दाखिला गर्न नसकी रिट निवेदक कारागार कार्यालय नख्खु ललितपुर थुनामा गएका थिए । त्यसैगरी प्रहरीको प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यी निवेदक भएको अभद्र व्यवहार मुद्दामा मिति २०७४।४।३२ गते पक्राउमा परी सम्पूर्ण अनुसन्धान पूरा गरी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंमार्फत जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा पेस हुँदा निज मिति २०७४।५।४ मा भएको आदेशले रू.१०,०००।- धरौटीमा छुटेका छन्। प्रहरीको प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रिट निवेदक नै भएको अर्को अभद्र व्यवहार मुद्दामा मिति २०७५।७।२६ गते पक्राउमा परी सो मुद्दामा निज जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट मिति २०७५।८।६ मा रू.१०,०००।- धरौटीमा राखी छुटेका छन् यसरी रिट निवेदक आफूले गरेको कसुरबाट मुक्ति पाउन यस परिसरसमेतलाई विपक्षी बनाई सम्मानित अदालतसमक्ष दायर गरेको रिट खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी महानगरीय प्रहरी परिसर, टेकुको लिखित जवाफ।

रिट निवेदक हरिभक्त पराजुलीलाई महानगरीय प्रहरी परिसरले अभद्र व्यवहार मुद्दा दर्ता गरी जिल्ला प्रशासन कार्यालय, बबरमहल काठमाडौंको मिति २०७४।५।४ र मिति २०७५।८।६ गतेको आदेशले उक्त मुद्दाहरूमा क्रमश रू.१०,०००।- रकम धरौटी माग गरिएको, निज निवेदक उक्त धरौटीबापतको रकम बुझाई छुटी गएको, लक्ष्मी थपलियाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी निवेदक हरिभक्त पराजुलीसमेत रहेको बैंकिङ कसुरमा मुद्दा दर्ता भई सम्मानित उच्च अदालत पाटन, ललितपुरको मिति २०७४।१०।१८ गतेको आदेशले रू.४२,११,०००।- धरौटी माग भएकोमा उक्त धरौटी रकम दाखिला गर्न नसकी कारागार कार्यालय नख्खु थुनामा गएको संलग्न कागजातबाट देखिन्छ। कुनै पनि आपराधिक क्रियाकलापमा संलग्न व्यक्तिलाई कानूनको दायरामा ल्याउनु राज्यका अङ्ग प्रहरी, सरकारी वकिल र न्यायालयको काम, कर्तव्य र अधिकारभित्र पर्दछ । प्रस्तुत निवेदनको प्रकरणहरूमा उल्लिखित विवरणले निवेदक र विपक्षी लक्ष्मी थपलियाको बिचमा विवाद रहेको कुरामा दुईमत रहेन । प्रहरीले कानूनले तोकेको निश्चित मापदण्डभित्र रही आफ्ना क्षेत्राधिकारअन्तर्गतको मुद्दाको व्यावसायिक तवरबाट अनुसन्धान गर्नुपर्ने नै हुन्छ। तथापि निज निवेदकको विरूद्धमा मिति २०७५।७।२६ पश्चात् कुनै पनि उजुरी

निवेदन वा जाहेरी दर्ता भएको नदेखिएको, निजलाई पक्राउ गर्नुपर्ने कुनै आधार र कारण पनि नरहेको र प्रहरीबाट पक्राउ / धरपकड गर्ने कुनै पनि कार्य नभएको सन्दर्भमा निवेदक बारम्बार आफू कानूनविपरीतको क्रियाकलापमा संलग्न रहेको कारण प्रहरीले पक्राउ गर्न सक्ने त्रसित मनसाय राखी दायर गरिएको प्रस्तुत निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंको लिखित जवाफ।

रिट निवेदक हरिभक्त पराजुलीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा ११८ को अभद्र व्यवहार कसुरअन्तर्गत दफा ११८(१) बमोजिम कसुर ठहर गरी सोही संहिताको दफा ११८(२) बमोजिम रू.६,०००।- जरिवाना हुने ठहर गरी मिति २०७६।१।२ मा फैसला भएबाट उक्त फैसला चित्त नबुझेको भए कानूनका म्यादभित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सक्ने कानूनी व्यवस्था भएबाट साधारण कानूनी प्रक्रियाबाट नै उपचार पाउने व्यवस्था रहेको, वैकल्पिक उपचारको मार्ग प्रसस्त हुँदाहुँदै संवैधानिक र कानूनी हकमा आघात पर्‍यो भनी अदालत प्रवेश गरेको देखिँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ। त्यसैगरी विपक्षी रिट निवेदनको बेहोराबाट प्रस्तुत विवाद देवानी प्रकृतिको देखिन्छ। यस कार्यालयको के कुन काम कारबाहीबाट निजको संवैधानिक र कानूनी हक हनन हुन गएको हो सो खुलाउन नसकेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेतको यस अदालतमा पेस हुन आएको लिखित जवाफ।

रिट निवेदक हरिभक्त पराजुलीले मेरो छोरी किरण पन्तलाई अध्ययनको सिलसिलामा अमेरिका पठाउन सक्छु भनी भिषा प्रोसेस गर्नको लागि नगद रू.४२,११,०००।- लिई उक्त कार्य गर्न नसकेकोले रकम फिर्ता माग गर्दा आफ्नो बैंक खातामा मौज्दात रकम छैन भन्ने जानीजानी चेक काटी दिएकोले बैंकिङ कसुरमा कारबाही चलाई सजाय गरी पाउन जाहेरी दिएको र सो जाहेरीअनुसार अनुसन्धान कारबाही भई दायर भएको मुद्दामा उच्च अदालत पाटन, वाणिज्य इजलासबाट मिति २०७५।३।१७ मा विपक्षी रिट निवेदक हरिभक्त पराजुलीलाई अभियोग मागदाबीबमोजिम रू.४२,११,०००।- जरिवाना र १५ दिन कैद सजाय हुने र बिगो रू.४२,११,०००।- मैले भरी पाउने गरी फैसला भएको छ। उक्त फैसलाउपर निज विपक्षी हरिभक्त पराजुलीको यसै अदालतमा मिति २०७५।११।२ मा पुनरावेदन परी हालसम्म टुङ्गो लागिसकेको छैन। प्रस्तुत बेहोरालाई रिट निवेदनमा प्रस्ट रूपमा उल्लेख नगरी अदालतलाई नै गुमराहमा राख्ने गरी दायर भएको रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी लक्ष्मी थपलियाको यस अदालतमा पेस हुन आएको लिखित जवाफ।

आदेश खण्ड

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी आज यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री श्रीप्रसाद पण्डितले रिट निवेदक पर्यटन व्यवसायसमेतमा आबद्ध रहेका छन्। निज छ वर्षअघि जापान जाँदा त्यहाँ चिनजानकी लक्ष्मी थपलियासँग भेट हुँदा रिट निवेदकलाई काठमाडौंमा आफ्नो लागि घर किन्नको लागि अनुरोध गरेकी थिइन्। निजले रमेश मल्लको घर विपक्षी लक्ष्मी थपलियालाई देखाउँदा सो घर किन्न सहमत भएकी थिइन्। उक्त घर अन्यत्रै बिक्री नहोस् भनी आफ्नै छोरा प्रभातदत्त पन्तको नाममा सो घर जग्गा बिक्री गर्ने अधिकृत वारिसनामा बनाएकी थिइन्। पछि सो घर जग्गा आफूसमेत लिखत साक्षी बसी बुधलक्ष्मी श्रेष्ठको नममा राजीनामा लिखत पारित

भएको छ । आफू स्वयं लिखत साक्षी बसी अर्काको नाममा परित गराई दिएको उक्त घरजग्गा रिट निवेदकले मेरो नाममा पास नगराएकोले सो पास गराइदिने भनी लिएको रू.१,३०,००,०००।- असुलउपर गराइपाउँ भनी प्रहरीमा उजुरी दिएकी छन् । निजले उजुर गरेको कारणले विपक्षी महानगरीय अपराध अनुसन्धान महाशाखा, मिनभवनबाट निवेदकलाई पटकपटक फोन आएको थियो । यसपूर्व पनि पटकपटक निवेदकलाई प्रहरीले फोन गरी बोलाई नियन्त्रणमा लिई झुट्ठा मुद्दा लगाइसकेको कारण प्रहरी कार्यालयमा जानुअघि प्रस्तुत रिट दायर गरिएको हो । अतः प्रहरी कार्यालयले रिट निवेदकलाई पक्राउ गरी विपक्षीमध्येको लक्ष्मी थपलियाले भनेको मान्छेका नाममा चेक खिच्न लगाउने वा लिखत गराउने वा निजलाई नोक्सानी र विपक्षी लक्ष्मी थपलियालाई फाइदा हुने गरी कुनै किसिमको कार्य नहोस् भनी विपक्षीहरूको नाममा प्रतिषेधलगायतको आदेश जारी हुनुपर्छ भनी बहस गर्नुभयो ।

प्रहरी प्रधान कार्यालय, नक्सालसमेतको तर्फबाट उपस्थित हुनुभएका विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ पंगेनीले विपक्षी रिट निवेदक हरिभक्त पराजुलीउपर महानगरीय अपराध महाशाखा मिनभवनमा लक्ष्मी थपलियाले कुनै उजुरी गरेकी छैनन् । निवेदक र निजका आफन्तलाई महानगरीय प्रहरीको तर्फबाट धम्क्याउने, निजको टेलिफोनको कल डिटेल्स हेर्ने, कागज गराउने, चेक खिच्न लगाउने जस्ता कुनै किसिमका कार्यहरू गरिएको छैन । रिट निवेदकले लक्ष्मी थपलियाबाट सापट लगेको रू.४२,११,०००।- रकम लिई बैंक खातामा पैसा नै नभएको चेक दिएका थिए । सोको विरूद्धमा लक्ष्मी थपलियाको बैंकिङ कसुरमा जाहेरी परी सो मुद्दामा उच्च अदालतबाट निवेदकलाई कसुर ठहरी फैसला भइसकेको छ । निज निवेदकको विरूद्धमा मिति २०७५।७।२६ पश्चात् कुनै पनि जाहेरी दर्ता नभएकोले पक्राउ गर्नुपर्ने कुनै कारण रहेको छैन । निवेदक बारम्बार कानूनविपरीतको क्रियाकलापमा संलग्न रहेको कारण प्रहरीले पक्राउ गर्न सक्ने त्रसित मनसाय राखी दायर भएको प्रस्तुत प्रतिषेधको रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नुभएको बहससमेत सुनियो ।

विपक्षी लक्ष्मी थपलियाको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री ठोकप्रसाद सिवाकोटीले रिट निवेदकले मेरो पक्षको छोरी किरण पन्तलाई अध्ययनको लागि अमेरिका पठाउन भनी नगद रू.४२,११,०००।- लिएका थिए । निजले छोरीलाई अमेरिका नपठाएकोले रकम फिर्ता मागेको हो । रकम फिर्ता गर्दा चेकमार्फत दिएका थिए । सो चेक साट्न बैंकमा जाँदा निजको बैंक खातामा चेकमा उल्लिखित रकम छैन भनी बैंकले चेक फिर्ता गरेको थियो । निजसँग पटकपटक रकम माग गर्दा नदिएकोले बैंकिङ कसुरमा कारबाही गरी पाउन जाहेरी दिएको हो । उक्त मुद्दामा निजलाई उच्च अदालत पाटनबाट अभियोग मागदाबीबमोजिम १५ दिन कैद, रू.४२,११,०००।- जरिवाना र बिगो भरी पाउने गरी फैसला भएको थियो । उक्त फैसलाउपर निजले यसै अदालतमा पुनरावेदन गरेका छन् । सो मुद्दा हालसम्म टुङ्गो लागिसकेको छैन । उक्त मुद्दामा प्रभाव पार्नको लागि प्रस्तुत रिट निवेदन दायर गरेकोले खारेज हुनुपर्छ भनी गर्नुभएको बहससमेत सुनियो ।

उपर्युक्तअनुसारको तथ्य, निवेदन जिकिर रहेको प्रस्तुत निवेदनमा निवेदन मागबमोजिमको प्रतिषेधको आदेश जारी हुनुपर्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा, निवेदकले विपक्षीमध्येको लक्ष्मी थपलियाले मलाई काठमाडौंमा

घर किन्नको लागि खोजी दिन भनेबमोजिम मैले निजलाई रमेश मल्लको घर देखाएको थिएँ। सो घरजग्गा आफूले किन्ने प्रयोजनको लागि बेचबिखन गर्न आफ्नो छोराको नाममा अधिकृत वारेसनामा बनाएकी थिइन्। पछि सो घर रमेश मल्लले बुधलक्ष्मी श्रेष्ठलाई राजीनामा पास गरेका हुन्। सो लिखतमा लक्ष्मी थपलिया अन्तर साक्षी बसेकी छन्। यसरी आफैँ अन्तर साक्षी बसी बेचबिखन भएको घरलाई मैले निजलाई खरिद गराइदिन्छु भनी रू.१,३०,००,०००।- पैसा लिने कुरा हुन सक्दैन । तर निजले उक्त रकम असुलउपर गराइपाउँ भनी महानगरीय प्रहरी अपराध अनुसन्धान महाशाखामा उजुरी दिएकी छन् । निजले उजुरी दिएकोले सो महाशाखाको टेलिफोन नं. ०१४१०७२६७ बाट मिति २०७७।४।१३ र मिति २०७७।५।१ मा मलाई पटकपटक फोन आएको थियो । प्रहरीले यसअघि पनि मलाई फोन गरी बोलाई नियन्त्रणमा लिई अभद्र व्यवहारका झुठ्ठा मुद्दा लगाइसकेका र सो क्रममा महाशाखामा कार्यरत प्रहरीको संलग्नतामा मेरो एस.वि.आइ. बैंकको चेकबुकबाट विपक्षीहरूले ००१४६५२२६२ र ००१४६५२२६४ नं. को दुई पाना चेक झिकेका थिए । ती चेकहरू मैले रोक्का गराएको छु। मबाट लिएका चेकको मैले भुक्तानी रोक लगाएको कारणले निजहरूले सो चेकको दुरूपयोग गर्न सकेका थिएनन्। निजहरूले पुनः मलाई भुक्तानी रोक्का गराएको चेक दिएको भनी बैंकिङ कसुरमा अनुसन्धान गर्ने वा बैंकमा भुक्तानी रोक्का गराएको चेक दिई विपक्षी लक्ष्मी थपलियालाई ठगेको भनी ठगी मुद्दामा अनुसन्धान गर्ने भनी थुनामा राख्ने वा मलाई हैरान गराई अघिल्लो पटक अभद्र व्यवहार गरेको भनी झुठा अभियोग लगाएर मुद्दा चलाएझैं प्रमुख जिल्ला अधिकारीबाट अनुमति लिई थुनी घरबाट चेकबुक मगाउन लगाई पुनः चेक काट्न लगाउने प्रबल आशंका रहेकोले सो कार्य नगर्न भनी विपक्षीका नाममा प्रतिषेधलगायतका जो चाहिने आज्ञा आदेश पुर्जी जारी गरिपाउँ भन्ने बेहोराको हरिभक्त पराजुलीले निवेदन मागदाबी लिएको देखिन्छ । विपक्षी महानगरीय प्रहरी परिसर, टेकुसमेतले मिति २०७५।७।२६ पश्चात् रिट निवेदक विरूद्ध कुनैपनि जाहेरी दर्ता नभएकोले पक्राउ गर्नुपर्ने कुनै आधार र कारण रहेको छैन । निवेदक बारम्बार कानूनविपरीतको क्रियाकलापमा संलग्न रहेको कारण प्रहरीले पक्राउ गर्न सक्ने त्रसित मनसाय राखी प्रस्तुत रिट निवेदन दायर गरेकोले रिट खारेज हुनुपर्छ भन्नेसमेत बेहोराको र रिट निवेदक हरिभक्त पराजुलीले मेरो छोरी किरण पन्तलाई अध्ययनको लागि अमेरिका पठाउँछु भनी रू.४२,११,०००।- लिई छोरीलाई अमेरिका पनि नपठाएको र मेरो पैसा पनि नदिई बैंकमा रकम नभएको चेक दिएकोले निज विरूद्ध मैले बैंकिङ कसुरमा दिएको मुद्दामा उच्च अदालत पाटनबाट रिट निवेदकलाई अभियोग मागदाबीबमोजिम फैसला भएको छ । उक्त मुद्दामा प्रभाव पार्नको लागि प्रस्तुत रिट निवेदन दिएकोले रिट निवेदन खारेज गरिपाउँ भन्न्ने बेहोराको विपक्षी लक्ष्मी थपलियाको लिखित जवाफमा उल्लेख गरेको देखियो।

३. रिट निवेदकले अभद्र मुद्दा चलाउँदा मेरो एस.वि.आइ. बैंकको चेकबुकबाट विपक्षीहरूले ००१४६५२२६२ र ००१४६५२२६४ नं. चेक झिकी लगेको र उक्त चेक मैले बैंकमा गई रोक्का गरेको थिएँ। यसरी मबाट लगेका चेकहरू निष्क्रिय भएपछि सोही विषयमा निजहरूले मलाई लक्ष्मी थपलियालाई काठमाडौंमा रमेश श्रेष्ठको घर जग्गा किन्नको लागि लगी रू.१,३०,००,०००।- रूपैयाँ लिएको झुठ्ठा कागज गराउने सम्भावना भएकोले सो कार्य गर्नबाट विपक्षीहरूलाई रोक लगाउन प्रतिषेधको आदेश जारी गरिपाउँ भनी लिएको जिकिर सम्बन्धमा विचार गर्दा,

विपक्षी लक्ष्मी थपलिया र यी रिट निवेदक पहिलेदेखि नै चिनजान रहेको पाइन्छ । यी दुईको बिचमा लेनदेन व्यवहार रहेको कुरा लक्ष्मी थपलियाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यी रिट निवेदक भई पुनरावेदन अदालत पाटनमा चलेको बैंकिङ कसुरको मुद्दा र रिट निवेदकले स्वयं निवेदनमा जग्गा किनाइदिने भनी रू.१,३०,००,०००।- रकम लिएको र जग्गा पनि खरिद नगराई दिएको पैसा पनि फिर्ता नगरेको भनी विपक्षीमध्येका लक्ष्मी थपलियाले उजुर दिने आशंका गरिदिएको निवेदनमा उल्लेख भएको बेहोराबाट पनि देखिन्छ ।

४. रिट निवेदकले विपक्षी लक्ष्मी थपलियाको मोलाहिजामा परी महानगरीय प्रहरी अपराध अनुसन्धान महाशाखासमेतका प्रहरी निकायमा कार्यरत प्रहरी कर्मचारीले आफूलाई गैरकानूनी रूपले पक्राउ गरी मिति २०७४।४।३२ र मिति २०७५।७।२६ मा दुई पटक पक्राउ गरी अभद्र व्यवहारमा मुद्दा चलाई दुःख दिएको भन्ने कुरा निवेदनमा खुलाएको भए पनि निजलाई लक्ष्मी थपलियाको मोलाहिजामा परी पक्राउ गरी अभद्र मुद्दा चलाएको नभई निज आफैँले प्रहरी कर्मचारीउपर अभद्र व्यवहार गरेको आरोपमा पक्राउ परी उक्त मुद्दाहरू चलेको र कसुर ठहर भई जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट निजलाई सजाय हुने गरी फैसला भएको देखिन्छ । त्यसैगरी रिट निवेदकले लक्ष्मी थपलियाले बैंकिङ कसुरमा जाहेरी दिई सो मुद्दामा आफूले सजाय पाएको तथ्यलाई निवेदनमा कहीँकतै नखुलाए पनि सो मुद्दामा समेत सजाय पाएको कुरालाई मध्यनजर गर्दा रिट निवेदकले बारम्बार फौजदारी कसुरको उल्लङ्घन गरी सजाय पाएको देखिन्छ । आफूले यसरी विभिन्न मुद्दामा सजाय पाउनुको पछाडि लक्ष्मी थपलियाको भूमिका रहेको भनी जोड दिँदै निजलाई महानगरीय प्रहरी अनुसन्धान महाशाखाको ०१४१०७२६७ नं. को फोनबाट पटकपटक आएको फोन निजकै निर्देशनमा आएको हो । प्रस्तुत रिट निवेदन दायर नगरी सरासर महानगरीय प्रहरी अनुसन्धान महाशाखामा जाँदा सो महाशाखाबाट अभद्र व्यवहारको मुद्दा अनुसन्धान गर्दा मबाट जबरजस्ती दुईवटा बैंक चेक लिएका थिए । ती चेकलाई म थुनामुक्त भएपछि रोक्का गरेकोले विपक्षीहरूले सोको दुरूपयोग गर्न सकेका थिएनन् । पुनः निजहरूले बैंकमा रोक्का रहेको चेक दिई ठगी गरेको भन्ने विषय अथवा उक्त चेकहरू लक्ष्मी थपलिया र मेरोबिचमा जग्गा खरिद बिक्रीसम्बन्धी रू.१,३०,००,०००।- रकम राखी लेनदेनको विषय सिर्जना गर्नको लागि पक्राउ गरी अर्को कागज बनाउन सक्ने आशंका रहेको भन्ने सम्बन्धमा विचार गर्दा, निजबाट लिएको भनिएका चेक कसैले भुक्तानी नपाउने गरी रोक्का भइसकेको सोको दुरूपयोग हुने अवस्था रहेको देखिँदैन । रिट निवेदकलाई फौजदारी कसुरमा अपराधको अनुसन्धानको जिम्मेवारी पाएको प्रहरी निकायले पक्राउ गर्नुपरेमा मुद्दा हेर्ने निकायको अनुमतिबेगर पक्राउ गर्न नपाउने कानूनी व्यवस्था गरी व्यक्तिको न्यायसम्बन्धी हकको सुनिश्चितता गरी दिएको हुँदा कानूनबमोजिम बाहेक प्रहरीले निजलाई पक्राउ गर्न सक्ने देखिँदैन । लेनदेनको कागज बनाउने सम्बन्धमा हाल मुलुकी देवानी कार्यविधि संहिता, २०७४ लागु भइसकेको र सो संहिताको दफा ३६(२) मा पचास हजारभन्दा माथिको लेनदेन व्यवहार गर्दा अनिवार्य रूपले सो लिखत स्थानीय निकायबाट समेत प्रमाणित गराउनुपर्ने बाध्यात्मक कानूनी व्यवस्था रहेको देखिन्छ । यसरी प्रमाणित नगराएको लेनदेनको कागजको कानूनी मान्यता शून्य हुन्छ । स्थानीय निकायबाट प्रमाणित गराउनुपर्ने लिखतमा प्रहरी जस्तो शान्ति सुरक्षा कायम गर्ने निकाय व्यक्ति वा पक्षको उक्साहटमा लागि कुनै व्यक्तिलाई जबरजस्ती

लेनदेनको कागज गराउन बाध्य गराउँछन् भन्ने कुरा विश्वासयोग्य देखिँदैन।

५. निवेदकले आफूलाई प्रहरीले पक्राउ गर्न सक्ने गम्भीर आशंका भएकोले विपक्षीहरू विरूद्ध प्रतिषेधको रिट जारी गरिपाउँ भन्ने दाबी लिएको सम्बन्धमा प्रतिषेधको रिट कस्तो अवस्थामा जारी हुन सक्छ भन्ने हेर्नुपर्ने देखियो । प्रतिषेधको रिट कुनै क्षेत्राधिकारविहीन कारबाही कुनै न्यायिक, अर्धन्यायिक वा प्रशासनिक निकायमा चलिरहेको अवस्थामा त्यस्तो निकायको निर्णय हुनुभन्दा पहिले नै त्यस्तो प्रक्रिया रोकिपाउँ भनी दिने निवेदन हो । उक्त रिट निवेदनको उद्देश्य सम्बन्धित अधिकारीलाई आफ्नो क्षेत्राधिकारभित्र सीमित गराउनु हो। प्रतिषेधको निवेदन कुनै प्रक्रिया (proceedings) चलिरहेको (continuous) अवस्थामा मात्र दायर वा जारी गर्न सकिन्छ। उत्प्रेषणको रिट र प्रतिषेधको रिट निवेदनले प्रदान गर्ने उपचार उही प्रकृतिको हुन्छ तर उत्प्रेषणमा निर्णय भइसकेको हुनुपर्दछ भने प्रतिषेधमा कारबाही निरन्तर रहेको देखिनु पर्दछ । कतिपय अवस्थामा क्षेत्राधिकार भए तापनि पूर्वाग्रहपूर्ण रूपमा कारबाही चलाइएको देखिएमा प्रतिषेधको रिट निवेदनमार्फत रोक लगाउन सकिन्छ । यस रिट निवेदनको लागि निवेदकको मौलिक वा कानूनी हक उल्लङ्घन भएको, प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन भएको देखिनु पर्दछ। वैकल्पिक उपचारको व्यवस्था भएमा त्यस्तो उपचार प्रभावकारी थिएन भन्ने प्रमाणित अवस्था देखिएमा मात्र यस्तो रिट जारी गर्न सकिन्छ। कुनै कानूनी प्रक्रिया चलिरहेको (pending) छ भन्ने देखिएको अवस्थामा मात्र प्रतिषेधको रिट जारी गर्न सकिन्छ । त्यस्तो कारबाही अन्त्य भइसकेको (functus officio) देखिएमा प्रतिषेधको रिटको सट्टा उत्प्रेषणको रिट जारी हुन सक्दछ। मुलत: प्रतिषेधको रिट जारी हुन चलिरहेको कुनै कानूनी प्रक्रिया (legal proceedings) रोक्नुपर्ने अवस्था (prevention) विद्यमान हुनु पर्दछ। प्रस्तुत निवेदनमा निवेदकले प्रहरी कार्यालयमा कुनै कानूनी प्रक्रिया चलिरहेको छ भन्ने प्रमाणित गर्न सकेका छैनन् भने प्रहरी कार्यालयले निज निवेदक विरूद्ध कुनै जाहेरी परेको वा अनुसन्धान वा कारबाही भइरहेको छैन भनी लिखित जवाफ फर्काएको देखिन्छ । तसर्थ प्रहरी कार्यालयमा निज निवेदक विरूद्ध कारबाही चलिरहेको अवस्था नदेखिँदा प्रस्तुत निवेदनमा प्रतिषेधको रिट जारी हुने अवस्था देखिँदैन।

६. अतः उपर्युक्त उल्लिखित आधार, कारणबाट विपक्षी महानगरीय प्रहरी अनुसन्धान महाशाखासमेतका प्रहरी निकायमा रिट निवेदकका विरूद्धमा विपक्षी लक्ष्मी थपलियाले कुनै जाहेरी दिएकोबाट निजका विरूद्धमा कुनै कानूनी काम कारबाहीसमेत चलिरहेको नहुँदा आफूलाई विपक्षीहरूले लेनदेनसमेतको विषयमा पक्राउ गर्न सक्ने आशंका देखाई दायर गरेको रिट निवेदनमा प्रतिषेधको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिएकोले रिट निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई दिई प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.दीपककुमार कार्की

इजलास अधिकृत : नवराज जोशी
इति संवत् २०७७ साल चैत्र ३ गते रोज ३ शुभम्।

## निर्णय नं. १०६७८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा
आदेश मिति : २०७७।८।२१
०७५-WO-०९९४

मुद्दा : उत्प्रेषण / परमादेश

निवेदक : स्व. अम्बरभोग बस्नेत क्षेत्रीको नाति, रनबहादुर बस्नेत क्षेत्रीको छोरा, दाङ जिल्ला, साबिक रावत गाउँ गा.वि.स. वडा नं. ३ को हाल परिवर्तित घोराही उप.म.न.पा. वडा नं. १६ भगवानपुर बस्ने वर्ष ५९ को गेहेन्द्र बस्नेत क्षेत्री

विरूद्ध

विपक्षी : वैदेशिक रोजगार न्यायाधिकरण, बबरमहल, काठमाडौंसमेत

- **जेथाजमानी दिने जमानीकर्ताको दायित्व पालना गराउने सन्दर्भमा जमानतको दायित्व पूरा गर्ने जानकारीको सूचनासहितको उचित मौका जमानीकर्तालाई प्रदान गर्नुपर्ने हुन्छ । सोअनुरूप धरौटीबापत जमानत दिएको सम्पत्ति जफत गर्नुपूर्व जमानतबापतको रकम दाखिला गर्ने सूचनासहितको जानकारी निजले पाउनु पर्ने।**
- **कुनै व्यक्तिले आफ्नो हक भोगको सम्पत्ति धरौटीबापत जेथाजमानत लेखिदिएको भन्दैमा उक्त सम्पत्तिमाथि निजले कुनै अधिकार राख्दैन भनी अर्थ गर्नु मनासिब नहुने।**

(प्रकरण नं.५)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता श्री महानिधी सेढाई
विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री गंगाप्रसाद पौडेल
अवलम्बित नजिर :
- ने.का.प.२०७३, अङ्क ८, नि.नं.९६४६

सम्बद्ध कानून :
- नेपालको संविधान
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

आदेश

**न्या.दीपककुमार कार्की** : नेपालको संविधानको धारा ४६ तथा धारा १३३ अनुसार दर्ता भई नियमबमोजिम पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

**रिट निवेदनको बेहोराः-**

म निवेदकको दुई श्रीमतीमध्ये जेठी श्रीमती रेवा बस्नेतको कोखबाट १ छोरा नविन बस्नेत तथा २ छोरीहरू सोनी बस्नेत र शर्मिला बस्नेतको जन्म भएको र कान्छी श्रीमती उर्मिला बस्नेतको तर्फबाट १ छोरा नगेन्द्र बस्नेत र एक छोरी ममता बस्नेत गरी २ सन्तानको जन्म भएकोमा दुई श्रीमती र छोराहरूलाई कानूनबमोजिम मैले अंशबन्डा गरिदिइसकेको छु । यस्तै अवस्थामा कान्छी श्रीमती उर्मिला बस्नेतको कोखबाट जन्मभएका छोरा नगेन्द्र बस्नेतउपर दाङ जिल्ला, गडुवा गा.वि.स वडा नं. ९ बस्ने पुष्पराज

घिमिरेसमेतले वैदेशिक रोजगार विभाग काठमाडौंमा मिति २०६९।०१।२६ मा वैदेशिक रोजगारको कसुरको जाहेरी दर्ता गरी अनुसन्धानको कार्य सम्पन्न गरी वैदेशिक रोजगार विभाग, काठमाडौंबाट मिति २०६९।०२।२३ मा अभियोग दायर भई वैदेशिक रोजगार न्यायाधिकरणमा दर्ता भई मिति २०६९।०२।२४ मा रू. १०,००,०००।- धरौट माग गर्ने आदेश भएको थियो। सो वैदेशिक रोजगार मुद्दाका प्रतिवादी नगेन्द्र बस्नेतको नाममा कुनै चल अचल सम्पत्ति नभएकोले म निवेदक गेहेन्द्र बस्नेत क्षेत्रीसँग उक्त वैदेशिक रोजगारको मुद्दामा मिति २०६९।०२।२४ को आदेशअनुसार रू.१०,००,०००।- रकमको नगद वा सो रकम खाम्ने जेथा धरौट माग गरिएको हुँदा आफ्नो कानूनबमोजिम छुट्टिभिन्न भएको सन्तान भएकोले म प्रतिवादीको नाममा मालपोत कार्यालय, घोराही, दाङमा दर्ता रहेको, दाङ जिल्ला, रावतगाउँ गा.वि.स वडा नं. ३(क) को कि.नं. १२१४ को क्षेत्रफल ०-४-४-१० जग्गा जेथाजमानतबापत धरौट राख्न स्वीकृत भई निज प्रतिवादी नगेन्द्र बस्नेतलाई धरौट तारेखमा राखिएको थियो । निज प्रतिवादी धरौट तारेखमा बसेपछि मिति २०६९।१२।०२ मा वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट तोकिएको तारेख गुजारी बसेकोले बुझ्नुपर्ने प्रमाण कागजातहरू बुझी मिति २०७२।०२।२४ मा प्रतिवादी किशोर सिंह ठकुरी र नगेन्द्र बस्नेतलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिम रू. २,००,०००।- जरिवाना र दुई वर्ष कैद हुने ठहर भएको र प्रतिवादी नगेन्द्र बस्नेतले मिति २०६९।१२।०२ गतेदेखि तारेख गुजारी बसेको हुँदा जेथा जमानतबापतको जग्गा जफत गर्नु भनी सम्बन्धित जिल्ला अदालत, घोराही, दाङलाई लेखी पठाउनु भनी फैसलाको तपसिल खण्डमा उल्लेख भएको थियो।

म निवेदक गेहेन्द्र बस्नेत क्षेत्री विगत २०६७/०६८ सालदेखि दम, मुटु, सुगर, प्रेसरलगायतको रोगले ग्रस्त भई २४ घण्टा नै औषधी र अक्सिजनको आधारमा जिवन दोसाँधमा बाँचेको अवस्था छ । मेरो नाममा भएको कि.नं. १२१४ को जग्गाबाहेक अन्य कहीँकतै जग्गा जमिन छैन । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७५ मा तोकिएको तारेखमा उपस्थित नभएमा राखेको धरौट जफत हुने, उपदफा (२) मा "यस परिच्छेदबमोजिम राखिएको धरौटी अचल सम्पत्ति रहेछ भने त्यस्तो व्यक्तिले बुझाउनु पर्ने रकम बराबरको सम्पत्ति बिक्री वा असुल गरी अरू सम्पत्ति निजलाई फिर्ता गर्नुपर्ने छ" भन्ने प्रस्ट कानूनी व्यवस्था छ । वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको मिति २०६९।०२।२४ को थुनछेकको आदेशअनुसार माग भएको रू. १०,००,०००।- धरौट र मिति २०७२।०२।२४ गतेको फैसलाअनुसार लागेको जरिवानाको हदसम्म मेरो दायित्व बहन हुने हो । मेरो जेथा नगद चलमा नभई अचल सम्पत्ति रहेको स्थिति हुँदा त्यस्तो जमानत दिने व्यक्तिले वा वैदेशिक रोजगार कसुरका प्रतिवादीले बुझाउनु पर्ने रकम बराबरको सम्पत्ति बिक्री वा असुल गरी अरू सम्पत्ति जमानत दिनेलाई नै फिर्ता गर्नुपर्ने कानूनी व्यवस्था भएको हुँदा विपक्षीहरूबाट गैरकानूनी तवरबाट प्रस्ट कानूनी व्यवस्थाको उपेक्षा गरी मेरो सम्पत्ति जफत गर्न सक्ने विपक्षी प्रत्यर्थीहरूको काम कारबाहीबाट मलाई मर्का पर्न गएकोले विपक्षीहरूको उक्त काम कारबाहीबाट मेरो सम्पत्तिसम्बन्धी मौलिक हकउपर अनुचित बन्देज लगाइएकोले सम्पत्तिसम्बन्धी हकमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अपुरणीय क्षति हुन गएको हुँदा त्यस्तो मौलिक हकको प्रचलनको लागि

नेपालको संविधानको धारा १३३ को उपधारा (२) अनुसार प्रस्तुत रिट निवेदन लिई उपस्थित भएको छु।

अतः विपक्षी प्रत्यर्थीहरूलाई सम्मानित अदालतबाट कानूनबमोजिम म्याद सूचना जारी गरी झिकाई वैदेशिक रोजागार कसुरका प्रतिवादी नगेन्द्र बस्नेतले मिति २०६९।०२।२४ को प्रत्यर्थी न्यायाधिकरणको थुनछेकको आदेशअनुसार माग भएको धरौट रकम रू.१०,००,०००।- मेरो अचल सम्पत्तिबाट राखी मैले जेथा जमानत राख्न दिएको कि.नं. १२१४ को जग्गा जफत हुने गरी फैसला भएको हुँदा सम्बन्धित जिल्ला अदालत र मालपोत कार्यालयसमेतलाई प्रत्यर्थी न्यायाधिकरणबाट पत्राचार भई जग्गा जफत गर्न पत्राचार गरिएको मिति २०७२।१०।०४ को च.नं. ३७५५ र मिति २०७२।०६।०६ को च.नं. ७५१ को पत्रहरू र उक्त जग्गा जफत गर्ने कार्यहरूलाई उत्प्रेषणको आदेशद्वारा शून्य घोषित गरी निष्क्रिय गरी वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको फैसलाअनुसार २ वर्ष कैद हुने भई फैसला भएकोमा १ महिना ११ दिन कैद भुक्तान गरिसकेको र बाँकी १ वर्ष १० महिना १९ दिन कैद बाँकी रहेको हुँदा दिनको ३००।- का दरले हुने रकम रू.२,०५,२००।- प्रतिवादी नगेन्द्र बस्नेतबाट माग भएको धरौट रू. १०,००,०००।- गरी जम्मा रू.१४,५०,२००।- निवेदक जग्गाधनी जमानीकर्ता गेहेन्द्र बस्नेत क्षेत्रीबाट उक्त रकम बुझिलिई मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ७५ को उपदफा (२) समेतको आधारमा जग्गा जफत गर्ने कार्य नगर्नु, नगराउनु, उक्त कि.नं. १२१४ को जग्गा रोक्का फुकुवा गर्नु गराउनु हुन भनी प्रत्यर्थीहरूका नाममा परमादेशलगायत जो आज्ञा आदेश पुर्जी जारी गरिपाउँ भन्ने बेहोराको निवेदक गेहेन्द्र बस्नेत क्षेत्रीको यस अदालतमा परेको निवेदन पत्र।

**कारण देखाउ आदेश**

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्ने बेहोराको यस अदालतबाट मिति २०७५।१२।२७ मा भएको आदेश।

**वैदेशिक रोजगार न्यायाधिकरण बबरमहलको लिखित जवाफ**

पुष्पराज घिमिरेसमेतको जाहेरीले बादी नेपाल सरकार प्रतिवादी नगेन्द्र बस्नेतसमेत भएको वैदेशिक रोजगार कसुर मुद्दामा प्रतिवादी किशोर सिंह ठकुरी र नगेन्द्र बस्नेतलाई जनही २,००,०००।- (दुई लाख रुपैयाँ) जरिवाना र २ वर्ष कैद हुने तथा जाहेरवालाको बिगो र हर्जनासमेत प्रतिवादीहरूबाट भराई पाउने भन्ने फैसला भएको देखिन्छ। साथै प्रतिवादी नगेन्द्र बस्नेतले दाङ जिल्ला रावतगाउँ गा.वि.स वडा नं. ३ (क) कि.नं. १२१४ को गेहेन्द्र बस्नेतको नाउँमा दर्ता रहेको जग्गा जेथा जामानी राखी धरौटमा रहेकोमा निज प्रतिवादीले मिति २०६९।१२।२ देखि तारेख गुजारी बसेको हुँदा उक्त जग्गा जफत गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाउनु भनी फैसलाको तपसिलमा उल्लेख भएको पाइन्छ । फैसलाअनुसार गेहेन्द्र बस्नेतको नाउँको दाङ जिल्ला रावतगाउँ गा.वि.स

वडा नं. ३ (क) कि.नं. १२१४ को ०-४-४-१० जग्गा जमानत राखेकोले जफत गर्ने सम्बन्धमा च.नं. ७५१ मिति २०७२/६/६ मा दाङ जिल्ला अदालतमा पत्रचार भएको हो । उक्त पत्रको बेहोरामा वादी नेपाल सरकार प्रतिवादी नगेन्द्र बस्नेतसमेत भएको फौ.नं २९/३६० को वैदशिक रोजगार कसुर मुद्दामा वादी दाबी पुग्ने ठहरी फैसला भएको र प्रतिवादी नगेन्द्र बस्नेतले यस न्यायाधिकरणको २०६९।२।२४ को थुनछेक आदेशबाट माग भएको धरौटी रू.१०,००,०००।- (दश लाख) बापत जेथा जमानत राखेको हुनाले सो जेथा जमानीबापत राखेको जग्गा मुलुकी ऐन अ.ब. १२४ नं. बमोजिम जफत हुने भनी फैसला भएकोले उक्त जग्गा जफत गर्नु भन्ने उल्लेख भएको छ ।

मिति २०६९।३।३ मा यी निवेदक जग्गा धनी गेहेन्द्र बस्नेतले कागज गर्दा कि.नं १२१४ को जग्गा प्रतिवादीलाई जेथा जमानी दिन मन्जुर छ प्रतिवादी नगेन्द्र बस्नेतलाई थुनामुक्त गरी पुर्पक्षको निमित्त तारेखमा राखिपाउँ, मुद्दा निर्णय नभएसम्म न्यायाधिकरणबाट तोकिएको तारेखमा रूजु हाजिर गराउने छु, मुद्दा निर्णय हुँदा प्रतिवादीलाई लागेको दण्ड जरिवाना तिर्न बुझाउन लगाई असुलउपर गराउने छु । मुद्दा निर्णय नहुँदै तारेख गुजारेमा र न्यायाधिकरणबाट लागेको दण्ड जरिवाना बाँकी राखेमा यो जेथा जफत भई अन्य मेरो श्रीसम्पत्तीबाट असुलउपर भएमा मेरो मन्जुरी छ, पछि एकालाई लागेको दण्ड जरिवानामा मेरो सम्पत्ति जफत हुने होइन भनी उजुर गर्ने छैन, गरे गराएमा यही कागजले बदर गरी दिनु भनी यस न्यायाधिकरणमा कागज गरेको देखिन्छ । तत्कालीन बहाल रहेको मुलुकी ऐन, अदालती बन्दोबस्तको १२४ नं. मा अड्डाबाट तोकेको समय र स्थानमा उपस्थित हुनुपर्ने व्यक्ति तोकिएबमोजिम उपस्थित नभएमा तत्सम्बन्धमा राखेको धरौटी जफत हुनेछ र जमानत दिएको भए यस महलको १२४ (क) नं. बमोजिम गराइएको कागजअनुसार जमानतको रकम असुल गर्नु पर्दछ भन्ने उल्लेख भएको पाइन्छ । प्रतिवादी नगेन्द्र बस्नेतलाई फैसलाअनुसार लागेको कैद र जरिवाना हालसम्म असुलउपर भएको देखिँदैन । तसर्थ, रिट निवेदकउपर यस न्यायाधिकरणबाट कुनै पनि गैरकानूनी काम कारबाही नभएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी वैदेशिक रोजगार न्यायाधिकरणको तर्फबाट यस अदालतमा पेस भएको लिखित जवाफ ।

**दाङ देउखुरी जिल्ला अदालतको लिखित जवाफ**

वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंले मिति २०७२।६।६ मा च.न.७५९ को पत्रबाट लगत कसी कैद जरिवाना असुलउपर गर्न यस अदालतमा पत्राचार भई यस अदालतमा मिति २०७२।७।२३ मा लगत नं. १४९२ मा कसिएको देखिन्छ । जसअनुसार निज प्रतिवादी नगेन्द्र बस्नेतका नाममा १ वर्ष १० महिना १९ दिन कैद र रू. २,००,०००/- जरिवाना बेरूजु देखिन्छ । प्रतिवादीले तारेख गुजारी बसेकाले उक्त जग्गा जफत गर्नु भनी उक्त पत्रमा उल्लेख भएको यस अदालतको रेकर्डबाट देखिन्छ । तथापि उक्त जग्गा जफत गर्ने कामकारबाहि हालसम्म अगाडि बढेको छैन । निवेदक पनि उक्त जग्गा जफत नगरी जरिवानाबापतको रकम दाखिल गर्न यस अदालतमा समेत प्रवेश गरेको नदेखिँदा यस अदालतलाई विपक्षी बनाई दायर भएको रिट खारेज भागी हुँदा खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी दाङ देउखुरी जिल्ला अदालतको तर्फबाट यस अदालतमा पेस भएको लिखित जवाफ ।

ठहर खण्ड

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी आज यस इजलाससमक्ष पेस हुन आएको

प्रस्तुत रिट निवेदनका सन्दर्भमा निवेदकका तर्फबाट उपस्थित हुनु भएका विद्वान् अधिवक्ता श्री महानिधी सेढाईले पुष्पराज घिमिरेसमेतको जाहेरीले वादी नेपाल सरकार र विपक्षी नगेन्द्र बस्नेतसमेतउपर वैदेशिक रोजगार विभाग काठमाडौंमा वैदेशिक रोजगारको कसुरको जाहेरी दर्ता भई वैदेशिक रोजगार विभाग, काठमाडौंबाट अभियोग दायर भई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६९।०२।२४।४ मा रू. १०,००,०००।- धरौट माग गर्ने आदेश भएकोमा विवाद भएन। वैदेशिक रोजगार मुद्दाका प्रतिवादीमध्येका नगेन्द्र बस्नेतलाई माग भएको धरौटबापत प्रतिवादीका बुबा निवेदक गेहेन्द्र बस्नेत क्षेत्रीले कि.नं. १२१४ को जग्गा जेथाजमानत राखिदिएका हुन् । निज प्रतिवादी धरौट तारेखमा बसेपछि मिति २०६९।१२।०२ मा वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट तोकिएको तारेख गुजारी बसेका छन् । उक्त न्यायाधिकरणबाट प्रतिवादी नगेन्द्र बस्नेतलाई रू. २,००,०००।- जरिवाना र दुई वर्ष कैद हुने ठहर भएको छ । साथै वैदेशिक रोजगार न्यायाधिकरणबाट जेथा जमानतबापतको जग्गा जफत गर्नु भनी सम्बन्धित दाङ देउखुरी जिल्ला अदालत, दाङलाई पत्राचार गरी उक्त अदालतले जग्गा जफत गर्न प्रक्रिया अगाडि बढाई पत्राचार गरेको अवस्था छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७५ मा तोकिएको तारेखमा उपस्थित नभएमा राखेको धरौट जफत हुने, उपदफा (२) मा "यस परिच्छेदबमोजिम राखिएको धरौटी अचल सम्पत्ति रहेछ भने त्यस्तो व्यक्तिले बुझाउनु पर्ने रकम बराबरको सम्पत्ति बिक्री वा असुल गरी अरू सम्पत्ति निजलाई फिर्ता गर्नुपर्ने छ" भन्ने प्रस्ट कानूनी व्यवस्था छ । वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको मिति २०६९।०२।२४ मा भएको थुनछेकको आदेशअनुसार माग भएको रू. १०,००,०००।- धरौट र मिति २०७२।०२।२४ गतेको फैसलाअनुसार लागेको जरिवानाको हदसम्मको दायित्व जमानीकर्ताको बहन हुने हो । निवेदकको जेथाबाट धरौटी, कैद र जरिवानाबापतको रकम लिई जेथा फुकुवा हुनुपर्छ भनी बहस गर्नुभयो ।

वादी नेपाल सरकारको तर्फबाट महान्यायाधिवक्ताको कार्यालयबाट उपस्थित हुनुभएका विद्वान् सहन्यायाधिवक्ता श्री गंगाप्रसाद पौडेलले वैदेशिक रोजगार मुद्दाका प्रतिवादीमध्येका नगेन्द्र बस्नेतलाई माग भएको धरौट रू.१०,००,०००।- बापत निवेदक गेहेन्द्र बस्नेत क्षेत्रीले कि.नं. १२१४ को जग्गा जेथाजमानत राखिदिएको तथ्यमा विवाद छैन् । निज प्रतिवादी धरौट तारेखमा बसेपछि मिति २०६९।१२।०२ मा वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट तोकिएको तारेख गुजारी बसेको र उक्त न्यायाधिकरणबाट प्रतिवादी नगेन्द्र बस्नेतलाई रू. २,००,०००।- जरिवाना र दुई वर्ष कैद हुने ठहर भएको छ । वैदेशिक रोजगार ठगी मुद्दामा प्रतिवादीले तोकिएको तारेखमा उपस्थित नभई तारेख गुजारी बसेमा जेथा राखेको जग्गा जफत भएमा मन्जुर छ भनी कागज गरेका छन् । सोही आधारमा वैदेशिक रोजगार न्यायाधिकरणबाट जेथा जमानतबापतको जग्गा जफत गर्नु भनी सम्बन्धित जिल्ला अदालत, घोराही, दाङलाई लेखी पठाई उक्त अदालतले जग्गा जफत गर्न प्रक्रिया अगाडि बढाई पत्राचार गरेको हो । निज प्रतिवादी हाल फरार छन्। अदालतबाट निजलाई लागेको कैद र जरिवाना असुलउपर नभएसम्म उक्त जग्गा फुकुवा गर्न मिल्दैन। रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नुभएको बहस सुनियो।

उपर्युक्त विद्वान् अधिवक्ता एवं विद्वान् सहन्यायाधिवक्ताले गर्नुभएको बहस सुनी निवेदन र सो साथ संलग्न कागजात अध्ययन गरी हेर्दा, यसमा निवेदकले माग गरेबमोजिमको आदेश जारी हुनुपर्ने हो

वा होइन ? सोही विषयमा निर्णय दिनुपर्ने देखियो ।

निर्णयतर्फ विचार गर्दा, प्रतिवादी नगेन्द्र बस्नेतले मिति २०६९/०२/२४ को प्रत्यर्थी वैदेशिक रोजगार न्यायाधिकरणको थुनछेक आदेशअनुसार माग भएको धरौटी रकम रू. १०,००,०००।– बापत मेरो अचल सम्पत्ति राखी निज प्रतिवादी मिति २०६९।०३।०३ बाट धरौटी तारेखमा रहेको र मिति २०६९।१२।२ बाट तारेख गुजारी बसेको हुँदा मिति २०७२।२।२४ मा मुद्दा फैसला हुँदा मैले जेथा जमानत राख्न दिएको कि.नं. १२१४ को जग्गा जफत हुने गरी फैसला भएको र सम्बन्धित जिल्ला अदालत र मालपोत कार्यलयसमेतलाई विभिन्न मितिमा प्रत्यर्थी न्यायाधिकरणबाट जग्गा जफत गर्ने पत्राचार गरिएको छ । उक्त जग्गा जफत गर्दाको अवस्थामा मलाई प्रकृतिक न्यायको सिद्धान्तबमोजिम स्वच्छ सुनुवाइको हकसमेत प्रदान नगरी सुनुवाइको हकसमेतबाट वञ्चित गरी गराई जानकारीसमेत नदिई गरिएको प्रत्यर्थी न्यायाधिकरणको मिति २०७२।२।२४ को फैसला र सो पछि भएका जग्गा जफत गर्ने सम्बन्धमा मिति २०७२।१०।०४ को च.नं. ३७५५ र मिति २०७२।६।६ को च.नं. ७५१ को पत्रहरू मुलुकी फौजदारी कार्यविधि (संहिता), २०७४ को दफा ७५ को उपदफा (२) समेतको विपरीत गम्भीर त्रुटिपूर्ण कार्य रहे भएकोले उक्त जग्गा जफत गर्ने कार्यलाई उत्प्रेषणको आदेशद्वारा बदर गरी वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको वैदेशिक रोजगार कसुर मुद्दाको फैसलाअनुसार २ वर्ष कैद हुने भई फैसला भएकोमा १ महिना ११ दिन कैद भुक्तान गरिसकेको र बाँकी १ वर्ष १० महिना १९ दिन कैद बाँकी रहेको हुँदा दिनको ३००।- का दरले हुने रकम रू. २,०५,२००।– र मिति २०६९।०२।२४ को थुनछेक आदेशानुसार माग भएको धरौटी रू. १०,००,०००।- गरी जम्मा रू. १४,५०,२००।– म निवेदक जग्गाधनी जमानीकर्ता गेहेन्द्र बस्नेत क्षेत्रीबाट बुझी लिई उक्त कि.नं. १२१४ को जग्गा रोक्का फुकुवा गरिदिनु भनी प्रत्यर्थीहरूको नाममा परमादेशलगायत जो आज्ञा आदेश पुर्जी जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन देखिन्छ । वैदेशिक रोजगार मुद्दाका प्रतिवादीमध्येका नगेन्द्र बस्नेतलाई माग भएको धरौट रू.१०,००,०००।- बापत निवेदक गेहेन्द्र बस्नेत क्षेत्रीले कि.नं. १२१४ को जग्गा जेथाजमानत राखिदिएकोमा निज प्रतिवादी धरौट तारेखमा बसेपछि मिति २०६९।१२।०२ मा वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट तोकिएको तारेख गुजारी बसेको एवं वैदेशिक रोजगार न्यायाधिकरणबाट निजलाई रू.२,००,०००।- जरिवाना र दुई वर्ष कैद हुने ठहर भएको छ । वैदेशिक रोजगार ठगी मुद्दामा प्रतिवादीले तोकिएको तारेखमा उपस्थित नभई तारेख गुजारी बसेमा जेथा राखेको जग्गा जफत भएमा मन्जुर छ भनी कागज गरेको र जेथा जमानतबापतको जग्गा जफत गर्नु भनी भएको फैसलाबमोजिम सम्बन्धित जिल्ला अदालत, घोराही, दाङलाई लेखी पठाई उक्त अदालतले जग्गा जफत गर्न प्रक्रिया अगाडि बढाई पत्राचार गरेको हो । निज प्रतिवादी हाल फरार रहेको हुँदा अदालतबाट निजलाई लागेको कैद र जरिवाना असुलउपर नभएको, कैद जरिवाना बुझाउन अदालतमा समेत उपस्थित भएका छैनन । हाल जग्गा जफत गर्ने कार्य पनि नभएको हुँदा रिट निबेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको लिखित जवाफमा उल्लेख भएको देखियो ।

२. सो सम्बन्धमा हेर्दा, जाहेरवाला पुष्पराज घिमिरेसमेतलाई वैदेशिक रोजगारको लागि अफगानिस्थान पठाइदिने भनी रकम लिई वैदेशिक रोजगारमा नपठाएको र रकम माग्दा पनि फिर्ता नगरेकोले प्रतिवादीहरू नगेन्द्र बस्नेतसमेतलाई विपक्षी

बनाई वैदेशिक रोजगार विभाग, काठमाडौंमा मिति २०६९।०१।२६ मा वैदेशिक रोजगारको कसुरको जाहेरी दर्ता गरेको पाइन्छ । अनुसन्धानको कार्य सम्पन्न भई वैदेशिक रोजगार विभाग, काठमाडौंबाट मिति २०६९।०२।२३ मा अभियोग दायर भई मिति २०६९।०२।२४ गते वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट प्रतिवादी नगेन्द्र बस्नेतलाई नगद रू. १०,००,०००।- धरौट माग भएकोमा निजको हकमा यी निवेदक गेहेन्द्र बस्नेतले दाङ जिल्ला, रावतगाउँ गा.वि.स वडा नं. ३(क) को कि.नं. १२१४ को क्षेत्रफल ०-४-४-१० जग्गा जेथाजमानतबापत धरौट राखिदिएको देखियो । निज प्रतिवादीलाई मिति २०६९।१२।०२ मा वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट तारेख तोकिएकोमा तारेख गुजारी बसेको र मिति २०७२।०२।२४ मा प्रतिवादी किशोर सिंह ठकुरी र नगेन्द्र बस्नेतलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिम रू. २,००,०००।- जरिवाना र दुई वर्ष कैद ठहर हुने फैसला भएको देखियो । प्रतिवादी नगेन्द्र बस्नेतले मिति २०६९।१२।०२ गतेदेखि तारेख गुजारी बसेको हुँदा जेथा जमानतबापतको जग्गा जफत गर्नु भनी सम्बन्धित जिल्ला अदालत, घोराही, दाङलाई लेखी पठाउनु भनी वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट फैसलाको तपसिल खण्डमा उल्लेख भएअनुसार पत्राचार भएबमोजिम दाङ जिल्ला अदालतबाट सोको प्रक्रिया अगाडि बढाएको र हालसम्म जग्गा जफत गर्ने कार्य भए गरेको छैन तथा निवेदक पनि उक्त जग्गा जफत नगरी जरिवानाबापतको रकम दाखिल गर्न यस अदालतमा नआएको भनी लिखित जवाफबाट खुल्न आउछ ।

३. वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको मिति २०६९।०२।२४ को थुनछेकको आदेशअनुसार माग भएको रू.१०,००,०००।- धरौट र मिति २०७२।०२।२४ गतेको फैसलाअनुसार लागेको जरिवानाको हदसम्म मेरो दायित्व भएकाले उक्त धरौटी र जरिवानाको रकम बुझिलिई मैले राखेको जेथाबापतको सम्पत्ति फुकुवा गर्नुपर्नेमा उक्त जेथा जमानी दिएको जग्गा जफत गर्न मिल्दैन भन्ने निवेदकको निवेदन जिकिर रहेकोमा सो सम्बन्धमा भएको कानूनी व्यवस्था हेर्नुपर्ने देखियो । साबिक मुलुकी ऐन, जमानी गर्नेको महलको ६ नं. मा ***"धन जमानी भएको अवस्थामा असामीले तिर्न सकेन भने धन जमानी हुनेको जायजेथा रोक्का गरी पहिले असामीको जायजात गरी नपुगेकोमा जमानीको जायजातबाट भर्ना गराउनु पर्छ । दुवैको जायजातबाट पुगेन भने जमानीको पेटमा सो बाँकी रहेन छ भने बाँकी लिनु पर्ने जतिमा असामीलाई नै कानूनबमोजिम गरी जमानी छाडिदिनु पर्छ । जमानीको पेटमा सो बाँकी परेको रहेछ भने जति पेट बाँकी रहेको ठहर्छ उतिमा सो जमानी हुनेलाई असामीसरह कानूनबमोजिम गरी असामी छाडिदिनु पर्छ"*** भन्ने र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७५ मा "***यस परिच्छेदबमोजिम धरौट राख्ने व्यक्ति अदालतसमक्ष तोकिएको तारेखमा उपस्थित नभएमा राखेको धरौट जफत हुने छ"*** भन्ने उल्लेख छ । त्यसैगरी उपदफा (२) मा ***"यस परिच्छेदबमोजिम राखिएको धरौटी अचल सम्पत्ति रहेछ भने त्यस्तो व्यक्तिले बुझाउनु पर्ने रकम बराबरको सम्पत्ति विक्री वा असुल गरी अरू सम्पत्ति निजलाई फिर्ता गर्नुपर्ने छ"*** भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको पाइन्छ । उपर्युक्त कानूनी व्यवस्थालाई मध्यनजर गरी हेर्दा, कुनै व्यक्तिले आफ्नो मुद्दामा अदालतबाट धरौट माग भएकोमा नगद राखी तारेखमा बसेको रहेछ र अदालतबाट तोकिएको तारेखमा उपस्थित हुनुपर्नेमा उक्त तोकिएको तारेख

गुजारी बसेको रहेछ भने निजले राखेको धरौटी जफत हुने व्यवस्था गर्दै उक्त राखिएको धरौटी अचल सम्पत्ति रहेछ भने उक्त अचल सम्पत्तिको कानूनी प्रक्रिया पुऱ्याई बिक्री गरी असुल गर्नुपर्ने जति असुल गरी बाँकी रहेको नगद वा अचल सम्पत्ति निज व्यक्तिलाई फिर्ता दिनुपर्ने कुरालाई स्पष्ट गरेको देखिन्छ । प्रतिवादीले तिर्नु बुझाउनुपर्ने जेथाबापतको रकम निजबाट असुलउपर नभएमा वा बहन गर्नुपर्ने दायित्व निजले पूरा गर्न नसकेमा जमानीकर्ताले कबुल गरेको रकम निजले धरौटबापत दिएको जेथाबाट असुलउपर गर्नुपर्ने हुन्छ । यसै सम्बन्धमा यस अदालतबाट निवेदक लुम्बिनी बैंक लिमिटेड विपक्षी संगिता त्रिपाठी भएको उत्प्रेषण / परमादेशको (ने.का.प.२०७३, अङ्क ८, नि.नं.९६४६) रिट निवेदनमा ***"जमानीकर्ताको दायित्व असीमित हुने नभई जमानी बसेको अङ्कसम्म सीमित हुने हुन्छ । जमानीको दायित्व निजले कबुल गरेको रकमको हदसम्म मात्र सीमित हुने हुँदा जमानीकर्ताले आफूले कबुल गरेको रकम तिरेबुझाएमा सोबापत निजले जेथा जमानतको रूपमा दिएको सम्पत्ति फुकुवा हुन सक्दैन भन्न पनि मिल्दैन"*** भनी सिद्धान्त प्रतिपादन भएको छ।

४. प्रस्तुत विवादमा वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६९।०२।२४ को आदेशबमोजिम माग भएको धरौट रू.१०,००,०००।- बापत आफ्नो नामको अचलसम्पत्ति जेथाजमानत दिएको र न्यायाधिकरणमा उक्त जमानत राख्न मन्जुर गरी कागजसमेत गरिदिएकोमा निज जमानीकर्ताको दायित्वको सीमा जमानत दिएको अङ्कको हदमा मात्र सीमित रहन्छ । उक्त न्यायाधिकरणमा यी निवेदकलाई जेथाजमानत लिनेक्रममा कागज गराउदा रू.१०,००,०००।- माग भएको धरौटीबापत दायित्व बहन गरी कागज गराएको देखिन्छ । जमानीकर्ताले कबुल गरेको रकमबाहेक प्रतिवादीको अन्य दायित्व सम्बन्धमा जमानीकर्ताको सम्पत्तिबाट असुलउपर गर्न मिल्दैन। यी निवेदकले जेथा जमानी दिँदा कबुल गरेको दायित्वको रकम प्रतिवादीबाट असुलउपर हुन नसकेमा मात्र जमानीकर्ताले दिएको जेथाबाट असुलउपर गरी बाँकिरहेको सम्पत्ति जमानीकर्तालाई फिर्ता दिनुपर्दछ। निवेदकले कबुल गरेको जमानतबापतको रकम जुनसुकै समयमा दाखिला गर्न ल्याएमा बुझिलिई जेथाजमानीको रूपमा राखेको सम्पत्ति फुकुवा गरिदिनुपर्ने नै हुन्छ । साथै निवेदक जमानीकर्ताको सम्पत्ति लामो समयसम्म कुनै कारबाही नगरी रोक्का राखिरहन पनि मिल्दैन।

५. नेपालको संविधानको धारा २५ ले "**प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुने छ, सार्वजनिक हितका लागिबाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरू कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन**" भन्ने मौलिक हकको व्यवस्था गरेको पाइन्छ । त्यसैगरी धारा २० को उपधारा (९) मा ***"प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुने छ"*** भन्ने संवैधानिक हकको व्यवस्था गरेको पाइन्छ । जसअनुसार कानूनबमोजिमबाहेक कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्न, जफत गर्न नपाइने एवं कसैको सम्पत्ति जफत गर्ने निर्णय गर्दा मर्का पर्ने पक्षलाई सोको स्पष्ट जानकारी गराई निजलाई रोहबरमा राखी कानूनबमोजिम गर्न पाइने व्यवस्था गरेको पाइन्छ । प्रस्तुत निवेदनमा जेथाजमानी दिने जमानीकर्ताको दायित्व पालना गराउने सन्दर्भमा

जमानतको दायित्व पूरा गर्ने जानकारीको सूचनासहितको उचित मौका जमानीकर्तालाई प्रदान गर्नुपर्ने हुन्छ । सोअनुरूप निवेदकले धरौटीबापत जमानत दिएको सम्पत्ति जफत गर्नुपूर्व जमानतबापतको रकम दाखिला गर्ने सूचनासहितको जानकारी निजले पाउनुपर्ने देखिन्छ । तर निवेदकले जमानत स्वरूप दिएको सम्पत्ति जफत गर्न गरेको पत्राचार अगाडि कुनै पनि चरणमा निवेदकलाई जानकारी गराएको देखिएन । कुनै व्यक्तिले आफ्नो हक भोगको सम्पत्ति धरौटीबापत जेथाजमानत लेखिदिएको भन्दैमा उक्त सम्पत्तिमाथि कुनै अधिकार राख्दैन भनी अर्थ गर्नु पनि मनासिब हुँदैन । जमानीकर्ताले कबुल गरेको धरौटी बराबरको रकम दाखिला गर्नु, रकम बुझाउन ल्याउनु भनी जमानीकर्तालाई सूचना नदिनुका साथै जमानीको दायित्व पूरा गर्ने अवसरसमेत नदिई जग्गा जफत गर्न गर्ने सम्बन्धमा पत्राचार गरेको विपक्षी दाङ देउखुरी जिल्ला अदालतसमेतको काम कारबाही कानूनसम्मत देखिएन ।

६. वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको मिति २०६९।०२।२४ को थुनछेकको आदेशअनुसार माग भएको रू.१०,००,०००।- धरौटबापत निवेदक गेहेन्द्र बस्नेतको नाउँको दाङ जिल्ला रावतगाउँ गा.वि.स वडा नं. ३ (क) कि.नं.१२१४ को ०-४-४-१० जग्गा जमानत राखेको र उक्त न्यायाधिकरणबाट प्रतिवादी नगेन्द्र बस्नेतलाई रू.२,००,०००।- जरिवाना र दुई वर्ष कैद ठहर हुने गरी फैसला भएको तथा विपक्षी न्यायाधिकरणबाट तोकेको तारेख प्रतिवादीले गुजारी बसेकाले धरौटीबापत राखेको जेथा जफत गर्ने भनी तपसिल खण्डमा उल्लेख भएकोले उक्त जेथाजमानीमा राखेको सम्पत्ति जफत गर्ने सम्बन्धमा च.नं. ७५१ मिति २०७२/६/६ मा दाङ देउखुरी जिल्ला अदालतमा पत्राचार भएकोमा हालसम्म पनि निवेदकको उल्लेखित कि.नं. १२१४ को जग्गा जफत गर्ने कार्य भएको छैन र निवेदक पनि उक्त जग्गा जफत नगरी जरिवानाबापतको रकम दाखिल गरिपाउँ भनी यस अदालतमा नआएको भनी लिखित जवाफबाट स्पष्ट हुन आयो । प्रस्तुत मुद्दाको थुनछेक आदेश हुँदा माग भएको धरौटीबापत जमानीकर्ता एवं प्रतिवादीलाई साबिक मुलुकी ऐन, अदालती बन्दोबस्तीको १२४ नं. बमोजिमको कार्यविधि अपनाई कागज गराइएको, सो समयमा हालको फौजदारी कार्यविधि संहिता, २०७४ लागु नभएको अवस्थामा निवेदकले वैदेशिक रोजगार न्यायाधिकरणबाट तोकिएको तारेख गुजारेमा राखेको जेथा जफत हुने व्यवस्था भएको देखियो । तत्कालको समयमा भएको कानूनी व्यवस्थाबमोजिम जग्गा जफत गर्ने कार्य कानूनसम्मत देखिएको भए तापनि हालको अवस्थामा मुलुकी फौजदारी संहिता, २०७४ को दफा ७५(२) बमोजिम मागबमोजिम राखिएको धरौटी अचल सम्पत्ति रहेछ भने त्यस्तो व्यक्तिले बुझाउनु पर्ने रकम बराबरको सम्पत्ति बिक्री वा असुल गरी अरू सम्पत्ति निजलाई फिर्ता गर्नुपर्ने छ भन्ने स्पष्ट कानूनी व्यवस्था देखिँदा उक्त धरौटीबापतको रकम निवेदकले बुझाउन ल्याएका बखत उल्लिखित जग्गा जफत नगरी फुकुवा गर्नुपर्ने देखियो ।

७. तसर्थ, उल्लिखित विवेचित आधारसमेतबाट प्रस्तुत निवेदनमा रिट निवेदक स्वयंले वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंको फैसलाअनुसार २ वर्ष कैद हुने भई फैसला भएकोमा १ महिना ११ दिन कैद भुक्तान गरिसकेको र बाँकी १ वर्ष १० महिना १९ दिन कैद बाँकी रहेको हुँदा दिनको ३००।- का दरले हुने रकम रू.२,०५,२००।- र जरिवाना रू.२,००,०००।- तथा प्रतिवादी नगेन्द्र

बस्नेतबाट माग भएको धरौट रू.१०,००,०००।– समेत गरी जम्मा रू.१४,०५,२००।– (चौध लाख पाँच हजार दुई सय मात्र) म निवेदक जग्गाधनी जमानीकर्ता गेहेन्द्र बस्नेत क्षेत्रीबाट बुझिलिई उक्त कि.नं. १२१४ को जग्गा रोक्का फुकुवा गर्नु गराउनु हुन भनी निवेदनमै उल्लेख भएको देखिँदा उक्त रकम निवेदकले बुझाउन ल्याए बुझिलिई उल्लिखित जग्गा फुकुवा गरिदिनु भनी प्रत्यर्थी दाङ देउखुरी जिल्ला अदालतसमेतका प्रत्यर्थीहरूका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई गराई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.डा.मनोजकुमार शर्मा

इजलास अधिकृत : कोशलेश्वर ज्ञवाली
इति संवत् २०७७ साल मङ्सिर २१ गते रोज १ शुभम्।

## निर्णय नं. १०६७९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
फैसला मिति : २०७६।९।१६
०७४-CR-१४१६

मुद्दाः वैदेशिक रोजगार कसुर

पुनरावेदक / वादी : लालबहादुर वटालासमेतको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला चितवन, दिव्यनगर गा.वि.स. वडा नं.३ हाल चित्रवन न.पा. वडा नं.१४ बस्ने रामबहादुर भुजेलकी श्रीमती सिर्जना भुजेल

- **सहप्रतिवादीको बयान पोलका आधारमा मात्र कोही कसैलाई कसुर गरेको ठहर गर्न प्रमाणमा ग्रहण गरिँदैन तर सो सबै अवस्थामा लागु हुन्छ भन्ने नहुने । वारदातको अवस्था र स्थिति तथा त्यस्तो बयानलाई अन्य स्वतन्त्र कागज प्रमाणहरूले समर्थन गरेको अवस्था भएमा प्रमाणमा लिन सकिने नै हुन्छ । वस्तुनिष्ठ प्रमाणको अभावमा आरोप लगाइएको आधारमा मात्र कसैलाई फौजदारी कसुरको कसुरदार मान्न नमिल्ने ।**
- **कुनै अपराधमा आरोपित व्यक्तिको संलग्नता प्रमाणले जुन तहसम्म पुष्टि गर्दछ**

**सोही तहसम्मको कानूनले तोकेको सजाय कसुरदारले भोग्नुपर्ने ।**

(प्रकरण नं.३)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री प्रकाश गौतम
प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः

माननीय अध्यक्ष श्री रेवन्तबहादुर कुँवर
सदस्य श्री देवेन्द्रराज ढकाल
वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौं

फैसला

**न्या.हरिकृष्ण कार्की :** न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(क) र वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६(२) बमोजिम यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

तथ्य खण्ड

हामी जाहेरवालाहरू लालबहादुर वटाला, अर्जुनबहादुर पौडेल, विष्णुबहादुर भुजेल र मीनाकुमारी महतो (पीडित मेघनाथ महतो) लाई वैदेशिक रोजगारको लागि कम्बोडिया पठाई सेक्युरिटी गार्डमा रोजगारी दिलाइदिन्छु भनी प्रतिवादीले हामी जाहेरवालाहरूबाट जनही रू.५,८०,०००।- बुझी लिई कम्बोडिया मुलुकमा पुर्‍याई भनेबमोजिम काम लगाउन नसकी हामी नेपाल फर्की आएको हुँदा हामी जाहेरवालाहरू लालबहादुर वटाला, अर्जुनबहादुर पौडेल, विष्णुबहादुर भुजेल र मीनाकुमारी महतो (पीडित मेघनाथ महतो) बाट देहायबमोजिमको बुझिलिएको प्रतिव्यक्ति रू.५,८०,०००।- र सोको ५० प्रतिशत हुन आउने हर्जानाबापत समेतको रकम दिलाई भराइपाउँ भन्नेसमेत बेहोराको जाहेरवालाहरूले दिएको जाहेरी दरखास्त ।

| सि. नं. | जाहेरवालाहरूको नाम | बिगो रकम | ५० प्रतिशत | अन्य खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | लालबहादुर वटाला | रू.५,८०,०००।- | रू.२,९०,०००।- | रू.४२,०००।- | रू.९,१२,०००।- |
| २ | अर्जुनबहादुर भुजेल | रू.५,८०,०००।- | रू.२,९०,०००।- | रू.४२,०००।- | रू.९,१२,०००।- |
| ३ | विष्णुबहादुर भुजेल | रू.५,८०,०००।- | रू.२,९०,०००।- | | रू.८,७०,०००।- |
| ४ | मेघनाथ महतो | रू.५,८०,०००।- | रू.२,९०,०००।- | | रू.८,७०,०००।- |
| | जम्मा | रू.२३,२०,०००।- | रू.११,६०,०००।- | रू.८४,०००।- | रू.३५,६४,०००।- |

प्रतिवादी अर्जुन महतोले जाहेरवालाहरू लालबहादुर वटाला, अर्जुनबहादुर पौडेल, विष्णुबहादुर भुजेल र मेघनाथ महतो वैदेशिक रोजगारको लागि कम्बोडिया मुलुकमा पठाई रोजगारी दिलाइदिने भनी जाहेरवालाहरूबाट जनही रू.५,८०,०००।- का दरले रकम बुझिलिई गरिदिएको सक्कल लिखत कागजहरू।

प्रतिवादी अर्जुन महतोले मेरो फुपू सिर्जना भुजेलले वैदेशिक रोजगारका लागि मानिसहरू कम्बोडिया पठाउने गरेकोमा यी जाहेरवालाहरू विदेश जाने कुरा मेरो फुपूसँग गरी केही रकम फुपू सिर्जना भुजेललाई नै बुझाएको अरू बाँकी रकम डलरमा साटी कम्बोडियामा रहेका नाम नजानेका नेपालीलाई नै जाहेरवालाहरू र मैले प्रतिव्यक्ति ६००० डलर बुझाएकोमा कम्बोडियाबाट भियतनामतिर भिषा लगाउनुपर्छ भनी हामीसँग रकम लिई फरार भएपछि हामीहरू नेपाल फर्की आएका हौं। यी जाहेरवाला र मेरो फुपूसमेतको मिलेमतोमा मलाई जबरजस्ती सहीछाप गराएका हुन्। उक्त लिखत कागजमा भएको सहीछाप मेरो नै हो। मैले वैदेशिक रोजगारमा पठाउन पाउने इजाजत अनुमतिपत्र लिएको छैन भन्नेसमेत बेहोराको प्रतिवादी अर्जुन महतोले वैदेशिक रोजगार विभागका अनुसन्धान अधिकृतसमक्ष गरेको बयान।

जाहेरवालाहरू र प्रतिवादीबिच लेनदेन भएको ठिक साँचो हो। प्रतिवादी अर्जुन महतोले जाहेरवालाहरू लालबहादुर वटाला, अर्जुनबहादुर पौडेल, विष्णुबहादुर भुजेल र मेघनाथ महतोसमेतलाई वैदेशिक रोजगारको लागि कम्बोडिया पठाइदिने भनी प्रतिव्यक्ति रू.५,८०,०००।- बुझिलिई गरिदिएको कागजमा मसमेत साक्षी बसी सहीछाप गरिदिएको ठिक साँचो हो। रकम बुझिलिई सम्झौताबमोजिम नगरी लिए खाएको रकमसमेत फिर्ता नगर्ने निज प्रतिवादीलाई कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको लिखत कागजका साक्षी कृष्णकुमार महतोले गरेको कागज।

हामी पीडित जाहेरवाला विष्णुबहादुर भुजेलसमेत कम्बोडिया देशमा पुगेपछि यी अमृत कुँवर र पुरन खड्कासँग भेटघाट भएको हो। हामीलाई कम्बोडियामा बस्ने खाने व्यवस्था यी अमृत कुँवर र पुरन खड्काले मिलाएको हो। नेपालबाट कम्बोडिया जाँदाखेरी नै प्रतिवादीले नै यी दुई अमृत कुँवर र पुरन खड्कालाई भेट भनेकोले भेटेको हो। यी दुई अमृत कुँवर र पुरन खड्काको प्रस्तुत मुद्दामा संलग्नता होला। निजहरूलाई कुनै रकम दिएको छैन। हामी सबैले सक्कल लिखत कागजबमोजिमको रकम प्रतिव्यक्ति रू.५,८०,०००।- प्रतिवादी अर्जुन महतोलाई दिई लेनदेन गरी उक्त लिखत कागज गरेका हौं भनी जाहेरवालाहरू लालबहादुर वटालासमेतले गरेको कागज बेहोराअनुसार प्रतिवादीहरू अर्जुन महतो र सिर्जना भुजेलको आपसी मिलेमतोमा वैदेशिक रोजगार व्यवसाय गर्न पाउने इजाजत अनुमतिपत्र नलिई जाहेरवालाहरू लालबहादुर वटाला, अर्जुनबहादुर पौडेल, विष्णुबहादुर भुजेल र मेघनाथ महतोसमेतलाई वैदेशिक रोजगारको लागि कम्बोडिया पठाइदिन्छु भनी प्रतिव्यक्ति रू.५,८०,०००।- रकम बुझिलिई भनेबमोजिमको रोजगारीमा नपठाई बुझिलिएको रकमसमेत फिर्ता नगरेको हुँदा निज प्रतिवादीहरूको उक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर अपराध गरेको हुँदा निज प्रतिवादीलाई सोही ऐनको दफा ४३ बमोजिम सजाय गरी, प्रतिवादीहरूले जाहेरवालाहरूबाट लिए खाएको बिगो रकम र सोको ५० प्रतिशतले हुन आउने हर्जाना रकमसमेत प्रतिवादीहरूबाट जाहेरवालाहरूलाई दिलाई भराइपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको अभियोगपत्र।

मलाई अभियोगबमोजिम सजाय हुनुपर्ने

होइन । म पनि जाहेरवालहरूसँगै विदेश कम्बोडिया गएको थिएँ । त्यहाँ काम दिने मान्छेहरूले यो ठाउँ छोडेर अर्को ठाउँमा भिषा लगाउन जानुपर्छ भनेर कम्बोडियाबाट भियतनाम भिषा लगाउन पठाई हामी सबैको पैसा खाएर भागेको हुनाले हामी नेपाल फर्कन बाध्य भयौँ । नेपाल आएपछि जाहेरवालाहरूले नै मसँग चिनजान भएको कारणले गर्दा मलाई जबरजस्ती कागज गराई पैसा तिर्नुपर्छ भने । म उनीहरूसँगै फर्केको तथा पैसा फसेको प्रमाण छ । तिनीहरूले मलाई पैसा बुझाएको कुनै प्रमाण छैन । म पनि एउटा पीडित हो । मेरो पनि पैसा फसेको छ । जुन मान्छेले पैसा खाएको हो त्यो मान्छेलाई नसमाती मसँग चिनजान भएको कारणले गर्दा मलाई समातेको हो । वास्तविक पैसा खाने मानिस अमृत कुँवर र पुरनकुमार खड्का हुन् । यताबाट मलाई र जाहेरवालाहरूलाई पठाउने व्यक्ति मेरो फुपू सिर्जना भुजेल र रामबहादुर भुजेल हुन् । मैले वैदेशिक रोजगारमा पठाउन पाउने इजाजत अनुमतिपत्र लिएको छैन भन्नेसमेत बेहोराको प्रतिवादी अर्जुन महतोले वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष गरेको बयान ।

पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल मुद्दाको पुर्पक्षको लागि मुलुकी ऐन, अ.बं.११८ नं. को देहाय ५ र १० नं. बमोजिम प्रतिवादी अर्जुन महतोले पीडितहरूलाई विदेशसमेत पठाइसकेको देखिँदा मुलुकी ऐन, अ.बं.११८ नं. को देहाय २ अनुसार प्रतिवादी अर्जुन महतोलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्नेसमेत बेहोराको वैदेशिक रोजगार न्यायाधिकरणबाट ०७३।९।३ मा भएको आदेश ।

मैले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमतिपत्र लिएको छैन । अभियोग दाबी झुट्टा हो । मैले जाहेरवालाहरूलाई वैदेशिक रोजगारको लागि कम्बोडियामा पठाइदिन्छु भनी उक्त रकम लिएको होइन । जाहेरी दरखास्तसाथ पेस भएको वैदेशिक रोजगारको कागज मैले गरेको होइन र जाहेरवालाहरूले मेरोउपरमा जाहेरी दिएका छैनन् । जाहेरवालाहरूसँग कसैले कहिले के कामका लागि कति रकम लिए / नलिएको सम्बन्धमा मलाई केही थाहा जानकारी छैन । मैले जाहेरवालाहरूलाई वैदेशिक रोजगारको लागि कम्बोडिया पठाइदिन्छु भनी रकम लिएको छैन । जाहेरवालाहरू र अर्जुन महतोबिच के कस्तो काम कुरा भएको थियो सो सम्बन्धमा मलाई केही थाहा जानकारी छैन भन्नेसमेत बेहोराको प्रतिवादी सिर्जना भुजेल महतोले वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष गरेको बयान ।

पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल मुद्दाको पुर्पक्षको लागि मुलुकी ऐन, अ.बं.११८ नं.को देहाय ५ र १० नं.बमोजिम यी प्रतिवादी सिर्जना भुजेलबाट रू.१,००,०००।- नगद धरौट वा सो बराबरको जेथा दिए, लिई तारेखमा राखिदिनु, नसके कानूनबमोजिम सिधा खान पाउने गरी थुनामा राख्न पठाइदिनु भन्नेसमेत बेहोराको वैदेशिक रोजगार न्यायाधिकरणबाट २०७३।१०।२८ मा भएको आदेश ।

वैदेशिक रोजगार न्यायाधिकरणको २०७३।१०।२८ को आदेशानुसार प्रतिवादी सिर्जना भुजेलले नगद धरौट राखी तारेखमा रहेको ।

प्रतिवादी सिर्जना भुजेल महतो सोझो इमान्दार खेती किसान गरी बस्ने मानिस हुन् । प्रतिवादी अर्जुन महतोले पोल गरेको बाहेक यी प्रतिवादीले वैदेशिक रोजगारको व्यवसाय गरेको भन्ने र गर्ने मानिस हुन् भन्ने कुनै आधार प्रमाण छैन । निजका श्रीमान् वैदेशिक रोजगारका सिलसिलामा आजभन्दा ३/४ वर्षअघि देखि नै विदेश कतारमा बस्नु हुन्छ । यी प्रतिवादी सिर्जना भुजेल गाउँमा खेती गरी बस्ने मानिस

हुँदा वैदेशिक रोजगार कसुर मुद्दामा कुनै संलग्नता छैन र अभियोग दाबीबाट सफाइ पाउनु पर्दछ भन्नेसमेत बेहोराको प्रतिवादी सिर्जना भुजेलका साक्षी अभिलाष भुजेलले वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष गरेको बकपत्र।

प्रतिवादी अर्जुन महतोले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाइदिन्छु भनी कुनै रकम लिएका होइनन्। प्रतिवादीहरूमध्येकै सिर्जना भुजेलले अर्जुन महतोलाई वैदेशिक रोजगारको लागि कम्बोडिया पठाएका हुन् भनी जाहेरवालाहरूलाई पनि यिनै सिर्जना भुजेलले १ महिनापछि पठाएकी रहिछन्। सिर्जना भुजेलले कम्बोडियामा रहेका पुरनकुमार खड्का र अमृत कुँवरमार्फत काम लगाउने भनी चाँजोपाँजो मिलाएको सुनेको थिएँ। यिनै पुरनकुमार खड्का र अमृत कुँवरले त्यहाँ रोजगार दिलाउन नसकेपछि जाहेरवालाहरूसँग नेपाल फर्किएका हुन्। मिति २०७३।२।१९ मा नेपाल फर्की आएपश्चात् गोंगबु बसपार्क गेष्ट हाउसमा राखी बन्धक जस्तो गरी राखी सिर्जना भुजेल तिम्रा नाताका मानिस हुन् तिनैले हामीलाई फसाए, अब तिमीहरूले कागज गर्नुपर्दछ भनी धाक धम्की देखाई यी प्रतिवादीलाई पहिला नै तयार पारी ल्याएको कागजमा जबरजस्ती करकापमा सही गराएको रहेछ। यी प्रतिवादीले जाहेरवालाहरूबाट कुनै रकम खाएका छैनन् भनी प्रतिवादी अर्जुन महतोका साक्षी खेमबहादुर महतोले वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष गरेको बकपत्र।

मैले वैदेशिक रोजगारको लागि कम्बोडिया मुलुकमा सेक्युरिटी गार्डको रूपमा काम गर्न जान भनी सन् २०१६ मे. २४ मा निज प्रतिवादी अर्जुन महतोको हातैमा कम्बोडिया मुलुकको होटलमा बसी रू.७,००,०००।- दिएको हो। रकम दिने बेलामा कुनै कागज गरेको छैन। प्रतिवादी पहिलैदेखि कम्बोडियामा थिए। म पनि पहिले मलेसियामा वैदेशिक रोजगारीमा थिएँ र निजसँग मेरो ससुराली नजिकैको मानिस भएकोले चिनजान पनि थियो। उसले कम्बोडियामा राम्रो तलब हुन्छ भनेकोले मैले मलेसियाको जागिर छोडी आएँ। प्लेन टिकट र भिजिट भिषा मैले आफैँले बनाएर उतै गएपछि रकम बुझाएको हो। सो क्रममा मसँगै अरू २ जना गएका थिए। तर रकम बुझाएपछि पनि निजले क्यासिनोमा पहिले कबुल गरेअनुसार काम लगाउन सकेनन्। कम्बोडियामा वर्क पर्मिट पाउन २४ घण्टा कम्बोडिया छोडी जानुपर्छ भनी भियतनामबाट कम्बोडिया फर्कने कुनै काम बढाएनन्। तर पछि कम्बोडियामा रहेका र काम लगाइदिने भनेका अर्जुन महतोका साथीहरू सम्पर्कविहीन भए भनेपछि घरबाट नै टिकट काटी मलेसिया हुँदै नेपाल फर्किएको हो। नेपाल फर्कने क्रममा अर्जुन महतोलाई पनि सँगै लिएर आएपछि ५ लाख ८० हजारको कागज भरतपुरमा वकिलकोमा गई बनाएको हो। त्यो बिचमा उता कम्बोडियामा पनि खर्च भयो भनी हामीले १ लाख २० हजार घटाई कागज गरेको हो। हामीले ५ महिनामा रकम बुझाउने भनी कागज गरेको तर प्रतिवादी अर्जुन महतो सम्पर्कविहीन भएपछि हामीले उजुर दिएको हो। मैल कुनै रकम फिर्ता पाएको छैन भनी जाहेरवाला विष्णुबहादुर भुजेलले वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष गरेको बकपत्र।

प्रतिवादी अर्जुन महतोले अभियोग दाबीबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० एवं ४३ बमोजिमको कसुर गरेको प्रमाणित हुन आएकोले निजलाई ऐ. ऐनको दफा ४३ बमोजिम ३।०।० (तीन वर्ष) कैद र रू.३,००,०००।- (तीन लाख) जरिवाना हुने तथा जाहेरवालाहरूले अभियोग दाबीबमोजिमको बिगो, हर्जाना र अन्य खर्चसमेत प्रतिवादी अर्जुन महतोबाट भराई पाउने ठहर्छ।

अर्का प्रतिवादी सिर्जना भुजेलका हकमा निजउपरको अभियोग पुष्टि हुने कुनै प्रमाण वादी पक्षबाट दाखिल हुन आएको नदेखिँदा निजले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ भन्नेसमेत बेहोराको मिति २०७४।०५।२६ मा वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला।

प्रस्तुत मुद्दाका प्रतिवादी अर्जुन महतोलाई अभियोग मागदाबीबमोजिम कसुर ठहर भएकाले वैदेशिक रोजगार कसुरको वारदात पुष्टि भएको अवस्था छ। प्रस्तुत मुद्दामा कसुर ठहर भएका प्रतिवादी अर्जुन महतोले जाहेरवालाहरूलाई विदेश पठाउने कार्यमा प्रतिवादी सिर्जना भुजेलको संलग्नता रहेको र जाहेरवालाहरूको रकम सिर्जना भुजेलले नै लिएको हो भनी अनुसन्धानका क्रममा पोल गरेको अवस्था छ । साथै निजले अदालतसमक्ष बयान गर्दा सिर्जना भुजेलको समेत संलग्नतामा जाहेरवालालाई विदेश पठाएको हो भनी बयान गरेबाट निज प्रतवादी सिर्जना भुजेल प्रस्तुत कसुरमा संलग्न रहेको स्पष्ट देखिएको अवस्था छ । प्रतिवादी सिर्जना भुजेल अनुसन्धानका क्रममा फरार रही मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित रही इन्कार बयान गरेको अवस्था छ। जाहेरी दरखास्त एउटा कसुरको सूचनासम्म हो जाहेरी किटानी नै हुनुपर्ने नभई कसुरमा को कस्को के कस्तो संलग्नता रहेको भन्ने अनुसन्धानबाट निर्क्यौल हुने विषय रहेकाले अनुसन्धानबाट प्रतिवादी सिर्जनाको संलग्नता रहेको भनी खुलेको अवस्थामा किटानी जाहेरी नपरेको, प्रतिवादी सिर्जनाले इन्कार बयान गरे तापनि निजलाई प्रतिवादी अर्जुन महतोले पोल गर्नाको कारणसमेत खुलाउन सकेको अवस्था नदेखिएको जस्ता असान्दर्भिक कुरालाई आधार मानी प्रतिवादी सिर्जना भुजेललाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग दाबीबमोजिम गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०७५।०२।०७ मा यस अदालतमा नेपाल सरकारको तर्फबाट दायर भएको पुनरावेदनपत्र।

ठहर खण्ड

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री प्रकाश गौतमले प्रस्तुत मुद्दामा कसुर ठहर भएका प्रतिवादी अर्जुन महतोले जाहेरवालाहरूलाई विदेश पठाउने कार्यमा प्रतिवादी सिर्जना भुजेलको संलग्नता रहेको र जाहेरवालाहरूको रकम सिर्जना भुजेलले नै लिएको हो भनी अनुसन्धानका क्रममा पोल गरेको अवस्था छ । साथै निजले अदालतसमक्ष बयान गर्दा सिर्जना भुजेलको समेत संलग्नतामा जाहेरवालालाई विदेश पठाएको हो भनी बयान गरेबाट निज प्रतिवादी सिर्जना भुजेल प्रस्तुत कसुरमा संलग्न रहेको स्पष्ट देखिएको अवस्था छ । अनुसन्धानबाट प्रतिवादी सिर्जनाको संलग्नता रहेको भनी खुलेको अवस्थामा किटानी जाहेरी नपरेको, प्रतिवादी सिर्जनाले इन्कार बयान गरे तापनि निजलाई प्रतिवादी अर्जुन महतोले पोल गर्नाको कारणसमेत खुलाउन सकेको अवस्था नदेखिएको जस्ता असान्दर्भिक कुरालाई आधार मानी प्रतिवादी सिर्जना भुजेललाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग दाबीबमोजिम गरिपाउँ भनी बहस गर्नुभयो।

वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताको उपर्युक्तानुसारको बहस जिकिरसमेत सुनी प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी हेर्दा, प्रतिवादीहरू अर्जुन महतो र सिर्जना भुजेलको आपसी मिलेमतोमा वैदेशिक रोजगार व्यवसाय गर्न पाउने इजाजत अनुमतिपत्र नलिई जाहेरवालाहरू लालबहादुर वटाला, अर्जुनबहादुर पौडेल, विष्णुबहादुर भुजेल र मेघनाथ महतोसमेतलाई

वैदेशिक रोजगारको लागि कम्बोडिया पठाइदिन्छु भनी प्रतिव्यक्ति रू.५,८०,०००।- रकम बुझिलिई भनेबमोजिमको रोजगारीमा नपठाई बुझिलिएको रकमसमेत फिर्ता नगरेको हुँदा निज प्रतिवादीहरूको उक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर अपराध गरेको हुँदा निज प्रतिवादीलाई सोही ऐनको दफा ४३ बमोजिम सजाय गरी, प्रतिवादीहरूले जाहेरवालाहरूबाट लिए खाएको बिगो रकम र सोको ५० प्रतिशतले हुन आउने हर्जाना रकमसमेत प्रतिवादीहरूबाट जाहेरवालाहरूलाई दिलाई भराइपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको अभियोग दाबी रहेको प्रस्तुत मुद्दामा वैदेशिक रोजगार न्यायाधिकरणबाट प्रतिवादी सिर्जना भुजेलका हकमा निजउपरको अभियोग पुष्टि हुने कुनै प्रमाण वादी पक्षबाट दाखिल हुन आएको नदेखिँदा निजले अभियोग दाबीबाट सफाइ पाउने ठहरी भएको फैसलाउपर वादी नेपाल सरकारले चित्त नबुझाई प्रस्तुत मुद्दामा अभियोग दाबीबमोजिम कसुर ठहर भएका प्रतिवादी अर्जुन महतोले जाहेरवालाहरूलाई विदेश पठाउने कार्यमा प्रतिवादी सिर्जना भुजेलको संलग्नता रहेको र जाहेरवालाहरूको रकम सिर्जना भुजेलले नै लिएको हो भनी अनुसन्धानका क्रममा पोल गरेको, निजले अदालतसमक्ष बयान गर्दा सिर्जना भुजेलको समेत संलग्नतामा जाहेरवालालाई विदेश पठाएको हो भनी बयान गरेको, अनुसन्धानबाट समेत प्रतिवादी सिर्जनाको संलग्नता रहेको भनी खुलेको अवस्थामा प्रतिवादी सिर्जना भुजेललाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग दाबीबमोजिम गरिपाउँ भनी प्रस्तुत पुनरावेदन गरेको देखियो।

प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी हेर्दा, प्रस्तुत मुद्दामा अभियोग दाबीबमोजिम कसुर ठहर भएका प्रतिवादी अर्जुन महतोको पुनरावेदन गर्ने म्यादभित्र पुनरावेदन नपरेकोले निजको हकमा केही बोलिरहनु परेन।

अब, सुरु अदालत वैदेशिक रोजगार न्यायाधिकरणबाट प्रतिवादी सिर्जना भुजेललाई सफाइ दिने गरी मिति २०७४।०५।२६ मा भएको फैसला मिलेको छ, छैन ? पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादी सिर्जना भुजेलले जाहेरी दरखास्तसाथ पेस भएको वैदेशिक रोजगारको कागज मैले गरेको होइन र जाहेरवालाहरूले मेरोउपरमा जाहेरी दिएका छैनन्। जाहेरवालाहरूसँग कसले कहिले के कामका लागि कति रकम लिए / नलिएको सम्बन्धमा मलाई केही थाहा जानकारी छैन। मैले जाहेरवालाहरूलाई वैदेशिक रोजगारको लागि कम्बोडिया पठाइदिन्छु भनी रकम लिएको छैन। जाहेरवालाहरू र अर्जुन महतोबिच के कस्तो काम कुरा भएको थियो सो सम्बन्धमा मलाई केही थाहा जानकारी छैन भन्नेसमेत बेहोरा उल्लेख गरी वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। यी प्रतिवादी सिर्जना भुजेलउपर जाहेरवालाहरूले किटानी गरी जाहेरी दिएको देखिँदैन। त्यसैगरी २०७३।०२।२१ मा कृष्णकुमार महतोको रोहवरमा भएका वैदेशिक रोजगारसम्बन्धी लिखतहरूमा यी प्रतिवादी सिर्जना भुजेलको नाम उल्लेख भएको मिसिल संलग्न लिखतहरूबाट देखिँदैन। जाहेरवाला विष्णुबहादुर भुजेलले वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष उपस्थित भई बकपत्र गर्दा रकम मैले प्रतिवादी अर्जुन महतोलाई दिएको हुँ निजले कसलाई दिए थाहा भएन भनी उल्लेख गरेको तर यी प्रतिवादी सिर्जना भुजेलको नाम लिन सकेको

देखिँदैन । त्यस्तै २०७३।०२।२१ को लिखतका साक्षी कृष्णकुमार महतोले समेत प्रतिवादी अर्जुन महतोले जाहेरवालाहरू लालबहादुर वटाला, अर्जुनबहादुर पौडेल, विष्णुबहादुर भुजेल र मेघनाथ महतोसमेतलाई वैदेशिक रोजगारको लागि कम्बोडिया पठाइदिने भनी प्रतिव्यक्ति रू.५,८०,०००।- बुझिलिई गरिदिएको कागजमा मसमेत साक्षी बसी सहीछाप गरिदिएको ठिक साँचो हो भन्नेसमेत बेहोराको अनुसन्धान अधिकृतसमक्ष कागज गरिदिएको तर प्रतिवादी सिर्जना भुजेलले वैदेशिक रोजगारीका लागि जाहेरवालाहरूबाट रकम बुझिलिएको भनी जिकिरसम्म लिन सकेको अवस्था मिसिल संलग्न सो कागजबाट देखिँदैन । यसरी केवल प्रतिवादी अर्जुन महतोको बयान पोलका आधारमा मात्र प्रस्तुत मुद्दामा सिर्जना भुजेललाई प्रतिवादी कायम गरेको देखिन आयो । प्रतिवादी अर्जुन महतोले आफूसहित जाहेरवालाहरूको रकम लिएको भनी सिर्जना भुजेलउपर पोल गरी बयान गरे तापनि सिर्जना भुजेलले आरोपित कसुरमा पूर्णरूपमा इन्कार रहेकी र २०७३।०२।२१ को लिखतमा समेत प्रतिवादी अर्जुन महतोले नै जाहेरवालाहरूलाई वैदेशिक रोजगारीका लागि कम्बोडिया पठाइदिने भनी रकम बुझिलिएको भन्ने किटानीसाथ उल्लेख भएकोसमेत देखिन्छ ।

३. सामान्यतया सहप्रतिवादीको बयान पोलका आधारमा मात्र कोही कसैलाई कसुर गरेको ठहर गर्न प्रमाणमा ग्रहण गरिँदैन तर सो सबै अवस्थामा लागु हुन्छ भन्ने हुँदैन । वारदातको अवस्था र स्थिति तथा त्यस्तो बयानलाई अन्य स्वतन्त्र कागज प्रमाणहरूले समर्थन गरेको अवस्था भएमा प्रमाणमा लिन सकिने नै हुन्छ । वस्तुनिष्ठ प्रमाणको अभावमा आरोप लगाइएको आधारमा मात्र कसैलाई फौजदारी कसुरको कसुरदार मान्न मिल्दैन । कुनै अपराधमा आरोपित व्यक्तिको संलग्नता प्रमाणले जुन तहसम्म पुष्टि गर्दछ सोही तहसम्मको कानूनले तोकेको सजाय कसुरदारले भोग्नुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा सहप्रतिवादी अर्जुन महतोले सिर्जना भुजेलले नै जाहेरवालाहरूबाट माग दाबीबमोजिमको रकम बुझी भनेबमोजिम वैदेशिक रोजगारमा नपठाएको र जाहेरवालाहरूले आफूलाई जबरजस्ती कागज गराएको भनी सिर्जना भुजेलउपर पोल गरेको बयान मिसिल संलग्न कुनै पनि स्वतन्त्र कागज प्रमाणबाट पुष्टि हुन सकेको देखिएन । प्रतिवादी सिर्जना भुजेलउपर मौकामा किटानी जाहेरी नपरेको, प्रतिवादी सिर्जना भुजेलले आरोपित कसुरमा पूर्णरूपमा इन्कार रही गरेको बयान, २०७३।०२।२१ गते गरेको वैदेशिक रोजगारको लिखतमा यी प्रतिवादी सिर्जना भुजेलको नामसम्म उल्लेख नभएको, जाहेरवाला तथा २०७३।०२।२१ का लिखतहरूका साक्षी कृष्णबहादुर महतोलगायतका व्यक्तिहरूले समेत प्रतिवादी सिर्जना भुजेलले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा कम्बोडिया पठाइदिने भनी रकम बुझेको भनी जिकिर लिनसम्म नसकेको अवस्थामा प्रमाणबिना नै सिर्जना भुजेललाई प्रतिवादी कायम गरिएको देखिँदा वादी पक्षबाट यी प्रतिवादी सिर्जना भुजेलले आरोपित कसुर गरेको पुष्टि हुने कुनै पनि वस्तुनिष्ठ सबुत प्रमाण पेस गर्न सकेको नदेखिँदा प्रमाणको अभावमा प्रतिवादी सिर्जना भुजेललाई कसुरदार ठहर गरी सजाय गर्न मिल्ने आधार देखिन आएन ।

४. तसर्थ, प्रतिवादी सिर्जना भुजेलउपर मौकामा किटानी जाहेरी नपरेको, प्रतिवादी सिर्जना भुजेलले आरोपित कसुरमा पूर्णरूपमा इन्कार रही गरेको बयान, २०७३।०२।२१ गते गरेको वैदेशिक रोजगारको लिखतमा यी प्रतिवादी सिर्जना भुजेलको नामसम्म उल्लेख नभएको, जाहेरवाला तथा २०७३।०२।२१ का लिखतहरूका साक्षी कृष्णबहादुर

महतोलगायतका व्यक्तिहरूले समेत प्रतिवादी सिर्जना भुजेलले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा कम्बोडिया पठाइदिने भनी रकम बुझेको भनी जिकिर लिनसम्म नसकेको र सहप्रतिवादी अर्जुन महतोले यी प्रतिवादी सिर्जना भुजेलको समेत संलग्नता रहेको भनी निजउपर गरेको बयान पोल मिसिल संलग्न कुनै पनि स्वतन्त्र कागज प्रमाणबाट पुष्टि हुन नसकेकोले वस्तुनिष्ठ सबुत प्रमाणको अभाव देखिँदा वैदेशिक रोजगार न्यायाधिकरणबाट यी प्रतिवादी सिर्जना भुजेलका हकमा निजउपरको अभियोग पुष्टि हुने कुनै प्रमाण वादी पक्षबाट दाखिल हुन आएको नदेखिँदा निजले अभियोग दाबीबाट सफाइ पाउने ठहरी भएको फैसला मिलेकै देखिन आयो।

५. अतः माथि उल्लिखित आधार र कारणबाट प्रतिवादी सिर्जना भुजेलका हकमा निजउपरको अभियोग पुष्टि हुने कुनै प्रमाण वादी पक्षबाट दाखिल हुन आएको नदेखिँदा निजले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ भनी मिति २०७४।५।२६ मा वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत फैसलाको विद्युतीय प्रति अभिलेख गरी मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.पुरूषोत्तम भण्डारी

इजलास अधिकृत : कृष्णप्रसाद अधिकारी
इति संवत् २०७६ साल पुष १६ गते रोज ४ शुभम्।

&&& 📖 &&&

## निर्णय नं. १०६८०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश श्री नहकुल सुवेदी
आदेश मिति : २०७८।३।१४
०७७-WH-०४००

विषयः बन्दीप्रत्यक्षीकरण

निवेदक : भारत देश बिहार राज्य, समस्तीपुर जिल्ला, हवासपुर ग्राम पञ्चायत घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१२ डेरा गरी बस्ने हाल महानगरीय प्रहरी वृत्त, कालीमाटी, काठमाडौंमा गैरकानूनी थुनामा रहेको राजेन्द्र कुमारसमेत

विरूद्ध

विपक्षी : महानगरीय प्रहरी वृत्त, कालीमाटी, काठमाडौंसमेत

- **प्रचलित कानूनबमोजिम मुद्दा हेर्ने अधिकारीबाट कसुर अनुसन्धानको लागि हिरासतमा राख्ने म्याद थप गरी साधिकार निकायबाट मुद्दाको अनुसन्धान तहकिकात भइरहेको हुँदा प्रचलित कानूनले अनुसन्धान अधिकारीलाई कसुर अनुसन्धान गर्न तोकेको कर्तव्यमा बाधा पुग्ने गरी तथा मुद्दा हेर्ने निकायको साधारण क्षेत्राधिकारको बाटो अवरूद्ध हुने गरी असाधारण क्षेत्राधिकारभित्र प्रवेश गरी मातहतका मुद्दा हेर्ने निकायलाई कानूनबमोजिम प्रदान**

**गरिएको प्रक्रियाबमोजिमका कार्यविधिहरू प्रयोग गर्नमा हस्तक्षेप गर्नु औचित्यपूर्ण नहुने ।**

(प्रकरण नं.३)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता नागेश्वरप्रसाद चौधरी, श्री पारसमणी भट्टराई, श्री सन्तोष भण्डारी, डा.श्री शिवकुमार यादव, श्री गोविन्दराज वसौला, श्री नवराज पाण्डे र श्री जनकसिंह साउद

विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री शान्तिप्रसाद लुइँटेल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- मुलुकी अपराध संहिता, २०७४

आदेश

**न्या.नहकुल सुवेदी :** नेपालको संविधानको धारा ४६ तथा १३३(२) र (३) बमोजिम यस अदालतको अधिकार क्षेत्रअन्तर्गतको भई दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छः

तथ्य खण्ड

म निवेदक कानून व्यवसायी हुँ । मैले सुशासनको पक्षमा पैरवी गर्दै आइहेको छु । विपक्षी महानगरीय प्रहरी वृत्त, कालीमाटी र सो कार्यायलका प्रमुख डिएसपीले दुईजना नाबालक राजेन्द्रकुमार र राजुकुमारलाई मिति २०७८।०२।३० गते जरूरी पक्राउ पुर्जी तथा थुनुवा पुर्जीसमेत नदिई गैरकानूनी तवरले पक्राउ गरी महानगरीय प्रहरी वृत्त, कालीमाटीमा लगी साधिकार निकायबाट म्याद थपसमेत नगरी हालसम्म पनि गैरकानूनी थुनामा राखी नेपालको संविधानको धारा २० प्रदत्त न्यायसम्बन्धी हकमा आघात पुऱ्याएको तथा नेपालको संविधानको धारा २० को उपधारा १ विपरीत निज गैरकानूनी थुनामा रहेकाहरूलाई कुनै पनि पक्राउ भएको कारणसहितको सूचनासमेत नदिई थुनामा राखी नेपालको संविधानको धारा २० को उपधारा (३) बमोजिम पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्यादबाहेक चौबिस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने छ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन भनी गरिएको संवैधानिक व्यवस्था प्रतिकूल र नेपालको संविधानको धारा २० को उपधारा ४, उपधारा ८, ९ विपरीत विपक्षीहरूले हालसम्म पनि मौखिक भरमा कुनै अपराधबिना गैरकानूनी थुनामा राखी निज राजेन्द्रकुमार र राजु कुमारलाई जरूरी पक्राउ पुर्जी एवं थुनुवा पुर्जी नदिई थुनामा राख्ने विपक्षीहरूको कार्य गैरसंवैधानिक भएकोले निजहरूलाई तत्काल थुनामुक्त गर्नु, गराउनु भनी विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी पाउन देहायका प्रकरणहरूमा निम्न बेहोराको निवेदन गर्दछु ।

विपक्षी महानगरीय प्रहरी वृत्त, कालीमाटी, काठमाडौंबाट खटिएका नचिनिएका प्रहरीहरूले राजेन्द्रकुमार र राजु कुमारलाई मिति २०७८।०२।३० गते कलंकी स्थित सुशिलको कवाडबाट विनाकारण पक्राउ गरी पक्राउ पुर्जी र थुनुवा पुर्जीसमेत नदिई हालसम्म महानगरीय प्रहरी वृत्त, कालीमाटीमा विगत ३ दिनदेखि के कुन अपराधमा थुनामा राखेको हो सोबारेमा कुनै जानकारी नदिई गैरकानूनी थुनामा राखेको रहेछ । यसरी विपक्षीहरूले निज राजेन्द्रकुमार र राजुकुमारलाई गैरकानूनी थुनामा राखेको कार्य नेपालको संविधानको धारा १६ ले प्रदान गरेको सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ प्रदत्त स्वतन्त्रताको हक, धारा १८

प्रदत्त समानताको हक र धारा २० प्रदत्त न्यायसम्बन्धी हकको ठाडो उल्लङ्घन हुन गई विपक्षीहरूको कार्य गैरकानूनी थुना भई नेपालको संविधान र प्रचलित नेपाल कानूनविपरीत एवं ने.का.प. २०७६, अङ्क ६, नि.नं. १०२८१, ने.का.प. २०७६, अङ्क ७, नि.नं. १०३०९, ने.का.प. २०७५, अङ्क ५, नि.नं. १००२०, नि.नं. १०२८१, ने.का.प. २०७१, अङ्क ९, नि.नं. ९२४७, ने.का.प. २०६८, अङ्क ८, नि.नं. ८६७२, ने.का.प. २०६३, अङ्क ३, नि.नं. ७६७२ मा प्रतिपादित नजिर सिद्धान्तसमेतको प्रतिकूल हुन गएको हुँदा विपक्षीहरूको उक्त कार्यले थुनामा रहेका नाबालकहरूको वैयक्तिक स्वतन्त्रताको ठाडो हनन हुन गएकोले निजहरूलाई गैरकानूनी थुनाबाट तत्काल थुनामुक्त गर्नु, गराउनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी पाउन निजलाई थुनामुक्त गराउने अन्य वैकल्पिक कानूनी उपचारको बाटो नभएको हुँदा विपक्षीहरूको गैरकानूनी थुनाबाट निज राजेन्द्रकुमार र राजुकुमारलाई तत्काल थुनामुक्त गरी पाउन नेपालको संविधानको धारा ४६ एवं धारा १३३ को उपधारा १ र २ तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३३(१) बमोजिम निज स्वयंले निवेदन दिन सक्ने अवस्था नभएकोले म कानून व्यावसायी भई सो सम्बन्धमा जानकारी राख्ने सरोकारवाला व्यक्ति भएकोले बन्दीको हकमा प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदन लिई सम्मानित अदालतमा उपस्थित भएको छु । अतः निज राजेन्द्रकुमार र राजुकुमारलाई विपक्षीहरूको गैरकानूनी थुनाबाट तत्काल थुनामुक्त गरी पाउन पाउन निवेदन गर्दछु भन्नेसमेत बेहोराको निवेदनपत्र।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारणसहित बाटाको म्यादबाहेक म्याद सूचना पाएका मितिले २४ घण्टाभित्र विद्युतीय माध्यमद्वारा महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतीत भएपछि महान्यायाधिवक्ताको कार्यालयलाई पेसीको जानकारी दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७८।३।२ को आदेश।

मिति २०७८।२।३१ गते दिउँसो अं.१५:०० बजेको समयमा जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं.१४ कलङ्की स्थितमा केही मानिसहरूले हो-हल्ला गरी अशान्ति गरेका छन् भन्ने सूचनाको आधारमा मसमेतको प्रहरी टोलीसम्बन्धित स्थानमा खटी गई वस्तुस्थिति बुझ्दा पछि खुल्न आएका देश भारत विहार समस्तीपुर सखराइभाना वडा नं.३ राजपुर घर भई काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१४ कलङ्की बस्ने वर्ष १९ को राजेन्द्र पोदार नाम बताउने व्यक्तिले सार्वजनिक स्थानमा होहल्ला गरिरहेको अवस्थामा फेला पारी मसमेतको प्रहरी टोलीले सम्झाई बुझाई गर्दा उल्टै गाली गलौज धाकधम्की दिई डिउटीमा बाधा अवरोध पुऱ्याएको हुँदा निजलाई जरूरी पक्राउ पुर्जी दिई सोही ठाउँबाट पक्राउ गरी आवश्यक कारबाहीको लागि यसै प्रतिवेदनसाथ दाखिला गरेका छौं कानूनबमोजिम गरिपाउँ भन्ने बेहोराको प्र.स.नि.कुमार नेपालीसमेतको प्रतिवेदनसाथ दाखिला हुन आएको हुँदा निज राजेन्द्र पोदारउपर मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद ५ सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरूद्धका कसुर महलको दफा ११८ को कसुरमा कारबाही गर्नुपर्ने मनासिब कारण देखिएकाले निजलाई मिति २०७८।०३।०१ गते जिल्ला प्रशासन

कार्यालय, काठमाडौंमा उपस्थित गराई जरूरी पक्राउ पुर्जी स्वीकृत गराई जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंमार्फत मुद्दा हेर्ने अधिकारी जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा उपस्थित गराई पक्राउ मिति २०७८।०२।३१ गतेबाटै लागु हुने गरी दिन ५(पाँच) को म्याद थप अनुमति लिई हिरासतमा राखिएको हो। सो म्यादमा बयान गराउनेसम्मको कार्य सम्पन्न भई बाँकी अनुसन्धान कार्य भइरहेको तथा राजुकुमारलाई अनुसन्धानको क्रममा नियन्त्रणमा लिइएकोमा निजको कुनै किसिमको संलग्नता नदेखिएको हुँदा निजलाई आफन्तको जिम्मा लगाई पठाइएको जिम्मा लगाइएको कागजसमेत यसैसाथ संलग्न राखिएको छ।

विपक्षी रिट निवेदक नागेन्द्रप्रसाद चौधरीले आफ्नो रिट निवेदनमा जिकिर गरेबमोजिम राजेन्द्र पोदार र राजु पोदारलाई सुशिलको कवाडबाट पक्राउ पुर्जी जारी नगरी पक्राउ गरी यस वृत्तको हिरासतमा राखी शारीरिक मानसिक यातना दिई गैरकानूनीरूपमा हिरासतमा राखिएको होइन। निजहरूलाई काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१४ कलंकी स्थित सार्वजनिक सडक खण्डबाट नियन्त्रणमा लिइएको हुँदा नितान्त कपोल कल्पित एवं झुट्टा बेहोरा उल्लेख गरी यस कार्यालयसमेतलाई विपक्षी बनाई दिएको उक्त नं. ०७७-WH-०४०० को बन्दीप्रत्यक्षीकरण निवेदन बेहोरा आधारहीन छ, यस वृत्त तथा वृत्त प्रमुखको हकमा खारेज गरी कानूनबमोजिम हुन सम्बन्धित मिसिल कागजातको प्रमाणित प्रतिलिपिसहित लिखित जवाफ प्रस्तुत गरिएको बेहोरा सादर अनुरोध गरिएको छ भन्नेसमेत बेहोराको महानगरीय प्रहरी वृत्त, कालीमाटी, काठमाडौं तथा ऐ.वृत्तका प्रमुखसमेतको तर्फबाट यस अदालतमा पर्न आएको लिखित जवाफ।

यसमा निवेदकहरूलाई अनुसन्धानका लागि जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट थुनामा राख्ने अनुमति लिई थुनामा राखेको देखियो। तर यसरी थुनामा राख्ने आदेश गर्ने निकाय वा सोका पदाधिकारीलाई प्रत्यर्थी कायम गरी रिट निवेदन परेको देखिएन। विवादित प्रश्नका सन्दर्भमा हेर्दा, निवेदकलाई थुनामा राख्ने गरी आदेश दिने जिल्ला प्रशासन कार्यालय, काठमाडौंलाई प्रत्यर्थी कायम गर्नु आवश्यक देखिएकाले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३४(४) बमोजिम सो कार्यालयलाई प्रत्यर्थी कायम गरी कारण देखाउ आदेश जारी गर्नु मनासिब देखियो। अतः यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए सोको आधार र कारण खुलाई बाटोको म्यादबाहेक ३(तीन) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी जिल्ला प्रशासन कार्यालय, काठमाडौंका नाउँमा सूचना म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतीत भएपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७८।३।६ को आदेश।

रिट निवेदक राजेन्द्रकुमार भन्ने राजेन्द्र पोदारलाई महानगरीय प्रहरी वृत्त, कालीमाटी, काठमाडौंले मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद ५ को सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरूद्धका कसुरअन्तर्गत दफा ११८ बमोजिम अभद्र व्यवहार कसुर अपराधमा पक्राउ गर्न अनुमति माग गरिएकोमा यस कार्यालयको मिति २०७८।०३।०१ गते निजलाई जरूरी पक्राउ पुर्जी जारी गरेकोमा मिति २०७८।०२।३१ गतेबाटै लागु हुने गरी प्रतिवादी राजेन्द्र पोदारको हकमा पहिलो पटक ५ दिन र दोस्रो पटक मिति २०७४।०३।०६

गते सोही मितिबाट लागु हुने गरी दोस्रो पटक ५ दिन म्याद दिई अनुसन्धानको कार्य गर्न दिइएकोमा निजको हकमा कानूनी कारबाही भइरहेको हुँदा निज राजेन्द्र कुमार गैरकानूनीरूपमा थुनामा रहेको नदेखिँदा र रिट निवेदनमा उल्लिखित अर्का रिट निवेदक राजुकुमारको नाममा यस कार्यालयबाट कुनै म्याद थप गर्ने तथा पक्राउ पुर्जी जारी गर्ने कार्य नभएको हुँदा रिट निवेदकहरूको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ भन्नेसमेत बेहोराको जिल्ला प्रशासन कार्यालय, काठमाडौंको तर्फबाट यस अदालतमा पर्न आएको लिखित जवाफ।

आदेश खण्ड

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकहरूका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता नागेश्वरप्रसाद चौधरी, श्री पारसमणी भट्टराई, श्री सन्तोष भण्डारी, डा.श्री शिवकुमार यादव, श्री गोविन्दराज वसौला, श्री नवराज पाण्डे र श्री जनकसिंह साउदले विपक्षी महानगरीय प्रहरी वृत्त कालीमाटी काठमाडौंबाट खटिएका नचिनिएका प्रहरीहरूले निवेदक राजेन्द्रकुमार र राजुकुमारलाई मिति २०७८।०२।३० गते कलङ्कीस्थित सुशिलको कवाडबाट विनाकारण पक्राउ गरी पक्राउ पुर्जी र थुनुवा पुर्जीसमेत नदिई हालसम्म महानगरीय प्रहरी वृत्त कालिमाटीमा गैरकानूनीरूपमा थुनामा राखेको अवस्था छ। यसरी विपक्षीहरूले नेपालको संविधानको धारा १६, १७, १८, २० को ठाडो उल्लङ्घन गरी नेपालको संविधान र कानूनको विपरीत एवं सम्मानित अदालतबाट प्रतिपादित सिद्धान्तसमेत विपरीत थुनामा राख्ने कार्यले हाम्रा पक्ष नाबालकहरूको वैयक्तिक स्वतन्त्रताको हनन हुन गएकोले निवेदकहरूलाई गैरकानूनी थुनाबाट तत्काल मुक्त गर्नु, गराउनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी बहस गर्नुभयो।

विपक्षीहरू तर्फबाट उपस्थित हुनुभएका विद्वान् उपन्यायाधिवक्ता श्री शान्तिप्रसाद लुँइटेलले मिति २०७८।२।३१ गते दिउँसो अ.१५ बजेको समयमा काठमाडौं- १४ स्थित कलंकीमा केही मानिसहरूले होहल्ला गरी अशान्ति गरेका छन् भन्ने सूचनाका आधारमा यी निवेदक राजेन्द्र पोदारलाई खटिएका प्रहरी टोलीले सम्झाउँदा बुझाउँदा गाली गलौज गरी डिउटीमा बाधा अवरोध पुऱ्याएकोले पक्राउ गरेको हो । निजलाई सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता कसुरमा कारबाही गर्नुपर्ने देखिएकोले निजलाई मिति २०७८।०३।०१ गते श्री जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा उपस्थित गराई जरूरी पुर्जी स्वीकृत गराई मिति २०७८।२।३१ गतेबाटै लागु हुने गरी म्याद थप गराई कानूनबमोजिम हिरासतमा राखिएको छ। अर्का निवेदक राजुकुमारलाई अनुसन्धानको क्रममा नियन्त्रणमा लिइएकोमा निजको संलग्नता नदेखिँदा आफन्तको जिम्मा लगाई पठाइएको छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ (६) को कार्यविधि पालना गरिएको छ। यसरी अनिवार्यरूपमा पालना गर्नुपर्ने कार्यविधि पालना गरी जिल्ला प्रशासन कार्यालयबाट पटकपटक म्याद थप गरी रीतपूर्वक थुनामा बसेको व्यक्तिलाई गैरकानूनी थुनामा राखेको भन्न मिल्दैन। निवेदन दाबीबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भनी बहस गर्नुभयो।

निवेदकहरू राजेन्द्रकुमार र राजुकुमारलाई मिति २०७८।२।३१ गते जरूरी पक्राउ पुर्जी र थुनुवा पुर्जीसमेत नदिई गैरकानूनी तवरले पक्राउ गरी महानगरीय प्रहरी वृत्त कालीमाटीमा लगी साधिकार

निकायबाट म्याद थपसमेत नगरी हालसम्म गैरकानूनी थुनामा राखी नेपालको संविधानको धारा १६ ले प्रदान गरेको सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ ले प्रदान गरेको स्वतन्त्रताको हक, धारा १८ ले प्रदान गरेको समानताको हक र धारा २० ले प्रदान गरेको न्यायसम्बन्धी हकको हनन हुन गएकोले निजहरूलाई गैरकानूनी थुनाबाट तत्काल थुनामुक्त गर्नु, गराउनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने मुख्य निवेदन दाबी र निज निवेदकमध्येका राजेन्द्र पोदारउपर मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद ५ सार्वजनिक हित, स्वास्थ, सुरक्षा, सुविधा र नैतिकता विरूद्धका कसुर महलको दफा ११८ को कसुरमा कारबाही गर्नुपर्ने मनासिब कारण देखिएकोले निजलाई जरूरी पक्राउ पुर्जी दिई पक्राउ गरी मिति २०७८।३।१ गते जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा उपस्थित गराई जरूरी पक्राउ पुर्जी स्वीकृत गरी गराई पक्राउ मिति २०७८।२।३१ बाटै म्याद थप अनुमति लिई दिई म्याद थप भएबमोजिम न्यायिक हिरासतमा राखिएको हुँदा र अर्का निवेदक राजु पोदारलाई पक्राउ गरिएकोमा कसुरमा संलग्नता नदेखिएको हुँदा आफन्तको जिम्मा लगाई हिरासतबाट छाडिसकेको अवस्था हुँदा बन्दीप्रत्यक्षीकरणको रिट जारी हुनुपर्ने होइन भन्ने लिखित जवाफ देखियो।

उपर्युक्त तथ्य भएको प्रस्तुत रिट निवेदनमा दुवैतर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूको तर्कपूर्ण बहस जिकिरसमेत सुनी निवेदकहरूको मागबमोजिक बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. अब निर्णयतर्फ विचार गर्दा, यी निवेदकहरूमध्येका राजेन्द्रकुमार पोदारलाई महानगरीय प्रहरी वृत्त, कालीमाटीले मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद ५ अन्तर्गतको अभद्र व्यवहार कसुरमा जरूरी पक्राउ पुर्जी दिई पक्राउ गरी जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट जरूरी पक्राउ पुर्जी स्वीकृत गराई अनुसन्धानको लागि म्याद थप गरी गराई हिरासतमा राखेको भन्ने लिखित जवाफ बेहोरा देखिन्छ । लिखित जवाफसाथ पेस भएका कागजातहरूको प्रतिलिपिबाट मिति २०७८।३।१ गते निजका नाउँमा जरूरी पक्राउ पुर्जी समर्थित गरिएको र मिति २०७८।२।३१ गतेबाटै लागु हुने गरी पहिलो पटक ५ दिन र मिति २०७८।३।६ गते सोही मितिबाट लागु हुने गरी दोस्रो पटक ५ दिन म्याद थप गरी अनुसन्धानको कार्य गर्न अनुमति दिइएकोमा तदनुरूप अनुसन्धान तहकिकातको कार्य भइरहेको देखिन आउँछ । लिखित जवाफको बेहोरा र सोसँग पेस भएको जरूरी पक्राउ पुर्जी एवम् म्याद थपको कागजको प्रतिलिपिबाट यी निवेदक राजेन्द्रकुमारलाई कसुर अनुसन्धानका लागि पक्राउ गर्दा वा हिरासतमा राख्दा अनिवार्यरूपमा पालना गर्नुपर्ने कार्यविधिको पालना नगरी पक्राउ गरेको वा मुद्दा हेर्ने अधिकारीबाट म्याद थप नगरी बेरितपूर्वक हिरासतमा राखेको भन्ने देखिन आउँदैन । यी रिट निवेदकले रिट निवेदनमा एवम् निजका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले समेत उक्त कुराको जिकिर लिन सकेको देखिँदैन। यसैगरी अर्का निवेदक राजुकुमारलाई अनुसन्धानको क्रममा नियन्त्रणमा लिइएकोमा निजको संलग्नता नदेखिएको हुँदा निजलाई आफन्तको जिम्मा लगाइएको भन्ने बेहोरा विपक्षी महानगरीय प्रहरी वृत्त कालीमाटीसमेतको लिखित जवाफमा उल्लेख भएको र विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंको लिखित जवाफबाट समेत निज राजुकुमारको नाममा कुनै पक्राउ पुर्जी जारी गर्ने तथा म्याद थप गर्ने कार्य भए गरेको छैन भन्ने उल्लेख भएको देखिँदा हाल निज थुनामा रहेको भन्ने देखिएन।

३. वस्तुत: बन्दीप्रत्यक्षीकरण असाधारण अधिकारक्षेत्रको विषय भएकोले बन्दीप्रत्यक्षीकरणको निवेदनको रोहबाट मिसिलमा रहेको तथ्य प्रमाणको मूल्याङ्कन गरी थुनाको उपयुक्तताको परीक्षण हुन सक्दैन । यसबाट बन्दीलाई थुनामा राख्दा अनिवार्यरूपमा पालना गर्नुपर्ने कार्यविधिको पालना नगरी वा अन्य कुनै प्रकारले बेरितपूर्वक थुनामा राखेको छ वा छैन भनी थुनाको वैधतासम्म जाँच गरिने हो । प्रचलित कानूनबमोजिम मुद्दा हेर्ने अधिकारीबाट कसुर अनुसन्धानको लागि हिरासतमा राख्ने म्याद थप गरी साधिकार निकायबाट मुद्दाको अनुसन्धान तहकिकात भइरहेको हुँदा प्रचलित कानूनले अनुसन्धान अधिकारीलाई कसुर अनुसन्धान गर्न तोकेको कर्तव्यमा बाधा पुग्ने गरी तथा मुद्दा हेर्ने निकायको साधारण क्षेत्राधिकारको बाटो अवरूद्ध हुने गरी असाधारण क्षेत्राधिकारभित्र प्रवेश गरी मातहतका मुद्दा हेर्ने निकायलाई कानूनबमोजिम प्रदान गरिएको प्रक्रियाबमोजिमका कार्यविधिहरू प्रयोग गर्नमा हस्तक्षेप गर्नु औचित्यपूर्ण हुँदैन । प्रस्तुत रिट निवेदनमा निवेदकले दाबी गरे जस्तो निवेदकलाई पक्राउ पुर्जी र थुनुवा पुर्जी नदिइएको एवम् मुद्दा हेर्ने अधिकारीसमक्ष पेस गरी म्याद थप नगरेको भन्ने अवस्था देखिन नआई प्रचलित कानूनबमोजिम अख्तियारप्राप्त निकायबाट पक्राउ पुर्जी जारी गर्नेलगायतका कार्यविधि पूरा गरी मुद्दा हेर्ने अधिकारीबाट कसुरमा अनुसन्धान तहकिकात भई हिरासतमा राख्ने म्याद थपसमेत गरी गराई कसुरको अनुसन्धान तककिकात भइरहेको भन्ने देखिन आयो ।

४. यसप्रकार निवेदकमध्येका राजेन्द्रकुमारलाई अभद्र व्यवहारको कसुरमा जरूरी पक्राउ पुर्जी जारी गरी जिल्ला प्रशासन कार्यालयबाट जरूरी पक्राउ पुर्जी स्वीकृत एवम् म्याद थप गरी गराई थुनामा राखेको देखिएको र कानूनबमोजिम अख्तियार प्राप्त निकायले कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी पक्राउ गरी कसुर अनुसन्धानको लागि मुद्दा हेर्ने निकायबाट म्याद थप गरी गराई हिरासतमा राखेको देखिँदा त्यस्तो आदेशबमोजिम भएको थुनालाई गैरकानूनी थुना भनी मान्न मिल्ने नदेखिएको एवम् अर्का निवेदक राजुकुमार हाल थुनामा रहेको भन्ने नदेखिएको स्थितिमा निवेदकहरूको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । दायरीको लगत कट्टा गरी प्रस्तुत आदेशको विद्युतीय प्रति अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.हरिकृष्ण कार्की

इजलास अधिकृत: विष्णुप्रसाद खतिवडा
इति संवत् २०७८ आषाढ १४ गते रोज २ शुभम् ।

## निर्णय नं. १०६८१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ
फैसला मिति : २०७७।४।१२
०७२-CR-१७३२

मुद्दा : जबरजस्ती करणी

पुनरावेदक / वादी : जमुना नेपालको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला इलाम, पञ्चकन्या गा.वि.स. वडा नं. ४ बस्ने नरबहादुरको छोरा दुर्गाप्रसाद खत्री चौलागाईं

- **अपाङ्गता भन्ने विषय व्यक्तिको शारीरिक, मानसिक, बौद्धिक रूपमा पहिलेदेखि नै स्थापित भइरहेको अवस्था हुँदा जहिले पनि पुष्टि हुने। त्यस्तो अपाङ्गतासम्बन्धी प्रमाणपत्र लिनु र नलिनुले अपाङ्गता भएको यथार्थलाई नकार्न नसक्ने । प्रमाणपत्रले उक्त यथार्थलाई औपचारिकता प्रदान गर्ने मात्र हुने।**

(प्रकरण नं.९)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री अर्जुन कोइराला

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट : विद्वान् वैतनिक अधिवक्ताद्वय श्री इन्दिरा सिलवाल र श्री रजिता थापा

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- प्रमाण ऐन, २०३१
- अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४

सुरू तहमा फैसला गर्ने :
माननीय न्यायाधीश श्री प्रकाश ढुंगाना
इलाम जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्ने :
माननीय न्यायाधीश श्री माधवप्रसाद पोखरेल
माननीय न्यायाधीश श्री प्रमोदकुमार श्रेष्ठ बैद्य
पुनरावेदन अदालत इलाम

फैसला

**न्या.विश्वम्भरप्रसाद श्रेष्ठ :** साबिक न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा (१) (क) बमोजिम मुद्दा दोहोर्‍याई हेरिपाउँ भन्ने निवेदन परी अनुमति प्रदान भई पुनरावेदनको रोहमा पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

तथ्य खण्ड

मिति २०७०।०५।०४ गते बिहान म तीनघरे बजार आएको थिएँ । बुबासमेत बजारतर्फ नै आउनु भएको थियो । घरमा मेरो दिदी केही सुस्त मनस्थिति भएकी वर्ष २५ की परिवर्तिन नाम रमा मात्र हुनुहुन्थ्यो । दिउँसो म बजारबाट घर फर्की जाँदा घरमा दिदी रोएर बसिरहनु भएको थियो । मैले दिदीलाई के भयो भनी सोध्दा दिदीले म घरमा एक्लै भएको मौका छोपी अन्यायी दुर्गाप्रसाद खत्री चौलागाईं घरमा आई मलाईं घरभित्रै तलामुनि कोठामा काठको टेबलमा लडाई जबरजस्ती करणी गरे । मैले हल्ला गर्न खोज्दा

निजले मेरो मुखसमेत थुनी हल्ला गरेमा कुटपिटसमेत गर्छु भनी डर त्रासमा पारी निजले जबरजस्ती करणी गरे भनी रूँदै सुनाउनु भयो । यसरी सुस्तमनस्थिति भएकी एक अपाङ्ग महिलालाई घरमा एक्लै भएको मौका छोपी जबरजस्ती करणी गर्ने दुर्गाप्रसाद खत्री चौलागाईंलाई पक्राउ गरी जबरजस्ती करणीको महलबमोजिम हदैसम्म सजाय गरिपाउँ भन्नेसमेत बेहोराको जमुना नेपालको मिति २०७०।५।५ को जाहेरी दरखास्त ।

जिल्ला इलाम पञ्चकन्या-४ स्थित पूर्वमा भक्तिप्रसाद नेपालको घर, पश्चिममा पदमप्रसाद नेपालको बारी, उत्तरमा ऐ.ऐ.को बारी, दक्षिणमा भक्तिप्रसाद नेपालको बारी, यति चार किल्लाभित्र रहेको पदमप्रसाद नेपालको दक्षिण मोहडा भएको ढुङ्गाको गाह्रो, टिनको छाना भएको टाडे घरको तलामुनि तीनवटा कोठा रहेको उत्तरपूर्वतर्फको कोठामा काठको टेबल रहेको, सो टेबलमा मिति २०७०।०५।०४ गते जिल्ला इलाम पञ्चकन्या-४ बस्ने दुर्गाप्रसाद खत्री चौलागाईंले परिवर्तित नाम रमालाई जबरजस्ती करणी गरेको भन्नेसमेत बेहोराको घटनास्थल मुचुल्का ।

मिति २०७०।०५।०४ गते बिहान म मात्र घरमा थिएँ । छिमेकी दुर्गाप्रसाद खत्री मेरो घरमा आउनु भयो । म खाना खाँदै थिएँ । निज मेरो घरभन्दा केही पर काठ काटेको ठाउँमा गए । म खाना खाई धारामा भाँडा धोई घरभित्र तलामुनि कोठामा गएको थिएँ । सोही अवस्थामा निज दुर्गाप्रसाद खत्री सोही कोठामा एक्कासी आइपुगे र एक्कासी मेरो संवेदनशील अङ्गहरूमा छुन लागे । मैले हल्ला गर्दा मेरो मुख थुनी दिई मलाई विभिन्न डर त्रास देखाई सोही कोठामा रहेको काठको टेबलमा लडाई मैले लगाएको सुरूवाल तथा पेन्टीसमेत खोली निजले आफूले लगाएको सुरूवाल तथा पेन्टी खोली निजको लिङ्ग मेरो योनिमा प्रवेश गराई केहीबेरसम्म हल्लिएर वीर्यसमेत योनिभित्रै स्खलन गरे । कपडा लगाई निजले यो कुरा अरूलाई बताइस् भने ठिक हुने छैन भनी हिँडे । दिउँसो बजारबाट आएकी बहिनी जमुनालाई मैले सो कुरा बताएको हुँ । यसरी मलाई जबरजस्ती करणी गर्ने यी प्रतिवादी दुर्गाप्रसाद खत्रीलाई कडा कारबाही हुनुपर्छ भन्नेसमेत बेहोराको ललिता नेपालसमेतको रोहबरमा परिवर्तित नाम रमाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको कागज ।

मिति २०७०।५।४ गते बिहान अं.९ बजे म रूख किन्न भनी कमल आचार्यको बारीमा रहेको चिलाउनेको रूख हेर्न भनी परिवर्तित नाम रमाको घर आँगनको बाटो हुँदै जाँदा निजलाई रहेको भात खसीलाई देउ भन्दै म रूख हेर्न गएँ । फर्की आउँदा निज परिवर्तित नाम रमाको आँगनमा आइपुग्दा निज आँगनमा भाँडा माझ्दै थिइन् । निज औषधी छिट्न ट्याङ्की बोकी निजको मूल घरभित्र कोठामा पसिन् र म सिकुवामा उभिएँ र सोही कोठाभित्र पसेँ । सोही कोठामा रहेको काठको टेबलमा निज परिवर्तित नाम रमा बसिन् । मैले निजलाई सोही टेबलमा लडाई निजले लगाएको सुरूवाल तथा पेन्टी तल तानी मैले लगाएको सुरूवाल खोली मेरो लिङ्ग निकाली निजलाई टेबलको डिलमा तानी मैले उभिएरै निजको योनिमा मेरो लिङ्ग प्रवेश गराएँ । निजले हल्ला चाहीँ गरिनन् । म करणी गरी कपडा लगाई घरतिर गएँ । मैले निजलाई करणी गर्दा निजको योनिभित्र वीर्य स्खलन गरिन भन्नेसमेत बेहोराको प्रतिवादी दुर्गाप्रसाद खत्रीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

पीडक दुर्गाप्रसाद खत्रीको लिङ्गको टुप्पो वरिपरि र लिङ्गको छोप्ने छालामा (foreskin) त्यस्ता घर्षणको लक्षणहरू नदेखिएको, जबरजस्ती करणीको यकिन हुन नसकेको भन्ने बेहोराको इलाम

अस्पतालबाट भएको स्वास्थ्य परीक्षण प्रतिवेदन।

पीडितको योनि वरिपरि घर्षणका कुनै पनि लक्षणहरू (वीर्य) रगतका टाटाहरू नपाइएको, पीडितको हाइमन झिल्ली नच्यातिएको, निजको योनिभित्र वीर्य भए नभएको यकिनको लागि हाई भेजाइनल स्वाब निकाली परीक्षणको लागि प्रयोगशाला पठाइएको, जबरजस्ती करणी भएको हो वा होइन भन्ने यकिन ल्याब परीक्षण पश्चात् मात्र गरिने, पीडित सुस्तमनस्थितिको भएको भन्नेसमेत बेहोराको इलाम अस्पतालबाट मिति २०७०।०५।०६ मा पठाइएको स्वास्थ्य परीक्षण प्रतिवेदन।

मिति २०७०।०५।०४ गते बिहान सुस्तमनस्थिति भएकी परिवर्तित नाम रमा मात्र घरमा भएको मौका छोपी प्रतिवादी दुर्गाप्रसाद खत्रीले जबरजस्ती करणी गरेको हल्ला सुनी म पनि घटनास्थलमा आई परिवर्तित नाम रमालाई घटनाबारे सोध्दा दुर्गाप्रसाद खत्रीले म मात्र घरमा भएको मौका पारी विभिन्न डर, त्रास देखाई मलाई जबरजस्ती करणी गरेका हुन् भनी बताउँदा सुनेको हुँ। यसरी बौद्धिक अपाङ्गता भएकी महिलालाई जबरजस्ती करणी गर्ने प्रतिवादी दुर्गाप्रसाद खत्रीलाई कारबाही हुनुपर्छ भन्नेसमेत बेहोराको कोपिला ढकालले गरेको घटना विवरण कागज।

मिति २०७०।०५।०४ गते बिहान परिवर्तित नाम रमा मात्र घरमा भएको मौका छोपी प्रतिवादी दुर्गाप्रसाद खत्रीले पीडितको घरमा आई पीडित रमालाई निजको घरभित्र तलामुनि कोठामा काठको टेबलमा लडाई जबरजस्ती करणी गरी हल्ला गरेमा कुटपिटसमेत गर्छु भनी निज प्रतिवादीले पीडितलाई डर त्रास देखाएका रहेछन्। यसरी सुस्तमनस्थिति भएकी परिवर्तित नाम रमालाई जबरजस्ती करणी गर्ने दुर्गाप्रसाद खत्रीलाई कारबाही हुनुपर्छ भन्नेसमेत बेहोराको ठाकुर नेपालसमेतले लेखाएको प्रायः एकै मिलानको वस्तुस्थिति मुचुल्का।

महिला तथा बालबालिका कार्यालय, इलामबाट मिति २०७०।०५।०९ मा जारी भएको परिवर्तित नामः रमा, जन्ममितिः २०४५।०३।०८ र अपाङ्गताको किसिमः बौद्धिक अपाङ्गता (सुस्त) भन्नेसमेत बेहोरा जनिएको पीडित रमाको अपाङ्गता परिचयपत्रको प्रतिलिपि मिसिल संलग्न रहेको।

मिसिल संलग्न आधार प्रमाणहरूबाट प्रतिवादी दुर्गाप्रसाद खत्रीले मिति २०७०।०५।०४ गते बिहान अं.९ बजेको समयमा वर्ष २५ की बौद्धिक अपाङ्गता भएकी परिवर्तित नाम रमालाई पीडितकै घर कोठामा जबरजस्ती करणी गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी दुर्गाप्रसाद खत्रीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम सजाय गरी पाउनका साथै पीडित वर्ष २५ की परिवर्तित नाम रमा बौद्धिक अपाङ्गता, सुस्तमनस्थितिकी अपाङ्ग भएको प्रमाणपत्र मिसिल संलग्न रहेको देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३क. नं. बमोजिम थप सजाय हुन र जबरजस्ती करणीको महलको १० नं. बमोजिम प्रतिवादी दुर्गाप्रसाद खत्रीबाट पीडित परिवर्तित नाम रमालाई मनासिब क्षतिपूर्तिसमेत दिलाई भराइपाउँ भन्नेसमेत वादी नेपाल सरकारको अभियोगपत्र।

मिति २०७०।०५।०४ गते काठ काट्ने मिस्त्रीसँग कुरा गरी फर्किने क्रममा घरमा परिवर्तित नाम रमा भाँडा माझ्दै थिइन्। अनि मैले खाना खाइसक्यौ भनी सोधेको मात्र हो। मैले निजलाई करणी गरेको छैन। निज रमालाई मैले पनि घरमा एक्लै देखेको चाहिँ हो तर मैले निजलाई केही पनि गरेको छैन। जाहेरी दरखास्त

बेहोरा झुट्टा हो । जग्गाको साँध सिमाना विषयका कुराले रिसइवी साँध्नका लागि यस्तो आरोप लगाएको हो । मौकामा भएको मेरो बयानको बेहोरा उनीहरूले लेखेको मैले सहीछाप गरेको हो । मैले जबरजस्ती करणी गरेको नहुँदा सजाय हुनु हुँदैन भन्नेसमेत बेहोराको प्रतिवादी दुर्गाप्रसाद खत्रीले सुरू इलाम जिल्ला अदालतमा गरेको बयान ।

प्रतिवादी दुर्गाप्रसाद खत्रीलाई मुलुकी ऐन, अ.बं.११८ को देहाय २ नं. बमोजिम थुनामा राखी मुद्दा पुर्पक्ष गर्नु भन्ने निमित्त स्रेस्तेदारको मिति २०७०।०५।२६ को आदेश र सो आदेश मिलेकै देखिँदा समर्थन गरिदिएको छ भन्नेसमेत बेहोराको मिति २०७०।०७।११ को सुरू इलाम जिल्ला अदालतको आदेश ।

मिति २०७०।०५।०४ गते बिहानको ९ बजेको समयमा परिवर्तित नाम रमा घरमा एक्लै भएको अवस्थामा घरको कोठाभित्र तान्दै लगी जबरजस्ती करणी गरेको कुरा रमाबाटै सुनी थाहा पाएको हो । जाहेरी दरखास्तमा भएको बेहोरा र सहीछाप मेरो हो । घटना भएपछि समाज बसी जाहेरी दिनुपर्छ भनेपछि जाहेरी दिएको हो भन्नेसमेत बेहोराको जाहेरवाला जमुना नेपालले सुरू अदालतमा गरेको बकपत्र ।

वारदात मिति समयमा प्रतिवादी दुर्गाप्रसाद खत्री हाम्रो घरमा आई मलाई तानेर भित्र लगी जबरजस्ती खाटमा सुताए । मेरो सुरूवाल खोली उसको पनि सुरूवाल खोली उसको सु गर्ने मेरो सु गर्नेमा लगायो । त्यसपछि मेरो सुरूवाल लगाइदियो र उसको पनि सुरूवाल लगाउँदै हिँड्यो । प्रतिवादीले तानेर लैजाँदा म चिच्याएँ, कोही आएन । मेरो योनिमा वीर्य स्खलन भयो, मैले बैनी जमुनालाई सो कुरा सुनाएँ भन्नेसमेत बेहोराको पीडिता रमाले सुरू अदालतमा गरेको बकपत्र ।

मिति २०७०।०५।०४ गते बिहान दुर्गाप्रसाद खत्री पीडिताको घर आई एक्लै भएको अवस्थामा पीडितालाई भित्र लगी जबरजस्ती गरेको र सबै भई माइती नेपालमा गएकोमा त्यहाँबाट प्रहरीमा जानु भनेकाले इलाका प्रहरी कार्यालय, पशुपतिनगरमा गई जाहेरी गरेको हो । पीडिता सानैदेखि सुस्तमनस्थितिकी हुन् । मिति २०७०।०५।१९ मा भएको वस्तुस्थिति मुचुल्काको बेहोरा र सहीछाप मेरो हो भन्नेसमेत बेहोराको वस्तुस्थिति मुचुल्काका मानिस ठाकुर नेपालले सुरू अदालतमा गरेको बकपत्र ।

मिति २०७०।०५।०४ गते राति करिब ९ बजे म र प्रतिवादी सँगै पीडिताको घर गयौं । त्यहाँ लगभग १५० जना जति मानिसहरू थिए । त्यहाँ पीडिता र प्रतिवादीलाई राखी करणी गरेको हो, होइन भन्ने विषयमा छलफल हुँदा विवाद समाधान नभएपछि माइती नेपालमा गई सोपश्चात् इलाका प्रहरी कार्यालय, पशुपतिनगर गएको हो । त्यसपछि म घरतिर लागेँ भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी रामबहादुर बस्नेतले सुरू अदालतमा गरेको बकपत्र ।

प्रतिवादी दुर्गाप्रसाद खत्रीको अंशलगायत अन्य सम्पत्ति रोक्का राख्नु भन्ने सुरू इलाम जिल्ला अदालतको मिति २०७०।०७।११ को आदेशानुसार मिति २०७०।११।२८ मा अंश रोक्का मुचल्का भएको ।

इलाम अस्पतालको च.नं.२५२ मिति २०७१।०२।०६ को पत्रबाट पीडितको भेजाइनल स्वाब परीक्षण प्रतिवेदन प्राप्त भई मिसिल संलग्न रहेको ।

मिसिल संलग्न जाहेरी दरखास्त, प्रतिवादीको मौकाको बयान, जाहेरवालाको बकपत्र, वस्तुस्थिति मुचुल्का, अधिकारप्राप्त अधिकारीसमक्ष गरेको कागज, पीडिताको यस अदालतमा गरेको बकपत्रसमेतका

तथ्य एवं आधार प्रमाणसमेतबाट प्रतिवादी दुर्गाप्रसाद खत्रीले अभियोग माग दाबी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. बमोजिमको कसुर गरेको पुष्टि हुँदा प्रतिवादी दुर्गाप्रसाद खत्रीलाई जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम ५ वर्ष कैद हुने ठहर्छ । साथै, पीडितले प्रतिवादीबाट जबरजस्ती करणीको महलको १० नं. बमोजिम क्षतिपूर्तिबापत रू.३०,०००।- भरिपाउनेसमेत ठहर्छ । प्रतिवादी दुर्गाप्रसाद खत्रीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३क. नं. अनुसार थप सजाय माग दाबी सम्बन्धमा हेर्दा, पीडितले प्राप्त गरेको अपाङ्गताको परिचयपत्र प्रस्तुत मुद्दाको जाहेरी दरखास्त मिति २०७०।०५।०५ मा परेपश्चात् मिति २०७०।०५।०९ मा प्राप्त गरेको देखिनुका साथै निजले अनुसन्धानको क्रममा कागज गर्दा तथा यस अदालतमा बकपत्र गर्दा सोधिएका प्रश्नहरूको युक्तियुक्त जवाफ दिएको र सो परिचयपत्रमा उल्लिखित अति अशक्त, अपाङ्गताको परिभाषाभित्र निज पीडित पर्ने नदेखिँदा प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३ क नं. बमोजिम थप सजाय गरिपाउँ भन्ने अभियोग माग दाबी पुग्न नसक्ने ठहर्छ भन्ने सुरू इलाम जिल्ला अदालतबाट मिति २०७१।०२।२२ मा भएको फैसला।

मुलुकी ऐन, जबरजस्ती करणी महलको ३क. नं. मा महिलालाई सामूहिक रूपमा जबरजस्ती करणी गर्ने वा गर्भवती, अशक्त वा अपाङ्ग महिलालाई जबरजस्ती करणी गर्नेलाई यस महलमा लेखिएको सजायमा थप पाँच वर्ष कैद गर्नुपर्छ भन्ने प्रस्ट कानूनी व्यवस्था रहेको छ। सुरू जिल्ला अदालतबाट फैसला गरिँदा कुनै व्यक्तिले अपाङ्गताको परिचय प्राप्त गरेपछि मात्र अपाङ्ग ठहर्ने अपाङ्गताको परिचय प्राप्त गर्नुअघिको अपाङ्गलाई अपाङ्ग नमानिने जस्ता आधार पनि लिएको पाइन्छ। अपाङ्गता भएकै कारणले अपाङ्गताको परिचयपत्र राज्यले प्रदान गर्ने हो। मिति २०७०।०५।०५ मा जाहेरी दिएपछि २०७०।०५।०९ मा प्राप्त गरेको परिचयपत्रबाट जबरजस्ती करणीको ३क. नं. बमोजिमको थप हुने सजायलाई नठहऱ्याएको सुरूको फैसला प्रमाण मूल्याङ्कनको प्रश्नमा गम्भीर त्रुटि हुँदा सो हदसम्मको फैसला बदर गरी प्रतिवादीलाई सो जबरजस्ती करणी महलको ३क. नं. बमोजिमको थप सजायसमेत गरिपाउँ भन्ने वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन अदालत इलाममा दर्ता भएको पुनरावेदनपत्र।

प्रतिवादी दुर्गाप्रसाद खत्रीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३क. नं. बमोजिम थप सजायको दाबी नपुग्नेसमेत ठहऱ्याएको सुरू इलाम जिल्ला अदालतको मिति २०७१।०२।२२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ भन्ने तत्कालीन पुनरावेदन अदालत इलामको मिति २०७१।१२।३० को फैसला।

यी पीडित बौद्धिक अपाङ्गता भएकी व्यक्ति हुन् भनी मिसिल संलग्न रहेको किटानी जाहेरी दरखास्त, ठाकुर नेपालसमेतको मौकाको कागज र बकपत्रको स. ज. १० मा पीडित अपाङ्गता भएको भनी स्पष्ट खुली आएको र पीडितको परिचय पत्र तथा स्वास्थ्य परीक्षण रिपोर्टमा पीडित सुस्तमनस्थिति भएको उल्लेख भएबाट पनि पीडित सुस्तमनस्थिति भएकी अपाङ्ग भन्ने पुष्टि भइरहेको अवस्थामा जबरजस्ती करणीको महलको ३क. नं. को गलत व्याख्या गरी सो नं. बमोजिम थप सजाय नगर्ने गरी भएको फैसला त्रुटिपूर्ण छ। कुनै व्यक्तिले अपाङ्गताको परिचय प्राप्त गरेपछि मात्र अपाङ्ग ठहर्ने अपाङ्गताको परिचयपत्र प्राप्त गर्नुअघि अपाङ्ग नठहर्ने भन्ने होइन। अपाङ्गता भएकै कारणले अपाङ्गताको परिचय पत्र राज्यले प्रदान गर्ने हो र निश्चित समयावधिभित्र

परिचयपत्र प्राप्त गरिसक्नुपर्ने कानूनी व्यवस्थासमेत नभएको अवस्थामा आधिकारिक रूपमा सरकारी निकायबाट प्राप्त गरेको अपाङ्गताको परिचयपत्रलाई प्रमाणमा नलिई मिति २०७०।०५।०५ मा जाहेरी दिएको र मिति २०७०।०५।०९ मा मात्र प्रमाणपत्र प्राप्त गरेको भन्ने आधारमा जबरजस्ती करणीको ३क. नं. बमोजिमको थप सजाय नहुने भनी प्रमाणको गलत मूल्याङ्कन गरी दाबीबमोजिम जबरजस्ती करणीको ३क. नं. बमोजिम थप सजाय नहुने ठहर गरी भएको तत्कालीन पुनरावेदन अदालत इलामको फैसला सो हदसम्म गम्भीर कानूनी त्रुटिपूर्ण हुँदा सो हदसम्मको फैसला बदर गरिपाउँ भनी वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा दर्ता हुन आएको मुद्दा दोहोर्‍याई हेरिपाउँ निवेदन।

यसमा जाहेरी परेपछि पीडितको जाँच गरी निजलाई दिइएको अपाङ्गताको प्रमाणपत्र सोही कारणले अमान्य हुने कानूनी व्यवस्था नरहेको र निज यथार्थ रूपमा अपाङ्ग भए नभएको कुरा स्वास्थ्य विशेषज्ञहरूको परीक्षणबाट मात्र यकिन हुने हुँदा सोबमोजिम यकिन गरी दिइएको प्रमाणपत्रलाई बिना आधार अमान्य ठहर्‍याएको पुनरावेदन अदालत इलामको मिति २०७१।१२।३० को फैसलामा मुलुकी ऐन, जबरजस्ती करणी महलको ३क. नं. र प्रमाण ऐन, २०३१ को दफा ९, १०, १९ र ५४ को त्रुटि देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा १ को खण्ड (क) बमोजिम प्रस्तुत मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गरिदिएको छ। नियमबमोजिम गर्नु भन्ने यस अदालतको मिति २०७३।०१।१४ को आदेश।

ठहर खण्ड

नियमबमोजिम दैनिक तथा साप्ताहिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनपत्रसहितको मिसिल संलग्न कागजातहरूको अध्ययन गरियो। पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री अर्जुन कोइरालाले, पीडित बौद्धिक अपाङ्गता भएकी व्यक्ति रहेको भन्ने तथ्य निजले प्राप्त गरेको अपाङ्गताको परिचयपत्रबाट पुष्टि भएको अवस्था छ। उक्त तथ्य मौकामा कागज गर्ने व्यक्ति तथा अस्पतालबाट भएको निजको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट पनि खुलेको छ। पीडित एक बौद्धिक अपाङ्गता भएको तथ्य सम्पूर्ण मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भएको अवस्थामा प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३क. नं. बमोजिम थप सजायसमेत हुनुपर्नेमा सो नगरेको हदसम्म तत्कालीन पुनरावेदन अदालत इलामको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग दाबीबमोजिम प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३क. नं. बमोजिम थप सजायसमेत गरिपाउँ भन्ने बहस प्रस्तुत गर्नुभयो।

प्रत्यर्थी प्रतिवादी दुर्गाप्रसाद खत्रीको तर्फबाट उपस्थित विद्वान् वैतनिक अधिवक्ताद्वय श्री इन्दिरा सिलवाल र श्री रजिता थापाले, पीडितले अपाङ्गताको परिचयपत्र वारदातको सम्बन्धमा जाहेरी परेको मितिभन्दा पछिल्लो मितिमा लिएको भन्ने देखिन्छ। यसरी वारदात मितिभन्दा पछि लिएको परिचयपत्रको न्यायको रोहमा प्रामाणिक मूल्य हुँदैन । पीडितले अदालतमा संरक्षकबिना नै आफूमाथि भएको घटनाको सम्पूर्ण विवरण स्पष्ट खुलाई बकपत्रसमेत गरेको अवस्थामा निजले प्राप्त गरेको अपाङ्गताको परिचयपत्र शंकास्पद देखिन्छ। तसर्थ, ठोस र वस्तुनिष्ठ प्रमाणले निज बौद्धिक अपाङ्गता भएकी व्यक्ति हो भनी पुष्टि हुन नसकेको अवस्थामा प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३क. नं. बमोजिम थप सजाय गरिपाउँ भन्ने मागदाबी नपुग्ने ठहरी भएको तत्कालीन पुनरावेदन अदालत, इलामको फैसला मिलेकै हुँदा

सदर गरिपाउँ भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्त बहससमेत सुनी तत्कालीन पुनरावेदन अदालत इलामबाट मिति २०७१।१२।३० मा भएको फैसला मिलेको छ वा छैन ? वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादी दुर्गाप्रसाद खत्रीले मिति २०७०।०५।०४ गते वर्ष २५ की बौद्धिक अपाङ्गता भएकी परिवर्तित नाम रमालाई जबरजस्ती करणी गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम सजाय गरी पाउनका साथै पीडित बौद्धिक अपाङ्गता सुस्तमनस्थिति भएकी व्यक्ति भन्ने देखिँदा निज प्रतिवादीलाई ऐ. महलको ३क. नं. बमोजिम थप सजाय हुन र ऐ.महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई मनासिब क्षतिपूर्तिसमेत दिलाई भराइपाउँ भन्ने अभियोग दाबी रहेकोमा प्रतिवादी दुर्गाप्रसाद खत्रीले जबरजस्ती करणीको महलको १ नं.बमोजिमको कसुर गरेको पुष्टि हुँदा निज प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम ५ वर्ष कैद हुनका साथै पीडितले प्रतिवादीबाट ऐ. महलको १० नं. बमोजिम क्षतिपूर्तिबापत रू.३०,०००।- भरिपाउने र ऐ.महलको ३क. नं. बमोजिम थप सजाय गरिपाउँ भन्ने अभियोग मागदाबी पुग्न नसक्ने ठहरी सुरू इलाम जिल्ला अदालतबाट फैसला भएको रहेछ । प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३क. नं. बमोजिम थप सजाय नगरेको हदसम्मको उक्त फैसलाउपर वादी नेपाल सरकारको पुनरावेदन परेकोमा तत्कालीन पुनरावेदन अदालत इलामबाट सुरू फैसला सदर भएको रहेछ। उक्त फैसलाउपर वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा मुद्दा दोहोऱ्याई हेरिपाउँ भनी निवेदन परेकोमा मिति २०७३।०१।१४ मा अनुमति प्रदान भई पुनरावेदनको रोहमा प्रस्तुत मुद्दा यस इजलाससमक्ष निर्णयार्थ पेस हुन आएको देखियो।

३. मिसिल संलग्न रहेका किटानी जाहेरी दरखास्त, मौकाको कागज तथा राज्यबाट प्रदान गरिएको पीडितको अपाङ्गताको परिचयपत्र तथा स्वास्थ्य परीक्षण रिपोर्टमा समेत पीडित सुस्तमनस्थिति भएको उल्लेख भएबाट पीडित बौद्धिक अपाङ्गता सुस्तमनस्थिति भएकी व्यक्ति भनी स्पष्ट खुली आएको अवस्थामा जबरजस्ती करणीको महलको ३क. नं. को गलत व्याख्या गरी प्रतिवादी दुर्गाप्रसाद खत्रीलाई सो नं. बमोजिम थप सजाय नगर्ने गरी भएको तत्कालीन पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी अभियोग दाबीबमोजिम प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३क. नं. बमोजिम थप सजायसमेत गरिपाउँ भन्ने वादी नेपाल सरकारको मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ। निज प्रतिवादीलाई जबरजस्ती करणीको कसुर ठहर भई जबरजस्ती करणीको महलको ३(५) नं. अनुसार ५ वर्ष कैद सजाय र ऐ. महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितले क्षतिपूर्तिबापत रू.३०,०००।- भरिपाउने ठहरी भएको सुरू अदालतको फैसलाउपर प्रतिवादीको पुनरावेदन अदालत तथा यस अदालतमा समेत पुनरावेदन परेको नदेखिँदा वादी नेपाल सरकारको उल्लिखित पुनरावेदन जिकिरमा नै सीमित रही निर्णय दिनुपर्ने देखियो।

४. वारदात मिति २०७०।०५।०४ गतेका दिन घरमा मेरी दिदी केही सुस्तमनस्थिति भएकी पीडित परिवर्तित नाम रमा मात्र हुनुहुन्थ्यो। यसरी सुस्तमनस्थिति भएकी एक अपाङ्ग महिलालाई घरमा एक्लै भएको मौका छोपी जबरजस्ती करणी गर्ने

दुर्गाप्रसाद खत्रीलाई कारबाही गरिपाउँ भनी पीडितकी बहिनी परिवर्तित नाम जमुना नेपालले जाहेरी दरखास्त दिएको देखिन्छ । त्यसैगरी, अनुसन्धानको क्रममा इलाका प्रहरी कार्यालय, पशुपतिनगर, इलामका अनुसन्धान अधिकृतसमक्ष मिति २०७०।०५।०५ गते पीडित परिवर्तित नाम रमाले घटनाको सम्बन्धमा लेखाएको कागजको रोहवरमा ललिता नेपाल, तारा राई र जाहेरवाली पीडितकी बहिनी जमुना नेपालसमेत बसेको देखिन्छ।

५. पीडित बौद्धिक अपाङ्गता सुस्तमनस्थिति भएकी व्यक्ति भएको भन्ने तथ्य अनुसन्धानको क्रममा तयार भएको वस्तुस्थिति मुचुल्कामा खगेन्द्र आचार्य, वेदप्रसाद नेपाल, युवक नेपाल तथा ठाकुर नेपालसमेतले खुलाई दिएको बेहोराबाट समेत खुल्न आएको छ। साथै, उक्त वस्तुस्थिति मुचुल्काको कागज गर्ने व्यक्तिहरूमध्ये ठाकुर नेपालले अदालतसमक्ष गरेको बकपत्रको प्रतिवादीतर्फका कानून व्यवसायीले गरेको जिरह खण्ड तथा स.ज. १० मा पीडिता खुलेर बोल्न र राम्ररी पढ्न नसक्ने भएकाले बौद्धिक अपाङ्ग भनेको हुँ, निज सानै उमेरदेखि नै सुस्तमनस्थितिकी हुन् भनी वस्तुस्थिति मुचुल्काको बेहोरा समर्थित हुने गरी लेखाएको देखिन्छ। यसरी पीडितको घर छिमेकमा रहेका व्यक्ति ठाकुर नेपालले पीडित सानै उमेरदेखि सुस्तमनस्थितिकी भएको भनी निजको मानसिक अवस्थाको सम्बन्धमा अनुसन्धानदेखि अदालतमा समेत व्यक्त गरेको कुरालाई **प्रमाण ऐन, २०३१** को **दफा १८** ले **"कुनै काम घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ" भन्ने कानूनी व्यवस्थाको सन्दर्भमा अन्यथा भन्नुपर्ने देखिएन।**

६. मिसिल संलग्न रहेको इलाम अस्पतालबाट मिति २०७०।०५।०६ मा पठाइएको पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट पनि पीडित परिवर्तित नाम रमा सुस्तमनस्थितिको भएको भन्नेसमेत बेहोरा खुल्न आएको देखिन्छ। साथसाथै, महिला तथा बालबालिका कार्यालय, इलामबाट मिति २०७०।०५।०९ मा जारी भएको पीडित परिवर्तित नाम रमाको अपाङ्गता परिचयपत्रको प्रतिलिपिमा परिवर्तित नामः रमा, जन्ममितिः २०४५।०३।०८ र अपाङ्गताको किसिमः बौद्धिक अपाङ्गता (सुस्त) भन्नेसमेत बेहोरा उल्लेख भएको देखिन्छ । यसरी सरकारी अस्पतालबाट तयार भएको पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन र सरकारी निकायकै रूपमा रहेको महिला तथा बालबालिका कार्यालय, इलामबाट जारी भएको अपाङ्गताको प्रमाणपत्रबाट पीडित बौद्धिक अपाङ्गता सुस्तमनस्थितिकी व्यक्ति भएको तथ्य स्थापित भएको देखिन्छ।

७. मिति २०७०।०५।०४ गते वारदात भई मिति २०७०।०५।०५ मा जाहेरी परेको र जाहेरी परेपश्चात् पीडितले अपाङ्गताको प्रमाणपत्र मिति २०७०।०५।०९ मा मात्र लिएको तथा पीडित अदालतसमक्ष बकपत्रका लागि उपस्थित हुँदा संरक्षकबिना नै आफू एक्लै उपस्थित भई बकपत्रमा सोधिएको सवालको जवाफ पीडितले असङ्गत प्रकृतिको नदिई सहजरूपमा दिएको हुँदा पीडितको अदालतसमक्षको बकपत्रबाट बौद्धिक अपाङ्ग रहेको नदेखिएको र अन्य कुनै वस्तुनिष्ठ प्रमाणबाट पीडित बौद्धिक अपाङ्ग हुन् भनी प्रमाणित गर्न नसकेको

अवस्थामा वारदात मिति र जाहेरी दर्तापश्चात् प्राप्त अपाङ्गताको प्रमाणपत्रकै आधारमा मात्र पीडित बौद्धिक अपाङ्ग हुन् भनी मान्न न्यायसम्मत नहुने भनी सुरू तथा पुनरावेदन अदालतबाट भएको फैसलामा आधार लिएको देखिन्छ।

८. यस सन्दर्भमा **अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४** को **दफा २(ख)** ले **"अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीयसम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनुपर्छ"** भनी परिभाषित गरी **ऐ. ऐनको अनुसूचीको (क)७. मा बौद्धिक अपाङ्गताः उमेरको वृद्धिसँगै सचेतनाको विकास हुन नसकी बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरणमा सापेक्ष क्रियाकलाप गर्न समस्या हुने अवस्थाको व्यक्ति; (ख) अशक्तताको गम्भीरताको आधारमा (ख) (४) सामान्य अपाङ्गताः सामाजिक तथा वातावरणीय अवरोध नभएमा नियमित रूपमा आफ्नो दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाको व्यक्ति र (ख) (३) मध्यम अपाङ्गताः भौतिक सुविधा, वातावरणीय अवरोधको अन्त्य, शिक्षा वा तालिम भएमा अरूको सहयोग लिई वा नलिई नियमित दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्थाको व्यक्ति** भनी वर्गीकरण गरिएको छ भने अपाङ्गताको परिचयपत्र वितरणलगायत अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारसम्बन्धी विभिन्न व्यवस्थासमेत गरेको देखिन्छ। अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ लाई खारेज गरी लागु भएको उक्त ऐनको उल्लिखित परिभाषालाई प्रस्तुत मुद्दामा पनि सान्दर्भिक मान्न सकिन्छ।

९. अपाङ्गता भन्ने विषय व्यक्तिको शारीरिक, मानसिक, बौद्धिक रूपमा पहिलेदेखि नै स्थापित भइरहेको अवस्था हुँदा जहिलेपनि पुष्टि हुने हुन्छ । त्यस्तो अपाङ्गतासम्बन्धी प्रमाणपत्र लिनु र नलिनुले अपाङ्गता भएको यथार्थलाई नकार्न सक्दैन । प्रमाणपत्रले उक्त यथार्थलाई औपचारिकता प्रदान गर्ने मात्र हो । प्रस्तुत मुद्दाकी पीडित परिवर्तित नाम रमा पूर्ण रूपमा बौद्धिक अपाङ्गता भएको व्यक्ति नभई केही सुस्तमनस्थिति भएकी भन्ने बेहोरा जाहेरी दरखास्तको बेहोराबाट खुल्दछ । पीडित परिवर्तित नाम रमाले कक्षा ६ सम्मको अध्ययन गरेको भन्ने पनि पीडितकी बहिनी परिवर्तित नाम जमुना नेपालले अदालतसमक्ष गरेको बकपत्रको स. ज. ११ बाट देखिन्छ। यस अवस्थामा पीडित बौद्धिक अशक्तताका कारण अन्य व्यक्तिसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन नसक्ने अवस्थाकी व्यक्ति भए तापनि सामान्य पढलेख गरेर पिता तथा बहिनीको सामान्य रेखदेखमा आफ्नो दैनिक क्रियाकलापसम्म गर्दै आएकी भन्ने देखिन्छ । साथै, पीडित तथा जाहेरवालीले अदालतसमक्ष बकपत्र गर्दा प्रतिवादीतर्फबाट उपस्थित कानून व्यवसायी तथा अदालतको तर्फबाट समेत पीडितको बौद्धिक अपाङ्गताको विषयलाई लिएर कुनै जिरह तथा सोधपुछ भएकोसमेत देखिएन । तसर्थ, कानूनले नै अपाङ्गता भएका व्यक्तिले यो यति समयभित्र अपाङ्गताको परिचयपत्र लिइसक्नुपर्ने भनी समय हद नतोकेको अवस्थामा बौद्धिक अपाङ्गता भएकी पीडित परिवर्तित नाम रमाले वारदातपश्चात् निजको

अपाङ्गताको औपचारिक प्रमाणपत्र प्राप्त गरे पनि जाहेरीदेखि खडा भएका सम्पूर्ण प्रमाणहरूले सो तथ्यलाई समर्थन गरिरहेको र ती प्रमाणहरू अन्यथा हो भनी प्रतिवादीले कुनै वस्तुनिष्ठ प्रमाणबाट खण्डन गर्न सकेको नदेखिँदा उक्त प्रमाणपत्र अन्यथा हो भन्न मिलेन । केवल वारदातपश्चात् प्रमाण खडा गरेको तथा पीडित अदालतसमक्ष बकपत्रका लागि उपस्थित हुँदा संरक्षकबिना नै आफू एक्लै उपस्थित भई असङ्गत प्रकृतिको बकपत्र नगरेको भन्ने आधारमा प्रतिवादी दुर्गाप्रसाद खत्री चौलागाईंलाई जबरजस्ती करणीको महलको ३क. नं. बमोजिम थप सजाय नहुने ठहरी तत्कालीन पुनरावेदन अदालत इलामबाट भएको फैसला न्यायको रोहमा मनासिब देखिएन ।

१०. अतः माथि विवेचित मुद्दाको तथ्य, प्रमाण र कानूनी व्यवस्थाहरूसमेतको आधार कारणबाट प्रतिवादी दुर्गाप्रसाद खत्री चौलागाईंलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३क. नं. बमोजिम थप सजायको दाबी नपुग्नेसमेत ठहऱ्याएको सुरू इलाम जिल्ला अदालतको मिति २०७१।०२।२२ को फैसला सदर हुने ठहरी भएको तत्कालीन पुनरावेदन अदालत इलामको मिति २०७१।१२।३० को फैसला सो हदसम्म नमिलेको देखिँदा केही उल्टी भई प्रतिवादी दुर्गाप्रसाद खत्री चौलागाईंलाई अभियोग दाबीबमोजिम साबिक मुलुकी ऐन, २०२० को जबरजस्ती करणीको महलको ३क. नं. बमोजिम थप ५ वर्ष कैद सजायसमेत हुने ठहर्छ । बाँकी तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि ठहर खण्डमा उल्लेख भएबमोजिम प्रतिवादी दुर्गाप्रसाद खत्री चौलागाईंलाई मुलुकी ऐन, २०२० को जबरजस्ती करणीको महलको ३क. नं. बमोजिम थप सजायको अभियोग दाबी नपुग्नेसमेत ठहरी भएको सुरू इलाम जिल्ला अदालत तथा तत्कालीन पुनरावेदन अदालत इलामको फैसला केही उल्टी भई अभियोग दाबीबमोजिम थप ५ (पाँच) वर्ष कैद सजायसमेत हुने ठहरेकोले निजलाई सुरू इलाम जिल्ला अदालतको फैसलाबमोजिम राखिएको ५ (पाँच) वर्ष कैदको लगत संशोधन गरी १० वर्ष कैद सजायको लगत कसी निज प्रतिवादी कैदमा बसिसकेको अवधि कट्टा गरी बाँकी असुलउपर गर्नुपर्ने कैदको लगत कायम गरी कानूनबमोजिम असुलउपर गर्नु भनी सुरू इलाम जिल्ला अदालतमा लेखी पठाउनू---------------------१

प्रस्तुत फैसलाको प्रतिलिपिसमेत साथै राखी महान्यायाधिवक्ताको कार्यालयलाई फैसलाको जानकारी दिनू-----------------------------------------२

प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी दायरीको लगत कट्टा गर्नु र मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू------------------------३

उक्त रायमा सहमत छु ।

न्या.बमकुमार श्रेष्ठ

इजलास अधिकृतः हेमा पाण्डे

इति संवत् २०७७ साल साउन १२ गते रोज २ शुभम् ।

## निर्णय नं. १०६८२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
फैसला मिति : २०७७।४।१४
०७४-CR-०२०५

मुद्दा : जबरजस्ती करणी र गर्भपतन

पुनरावेदक / प्रतिवादी : जिल्ला बैतडी, दशरथचन्द नगरपालिका वडा नं.९ घर भई हाल कारागार कार्यालय बैतडीमा थुनामा रहेका गोपाल दत्त भट्टका छोरा दुर्गादत्त भट्ट

विरूद्ध

प्रत्यर्थी / वादी : परिवर्तित नाम 'प' कुमारीको जाहेरीले नेपाल सरकार

- **महिलाको शरीर र अस्मिता विरूद्ध हुने जघन्य अपराधमा पीडितको भनाइलाई अदालतले अत्यन्त गम्भीरताको साथ लिनुपर्ने हुन्छ । जबरजस्ती करणी मुद्दाको पहिलो साक्षी भनेको पीडित आफैँ हो । अरू प्रत्यक्ष प्रमाणहरूसँग बाझिएको, पीडितको भनाइमा निकै विरोधाभाष देखिएको, पीडितको भनाइ कृत्रिम र बनावटी देखिएको जस्ता अवस्थाहरूमा बाहेक सामान्यतः अदालतले पीडितको भनाइलाई प्रमाणको रूपमा लिनुपर्ने ।**

(प्रकरण नं.७)

- **वारदातको प्रकृति तथा संवेदनशीलता, पीडितको सानो उमेर, शारीरिक र मानसिक अपरिपक्वता, शारीरिक र मानसिक अपाङ्गता, न्यून शैक्षिक चेतनास्तर, पारिवारिक तथा सामाजिक प्रतिष्ठामा आँच आउने डर, भौगोलिक विकटता, न्यून आर्थिक अवस्था, सांस्कृतिक परिवेशसमेतका कारण समाजमा कलंकित (Stigmatized) हुने डर तथा वारदातपश्चात् पीडितमा पर्न गएको शारीरिक र मानसिक विक्षिप्तताका साथै समाजले पुर्‍याउन सक्ने थप पीडाको डर (Fear of being more Victimized) र समाजमा पीडकको हैसियत जस्ता तत्त्वहरूले जबरजस्ती करणी जस्ता महिलाको अस्तित्वसँग जोडेर हेरिने अपराधमा ढिलो जाहेरी पर्न सक्ने अवस्थाको विद्यमानता रहन्छ । त्यसकारण न्यायकर्ताले यस्ता जघन्य अपराधको पीडित तथा पीडित रहेको समाजको पृष्ठभूमि र परिवेशलगायतका वास्तविकताहरूलाई पनि गम्भीरतापूर्वक लिनुपर्ने ।**

(प्रकरण नं.११)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री रजितभक्त प्रधानाङ्ग र श्री कृष्णप्रसाद सापकोटा

प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् उपन्यायावधिक्ता श्री सोमकान्त भण्डारी

अवलम्बित नजिर :

- ने.का.प.२०६७, अङ्क ९, नि.नं.८४६९
- ने.का.प.२०७४, अङ्क १२, नि.नं.९९१०

- ने.का.प.२०७५, अङ्क ३, नि.नं.९९६९
- ने.का.प.२०७५, अङ्क ५, नि.नं.१०००७

सम्बद्ध कानून :

- प्रमाण ऐन, २०३१

सुरू तहमा फैसला गर्ने :

माननीय न्यायाधीश श्री ध्रुवकुमार शाह
बैतडी जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्ने :

माननीय न्यायाधीश श्री यज्ञप्रसाद बस्याल
माननीय न्यायाधीश श्री वीरेन्द्रकुमार कर्ण
उच्च अदालत दिपायल, महेन्द्रनगर इजलास

फैसला

**न्या.विश्वम्भरप्रसाद श्रेष्ठ :** न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) (ख) बमोजिम यस अदालतको अधिकारक्षेत्रभित्र पर्ने भई पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः-

तथ्य खण्ड

मिति २०७२।०८।०६ गते, ८ गते, ९ गते र १० गते गरी ४ पटक विद्यालयको छुट्टी भइसकेपश्चात् अन्दाजी ४ बजेको समयमा म अध्ययन गर्ने श्री शिव प्राथमिक विद्यालयका शिक्षक दुर्गादत्त भट्टले मेरो हात समाती कक्षा ४ को कोठामा लगी झाडी सफा गर्ने र दाउरा बनाउने बनास देखाई कसैसँग भन्यो भने काटी दिन्छु भनी डराई धम्काई जबरजस्ती करणी गरेको र सोही करणीका कारण म गर्भवती भएपश्चात् मलाई औषधी खुवाई मिति २०७२।१०।२० गते मेरो गर्भपतन भएको हुँदा निजलाई कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको 'प' कुमारीको मिति २०७२।१२।०७ को जाहेरी दरखास्त।

जिल्ला बैतडी दशरथचन्द नगरपालिका, वडा नं. ९ स्थित श्री शिव प्राथमिक विद्यालयको पूर्वमा सामुदायिक वन जङ्गल, पश्चिममा भाटिपौडादेखि बरतोली जाने कच्ची सडक, उत्तरमा शंकर दत्त भट्टको घर पसल, दक्षिणमा भवानी दत्त भट्टको बाँझो जमिन खरफगालो यति ४ किल्लाभित्र श्री शिव प्राथमिक विद्यालयका तीनवटा भवनहरूमध्ये उत्तरतर्फको भवनको दक्षिणतर्फको कक्षा ४ को कोठामा मिति २०७२।०८।०६ गते, ८ गते, ९ गते र १० गते गरी ४ पटकसम्म विद्यालयको छुट्टी भइसकेपश्चात् श्री शिव प्राथमिक विद्यालयको शिक्षक वर्ष ४८ का दुर्गादत्त भट्टले 'प' कुमारीलाई धारिलो हतियार बनास देखाई जबरजस्ती करणी गरेको भन्नेसमेत बेहोराको मिति २०७२।१२।०६ को घटनास्थल मुचुल्का।

पीडित परिवर्तित नाम 'प' कुमारीको योनि तथा शरीरमा कुनै घाउ चोटपटक नभएको, निजको कन्याजाली (HYMEN) केही समयपहिला नै च्यातिएको, निजको रक्त समूह B Positive भएको, योनि तथा कपडामा मानव वीर्य नपाइएको, पिसाब जाँच गर्दा (UPT) Urine for Pregnancy Test – Positive देखिएको, पाठेघर ठुलो भएको, सुन्निएको र पाठेघरभित्र जमेको रगत देखिएको-केही समयअघि गर्भपतन भएजस्तो देखिएको भन्नेसमेत बेहोराको जिल्ला स्वास्थ्य कार्यालय बैतडीबाट मिति २०७२।१२।०७ मा प्राप्त भएको पीडित 'प' कुमारीको स्वास्थ्य परीक्षण रिपोर्ट।

प्रतिवादी दुर्गादत्त भट्टको शरीरमा घाउचोट नभएको, लिङ्गमा सङ्घर्षका चिह्नहरू नदेखिएको, ढाडमा पुरानो चोट नदेखिएको र लिङ्ग कडा नहुने समस्या रहेको भन्ने बेहोराको प्रतिवादी दुर्गादत्त भट्टको मिति २०७२।१२।०७ को जिल्ला स्वास्थ्य कार्यालय बैतडीबाट भएको स्वास्थ्य परीक्षण रिपोर्ट।

मैले पीडितलाई डराई धम्काई जबरजस्ती करणी गरेको होइन । मिति २०७२।११।३० मा जाहेरवालीको बुबा परिवर्तित नाम 'फ' बहादुर मैले अध्यापन गर्ने विद्यालयमा आई मेरी छोरी गर्भवती भएकी छ। निजलाई सोधपुछ गर्दा तपाइँले जबरजस्ती करणी गरेको र सोही कारणले गर्भवती भएकी रहेछ भनी भन्दा उक्त घटना सम्बन्धमा थाहा पाएको हुँ । निजलाई को कस्ले गर्भवती बनाएका हुन् मलाई थाहा छैन । जाहेरवाली विद्यालयमा चकचक गरी राख्ने कक्षा छोड्ने भएकीले मैले निजलाई हकार्ने गर्दथेँ । सोही रिसइबीका कारण मेरो नाममा जाहेरी दिएको हुनुपर्छ । वारदात मिति र समयमा विद्यालयमा नै थिएँ। मैले कुनै पनि महिलालाई गर्भपतनको औषधी दिन पठाएको छैन भन्नेसमेत बेहोराको प्रतिवादी दुर्गादत्त भट्टले मिति २०७२।१२।१० मा अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

जिल्ला प्रहरी कार्यालय, बैतडीबाट मिति २०७२।१२।१० मा पीडितको शारीरिक तथा मानसिक अवस्था जाँच हुँदा शारीरिक अवस्था ठिक रहेको तर भर्खरै भनेका कुराहरू याद नहुने मानसिक अवस्था छ निज सुस्तमनस्थितिकी भएको पाइयो भन्ने खुल्न आएको।

'प' कुमारीको Urine Analysis बाट निज गर्भवती नरहेको (Pregnancy Test- Negative) भन्ने बेहोराको मिति २०७२।१२।१० को जिल्ला अस्पताल कार्यालय बैतडीको Pathology Test Report।

पीडित परिवर्तित नाम 'प' कुमारी शारीरिक रूपमा कमजोर र सुस्तमनस्थिति भएको अपाङ्गता भएको भन्नेसमेत बेहोराको निजका नामको जिल्ला प्रशासन कार्यालय बैतडीबाट मिति २०६५।१०।२२ मा जारी भएको अपाङ्गता परिचय पत्रको प्रतिलिपि मिसिल संलग्न रहेको।

पीडितको के कति हप्ताको गर्भपतन गरिएको हो थाहा हुन नसक्ने, गर्भपतन गरिएको हो भन्ने कुरा तत्कालीन समयको पाठेघरको भिडियो एक्सरे गरेर थाहा भएको, मानसिक अवस्थाको निम्ति मनोविशेषज्ञले जाँच गर्नुपर्ने, गर्भपतन गराएको ३/४ हप्तासम्म सामान्यतया गर्भ रहेको देखिन्छ तर गर्भपतन हुँदा B-hcg रसायन उत्पादन गर्ने Trophoblast cells केही मात्रामा पाठेघरमा बाँकी रहे पनि पछि केही हप्तासम्म Upt positive देखिन्छ भन्नेसमेत बेहोराको मिति २०७२।१२।१८ मा जिल्ला स्वास्थ्य कार्यालय, बैतडीबाट भएको स्वास्थ्य परीक्षण रिपोर्ट।

प्रतिवादी दुर्गादत्त भट्ट र जाहेरवालीका बिचमा कुनै पनि पुरानो रिसइवी थिएन । पीडित परिवर्तित नाम 'प' कुमारी सुस्तमनस्थितिकी थिइन् । वारदात मिति र समयमा प्रतिवादी दुर्गादत्त भट्टले विद्यालयको कक्षा ४ को कोठाभित्र पीडित जाहेरवालीलाई डराई धम्काई जबरजस्ती करणी गरी गर्भवती तुल्याएको र एउटा अपरिचित महिलाले पीडितलाई गर्भपतन गराउने औषधी दिएपछि पीडितको गर्भपतन भएको हो भन्ने कुरा जाहेरवालीबाट समेत सुनी थाहा पाएकी हुँ भन्नेसमेत बेहोराको धाना महराले गरेको घटना विवरण कागज।

पीडित परिवर्तित नाम 'प' कुमारी सुस्तमनस्थितिकी थिइन् । वारदात मिति र समयमा प्रतिवादी दुर्गादत्त भट्टले कक्षाकोठाभित्र पीडित जाहेरवालीलाई डराई धम्काई जबरजस्ती करणी गरी गर्भवती तुल्याएको र एउटा अपरिचित महिलाले पीडितलाई गर्भपतन गराउने औषधी दिएपछि पीडितको गर्भपतन भएको हो भन्ने कुरा जाहेरवालीसमेतबाट सुनी थाहा पाएकी हुँ। निज गर्भपतन गराउने महिला को थिइन् मलाई थाहा छैन भन्नेसमेत बेहोराको जानकी

देवी महराले गरेको घटना विवरण कागज।

पीडित र म दुवैजना विद्यालय जाँदा र घर फर्कने क्रममा सँगै आउने जाने गर्दथ्यौं । मिति २०७२।०८।०६ गतेको १६ बजेको समयमा विद्यालयको छुट्टी भएपश्चात् पीडित र म घर फर्कने क्रममा म अलि अगाडि पुगिसक्दासमेत पीडित सँगसँगै नआएको देखी पछाडि फर्की हेर्दा निज पीडित सोही विद्यालयको धारामा हातखुट्टा धोइरहेको अवस्थामा देखेकी थिएँ। सोही समयमा प्रतिवादी दुर्गादत्त भट्ट आई पीडितको हात समाती तानी विद्यालयको कोठातर्फ लगिरहेको देखेकी हुँ । निज प्रतिवादीले विद्यालयको बगैंचाबाट बनास (ठुलो हँसिया) समेत समातेको थियो। निज प्रतिवादीले पीडितलाई विद्यालयको कक्षा ४ को कक्षाकोठाभित्र लगेपश्चात् म विद्यालयभन्दा अन्दाजी ५०/६० मिटरको दूरीमा रहेको बाटोमा पीडितलाई पर्खी बसेकी थिएँ । निज पीडित आधा घण्टापछि विद्यालयको कोठाबाट म भएको ठाउँमा आउँदा निजको मुख रातो र निजले लगाएका लुगाहरूमा धुलोमाटो लागेको थियो । मैले निजलाई किन ढिला आएकी भनी सोध्दा निजले प्रतिवादी दुर्गादत्त भट्टले जबरजस्ती करणी गरेको कुरा बताएकी हुन् । उक्त दिनभन्दा पछि पनि निज पीडित विद्यालयबाट ढिला गरी घरमा आउने गर्दथिन् । पीडितलाई प्रतिवादीले जबरजस्ती करणी गरी गर्भवती तुल्याएकोमा पूर्ण विश्वास लाग्छ भन्नेसमेत बेहोराको 'ब' कुमारीले गरेको घटना विवरण कागज।

प्रतिवादी दुर्गादत्त भट्टले जाहेरवालीको हात समाती कक्षाकोठाभित्र लगेर जबरजस्ती करणी गरेको र तत्पश्चात् ८, ९ र १० गते पनि सोही कोठामा जबरजस्ती करणी गरी गर्भवती तुल्याएको र पछि एउटा महिलाले निज पीडितलाई गर्भपतन गराउने औषधी दिएर निजको गर्भपतन गराएको हो भन्ने कुरा सुनी थाहा पाएको हुँ भन्नेसमेत बेहोराको चन्द्री महरसमेतका ३ जनाले गरेको करिब एकै मिलानको वस्तुस्थिति मुचुल्का।

प्रतिवादी दुर्गादत्त भट्टले पीडितलाई जबरजस्ती करणी गरे नगरेको र वारदात मितिमा पीडित विद्यालयमा हाजिर छन् छैनन् मलाई थाहा छैन। पीडितका बुवा चैत्र महिनामा विद्यालयमा आएर आफ्नी छोरी गर्भवती भएको र उक्त गर्भ प्रतिवादीको हो भनी सुनेको हुँ भन्नेसमेत बेहोराको खडक सिंह बोहराले गरेको घटना विवरण कागज।

वारदात मिति र समयमा म श्री शिव प्राथमिक विद्यालय डुङराको चौकीदार भएकाले विद्यालयको समय तालिकाअनुसार १५:३० बजेको समयमा छुट्टी हुने भएकाले छुट्टी भएपश्चात् विद्यालयको बाहिर रहेका कुर्सीलगायत सामानहरू भित्र राखी घरतर्फ गएको थिएँ। पीडितका बुबा चैत्र महिनामा विद्यालयमा आएर आफ्नी छोरी गर्भवती भएको र उक्त गर्भ मेरो हो भनी भन्दैछ भनी प्रतिवादीले भनेपछि घटनाको बारेमा थाहा पाएको हो भन्नेसमेत बेहोराको केशव दत्त भट्टले गरेको घटना विवरण कागज।

प्रतिवादी दुर्गादत्त भट्टले मुलुकी ऐन, जबरजस्ती करणी महलको १ नं. तथा ज्यानसम्बन्धी महलको २८ नं. को कसुर अपराध गरेको हुँदा निज प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३(३) नं. तथा ज्यानसम्बन्धी महलको २८ नं. बमोजिम सजाय गरी जबरजस्ती करणीको महलको ३क. बमोजिम थप सजाय हुनका साथै पीडितलाई सोही महलको १० र १०ग. बमोजिम मनासिब क्षतिपूर्तिसमेत दिलाई भराइपाउँ भन्नेसमेत बेहोराको अभियोगपत्र।

पीडित सुस्तमनस्थितिकी भएकीले निजलाई भर्ना गर्नु हुन्न भनी मैले भनेकाले पीडितका बुबा र मेरो पहिला वादविवाद भएको थियो । 'प' कुमारी

विद्यालयमा आई अस्वाभाविक व्यवहार गरिराख्ने हुँदा निजलाई शिक्षकको नाताले सम्झाउँदा रोई कराई गरी घरतर्फ जाने र मैले सम्झाउँदा उल्टै निजको बुबा मसँग छोरीलाई किन हप्काउनु हुन्छ भनी विवाद गर्न आउने गर्दथेँ। 'प' कुमारीले को कससँग कहिले करणी गराएको र गर्भपतन गराएको रहेछ थाहा छैन। 'प' कुमारीको बुबा आमाले मलाई अनाहकमा आरोप लगाएको हो। जाहेरी बेहोरा झुठ्ठा हो।  परिवर्तित नाम 'ब' कुमारी वारदात भनिएको मितिभन्दा १ महिना पहिलेदेखि विद्यालयमा हाजिर छैन दिल्ली गइसकेकी थिइन्। मैले अभियोग दाबीअनुसारको कसुर नगरेकाले अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी दुर्गादत्त भट्टले सुरू अदालतमा गरेको बयान।

तत्काल प्राप्त प्रमाणहरूका आधारमा प्रतिवादी दुर्गादत्त भट्टलाई मुलुकी ऐन, अ.बं. ११८ को देहाय दफा (२) अनुसार पुर्पक्षका लागि थुनामा राख्नु भन्ने सुरू बैतडी जिल्ला अदालतको मिति २०७२।१२।२८ को थुनछेक आदेश।

वारदात मिति २०७२ मङ्सिर ६, ८, ९ र १० गते विद्यालय बन्द भएपछि प्रतिवादी दुर्गादत्त भट्ट र अन्य शिक्षक सँगसँगै घर गएका हुन्। म विद्यालय बन्द गरी ४ बजेपछि घरतर्फ गएको हुँ। प्रतिवादी दुर्गादत्त भट्टले जबरजस्ती करणी गरेको होइन। झुठ्ठा मुद्दा हाल्न लगाएका हुन्। गर्भ दुर्गादत्त भट्टको होइन। ४, ५ जनासँग निज 'प' कुमारीको करणी चलखेल चलिरहने कुरा सुनेको थिएँ। निजहरूलाई बचाउन प्रतिवादी दुर्गादत्तमाथि झुठ्ठा आरोप लगाएको हो भन्नेसमेत बेहोराको प्रतिवादीको साक्षी केशव दत्त भट्टले सुरू अदालतसमक्ष गरेको बकपत्र।

मलाई कक्षा ४ को कोठामा बनास देखाई दुर्गादत्त भट्टले लगेका हुन्। कोठाभित्र लगेपछि भुइँमा बेन्च मिलाएर सुताएर करणी गरेको हो। मेरो पेटमा गर्भ दुर्गादत्त भट्टले राखेको हो। मलाई मम्मीले कस्को गर्भ हो भनी ४ थप्पड हान्यो। मैले जंगलमा बाख्रा चराउन लगे, जंगलमा १ जना आइमाईले मलाई औषधी दियो। सो औषधी मैले ३ दिन सेवन गरेँ र मेरो गर्भपतन भयो। आइमाईलाई म चिन्दिन। गर्भ ढाई महिनाको हो। मेरो गर्भपतन गराउने प्रतिवादी दुर्गादत्त भट्ट हो। जिल्ला प्रहरी कार्यालय बैतडीमा दिएको जाहेरी ठिक छ, सहीछाप मेरै हो। म जन्मेदेखि सुस्तमनस्थितिकी हुँ भन्नेसमेत बेहोराको पीडित जाहेरवाली 'प' कुमारीले सुरू अदालतसमक्ष मिति २०७३।०१।१४ मा गरेको बकपत्र।

पीडित 'प' कुमारीलाई जबरजस्ती करणी गरी गर्भ बोकाउने प्रतिवादी दुर्गादत्त भट्ट हुन्। स्कुलमा कोठाभित्रबाट पीडित बाहिर आएपछि पीडितले कसैलाई नभन्नु भनेको हो। पीडित 'प' कुमारीलाई प्रतिवादी दुर्गादत्त भट्टले हात समाती बाहिरबाट लगेको हो। 'प' कुमारी भित्रबाट आएपछि मैले सोध्दा तपाईलाई प्रतिवादीले किनभित्र लगेको भन्दा मलाई दुर्गादत्त भट्टले यसरी नै लग्छ, ३/४ दिन भइहाल्यो लगेपछि मलाई करणी गर्छ भनी भनेकी हुन्। पीडितले मलाई कसैलाई नभन्नु सरले मलाई कसैसँग नभन्नु भनी डराएको छ भनी भनेकी थिइन्। पीडित कोठाबाट बाहिर आउँदा कपालका रौं खुला थिए। मुख अनुहार डराएको थियो। गालामा हानेको जस्तो रातो थियो। शरीरमा लगाएको ड्रेस अलि अलि च्यातिएका थिए। मैले २०७२।०८।१० गतेका दिन करणी गरेको आफ्नै आँखाले देखेको हुँ। भित्र कोठाबाट बाहिर आउँदा पीडित अगाडि आएका थिए। सर अलि पछाडि आएका थिए। पीडितलाई कोठाभित्र लाने बेला प्रतिवादी दुर्गादत्त भट्टको हातमा हँसिया समातेको थियो। घटना घटेको दिनदेखि लगातार स्कुलमा पढ्न गएकी छु। एकदिन गएकी छैन, कुन दिन हो थाहा छैन भन्नेसमेत

बेहोराको घटना विवरण कागज गर्ने 'ब' कुमारीले सुरू अदालतसमक्ष मिति २०७३।०१।१५ मा गरेको बकपत्र।

विद्यालयमा जबरजस्ती करणी गर्ने वातावरण नै छैन । जाहेरी झुट्टा हो । प्रतिवादीले जाहेरवाली 'प' कुमारीको गर्भपतन गराउन औषधी दिएको होइन। जाहेरवाली 'प' कुमारीलाई गाउँका ३, ४ जना व्यक्तिहरूले यौन सम्पर्क राखेको कुरा सुनेकी हुँ । जाहेरवाली 'प' कुमारी र निजका आमा, बाबु, दिदीले उक्त स्कुलमा २०७२ साल फागुन ३० गते विद्यालयमा आएर हत्या गरिएको गर्भ दुर्गादत्त भट्ट सरको हो । वहाँले स्कुलभित्रै कक्षा ४ को कोठामा आफ्नी छोरीसँग जबरजस्ती करणी गरी गर्भ लगाएको कुरा उल्लेख गरेका हुन् । जाहेरवालीलाई मैले कक्षाको कोठासम्म लगी सोध्दासमेत उसले मलाई केही थाहा छैन भनेकी हुन् भन्ने बेहोराको प्रतिवादीका साक्षी मन्जु भट्टले सुरू अदालतसमक्ष गरेको बकपत्र।

उक्त वारदात मितिमा प्रतिवादीले पीडित जाहेरवालीलाई जबरजस्ती करणी गरेको होइन । अपरिचित महिलाको साथमा औषधी पठाई गर्भपतन गराएकोसमेत होइन । प्रतिवादीको सिधापन पैसाको लालचसमेतबाट उजुरी दिएको हुन सक्छ । ५ महिनाको गर्भपतन गराएको भन्ने सर मेडमहरूबाट सुनी थाहा पाएको हुँ । गर्भ कस्को हो थाहा छैन भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी सुना थापाले सुरू अदालतसमक्ष गरेको बकपत्र।

पीडित 'प' कुमारीलाई प्रतिवादी दुर्गादत्त भट्टले विद्यालयमा करणी गरी गर्भ बोकाई महिलाले सेवन गर्न दिएको औषधीको सेवनबाट गर्भपतन भएको हो भनी पीडितले भन्दा सुनी थाहा पाएकी हुँ। गर्भ दुई ढाई महिनाको हो भनी भन्दथी। प्रतिवादी दुर्गादत्त भट्टले स्कुलको कक्षा ४ को कोठामा ३, ४ दिन करणी गरेको हो भनी जाहेरवालीले सो कुरा मलाई २ महिना पहिले भनेको हो । घटना विवरण कागजको बेहोरा ठिक छ भन्नेसमेत बेहोराको घटना विवरण कागज गर्ने जानकीदेवी महरले सुरू अदालतसमक्ष गरेको बकपत्र।

पीडित परिवर्तित नाम 'प' कुमारीलाई प्रतिवादी दुर्गादत्त भट्टले विद्यालयमा करणी गरी गर्भ रहेको र पछि गर्भपतन गराएको हो । करणी ३/४ दिन गरेको हो भनी पीडितले भन्दा थाहा पाएकी हुँ। एकजना अपरिचित महिलाले औषधी दिएको हो, सो औषधी सेवन गरी गर्भपतन भएको भनी पीडितले भन्दा थाहा पाएको हुँ। प्रतिवादी दुर्गादत्त भट्टले प्रहरीमा उजुर नगर गाउँमा नै मिलाउँ भन्दा तुरुन्तै उजुर नगरेको हो। वारदात मितिको बारेमा मैले पीडितलाई सोध्दा पनि सोधिन र मलाई पीडितले बताउँदा पनि बताएन भन्नेसमेत बेहोराको घटना विवरण कागज गर्ने गीता महरले सुरू अदालतसमक्ष गरेको बकपत्र।

पीडित परिवर्तित नाम 'प' कुमारीलाई प्रतिवादी दुर्गादत्त भट्टले स्कुलमा करणी गरी गर्भ बोकाएको भन्ने कुरा गाउँमा हल्ला हुँदा सुनी थाहा पाएको हुँ। पीडितलाई प्रतिवादीले औषधी दिन लगाई पीडितको गर्भपतन गराएको भन्ने पीडित महिलाको मुखबाट सुनेकी हुँ। वस्तुस्थिति मुचुल्का कागज ठिक छ । पीडितले प्रतिवादीले जबरजस्ती करणी गरेको भनी मलाई मङ्सिर महिनामा भनेको हो भन्नेसमेत बेहोराको वस्तुस्थिति मुचुल्काकी मानमती महरले सुरू अदालतसमक्ष गरेको बकपत्र।

प्रतिवादीले जबरजस्ती करणी गरी गर्भ बोकाएको भन्ने आरोप झुट्टा हो । साढे तीन बजे स्कुल बन्द हुन्छ । स्कुल र मेरो घर १५ मिनेटको दूरीमा छ । वारदात भनिएको मिति समयमा जाहेरीमा लेखेअनुसारको वारदात भएको छैन । २०७२ साल चैत्र मसान्तको दिनमा जाहेरवालीलाई निजको दिदीले

साथै लगी स्कुलमा गई दुर्गादत्त भट्टलाई करणी गरेको दोषारोपण गर्दै २, ३ थप्पड हानेको मैले देखेको हुँ। 'प' कुमारीका गाउँका ५ जना केटाहरूले 'प' कुमारीलाई करणी गरी गर्भ बोकाएका हुन् भनी च्याउरे महरले भनेका थिए भन्नेसमेत बेहोराको प्रतिवादीको साक्षी पदमराज भट्टले सुरू अदालतसमक्ष गरेको बकपत्र।

प्रतिवादी दुर्गादत्त भट्टले 'प' कुमारीलाई जबरजस्ती करणी गरेको छ भन्ने कुरा गाउँमा हल्ला चल्दा मङ्सिरको महिनामा सुनेको हुँ। गर्भपतन को कस्ले गऱ्यो थाहा छैन। मिति २०७२।१२।२२ गते मैले गरेको कागज सुनाउँदा सुनिपाएँ सोमा भएको बेहोरा र सहीछाप मेरै हो सनाखत गरिदिएँ भन्नेसमेत बेहोराको वस्तुस्थिति मुचुल्काका बिरूवा महरले गरेको बकपत्र।

विद्यालयमा जबरजस्ती करणीको घटना हुन सम्भव छैन। गर्भपतन सम्बन्धमा गाउँघरमा हल्ला सुनी थाहा पाएको हुँ। २०७२ फागुन मसान्तका दिन जाहेरवाली निजका बाबु आमा दिदी हाम्रो स्कुलमा आई प्रतिवादीमाथि गर्भधारण गराएको दोषारोपण लगाएका हुन्। मेरो बुझाईअनुसार गाउँघरका मानिसहरूको केही प्रलोभन र पूर्वाग्रहका कारण दोष लगाएको हुन सक्छ। गर्भपतनबारे मलाई थाहा छैन भन्नेसमेत बेहोराको घटना विवरण कागज गर्ने खडक सिंह बोहराले सुरू अदालतसमक्ष गरेको बकपत्र।

पीडितको शरीरमा जबरजस्ती करणीका कुनै लक्षणहरू देखिएन। कन्याजाली च्यातिएको अवस्थामा थियो। योनिमा कुनै घाउ थिएन। योनिको स्वाब जाँच गर्दा मृत कोषिकाहरू Pus cells, Epithelial cells र Rod, shaped Bacteria देखिएको थियो, जो सामान्य हो। मिति २०७२।१२।०६ मा पीडितको पिसाब जाँच गर्दा केही समयअगाडि गर्भवती रहेको देखिएको थियो। मिति २०७२।१२।१८ मा पुनः जाँच गर्दा गर्भवती रहेको केही लक्षणहरू देखिएन। यो नदेखिएको कारण पाठेघरमा केही अवशेष बाँकी नभएको अवस्थामा देखिँदैन। पीडितको पहिलो चोटी चेक जाँच गर्दा उक्त लक्षणहरू देखिएका थिए। दोस्रो पटक जाँच गर्दा उक्त लक्षणहरू देखिएको थिएन। उपर्युक्त चेक जाँचका आधारबाट पीडितको गर्भ कहिले पतन भएको हो भन्न सकिँदैन। तर पीडितको केही समयअगाडि गर्भवती भई पतन भएको लक्षणहरू उक्त जाँच र भिडियो एक्सरेबाट देखिएको थियो। पतन भएको गर्भ के कति अवधिको थियो खुलाउन सकिँदैन। प्रतिवादीको चेकजाँच गर्दा निजको शरीरमा कुनै चोटपटकका लक्षणहरू थिएन निजको लिङ्गमा घर्षणका चिह्नहरू थिएनन् भन्नेसमेत बेहोराको पीडितको स्वास्थ्य जाँच गर्ने डा. विदुर भण्डारीले सुरू अदालतसमक्ष गरेको बकपत्र।

जाहेरवाला पीडित 'प' कुमारीको जाहेरी र बकपत्र, प्रत्यक्षदर्शी 'ब' कुमारीको अनुसन्धानमा भएको कागज र अदालतमा भएको बकपत्र, पीडितको गर्भ रही पतन भएको देखाउने स्वास्थ्य जाँच प्रतिवेदन तथा अदालतमा बकपत्र गर्ने वादी पक्षका साक्षी जानकीदेवी महरसमेतका मानिसहरूको बकपत्रका आधारमा प्रतिवादी दुर्गादत्त भट्टले पीडित जाहेरवाली 'प' कुमारीलाई मुलुकी ऐन, जबरजस्ती करणीको १ नं. अनुसार जबरजस्ती करणी गरेको ठहरेकाले निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय (३) नं. अनुसार तजबिजी सजाय न्यूनतम ६ वर्ष र पीडित सुस्तमनस्थितिकी अपाङ्ग भन्ने मिसिल संलग्न अपाङ्गतासम्बन्धी प्रमाण पत्रबाट खुली आएकोले सोही महलको ३क नं. अनुसार थप ५ पाँच वर्ष कैद सजाय हुने ठहर्छ र पीडितले प्रतिवादीबाट रू.५०,०००।– (अक्षरूपी पचास हजार रूपैयाँ) क्षतिपूर्तिबापत भराइदिन पाउने ठहर्छ र गर्भपतनमा अभियोग दाबी पुग्न सक्दैन भन्ने सुरू बैतडी जिल्ला अदालतको मिति २०७३।०३।१२ को फैसला।

बुझिएका विभिन्न साक्षी प्रमाणहरूबाट गाउँकै अन्य केटाहरूसँगको यौन सम्बन्ध खुलासा भएको छ। अन्तर्विरोधी साक्षी प्रमाणहरूबाट पीडित भनिएकी जाहेरवालीमाथि विश्वास गर्न नसकिने निजको सुस्त अपाङ्गताको प्रमाणबाट सिद्ध भइरहेको स्थितिमा अनुसन्धान र अदालतमा समेत पूर्ण इन्कारी हुँदाहुँदै जीवन समाप्त पार्ने गरी निरपराध व्यक्तिलाई दण्डित गर्नु न्यायदर्शनका मान्य सिद्धान्तहरूका साथै सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित मान्य कानूनी सिद्धान्त प्रतिकूल हुने भएकाले मेरा विरूद्धको फैसला बदर गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी दुर्गादत्त भट्टले उच्च अदालत दिपायलमा दर्ता गराएको पुनरावेदन पत्र।

पीडितले अदालतमा बकपत्र गर्दा आफ्नो गर्भपतन गराउनमा यी प्रतिवादीको संलग्नता रहेको भनी लेखाउनुका साथै वस्तुस्थिति मुचुल्काका मानमती महरले अदालतमा बकपत्र गर्दासमेत गर्भपतन गराउने औषधी पीडितलाई यी प्रतिवादीले नै दिन लगाएका हुन् भनी लेखाइदिएको तथा पीडितको स्वास्थ्य जाँच प्रतिवेदनबाट समेत गर्भपतन गराएको देखिएको अवस्थासमेतबाट यी प्रतिवादी नै पीडितको गर्भपतन गराउन संलग्न देखिएको अवस्थामा औषधी दिने महिलाको भौतिक उपस्थिति नरहेको भनी गरेको सुरू फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा बदर गरी प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको तर्फबाट उच्च अदालत दिपायलमा दर्ता भएको पुनरावेदन पत्र।

सुरू बैतडी जिल्ला अदालतबाट मिति २०७३।३।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७३।०९।२७ मा भएको फैसला।

पीडित 'प' कुमारीको किटानी जाहेरीको भनाइलाई प्रमाणित गर्ने कुनै प्रत्यक्ष र अप्रत्यक्ष प्रमाणहरू मिसिल संलग्न रहेको छैन । सुस्तमनस्थितिकी नाबालिका पीडितले महिनौं महिनाअगाडि भएको भनिएको जबरजस्ती करणीको वारदातका सम्बन्धमा जाहेरी बेहोरामा उल्लेख गर्नुभएको बेहोरा आफैँमा विश्वसनीय नरहेको प्रस्ट हुँदाहुँदै निजको भनाइलाई मात्र आधार लिई शंका र अनुमानको भरमा मात्र भएको फैसला त्रुटिपूर्ण छ। प्रत्यक्षदर्शी भनिएकी 'ब' कुमारीले गरेको बकपत्र बेहोरा आफैँमा विरोधाभाष भई कपोलकल्पित रहेको छ। पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन र डा. को विवादास्पद एवं शंकास्पद भनाइलाई विश्वासिलो प्रमाणको रूपमा लिन नसकिने र नमिल्नेमा डा. को बकपत्रलाई मात्र आधार लिई आरोपित कसुरमा कसुरदार कायम गरी भएको फैसला त्रुटिपूर्ण छ। यसरी जाहेरवालीको जाहेरी दरखास्त, निजको बकपत्र, पीडितको विवादास्पद स्वास्थ्य परीक्षण प्रतिवेदनहरू र डा. को अस्पष्ट र विरोधाभाषपूर्ण बकपत्रबाहेक अन्य कुनै आधार प्रमाणहरूले पीडित 'प' कुमारीको जाहेरी बेहोरालाई पुष्टि गर्न नसकेको अवस्थामा कसुरदार साबित गरी भएको उच्च अदालत दिपायलको फैसला कानून र मान्य सिद्धान्तहरू विपरीत रहेको हुँदा उक्त फैसला उल्टी गरी पूर्ण रूपमा सफाइ दिलाइपाउँ भन्नेसमेत बेहोराको यस अदालतमा दर्ता हुन आएको पुनरावेदनपत्र।

यसमा वारदात भएको भनिएको मिति २०७२/०८/०६, ८, ९ र १० गतेको ४ महिनापछि अर्थात् मिति २०७२/१२/०७ मा पीडित परिवर्तित नाम 'प' कुमारीले जाहेरी दरखास्त दिएको, जाहेरी दरखास्त दिँदा कक्षाको समय सकिएपछि ४ बजेको समयमा २०७२ मङ्सिर ६, ८, ९ र १० गते जबरजस्ती करणी गरेको भनी उल्लेख गरेकोमा

निजको हाजिरी पुस्तिका हेर्दा निज ६ गते र ९ गते स्कुलमा उपस्थित भएको देखिएको छैन भने प्रत्यक्षदर्शी भनिएका परिवर्तित नाम 'ब कुमारी' मंसिर महिनाभरि नै विद्यालयमा उपस्थित भएको हाजिर पुस्तिकाबाट नदेखिएको स्थितिमा निजको भनाइलाई नै शङ्कारहित प्रमाण मानी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७३/०९/२७ मा भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन, अ.बं.२०२ नं.को प्रयोजनार्थ प्रत्यर्थी झिकाई नियमानुसार पेस गर्नु भनी यस अदालतबाट मिति २०७४।१२।२० मा भएको आदेश।

ठहर खण्ड

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजातहरूको अध्ययन गरियो। प्रतिवादी दुर्गादत्त भट्टको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री रजितभक्त प्रधानाङ्ग र श्री कृष्णप्रसाद सापकोटाले, प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भन्ने अभियोग वस्तुनिष्ठ प्रमाणहरूबाट पुष्टि हुन सकेको छैन। पीडितलाई जबरजस्ती करणी गरिएको भनिएको दिन पीडित र प्रत्यक्षदर्शी भनिएकी व्यक्ति विद्यालय नै आएको देखिँदैन। पीडितको गर्भपतन गरिएको भनिए तापनि कति समयको गर्भपतन गरिएको हो भन्ने कुरा स्पष्ट रूपमा खुलाउन सकेको अवस्था छैन। स्वास्थ्य परीक्षण प्रतिवेदन र चिकित्सकको बकपत्र शंकास्पद रहेको छ। यस अवस्थामा पीडितको गर्भपतन गरिएको थियो भन्दैमा प्रतिवादीले नै पीडितलाई जबरजस्ती करणी गरेको हो भन्ने अभियोग दाबी स्थापित हुन सक्दैन। केबल शंका र अनुमानको आधारमा विरोधाभाषपूर्ण प्रमाणहरूलाई आधार मानी जबरजस्ती करणी जस्तो गम्भीर प्रकृतिको कसुरमा प्रतिवादीलाई सजाय गरेको सुरू बैतडी जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसला बदर गरी पुनरावेदक प्रतिवादीलाई सफाइ दिलाइपाउँ भन्नेसमेत बहस गर्नुभयो।

वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री सोमकान्त भण्डारीले, प्रतिवादी दुर्गादत्त भट्टले पीडितलाई जबरजस्ती करणी गरेको तथ्य शंकारहित तवरबाट स्थापित भएको छ। पीडित बालिका रहेको र सुस्तमनस्थितिको समेत रहेको अवस्थामा त्यसको फाइदा उठाउँदै प्रतिवादीले करणी गरेको देखिन्छ। प्रतिवादीले नै करणी गरेको कारण पीडित गर्भवती भएकोमा गर्भपतन गराइएको हो। जुन कुरा जिल्ला स्वास्थ्य कार्यालय, बैतडीको प्रतिवेदन तथा चिकित्सकले अदालतमा गरेको बकपत्रबाट समेत स्पष्ट हुन्छ। प्रतिवादीउपर पीडितले जबरजस्ती करणी जस्तो गम्भीर आरोप लगाउनुपर्ने अरू कुनै कारण छैन। यस अवस्थामा प्रतिवादीलाई सजाय गर्ने गरी भएको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसला मिलेको हुँदा सदर हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो।

उपर्युक्त तथ्य र बहस जिकिर रहेको प्रस्तुत मुद्दामा सुरू बैतडी जिल्ला अदालतको फैसलालाई सदर गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७३।०९।२७ मा भएको फैसला मिलेको छ वा छैन ? प्रतिवादी दुर्गादत्त भट्टको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादी दुर्गादत्त भट्टले मुलुकी ऐन, जबरजस्ती करणी महलको १ नं. तथा ज्यानसम्बन्धी महलको २८ नं. को कसुर अपराध

गरेको हुँदा निज प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३(३) नं. तथा ज्यानसम्बन्धी महलको २८ नं. बमोजिम सजाय गरी जबरजस्ती करणीको महलको ३क. बमोजिम थप सजायका साथै पीडितलाई सोही महलको १० र १०ग. बमोजिम मनासिब क्षतिपूर्तिसमेत दिलाई भराइपाउँ भन्नेसमेत अभियोग दाबी रहेकोमा सुरू बैतडी जिल्ला अदालतबाट प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको १ नं. को कसुरमा, ३ नं. को देहाय (३) नं. बमोजिम ६ वर्ष तथा सोही महलको दफा ३क नं. बमोजिम थप ५ वर्ष कैद र पीडितले प्रतिवादीबाट रू. ५०,०००।- भराई पाउने तथा गर्भपतनमा अभियोग दाबी पुग्न नसक्ने ठहरी फैसला भएको देखिन्छ । उक्त फैसलाउपर प्रतिवादीको र गर्भपतनमा अभियोग दाबी पुग्न नसक्ने भनी भएको फैसलाको हकमा वादी नेपाल सरकारको पुनरावेदन परेकोमा उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट सुरू अदालतको फैसलालाई सदर गरेको देखियो । गर्भपतनको कसुरमा समेत सजाय गरिपाउँ भनी लिएको दाबीतर्फ कसुरदार नठहऱ्याई उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट भएको फैसलाउपर वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पुनरावेदन परेको नदेखिँदा सो हदसम्मको अभियोग दाबीको सम्बन्धमा यस इजलासले विचार गरिरहनुपर्ने देखिएन । जिल्ला प्रशासन कार्यालय, बैतडीबाट मिति २०६५।१०।२२ मा जारी भएको पीडित 'प' कुमारीको अपाङ्गता परिचय पत्रको प्रतिलिपिबाट निजको जन्ममिति २०५७।०१।१२, अपाङ्गताको किसिमः सुस्तमनस्थिति "ख", अपाङ्गताको अवस्थाः सुस्तमनस्थिति र कमजोर भएको भन्नेसमेत उल्लेख भएको देखिँदा निज पीडित १५ वर्ष ६ महिना १४ दिनकी सुस्तमनस्थिति भएकी बालिका रहेको तथ्य पुष्टि भएको छ । उक्त परिचय पत्रको सम्बन्धमा अन्यथा हो भनी प्रतिवादीले खण्डन गर्न सकेको पनि देखिँदैन । अतः पीडित 'प' कुमारीको उमेर र शारीरिक अवस्थाको बारेमा कुनै विवाद देखिएन ।

३. प्रतिवादी दुर्गादत्त भट्टको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, जाहेरवालीको जाहेरी दरखास्त तथा निजको बकपत्र, पीडितको विवादास्पद स्वास्थ्य परीक्षण प्रतिवेदनहरू र डा. को अस्पष्ट र विरोधाभाषपूर्ण बकपत्रबाहेक अन्य कुनै आधार प्रमाणहरूले पीडित 'प' कुमारीको जाहेरी बेहोरालाई पुष्टि गर्न नसकेको अवस्थामा कसुरदार साबित गरी भएको उच्च अदालत दिपायलको फैसला त्रुटिपूर्ण रहेको हुँदा उक्त फैसला बदर गरी पूर्ण रूपमा सफाइ दिलाइपाउँ भन्ने मुख्य पुनरावेदन जिकिर रहेको देखियो । सोतर्फ विचार गर्दा, जबरजस्ती करणीको कसुर स्थापित हुनको लागि यौन समागम ( Sexual Intercourse) र सहमतिको अभाव (Lack of Consent) गरी दुई तत्त्वको आवश्यकता पर्नेमा प्रस्तुत मुद्दाको पीडित १५ वर्ष उमेरकी सुस्तमनस्थिति भएकी बालिका भएको देखिँदा प्रस्तुत मुद्दामा जबरजस्ती करणीको कसुर स्थापित गर्नको लागि करणी गर्दा सहमति थियो वा थिएन भन्नेतर्फ विचार गरिरहनुपर्ने देखिएन । केवल प्रतिवादीले पीडितलाई करणी गरेको हो वा होइन भन्ने प्रश्नको मात्र निरूपण गर्नुपर्ने देखिन्छ ।

४. प्रस्तुत मुद्दाको तथ्यगत अवस्थाको विश्लेषण गरी हेर्दा, मुद्दाको उठान स्वयं पीडित परिवर्तित नाम 'प' कुमारीको जाहेरी दरखास्तबाट भएको देखिन्छ । उक्त जाहेरी दरखास्तको बेहोराको अध्ययन गरी हेर्दा, मिति २०७२।०८।०६ गते, ८ गते, ९ गते र १० गते गरी ४ पटक विद्यालयको छुट्टी भइसकेपश्चात् अन्दाजी ४ बजेको समयमा दुर्गादत्त भट्टले मेरो हात समाती कक्षा ४ को कोठामा लगी झाडी

सफा गर्ने र दाउरा बनाउने बनास देखाई कसैसँग भन्यो भने काटी दिन्छु भनी डराई धम्काई जबरजस्ती करणी गरेको र सोही करणीका कारण म गर्भवती भएपश्चात् मलाई औषधी खुवाई मिति २०७२।१०।२० गते मेरो गर्भपतन भएको हुँदा निजलाई कारबाही गरिपाउँ भनी उल्लेख गरेको देखिन्छ । साथै, निज पीडित जाहेरवालीले सुरू अदालतसमक्ष उपस्थित भई उक्त जाहेरी दरखास्त सनाखत गरी जाहेरी बेहोरालाई समर्थन गरी बकपत्रसमेत गरेको देखिन्छ ।

५. त्यसैगरी, अनुसन्धानको क्रममा घटना विवरण कागज गर्ने परिवर्तित नाम 'ब' कुमारीले पीडित र म दुवैजना विद्यालय जाँदा र घर फर्कने क्रममा सँगै आउने जाने गर्दथ्यौं । मिति २०७२।०८।०६ गतेको १६ बजेको समयमा विद्यालयको छुट्टी भएपश्चात् पीडित र म घर फर्कने क्रममा म अलि अगाडि पुगिसक्दासमेत पीडित सँगसँगै नआएकोले पछाडि फर्की हेर्दा निज पीडित सोही विद्यालयको धारामा हातखुट्टा धोइरहेको अवस्थामा देखेकी थिएँ । सोही समयमा प्रतिवादी दुर्गादत्त भट्ट आई पीडितको हात समाती तानी विद्यालयको कोठातर्फ लगिरहेको देखेकी हुँ । निज प्रतिवादीले विद्यालयको बगैँचाबाट बनास (ठुलो हँसिया) समेत समातेको थियो । निज पीडित आधा घण्टापछि विद्यालयको कोठाबाट म भएको ठाउँमा आउँदा निजको मुख रातो र निजले लगाएका लुगाहरूमा धुलोमाटो लागेको थियो । मैले निजलाई किन ढिला आएकी भनी सोध्दा निजले प्रतिवादी दुर्गादत्त भट्टले जबरजस्ती करणी गरेको कुरा बताएकी हुन् भनी घटनाको सम्बन्धमा खुलाएको देखिन्छ भने अदालतमा पनि सोही बेहोरा उल्लेख गर्दै मिति २०७२।०८।१० गतेका दिन प्रतिवादी दुर्गादत्त भट्टले 'प' कुमारीलाई जबरजस्ती करणी गरेको आफ्नै आँखाले देखेको हुँ भनी बकपत्र गरेको देखिन्छ ।

६. जिल्ला स्वास्थ्य कार्यालय, बैतडीबाट मिति २०७२।१२।०७ मा प्राप्त भएको पीडितको स्वास्थ्य परीक्षण रिपोर्टमा पीडितको योनि र शरीरमा कुनै घाउ चोट नभएको भए तापनि निजको कन्याजाली (HYMEN) केही समय पहिला नै च्यातिएको, पिसाब जाँच गर्दा (UPT) Urine for Pregnancy Test - Positive देखिएको, पाठेघर ठुलो भएको, सुन्निएको र पाठेघरभित्र जमेको रगत देखिएको-केही समयअघि गर्भपतन भए जस्तो देखिएको भन्नेसमेत उल्लेख भएको देखिन्छ । साथै, पीडितको स्वास्थ्य जाँच गर्ने डा. विदुर भण्डारीले पनि सुरु अदालतमा गरेको बकपत्रमा मिति २०७२।१२।०६ मा पीडितको पिसाब जाँच गर्दा केही समयअगाडि गर्भवती रहेको देखिएको थियो । मिति २०७२।१२।१८ मा पुनः जाँच गर्दा गर्भवती रहेको केही लक्षणहरू देखिएन । पाठेघरमा केही अवशेष बाँकी नभएको अवस्थामा देखिँदैन । उपर्युक्त चेक जाँचका आधारबाट पीडितको गर्भ कहिले पतन भएको हो भन्न सकिँदैन तर पीडितको केही समयअगाडि गर्भवती भई पतन भएको लक्षणहरू उक्त जाँच र भिडियो एक्सरेबाट देखिएको थियो भनी उल्लेख गरेको देखिन्छ ।

**७. प्रमाण ऐन, २०३१ को दफा १०(१) ले "कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा देहाएका कुनै व्यक्तिले मौकामा वा त्यसको तत्काल अघि वा पछि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छः- (क) सो काम गर्ने वा सो काम घटना वा अवस्था प्रत्यक्ष रूपमा देख्ने वा थाहा पाउने व्यक्ति, (ख) सो काम घटना वा अवस्थाबाट पीडित भएका व्यक्ति"** भन्ने कानूनी व्यवस्था गरेको देखिन्छ । साथै**, ऐ. ऐनको दफा १८** ले **"कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त**

**गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ"** भन्ने कानूनी व्यवस्था गरेको सन्दर्भमा प्रस्तुत मुद्दामा जबरजस्ती करणी कसुरको पीडित स्वयंले निजमाथि घटेको घटनाको सम्बन्धमा जाहेरी दिई उक्त जाहेरी बेहोरालाई समर्थन गरी अदालतमा समेत सनाखत बकपत्र गरेको देखिँदा उक्त प्रमाणलाई अन्यथा प्रमाणित नभएसम्म न्यायको रोहमा सर्वश्रेष्ठ र अकाट्य प्रमाणको रूपमा लिनुपर्ने देखिन्छ। जबरजस्ती करणी मुद्दामा पीडितको भनाइ र जाहेरीले सर्वाधिक महत्त्व राख्छ। महिलाको शरीर र अस्मिता विरूद्ध हुने यस प्रकारको जघन्य अपराधमा पीडितको भनाइलाई अदालतले अत्यन्त गम्भीरताको साथ लिनुपर्ने हुन्छ। जबरजस्ती करणी मुद्दाको पहिलो साक्षी भनेको पीडित आफैँ हो। अरू प्रत्यक्ष प्रमाणहरूसँग बाझिएको, पीडितको भनाइमा निकै विरोधाभाष देखिएको, पीडितको भनाइ कृत्रिम र बनावटी देखिएको जस्ता अवस्थाहरूमा बाहेक सामान्यतः अदालतले पीडितको भनाइलाई प्रमाणको रूपमा लिनुपर्ने हुन्छ। हाम्रो न्यायिक अभ्यासलाई हेर्दा पनि जबरजस्ती करणीको मुद्दामा पीडितको भनाइलाई महत्त्वपूर्ण प्रमाणको रूपमा मान्यता दिँदै आएको देखिन्छ। उदाहरणको लागिः **"जबरजस्ती करणी मुद्दामा वारदातको प्रमाणको पहिलो कडी भनेको पीडित स्वयं हो भने दोस्रो कडी भनेको पीडितको शारीरिक परीक्षण हो" (ने.का.प.२०६७, अङ्क ९, नि.नं. ८४६९, पृ. १६१०)। "जबरजस्ती करणीको कार्य लुकीछिपी गरिने आपराधिक कार्य भएकोले त्यसमा प्रत्यक्षदर्शी साक्षी हुन सक्दैन। यस अवस्थामा अन्यथा प्रमाणित नहुँदासम्म पीडितको भनाइलाई नै सर्वमान्य प्रमाणको रूपमा लिनुपर्ने हुन्छ" (ने.का.प. २०७५, अङ्क ५, नि.नं. १०००७, पृ. ८७४) "वारदातको देखी जान्ने मात्र होइन भोगी जान्ने साक्षी पीडित स्वयंले अदालतमा उपस्थित भई बकपत्र गरेको र सो बकपत्रले जाहेरी दरखास्तमा उल्लिखित व्यवस्थालाई समर्थन गरेकोले त्यसले प्रामाणिक मूल्य पाउने कुरालाई नकार्न नमिल्ने" (ने.का.प. २०७४, अङ्क १२, नि.नं.९९१०)** भनी व्याख्या भएको देखिन्छ। उल्लिखित न्यायिक सिद्धान्तहरूको सन्दर्भमा समेत पीडित 'प' कुमारीले आफूलाई प्रतिवादी दुर्गादत्त भट्टले करणी गरी गर्भवती बनाएको भनी उल्लेख गरेको र निजको शारीरिक परीक्षणबाट समेत केही समयअगाडि गर्भपतन भएको देखिएको अवस्थामा पीडितको भनाइलाई अन्यथा मान्नुपर्ने अवस्था देखिएन।

८. साथै, प्रस्तुत वारदातस्थल भनी देखाइएको श्री शिव प्राथमिक विद्यालयको भौतिक स्थिति र अवस्थितिको बारेमा पनि उल्लेख हुनु मनासिब देखिन्छ। मिति २०७२।१२।०६ को घटनास्थल मुचुल्काबाट जिल्ला बैतडी, दशरथचन्द नगरपालिका, वडा नं. ९ स्थित श्री शिव प्राथमिक विद्यालयको पूर्वमा सामुदायिक वन जंगल, पश्चिममा भाटिपौंडादेखि बरतोली जाने कच्ची सडक, उत्तरमा शंकर दत्त भट्टको घर पसल, दक्षिणमा भवानी दत्त भट्टको बाँझो जमिन खरफगालो यति ४ किल्लाभित्र श्री शिव प्राथमिक विद्यालयका तीनवटा भवनहरूमध्ये उत्तरतर्फको भवनको दक्षिणतर्फको कक्षा ४ को कोठामा विद्यालयको छुट्टी भइसकेपश्चात् सोही श्री शिव प्राथमिक विद्यालयको शिक्षक वर्ष ४८ का दुर्गादत्त भट्टले 'प' कुमारीलाई धारिलो हतियार बनास देखाई जबरजस्ती करणी गरेको भन्ने देखिन्छ। उक्त मुचुल्काको बेहोराबाट एकान्तस्थलमा अवस्थित रहेको विद्यालयमा वारदात भएको देखिन्छ। विद्यालयको कार्यालय समयपश्चात् अर्थात् छुट्टी भई

सम्पूर्ण कर्मचारीहरूसमेत घर फर्किसकेपछि वारदात भएको देखिन्छ । विद्यालयको चौकीदारको रूपमा कार्यरत केशवदत्त भट्टको मौकाको कागजबाट समेत उक्त विद्यालय ३:३० को समयमा छुट्टी भएपछि सबै काम सकेर ४ बजेतिरको समयमा सबैभन्दा अन्तिममा आफू पनि घर जाने गरेको भन्नेसमेत खुल्न आएको छ । यसरी एकान्तस्थलमा अवस्थित रहेको विद्यालय छुट्टी भई सम्पूर्ण विद्यार्थी तथा कर्मचारीहरू आ-आफ्नो घर गइसकेपश्चात् सुस्तमनस्थिति भएकी बालिका पीडितलाई एक्लै धारामा देखी मौका छोपी प्रतिवादीले जबरजस्ती करणी गरेको भन्ने देखिन्छ । वारदातको भौतिक अवस्थितिबाट निज पीडितले हारगुहार गरेकोसमेत कसैले सुन्न नसक्ने भन्ने देखिन्छ भने पीडित र पीडकको उमेर तथा शारीरिक क्षमता र शिक्षक विद्यार्थीको सम्बन्धको संरचनासमेतलाई विचार गर्दा पीडितले प्रतिवाद गर्न नसक्ने अवस्थाको सिर्जना हुनु स्वाभाविक भई एक सुस्तमनस्थिति भएकी बालिका विद्यार्थी आफ्नै अभिभावकको रूपमा रहने शिक्षकबाटै जबरजस्ती करणीको शिकार हुन पुगेको देखिन्छ ।

९. प्रस्तुत मुद्दामा प्रतिवादी दुर्गादत्त भट्टले अनुसन्धान अधिकारी तथा अदालतमा गरेको बयानमा आफूले पीडितलाई जबरजस्ती करणी नगरेको भनी इन्कारी बयान गरेको भए तापनि मुद्दाको तथ्य र प्रमाणले प्रतिवादीको उक्त बयानलाई समर्थन गरेको देखिँदैन । प्रतिवादीले अधिकारप्राप्त अधिकारी तथा अदालतमा गरेको बयानमा जाहेरवाली विद्यालयमा चकचक गरी राख्ने, कक्षा छोड्ने भएकीले आफूले निजलाई हकार्ने गरेको कारण आफूउपर सोही कुरामा रिसइवी राखी जाहेरी दिएको भनी उल्लेख गरेको बेहोरा अपत्यारिलो छ । शिक्षकले गाली गर्‍यो भन्दैमा एउटा सुस्तमनस्थिति भएको बालिकाले जबरजस्ती करणी गरेको भनी अभियोग लगायो भनी विश्वास गर्न सकिँदैन । फेरी, प्रस्तुत मुद्दामा पीडित र प्रतिवादीबिचको सम्बन्ध असन्तुलित शक्ति संरचनामा आधारित रहेको छ । एकातर्फ, प्रतिवादी एक शिक्षित व्यक्ति भई गाउँको विद्यालयमा शिक्षकजस्तो जिम्मेवार पदमा कार्यरत व्यक्ति रहेको देखिन्छ भने अर्कोतर्फ पीडित सुस्तमनस्थिति भएकी बालिका रहेकी छन् । योनाङ्ग पूर्णरूपमा विकसित नभएकी, यौन समागमको लागि शारीरिक परिपक्वता नै भई नसकेकी बालिका पीडितले केवल रिसइवी साँध्नको लागि आफ्नै शिक्षकलाई जबरजस्ती करणी जस्तो गम्भीर अपराध गरेको आरोप लगाउँछ भनी अनुमान गर्नु पनि न्यायोचित देखिन आएन ।

१०. अब, सुस्तमनस्थितिकी बालिका पीडितले महिनौं महिनाअगाडि भएको भनिएको जबरजस्ती करणीको वारदातका सम्बन्धमा जाहेरी बेहोरामा उल्लेख गर्नुभएको बेहोरा आफैँमा विश्वसनीय नरहेको भनी प्रतिवादीले लिएको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, **साबिक मुलुकी ऐन, २०२० को जबरजस्ती करणीको महलको ११ नं. मा "जबरजस्ती करणीको कुरामा सो भए** गरेको **मितिले ६ महिनाभित्र नालिस नदिए लाग्न सक्तैन" भनी हदम्यादको व्यवस्था गरेको देखिन्छ ।** प्रस्तुत मुद्दामा मिति २०७२ मङ्सिर ६, ८, ९ र १० मा यी प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको देखिन्छ भने यी प्रतिवादीउपर मिति २०७२।१२।०७ मा जाहेरी दरखास्त परेको देखिन्छ । यसरी एकातर्फ, वारदात भएको मितिले ४ महिनापछि जाहेरी दरखास्त परेको भए तापनि कानूनले नै घटना भएको ६ महिनाभित्र नालिस दिनुपर्ने भन्ने उल्लेख गरेको अवस्थामा कानून निर्धारित हदम्यादभित्र नै प्रस्तुत मुद्दाको अभियोगपत्र दायर भएको देखिन्छ । अर्कोतर्फ, मुद्दाका सम्पूर्ण वस्तुनिष्ठ प्रमाणहरूबाट कसुर स्थापित भइरहेको

अवस्थामा केवल पीडितले केही समय ढिलो गरी जाहेरी दिएको भन्ने मात्र आधारमा वास्तविक न्याय सम्पादनतर्फ न्यायालय उदासीन हुन कदापि मिल्दैन।

११. कुनै पनि अपराधको सम्बन्धमा यथासम्भव समयमै जाहेरी दिँदा अपराधको अनुसन्धान तथा तहकिकात र प्रमाण सङ्कलनलगायत कार्यहरू छिटो सम्पन्न भई न्याय सम्पादनमा समेत शीघ्रता आउने कुरामा दुईमत छैन । यद्यपि वारदातको प्रकृति तथा संवेदनशीलता, पीडितको सानो उमेर, शारीरिक र मानसिक अपरिपक्वता, शारीरिक र मानसिक अपाङ्गता, न्यून शैक्षिक चेतनास्तर, पारिवारिक तथा सामाजिक प्रतिष्ठामा आँच आउने डर, भौगोलिक विकटता, न्यून आर्थिक अवस्था, सांस्कृतिक परिवेशसमेतका कारण समाजमा कलंकित (Stigmatized) हुने डर तथा वारदातपश्चात् पीडितमा पर्न गएको शारीरिक र मानसिक विक्षिप्तताका साथै समाजले पुऱ्याउन सक्ने थप पीडाको डर (Fear of being more Victimized) र समाजमा पीडकको हैसियत जस्ता तत्त्वहरूले जबरजस्ती करणी जस्ता महिलाको अस्तित्वसँग जोडेर हेरिने अपराधमा ढिलो जाहेरी पर्न सक्ने अवस्थाको विद्यमानता रहन्छ । त्यसकारण न्यायकर्ताले यस्ता जघन्य अपराधको पीडित तथा पीडित रहेको समाजको पृष्ठभूमि र परिवेशलगायतका वास्तविकताहरूलाई पनि गम्भीरतापूर्वक लिनुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा पीडित आफ्नो हक अधिकारप्रति उदासीन भई वा लापरवाही गरी उजुरी नगरेको अवस्था नभई आफू सुस्तमनस्थिति भएकी, शारीरिक र मानसिक रूपमा परिपक्व भई नसकेकी, देशको विकट भूगोलमा बसोबास गर्दै आएकी न्यून आर्थिक पृष्ठभूमि भएकी नाबालिग भई आफूमाथि के-कस्तो अपराध भयो, त्यसको असर र प्रभाव के हुन्छ तथा त्यसको बारेमा कहाँ कसरी न्यायिक उपचार खोज्ने भन्ने जस्ता कुरा बुझ्न नै नसक्ने अवस्थामा भएको कारण जाहेरी दिन केही समय ढिला भएकोसम्म देखिन्छ । ***"जाहेरी ढिला गरी परेको कारण सम्बन्धमा विवेचना गर्दा पीडितको परिवेशतर्फ पनि विचार पुऱ्याउनुपर्ने हुन्छ । अशिक्षा, अभाव, अज्ञानतासमेत रहेको समाजमा ढिलो गरी जाहेरी पर्दैमा सोही कारणले मात्र वारदात नै नभएको निष्कर्षमा पुग्दा अन्यायको पृष्ठपोषण गरेसरह हुन जाने"*** **(ने.का.प.२०७५, अङ्क ३, नि.नं.९९६९)** भनी यसै अदालतबाट व्याख्या भएको सन्दर्भमा समेत वारदात भएको मितिबाट केही ढिला गरी जाहेरी पर्दैमा त्यसलाई अन्यथा मान्नुपर्ने अवस्था देखिँदैन।

१२. फेरी, वारदातको समयमा पीडित र प्रत्यक्षदर्शी उपस्थित रहेको भन्ने हाजिर पुस्तिकाबाट नदेखिएको अवस्थामा वारदात पुष्टि नै हुन नसक्ने भनी प्रतिवादीतर्फबाट लिइएको पुनरावेदन तथा बहस जिकिरतर्फ विचार गर्नुपर्ने देखियो। सो सम्बन्धमा विचार गर्दा, निज पीडित र प्रत्यक्षदर्शी 'ब' कुमारीले आफूहरू नियमित स्कुल जाने गरेको भनी बकपत्र गरेका छन् भने वारदातको दिनहरूमा स्कुलमा अनुपस्थित रहेको भनी अनुसन्धानको क्रममा कागज गर्दा स्वयं प्रधानाध्यापक, चौकीदार तथा अरू बुझिएका मानिसहरू कसैले पनि स्पष्ट रूपमा खुलाउन सकेको देखिँदैन । निजहरूको हाजिरीको सम्बन्धमा अनुसन्धानको क्रममा कसैले प्रश्न उठाएको पनि देखिँदैन । पेस गरिएको भनिएको हाजिरी कपीसमेत मिति २०७२।१२।०७ मा जाहेरी र मिति २०७२।१२।२८ मा अभियोगपत्र दायर भएपछि मात्र मिति २०७३।०१।१४ मा अदालतको आदेशमार्फत सरकारी वकिलबाट पेस भएको देखिन्छ। पेस भएको उक्त हाजिर कपीमा आधिकारिक अधिकारीले सहीछाप गरी प्रमाणित गरेको देखिँदैन भने

विद्यालयको छापसमेत रहेको देखिँदैन । विद्यालयको शिक्षक नै प्रतिवादी भएको प्रस्तुत मुद्दामा विद्यालयको शिक्षककै प्रत्यक्ष नियन्त्रण र रेखदेखमा रहने उक्त हाजिर कपीमा रहेका धेरै तथ्यहरू स्वाभाविक देखिँदैन । उदाहरणको लागि प्रत्यक्षदर्शी 'ब' कुमारीको माघ महिनामा १ रोल नं. राखिएको छ भने पुष महिनामा ९ रोल नं. राखी लेखिएको छ । हाजिर कपीमा केरमेट गरी सच्चाइएको पनि देखिन आएको छ । यसरी जुन हाजिर कपीको आधारमा पीडित र प्रत्यक्षदर्शी वारदात भएको दिन अनुपस्थित थिए भनी जिकिर लिइएको छ उक्त हाजिर कपीको आधिकारिकता नै शंकास्पद देखियो । जबरजस्ती करणी जस्तो गम्भीर मुद्दामा प्रमाणको रूपमा पेस भएको हाजिर कपी आधिकारिक र अकाट्य प्रमाणको रूपमा पेस हुन नसकी मिसिल संलग्न अन्य सम्पूर्ण प्रमाणहरूले प्रतिवादीउपरको आरोपित कसुर प्रमाणित गरिरहेको अवस्थामा उक्त हाजिर कपीको आधारमा मात्र वारदातको दिन पीडित र प्रत्यक्षदर्शी विद्यालयमा अनुपस्थित थिए भन्ने कुरा विश्वसनीय देखिन आएन ।

१३. साबिक मुलुकी ऐन, २०२० को **जबरजस्ती करणीको महलको १ नं.** ले, **"कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ ।" ऐ. महलको ३(३) नं. ले, "चौध वर्ष वा सोभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए छ वर्षदेखि दश वर्षसम्म कैद सजाय हुने छ ।" ऐ. महलको ३ क. नं. ले, "कसैले गर्भवती, अशक्त, अपाङ्गता भएका वा होस ठेगानमा नरहेका वा आफ्नो संरक्षण वा हेरविचारमा रहेका महिलालाई जबरजस्ती करणी गरेमा वा जुनसुकै उमेरका महिलाउपर सामूहिक रूपमा जबरजस्ती करणी गरेमा यस महलमा लेखिएको सजायमा थप पाँच वर्ष कैद गर्नुपर्छ ।"** भन्ने कानूनी व्यवस्था रहेको देखियो ।

१४. तसर्थ, प्रस्तुत मुद्दामा पीडित 'प' कुमारी स्वयंले किटानी जाहेरी दिई अदालतसमक्ष जाहेरी बेहोरालाई समर्थन गरी गरेको बकपत्र, अनुसन्धानको क्रममा कागज गर्ने घटनाको प्रत्यक्षदर्शी व्यक्ति 'ब' कुमारीले मौकाको कागजलाई पुष्टि गरी गरेको बकपत्र, पीडितको स्वास्थ्य परीक्षण रिपोर्ट र उक्त रिपोर्ट तयार पार्ने विशेषज्ञ डा. विदुर भण्डारीले अदालतसमक्ष गरेको बकपत्रलगायतका सम्पूर्ण वस्तुनिष्ठ र प्रत्यक्ष प्रमाणहरूबाट प्रतिवादी दुर्गादत्त भट्टले पीडित 'प' कुमारीलाई जबरजस्ती करणी गरेको तथ्य स्थापित भयो । पीडित १५ वर्षकी नाबालक भई मानसिक अपाङ्गता सुस्तमनस्थिति भएकी भन्नेसमेत मिसिल संलग्न निजको अपाङ्गताको प्रमाणपत्रबाट पुष्टि भएको देखिँदा निज प्रतिवादीलाई उल्लिखित साबिक मुलुकी ऐन, जबरजस्ती करणीको १ नं. को कसुरमा सोही महलको ३ नं. को देहाय (३) बमोजिम ६ वर्ष र सोही महलको ३क. नं. अनुसार थप ५ पाँच वर्ष कैद सजाय र पीडितले प्रतिवादीबाट रू. ५०,०००।– (अक्षरूपी पचास हजार रूपैयाँ) क्षतिपूर्तिबापत भराइदिन पाउने ठहऱ्याएको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसला अन्यथा देखिन आएन ।

१५. अतः माथि विवेचित मुद्दाको तथ्य प्रमाण कानूनी व्यवस्था र नजिर सिद्धान्तहरूसमेतका आधार र कारणबाट प्रतिवादी दुर्गादत्त भट्टले १५ वर्षीया सुस्तमनस्थिति भएकी पीडित 'प' कुमारीलाई जबरजस्ती करणी गरेको देखिँदा यी प्रतिवादी दुर्गादत्त भट्टलाई मुलुकी ऐन, जबरजस्ती करणीको १ नं. को कसुरमा सोही महलको ३ नं. को देहाय (३) बमोजिम ६ वर्ष र पीडित सुस्तमनस्थितिकी अपाङ्गता भएकी

व्यक्ति भन्ने मिसिल संलग्न अपाङ्गतासम्बन्धी प्रमाण पत्रबाट खुली आएकोले सोही महलको ३क. नं. अनुसार थप ५ पाँच वर्ष कैद सजाय र पीडितले प्रतिवादीबाट रू. ५०,०००।– (अक्षरूपी पचास हजार रूपैयाँ) क्षतिपूर्तिबापत भराइदिन पाउने ठहर्‍याएको सुरू बैतडी जिल्ला अदालतको मिति २०७३।०३।१२ को फैसलालाई सदर गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको मिति २०७३।०९।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.हरिप्रसाद फुयाल

इजलास अधिकृतः हेमा पाण्डे
इति संवत् २०७७ साल साउन १४ गते रोज ४ शुभम्।

§ 📖 §

## निर्णय नं. १०६८३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
आदेश मिति : २०७७।६।२८
०७७-WH-००८३

मुद्दा : बन्दीप्रत्यक्षीकरण

निवेदक : रसुवा जिल्ला साबिक वृद्धिमा गा.वि.स. वडा नं. १ को हाल गोसाईकुण्ड गाउँपालिका वडा नं. ३ घर भई हाल कारागार कार्यालय रसुवामा कैदमा रहेका वर्ष ३३ का तेन्जेन नगरकोटी

विरूद्ध

विपक्षी : उच्च अदालत पाटनसमेत

- **एक वर्षसम्म कैद हुने ठहर भएका जुनसुकै मुद्दाका कसुरदारका हकमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को प्रावधान आकर्षित हुने पनि होइन । यस प्रकारको सुविधा प्रदान गर्नुअगाडि निर्णयकर्ताले कसुरको प्रकृति, गम्भीरता, कसुरदारको उमेर, कसुर गरेको तरिका, आचरण जस्ता दफा १५५ मा तोकिएका सर्तहरू र सार्वजनिक नीतितर्फ पनि विवेकपूर्ण दृष्टि दिनु आवश्यक हुन्छ । विशेष असाधारण कारण र परिस्थितिमा बहुविवाह मुद्दाका सन्दर्भमा पनि उक्त दफा १५५ बमोजिम सुविधा प्रदान गर्नुपर्ने**

**अपवादस्वरूपका अवस्था पनि देखा पर्न सक्लान् !! तर, सामान्यतयाः, बहुविवाह मुद्दाका कसुरदारलाई केही रकम बुझाएर कैद बस्नबाट फुर्सद पाउने गरी उल्लिखित संहिताको दफा १५५ बमोजिम छुट दिनु मनासिब नदेखिने ।**

(प्रकरण नं.३)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताहरू श्री खगेन्द्र सुवेदी र श्री सरोजराज प्याकुरेल

विपक्षीका तर्फबाट : विद्वान् उपमहान्यायाधिवक्ता श्री टेकराज भुषाल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

आदेश

**न्या.ईश्वरप्रसाद खतिवडा :** नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम यस अदालतमा पर्न आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

तथ्यगत बेहोरा

खाण्डु नगरकोटीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी म निवेदक भएको बहुविवाह मुद्दामा रसुवा जिल्ला अदालतबाट मिति २०७१।०३।०९ मा फैसला हुँदा म प्रतिवादी निवेदकलाई मुलुकी ऐन, विवाहवारीको ९ नं., ९(क) बमोजिमको अभियोगमा ऐ. ऐनको १० नं. बमोजिम १(एक) वर्ष कैद र रू. १५,०००।- (पन्ध्र हजार रूपैयाँ) जरिवाना हुने गरी फैसला भएको र उक्त फैसलाउपर म निवेदक प्रतिवादीले तत्कालीन पुनरावेदन अदालत पाटनमा पुनरावेदन गरेकोमा सो अदालतबाट मिति २०७२।०३।१८ मा सुरू रसुवा जिल्ला अदालतको फैसला सदर भई फैसला अन्तिम अवस्थामा रहेको छ । म मुद्दाको कारबाहीका क्रममा छ दिन थुनामा रहेको र फैसलाबमोजिम मिति २०७६।०८।२२ को थुनुवा पुर्जीबमोजिम थुनामा रहेको छु । मैले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको रकम भुक्तान गरी कैदबाट छाडी पाउन निवेदन गर्दा रसुवा जिल्ला अदालतबाट निवेदन मागबमोजिम गर्न मिल्ने देखिएन भनी मिति २०७६।१२।१९ मा आदेश भएको थियो । उक्त आदेश बदर गरिपाउँ भनी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम उच्च अदालत पाटनसमक्ष मिति २०७७।०३।२३ मा निवेदन गरेकोमा उच्च अदालतबाट समेत उक्त दफा १५५(१) बमोजिम सुविधा प्रदान गर्न मिलेन भनी मिति २०७७।०४।१३ मा आदेश भएको हुँदा म निवेदक हालसम्म कारागार कार्यालय रसुवामा कैदमा रहेको छु। नेपालको संविधानको धारा १७(१) मा कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन भनी व्यवस्था गरिएको छ । म निवेदकलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को उपदफा १, २, ३ बमोजिम बाँकी कैदबापत दिनको रू.३००।- भुक्तान गरी राम्रो आचरण पालन गर्ने छु भनी कागज गराई कैदबाट छोड्न सक्ने व्यवस्था भएको र कसुरको गम्भीरता, आचरण, कसुर गरेको अवस्थासमेतलाई विचार गर्दा कारागारमा राख्न उपयुक्त देखिँदैन । हाल विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को प्रकोपका कारणले कारागारमा रहँदा मेरो जीवन जोखिममा पर्ने भएकोले मलाई कैदबापतको रकम लिई छोड्दा समाजमा शान्ति सुरक्षामा समेत कुनै हानि नोक्सानी नपुग्ने हुँदा रसुवा जिल्ला अदालतको मिति २०७६।१२।१९ र उच्च अदालत पाटनको मिति

२०७७।०४।१३ को आदेश बदर गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम सुविधा प्रदान गरी नेपालको संविधानको धारा १७(१) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको निवेदन दाबी।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुद प्रमाणसहित लिखित जवाफ लिई मिति २०७७/६/२८ गते महान्यायाधिवक्ताको कार्यालयमार्फत उपस्थित हुन आउनु भनी निवेदन र आदेशको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूलाई म्याद सूचना जारी गरी नियमानुसार पेस गर्नू। प्रस्तुत रिट निवेदनसँग सम्बन्धित रसुवा जिल्ला अदालतबाट मिति २०७१/०३/०९ मा भएको फैसलासहित २०६९ सालको स.फौ.नं.०६९-CR-००१५ नं. को बहुविवाह मुद्दाको सुरू मिसिल तथा तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७२/०३/१८ मा फैसला भएको २०७१ सालको स.फौ.नं.०७१-CS-०४२८ नं. को बहुविवाह मुद्दाको रेकर्ड मिसिल झिकाई पेस गर्नु भन्ने यस अदालतको मिति २०७७/०६/२० को आदेश।

बहुविवाह मुद्दामा जिल्ला कारागार कार्यालय रसुवामा कैद भुक्तान गरिरहेका निवेदक तेन्जेन नगरकोटीले कानूनमा भएको व्यवस्थाअनुसार कैदबापतको रकम र जरिवाना दाखिला गरी कैदबाट छुट्कारा पाउँ भनी यस अदालतमा निवेदन दिएकोमा बहुविवाह मुद्दाको प्रकृति, कसुरको गम्भीरता तथा प्रमाणको मूल्याङ्कन गरी निवेदकलाई सो सुविधा प्रदान गर्न नमिल्ने भनी मिति २०७६।१२।१९ मा यस अदालतबाट आदेश भएको थियो । सो आदेश बदर गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को सहुलियत प्राप्त गरिपाउँ भनी निवेदकले उच्च अदालत पाटनमा समेत निवेदन दिएकोमा उक्त अदालतले समेत यसै अदालतको आदेशलाई मनासिब ठहऱ्याउँदै मिति २०७७/०४/१३ मा आदेश भएको अवस्था छ। बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनको लागि व्यक्तिलाई गैरकानूनी रूपमा थुनामा राखिएको अवस्था हुनुपर्दछ। बहुविवाह मुद्दामा निवेदक तेन्जेन नगरकोटीले कसुर गरेको अदालतद्वारा ठहर भई थुनामा कैद भुक्तान गरिरहेको देखिएबाट कानूनबमोजिम थुनामा रहेका व्यक्ति विरूद्ध बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था रहँदैन। निवेदकलाई थुनामा राखिएको कार्य कानूनबमोजिम रीतपूर्वक नै रहेको छ। दफा १५५ को व्यवस्था निवेदकको अधिकार नभई कानूनले तोकेको सर्त सीमाभित्र रही अदालतद्वारा प्रदान गर्न सकिने सहुलियतसम्म हो । सहुलियत नपाएकै आधार कारणबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न कानूनतः मिल्ने नदेखिँदा निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको रसुवा जिल्ला अदालतको लिखित जवाफ।

खाण्डु नगरकोटीको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी निवेदक भएको बहुविवाह मुद्दामा निवेदकलाई मुलुकी ऐन, विवाहवारीको महलको ९ नं. र ९क. नं. को कसुरमा सोही महलको १० नं. बमोजिम एक वर्ष कैद र रू. १५,०००/- जरिवाना हुने ठहरी सुरू रसुवा जिल्ला अदालतबाट मिति २०७१/०३/०९ मा भएको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत पाटनबाट मिति २०७२/०३/१८ मा फैसला हुँदा निज ६ दिन मुद्दा पुर्पक्षको लागि थुनामा रहेकोमा बाँकी कैद जरिवाना असुलउपर गर्न मिति २०७६/०८/२२ मा कैदी पुर्जी पठाएको र सोअनुसार निज थुनामै रहेको अवस्था देखियो। कसुरदारको उमेर, कसुरको गाम्भीर्य तथा कसुरमा निजको भूमिकासमेतको आधारमा

निवेदन मागबमोजिम मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको सुविधा प्रदान गर्न मिलेन भनी मिति २०७७।०४।१३ गते यस अदालतको संयुक्त इजलासबाट आदेश भएको देखिन्छ । यसरी अदालतबाट भएको आदेशबमोजिम थुनामा रहेको हुँदा आदेश जारी हुनुपर्ने होइन, रीट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको उच्च अदालत पाटनको लिखित जवाफ।

यस अदालतको आदेश

नियमबमोजिम पेसी सूचीमा चढी यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत विवादमा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री खगेन्द्र सुवेदी र श्री सरोजराज प्याकुरेलले बहुविवाह मुद्दामा हाल भुक्तान गरिरहेका निवेदक तेन्जेन नगरकोटीले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको रकम भुक्तान गरी कैदबाट मुक्त गरिपाउँ भनी निवेदन गरेकोमा रसुवा जिल्ला अदालत र उच्च अदालतले समेत दफा १५५ को व्यवस्था कानूनले तोकेको सर्त सीमाभित्र रही अदालतद्वारा प्रदान गर्न सकिने सहुलियतसम्म भएकाले सो सुविधा बाध्यकारी नभएको भनी आदेश गरेको छ; सो आदेश कानूनी त्रुटिपूर्ण भएकाले बदर गरी मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्दछ भनी गर्नुभएको बहस सुनियो । प्रत्यर्थीका तर्फबाट उपस्थित विद्वान् उपमहान्यधिवक्ता श्री टेकराज भुषालले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ (१) बमोजिमको सुविधा बाध्यात्मक कानूनी व्यवस्था नभएकोले निजलाई प्रमाणको आधारमा मूल्याङ्कन गरी सो सुविधा प्रदान गर्न नसक्ने भनी अदालतबाट आदेश भएको हो; आदेश कानूनसम्मत भएकाले रिट निवेदन खारेज हुनुपर्दछ भनी गर्नुभएको बहससमेत सुनियो।

अब यसमा निवेदन मागबमोजिम रिट आदेश जारी हुने वा नहुने के हो ? भन्ने प्रश्नमा निर्णय दिनुपर्ने हुन आएको छ।

२. निर्णयतर्फ विचार गर्दा निवेदक तेन्जेन नगरकोटीउपर चलेको बहुविवाह मुद्दामा सुरू रसुवा जिल्ला अदालतबाट मिति २०७१/०३/०९ मा तथा पुनरावेदन अदालत पाटनबाट मिति २०७२/०३/१८ मा एक वर्ष कैद हुने ठहर भएको र सो कैद असुलीको सन्दर्भमा निजलाई थुनामा राखिएको देखियो। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको रकम भुक्तान गरी कैदबाट छाडी पाउन माग गरी निजले गरेको निवेदनमा मागबमोजिमको सुविधा प्रदान गर्न नमिल्ने भनी रसुवा जिल्ला अदालतबाट मिति २०७६/१२/१९ मा आदेश गरेको पाइयो । उक्त आदेश बेरितको हुँदा बदर गरिपाउँ भनी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम गरेको निवेदनमा सुनुवाइ गरी उच्च अदालत पाटनबाट समेत सुरू रसुवा जिल्ला अदालतको आदेश मिति २०७७/४/१३ मा सदर गरेको देखियो। यसरी भएको आदेश त्रुटिपूर्ण छ भनी प्रस्तुत रिट निवेदन पर्न आएको देखिन्छ।

३. यस प्रकार साधिकार अदालतबाट बहुविवाह मुद्दामा भएको फैसलाअनुसार ठहर भएको एक वर्ष कैद असुलीका सन्दर्भमा निवेदक तेन्जेन नगरकोटीलाई रीतपूर्वक कैदी पुर्जी दिई कैदमा राखिएको देखिँदा यसलाई गैरकानूनी थुना भनी मान्न मिल्ने देखिँदैन । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको सुविधा पाउनुपर्ने हो भनी निवेदक तर्फबाट लिइएको जिकिरतर्फ विचार गर्दा प्रथमतः यस विषयमा तहतह अदालतबाट विचार भई आदेश भएको देखिन्छ। ती आदेशहरूमा कानूनी त्रुटि विद्यमान छन् भनी मान्न सकिने कुनै चित्त बुझ्दो

आधार तथा कारण पेस हुन आएको देखिँदैन । यसका अतिरिक्त उक्त दफा १५५ को व्यवस्था अदालतको तजबिजमा प्रयोग गरिने सामान्य प्रक्रियागत व्यवस्था हो भन्ने देखिन्छ । यो प्रावधानले निवेदकलाई कुनै हक अधिकार प्रदान गरेको देखिँदैन । एक वर्षसम्म कैद हुने ठहर भएका जुनसुकै मुद्दाका कसुरदारका हकमा यो दफा १५५ को प्रावधान आकर्षित हुने पनि होइन । यस प्रकारको सुविधा प्रदान गर्नुअगाडि निर्णयकर्ताले कसुरको प्रकृति, गम्भीरता, कसुरदारको उमेर, कसुर गरेको तरिका, आचरण जस्ता दफा १५५ मा तोकिएका सर्तहरू र सार्वजनिक नीतितर्फ पनि विवेकपूर्ण दृष्टि दिनु आवश्यक हुन्छ । विशेष असाधारण कारण र परिस्थितिमा बहुविवाह मुद्दाका सन्दर्भमा पनि उक्त दफा १५५ बमोजिम सुविधा प्रदान गर्नुपर्ने अपवादस्वरूपका अवस्था पनि देखा पर्न सक्लान् !! तर, सामान्यतयाः, बहुविवाह मुद्दाका कसुरदारलाई केही रकम बुझाएर कैद बस्नबाट फुर्सद पाउने गरी उल्लिखित संहिताको दफा १५५ बमोजिम छुट दिनु मनासिब देखिँदैन । विवादित कसुर हुँदाका अवस्थामा प्रचलित कानूनी व्यवस्थाअनुसार बहुविवाहको मुद्दाका कसुरदारलाई तत्काल प्रचलित मुलुकी ऐन, दण्ड सजायका महलको ११क. नं. बमोजिमको सुविधा दिन मिल्ने अवस्था पनि थिएन । मुद्दामा २०७२ सालमा नै फैसला भई अन्तिम भई बसेको अवस्था देखिन्छ । मुद्दा फैसला भएको अहिले करिब ४ वर्षपछि पक्राउ परेर कैदमा रहँदाको अवस्थामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको सुविधा पाउनुपर्ने भनी जिकिर गरेको कुरालाई उचित मान्न सकिएन ।

४. निवेदकले महामारीको सन्दर्भलाई पनि सुविधा पाउने कारणको रूपमा उल्लेख गरेको देखिन्छ । नि:सन्देह अहिले कोभिड-१९ महामारीको अवस्था धेरै ठाउँमा छ । यो एक संवेदनशील विषय पनि हो । तर यसको तात्पर्य महामारीलाई नै कारण देखाएर अदालतको फैसलाअनुसार कैदमा रहेका व्यक्तिलाई कैदबाट छुटकारा दिएर छाड्नु तर्कसङ्गत हुने देखिँदैन । सङ्क्रमणको जोखिम अवश्य नै कारागारभित्र तथा बाहिर जतातत‌ै छ । यसको यथोचित व्यवस्थापन मिलाई कानून कार्यान्वयनको प्रक्रिया पनि सञ्चालित हुनु वा गरिनु पर्दछ । महामारीको जोखिम देखाएर दण्डहीनताको स्थिति पैदा हुन दिइनु विवेकपूर्ण हुँदैन ।

५. अत: निवेदक तेन्जेन नगरकोटीलाई बहुविवाह मुद्दामा अदालतबाट फैसला भएअनुसार ठहर भएको कैद असुलीका लागि कानूनबमोजिम कैदी पुर्जी दिई थुनामा राखिएको देखिँदा यसलाई गैरकानूनी थुना भनी मान्न मिलेन । निवेदकलाई कानून प्रतिकूल बन्दी बनाएको देखिन नआएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । यो आदेशको जानकारी प्रत्यर्थीहरूलाई दिनु भनी एकप्रति प्रतिलिपिसहित महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाइदिनू । दायरीको लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.तेजबहादुर के.सी.

इजलास अधिकृतः- उषा गिरी
इति संवत् २०७७ साल असोज २८ गते रोज ४ शुभम् ।

## निर्णय नं. १०६८४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री कुमार रेग्मी
फैसला मिति : २०७७।६।६
०७७-WH-००६२

मुद्दा : बन्दीप्रत्यक्षीकरण

निवेदक : पदमध्वज खड्काको छोरा जिल्ला रामेछाप लिखु तामाकोशी गा.पा. वडा नं. ३ घर भई हाल जि.प्र.का. रामेछापमा हिरासतमा रहेका लिखु तामाकोशी गा.पा. का अध्यक्ष वर्ष ४४ का गोविन्दबहादुर खड्कासमेत

विरूद्ध

विपक्षी : रामेछाप जिल्ला अदालत, मन्थली रामेछापसमेत

- **सरकारवादी भई कैदको सजाय हुन सक्ने फौजदारी अभियोगमा मुद्दा चलेको र निजहरू न्यायिक प्रक्रियामा नै रहेको अवस्थाका व्यक्तिलाई अन्यथा पर्याप्त र मनासिब कारण नदेखिएसम्म निजले रोजेको निजी घर, अस्पताल वा यस्तै अन्य ठाउँमा बस्ने गरी रोज्ने वा छनौट गर्न पाउने छुट नहुने ।**
- **आइसोलेसनमा राखिएको कुरालाई गैरकानूनी रूपमा थुनामा राखेको वा बन्दी बनाएको भन्ने अर्थमा नभएर "स्वास्थ्य उपचार-विधिको रूपमा" लिइनु उचित हुने । कोभिड-१९ महामारीसम्बन्धी सङ्क्रमण भई आइसोलेसनमा राखिएको कारणबाट न्यायिक प्रक्रिया पूरा गर्न केही समय ढिलो हुन गएको कुरालाई स्वच्छ सुनुवाइको हकमा अनुचित असर पारिएको भनी मान्नु युक्तिसङ्गत नहुने ।**

(प्रकरण नं.३)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री शेरबहादुर के.सी., विद्वान् अधिवक्ताहरू श्री टिकाराम भट्टराई, श्री हरिप्रसाद तिमिल्सेना, श्री सुनिल पोखरेल, श्री नरबहादुर योगी र श्री योगेन्द्रबहादुर अधिकारी

विपक्षीका तर्फबाट : विद्वान् नायव महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय र विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टाराई

अवलम्बित नजिर :

सम्बद्ध कानून :

आदेश

**न्या.ईश्वरप्रसाद खतिवडा :** नेपालको संविधानको धारा ४६ र १३३(२) र (३) बमोजिम पर्न आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

कुनै पनि मुद्दाको अनुसन्धान तहकिकात गर्नुपर्ने भएमा मुलुकी फौजदारी संहिता, २०७४ को दफा १३ को अक्षरश: पालना गर्नुपर्ने हुन्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा तहकिकातको लागि थुनामा राख्न सकिने अवधि र तत्सम्बन्धी कार्यविधिको व्यवस्था गरिएको छ । दफा १४ मा कुनै व्यक्तिलाई कसुरको अनुसन्धानको लागि पक्राउ गरेपछि तहकिकातको लागि २४ घण्टाभन्दा बढी

थुनामा राख्नु हुँदैन । सोही संहिताको दफा १४(६) मा अनुसन्धान अधिकारीले कुनै व्यक्तिलाई हिरासतमा राख्ने अनुमति माग गरेकोमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजात हेरी अनुसन्धान सन्तोषजनक रूपमा भएको वा नभएको विचार गरी आवश्यक देखिए सम्बन्धित कानून व्यवसायीको बहससमेत सुनी अनुसन्धानको लागि हिरासतमा राखिराख्न आवश्यक भएको देखिएमा एकै पटक वा पटकपटक गरी २५ दिनसम्म हिरासतमा राख्न आदेश दिन सक्ने कानूनी व्यवस्था रहेको छ । उक्त व्यवस्थाविपरीत विनाआधार कारण विपक्षीहरूबाट मेरो भाइ गोविन्द खड्का तथा अर्का बन्दी लाल ब. तामाङलाई हिरासतमा राख्नुपर्ने समयभन्दा बढी हिरासतमा राखेको र विश्वमा फैलिएको कोरोनाभाइरस मेरा भाइलाई लागेको भनी अपुष्ट खबरका आधारमा २१ दिनपछि उपस्थित गराउनु भन्ने रामेछाप जिल्ला अदालतको आदेशसमेत गैरकानूनी रहेको छ । निवेदक बन्दीलाई कानूनले तोकेकोभन्दा बढी अवधि थुनामा राखिएको कार्य नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय आलेख, स्वच्छ सुनुवाइको सिद्धान्त र नेपालको संविधानको धारा २०, २१ एवं ४६ को समेत विपरीत रहेको छ । सङ्कटकालमा पनि नागरिक अधिकार हनन हुन नहुने संवैधानिक प्रावधान रहेको वर्तमान संवैधानिक प्रबन्धमा Non-derogable Rights को रूपमा रहेको हाम्रो मौलिक अधिकारलाई अदालतसमेतले हनन गरेको तथा विपक्षीहरूले लामो समयसम्म गैरकानूनी रूपमा थुनामा राखी अदालतमा पेस गरेपश्चात् Covid-19 को सङ्क्रमण भएको भनिएको भए तापनि पुरानो अवस्थामा नै हिरासतमा राखी न्यूनतम मानवीय व्यवहारसमेत नगरेको, सङ्क्रमित भएको हो भने आवश्यक उपचारको व्यवस्थासमेत नगरी ज्यानै जोखिममा रहेकोले उक्त थुना गैरसंवैधानिक र गैरकानूनी रहेको छ। विपक्षीहरूको कार्य नेपालको संविधानको धारा १६, १७, १८, २०, २७, ३५, मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १४, मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ७, ८ तथा सम्मानित सर्वोच्च अदालतबाट ०७२-WH-००५१ कनकमणि दीक्षित विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत भएको रिट निवेदनका सन्दर्भमा प्रतिपादित नजिर सिद्धान्तविपरीत रहेकोले बन्दीप्रत्यक्षीकरणलगायत अन्य उपयुक्त आदेश जारी गरी निज बन्दीहरूलाई गैरकानूनी थुनाबाट थुनामुक्त गर्नु भनी आदेश गरिपाउँ भन्नेसमेत बेहोराको निवेदन दाबी ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने कुनै आधार, कारण भए अभियोगपत्र, बयानलगायत मिसिल संलग्न सबुद प्रमाणको प्रमाणित प्रतिसहित आदेशप्राप्त भएका मितिले बाटाका म्यादबाहेक तीन दिनभित्र सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४६ बमोजिम विपक्षीहरूले महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विद्युतीय माध्यमद्वारा म्याद सूचना दिनू । साथै यो आदेश र रिट निवेदनको प्रतिलिपिसमेत साथै राखी सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू । साथै, मिसिल संलग्न कागजबाट निवेदकहरूको स्वास्थ्य अवस्थामा समस्या देखिएकाले जिल्लामा उपलब्ध भएसम्मका उपचारका सुविधाहरू उपलब्ध गराई अस्पताल वा हिरासतमा छुट्टै राखी उपचार गराउनु भनी विपक्षीहरूलाई जनाउ दिनु भन्ने यस अदालतको मिति २०७७।०५।३० को आदेश ।

मिति २०७७।४।२९ मा दर्पण घिसिङको

जाहेरीले वादी नेपाल सरकार प्रतिवादी गोविन्दबहादुर खड्का र लालबहादुर तामाङउपर अपहरण शरीर बन्धक, शेरबहादुर खड्काले मिति २०७७।५।३ मा प्रतिवादीमध्येका गोविन्दबहादुर खड्काउपर ठगी र परिवर्तित नाम मन्थली A ले मिति २०७७।५।७ मा जबरजस्ती करणी विषयको जाहेरी परेकोमा २५ औं दिन अर्थात् मिति २०७७/०५/२२ मा तीनवटा मुद्दाहरूको एकैसाथ अभियोगपत्र दर्ता भएको र समय अभावको कारण सो दिनको भोलिपल्ट प्रतिवादीहरूको अदालतमा बयान प्रारम्भ गर्दागर्दै अपहरण तथा शरीर बन्धक मुद्दाका प्रतिवादी लालबहादुर तामाङ र सबै मुद्दाका प्रतिवादी गोविन्दबहादुर खड्कामा स्वास्थ्य परीक्षणबाट "SARS-COV-2 nucleic acid detected" भन्ने पत्रसाथ अदालतमा जिल्ला सरकारी वकिल कार्यालयको च.नं.९२ मिति २०७७।५।२२ को रिपोर्ट पेस भएबाट प्रतिवादीहरूसाथ उपस्थित सुरक्षाकर्मी, अदालतका कर्मचारी, न्यायाधीश तथा मुद्दामा उपस्थित दुवै पक्षका कानून व्यवसायीहरूमा समेत सङ्क्रमण हुन सक्ने अवस्थालाई दृष्टिगत गरी सोही मितिमा थुनछेक कार्य अगाडि बढाउन सक्ने अवस्था भएन । त्यसैले प्रतिवादीहरूको आज बयानकै क्रममा धुलिखेल अस्पताल के.यु. बाट प्राप्त पि.सि.आर.परीक्षण रिपोर्टले दुवैजना प्रतिवादीहरूको SARS-COV-2 nucleic acid detected भन्ने जिल्ला सरकारी वकिल कार्यालय रामेछापमार्फत पत्रसहितको रिपोर्ट प्राप्त भएकोले अदालत परिसरमा प्रतिवादीद्वयको आवागमन अत्यन्त जोखिमपूर्ण हुने साथै सम्पूर्ण कर्मचारीको स्वास्थ्यको समेत ध्यान राख्नुपर्ने रहेकोले आजै यस इजलासबाट थुनछेकसम्बन्धी थप कारबाही अगाडि बढाउन सक्ने अवस्था भएन; प्रतिवादीद्वयलाई जनस्वास्थ्यले तोकेको मापदण्डअनुरूप के कसो प्रक्रिया पुऱ्याएर उपचारसमेतका काम कारबाही सम्पन्न गर्नुपर्ने हो सो सम्पूर्ण विधि पुऱ्याई सुरक्षित रूपमा राख्नु भनी जिल्ला प्रहरी कार्यालयमा लेखी पठाई कोभिड टेस्ट नगेटिभ देखिएपछि पुनः थुनछेक प्रयोजनको लागि पेस गर्ने; साथै अदालत परिसरदेखि अन्य के कुन स्थानका व्यक्तिहरूलाई पनि कन्ट्रयाक्ट ट्रेसिङ गर्नुपर्ने हो ? यकिन गरी सो कार्यमा सहयोग गरिदिन भनी जिल्ला सरकारी वकिल कार्यालयमार्फत जिल्ला प्रशासन कार्यालय रामेछापलाई पत्राचार गर्ने भन्ने आदेश भएको हो; गैरकानूनी रूपमा थुनामा राखिएको होइन; ले प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको रामेछाप जिल्ला अदालतको लिखित जवाफ।

यस कार्यालयले मिति २०७४।०५।२२ मा रामेछाप जिल्ला अदालतसमक्ष अभियोगपत्र दायर गरिसकेपछि मिति २०७७।०५।२३ मा प्रतिवादीहरूको अदालतमा बयान कार्य चलिरहेको अवस्थामा धुलिखेल अस्पताल काभ्रेबाट SARS COV-2 nucleic acid Detected भन्ने बेहोराको स्वास्थ्य परीक्षण प्रतिवेदन जिल्ला अस्पताल रामेछापमार्फत यस कार्यालयमा जानकारी प्राप्त हुन आएको हुँदा सो बेहोराको जानकारी जिल्ला अदालत रामेछापमा पठाइएकोसम्म हो । निवेदकहरू गोविन्द खड्का र लालबहादुर तामाङको SARS-COV-2 nucleic acid Detected भन्ने बेहोराको Report प्राप्तपश्चात् रामेछाप जिल्ला अदालतबाट मिति २०७७/०५/२३ गते भएको आदेशानुसार निज प्रतिवादीहरूलाई जिल्ला प्रहरी कार्यालय रामेछापमा छुट्टै आइसोलेसन कक्ष स्थापना गरी आइसोलेसनमा राखिएको भन्नेसमेत बेहोराको जानकारी जिल्ला प्रहरी कार्यालय रामेछापबाट प्राप्त हुन आएको छ । जिल्ला सरकारी वकिल कार्यालय रामेछापले अभियोगपत्र दायर गर्दाका बखत Covid-19

सङ्क्रमण रहेको भनिएको कारणबाट थुनछेक र बयान कार्य रोकिएको नभई रामेछाप जिल्ला अदालतको मिति २०७३।०६।२३ गतेको आदेशबाट थुनछेक र बयान कार्य रोकी अदालतको आदेशले प्रतिवादीहरू हाल न्यायिक हिरासतमा रहेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको जिल्ला सरकारी वकिल कार्यालय रामेछापको लिखित जवाफ।

मिति २०७७।०४।२१ गते बेलुका अं. १७:०० बजेको समयमा जिल्ला रामेछाप लिखु तामाकोशी गा.पा. वडा नं. ३ घर भई हाल गाउँपालिका अध्यक्षसमेत रहेका गोविन्दबहादुर खड्कासमेतले म जाहेरवालालाई लिखु तामाकोशी गाउँपालिकाको कार्यालयका अध्यक्षको कार्यकक्षमा बोलाई कार्यकक्षको ढोका थुनी चुक्कुल लगाई विभिन्न किसिमको धाक, धम्की, डर त्रासमा पारी मानसिक यातना दिई म अध्यक्ष रहेको धोबी बजार सडक ग्राभेल तथा नाला निर्माण समितिको बैंक चेकमा जबरजस्ती हस्ताक्षर गराउने प्रयास गरेको हुँदा निज प्रतिवादीहरू गोविन्दबहादुर खड्का, लालबहादुर तामाङसमेतलाई कानूनबमोजिम कारबाही गरी क्षतिपूर्तिसमेत दिलाई भराइपाउँ भन्ने बेहोराको दर्पण घिसिङको यस कार्यालयमा मिति २०७७।०४।२८ गते अपहरण वा शरीर बन्धकसम्बन्धी कसुर मुद्दामा किटानी जाहेरी दरखास्त पेस हुन आएको हुँदा अनुसन्धान गर्न रामेछाप जिल्ला अदालतबाट मिति २०७७।०४।२९ गते पक्राउ अनुमति लिई मिति २०७७।०४।३० गते निज प्रतिवादी गोविन्दबहादुर खड्का र लालबहादर तामाङलाई पक्राउ गरी तत्काल स्वास्थ्य परीक्षण गराई सोही दिनदेखि लागु हुने गरी म्याद थप गरी यस कार्यालयको हिरासतमा राखी अनुसन्धान प्रक्रिया अगाडि बढाइएको हो । यसैबिच शेरबहादुर खड्काले प्रतिवादी गोविन्दबहादर खड्काउपर मिति २०७७।०५।०३ गते ठगीसम्बन्धी कसुरको किटानी जाहेरी दरखास्त दिएको र नाम परिवर्तित वर्ष ३१ की मन्थली A ले निजै गोविन्दबहादुर खड्काउपर मिति २०७७।०५।०७ गते जबरजस्ती करणी मुद्दाको किटानी जाहेरी दरखास्त दिएको हुँदा निज गोविन्दबहादुर खड्कालाई एकै म्यादभित्र तीनवटै मुद्दाको अनुसन्धान कार्य पूरा गरी यस कार्यालयबाट अनुसन्धान प्रतिवेदन तयार गरी मिसिल मिति २०७७।०५।१७ गते जिल्ला सरकारी वकिल कार्यालय रामेछापमा पेस गरिएको थियो । उक्त कार्यालयबाट मिति २०७७।०५।२२ गते अभियोगपत्रसाथ निज प्रतिवादीहरूलाई रामेछाप जिल्ला अदालतमा पेस गरिएकोमा उक्त दिन बयानलगायतको कार्य नभ्याइएको भनी फिर्ता हुन आएकोले भोलिपल्ट मिति २०७७।०५।२३ गते प्रतिवादीहरू गोविन्दबहादुर खड्का र लालबहादुर तामाङलाई अदालतमा पेस गरिएको थियो । प्रतिवादी गोविन्दबहादुर खड्का र लालबहादुर तामाङलाई उल्लिखित मुद्दाहरूको अनुसन्धानकै क्रममा यस कार्यालयको हिरासतमा राख्दा हाल विश्वभरि महामारीको रूपमा फैलिएको कोभिड-१९ भाइरस भए नभएको बारेमा PCR परीक्षण गर्न स्वाव सङ्कलन गरी धुलिखेल अस्पताल पठाइएकोमा मिति २०७७।०५।२३ गते निज गोविन्दबहादुर खड्का र लालबहादुर तामाङलाई कोभिड-१९ भाइरस सङ्क्रमण रहेको भन्ने परीक्षण प्रतिवेदन प्राप्त हुन आएकोले रामेछाप जिल्ला अदालतको मिति २०७७।०५।२३ गतेको आदेशले निजहरूलाई यस कार्यालयमा फिर्ता पठाइएको हुँदा अदालतको आदेशबमोजिम कोभिड-१९ भाइरसको सङ्क्रमण देखिएका निज प्रतिवादीहरूलाई यस कार्यालयमा छुट्टै सुरक्षित स्थानमा आइसोलेसन स्थापना गरिएको कक्षमा राखिएको हो । मन्थली नगरपालिकाको कार्यालयबाट खटी आएको मेडिकल

टिमले सुपरिवेक्षण गर्दा स्वास्थ्य मापदण्ड, २०७७ बमोजिम पाइएको भन्ने पत्रसमेत प्राप्त भएको अवस्था छ। आइसोलेसन कक्षमा राखी स्वास्थ्य उपचार गराउने व्यवस्था मिलाइएको छ । निज गोविन्दबहादुर खड्का र लालबहादुर तामाङको मिति २०७७।०६।०१ गते PCR परीक्षणको लागि पुनः स्वाब निकाल्ने व्यवस्थासमेत गरिएको छ । निवेदकहरूलाई पुरानो अवस्थामा नै हिरासतमा राखी न्यूनतम मानवीय व्यवहार नगरेको, आवश्यक उपचारको व्यवस्थासमेत नगरी ज्यानै जोखिममा रहेको भन्ने निवेदन बेहोरा युक्तिसङ्गत छैन । बन्दीप्रत्यक्षीकरणको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको जिल्ला प्रहरी कार्यालय रामेछापको लिखित जवाफ ।

यस अदालतको आदेश

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत विवादमा निवेदकका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शेरबहादुर के.सी., विद्वान् अधिवक्ताहरू श्री टिकाराम भट्टराई, श्री हरिप्रसाद तिमिल्सेना, श्री सुनिल पोखरेल, श्री नरबहादुर योगी र श्री योगेन्द्रबहादुर अधिकारीले मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजात हेरी अनुसन्धान सन्तोषजनक रूपमा भएको वा नभएको विचार गरी आवश्यक देखिए सम्बन्धित कानून व्यवसायीको बहससमेत सुनी अनुसन्धानको लागि हिरासतमा राख्न आवश्यक भएको देखिएमा हिरासतमा राख्न आदेश दिनुपर्ने हुन्छ, निवेदकहरूका सम्बन्धमा सोबमोजिम गरिएको छैन, विनाआधार, कारण हिरासतमा राख्न सकिनेभन्दा बढी अवधि हिरासतमा राखेको छ, कोरोना भाइरस लागेको भनी अपुष्ट कुराका आधारमा २१ दिनपछि उपस्थित गराउनु भनी गरेको रामेछाप जिल्ला अदालतको आदेशसमेत गैरकानूनी छ, निवेदकको स्वच्छ सुनुवाइसम्बन्धी हकमा आघात परेको छ, बन्दीप्रत्यक्षीकरणको आदेशले बन्दीलाई थुनामुक्त गरिनु पर्दछ भनी गर्नुभएको बहस जिकिर सुनियो । प्रत्यर्थीका तर्फबाट उपस्थित विद्वान् नायव महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय र विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले अपहरण शरीर बन्धक, जबरजस्ती करणी, ठगीलगायतका कसुरमा तीनवटा मुद्दा चलाइएको / अभियोगपत्र पेस भएको छ, प्रतिवादीहरूको बयानको हुँदै गर्दाको अवस्थामा धुलिखेल अस्पतालबाट पि.सि.आर. परीक्षण रिपोर्ट प्राप्त भएको र निवेदकहरू दुवै जनामा SARS-COV-2, nucleic acid detected भन्ने देखिएकोले अदालत परिसरमा निजहरूको आवागमन जोखिमपूर्ण हुने, कर्मचारी, कानून व्यवसायी तथा अन्य सेवाग्राहीहरूको स्वास्थ्य जोखिमसमेतलाई दृष्टिगत थुनछेकसम्बन्धी थप कारबाही अगाडि बढाउन सक्ने अवस्था नहुँदा अदालतको आदेशबमोजिम निवेदकहरूलाई आइसोलेसनमा राखिएको हो । कोभिड टेस्ट नगेटिभ देखिएपछि थुनछेकलगायतका काम कारबाही गर्न सकिने हुन्छ, आज यो विवादमा सुनुवाइ हुँदाको अवस्थामा अहिले निज निवेदक प्रतिवादीहरूलाई रामेछाप जिल्ला अदालतमा उपस्थित गराई बयान लिने कार्यसमेत भइरहेको जानकारी प्राप्त भएको छ । यसरी भएका काम कारबाही कानूनसम्मत हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भनी गर्नुभएको बहससमेत सुनियो ।

अब निवेदकलाई कानून प्रतिकूल बन्दी बनाएको हो, होइन ? निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने, नहुने के हो ? भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा निवेदक गोविन्दबहादुर खड्काउपर अपहरण शरीर बन्धक, जबरजस्ती करणी, ठगीलगायतका कसुरमा तीनवटा

मुद्दा चलाइएको (रामेछाप जिल्ला अदालतमा अभियोगपत्र पेस भएको) र अर्का निवेदक लालबहादुर तामाङउपर अपहरण तथा शरीर बन्धक मुद्दा चलाइएको देखियो । अदालतमा निवेदक प्रतिवादीहरूको बयान लिइँदै गर्दाको अवस्थामा धुलिखेल अस्पतालबाट निवेदकहरू दुवै जनामा SARS-COV-2, Nucleic Acid Detected भन्ने बेहोराको पि.सि.आर. परीक्षण प्रतिवेदन प्राप्त भएको कारणबाट अदालत परिसरमा निजहरूको आवागमन जोखिमपूर्ण हुने, न्यायाधीश कर्मचारी, कानून व्यवसायी तथा अन्य सेवाग्राहीहरूको स्वास्थ्य जोखिमसमेतलाई दृष्टिगत गरी थुनछेकसम्बन्धी थप कारबाही अगाडि बढाउन नसकिएको र निवेदकहरूलाई आइसोलेसनमा राखी उपचार गराउन र पि.सि.आर. परीक्षण "नेगेटिभ" आएपछि मुद्दासम्बन्धी बाँकी काम कारबाही गर्ने गरी अदालतको आदेशअनुसार आइसोलेसनमा राख्न पठाइएको भन्ने देखियो । यसरी आइसोलेसनमा राखिएको कुरालाई लिएर गैरकानूनी रूपमा बन्दी बनाएको भनी प्रस्तुत रिट निवेदन पर्न आएको पाइयो ।

३. अहिले कोभिड-१९ महामारीको अवस्था रहेको कुरामा विवाद छैन । निवेदक गोविन्दबहादुर खड्का र लालबहादुर तामाङको पि.सि.आर. परीक्षण हुँदा "SARS-COV-2, Nucleic Acid Detected" भन्ने स्वास्थ्य प्रतिवेदन प्राप्त भएकोसमेत पाइयो । अहिले सङ्क्रामक रोग व्यापक रूपमा फैलिएको कारणबाट करिब ८/९ महिनादेखि राज्यको विभिन्न सार्वजनिक सेवा प्रवाहमा असर परेको कुरा एउटा तथ्य हो । यसको असर स्वभावतः न्यायिक काम कारबाहीमा समेत परेको देखिन्छ र न्यायिक सेवा प्रवाह गर्ने कार्यमा केही सीमितता आइपरेको छ । सङ्क्रमितहरूबाट थप सङ्क्रमण फैलिने अवस्थाबाट अन्य मानिसलाई जोगाउन र स्वयम् सङ्क्रमित व्यक्तिको स्वास्थ्य सुरक्षा कायम गर्न आइसोलेसनमा रहनुपर्ने अनिवार्यता पैदा भएको पाइन्छ । यो अवस्था कसैको कुनै रहर वा स्वेच्छाचारी आदेशको परिणाम नभएर जटिल सङ्क्रमण जोखिमको कारणबाट पैदा भएको हो । महामारीको यो परिस्थितिमा कुनै कसुरको अभियोग लागेर मुद्दा चलेको वा अन्य आम नागरिक जो कोही भए पनि निजलाई सङ्क्रमण देखिएको अवस्थामा आइसोलेसनमा राख्नुपर्ने स्थिति स्वाभाविक रूपमा पैदा हुने देखिन्छ । महामारी सामान्य अवस्था नभएर विशेष प्रकारको असहज परिस्थिति हो । यस अवस्थामा न्यायिक प्रक्रियामा पनि केही प्रभाव पर्नु, प्रक्रिया पूरा गर्न सावधानी अपनाउनु र केही समय ढिलो हुनु स्वाभाविक छ । यिनै परिस्थितिको कारणबाट निवेदकहरूलाई नेपाल सरकारबाट निर्धारित मापदण्डअनुसारको आइसोलेसनमा राखिएको पाइयो । यसरी आइसोलेसनमा राखिएकोलाई गैरकानूनी थुना भनी भन्न मिल्ने देखिँदैन । निवेदकहरूउपर सरकारवादी भई कैदको सजाय हुन सक्ने फौजदारी अभियोगमा मुद्दा चलेको र निजहरू न्यायिक प्रक्रियामा नै रहेको अवस्था देखिन्छ । यस अवस्थाका व्यक्तिलाई अन्यथा पर्याप्त र मनासिब कारण नदेखिएसम्म निजले रोजेको ठाउँमा (निजी घर, अस्पताल वा यस्तै अन्य ठाउँमा) आइसोलेसनमा बस्ने गरी रोज्ने वा छनौट गर्न पाउने छुट हुँदैन । सरकारद्वारा निर्धारित मापदण्डअनुसार व्यवस्थित आइसोलेसनमा राखेर उपचार नै गरिएको छैन भन्ने पनि देखिँदैन । निवेदकको पि.सि.आर. परीक्षण प्रतिवेदन "नेगेटिभ" देखिएपछि बाँकी रहेको न्यायिक प्रक्रिया तत्काल अगाडि बढाउनु नै पर्ने हुन्छ । अहिले निवेदकहरूलाई रामेछाप जिल्ला अदालतमा उपस्थित गराएर बयान लिने कार्य भइरहेको छ भनी विद्वान् नायव महान्यायाधिवक्ताले बहसका क्रममा जिल्ला

सरकारी वकिलको कार्यालय, रामेछापको मिति २०७७/६/६ को विद्युतीय माध्यमबाट प्राप्त पत्रसमेत पेस गर्नु भएको पाइयो । यसरी निवेदकहरू नियमित न्यायिक प्रक्रियामा रहेको देखिन्छ र सोही प्रक्रियाबाटै निवेदकले न्यायिक उपचार प्राप्त गर्न सक्ने देखिन्छ । आइसोलेसनमा राखिएको कुरालाई गैरकानूनी रूपमा थुनामा राखेको वा बन्दी बनाएको भन्ने अर्थमा नभएर "स्वास्थ्य उपचार-विधिको रूपमा" लिइनु तर्कपूर्ण हुन्छ । कोभिड-१९ महामारीसम्बन्धी सङ्क्रमण भई आइसोलेसनमा राखिएको कारणबाट न्यायिक प्रक्रिया पूरा गर्न केही समय ढिलो हुन गएको कुरालाई स्वच्छ सुनुवाइको हकमा अनुचित असर पारिएको भनी मान्नु युक्तिसङ्गत हुँदैन । तसर्थ, यस प्रकारको विषयलाई गैरकानूनी रूपमा थुनामा राखेको भनी मान्न र बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिल्ने देखिएन ।

४. अतः माथि उल्लेख गरिएका आधार र कारणबाट निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ठहर्छ । प्रत्यर्थीहरूको जानकारीका लागि आदेशको प्रतिलिपिसहित महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाइदिनू । आदेश विद्युतीय प्रणालीमा प्रविष्ट गरी, दायरीको लगत कट्टा गरी, मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.कुमार रेग्मी

इजलास अधिकृतः- वीरेन्द्रबहादुर मल्ल
इति संवत् २०७७ साल आश्विन ०६ गते रोज ०३ शुभम् ।

## निर्णय नं. १०६८५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा. आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
फैसला मिति : २०७७।९।१२
०७२-CI-१३९९

मुद्दाः- अंश

पुनरावेदक / प्रतिवादी : जिल्ला कञ्चनपुर कृष्णपुर गा.वि.स. वडा नं.५ मौवाफाटा बस्ने जोगी रावतसमेत

विरूद्ध

प्रत्यर्थी / वादी : जिल्ला कञ्चनपुर कृष्णपुर गा.वि.स. वडा नं. ३ बस्ने बलबहादुर रावत

- **रीतपूर्वक लिखत गरी रजिस्ट्रेसन पास गरिदिएको हुनुपर्ने अनिवार्यता कानूनले निर्धारण गरेको अवस्थामा मौखिक रूपमा "मेरो भोगको सम्पत्ति तिमीले मलाई खुशी पारेबापत दिएँ" भनी भनेको आधारमा त्यस्तो सम्पत्ति प्राप्त गर्ने व्यक्तिले निजी रूपमा प्रयोग गर्न पाउने हुन्छ भनी अर्थ गर्न नमिल्ने ।**

(प्रकरण नं.६)

- **एकासगोलका अंशियारका नाममा रहेको सम्पत्ति दर्तावाला व्यक्तिको निजी ठहरी एकलौटी हकभोगको पुष्टि हुन नसकेपछि सो सम्पत्तिबाट सगोलका अंशियारलाई**

**अंश हक हिस्सा प्राप्त गर्नबाट वञ्चित गर्न नमिल्ने।**

(प्रकरण नं.७)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल तथा अधिवक्ता श्री नन्दप्रसाद अधिकारी

प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री भेषराज पन्त

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- मुलुकी ऐन, २०२०
- प्रमाण ऐन, २०३१

सुरू फैसला गर्नेः-

माननीय न्यायाधीश श्री भोजराज अधिकारी

कञ्चनपुर जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री रामेश्वरनाथ अमात्य

माननीय न्यायाधीश श्री बिमलप्रसाद ढुङ्गेल

पुनरावेदन अदालत महेन्द्रनगर

फैसला

**न्या.डा.आनन्दमोहन भट्टराई :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यस अदालतसमक्ष पुनरावेदन दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ:-

बाजे लक्ष्मी रावतका २ छोरा जेठो बुबा स्व. गोरे रावत र कान्छो काका डम्मरसिंह रावत हुन्। बुबा गोरे रावतकी २ श्रीमतीमा जेठी विपक्षी जोगी रावतकी आमा र कान्छी मेरी आमा चन्द्रादेवी रावत हुन्। जेठी आमाबाट विपक्षी जोगी रावत र कान्छी चन्द्रादेवी रावतबाट म फिरादीको जन्म भएको हो। विपक्षी गोरे रावतकी आमाको कालगतिले मृत्यु भइसकेको छ भने मेरी आमा चन्द्रादेवी रावत जीवित रहेकी छिन्। घरमा अंशियारका रूपमा विपक्षी जोगी रावत, आमा चन्द्रादेवी रावत र म फिरादी बलबहादुर रावत छौं। हालसम्म हामी एकासगोलमा बस्दै आएका छौं। बुबा गोरे र काका डम्मर रावतले यस जिल्लामा आई ऐलानी जग्गा फटाई कमोद गरी आई भोगचलन गर्दै आएका हुन्। पछि बुबा र काकाको मृत्यु भएकोले आ-आफ्ना भागमा पर्ने जग्गा अलग-अलग नापजाँच गराई काकाका भागमा पर्ने जग्गा निजका छोरा टेकबहादुर रावत र बुबाका भागमा पर्ने जग्गा दाजु जोगी रावतका नाउँमा नापजाँच भएको हो। मेरो हिस्सा लाग्ने जग्गा दाजु जोगी रावतले भाउजू पार्वतीदेवी रावतका नाउँमा जग्गाधनी प्रमाणपुर्जा लिएका हुन्। पहाड डडेल्धुराको जग्गाको मरूवाको सरूवा पनि भएको छैन। पछिल्लो समयमा दाजु भाउजूले म र मेरी आमाप्रति नराम्रो व्यवहार गर्दै आएका र मैले अंशबन्डा गरी दिनुहोस् भनी दाजु भाउजूलाई पटकपटक अंश माग गर्दा अंश दिन्नौं, पहाडको अंश खाउ, तराईमा हाम्रा नाउँमा रहेको सम्पत्तिबाट तपाइँलाई अंश पाइन्न जे गर्न सक्छौ गर् भनी ठाडो जवाफ दिई अन्यायमा पारेकाले फिराद गर्न आएको छु। यसरी हामीलाई अंशहकबाट विमुख गरी अन्याय गरेकाले मेरो अंश लाग्ने जे जति सम्पत्ति छ, विपक्षीहरूका नाउँ र जिम्मामा रहे भएकाले मुलुकी ऐन अंशबन्डाका २०, २१, २२, २३ नं. बमोजिम विपक्षीहरूबाट सम्पूर्ण सम्पत्तिको तायदाती फाँटवारी लिई सोबाट विपक्षी दाजु १ आमा चन्द्रादेवी १ म फिरादी १ गरी ३ भाग लगाई ३ भागको १ भाग अंश दिलाई भराइपाउँ भन्ने बेहोराको वादी बलबहादुर रावतको फिराद पत्र।

विपक्षीले हामीउपर लिनुभएको वादी दाबी

झुट्टा हो । विपक्षीले उल्लेख गर्नुभएबमोजिम बुबा ससुरा गोरे रावतले कमाएको जग्गा म प्रतिवादी जोगी रावतले आफ्ना नाउँमा नापजाँच गराएको भन्ने तथा सोही जग्गालाई म प्रतिवादी पार्वतीदेवी रावतले दर्ता गराएको भन्ने जिकिर विपक्षीको कपोलकल्पित एवं बदनियतपूर्ण छ । म जोगी रावत २०२२ सालमा नै पहाड जिल्ला डडेल्धुराबाट भारत बम्बईमा काम गर्न गएको थिएँ । ३५ वर्ष भारतमा काम गरी आएको अवस्था छ । मैले यस सरहदभित्र कुनै ठाउँमा आफ्नो नाउँमा कुनै जग्गा जेथा नापजाँच गराएको छैन । हाम्रा बुबा गोरे रावतले पनि यस जिल्लामा कुनै पनि ठाउँमा जग्गा आवाद गरेका वा भोग गरेका छैनन् । विपक्षी र मेरो सगोलको सम्पत्ति पहाड डडेल्धुरामा रहेको भए तापनि हामी अलग-अलग भोग व्यवहार गरी बसेका छौं, सगोल रहे बसेका छैनौं । म पार्वतीदेवी रावतका कान्छा ससुरा डम्मर रावतको मृत्यु भएकोले २०४४ सालमा म र नाबालक छोराहरू साथमा लिई कान्छीसासू पदमादेवी रावतको आश्रयमा यसै कञ्चनपुर जिल्लामा बसोबास गरी आएकी र लोग्ने जोगी रावत भारतमा नै काम गरी बसेको अवस्थामा कान्छी सासूको नै सेवा सत्कार गर्दै निजको आश्रयमा बसेकोमा २०५१ सालमा सुकुम्बासी समस्या समाधान आयोगले जग्गा भोग चलनका आधारमा स्थलगत सर्जमिन गरी जग्गा वितरण गर्ने प्रक्रिया सुरू हुँदा कान्छीसासूले आफ्नो भोग चलनमा रहेको कि.नं १३ र ८४ बाट आफ्ना छोरा टेकबहादुर रावतका नाममा जग्गा दर्ता गराएका र सोही कित्ताहरूबाट केही जग्गा बनाई खाउ भनी मेरा नाममा कान्छी सासूको स्याहार सुसार गरेबापत निजको सहमतिले आयोगबाट प्राप्त गरेकी हुँ । कान्छा ससुरा डम्मर रावतका नाममा कायम फिल्डबुकको जग्गा प्राप्त गरेकोले सो सम्पत्ति मेरो एकलौटी भई निजी आर्जनको हो । म पार्वतीदेवी रावत जिम्मा विपक्षीको अंशभाग लाग्ने जग्गा जेथा केही छैन । मैले प्राप्त गरेको जग्गा मुलुकी ऐन, अंशबन्डाका १८ नं. बमोजिम बन्डा गर्न नमिल्ने भएकाले मउपरको दाबी अमान्य गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादीहरूको संयुक्त प्रतिउत्तर-पत्र ।

वादी प्रतिवादीका नाउँमा के कति जग्गा सम्पत्ति रहेका छन् । ती जग्गाहरू के कुन स्रोतबाट निजहरूका नाउँमा दर्ता कायम हुन पुगेको हो । सो कुरा वादी प्रतिवादीहरूबाट कागज गराई खुलाउन लगाई दर्ता स्रेस्तासमेत झिकाउनु भन्ने सुरू कञ्चनपुर जिल्ला अदालतको आदेश ।

कान्छा बुबा डम्मर रावत र मेरा बुबा गोरे रावतले २०२५।०२६ सालतिर ऐलानी फडान गरी भोग चलन गरी आएका र पछि कान्छा बुबा डम्बर रावत र बुबा गोरे रावतको मृत्युपश्चात् सोही जग्गा चलन भोगको आधारमा दाजु जोगी रावतले आफ्नी श्रीमती पार्वतीदेवी रावतका नाममा दर्ता गराएको हो । सोमा मेरो पनि अंश हक लाग्ने हो भन्ने बलबहादुर रावतको वारेस टेकबहादुर दमाईले सुरू अदालतमा गरेको कागज ।

जोगी रावतका नाउँमा कुनै जग्गा दर्ता छैन । प्रतिवादी पार्वतीदेवी रावतका नाउँमा कि.नं ३२७, ३२० को क्रमश: ०-१५-१ र ०-१०-२ जग्गा दर्ता रहेको छ । पहाडको सम्पत्ति ससुराका नाउँमा दर्ता छ । तराइको कृष्णपुरको जग्गा म पार्वतीदेवीका नाम दर्ता रही मेरै चलनभोगमा रहेको छ । सो जग्गा डम्मर रावतको श्रीमती पदमा रावतले स्याहार सुसार गरेबापत मलाई दिएको जग्गा हो । सोबाहेक अन्य जग्गा छैन भन्ने जोगी रावतसमेतको वारेस दिलबहादुर विष्टले सुरू अदालतमा गरेको कागज ।

प्रतिवादीका काका ससुरा डम्मर रावत ०२२ सालतिर यस तराई जिल्लामा आउनु भई कृष्णपुर गा.वि.स. मा ३, ४ बिगाहा जग्गा आवाद गरी

बसेका डम्मर रावतको २०४३ सालमा मृत्यु भएकोले पदमादेवी रावतले आफ्नी बुहारी नाताकी पार्वतीदेवी देवी रावतलाई सेवा सत्कार गरेबापत निजलाई आफ्नोतर्फबाट केही जग्गा दिन चाहन्छु भनी निजलाई आयोगबाट दर्ता गरी केही जग्गा निज पार्वतीदेवी रावतलाई दिएको हो भन्ने बेहोराको प्रतिवादीका साक्षी लक्ष्मीराज ओझाले सुरू अदालतमा गरेको बकपत्र।

डम्मर रावत तराईमा आई कृष्णपुर गा.वि.स. मा जग्गा फडान गरी बसेका हुन् । गोरे रावतले तराईमा कुनै जग्गा आवाद फडान गरेका होइनन् । वादी प्रतिवादीहरूको कारोबार व्यवहार अलग अलग छ। पार्वतीदेवी रावतले आफ्नी कान्छी सासूलाई सेवा सत्कार गरी आएकाले निजका लोग्ने डम्बर रावतका नाउँमा फिल्डबुक कायम भई आएको जग्गालाई आयोगमा दर्ता गर्न सहमति दिई प्रतिवादी पार्वतीदेवी रावतले प्राप्त गरेकाले निजको एकलौटी सम्पत्ति हो । सोमा वादीको अंश हक लाग्ने होइन भन्ने एकै मिलान बेहोराको प्रतिवादीका साक्षीहरू नरबहादुर दियाल, चन्खु डगौरा तथा वासुदेव पनेरूले सुरू अदालतमा गरिदिएको बकपत्र।

सुरू अदालतका आदेशानुसार प्राप्त हुन आएका विवादित जग्गाको दर्ता स्रेस्ता तथा फिल्डबुक उतार मिसिलसाथ संलग्न रहेछ।

वादी प्रतिवादीहरू अंशियार नाताका व्यक्ति देखिएका र उनीहरूबिच विधिवत् अंशबन्डा भइसकेको अवस्था नहुँदा वादीले अंश पाउने नै अवस्था देखिए तापनि आदेशानुसार माग भएको तायदातीमा उल्लिखित पार्वतीदेवी रावतको कि.नं. ७०५, ९४३, ९४५, ९६० को जग्गाहरू निजको निजी आर्जनको देखिएको हुँदा सोबाट वादीले अंश पाउने देखिएन। डडेल्धुरामा पैतृक सम्पत्ति रहेको भनी वादी प्रतिवादीले फिराद प्रतिउत्तरमा उल्लेख गरेको र सो जग्गा देखाई दाबी लिई आएका बखत वादीले ठहरेबमोजिम अंश छुट्याई लिन पाउने नै हुँदा प्रस्तुत मुद्दाबाट सम्पत्ति नभएको हुँदा वादीलाई अंश दिलाई रहनु नपर्ने ठहर्छ भन्नेसमेत बेहोराको सुरू कञ्चनपुर जिल्ला अदालतको मिति २०७१।३।११ को फैसला।

वादी प्रतिवादी अंशियार रहेको कुरामा विवाद नभएको र उनीहरूको हालसम्म अंशबन्डा नभएको कुरासमेत स्वीकार गरी पहाड डडेल्धुराको सम्पत्ति देखाई दाबी गरेका बखत कानूनबमोजिम अंश छुट्याई लिन पाउने तर प्रतिवादी पार्वतीदेवी रावतको नाममा रहेका कि.नं. ७०५, ९४३, ९४५, ९६० का जग्गाहरू उहाँको निजी आर्जनको ठहऱ्याई गरेको सुरू जिल्ला अदालतको फैसला बदर गरी तराई पहाडको सम्पूर्ण सम्पत्ति पैतृक सगोल आर्जनको भएकोले सम्पूर्ण सम्पत्तिबाट फिरादमा ३ खण्डको १ खण्ड दाबी भए तापनि मुद्दा चल्दैका बखत आमाको मृत्यु भइसकेको र हाल दुई अंशियार दाजु जोगी रावत र म मात्र भएकोले २ खण्डको १ खण्ड अंश म फिरादीले दिलाइपाउँ भन्नेसमेत बेहोराको वादी बलबहादुर रावतको तत्कालीन पुनरावेदन अदालत महेन्द्रनगरमा परेको पुनरावेदन।

यसमा प्रतिवादी पार्वतीदेवी रावतको नाममा दर्ता भएको कि.नं. ७०५, ९४३, ९४५, ९६० को जग्गा निज पार्वतीदेवीको नाउँमा के कुन बेहोराबाट दर्ता हुन आएको हो ? मालपोत कार्यालय कञ्चनपुरमा बुझ्नु तथा २०५१ सालको सर्जमिन मुचुल्कासमेत सुकुम्बासी समस्या सामाधान आयोगबाट झिकाई पेस गर्नु भन्ने पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७१।०८।१० को आदेशबमोजिम पत्राचार हुँदा जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि पठाइएको छ। सुकुम्बासी समस्या समाधान आयोगको सर्जमिन मुचुल्का फेला नपरेको भन्ने बेहोराको मालपोत

कार्यालय कञ्चनपुरको पत्र जवाफ मिसिल सामेल रहेछ।

यसमा पार्वतीदेवीको कि.नं.३२७ र ३२० को जग्गाधनी प्रमाण पुर्जामा सुकुम्बासी आयोगको मिति २०५१।१२।२७ को निर्णयानुसार पार्वतीदेवी रावतको नाममा कृष्णपुर गा.वि.स. को प्लट नं. ४ र ७ को साबिक कि.नं. ३२० र ३२७ को जग्गा दर्ता गरेको भन्ने देखिँदा उक्त आयोगको निर्णयको प्रमाणित प्रतिलिपि सम्बन्धित मालपोत कार्यालयबाट अविलम्ब झिकाई पेस गर्नु भन्ने बेहोराको पुनरावेदन अदालतको आदेशबमोजिम पत्राचार हुँदा सुकुम्बासी समस्या समाधान आयोगबाट सो मितिमा निर्णय भएको नभई मिति २०५२।२।११ मा निर्णय भएको हुँदा सो निर्णय र दर्ता उतारको प्रतिलिपि पठाइएको भन्ने मालपोत कार्यालय कञ्चनपुरको पत्रसाथ प्राप्त हुन आएका निर्णय र दर्ता उतारको प्रमाणित प्रतिलिपि मिसिल सामेल रहेछ।

यसमा पार्वतीदेवीको कि.नं.३२७ र ३२० को जग्गाधनी प्रमाणपुर्जामा सुकुम्बासी समस्या समाधान आयोगको २०५१।१२।२७ को निर्णयानुसार भनी उल्लेख भएको हुँदा सो मितिको निर्णय मिसिल मालपोत कार्यालयबाट झिकाउने। कि.नं. ८४, ८५ र १३ का फिल्डबुक झिकाई सो जग्गा हालको कति नं. कित्तामा कायम छ ? नापी कार्यालयबाट बुझी पेस गर्नु भन्ने बेहोराको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७१।१०।२० को आदेशबमोजिम पत्राचार हुँदा सुकुम्बासी समस्या समाधान आयोगको मिति २०५१।१२।२७ को मिसिल यस कार्यालयमा प्राप्त नभएको भन्ने बेहोराको मालपोत कार्यालय कञ्चनपुरको र साबिक कि.नं.१३ बाट हाल कि.नं. ५२३ र ५२४ तथा कि.नं.८४ र ८५ बाट हाल कि.नं.९४४, ९४५, ९४६, ७०५ र ७०२ कायम भएको भन्ने बेहोराको जवाफसाथ कि.नं.१३, ८४ र ८५ को फिल्डबुक उतारसमेत प्राप्त भई मिसिल सामेल रहेछ।

यसमा वादीले अंश लिएको नपाएको अवस्थामा दाबी नपुग्ने गरी भएको सुरूको फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई उपस्थित हुन आए वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत महेन्द्रगरको मिति २०७१।११।१० को आदेश।

वादी प्रतिवादीका काकाका छोरा टेकबहादुर रावतको वतन वादीबाट खुलाउन लगाई निजलाई प्रतिवादी पार्वतीदेवी रावतको जग्गा दर्ता सम्बन्धमा अ.बं.१३९ नं बमोजिम बुझी पेस गर्नु र प्रतिवादी पार्वतीदेवी रावतको नाममा रहेको कि.नं. ७०५ र ९४५ साबिक कि.नं. ८४ र ८५ को हो भनी नापी कार्यालयको पत्रबाट देखिन आएको र कि.नं.९४३ र ९६० को जग्गाको स्रोत खुल्न नआएकोले अ.बं.१३३ नं. बमोजिम कागज गराई निज प्रतिवादीबाटै खुलाई सोको प्रमाणित प्रतिलिपि नापी कार्यालय र मालपोत कार्यालय कञ्चनपुरबाट झिकाई पेस गर्नु भन्ने बेहोराको पुनरावेदन अदालत महेन्द्रगरको मिति २०७२।३।३० को आदेशबमोजिमको कार्य सम्पन्न भई मिसिल सामेल रहेछ।

कित्ता नं.८४ र ८५ को जग्गा प्रतिवादी पार्वतीदेवी रावतले मेरी आमा पदमा रावतको स्याहार सुसार गरेबापत आमाले पार्वतीदेवी रावतका नाउँमा दर्ता गराएकी हुन् भन्ने बेहोराको अ.बं.१३३ नं. अनुसार बुझिएका व्यक्ति वादी / प्रतिवादीका काकाका छोरा टेकबहादुर रावतले पुनरावेदन अदालत महेन्द्रनगरमा उपस्थित भई गरी दिएको कागज मिसिल सामेल

रहेछ।

फिल्डबुकमा डम्बरबहादुर रावतको नाम जनिएका र सुकुम्बासी समस्या सामाधान आयोगबाट भोग चलनको आधारमा प्रतिवादी पार्वतीदेवीको नाममा कायम हुन आएका विवादित कि.नं.७०५, ९४३, ९४५, ९६० का जग्गाहरू कान्छी सासू पद्मादेवीले प्रतिवादी पार्वतीदेवीलाई आफूलाई रिझाएबापत दिएको हो भन्ने भनाइ रहेको भए तापनि सो जग्गाहरू प्रतिवादी पार्वतीदेवीलाई रिझबापत दिने पद्मादेवीको नाममा आएको र सो जग्गा लिखित रूपमा दिएको देखिएन। भोगको आधारमा प्राप्त भएको सम्पत्ति निजी आर्जनको हुने व्यवस्था अंशबन्डाको १८ नं. मा नदेखिएको र वादी प्रतिवादीबिच अंशबन्डा नभई एकासगोलमा रहे बसेको अवस्थामा जोसुकै अंशियारको नाममा रहे भएको सम्पत्ति बन्डा लाग्ने सम्पत्ति नै हुने भनी प्रमाण ऐन, २०३१ को दफा ६(क) मा व्यवस्था भएको हुँदा कि.नं. ७०५, ९४३, ९४५, ९६० का जग्गामा वादीको अंश हक नलाग्ने भनी भएको सुरू कञ्चनपुर जिल्ला अदालतको मिति २०७१।३।११ को फैसला कानूनसम्मत नदेखिँदा सो फैसला उल्टी भई वादीले तायदातीमा उल्लिखित जग्गाहरूसमेतबाट दुई भागको १ भाग अंश पाउने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत महेन्द्रनगरबाट मिति २०७२।७।१८ मा भएको फैसला।

विवादित कि.नं. ७०५, ९४३, ९४५ र ९६० का जग्गा हाम्रा पिता ससुरा गोरे रावतले कमाई भोगचलन गरेका जग्गा नभई हाम्रा काका/काका ससुरा डम्मर रावतले कमाई भोग कब्जा गरी फिल्डबुकमा आफ्नो नाम चढाएका जग्गा हुन्। हाम्रा पिता र काकाबिच अंशबन्डा भइसकेपछि सो कित्ता जग्गाहरू काकी सासू पद्मादेवीले म पार्वतीदेवीलाई निजको स्याहार संहार र सहयोग गरेबापत खुसी भई मेरा नाउँमा दर्ता गर्ने सहमति दिएको कारण मेरा नाममा दर्ता भएका जग्गा हुन्। सो कुरा सुकुम्बासी समस्या समाधान आयोगले फिल्डबुकमा डम्बरबहादुरको नाम भएका जग्गा २०५१ सालमा मेरा नाउँमा दर्ता गरी दिएबाट प्रस्ट हुन्छ। फिल्डबुकमा आफ्ना स्वर्गीय पतिको नाम जनिएको जग्गा काकीसासू पद्मादेवीले सहमति नदिई मेरा नाउँमा कायम हुन सक्ने अवस्थै रहँदैन। यसरी पिता/ससुरा र काका/काका ससुराबिच अंशबन्डा भइसकेपछि काकी/काकी सासूले रिझबापत म पार्वतीदेवीका नाममा दर्ता गर्ने सहमति दिई मैले प्राप्त गरेको जग्गा सगोलको मानी विपक्षी वादी हाम्रा भाइ/देवरको समेत अंश भाग लाग्ने ठहर गरी भएको पुनरावेदन अदालतको फैसला अंशबन्डाको १८ नं. को गलत व्याख्या गरी भएको छ। उक्त फैसला मुलुकी ऐन, स्त्री अंशधनको ४ नं., दानबकसको १, ५नं., अ.बं. १८४(क), १८५ नं. र प्रमाण ऐनको दफा ३, ५४ एवं. सर्वोच्च अदालतबाट स्थापित सिद्धान्त (ने.का.प. २०५७, अङ्क १०, नि.नं. ६९४८) समेत विपरीत भई त्रुटिपूर्ण हुँदा सो फैसला बदर गरी कि.नं. ७०५, ९४३, ९४५ र ९६० का जग्गाहरू अबन्डा कायम गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादीहरूको तर्फबाट यस अदालतसमक्ष पर्न आएको संयुक्त पुनरावेदन।

यसमा साबिक कि.नं. ३२०, ३२७ को हाल कायम ७०५, ९४३, ९४५ र ९६० का जग्गा र घरसमेत अंशहक लाग्ने होइन भनी पुनरावेदक प्रतिवादीले तायदाती पेस गरेकोसमेत देखिँदा पुनरावेदन अदालत महेन्द्रनगरबाट मिति २०७२।७।१८ मा भएको फैसलामा मुलुकी ऐन, अंशबन्डाको १८ र १९ नं. को व्याख्यात्मक त्रुटि भई फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन, अ.बं.२०२ नं. बमोजिम प्रत्यर्थी झिकाई आएपछि वा अवधि व्यतीत भएपछि नियमानुसार गरी पेस गर्नु भन्नेसमेत बेहोराको मिति २०७५।१।१९ मा यस

अदालतको आदेश ।

ठहर खण्ड

नियमबमोजिम आजको दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकहरूको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल तथा अधिवक्ता श्री नन्दप्रसाद अधिकारीले वादी प्रतिवादीका बाबुहरू गोरे रावत र डम्बरबहादुर रावतबिच पहिल्यै अंशबन्डा भई आ-आफ्नो व्यवहार गरी बसेको अवस्थामा फिल्डबुकमा डम्बरबहादुरको नाम जनिएका जग्गा निजको मृत्युपश्चात् निजकी पत्नी पद्मादेवीले सहमति दिई भतिजी बुहारी यी प्रतिवादी पार्वतीदेवीका नाममा दर्ता हुन आएकोमा सो कित्ता जग्गाहरू प्रतिवादी पार्वतीदेवीको निजी भई अबन्डा हुन नसक्ने भनी निजको देवर वादी बलबहादुर रावतसमेतलाई बन्डा लगाई दिनेगरी भएको पुनरावेदन अदालतको फैसलामा अंशबन्डाको १८ र १९ नं. को व्याख्यामा त्रुटि भई फैसला अन्यायपूर्ण भएको हुँदा सो फैसला उल्टी गरी विवादित कित्ता जग्गाहरू पुनरावेदक प्रतिवादीको अबन्डा जग्गा कायम गरिपाउँ भनी तथा प्रत्यर्थी वादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री भेषराज पन्तले वादी र प्रतिवादीहरूबिच अंशबन्डा हुन बाँकी रहेको अवस्थामा वादी / प्रतिवादीकी काकी / काकी सासू पद्मादेवीले व्यवहारतः भतिजी बुहारी पार्वतीदेवीलाई रिझबापत दिएको भए तापनि सो कार्य लिखित रूपमा नभएको र मौखिक रूपमा दिइएको रिझले कानूनी मान्यता पाउन नसक्ने हुँदा प्रतिवादी पार्वतीदेवीको नाम दर्ताका जग्गासमेत वादी प्रतिवादीबिच बन्डा लाग्ने ठहर गरी भएको पुनरावेदन अदालत महेन्द्रनगरको फैसला मिलेको हुँदा सदर कायम गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

दुवै पक्षको तर्फबाट प्रस्तुत भएको बहस जिकिर सुनी पुनरावेदनसहितको मिसिल कागजात अध्ययन गरी सुरू फैसला उल्टी गरी विवादित जग्गाबाट समेत वादीले अंशभाग छुट्याई लिन पाउने ठहर गरी भएको पुनरावेदन अदालत महेन्द्रनगरको फैसला मिलेको छ वा छैन ? पुनरावेदक प्रतिवादीहरूको सो जग्गाहरू अबन्डा कायम गरिपाउँ भन्ने पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने हुन आयो ।

२. निर्णयतर्फ विचार गर्दा हामी वादी प्रतिवादीहरूको पुर्ख्यौली बसोबासको जिल्ला डढेलधुरा हो । बाजे लक्ष्मी रावतका दुई छोरा जेठो गोरे रावत र कान्छो डम्बरबहादुर रावत भई जेठाका २ छोरा प्रतिवादी जोगी रावत र म वादी बलबहादुर रावत तथा कान्छाको छोरा टेकबहादुर रावत हौं । पिता र काका पहिले नै कञ्चनपुर जिल्लामा आई ऐलानी जग्गा जोतकमोद गरी बसेको र पिता र काका दुवैको मृत्यु भएपश्चात् सो जग्गा नापजाँच गरी काकाको भाग काकाका छोरा टेकबहादुरको नाममा र पिताको भाग जग्गा मेरा दाजु जोगी रावतका नाममा दर्ता गरी राखेकोमा दाजुले पिताको भागको सबै जग्गा नापजाँच गरी भाउजू पार्वतीदेवीका नाउँमा जग्गाधनी प्रमाणपुर्जा बनाएका र डडेल्धुराको जग्गा मरूवा सरूवासमेत नगरिएको हुँदा सबै सम्पत्तिबाट बन्डा छुट्याइपाउँ भन्ने फिराद दाबी र फिराद दाबी झुट्ठा हो, हाम्रा पिता कञ्चनपुर आएका थिएनन् । कञ्चनपुर काका मात्र आएका र म प्रतिवादी जोगी रोजगारीको लागि भारततर्फ गएकोले काकाको मृत्युपश्चात् म प्रतिवादी पार्वतीदेवी काकी सासूलाई सहयोग गरी काकीसँगै बसेकीमा २०५१ सालमा सुकुम्बासी समस्या समाधान आयोगबाट भोगको आधारमा जग्गा दर्ता प्रमाणपुर्जा दिँदा कान्छी सासू पद्मादेवीले मैले निजलाई सहयोग गरेबापत खुसी भई फिल्डबुकमा निजको पतिको नाम जनिई निजको

भोगमा रहेका साबिक कि.नं. १३, ८४ र ८५ बाट हाल कायम कि.नं.३२० र ३२७ र सोबाट कित्ताकाट भई कायम भएका कि.नं. ७०५, ९४३, ९४५ र ९६० का जग्गाहरू मेरो नाममा दर्ता गर्ने सहमति दिएको कारण मेरो नाममा दर्ता कायम हुन आएको हुँदा सो जग्गाबाट बन्डा लाग्ने होइन। सोबाहेक अन्य कुनै सम्पत्ति हाम्रो नाममा छैन भन्ने प्रतिवादीहरूको संयुक्त प्रतिउत्तर रहेकोमा सुरू अदालतले वादी प्रतिवादीबिच बन्डा हुन बाँकी नै रहेको देखिएको र कि.नं.७०५, ९४३, ९४५ र ९६० का जग्गा प्रतिवादी पार्वतीदेवीले रिझबापत प्राप्त गरी निजको निजी देखिँदा सोबाट वादीले अंश नपाउने र अन्य सम्पत्ति देखाई आएका बखत अंश पाउने ठहर गरेउपर प्रतिवादीको पुनरावेदन नपरेको र वादीको पुनरावेदन परेकोमा पुनरावेदन अदालत महेन्द्रनगरले सुरू फैसला उल्टी गरी कि.नं.७०५, ९४३, ९४५ र ९६० का जग्गासमेतबाट वादीले अंश भाग छुट्याई लिन पाउने ठहर गरेको देखियो। सो फैसलाउपर प्रतिवादीहरूले यस अदालतसमक्ष प्रस्तुत पुनरावेदन गरेको रहेछ।

३. यस अदालतसमक्षको पुनरावेदनमा पुनरावेदन अदालतले साबिक कि.नं. १३, ८४ र ८५ बाट कि.नं. ३२० र ३२७ र सोबाट कित्ताकाट भई कायम भएका कि. नं. ७०५, ९४३, ९४५ र ९६० का जग्गा रिझबापत दिएको लिखित प्रमाण नरहेको र मौखिक भनाइको आधारमा रिझबापत पाएको भनी निजी आर्जनको मान्न नसकिने भनी अंशबन्डाको १८ नं. को गलत व्याख्या गरेको हुँदा सो फैसला उल्टी गरी आफूले रिझबापत पाएको जग्गालाई अबन्डा कायम गरिपाउँ भन्ने पुनरावेदक प्रतिवादीहरूको मुख्य जिकिर रहेको पाइयो।

४. प्रस्तुत विवादमा यी वादी प्रतिवादीका पिता गोरे रावतका अंशियाराबिच अंशबन्डा भइसकेको र वादी प्रतिवादीका अंशियारमा वादी बलबहादुर रावत र प्रतिवादी जोगी रावत दुई दाजु भाइ मात्र रही निजहरूबिच रीतपूर्वक अंशबन्डा नभएको तथ्यमा विवाद देखिएन। निजहरूमध्ये वादी बलबहादुर डडेल्धुराको पुर्ख्यौली घरजग्गामा बसोबास गरी आएको एवं प्रतिवादी जोगी र निजकी श्रीमती प्रतिवादी पार्वतीदेवी कञ्चनपुरमा बसोबास गरी आएको भन्ने भनाइ छ। वादी प्रतिवादीका बाबु र काकाबिच रीतपूर्वक अंशबन्डा भई आ-आफ्नो खतिउपति गरी बसेको अवस्थामा प्रतिवादी पार्वतीदेवीले सुकुम्बासी समस्या समाधान आयोगबाट फिल्डबुकमा पहिल्यै छुट्टी भिन्न भएका काका ससुरा डम्बरबहादुरको नाउँ जनिएका कञ्चनपुर जिल्ला कृष्णपुर गा.वि.स. का साबिक कि.नं. १३, ८४ र ८५ बाट कि.नं. ३२० र ३२७ हुँदै हाल कि.नं. ७०५, ९४३, ९४५ र ९६० कायम भएका जग्गाहरू आफ्नो नाउँमा दर्ता गराई जग्गाधनी प्रमाणपुर्जा प्राप्त गरेको मिसिल सामेल रहेको डम्बरबहादुर रावतको नाम जनिएको फिल्डबुक र विवादित कित्ता जग्गाको पार्वतीदेवीको नामको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपिसमेतबाट देखियो। फिल्डबुकको जोताहाको नाम थरको महलमा डम्बरबहादुरको नाम र किसानको बेहोरा र कैफियत महलमा **"यो जग्गा सरकारी हो। २०२४ सालदेखि सुकुम्बासीको फाराम छैन। जग्गा जोती भोग गरी खाएको छु। अन्यत्र मेरो नाउँमा जग्गा छैन"** भनी सही गर्ने कृष्णपुर-५ बस्ने डम्बरबहादुर रावत भन्ने बेहोरा उल्लेख भएको पाइन्छ भने सुकुम्बासी समस्या समाधान आयोगको मिति २०५२।२।११ को निर्णयमा **"विभिन्न मितिमा भएको घटनास्थल सरजमिन मुचुल्का तथा अन्य आवश्यक प्रमाणहरूको आधारमा साबिकमा नाप नक्सा फिल्डबुक कायम भई आफैँ भोग चलन गरेका वा साबिकमा नापनक्सा**

**भई फिल्डबुक एक व्यक्तिका नाममा कायम भई हाल चलन भोग अर्को व्यक्तिले गरी आएको निम्न व्यक्तिलाई चलन भोगको आधारमा जग्गाधनी प्रमाणपुर्जा वितरण गर्ने निर्णय गरियो"** भन्ने बेहोरा उल्लेख गरी सो निर्णयमा कृष्णपुर गा.वि.स. अन्तर्गत जग्गाधनी प्रमाणपुर्जा पाउने व्यक्तिको सूचीमा पार्वतीदेवीको नामसमेत उल्लेख भएको पाइन्छ ।

५. उक्त फिल्डबुकमा रहेको बेहोरा र सुकुम्बासी समस्या समाधान आयोगको निर्णय बेहोरासमेतबाट पार्वतीदेवीले फिल्डबुकमा काका ससुरा डम्बरबहादुरको नाम जनिएका साबिक कि.नं. १३, ८४ र ८५ बाट कि.नं. ३२० र ३२७ र सोबाट हाल कायम कि.नं. ७०५, ९४३, ९४५ र ९६० का जग्गाहरू काका ससुराको परलोक भइसकेपछि २०५१ सालमा प्राप्त गरेको हो भन्ने भनाइ पुष्टि भएको देखिन्छ । सोही आधारमा सुरू कञ्चन्पुर जिल्ला अदालतले तायदातीमा उल्लिखित जग्गा प्रतिवादी पार्वतीदेवीलाई रिझबापत प्राप्त भई निजी हुँदा अबन्डा रहने र अन्य सम्पत्ति देखाई आएका बखत वादीले आफ्नो अंशभाग छुट्याई लिन पाउने ठहर फैसला गरिदिएको देखियो । पुनरावेदन अदालत महेन्द्रनगरले सुरू फैसला उल्टी गरी हाल पार्वतीदेवीको नाममा दर्ता कायम भएका कि.नं. ७०५, ९४३, ९४५ र ९६० का जग्गाहरूसमेतबाट वादीले अंश छुट्याई लिन पाउने ठहर गरेको पाइयो । यी प्रतिवादीहरूले सुरू अदालतसमक्ष प्रतिउत्तर फिराउँदा पहाड डडेल्धुरामा रहेको पैतृक घरजग्गामा वादी बलबहादुरले नै भोगचलन गरी रहेको कुरा उल्लेख गरेको भए तापनि तायदाती फाँटवारी पेस गर्दा सो पैतृक सम्पत्ति उल्लेख नगरी कञ्चनपुरमा रहेको कि.नं. ७०५, ९४३, ९४५ र ९६० का जग्गाहरू मात्र उल्लेख गरेको र पैतृक सम्पत्तिबारे मौन रही भएको सुरू फैसलाउपर प्रतिवादीहरूले पुनरावेदन नगरी बसेको देखियो । अबन्डा सम्पत्ति देखिएकोमा कानूनतः बन्डा पाउने हक वादी प्रतिवादीलाई हुने भएकोले हाल स्रेस्ता नखुलेको डडेल्धुरातर्फको जग्गाबारे बोल्नु आवश्यक भएन ।

६. अब पुनरावेदन अदालतले सुरू फैसला उल्टी गरी विवादित कित्ता जग्गाहरूसमेत बन्डा लाग्ने ठहर गरेको फैसला मिले नमिलेको सम्बन्धमा हेर्दा, विवादित कित्ता जग्गाहरू छुट्टी भिन्न भएका प्रतिवादीहरूका काका / काका ससुरा डम्बरबहादुरको नाममा फिल्डबुक जनिएको कुरा माथि उल्लेख भएको सुकुम्बासी समस्या समाधान आयोगको निर्णयमा उल्लिखित बेहोरासमेतबाट विवादित कित्ता जग्गा पार्वतीदेवीको नाममा दर्ता हुन आएको कुरा पुष्टि भएको पाइयो । पार्वतीदेवीले रिझबापत नै पाएको भन्ने भनाइलाई पुष्टि गर्ने लिखित प्रमाण केही रहेको देखिँदैन । प्रतिवादी पार्वतीदेवी प्रतिवादी जोगी रावतको श्रीमती भन्ने देखिएको छ । डम्बरबहादुरले ऐलानी जग्गा फडानी गरी २०२८ सालमा फिल्डबुकमा आफ्नो नाम लेखाएको, सो जग्गा निज डम्बरबहादुरको मृत्यु भइसकेपछि सुकुम्बासी समस्या समाधान आयोगबाट पार्वतीदेवीले आफ्नो नाममा जग्गाधनी प्रमाणपुर्जा प्राप्त गरी आफ्नो भोग र स्वामित्वमा राखेको देखिन्छ । मुलुकी ऐन, २०२० को अंशबन्डाको १८ नं., स्त्री अंशधनको ४ नं तथा दानबकसको १ नं. मा रहेको कानूनी व्यवस्थाले कुनै सम्पत्ति निजी हुनको लागि दाताले रीतपूर्वक लिखत गरी रजिस्ट्रेसन पारित गरिदिएको हुनुपर्ने अनिवार्यता रहेको देखिन्छ । मौखिक रूपमा मेरो भोगको सम्पत्ति तिमीले मलाई खुसी पारेबापत दिएँ भनी भनेको आधारमा त्यस्तो सम्पत्ति प्राप्त गर्ने व्यक्तिले निजी रूपमा प्रयोग गर्न पाउने हुन्छ भनी अर्थ गर्न मिल्ने देखिन आएन ।

७. यसप्रकार कुनै सम्पत्तिलाई आफ्नो ज्ञान

वा सीप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तवरले दान वा बकस पाएको भनी अर्थ गर्न नमिल्ने भएपछि सो सम्पत्तिलाई सगोलको सम्पत्ति नै मान्नुपर्ने हुन्छ । एकासगोलका अंशियारका नाममा रहेको सम्पत्ति दर्तावाला व्यक्तिको निजी ठहरी एकलौटी हकभोगको पुष्टि हुन नसकेपछि सो सम्पत्तिबाट सगोलका अंशियारलाई अंशहक हिस्सा प्राप्त गर्नबाट वञ्चित गर्न मिल्ने हुँदैन । प्रमाण ऐन, २०३१ को दफा ६(क) मा **एकाघरसँगका अंशियारहरूमध्ये जुनसुकै अंशियारको नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्ने छ** भन्ने उल्लेख भएबाट एकासगोलमा रहेको अवस्थामा प्रतिवादी जोगी रावतको श्रीमती प्रतिवादी पार्वतीदेवी रावतको नाममा रहेको सो सम्पत्तिमा जोगी रावतका भाइको अंश भाग लाग्ने नै देखिई यस अदालतबाट प्रत्यर्थी झिकाउँदा आधार लिइएको मुलुकी ऐन, अंशबन्डाको १८ र १९ नं. को व्याख्यात्मक त्रुटि भएको भन्ने भनाइ पुष्टि हुन सक्ने देखिएन ।

८. अतः माथि विवेचित आधार, कारण र प्रमाणबाट प्रतिवादी पार्वतीदेवीको नाम दर्ता रहेको साबिक कि.नं. १३, ८४ र ८५ बाट कि.नं. ३२० र ३२७ बाट हुँदै हाल कायम हुन आएका कि.नं. ७०५, ९४३, ९४५ र ९६० को जग्गा निजले काकी सासू पद्मादेवीबाट रिझबापत प्राप्त गरेको प्रमाणित हुन नसकी निजको एकलौटी हकाधिकारको हुन नसक्ने देखिएको हुँदा सो सम्पत्तिबाट समेत वादीले २ भागको १ भाग अंश छुट्याई लिन पाउने ठहर गरी भएको तत्कालीन पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७२।७।१८ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गर्नु र पुनरावेदन दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।

न्या.सपना प्रधान मल्ल

इजलास अधिकृत: फणेश्वरी घिमिरे

इति संवत् २०७७ साल पुस १२ गते रोज १ शुभम् ।

## निर्णय नं. १०६८६

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई

माननीय न्यायाधीश श्री सुष्मालता माथेमा

फैसला मिति : २०७७।२।२०

०७५-CR-०६१२

मुद्दा : लागु औषध (ब्राउन सुगर)

पुनरावेदक / वादी : प्रहरी हवल्दार प्रभु कोहारको प्रतिवेदन जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला रूपन्देही, सैनामैना नगरपालिका वडा नं. ४ बस्ने धनबहादुर कार्कीको छोरा राजन कार्की

- **लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ मा "साथमा" भन्ने बेहोरा उल्लेख भएकोबाट अभियुक्तको शरीर, निजले बोकेको वा निजको स्वामित्वको मालवस्तु र अन्य कुनै तेस्रो व्यक्तिको उपस्थिति नरहेको सवारी साधन, वाहन आदिमा फेला परेको हुनुपर्ने ।**

(प्रकरण नं.६)

- **मानिसहरूको नियमित आउजाउ भइरहने बसपार्क जस्तो सार्वजनिक स्थलमा बस कुरिरहेको प्रतिवादी नजिकै भुइँमा भेटिएको लागु औषध यिनै प्रतिवादीले फालेको हो भनी यकिन गर्ने अवस्था नरहने । यी प्रतिवादी उभिएको स्थान नजिक बरामदित लागु औषध भेटिनु नै निज प्रतिवादीउपरको अभियोग कसुर प्रमाणित गर्ने ठोस आधार बन्न नसक्ने ।**

(प्रकरण नं.७)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री कैलाश के.सी.

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :

अवलम्बित नजिर :

- ने.का.प.२०७५, अङ्क १, नि.नं.९९३५

सम्बद्ध कानून :

- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- प्रमाण ऐन, २०३१

सुरू फैसला गर्नेः-

मानननीय न्यायाधीश श्री श्रीप्रसाद संजेल
रूपन्देही जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः-

माननीय न्यायाधीश श्री नारायणप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री शकुन्तला घिमिरे
उच्च अदालत तुलसीपुर, बुटवल इजलास

फैसला

**न्या.डा.आनन्दमोहन भट्टराई :** न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) (ग) बमोजिम यस अदालतमा दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ:-

तथ्य खण्ड

जिल्ला रूपन्देही, सि.न.पा.वडा नं.१३ बसपार्कस्थित शंकास्पद अवस्थामा उभिएका राजन कार्कीभन्दा ५० सेन्टिमिटर बाँयातर्फ भुइँमा लागु औषध ब्राउन सुगरजस्तो देखिने धुलो पदार्थ २ पुरिया फेला पारी तौल गर्दा २ ग्राम २०० मिलिग्राम रहेको भन्ने बेहोराको बरामदी तथा खानतलासी मुचुल्का ।

मिति २०७२।०६।१९ गतेका दिन बेलुका भारतको सुनौली बजारबाट लागु औषध ओसारपसार हुँदैछ भन्ने गोप्य रूपमा जानकारीप्राप्त हुनासाथ यस कार्यालयबाट मसमेतको टोली खटी जिल्ला रूपन्देही सि.न.पा.वडा नं.१३ बसपार्कस्थित शंकास्पद अवस्थामा उभिएका राजन कार्कीभन्दा ५० सेन्टिमिटर बायाँतर्फ भुइँमा लागु औषध ब्राउन सुगरजस्तो देखिने धुलो पदार्थ २ पुरिया फेला पारी तौल गर्दा २ ग्राम २०० मिलिग्राम रहेकोले सो लागु औषधसहित मानिस पक्राउ गरी दाखिला गरेको भन्ने बेहोराको प्रहरी प्रतिवेदन ।

प्रतिवादीको साथबाट बरामद भई आएको लागु औषध नमुना परीक्षणको लागि पठाइएको भन्ने बेहोराको मिति २०७२।०६।२० गतेको लागु औषध नमुना मुचुल्का ।

मिति २०७२।०६।१९ गतेका दिन म

घरबाट लागु औषध सेवन गर्ने र ल्याउने भनी सोची भारतको सुनौली बजारमा गई घुमफिर गरी सुनौली बजारमा रहेको समिर मेडिकलमा मात्र ५० एम.एल को लागु औषध कोरेक्स सेवन गरी घरतर्फ जान भनी सि.न.पा.१३ भैरहवा बसपार्क आई बसपार्कको यात्रु प्रतिक्षालयको सिमेन्ट बेञ्चमा बसिरहेको समयमा प्रहरी कर्मचारी आई मलाई सोधपुछ गरी मेरो शरीर खानतलासी गर्दा लागु औषध मुद्धासँग प्रमाण लाग्ने चिजवस्तु फेला नपरेको र म उभिएको स्थानभन्दा ५० सेन्टिमिटर फरकमा २ पुरिया लागु औषध ब्राउन सुगरजस्तो देखिने धुलो पदार्थ फेला पारी तौल गर्दा २ ग्राम २०० मिलिग्राम रहेको थियो। सो लागु औषध ब्राउन सुगर मैले खरिद गरी ल्याएको होइन भन्ने बेहोराको प्रतिवादी राजन कार्कीको बयान।

जिल्ला रूपन्देही सैनामैना नगरपालिका वडा नं. ४ स्थित प्रतिवादी राजन कार्कीको घर कोठा खानतलासी गर्दा लागु औषध मुद्धासँग प्रमाण लाग्ने चिजवस्तु फेला नपरेको भन्ने बेहोराको मिति २०७२।०६।२९ गतेको घर कोठा खानतलासी मुचुल्का।

भौतिक सबुदमा हेरोइन पाइएको छ भन्ने बेहोराको केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशाला काठमाडौंको पत्रसाथ प्राप्त लागु औषध नमुना परीक्षण प्रतिवेदन।

मिति २०७२।०६।१९ गतेका दिन बेलुका जिल्ला रूपन्देही सि.न.पा.वडा नं.१३ बसपार्कस्थित शंकास्पद अवस्थामा उभिएका राजन कार्कीको शरीरसमेतमा प्रहरीले खानतलासी गर्दा निज उभिएकोभन्दा ५० सेन्टिमिटर बाँयातर्फ भुइँमा लागु औषध ब्राउन सुगरजस्तो देखिने धुलो पदार्थ २ पुरिया फेला पारी तौल गर्दा २ ग्राम २०० मिलिग्राम रहेको थियो। उक्त लागु औषध आफनो साथमा लुकाई छिपाई ल्याएको र प्रहरीलाई देख्नासाथ जमीनमा खसालेका हुन्, सो लागु औषध प्रतिवादी राजन कार्कीले भारतको सुनौली बजारबाट खरिद गरी सञ्चय गरी बिक्री वितरण तथा सेवन गर्ने उद्धेश्यले ल्याएको हुनुपर्दछ भन्ने बेहोराको वस्तुस्थिति मुचुल्का।

प्रतिवादी राजन कार्कीले भारतको सुनौलीबाट उक्त लागु औषध खरिद गरी घर फर्किने क्रममा प्रहरीले पिछा गरेका कारण आफू बच्नका लागि भुइँमा छाडेको सप्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादीलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ को (घ), (ङ) र (च) बमोजिमको अपराधमा सोही ऐनको दफा १४(१)(छ)(१) बमोजिम सजाय गरिपाउँ भन्ने बेहोराको अभियोग माग दाबी।

मिति २०७२।६।१९ गतेको साँझको समयमा म भारतको सुनौली गई समिर मेडिकलबाट रू.७५।- मा आधा बोतल लागु औषध कोरेक्स किनी खाई आएपछि घर जान भनी भैरहवा बसपार्कमा बस कुरिरहेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो। उक्त दिन मैले ब्राउन सुगर किनेर ल्याएको होइन। बरामदी मुचुल्कामा उल्लिखित २ पुरिया ब्राउन सुगर बसपार्कमा मेरो बाँया साइडको भुइँमा भेटिएको ठिक हो। सो लागु औषध ब्राउन सुगर कसको हो, किन ल्याए भन्ने मलाई थाहा भएन। मैले सुनौलीबाट खरिद गरी ल्याएको होइन। मैले अभियोग दाबीबमोजिमको कसुर नगरेकोले सजाय हुनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादी राजन कार्कीले सुरू अदालतमा गरेको बयान।

पछि ठहरेबमोजिम हुने नै हुँदा हाल लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा २१क ले निर्देश गरेबमोजिम विशेष अदालत ऐन, २०५९ को दफा ७(ङ) तथा मुलुकी ऐन अ.बं.११८ को देहाय २ नं. बमोजिम थुनामा राख्न पठाइदिनू। प्रतिवादी चुक्ता भइसकेको, प्रतिवादीले साक्षी नदिएकोले वादी पक्षका

प्रतिवेदकलगायत मुचुल्काका मानिसहरूलाई मिति २०७२।९।५ गते बकपत्रको लागि झिकाउनु भन्ने मिति २०७२।८।१७ को रूपन्देही जिल्ला अदालतको आदेश।

मिति २०७२।६।१९ गते १९:०० बजेको समयमा जिल्ला रूपन्देही सि.न.पा. वडा नं. १३ बसपार्कमा प्रतिवादी राजन कार्कीबाट लागु औषध ब्राउन सुगर २ पुरिया तौल गर्दा २ ग्राम २०० मिलिग्राम लागु औषध बरामद गरेको हुँ र आवश्यक कारबाहीको लागि पेस गरेको हुँ। निजलाई पक्राउ गर्दाको अवस्थामा निजले लागु औषध सेवन गरेकोजस्तो देखिन्थ्यो भन्ने बेहोराको प्रतिवेदक प्रभु कोहारले अदालतमा गरेको बकपत्र।

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ ले आफू निर्दोष भएको प्रमाण पुऱ्याउने भार पनि प्रतिवादीमाथि नै रहेको र निजले नै ४/५ वर्ष पहिले ब्राउन सुगर सेवन गर्ने कुरा व्यक्त गरेको, लागु औषध खरिद गर्न र सेवन गर्न घरबाट हिँडेको भनी स्वीकार गरेको देखिँदा त्यस्तो बरामद लागु औषध आफ्नो होइन भनेपनि निजले आफू निर्दोष छु भन्ने तथ्ययुक्त र भरपर्दो प्रमाण पेस गर्न नसकेबाट यी प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर अपराध गरेको हुँदा निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) को (छ) (१) बमोजिम ५ (पाँच) वर्ष कैद र रू.२५,०००।- (पच्चीस हजार) जरिवाना हुने ठहर्छ भन्ने रूपन्देही जिल्ला अदालतको मिति २०७२।११।३ को फैसला।

प्रस्तुत मुद्दामा बरामद गरिएको भनिएको २ पुरिया लागु औषध मेरो साथबाट बरामद भएको होइन भन्ने तथ्यमा कुनै विवाद छैन। मेरो साथबाट फेला नपरेको वस्तुउपर मेले नै निदोर्षिता प्रमाणित गर्नु पर्छ भन्ने ने.का.प. २०५७, अङ्क २, नि.नं. ६८५२ पृष्ठमा प्रकाशित नजिर सिद्धान्तका आधारमा समेत प्रतिकूल छ। आरोपित कसुरमा म अनुसन्धानको क्रमदेखि नै इन्कार छु। बरामदी मुचुल्काले बसपार्कमा म बसेको स्थान नजिकै भुइँमा फेला पारेको भन्ने देखाइरहेको छ। बसपार्क जस्तो सार्वजनिक स्थलमा भेटिएको वस्तु मेरो नै हो भन्ने देखाउने कुनै पनि प्रमाण संकलित हुन सकेको छैन। मैले लागु औषध खरिद गरेको, कसैलाई बेच्न लागेको अन्यत्रबाट ओसारपसार गरेको भन्ने कहीँबाट पनि देखिएको छैन। बेबारिसे रूपमा भेटिएको वस्तुको मालिक संयोगवश त्यस्तो वस्तुको नजिकै उभिनुलाई मात्र बनाइनु न्यायसङ्गत हुँदैन। उक्त वस्तु मेरो नै हो भन्ने तथ्यगत रूपमा प्रमाणित हुन नसकेको अवस्थामा मलाई कसुरदार ठहर गरी सुरू जिल्ला अदालतबाट भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी आरोपित कसुरबाट सफाई पाउँ भन्ने प्रतिवादी राजन कार्कीको पुनरावेदन पत्र।

यसमा प्रतिवादीले मौका तथा अदालतमा बयान गर्दासमेत आरोपित कसुरमा इन्कार रहेका र बरामदी मुचुल्काबाट समेत निजको सँगसाथबाट लागु औषध बरामद भएको नदेखिएको स्थितिमा प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गर्ने गरेको सुरू फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा छलफलको लागि अ.बं.२०२ नं. को प्रयोजनार्थ उच्च सरकारी वकिल कार्यालय, बुटवललाई जानकारी दिई नियमानुसार पेस गर्नु भन्ने उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७३/९/१७ को आदेश।

प्रतिवादी राजन कार्की उभिइरहेको ठाउँबाट ५० सेन्टिमिटर बाँयातर्फ भुइँमा फालेको अवस्थामा लागु औषध बरामद भएको भनी बरामदी मुचुल्कामा उल्लेख गरेको, प्रतिवादीले मौका र अदालतमा बयान

गर्दासमेत उक्त बरामद भएको लागु औषध आफूले नल्याएको भनी बयान गरेको, प्रतिवादीबाट लागु औषध बरामद नै नभएको अवस्थामा सुरू अदालतबाट प्रतिवादी राजन कार्कीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) को (छ)(१) बमोजिम ५ वर्ष कैद र रू. २५,०००।- जरिवाना हुने ठहऱ्याई गरेको मिति २०७२।११।३ गतेको फैसला मिलेको नदेखिँदा सो फैसला बदर भई अभियोग मागदाबी पुग्न नसक्ने हुँदा प्रतिवादी राजन कार्कीले आरोपित कसुरबाट सफाई पाउने ठहर्छ भन्ने उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७४।१।१२ को फैसला।

प्रतिवादी राजन कार्की भारत लागु औषध सेवन गर्न गएको र कोरेक्स सेवन गरेकोमा साबित भएका छन्। निज उभिएको स्थानबाट हातले भेट्न सक्ने र फाल्न सक्ने ५० सेन्टिमिटर दुरीमा लागु औषध फेला परेको र खरिद गरी आफू सेवन गर्न हिँडेको कुरा स्वीकार गरेको, बरामद भएको स्थानमा अरू कोही व्यक्ति मौजुदा नरहेको स्थिति छ। तलासी लिने क्रममा बाँया हातमा मुट्ठीपारी ल्याएको लागु औषध निजले ५० सेन्टिमिटर बाँयातर्फ फालेको भन्ने प्रतिवेदन बेहोरालाई समर्थन गरी अदालतमा प्रतिवेदकले बकपत्र गरी पुष्टि गरिदिएको अवस्था छ। साथै "ठूलो सजायबाट बच्ने उद्देश्यले अपुष्ट जिकिर लिनु नै कसुर र सजाय परिवर्तन गर्ने आधार हुन नसक्ने" भनी (ने.का.प. २०६८, अङ्क १२, नि.नं. ८७२८) मा सिद्धान्त प्रतिपादनसमेत भएको सन्दर्भमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ ले प्रमाणको भार प्रतिवादीमा रहेको अवस्थामा केवल कुनै साक्षी सबुदद्वारा पुष्टि गर्न नसकेको निजको कोरा तथा अपुष्ट मौका र अदालतको इन्कारी बयानलाई आधार लिई उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट रूपन्देही जिल्ला अदालतको फैसला उल्टी गर्दै प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हँदा बदर गरी प्रतिवादीलाई सुरू अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको सर्वोच्च अदालतमा पर्न आएको पुनरावेदन पत्र।

ठहर खण्ड

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको सक्कल मिसिल अध्ययन गरियो। पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित महान्यायाधिवक्ता कार्यालयका विद्वान् उपन्यायाधिवक्ता श्री कैलाश के.सी.ले प्रतिवादी राजन कार्कीले बसपार्कमा प्रहरीलाई देखेपछि अपराधबाट बच्नका लागि हातमा भएको लागु औषध भुइँमा फालेका हुन् भन्ने कुरालाई प्रहरी प्रतिवेदन, बरामदी मुचुल्का तथा मौकामा बुझिएका व्यक्तिहरूको कागजबाट समेत पुष्टि गरेको छ। तत्काल सो ठाउँमा निज प्रतिवादीबाहेक कसैको आवागमन, चहलपहल छैन। निज प्रतिवादी उभिएको स्थान र सो फेला परेको लागु औषधको भौतिक दुरी मात्र ५० सेन्टिमिटर रहेको छ। निज प्रतिवादी भारत लागु औषध सेवन गर्न गएको र कोरेक्स सेवन गरेर आएको भनी साबिती बयान गरेको र सोही समयमा पक्राउ परेको अवस्था हुँदा उक्त बरामदित लागु औषध यिनै प्रतिवादीले बिक्री वितरणको लागि भारतबाट खरिद गरी लिएर आएको हो भन्ने तथ्य प्रमाणित भइरहेको स्थितिमा उच्च अदालत तुलसीपुर, बुटवल इजलासले सुरू रूपन्देही जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला उल्टी प्रयोजनार्थ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम प्रत्यर्थी झिकाई पाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

उपर्युक्त तथ्य एवम् बहस जिकिर समावेश

भएको प्रस्तुत मुद्दामा उच्च अदालत तुलसीपुर, बुटवल इजलासले गरेको फैसला मिलेको छ वा छैन। विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरबमोजिम प्रत्यर्थी झिकाउनु पर्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

निर्णयतर्फ विचार गर्दा, प्रतिवादी राजन कार्कीले भारतको सुनौलीबाट लागु औषध खरिद गरी घर फर्कने क्रममा प्रहरीले पिछा गरेका कारण आफू बच्नका लागि भुइँमा फालेको प्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ)(ङ) र (च) बमोजिमको अपराधमा सोही ऐनको दफा १४(१)(६)(१) बमोजिम सजाय गरिपाउँ भन्नेसमेतको अभियोग मागदाबी रहेकोमा सुरू रूपन्देही जिल्ला अदालतले निज प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम ५ वर्ष कैद र रू.२५,०००।- जरिवाना हुने ठहराई गरेको फैसला उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट उल्टी भई प्रतिवादीलाई सफाई दने ठहराई फैसला भएको रहेछ। उक्त फैसलाउपर चित्त नबुझाई वादी नेपालको तर्फबाट प्रस्तुत पुनरावेदन पर्न आएको देखियो।

२. सो सन्दर्भमा हेर्दा, प्रस्तुत मुद्दा प्रतिवेदक प्रभु कोहारको जाहेरी प्रतिवेदनबाट उठान भएको देखिन्छ । उक्त प्रतिवेदनको बेहोरा हेर्दा **"मिति २०७२।०६।१९ गतेका दिन बेलुका भारतको सुनौली बजारबाट लागु औषध ओसारपसार हुँदैछ भन्ने गोप्य रूपमा जानकारी प्राप्त हुनासाथ यस कार्यालयबाट मसमेतको टोली खटी जिल्ला रूपन्देही सि.न.पा. वडा नं.१३ बसपार्कस्थित शंकास्पद अवस्थामा उभिएका राजन कार्कीभन्दा ५० सेन्टिमिटर बायाँतर्फ भुइँमा लागु औषध ब्राउन सुगरजस्तो देखिने धुलो पदार्थ २ पुरिया फेला पारी तौल गर्दा २ ग्राम २०० मिलिग्राम रहेकोले सो लागु औषधसहित मानिस पक्राउ गरी दाखिला गरेको"** भन्ने देखिन्छ । त्यसैगरी मिसिल संलग्न मिति २०७२।०६।१९ को बरामदी तथा खानतलासी मुचुल्कामा **"जिल्ला रूपन्देही, सि.न.पा.वडा नं.१३ बसपार्कस्थित शंकास्पद अवस्थामा उभिएका राजन कार्कीभन्दा ५० सेन्टिमिटर बाँयातर्फ भुइँमा लागु औषध ब्राउन सुगरजस्तो देखिने धुलो पदार्थ २ पुरिया फेला पारी तौल गर्दा २ ग्राम २०० मिलिग्राम रहेको"** भन्ने बेहोरा उल्लेख भएको देखिन्छ।

३. यी प्रतिवादी राजन कार्कीले मौकामा र अदालतमा गरेको बयान हेर्दा निज लागु औषध सेवन गर्ने उद्देश्यले भारतको सुनौली बजार गएको, त्यहाँको समिर मेडिकल हलमा ५० एम.एलको लागु औषध कोरेक्स किनी सेवन गरी घरतर्फ जान भैरहवा बसपार्कको प्रतिक्षालयमा बुटवल जाने बस कुरी बसिरहेको अवस्थामा सादा पोसाकमा प्रहरी आई नियन्त्रणमा लिई खानतलासी गरेको, खानतलासी गर्दा कुनै मुद्दासँग प्रमाण लाग्ने चिजवस्तु फेला नपरेको र आफूले बस कुरेको स्थानभन्दा ५० सेन्टिमिटरको दुरीमा २ पुरिया लागु औषध फेला परेको हो। उक्त लागु औषध आफूले ल्याएको होइन भनी आरोपित कसुरमा इन्कारी रहेको पाइयो।

४. त्यसैगरी प्रतिवेदक प्रभु कोहारले अदालतमा उपस्थित भई बकपत्र गर्दा सवाल जवाफ नं.५ मा **"मिति २०७२/६/१९ गते १९:०० बजेको समयमा रूपन्देही जिल्लाको सि.न.पा. १३ बसपार्कमा राजन कार्कीबाट लागु औषध ब्राउन सुगर २ पुरिया तौल गर्दा २ ग्राम २०० मिलिग्राम लागु औषध बरामद गरेको हुँ"** भनी उल्लेख गरेको पाइयो । तर यी प्रतिवेदक प्रभु कोहारले मौकामा आफूसमेतले तयार गरेको बरामदी मुचुल्का एवम् प्रतिवेदनमा प्रतिवादी राजन कार्कीको साथबाट

लागु औषध ब्राउनसुगर फेला परेको भन्ने उल्लेख भएको देखिँदैन । त्यसैले निजले अदालतमा वादीको साक्षीको रूपमा उपस्थित भई बकपत्र गर्दा बरामदी मुचुल्काभन्दा पृथक बेहोरा लेखी बकपत्र गरेको पाइँदा त्यस्तो बकपत्रले मान्यता पाउन सक्ने देखिन आएन ।

५. अब जहाँसम्म प्रतिवादीले आफ्नो निर्दोषिता प्रमाणित गर्न नसकेको भन्ने जिकिर छ, लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ मा **"कुनै व्यक्तिका साथमा कुनै लागु औषध भएको फेला परेमा वा निजले खेती गरेको जग्गामा गाँजा, अफिम वा कोकाको खेती भइरहेको वा सो भएको कुराको प्रमाण फेला परेमा वा कुनै लागु औषधको निर्माण वा उत्पादनको निमित्त चाहिने केही विधि पुगिसकेको कुनै पदार्थ फेला परेमा वा कुनै पदार्थबाट लागु औषध उत्पादन गरिएपछि सो पदार्थको बाँकी रहेको केही कसर निजको साथमा राखिएको फेला परेमा त्यस्तो पदार्थ निजले यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम वा जारी गरिएको आदेशबमोजिम प्राप्त गरेको वा राखेको हो भन्ने कुराको प्रमाण निजले पेस गर्नुपर्ने छ । त्यस्तो प्रमाण पेस गर्न नसकेमा र अन्यथा प्रमाणित भएमा बाहेक निजले यस ऐनअन्तर्गत सजाय हुने अपराध गरेको मानिने छ"** व्यवस्था रहेको देखिन्छ ।

६. उक्त दफामा **"साथमा"** भन्ने बेहोरा उल्लेख भएकोबाट अभियुक्तको शरीर, निजले बोकेको वा निजको स्वामित्वको मालवस्तु र अन्य कुनै तेस्रो व्यक्तिको उपस्थिति नरहेको, सवारी साधन, वाहन आदिमा फेला परेको हुनुपर्छ । यहाँ बस बिसौनी जस्तो सार्वजनिक स्थानमा निज उभिएभन्दा ५० सेन्टिमिटरको दुरीमा भुइँमा लागु औषध ब्राउन सुगर भेटिएको छ । बरामदी मुचुल्कामा निजले प्रहरीलाई देखी फालेको अवस्थामा भेटिएको भन्ने उल्लेख भएको अवस्था छैन । यसबाट निजको साथमा लागु औषध राखिएको अवस्थामा भेटिनु पर्ने भन्ने ऐनको अनिवार्य आवश्यकता रहेकोमा मिसिलको तथ्यबाट सो कुरा नदेखिँदा निर्दोषिता प्रमाणित गर्नुपर्ने भार प्रतिवादीमा रहन्छ भन्न मिल्ने देखिएन । लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ मा रहेको व्यवस्था निर्दोषिताको सामान्य नियमभन्दा फरक अपवादात्मक व्यवस्था हो । यो व्यवस्थाको सबै सर्तहरू पूरा नभएको अवस्थामा दोषी प्रमाणित गर्नुपर्ने भार वादी पक्षमा नै रहन्छ । प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार प्रतिवादीउपर आफूले लगाएको अभियोग प्रमाणित गर्ने भार वादीमा हुने कानूनी व्यवस्था रहेको सन्दर्भमा वादी पक्ष सो दायित्वबाट उन्मुक्ति पाउने देखिन्छ ।

७. प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा वादी पक्षबाट प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको हो भन्ने तथ्ययुक्त प्रमाण पेस गर्न सकेको देखिँदैन । मानिसहरूको नियमित आउजाउ भैरहने बसपार्क जस्तो सार्वजनिक स्थलमामा बस कुरिरहेको प्रतिवादी नजिकै भुइँमा भेटिएको लागु औषध यिनै प्रतिवादीले फालेको हो भनी यकिन गर्ने अवस्था रहँदैन । यी प्रतिवादी उभिएको स्थान नजिक बरामदित लागु औषध भेटिनु नै निज प्रतिवादीउपरको अभियोग कसुर प्रमाणित गर्ने ठोस आधार बन्न नसकी केवल शंकासम्म गर्न सकिने अवस्था रहन्छ । वादी पक्षबाट निज प्रतिवादीउपरको अभियोग तथ्ययुक्त रूपमा प्रमाणित गर्न सकेको अवस्था छैन । **"अभियोजन पक्षले प्रतिवादी नै प्रमाणित गर्न नसकेको अवस्थामा प्रमाणको भार रहेको वा सरेको भन्ने कानूनी व्यवस्थाको आधारमा वादीले पूरा नगरेको दायित्व प्रतिवादीले पुरा गर्नुपर्ने भनी अर्थ गर्न नमिल्ने"** भनी नेपाल सरकार वि. सोनिया भन्ने सानुमाया राई (श्रेष्ठ) (ने.का.प. भाग-६०, अङ्क १, नि.नं.९९३५) सिद्धान्त प्रतिपादित

भएको अवस्थासमेत छ । लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १२ को कानूनी प्रावधानबमोजिम प्रतिवादीले आफ्नो निर्दोषिता प्रमाणित गर्न सक्नुपर्ने पूर्वावस्था नै सिर्जना भएको भन्न मिल्ने नभएबाट प्रतिवादीले आफ्नो निर्दोषिता प्रमाणित गर्न नसकेको भन्दै निजलाई आरोपित कसुरमा कसुरदार ठहर गरी सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवम् विद्वान् उपन्यायाधिवक्ताको बहससमेतसँग सहमत हुन सकिएन ।

८. तसर्थ, माथि उल्लेखित आधार कारणसमेतबाट प्रतिवादी राजन कार्कीलाई सुरू रूपन्देही जिल्ला अदालतले अभियोग दाबीबमोजिम ५ वर्ष कैद र रू.२५,०००।– जरिवाना हुने ठहऱ्याई गरेको फैसलालाई उल्टी गरी निज प्रतिवादीलाई सफाइ दिने ठहर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७४/१/१२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.सुष्मालता माथेमा

इजलास अधिकृत: कर्णबहादुर राई
इति संवत् २०७७ साल जेष्ठ २० गते रोज ३ शुभम् ।

## निर्णय नं. १०६८७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा. आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
फैसला मिति : २०७७।९।१३

मुद्दाः बैंकिङ कसुर

०७१-RB-०२५२

पुनरावेदक / वादी : हिमालयन बैंक भरतपुर शाखाको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला धादिङ, बुढाथुम गा.वि.स. वडा नं.७ घर भई चितवन जिल्ला भरतपुर न.पा. वडा नं.९ बस्ने शेरबहादुर थापासमेत

०७१-RB-०२५१

पुनरावेदक / प्रतिवादी : जिल्ला नवलपरासी, गा.वि.स. गैंडाकोट, वडा नं.२ बस्ने प्रकाश बराल

विरूद्ध

प्रत्यर्थी / वादी : हिमालयन बैंक भरतपुर शाखाको जाहेरीले नेपाल सरकार

०७१-RB-०१४५

पुनरावेदक / प्रतिवादी : जिल्ला धादिङ, साबिक बुढाथुम गा.वि.स. वडा नं.७ हाल जिल्ला चितवन भरतपुर नगरपालिका वडा नं.९ गोन्द्राङ घर भई हाल कारागार भिमफेदी मकवानपुरमा थुनामा रहेको शेरबहादुर थापा

सर्वोच्च अदालत

विरूद्ध

प्रत्यर्थी / वादी : हिमालयन बैंक भरतपुर शाखाको जाहेरीले नेपाल सरकार

- **अभियोगपत्रमा सजायको माग दाबी गर्दा सम्बद्ध कानूनको दफा उपदफा खण्ड सबै खुलाई स्पष्ट दाबी लिनुपर्ने ।**

(प्रकरण नं.४)

- **सर्वसाधारणको निक्षेप स्वीकार गरी बैंकिङ व्यवसाय गर्ने बैंकले आफूसमक्ष सङ्कलित हुन आएको रकमको हिसाब किताब दुरूस्त छ वा छैन, आफूले जिम्मा लिएको रकम कहीँकतैबाट हिनामिना भएको छ वा छैन, भनी समुचित सुरक्षाको प्रबन्ध नगरेको कारणबाट निक्षेपकर्ताको रकम जोखिममा पर्ने गरी बैंकको बिगो नै अलपत्र पार्ने गरी सफाइ दिन मिल्ने अवस्था नदेखिने ।**

(प्रकरण नं.६)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री कमलराज पन्थी

प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री हिरा रेग्मी

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- बैंकिङ कसुर तथा सजाय ऐन, २०६४

सुरू तहमा फैसला गर्ने :

माननीय न्यायाधीश श्री हरिकुमार पोखरेल
माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठ
पुनरावेदन अदालत हेटौंडा

फैसला

**न्या.हरिप्रसाद फुयाल :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम पुनरावेदनको रोहबाट दर्ता भई पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः

जिल्ला चितवन जुटपानी गा.वि.स. वडा नं.२ सुर्यपुर बस्ने टुँगकुमारी घिमिरेको खाता नं.००८००७८९६७००१७ बाट यस बैंकमा सुपरभाइजर पदमा कार्यरत शेरबहादुर थापाले रू.४४,२२,०००।- झिकी मासी खाएकोले सो सम्बन्धमा आवश्यक अनुसन्धान कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको हिमालयन बैंक भरतपुर शाखाको पत्र ।

म इ.सं.२००४ सालमा रोजगारको लागि साइप्रस गएकी हुँ । जानुभन्दा पहिले हिमालयन बैंकमा खाता खोलेकी र विदेशमा कमाएको पैसा पटकपटक गरी सो खातामा जम्मा हुने गरी पठाएकी थिएँ । पैसा जम्मा भयो भएन भनी फोन गरी सोध्ने क्रममा फोनमार्फत सो बैंकका कर्मचारी शेरबहादुर थापा भन्नेसँग चिनजान भयो । निजले मोबाइल नं. समेत दिएका थिए । २०६९ साल चैत्र महिनाको अन्ततिर नेपाल आएपछि बैंकमा गई शेरबहादुर थापालाई मेरो एकाउन्टमा कति पैसा छ हेरी दिनुहोस् भन्दा पैंतालिस लाखजति छ, अहिले कम्प्युटर बिग्रेकोले हेर्न मिल्दैन भनेका थिए । मिति २०७०।१।२२ गते काठमाडौंमा गई आफ्नो खाताको पैसा झिक्न बैंकमा जाँदा जम्मा रू.११,०००।– मात्र भएको थाहा पाएँ । निज शेरबहादुर थापाले मेरो खाताको रू.४४,२२,०००।- रकम हिनामिना गरेका रहेछन् भन्नेसमेत बेहोराको टुँगकुमारी घिमिरेले गरेको कागज ।

मैले यस बैंकको कनिष्ट सहायक पदमा रही काउन्टरमा बसी पैसा जम्मा गर्ने र दिने काम गरी

आएको छु । यसैक्रममा सन्ध्याकालीन काउन्टरमा रहँदा इन्चार्ज शेरबहादुर थापाको धम्की र करकापले गर्दा लगभग रू.५९,००,०००।– रकम हिनामिना भएको छ। उक्त रकममध्ये लगभग रू.१५,००,०००।- जति मैले चलाएको छु भन्नेसमेत बेहोराको प्रतिवादी प्रकाश बरालले हिमालयन बैंकमा पेस गरेको निवेदन।

टुँगकुमारी घिमिरेको खाता नं.००८००७८९६७००१७ बाट यस बैंकमा सुपरभाइजर पदमा कार्यरत शेरबहादुर थापाले सन् २०१० भन्दा पहिले रू.४४,२२,०००।- झिकी मासी खाएको हुँदा निजलाई बैंकिङ कसुर तथा सजाय ऐनअन्तर्गत कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको हिमालयन बैंक भरतपुर शाखाको तर्फबाट ऐ. बैंकका सहायक प्रबन्धक शिवचन्द्र अधिकारीको जाहेरी दरखास्त।

यस बैंकका सुपरभाइजर शेरबहादुर थापाले टुँगकुमारी घिमिरेको खाताबाट रू. ४४,२२,०००।- झिकी खाएको र बैंकको सन्ध्याकालीन ढुकुटीबाट समेत बैंकको कनिष्ट सहायक प्रकाश बरालको मिलेमतोमा निज शेरबहादुर थापाले रू.४४,००,०००।- र प्रकाश बरालले रू.१५,००,०००।- गरी रू.५९,००,०००।- हिनामिना गरी मासेको भनी प्रकाश बरालले निवेदन पेस गरेको हुँदा प्रकाश बराललाई समेत आवश्यक अनुसन्धान गरिपाउँ भन्नेसमेत बेहोराको हिमालयन बैंक भरतपुर शाखाको पत्र।

जिल्ला चितवन भरतपुर नगरपालिका वडा नं.४ स्थित मणिरत्न कँडेलको घरमा रहेको हिमालयन बैंकमा रहेको टुँगकुमारी घिमिरेको खाताबाट सोही बैंकको सुपरभाइजर शेरबहादुर थापाले विभिन्न मितिमा रू.४४,२२,०००।- झिकी हिनामिना गरेको भन्नेसमेत बेहोराको घटनास्थल मुचुल्का।

शेरबहादुर थापा र प्रकाश बराललाई पक्राउ गरी दाखिला गरेको छु भन्नेसमेत बेहोराको प्र.स.नि. पुर्णबहादुर बस्नेतको प्रतिवेदन।

खातावालाको रकम के कसरी भुक्तानी गरिन्छ भनी सोधनी हुँदा चेक सकिएको अवस्थामा ए.टि.एम. समेत नचलेमा खातावालालाई Cash Withdrawal Slip बाट समेत रकम भुक्तानी दिने प्रचलन छ भन्नेसमेत बेहोराको हिमालयन बैंकले लेखेको जवाफ पत्र।

प्रतिवादीहरू शेरबहादुर थापा र प्रकाश बरालको आपसी मिलोमतोमा आफ्नो User Right को दुरूपयोग गरी यस बैंकको सन्ध्याकालीन ढुकुटीबाट रकम झिकेको र टुँगकुमारी घिमिरेको खाताबाट रकम झिक्दा निज शेरबहादुर थापाले आफ्नो हस्ताक्षर नगरी आफ्नो कम्प्युटरको User Right को दुरूपयोग गरी अन्य खातावाला व्यक्तिहरू अनुराधाकुमारी थापाको खातामा 19 June, 2011 मा रू.३०,०००।-, विरबहादुर गुरूङ र आशमाया गुरूङको संयुक्त खातामा 6 January, 2011 रू.९०,०००।-, देवबहादुर थापाको खातामा 13 Oct, 2010 मा रू.१,००,०००।-, 14 Nov, 2010 मा रू.५०,०००।-, 3 Dec, 2010 मा रू.५०,०००।-, 12 Dec, 2010 मा रू.५०,०००।- 4 Mar, 2011 मा रू.१,००,०००।-, 8 Apr, 2011 मा रू.१,००,०००।-, 20 May, 2011 मा रू.१.००,०००।-, धनमाया गुरूङको खातामा 26 Feb, 2010 मा रू.५०,०००।-, 28 Oct, 2010 मा रू.२,०९,०००।-, गितादेवी अधिकारीको खातामा 5 Sep, 2010 मा रू.५३,०००।-, कालीराम चौधरीको खातामा 15 May, 2011 मा रू.१,५०,०००।-, 15 Mar, 2011 मा रू.१,००,०००।- 22 Apr, 2011 मा रू.१,००,०००।-, 25 May, 2011 मा

रू.१,००,०००।- 1 June, 2011 मा रू.२,००,०००।-, 5 June, 2011 मा रू.२,००,०००।-, 12 June, 2011 मा रू.३,००,०००।-, मन्जिता थापाको खातामा 8 Aug, 2010 मा रू.१,००,०००।-, 18 January, 2011 मा रू.२५,०००।-, 3 Jul, 2011 मा रू.५०,०००।-, 10 Jul, 2011 मा रू.२,००,०००।-, 14 Jul, 2011 मा रू. ३५,०००।-, 22 Jul, 2011 मा रू.२५,०००।-, 11 Sept. 2011 मा रू.५०,०००।-, मा सुमराज अमात्यको खातामा 24 Feb, 2010 मा रू.१,००,०००।-, सिद्धबहादुर मल्लको. खातामा 25 Oct, 2010 मा रू.५०,०००।-, 16 Dec, 2010 मा रू.२,००,०००।-, 7 Dec, 2011 मा रू.१,००,०००।-, 14 May, 2011 मा रू.१,००,०००।-, 3 Aug, 2011 मा रू.१,००,०००।-, 17 Aug, 2011 मा रू.१,३०,०००।-, 5 Sept, 2011 मा रू.६०,०००।-, 18 Sept, 2011 मा रू.३०,०००।-, 23 Sept, 2011 मा रू.१,२०,०००।-, 14 Oct, 2011 मा रू.२,००,०००।-, 6 Nov, 2011 मा रू.१,००,०००।-, 24 Nov, 2011 मा रू.१,००,०००।- र सोमसिंह थापाको खातामा 20 January, 2011 मा रू.१,००,०००।- ट्रान्सफर गरेको र 1 June, 2012 मा रू.१५,०००।- Cash Withdrawal Slip बाट झिकेको देखिन्छ भन्नेसमेत बेहोराको हिमालयन बैंक भरतपुर शाखाको पत्र।

मैले १३ वर्षदेखि हिमालयन बैंकमा काम गर्दै आएको छु। हाल सुपरभाइजर पदमा रहेको छु। २०६३ सालमा खाता खोलेकी टुँगकुमारी घिमिरेको खातामा भएको रकम विश्वासिलो मानिसको खातामा ट्रान्सफर गरी Cash Withdrawal Slip द्वारा खाएको हुँ। पटकपटक गरी निज टुँगकुमारी घिमिरेको रू. ४४,२२,६८०।- निकाली खाएको र बैंकको सन्ध्याकालीन काउन्टरमा कनिष्ठ सहायक प्रकाश बराल र मेरो डिउटी सँगै पर्ने भएकोले निजसमेतको सहयोग तथा मिलोमतोमा बैंकको सन्ध्याकालीन ढुकुटीबाट समेत पटकपटक गरी रू.५९,००,०००।- निकाली सोमध्ये रू.१५,००,०००।- प्रकाश बराललाई दिई अन्य रकम मैले हिनामिना गरेको हुँ। उक्त रकमबाट केही रकम मैले चिनजानका व्यक्ति तथा आफन्तहरूलाई सापटी दिएको छु भन्नेसमेत बेहोराको प्रतिवादी शेरबहादुर थापाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

म ४ वर्षदेखि हिमालयन बैंकमा काम गर्दै आएको छु। हाल कनिष्ठ सहायक पदमा रहेको छु। सुपरभाइजर शेरबहादुर थापाको अण्डरमा बसी काम गर्नुपर्ने हुन्थ्यो। सन्ध्याकालीन काउन्टरमा निज शेरबहादुर थापा र मेरो डिउटी पर्ने भएकोले सँगै काम गर्ने क्रममा करिब १ महिनाअगाडिदेखि निज शेरबहादुर थापाले १ लाख, २ लाख गरी मलाई दिने गर्थे र निजले समेत लैजाने गरेका थिए। मैले पटकपटक गरी जम्मा १५ लाख लगेको छु। शेरबहादुरले कति लैजान्थ्यो मलाई थाहा भएन। पछि बुझ्दा सन्ध्याकालीन काउन्टरबाट ५९ लाख रूपैयाँ हिनामिना भएको रहेछ भन्नेसमेत बेहोराको प्रतिवादी प्रकाश बरालले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

जिल्ला चितवन, भरतपुर नगरपालिका वडा नं.९ स्थितमा रहेको प्रतिवादी शेरबहादुर थापाको घर खानतलासी गर्दा बैंकिङ कसुर अपराध मुद्दामा प्रमाणमा लाग्ने चिजवस्तु फेला नपरेको भन्नेसमेत बेहोराको खानतलासी तथा बरामदी मुचुल्का।

जिल्ला नवलपरासी, गैंडाकोट गा.वि.स. वडा नं.२ स्थितमा रहेको प्रतिवादी प्रकाश बरालको

घर खानतलासी गर्दा बैंकिङ कसुर अपराध मुद्दामा प्रमाणमा लाग्ने चिजवस्तु फेला नपरेको भन्नेसमेत बेहोराको खानतलासी तथा बरामदी मुचुल्का।

हिमालयन बैंकका सुपरभाइजर शेरबहादुर थापाले सो बैंकमा खाता रहेको टुँगकुमारी घिमिरेको खाताबाट रू.४४,२२,०००।- झिकी खाएको र निज शेरबहादुर थापा र निजसँगै कनिष्ट सहायक पदमा काम गर्ने प्रकाश बरालसमेतको मिलोमतोमा बैंकको सन्ध्याकालीन काउन्टरको ढुकुटीमा भएको रकमबाट पटकपटक गरी जम्मा रू.५९,००,०००।- हिनामिना गरेका रहेछन्। निजले मलाई / हामीलाई कुनै रकम सापटी दिएका छैनन् भन्नेसमेत बेहोराको शेरबहादुर थापाले रकम सापटी दिएको भनी लेखाई दिएका मानिसहरू गिरबहादुर मल्ल, मामबहादुर थापा, थमबहादुर थापा, केहर सिंह थापा, प्रमिला थापाले गरिदिएको घटना विवरण कागज।

हाम्रो हिमालयन बैंक नारायणगढ शाखामा खाता छ। सो बैंकको सुपरभाइजर हाल पक्राउ परेका शेरबहादुर थापा चिनजानका व्यक्ति हुन्। निजले तपाइँको खातामा मेरो पैसा आएको छ, मलाई चेक दिनुहोस् भनेपछि खातामा हेर्दा बढी रकम देखिन गएकोले बढी भएको रकमको चेक काटी दिएको हुँ। निजले टुँगकुमारी घिमिरेको खाताबाट हामीहरूको खातामा रकम ट्रान्सफर गरी रकम बढी देखाई चेक काट्न लगाई झिकी खाई टुँगकुमारी घिमिरेको खाताको रकम हिनामिना गरेका रहेछन्। निज शेरबहादुर थापाले बैंकको कनिष्ट सहायक प्रकाश बरालको मिलोमतोमा बैंकको आन्तरिक रकमसमेत हिनामिना गरेका रहेछन् भन्नेसमेत बेहोराको आशमाया गुरूङ, अनुराधा कुमारी थापा र सिद्धबहादुर मल्लले गरेको कागज।

प्रतिवादी हिमालयन बैंकका सुपरभाइजर शेरबहादुर थापाले सोही बैंकका खातावाला टुँगकुमारी घिमिरेको खाताबाट रू.४४,२२,०००।- रकम अन्य मानिसहरूको खातामा ट्रान्सफर गरी झिकी खाएका हुन्। निज र कनिष्ट सहायक प्रकाश बराल भई बैंकको सन्ध्याकालीन ढुकुटीबाट समेत विभिन्न मितिमा गरी रू.५९,००,०००।- झिकी खाएका रहेछन्। यसरी निज प्रतिवादीहरूले बैंकको खातावालाको रकम र बैंकको आन्तरिक रकमसमेत हिनामिना गरी बैंकिङ कसुर अपराध गरेका हुन् भन्नेसमेत बेहोराको बुझिएका रेमप्रसाद कँडेल, रमेशकुमार श्रेष्ठ र विजय गुरूङले गरेको घटना विवरण कागज।

प्रतिवादी शेरबहादुर थापाले आफू कार्यरत हिमालयन बैंकको खातावाला टुँगकुमारी घिमिरेको खाता नं. ००८००७८९६००१७ मा जम्मा भएको रकममध्ये आफ्नो User Right प्रयोग गरी सो खाताबाट अन्य व्यक्तिहरूका खातामा रकम ट्रान्सफर गरी चेक र Cash Withdrawal Slip प्रयोग गरी रू.४४,२२,०००।- अनधिकृत रूपमा निकाली हिनामिना गरेको र सोही बैंकको सन्ध्याकालीन काउन्टरमा कनिष्ठ सहायक पदमा कार्यरत कर्मचारी प्रकाश बरालसँग मिलेमतो गरी बैंकको आन्तरिक रकम रू.५९,६८,८४०।- निकाली सोमध्ये रू.१५ लाख प्रकाश बराललाई दिई बाँकी रकम आफूले खाई मासी हिनामिना गरेको देखिँदा प्रतिवादीहरूको सो कार्य बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ५(क)(ग) ६ र ९(१)(२) विपरित कसुर अपराध हुँदा निजहरूलाई सोही ऐनको दफा १५(२) बमोजिम कैद र बिगो भराई बिगोबमोजिम जरिवानासमेत गरिपाउँ भन्नेसमेत बेहोराको अभियोगपत्र।

अभियोग दाबी झुट्टा हो। मैले बैंकको कुनै रकम हिनामिना गरेको छैन। म बैंकको तल्लो तहको कर्मचारी भएको हुँदा मेरो कुनै निर्णय चल्दैन। मलाई शेरबहादुरले रकम दिएका छैनन्। मैले

बैंकमा दिएको भनिएको निवेदन मलाई जबरजस्ती दिन लगाइएको हो । सो निवेदन मेरो राजुखुसीले दिएको होइन । अनुसन्धानको क्रममा भएको बयान मेरो होइन । बैंकका स्टाफहरूले भनेबमोजिम लेखी मलाई सहीछाप गराइएको हो । म निर्दोष रहेको हुँदा अभियोग माग दाबीबाट सफाइ दिलाइपाउँ भन्नेसमेत बेहोरा प्रतिवादी प्रकाश बरालले पुनरावेदन अदालत हेटौंडामा गरेको बयान ।

म हिमालयन बैंकको सुपरभाइजर पदमा कार्यरत थिएँ । सो पदमा कार्यरत रहँदा Cash Customer Service, Bills Remittance लगायतको काम गर्थें । हिमालयन बैंकमा खाता खोली सन् २००९ मा साइप्रस गएकी टुँगकुमारी घिमिरेको खातामा जम्मा भएको रू.४४,२२,०००।- रकम विभिन्न व्यक्तिका नाममा ट्रान्सफर गरी निकाली खाई मासेको हुँ । हिमालयन बैंकको रू.५९,६८,८४०।- अनधिकृत रूपले निकाली रू.१५ लाख प्रकाश बराललाई दिई बाँकी रकम मैले खाए मासेको भन्ने अभियोग दाबी झुट्टा हो । मैले बैंकको आन्तरिक रकम खाए मासेको छैन र प्रकाश बराललाई समेत दिएको छैन । टुँगकुमारी घिमिरेको रकम मैले खाए मासेको मौका छोपी ममाथि बदनियत चिताई सो जाहेरी परेको हुँदा बैंकको रकम दुरूपयोग गरेकोमा मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी शेरबहादुर थापाले सुरू पुनरावेदन अदालत हेटौंडामा गरेको बयान ।

मिसिल संलग्न तत्काल प्राप्त प्रमाणहरूबाट निज प्रतिवादीहरू शेरबहादुर थापा र प्रकाश बराल हालै कसुरदार होइनन् भन्न मिल्ने मनासिब आधारको अभाव रहेको देखिएको र बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५(२)(घ) अनुसार सजाय हुन सक्ने अवस्था विद्यमान रहेको हुँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई अ.बं.११८(२) बमोजिम दुवैजना प्रतिवादीहरूलाई मुद्दा पुर्पक्षको लागि कानूनबमोजिम सिधा खान पाउने गरी थुनामा राख्न सम्बन्धित कारागारमा पठाइदिनु भन्नेसमेत बेहोराको मिति २०७०/०३/०७ को पुनरावेदन अदालत हेटौंडाको थुनछेक आदेश ।

पुनरावेदन अदालत हेटौंडाको थुनछेक आदेशउपर यस अदालतमा अ.बं. १७ नं. बमोजिम परेको ०७०-RE-००८३ को निवेदनमा भएको यस अदालतको मिति २०७०।१०।२९ को आदेशबमोजिम प्रतिवादी प्रकाश बराल रू.२०,००,०००।– (बिस लाख रूपैयाँ) बराबरको बैंक ग्यारेन्टी दिई पुनरावेदन अदालत हेटौंडाको मिति २०७०।१२।११ को आदेशानुसार साधारण तारेखमा रहेको अवस्था रहेछ ।

प्रतिवादी शेरबहादुर थापाले टुँगकुमारीको खाताबाट रू.४४,२२,०००/- र प्रतिवादी प्रकाश बराल र शेरबहादुर थापाले बैंकको सन्ध्याकालीन काउन्टरबाट रू.६०,००,०००।- को हाराहारीमा आफ्नो अधिकार दुरूपयोग गरी एक अर्काको खातामा ट्रान्सफर गरी हिनामिना गरी खाएको बैंकको रेकर्डबाट देखिन्छ । दैनिक कारोबारबाट दैनिक हिसाब मिलान गर्ने जिम्मेवारी प्रतिवादी शेरबहादुरको नै हो । समय समयमा निरीक्षण हुँदा एक अर्काको Till (टीलमा) खातामा सार्ने ल्याउने गरेर हिसाब मिलाउने गरेको रेकर्डबाट देखिन्छ । टुँगकुमारीको जाहेरी परेपछि त्यो कुरा थाहा भयो भन्नेसमेत बेहोराको जाहेरी दरखास्त दिने बैंकका सहायक प्रबन्धक शिवचन्द्र अधिकारीले सुरू पुनरावेदन अदालत हेटौंडामा गरेको बकपत्र ।

टुँगकुमारीको खाताबाट रू.४४,२२,०००/- मैले लिएको हुँ । बैंकको सन्ध्याकालीन काउन्टरबाट लिएको रकम मैले लिएको होइन । प्रतिवादी प्रकाश बरालले लिएको हुनुपर्छ भनी शेरबहादुरले कारागार

कार्यालयमा भेट हुँदा भनेका थिए । सो सम्बन्धमा अरू थाहा छैन भन्नेसमेत एकै मिलान बेहोराको प्रतिवादी शेरबहादुर थापाका साक्षीहरू कालु रानाभाट र रेमप्रसाद कँडेलसमेतले सुरू पुनरावेदन अदालत हेटौंडामा गरेको बकपत्र ।

प्रतिवादी प्रकाश बराल निम्नवर्गीय परिवारका हुन् । बैंकमा जागिर खाए पनि निजको घरपरिवारको आर्थिक स्थितिमा खासै फरक थिएन । समाजमा राम्रो चरित्रको व्यक्तिको रूपमा चर्चित थिए । त्यसैले त्यस्तो गैह्रजिम्मेवार काम गरेनन् होला, निर्दोष छन् जस्तो लाग्छ भन्नेसमेत बेहोराको प्रतिवादी प्रकाश बरालको साक्षी रविन्द्रराज घिमिरेले सुरू पुनरावेदन अदालत हेटौंडामा गरेको बकपत्र ।

यस अदालतका आदेशानुसार माग भई आएको हिमालयन बैंकको आन्तरिक लेखा परीक्षण रिपोर्ट र नेपाल राष्ट्र बैंकले हिमालयन बैंकको रकम दुरूपयोग भएको सबन्धमा गरेको निरीक्षण प्रतिवेदनसमेतका मिसिल प्रमाणबाट हिमालयन बैंक लिमिटेडको रू.५९,६८,८४०।- मध्ये प्रतिवादी प्रकाश बरालले लिए खाएको रू.१५,००,०००।- कट्टा गरी बाँकी हुन आउने रू.४४,६८,८४०।- र टुँगकुमारी घिमिरेको खाताबाट निकालिएको रू.४४,२२,०००।- समेत जम्मा रू.८८,९०,८४०।- प्रतिवादी शेरबहादुर थापाले लिए खाएको देखिन आई निजले आरोपित कसुर गरेको देखिँदा प्रतिवादी शेरबहादुर थापालाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५(२)(ग) बमोजिम सो बैंकको रू.४४,६८,८४०।- र टुँगकुमारी घिमिरेको रू.४४,२२,०००।- बिगो भराई दुवै बिगोबमोजिम रू.८८,९०,८४०।- जरिवाना गरी दुई वर्ष कैद हुने र अर्का प्रतिवादी प्रकाश बरालले बैंकको रू.१५,००,०००।- लिए खाएको देखिँदा ऐ. ऐनको दफा १५(२)(ख) बमोजिम बिगो रू.१५,००,०००/- हिमालयन बैंक लिमिटेडलाई भराई बिगोबमोजिम रू.१५,००,०००/- जरिवाना गरी एक वर्ष कैद हुने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१/०८/९ मा भएको फैसला ।

हिमालयन बैंक भरतपुर शाखामा रहेको जाहेरवालामध्येका टुँगकुमारीको खातामा रहेको रकम रू.४४,२२,०००।- निकाली खाए मासेकोमा भएको सजायको सम्बन्धमा मेरो स्वीकारोक्ति छ । तर बैंकको सन्ध्याकालीन काउन्टरमा रहेको रकमबाट रू.५९,६८,८४०।- लिई खाएको भन्ने आरोपमा मेरो इन्कारी बयान मेरो साक्षी कालु रानाभाटले गरिदिएको बकपत्र बेहोराबाट समेत समर्थित छ । अभियोजन पक्षले सो आरोप पुष्टि हुनसक्ने वस्तुनिष्ठ प्रमाण पेस गर्नसकेको अवस्था छैन । नेपाल राष्ट्र बैंकले समेत रकम हिनामिना भएको सम्बन्धमा स्पष्ट प्रमाण दिन सकेको छैन । यस अवस्थामा सन्ध्याकालीन काउन्टरको रकममध्ये रू.४४,६८,८४०।- समेत जम्मा रू.८८,९०,८४०।- मैले लिए खाएको देखिन आएको हुनाले रू.८८,९०,८४०।- जरिवाना र २ वर्ष कैद हुने ठहर्छ भनी भएको पुनरावेदन अदालत हेटौंडाको फैसला प्रमाणको अभावमा भएको हुँदा सो फैसला बदर गरी बैंकको आन्तरिक रकम रू.४४,६८,८४०।- तर्फको अभियोग दाबी र सोअनुरूपको सजायबाट मुक्ति दिलाइपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी शेरबहादुर थापाले यस अदालतमा गरेको पुनरावेदन ।

हिमालयन बैंक लि. भरतपुर शाखाको तर्फबाट मिति ०७०।१।२४ मा दिइएको जाहेरीमा मलाई दोषी देखाइएको छैन । अनुसन्धानमा बयान गर्दा शेरबहादुरले मलाई रू.१५,००,०००।- दिएको भन्ने कुरालाई मेरो विरूद्धमा प्रमाणमा लिन मिल्दैन । अनुसन्धानको मेरो बयानलाई मैले

अदालतसमक्ष इन्कार गरेको छु । रू.१५००,०००।- लिएको भनी गरेको कागज करकापबाटै गराइएको हो । उक्त कागज अन्य कागजातबाट समर्थित हुन सकेको छैन । नेपाल राष्ट्र बैंकको परीक्षण रिपोर्टबाट मलाई दोषी देखाइएको छैन । मिसिल संलग्न तथ्यबाट पनि मबाट अनधिकृत रूपमा अन्य व्यक्तिको खाताबाट रकम निकाल्ने, रकमान्तर गर्ने, रकम भुक्तानी दिने काम गरेको देखिएको छैन । मबाट बैंकको सम्पत्ति दुरूपयोग गरेको एवं बैंकको हित प्रतिकूल खर्च गरेको भन्ने नदेखिएकोमा ममाथि आकर्षित नै नहुने कानूनको दफाबाट मलाई कसुरदार ठहर गरी भएको पुनरावेदन अदालत हेटौंडाको फैसला त्रुटिपूर्ण हुँदा सो फैसला उल्टी गरी मलाई सफाइ दिलाइपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी प्रकाश बरालले यस अदालतमा दिएको पुनरावेदन ।

प्रतिवादी शेरबहादुर थापाले पीडित टुँगकुमारी घिमिरेको खाताको रकम रू.४४,२२,००० र बैंकको आन्तरिक रकम रू.५९,६८,८४०।- समेत गरी रू.१,०३,९०,८४०।- हिनामिना गरेको र सहप्रतिवादी प्रकाश बरालले बैंकको सन्ध्याकालीन काउन्टरबाट आन्तरिक रकम (निजले लिएको कबुल गरेको रू.१५,००,०००।- सो बाहेकको रू.४४,६८,८४०।-) समेत हुने रू.५९,६८,८४० हिनामिना गरेको बेहोरा मिसिल संलग्न निजहरूको मौकाको बयान, बैंकबाट प्राप्त पत्र तथा सूचनाहरूको आधारबाट देखिन आएको छ । यसबाट प्रतिवादी शेरबहादुर थापाउपर रू.१,०३,९०,८४०।- तथा अर्का प्रतिवादी प्रकाश बरालउपर रू.५९,६८,८४०।- को बिगो कायम गरी सोहीबमोजिम निजहरूलाई कैद, जरिवाना र बिगो भराउने सजाय गर्नुपर्नेमा सो नगरी वादी दाबीभन्दा कम सजाय हुने गरी तथा अभियोजनकर्ताले गोश्वारा रूपमा ऐनको दफा १५(२) नं. बमोजिम मागदाबी लिइएको कुरालाई द्विविधापूर्ण र अस्पष्ट मानी सोको सुविधा प्रतिवादीहरूले पाउने गरी भएको पुनरावेदन अदालत हेटौंडाको फैसलामा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनको दफा १५(२) को प्रयोग एवं व्याख्यामा त्रुटि भई बदरभागी हुँदा उक्त फैसला बदर गरी अभियोग माग दाबीबमोजिम नै गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट पेस हुन आएको पुनरावेदन ।

यसमा वादी नेपाल सरकार, प्रतिवादीहरू शेरबहादुर थापा र प्रकाश बरालसमेतको दोहोरो पुनरावेदन परेको देखिँदा मुलुकी ऐन, अ.बं.२०२ नं. को प्रयोजनार्थ नेपाल सरकारतर्फको पुनरावेदनको जानकारी प्रतिवादीहरूलाई दिई र प्रतिवादीहरूतर्फको पुनरावेदनको जानकारीसहितको पेसीको सूचना महान्यायाधिवक्ताको कार्यालयलाई दिई नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०७४/१२/२५ मा भएको आदेश ।

यस अदालतबाट कारागार कार्यालयमार्फत थुनुवा प्रतिवादी शेरबहादुर थापालाई दिइएको मिति २०७६।२।७ को पेसीको सूचना पत्रमा कारागार कार्यालय भिमफेदी मकवानपुरले निज प्रतिवादी शेरबहादुर थापा मिति २०७६।१।२४ गते थुनामुक्त भइसकेको बेहोरा अनुरोध छ भनी लेखी पठाएको रहेछ ।

ठहर खण्ड

नियमबमोजिम आजको दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री कमलराज पन्थीले प्रतिवादीहरू शेरबहादुर थापा र प्रकाश बराल दुवैजना हिमालयन बैंकका कर्मचारी भई आपसी मिलेमतोमा बैंकको सन्ध्याकालीन

काउन्टरबाट आन्तरिक रकम रू. ५९,६८,८४०।– हिनामिना गरेको देखिँदा प्रतिवादी प्रकाश बरालउपर निजले लिएको कबुल गरेको रू.१५,००,०००।- सोबाहेकको रू.४४,६८,८४०।- समेत जोड्दा हुने रू.५९,६८,८४०।-को र प्रतिवादी शेरबहादुरउपर जाहेरवाला टुँगकुमारी घिमिरेको खाताबाट हिनामिना गरी लिएखाएको रू.४४,२२,०००।– र बैंकको आन्तरिक हिनामिना भएको पूरै रकम रू.५९,६८,८४०।– गरी जम्मा रू.१,०३,९०,८४०।- बराबरको बिगो कायम गरी सोही बिगोबमोजिम सजाय गर्नुपर्नेमा कम बिगो कायम गरी सोबमोजिम नै सजाय हुने गरी भएको सुरू फैसला उल्टी गरी अभियोग मागदाबीबमोजिम नै बिगो कायम गरी बिगोबमोजिम सजाय गरिपाउँ भनी तथा दुवैजना प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हिरा रेग्मीले बैंकको आन्तरिक रकमतर्फको बिगो रू.५९,६८,८४०।– को सम्बन्धमा प्रतिवादीहरू दुवैजनाले अदालतमा इन्कारी बयान गरी अनुसन्धानको बयान करकापबाट भएको कुरा लेखाएको छ । सो रकम हिनामिना भएकै हो भन्ने सम्बन्धमा बैंकको आन्तरिक अडिट र नेपाल राष्ट्र बैंकको निरीक्षण प्रतिवेदनले समेत तथ्यगत विवरण दिन नसकी हिनामिना गरेको कुराको प्रमाण नै पेस हुन सकेको छैन । यस अवस्थामा दुवै बिगो कायम गरी प्रतिवादीहरूलाई बिगोअनुरूपको सजाय गर्ने गरी भएको पुनरावेदन अदालत हेटौंडाको फैसला प्रमाणको अभावमा भएको हुँदा सो फैसला उल्टी गरी आन्तरिक रकम रू.५९,६८,८४०।– तर्फको बिगोको हदसम्म दुवैजना प्रतिवादीहरूलाई भएको सजाय बदर गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

दुवै पक्षको तर्फबाट प्रस्तुत भएको बहस जिकिर सुनी पुनरावेदन पत्रहरूसहितको मिसिल अध्ययन गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मिलेको छ वा छैन ? पुनरावेदक वादी नेपाल सरकार र प्रतिवादीहरू दुवैजनाको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने हुन आयो ।

२. निर्णयतर्फ विचार गर्दा सर्वप्रथम वादी नेपाल सरकारको पुनरावेदन जिकिरको सम्बन्धमा हिमालयन बैंकमा खाता खोली रकम सङ्कलन र बचत गर्ने निक्षेपकर्ता टुँगकुमारी घिमिरेको खाताबाट रू.४४,२२,०००।– रकम अनधिकृत रूपमा निकालेको र सोही बैंकको सन्ध्याकालीन काउन्टरको रकमबाट जम्मा रू.५९,६८,८४०।- नगद हिनामिना भएको भन्ने कुरा मिति २०७०।१।२२ को हिमालयन बैंक र टुँगकुमारी घिमिरेको जाहेरी दरखास्त, हिमालयन बैंक लिमिटेडले मिति २०७०।११।१३ को पत्रसाथ पठाएको अडिट रिपोर्ट, सो बैंकको नियमनकारी निकाय नेपाल राष्ट्र बैंकको निरीक्षण प्रतिवेदनसमेतबाट देखियो । सोभन्दा बढी बैंकको आन्तरिक र निक्षेपकर्ताको रकम हिनामिना भएको भन्ने देखिन आएन । बैंकको आन्तरिक रकम रू.५९,६८,८४०।- मध्ये रू.१५,००,०००।– प्रतिवादी प्रकाश बराललाई दिएको हुँ भनी प्रतिवादी शेरबहादुर बरालले अनुसन्धान अधिकारीसमक्षको बयानमा बताएको तथा प्रतिवादी प्रकाश बरालले समेत अनुसन्धानको क्रममा भएको बयानमा सो कुरा स्वीकार गरेको पाइन्छ । देवानी मिश्रित फौजदारी दायित्व वहन गराउँदा जसले जति लिएखाएको छ सोहीअनुसार दायित्व वहन गराउनु पर्दछ भन्ने कानूनी मान्यता रहेको छ । सोही मान्यताको आधारमा मुलुकी ऐन, चोरीको महलको १०(३) नं. मा **"…..चोरी मुद्दामा जसले जति खाएको ठहर्छ उसबाट उति उति असुल गरी लिनुपर्दछ"** भन्ने कानूनी प्रावधानले यो मान्यतालाई हाम्रो कानूनले पनि ग्रहण गरेको देखिन्छ । यसरी बैंकको वास्तविक

रूपमा हिनामिना भएको भन्ने दाबी र पुष्टि भएको रकम रू.५९,६८,८४०।- मध्ये रू.१५,००,०००।– प्रतिवादी प्रकाश बरालले लिएखाएपछि निजले लिएखाएको रकमको दायित्व निजैले बेहोर्नुपर्ने र सोबाट बाँकी देखिने रकम रू.४४,६८,८४०।- को दायित्व प्रतिवादी शेरबहादुर थापाले नै बेहोर्नुपर्ने हुन्छ। नलिए नखाएको रकमसमेतको दायित्व बेहोर्न लगाउनु न्यायिक मान्यताविपरीत हुन्छ।

३. माथि विवेचना गरिएअनुसार यथार्थमा लिएखाएको बिगो भराई त्यसको मात्र दायित्व वहन गराउँदा न्यायिक र तर्कसम्मत हुन्छ भन्ने न्यायिक मान्यतालाई आत्मसात् गर्दा प्रतिवादी शेरबहादुर थापालाई निक्षेपकर्ता टुँगकुमारी घिमिरेको खाता नं.००८००७८९६७००१७ बाट अनधिकृत रूपमा लिई खाएको रकम रू.४४,२२,०००।– एवं बैंकको सन्ध्याकालीन काउन्टरबाट हिनामिना भएको रकम रू. ५९,६८,८४०।- समेत जोडी रू.१,०३,९०,८४०।– र प्रतिवादी प्रकाश बरालको हकमा निजले लिएको कबुल गरेको रू.१५.००,०००।- सोबाहेकको रू.४४,६८,८४०।- समेत जोडी रू.५९,६८,८४०।– बिगो कायम गरी सो बिगोबमोजिम सजाय गर्न मिल्ने देखिएन।

४. अब अभियोजनकर्ताले गोश्वारा रूपमा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५(२) नं. बमोजिम मागदाबी लिइएको कुरालाई द्विविधापूर्ण र अस्पष्ट मानी सोको सुविधा प्रतिवादीहरूले पाउने गरी भएको पुनरावेदन अदालत हेटौंडाको फैसलामा सो ऐनको दफा १५(२) को प्रयोग एवं व्याख्यामा त्रुटि रहेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरको सम्बन्धमा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को १५(२) मा खण्ड (क) (ख) (ग) (घ) को व्यवस्था भई प्रत्येक खण्डमा भिन्न-भिन्न अवस्था उल्लेख गरिएको पाइन्छ। सो प्रावधानअनुसार प्रस्तुत मुद्दामा प्रतिवादी शेरबहादुर थापाले बैंकको निक्षेपकर्ता टुँगकुमारी घिमिरेको खाताबाट रू.४४,२२,०००।– र हिमालयन बैंक लिमिटेडको रू.५९,६८,८४०।– लिई खाएको भन्ने आरोप रहेकोमा यी दुवै रकमलाई खण्डीकृत गरेको अवस्थामा प्रतिवादीलाई घटी सजाय हुने र एकीकृत गरिएको अवस्थामा बढी सजाय हुने अवस्था रहन्छ । यस अवस्थामा अभियोजनकर्ताले सो ऐनको खण्ड नछुट्याई दफा १५(२) भनी गोश्वारा रूपमा दाबी लिएको पाइयो । यस्तो अवस्था सिर्जना नहोस् भन्ने कुरामा अभियोजन पक्ष सचेत रही अभियोजन गर्दा प्रतिवादीलाई हुने सजायको माग दाबी गर्दा सम्बद्ध कानूनको नम्बर दफा उपदफा खण्ड सबै खुलाई स्पष्ट दाबी लिनुपर्ने हुन्छ । सो नगरी गोश्वारा रूपमा दाबी लिइएबाट द्विविधाको अवस्था सिर्जना भई सोको सुविधा प्रतिवादीले पाउने नै हुन्छ। तसर्थ, प्रस्तुत मुद्दामा प्रतिवादीहरूले लिएखाएको देखिएको भन्दा बढी बिगो कायम कायम गरिपाउँ र अभियोग पत्रमा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५(२) को गोश्वारा दाबी लिएकोमा अदालतबाट भिन्नभिन्न सजाय नगरी सो कानूनको प्रयोग एवं व्याख्यामा त्रुटि रहेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरबमोजिम हुन सक्ने देखिएन।

५. पुनरावेदक प्रतिवादीहरूमध्ये शेरबहादुर थापाको बैंकको सन्ध्याकालीन काउन्टरको आन्तरिक रकम मैले नलिए नखाएको हुँदा सोतर्फको दायित्वबाट मुक्ति पाउँ भन्ने र प्रकाश बरालको मैले बैंकको काउन्टरबाट लिएको भनिएको रू.१५,००,०००।- नलिएको हुँदा मलाई पूर्ण सफाइ दिलाइपाउँ भन्ने पुनरावेदन जिकिर एकअर्कामा अन्तरसम्बन्धित भई

दुवै जिकिरको सम्बन्धमा समग्रतामा विवेचना हुनु उपयुक्त हुने देखिई सोतर्फ विचार गर्दा, हिमालयन बैंकको सन्ध्याकालीन काउन्टरमा रहेको रकमबाट रू.५९,६८,८४०।– लिएखाएको सम्बन्धमा अदालतमा दुवै प्रतिवादीहरूले आरोपित कसुरमा इन्कार रही बयान गरेको भए तापनि अनुसन्धान अधिकारीसमक्ष दुवै प्रतिवादीहरूले साबिती बयान दिएको पाइयो। अनुसन्धान अधिकारीसमक्ष प्रतिवादी शेरबहादुर थापाले ***मैले २०६३ सालमा खाता खोलेकी टुँगकुमारी घिमिरेको खातामा भएको रू.४४,२२,०००।- रकम विश्वासिलो मानिसको खातामा ट्रान्सफर गरी Cash Withdrawal Slip द्वारा खाएको हुँ र बैंकको सन्ध्याकालीन काउन्टरमा कनिष्ट सहायक प्रकाश बराल र मेरो डिउटी सँगै पर्ने भएकोले निजसमेतको सहयोग तथा मिलोमतोमा बैंकको सन्ध्याकालीन ढुकुटीबाट समेत पटकपटक गरी रू.५९,००,०००।- निकाली सोमध्ये रू.१५,००,०००।- प्रकाश बराललाई दिई अन्य रकम मैले हिनामिना गरेको हुँ*** भनी बयान बेहोरा लेखाएको पाइन्छ भने प्रतिवादी प्रकाश बरालले ***म ४ वर्षदेखि सुपरभाइजर शेरबहादुर थापाको अन्डरमा बसी काम गरी आएको छु। सन्ध्याकालीन काउन्टरमा हामी दुईजनाको डिउटी पर्ने भएकोले सँगै काम गर्ने क्रममा करिब १ महिनाअगाडिदेखि निज शेरबहादुर थापाले १ लाख, २ लाख गरी मलाई दिने गर्दथे र निजले समेत लैजाने गरेका थिए। मैले पटकपटक गरी जम्मा १५ लाख लगेको छु*** भनी बयान बेहोरा लेखाएको पाइएबाट निज दुवैजनाले आपसमा पोल गर्दै एक अर्काको कसुरलाई पुष्टि गरिदिएको पाइयो। अनुसन्धानको क्रममा भएको सो बयान प्रमाणयोग्य हुन नसक्ने भरलाग्दो अन्य कुनै प्रमाण निज प्रतिवादीहरूले पेस गरी मिसिल संलग्न रहेको पाइएन।

६. जाहेरवाला हिमालयन बैंकको नियमनकारी निकाय नेपाल राष्ट्र बैंकले हिमालयन बैंकको स्थलगत निरीक्षण गरिदिएको प्रतिवेदनमा प्रतिवादीहरूले सो रकम लिएखाएको उल्लेख भएको पाइयो। प्रतिवेदनमा **"बैंकको सिस्टममा भएका कमी कमजोरी, आफ्नो कार्यदक्षता, सो शाखामा माथिल्लो तहमा कार्यरत कर्मचारीको कमजोर सुपरिवेक्षण आदिको दुरूपयोग गरी उक्त रकम अपचलन गरेको देखिन्छ"** भन्ने उल्लेख भएको पाइयो। सो प्रतिवेदनमा रहेको बेहोरालाई अन्यथा प्रमाणित गर्ने प्रमाण प्रतिवादीहरूले पेस गर्न सकेको पाइएन। यस अवस्थामा **सर्वसाधारणको निक्षेप स्वीकार गरी बैंकिङ व्यवसाय गर्ने बैंकले आफूसमक्ष सङ्कलित हुन आएको रकम कलमको हिसाब किताब दुरूस्त छ वा छैन, आफूले जिम्मा लिएको रकम कहीँकतैबाट हिनामिना भएको छ वा छैन, भनी समुचित सुरक्षाको प्रबन्ध नगरेको कारणबाट निक्षेपकर्ताको रकम जोखिममा पर्ने गरी बैंकको बिगो नै अलपत्र पार्ने गरी प्रतिवादीहरूलाई सफाइ दिन मिल्ने अवस्था देखिएन।** तसर्थ, यस अदालतबाट प्रत्यर्थी झिकाउँदा लिइएको आधार कारणसँग समेत सहमत हुन नसकी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसलालाई अन्यथा गरिरहनुपर्ने भएन।

७. प्रतिवादी प्रकाश बरालले सो निवेदन आफूलाई केन्द्रीय बैंकबाट आएका प्रतिनिधिसमेतले करकाप गरी दिन लगाएकोले दिएको हुँ भनी बयानमा बेहोरा लेखाई यस अदालतसमक्षको पुनरावेदनमा समेत सोही बेहोराको जिकिर लिएको पाइयो। तर केन्द्रीय बैंकबाट आएका प्रतिनिधिसमेतको बैंक व्यवस्थापनको सो कार्य विरूद्ध कहीँकतै उजुरबाजुर गरी कानूनी

उपचारको बाटो खोजेको पाइएन । निजको सो बयान र जिकिर अन्य तथ्ययुक्त प्रमाणबाट पुष्टि भएको पनि देखिएन । मिसिल कागजातबाट प्रतिवादी शेरबहादुर थापा मिति २०७०।१।२४ मा पक्राउ परी निजले मिति २०७०।२।२७ मा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको पाइयो भने प्रतिवादी प्रकाश बरालले बैंकको प्रबन्धकलाई सम्बोधन गरी बैंकको आन्तरिक रकम हिनामिनासम्बन्धी रिपोर्टिङ गरी दिएको निवेदन मिति २०७०।१।२२ मा दिएको पाइयो । यसप्रकार प्रतिवादी शेरबहादुरको बयान हुनुभन्दा अगाडि नै दिएको प्रतिवादी प्रकाश बरालको निवेदनको बेहोरा र प्रतिवादी शेरबहादुर थापाले गरेको बयानको बेहोरा एकै किसिमको **"बैंकको सन्ध्याकालीन काउन्टरमा दुवैजनाको सँगै डिउटी पर्ने भई दुवैको मिलेमतोमा रू.५९,००,०००।- जति लिएका हौं र रू.१५,००,०००।– प्रतिवादी प्रकाश बरालले, बाँकी प्रतिवादी शेरबहादुरले लिएको हो"** भन्ने देखिएबाट प्रतिवादी प्रकाश बरालले बैंकमा दिएको निवेदन कागज करकापबाट दिएको हुँ भन्ने भनाइ पुष्टि हुन सक्ने आधार रहेको पाइएन । करकाप विषयमा अन्त कतै उजुर गरी करकाप प्रमाणित भएको अवस्थासमेत छैन । प्रतिवादी शेरबहादुर थापाले पनि प्रकाश बराललाई १५ लाख रूपैयाँ दिएको अनुसन्धानको बयानमा उल्लेख गरेको र प्रकाश बरालले पनि उक्त रकम आफूले लिएको भन्ने स्वीकार गरी उक्त १५ लाख रूपैयाँ प्रकाश बराललाई दिएकोमा मुख मिलेकै देखियो । मिसिल प्रमाणबाट देखिएको उल्लिखित अवस्थामा प्रतिवादी प्रकाश बरालको आफूले बैंकको कुनै पनि रकम लिएखाएको नहुँदा अभियोग दाबीबाट उन्मुक्ति पाउँ भन्ने र अर्का प्रतिवादी शेरबहादुर थापाको हिमालयन बैंकको सन्ध्याकालीन काउन्टरबाट लिएको बैंकको आन्तरिक रकम रू.४४,२२,६८०।- तर्फको दाबी र सजायबाट उन्मुक्ति पाउँ भन्ने पुनरावेदन जिकिर पुष्टि हुन सक्ने अवस्था देखिएन ।

८. अतः माथि विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादी शेरबहादुर थापाले हिमालयन बैंक लिमिटेडको रू.५९,६८,८४०।- मध्ये प्रतिवादी प्रकाश बरालले लिए खाएको रू.१५,००,०००।- कट्टा गरी बाँकी हुन आउने रू.४४,६८,८४०।- र निक्षेपकर्ता टुँगकुमारी घिमिरेको खाताबाट निकालिएको रू.४४,२२,०००।- समेत जम्मा रू.८८,९०,८४०।- लिए खाएको देखिन आई निजले आरोपित कसुर गरेको देखिँदा निजबाट बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५(२)(ग) बमोजिम सो बैंकलाई रू.४४,६८,८४०।- र टुँगकुमारी घिमिरेलाई रू.४४,२२,०००।- बिगो भराई निजलाई दुवै बिगोबमोजिम रू.८८,९०,८४०।- जरिवाना र दुई वर्ष कैद हुने र अर्का प्रतिवादी प्रकाश बरालबाट बैंकको बिगो रू.१५,००,०००।- ऐ. ऐनको दफा १५(२)(ख) बमोजिम हिमालयन बैंक लिमिटेडलाई भराई निजलाई बिगोबमोजिम रू.१५,००,०००/- जरिवाना र एक वर्ष कैद हुने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको मिति २०७१/०८/९ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकहरू वादी नेपाल सरकार तथा प्रतिवादीहरू शेरबहादुर थापा र प्रकाश बराल दुवैजनाको पुनरावेदन जिकिर पुग्न सक्दैन । कारागार कार्यालय भिमफेदी मकवानपुरमा थुनामा रहेका प्रतिवादी प्रकाश बराल मिति २०७०।१२।११ गतेबाट साधारण तारेखमा रहेको तथा प्रतिवादी शेरबहादुर थापा मिति २०७६।१।२४ गतेबाट थुनामुक्त भइसकेको मिसिल प्रमाणबाट देखिएको हुँदा सोतर्फ केही गरिरहनु परेन । प्रस्तुत फैसलाको विद्युतीय प्रति

अपलोड गर्नू । प्रस्तुत मुद्दाको पुनरावेदन दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.डा.आनन्दमोहन भट्टराई

इजलास अधिकृत:- फणेश्वरी घिमिरे
इति संवत् २०७७ साल पुष १३ गते रोज २ शुभम्।

## निर्णय नं. १०६८८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
आदेश मिति : २०७७।८।२३
०७७-WH-०१२४

मुद्दा : बन्दीप्रत्यक्षीकरण

निवेदक : रामनारायण साह कल्वारको नाति, शम्भुप्रसाद कल्वारको छोरा रौतहट जिल्ला, साबिक पोठीयाही गाउँ विकास समिति वडा नं.५ को परिवर्तित गरूडा नगरपालिका वडा नं.६ घर भई काठमाडौं जिल्ला अदालतको अनुमतिले पक्राउ भई महानगरीय प्रहरी वृत्त तीनकुने काठमाडौं प्रहरी हिरासतमा रहेका वर्ष ३५ का सन्तोषकुमार चौधरीसमेत

विरूद्ध

विपक्षी : गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत

- **बन्दीप्रत्यक्षीकरणको आदेशबाट न्यायिक उपचार प्रदान गर्ने कुराको सीमा, परिधि र प्रयोजनतर्फ विवेकपूर्ण रूपमा दृष्टि दिनु आवश्यक हुन्छ। यो आदेश न अदालतको साधारण क्षेत्राधिकारको विकल्प हो, न त यसलाई पुनरावेदकीय तहको रूपमा हेर्न र प्रयोग गर्न हुन्छ। यसको छुट्टै र विशिष्ट महत्त्व हुने।**
- **प्रमाणको मूल्याङ्कनसम्बन्धी विषय वा तजबिजी अधिकारको प्रयोग गर्दा विविध मानवीय दृष्टिकोणमा रहने स्वाभाविक विविधताको कारणबाट देखा पर्ने अन्तर-भिन्नता जस्ता कुरालाई हेरेर मातहतका अदालतले साधारण अधिकारक्षेत्रअन्तर्गत मुद्दाको नियमित प्रक्रियाका सन्दर्भमा गरेका निर्णय वा आदेशअनुसार थुना वा कैदमा परेको विषयलाई लिएर बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु स्वीकृत न्यायिक मान्यता वा परिपाटीअनुकूल नहुने । बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने अधिकारको खुकुलो वा हलुका प्रयोगले न्याय पद्धतिमा खलबली वा गडबडी नमच्चियोस् भन्ने पक्षमा वाञ्छित विवेक पुग्नु आवश्यक हुने।**

(प्रकरण नं.५)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री गोपालकृष्ण घिमिरे तथा विद्वान् अधिवक्ताहरू श्री विजयप्रसाद मिश्र, श्री रामदरेस प्रसाद, श्री रमेशकुमार के.सी., श्री विजयकुमार यादव र श्री सुरेश महतो

विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ पंगेनी

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
- सङ्गठित अपराध निवारण ऐन, २०७०

आदेश

**न्या.अनिलकुमार सिन्हा :** नेपालको संविधानको धारा ४६, १३३(२) र (३) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

हामी निवेदकमध्ये सन्तोषकुमार चौधरी र विपक्षीमध्येका शान्तादेवीका बिचमा निज प्रत्यर्थी शान्तादेवीका नाउँमा दर्ता स्रेस्ता कायम रहेको रौतहट जिल्ला, चन्द्रनिगाहपुर गाउँ विकास समिति वडा नं.५ को कि.नं.६८४ को ०-५-०-० जग्गा र ऐ.ऐ.को कि.नं.८६२ को ०-५-०-० समेत दुई कित्ता जग्गाको प्रतिकट्ठा रू.१०,००,०००।- (दश लाख रूपैयाँ) को दरले बिक्री गर्ने सहमति भई म निवेदकसँग बैनाबापत रू.५,००,०००।- (पाँच लाख रूपैयाँ) निजको एकासगोलको छोरा राजन लामिछानेका नाममा सनराइज बैंक लिमिटेड, चन्द्रनिगाहपुर शाखाको खाता नं.०८६०५०००९८४२०५०० को चेक नं.०००६८६४७५२ बाट मिति २०७५।८।९ गते नगद बुझी लिई आमाले बैनाबट्टाको लिखतमा ल्याप्चे र एकासगोलका छोराहरूले लिखतको साक्षी खण्डमा सही गरिदिएपश्चात् म निवेदकले लिखतको भाखाभित्र बाँकी रूपैयाँ बुझाई उक्त जग्गाहरू पारित गराउन नगद रकम जुटाई निज जग्गाधनीले उपलब्ध गराएको राष्ट्रिय वाणिज्य बैंकको खाता नं.१४२००२९५९२१० मा मिति २०७५।११।९ मा रू.२,००,०००।- (दुई लाख रूपैयाँ), रू.३,००,०००।- (तीन लाख रूपैयाँ), मिति २०७६।१।१३ मा रू.३०,००,०००।- (तीस लाख रूपैयाँ), मिति २०७६।१।२० मा रू.४७,७०,०००।- (सैंतालिस लाख सत्तरी हजार रूपैयाँ) अर्थात् मिति २०७५।८।९ देखि मिति २०७६।१।२० गतेसम्ममा जम्मा रू.९७,५०,०००।- (सन्तानब्बे लाख पचास हजार रूपैयाँ) झिकी लिएकोमा पटकपटक निजलाई भेटी जग्गा राजीनामा पारित गरिदिनु भनी जति अनुरोध बिन्ती गर्दा पनि बिरामी भएको छ बाबु, औषधी खाँदैछ केही दिनमै निको भई जग्गा पारित गरिदिने छ भनी विश्वास दिलाउँदै आएको भए पनि नजाने के कुन कारणले मिति २०७६।२।१० गतेका दिन जाँदा जहाँ जे गर्न छ गर, रूपैयाँ पनि नदिने र जग्गा पारित पनि नगर्ने भनेपछि साह्रै नै अन्यायमा परी बाध्य भई ऐनको म्यादभित्रै बैनाको रकम फिर्ता पाउँ (०७५-CP-१७१५) भनी मिति २०७६।२।१७ मा र लेनदेन (०७५-CP-१८१४) मिति २०७६।३।१ मा दायर भई कारबाही अगाडि बढिरहेको अवस्थामा विपक्षी प्रत्यर्थी नवराज लामिछाने, शान्तादेवीसमेतले अरू विपक्षीहरूसँग मिलोमतो गरी म निवेदकलाई फोन गराई अनावश्यक रूपमा दु:ख दिने, हैरान गर्ने तथा मेरो संवैधानिक तथा कानूनी हक अधिकारमा आघात पार्ने, अनावश्यक रूपमा ठगी मुद्दा लगाउने, पक्राउ गरी शारीरिक तथा मानसिक यातना दिने प्रबल सम्भावना रहेकोले यस्ता कार्य नगर्न, नगराउन

अरू कुनै वैकल्पिक उपचारको बाटो नभएकोले नेपालको संविधानको धारा १३३(२)(३) बमोजिम असाधारण अधिकार ग्रहण गरी यो रिट निवेदन लिई आएको मिति २०७६।११।१८ मा त्यस्ता गैरकानूनी कार्य नगर्नु, नगराउनु भनी अन्तरिम आदेश भई मुद्दा कारबाही अवस्थामा छ । विपक्षीमध्येको नवराज लामिछानेले नजाने के-कुन कारणले हामी निवेदकउपर मिति २०७७।४।२४ र मिति २०७७।६।५ मा झुट्टा जाहेरी दिई काठमाडौं जिल्ला अदालतको मिति २०७७।६।१६ को आदेश अनुमतिले हामी निवेदकलाई विपक्षी इलाका प्रहरी कार्यालय, चन्द्रनिगाहपुर, रौतहटले पक्राउ गरी गैरकानूनी महानगरीय प्रहरी वृत्त तीनकुने, काठमाडौंमा राखेकोले गैरकानूनी थुनामुक्त गर्न नेपालको संविधानको धारा १३३(२)(३) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाऊँ।

अतः हामी निवेदकमध्येको सन्तोषकुमार चौधरीले कानूनबमोजिमको बैनाको रकम फिर्ता पाउँ (०७५-CP-१७१५) र लेनदेन (०७५-CP-१८१४) दायर गरेकोले उक्त मुद्दामा कानूनबमोजिम हुने नै हुँदा विपक्षी प्रत्यर्थीहरूले एकआपसमा मिलोमतो गरी नेपालको संविधानको १६, १७, १८, २४, २५, २९, ४२, ४४ मु.दे.सं.२०७४ को दफा ७, ८(२), ९, १७, १८, २०, ऐ.को परिच्छेद १५, मु.दे.का.सं.२०७४ को दफा १८ समेतबाट प्राप्त हक अधिकार सर्वोच्च अदालतको आदेशको विरूद्धमा कार्य गर्ने, गराउने प्रबल सम्भावना रहेकोले विपक्षीहरूबाट यस्ता कुनै पनि कार्य नगर्न, नगराउन बन्दीसहित तीन दिनभित्र उपस्थित गराई प्रत्यर्थीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणसहितको जो चाहिने निर्देशनात्मक आदेश नेपालको संविधानको धारा १३३(२), (३) बमोजिम जारी गरिपाउँ **भन्नेसमेत बेहोराको मिति २०७७।७।२६ गतेको निवेदनपत्र।**

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए सोको आधार र कारण खुलाई यो आदेशप्राप्त भएका मितिले बाटाका म्यादबाहेक ३ दिनभित्र विपक्षी नं.१ देखि १० सम्मका हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत तथा विपक्षी नं.११ र १२ को हकमा आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्ने भनी यो आदेश र रिट निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूको नाउँमा म्याद पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नुहोला **भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०७७।७।२८ गते भएको आदेश।**

उपर्युक्त विषयमा जिल्ला रौतहट साबिक चन्द्रनिगाहपुर गाउँ विकास समिति वडा नं.५ को हाल परिवर्तित चन्द्रपुर नगरपालिका वडा नं.५ घर भई हाल जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं.६ बस्ने डम्बरबहादुर खत्रीको छोरा वर्ष ३५ को नवराज लामिछानेले जिल्ला रौतहट साबिक पोठीयाही गाउँ विकास समिति वडा नं.५ को हाल परिवर्तित गरूडा नगरपालिका वडा नं.६ घर भई हाल जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं.३२ बस्ने शम्भुप्रसाद कल्वारको छोरा वर्ष ३५ को सन्तोषकुमार चौधरीसमेतको विरूद्धमा सङ्गठित अपराध ठगीसम्बन्धी कसुरसम्बन्धी जाहेरी दरखास्त यस कार्यालयमा पेस गरेको हुँदा यस कार्यालयको कसुर दर्ता किताब (मु.द.नं.९९ मा सङ्गठित अपराध ठगी शिर्षकमा दर्ता गरी निज रिट निवेदक सन्तोषकुमार चौधरीसमेतलाई पक्राउ गर्न अनुमति लिई पक्राउ गरी रिट निवेदक सन्तोषकुमार चौधरीसमेतलाई म्याद थपको लागि सम्बन्धित सक्कल मिसिल कागजातहरूसहित जिल्ला सरकारी वकिल कार्यालय,

बबरमहल, काठमाडौंमार्फत सम्मानित काठमाडौं जिल्ला अदालत, काठमाडौंमा उपस्थित गराइएकोमा मिति २०७७।७।२५ गतेबाट लागु हुने गरी पहिलो पटक दिन ७ (सात) को म्याद थप र मिति २०७७।८।२ गतेबाट लागु हुने गरी दोस्रा पटक दिन तिन (३) को म्याद थप अनुमति प्रदान भई आएकोमा सो अवधिमा निज प्रतिवादी रिट निवेदक सन्तोषकुमार चौधरीसमेतको कोरोना भाइरस सङ्क्रमण भए नभएको चेकजाँच गर्ने कार्य भएको, प्रस्तुत मुद्दामा रिट निवेदक सन्तोषकुमार चौधरीसमेतको बयान कागज गर्नेलगायतको अन्य अनुसन्धान कार्य बाँकी रहेको भनी महानगरीय प्रहरी वृत्त बानेश्वर काठमाडौंबाट जानकारी गरेको अवस्थामा रिट निवेदक सन्तोषकुमार चौधरीसमेतलाई कानूनबमोजिम पक्राउ गरी अधिकारप्राप्त निकायबाट कानूनबमोजिम म्याद थप लिई कोरोना भाइरस सङ्क्रमण भए / नभएको चेकजाँच गरी प्रहरी हिरासतमा राखी अनुसन्धान कार्य जारी रहेको अवस्थामा पनि विपक्षी रिट निवेदक सन्तोषकुमार चौधरीसमेतले आफूले गरेको अपराधबाट उन्मुक्ति पाउने मनसाय राखी कपोलकल्पित एवं मनगढन्ते कुराहरू उल्लेख गरी यस परिसरसमेतलाई विपक्षी बनाई सम्मानित अदालतसमक्ष दायर गरेको बन्दीप्रत्यक्षीकरण रिट निवेदन बदरभागी छ खारेज गरिपाउँ **भन्नेसमेत बेहोराको महानगरीय प्रहरी परिसर काठमाडौंको तर्फबाट कार्यालय प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक श्यामलाल ज्ञवालीको मिति २०७७।८।५ गतेको लिखित जवाफ।**

यसमा मेरो आमा शान्तादेवीको नाममा दर्ता स्रेस्ता कायम रहेको जिल्ला रौतहट चन्द्रनिगाहपुर गाउँ विकास समिति वडा नं.५ को कित्ता नं.६८४ को ०-५-० जग्गा र ऐ.ऐ.को कित्ता नं.८६२ को ०-५-० समेत दुई कित्ताको १० कट्ठा जग्गालाई प्रतिकट्ठा रू.१० लाखको दरले सन्तोषकुमार चौधरीले खरिद गर्ने भनी बैना कागजसमेत गरी निजले रू.५ लाखको चेकसमेत दिएकोमा उक्त चेक सटही नभएको र बाँकी रकमसमेत नपठाएकोले उक्त जग्गा निजलाई बिक्री नगर्ने भन्दा पनि निजले मलाई रू.९२,५०,०००।- रकम मेरो खातामा पठाएकोमा मैले उक्त जग्गा खरिद नगर्ने भएपछि निजले पठाएको उक्त रकम फिर्ता पठाइदिन्छु खाता नं. दिनुहोस् भनेर माग्दा निज सन्तोषकुमार चौधरीको भाइ सरोजकुमार चौधरीको मोबाइल नं.९८०८४१४५३६ बाट SMS गरी सन्तोषकुमार चौधरी खाता नं.१७१००१८५०७१० (रा.बा.बैंक) मा रकम जम्मा गरिदिनु भनेकोले मैले पटकपटक गरी उक्त खाता नं.मा रू.९५,००,०००।- फिर्ता गरिदिएकोमा उक्त रकम मैले पाएकै छैन भनी लेनदेन तथा बैना रकम फिर्ता पाउँ भन्ने मुद्दा दायर गरेको र मेरो नाममा म्याद जारी भई प्रतिउत्तर पत्रसमेत लगाई वास्तविक कुरा बुझ्दा नक्कल सारी बैंक स्टेटमेन्टसमेत हेर्दा मैले सन्तोषकुमार चौधरीलाई फिर्ता गरिदिएको रू.९५,००,०००।- रकम लिने, खाने नियतले बदनियतपूर्वक सन्तोषकुमार चौधरी (रौतहट), सरोजकुमार चौधरी, दिपेन्द्रकुमार साह र सन्तोषकुमार चौधरी (सर्लाही) समेत समूहमा सङ्गठित भई योजनावद्ध तरिकाले एकै नाम, थर मिल्ने सन्तोषकुमार चौधरी (सर्लाही) को खाता नं. खोली सोही खातामा उक्त रकम जम्मा गर्न लगाई रकम जम्मा गरिसकेपछि रकम पाएकै छैन भनी लेनदेन, बैना रकम फिर्ता पाउँ भन्ने झुट्टा मुद्दासमेत दर्ता गरी निजहरूले मेरो रू.९५,००,०००।- (पन्चानब्बे लाख रूपैयाँ) ठगी खाएको भन्ने मिति २०७६।११।१८ मा थाहा पाएकोले निजहरूउपर ठगी तथा सङ्गठित अपराधअन्तर्गत कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको नवराज लामिछानेले यस कार्यालयमा

रीतपूर्वकको किटानी जाहेरी दरखास्त दिएको हुँदा उक्त मुद्दा यस कार्यालयमा रहेको कसुर दर्ता किताबमा मु.द.नं.९९, मिति २०७७।६।६ मा दर्ता गरिएको । फरार रहेका प्रतिवादीहरू सन्तोषकुमार चौधरी (रौतहट), सरोजकुमार चौधरी, दिपेन्द्रकुमार साह र सन्तोषकुमार चौधरी (सर्लाही) लाई पक्राउ गर्नका लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद २ को दफा ९ को उपदफा (३) बमोजिम सम्मानित काठमाडौं जिल्ला अदालतबाट मिति २०७७।६।१६ मा पक्राउ गर्न अनुमतिसमेत प्राप्त भई निजहरूको खोजतलास कार्य जारी रहेकोमा प्रतिवादीहरूमध्येका सन्तोषकुमार चौधरी (रौतहट) र सरोजकुमार चौधरीलाई मिति २०७७।७।२५ गते १३:३० बजेको समयमा जिल्ला रौतहट चन्द्रपुर नगरपालिका वडा नं.४ मा फेला परेकोले पक्राउ गरी इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर रौतहटको च.नं.६१७, मिति २०७७।७।२५ गतेको पत्रसहित यस कार्यालयमा दाखिला गरेकोले निजहरूलाई ऐ.२६ गते जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंमार्फत सम्मानित काठमाडौं जिल्ला अदालतमा प्रस्तुत गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ को उपदफा (६) बमोजिम मिति २०७७।७।२५ गतेबाट लागु हुने गरी पहिलो पटक दिन ७ र मिति २०७७।८।२ गतेबाट लागु हुने गरी दोस्रो पटक दिन ३ को म्याद थप अनुमति प्राप्त भएकोले उक्त ठगी तथा सङ्गठित अपराध मुद्दाको अनुसन्धानको सिलसिलामा निज प्रतिवादी सन्तोषकुमार चौधरी र सरोजकुमार चौधरीलाई स्वास्थ्य परीक्षणसमेत गरी यस कार्यालयको हिरासतमा राखिएको हो । निजहरूलाई गैरकानूनी रूपमा थुनामा राखिएको होइन।

प्रस्तुत मुद्दामा पक्राउमा परेका प्रतिवादीद्वय सन्तोषकुमार चौधरी (रौतहट) र सरोजकुमार चौधरीको बयान गर्नेलगायतको अनुसन्धान कार्य सम्पन्न भए तापनि फरार रहेका अभियुक्तहरू सन्तोषकुमार चौधरी (सर्लाही) र दिपेन्द्रकुमार साहलाई पक्राउ गर्न बाँकी नै रहेकोले निजहरूको खोजतलास गरी पक्राउ गर्ने, प्रतिवादीहरूको बैंक स्टेटमेन्ट झिकाउने, रकम जम्मा गर्दा तथा रकम भुक्तानी लिँदा पेस भएका कागजातहरू सम्बन्धित बैंकमार्फत झिकाई मिसिल संलग्न गर्ने प्रतिवादीहरूले प्रयोग गरेका मोबाइल नं.को कल विवरण तथा एसएमएस (SMS) झिकाउने, बुझ्नुपर्ने मानिसहरूको घटना विवरण कागज गर्नेलगायतको अनुसन्धान कार्य बाँकी नै रहेको हुँदा सोसम्बन्धी अनुसन्धान कार्य जारी नै रहेको अवस्था छ।

यसरी अनुसूची १ भित्र रहेको, रीतपूर्वकको ढाँचामा प्राप्त भएको प्रस्तुत ठगी तथा सङ्गठित अपराध मुद्दाको लिखित जाहेरी दरखास्त, यस कार्यालयमा प्राप्त भएको तथा प्रहरी कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भएकोले सो मुद्दालाई यस कार्यालयमा रहेको कसुर दर्ता किताबमा दर्ता गरी तत्काल फरार रहेका अभियुक्तहरूको नाममा सम्मानित अदालतबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद २ को दफा ९ को उपदफा (३) बमोजिम पक्राउ अनुमतिसमेत लिई पक्राउ गरिएको तथा जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंमार्फत सम्मानित जिल्ला अदालतमा प्रस्तुत गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ को उपदफा (६) बमोजिम हिरासतमा राखी अनुसन्धान कार्य गर्न अनुमति लिई निजहरूलाई यस कार्यालयको हिरासतमा राखिएको हुँदा रिट निवेदकहरूलाई गैरकानूनी तवरबाट पक्राउ गरिएको, गैरकानूनी रूपमा थुनामा राखेको भनी यस कार्यालयसमेतलाई दुःख हैरानी दिने मनसायले झुट्टा बेहोराको रिट निवेदन लेखी पेस गरेको पाइएको

हुँदा खारेज गरिपाउँ **भन्नेसमेत बेहोराको महानगरीय प्रहरी वृत्त, नयाँ बानेश्वर काठमाडौंका कार्यालय प्रमुख प्रहरी नायब उपरीक्षक दक्षकुमार बस्नेतको मिति २०७७।८।५ गतेको लिखित जवाफ।**

यसमा नवराज लामिछानेको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी सन्तोषकुमार चौधरीसमेत भएको सङ्गठित अपराध ठगीसम्बन्धी कसुरको अनुसन्धानका लागि महानगरीय प्रहरी वृत्त, नयाँ बानेश्वर, काठमाडौंको पत्र र जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंको रायसहित म्याद थपको लागि माग भई आएकोमा सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा १४ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(६) बमोजिम सन्तोषकुमार चौधरी र सरोजकुमार चौधरीलाई हिरासतमा राख्न मिति २०७७।७।२५ गतेबाट लागु हुने गरी मिति २०७७।७।२६ मा पहिलो पटक दिन ७, मिति २०७७।८।२ गतेबाट लागु हुने गरी मिति २०७७।८।३ मा हाल उपस्थित गराइएका प्रतिवादीको हकमा उपर्युक्तबमोजिमका विवरणहरू प्राप्त गर्नका लागि ३ दिनको म्याद थप गर्नु भन्नेसमेत बेहोराको आदेशसहित दोस्रो पटक दिन ३ र मिति २०७७।८।५ गतेबाट लागु हुने गरी मिति २०७७।८।५ मा मिति २०७७।८।३ गतेको आदेशानुसारको बाँकी कार्य र अन्य अनुसन्धानसमेत गर्न तेस्रो पटक दिन २ को म्याद थप भएको हुँदा प्रतिवादी सन्तोषकुमार चौधरी र सरोजकुमार चौधरीलाई कानूनबमोजिम हिरासतमा राख्ने गरी यस अदालतबाट आदेश भएको हुँदा यस अदालतको हकमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने होइन, रिट निवेदन खारेज गरिपाउँ **भन्नेसमेत बेहोराको काठमाडौं जिल्ला अदालतको मिति २०७७।८।७ गतेको लिखित जवाफ।**

प्रत्यर्थी गृह मन्त्रालय संविधान एवं कानून प्रदत्त नागरिकका मौलिक हक अधिकारको संरक्षण र सम्बर्द्धन गर्न सदा कटिबद्ध रहेको छ। मुलुकको प्रचलित कानूनको अधीनमा रही अधिकारप्राप्त अधिकारीले फौजदारी मुद्दामा जिल्ला अदालतको आदेशले थुनामा राखेको विषयलाई अन्यथा भन्न मिल्ने देखिँदैन। कुनै पनि नागरिकलाई गैरकानूनी रूपमा पक्राउ गर्न र थुनामा राख्नको लागि यस मन्त्रालयले मातहत निकायलाई कुनै किसिमको आदेश वा निर्देशन नदिएकोले वस्तुनिष्ठ आधार र कारण बिना दायर भएको निरर्थक रिट निवेदन खारेजभागी हुँदा रिट निवेदन खारेज गरिपाउँ **भन्नेसमेत बेहोराको नेपाल सरकार, गृह मन्त्रालयको तर्फबाट ऐ.का सचिव महेश्वर न्यौपानेको मिति २०७७।८।८ गतेको लिखित जवाफ।**

रिट निवेदकले रिट निवेदनमा उल्लेख गरे जस्तो कुरा हामी लिखित जवाफ प्रस्तुतकर्ताबाट भए गरेको छैन। रिट निवेदक सन्तोषकुमार चौधरीले लेनदेन कारोबार गरी गराई आफ्नो रकमसमेत बडो सावधानी र चलाखीपूर्ण रूपमा हामी लिखित जवाफ प्रस्तुतकर्ताबाट घुमाई जम्मा गराई लेनदेन मुद्दा हो कि जस्तो भ्रम सिर्जना गरी हामी तथा अड्डा अदालत प्रशासनसमेतलाई गुमराह बनाई आपराधिक कार्य गरी गराई रकम लिई खाएपश्चात् हामी लिखित जवाफ प्रस्तुतकर्ताहरूले रकम खाई फिर्ता नगरेको भनी लेनदेन र बैना फिर्ता जस्ता मुद्दा दायर गरी सोही मुद्दा हस्तक्षेपका लागि ठगी र सङ्गठित अपराध मुद्दा दर्ता गराएको जस्तो भ्रम सिर्जना गराएको रिट निवेदनबाट प्रस्ट देखिन्छ। रिट निवेदकले रिटमा भनेजस्तो उक्त रौतहट जिल्ला अदालतमा रिट निवेदकबाट दायर भएको मुद्दा प्रभावित पार्ने कार्य हामीबाट नभएको र उल्लिखित मुद्दाहरू अदालती प्रक्रियाबाट स्फूर्त रूपमा चली नै रहेको हुँदा ठगी तथा सङ्गठित

अपराध अनुसन्धान हुँदा नै म विरूद्ध रिट निवेदकले दायर गरेको लेनदेन र बैना फिर्ता मुद्दामा कुनै असर नपर्ने र निजले हामी लिखित जवाफ प्रस्तुतकर्ताबाट आपराधिक ढङ्गबाट आपराधिक कार्य गरी रकम लिने खाने आफूलाई फाइदा हुने र अर्कोलाई नोक्सान पार्ने गरी सङ्गठित रूपले मिलिभगतमा आपराधिक कार्य गरेकाले ठगीको जाहेरी परी हाल निजहरू पक्राउ परी अनुसन्धान भइरहेको अवस्थासम्म हो । निज रिट निवेदकलाई रिट निवेदनमा उल्लेख गरेका जस्ता कुनै हस्तक्षेपकारी कार्य नभए, नगरेको निज रिट निवेदकले दर्ता गरेको देवानी मुद्दालाई कुनै असर पर्ने कार्य नगरेको मात्र आपराधिक कार्य भएको छ, छैन र तत्काल अनुसन्धान भइरहेको हुँदा अनुसन्धानलाई प्रभावित पार्ने गरी रिट जारी हुनुपर्ने होइन, खारेज हुनुपर्ने अवस्था छ। निजले रौतहट जिल्ला अदालतमा दर्ता गरेको ०७५-CP-१२१४ को मुद्दामा दाबी गरेको रकममध्ये हामी लिखित जवाफ प्रस्तुतकर्तामध्येको म नवराज लामिछानेको रा.बा. बैंक शाखा कार्यालय, बानेश्वरमा रहेको खाता नं.१४२२९५९२१० मा मिति २०७५।११।९ गते रू.२ लाख र ३ लाख गरी जम्मा रू.५ लाख दिपेन्द्रकुमार साहले जम्मा गराएको स्टेटमेन्टबाट प्रस्ट देखिन्छ । सरोजकुमार चौधरीले सोही दर्ता भएको मुद्दाको बिगोमध्ये रू.९,८०,०००।- मिति २०७५।१०।१८ मा मेरो ऐ.को खातामा जम्मा गराएको र निजले चलाएको मोबाइलबाट म्यासेज गरी सन्तोषकुमार चौधरी रौतहट Ac.No.१७१००१८५०७१० लेखी स्वयम् सन्तोषकुमार चौधरीले आफ्नो मोबाइलमा रकम सकिएको बहाना बनाई सरोजकुमार चौधरीकै मोबाइलबाट म्यासेज गरी म नवराज लामिछानेको मोबाइलमा रकम जम्मा गर्ने खाता नं. दिनु भएको छ । बैना गर्ने सन्तोषकुमार चौधरी (रौतहट) र सुरूमा म नवराज लामिछानेको खातामा रकम जम्मा गर्ने दिपेन्द्रकुमार साह र सरोजकुमार चौधरी भएको स्टेटमेन्टबाट देखिएको र नयाँ सन्तोषकुमार चौधरी (सर्लाही) खडा गरी रौतहट गरूडामा ल्याई खाता खोलाई अन्ततः मैले पठाएको रकम सुरूमा मेरो खातामा रकम जम्मा गरी दिने दिपेन्द्रकुमार साहको खातामा जम्मा भएको स्टेटमेन्टबाट प्रस्ट देखिन्छ । यसरी हेर्दा निज सन्तोषकुमार चौधरी (रौतहट) कै योजनामा दिपेन्द्रकुमार साह, सरोजकुमार चौधरी र उनाउ सन्तोषकुमार चौधरी (सर्लाही) समेतको मिलोमतोमा सङ्गठित रूपमा ठगी गरी हामी लिखित जवाफ प्रस्तुतकर्तालाई ठगी रकम र जग्गासमेत खाने योजनामा आपराधिक कार्य गरेको र त्यस्तो कार्यलाई मुलुकी फौजदारी अपराध संहिता, २०७४ को दफा २४९ को परिभाषाभित्र पर्ने हुँदा उक्त कार्य भए नभएको अनुसन्धान भइरहेको र निजले उक्त कार्य रोक्न सम्मानित सर्वोच्च अदालतमै (०७६-WO-०८४६) निषेधाज्ञा निवेदन दर्ता गरी देवानी दायित्वको मुद्दामा पक्राउ नगर्नु, नगराउनु भन्ने अन्तरिम आदेश लिई बसेको र उक्त निवेदनले अनुसन्धान कार्य नरोकेको कारणबाट पुनः बन्दीमा आएको अवस्था निवेदनबाट देखिन्छ । निजले आपराधिक कार्य गरेको वा नगरेको अनुसन्धानबाट खुल्ने हुँदा अन्य रिट निवेदकले भने जस्तो निजले रौतहट जिल्ला अदालतमा दायर गरेको बैना फिर्ता र लेनदेन मुद्दामा कुनै असर नपर्ने हुँदा र दुवै मुद्दाको प्रकृति फरक भएको हुँदा अनुसन्धान प्रभाव पार्ने गरी रिट जारी हुनुपर्ने होइन । खारेजभागी हुँदा खारेज गरी न्याय इन्साफ गरिपाउँ **भन्नेसमेत बेहोराको शान्तादेवीको वारेस भई आफ्नो हकमा समेत नवराज लामिछानेको मिति २०७७।८।८ गतेको लिखित जवाफ।**

विपक्षीमध्येका नवराज लामिछानेले हामी

निवेदकहरूउपर मिति २०७७।४।२४ र २०७७।६।५ मा दिएको जाहेरीले काठमाडौं जिल्ला अदालतको मिति २०७७।६।१६ को आदेश अनुमतिले इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर, रौतहटले पक्राउ गरी थुनामा राखेको भनी रिट निवेदनको बेहोरामा नै उल्लेख गरेको देखिन्छ । प्रस्तुत रिट निवेदनमा यस कार्यालयको के-कुन कामकारबाहीबाट संवैधानिक तथा कानूनी हक हनन हुन गएको हो स्पष्ट उल्लेख गर्न सकेको छैन । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ अन्तर्गतको ठगी र सङ्गठित अपराध मुद्दामा प्रहरीले अनुसन्धान तहकिकात गर्न पाउने अवस्था रहेको र काठमाडौं जिल्ला अदालतको मिति २०७७।६।१६ को आदेश अनुमतिले नै इलाका प्रहरी कार्यालय, चन्द्रनिगाहपुर, रौतहटले मिति २०७७।७।२५ मा पक्राउ गरी सोही मितिदेखि लागु हुने गरी पहिलो पटक ७ दिनको म्यादभित्र अनुसन्धान कार्य गर्न दिएको र निजहरूको हकमा कानूनी कारबाही भइरहेको हुँदा निज सन्तोषकुमार चौधरी र सरोजकुमार चौधरी गैरकानूनी थुनामा रहेको नदेखिँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेजभागी छ **भन्नेसमेत बेहोराको जिल्ला प्रशासन कार्यालय, काठमाडौंको हकमा प्र.जि.अ. जनकराज दाहालको मिति २०७७।७।८ गतेको लिखित जवाफ ।**

यसमा नवराज लामिछानेको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सन्तोषकुमार चौधरीसमेत भएको सङ्गठित अपराध तथा ठगी मुद्दामा वारदात मितिदेखि नै फरार रहेका प्रतिवादीहरू सन्तोषकुमार चौधरी र सरोजकुमार चौधरीलाई पक्राउ गर्नको लागि सम्मानित काठमाडौं जिल्ला अदालतबाट मिति २०७७।६।१६ गते पक्राउ अनुमति प्राप्त भएको र निज प्रतिवादीहरू हाल त्यहाँ कार्यालयको वडा एरियामा लुकिछिपी बस्ने गरेको भन्ने बुझिन आएको हुँदा तदारूकताका साथ खोजतलास गरी फेला परेमा पक्राउ पुर्जी दिई पक्राउ गरी यस कार्यालयमा उपस्थित गराई दिनुहुन भनी महानगरीय प्रहरी वृत्त अ.अ. तथा कारबाही शाखा नयाँ बानेश्वर काठमाडौंको च.नं.१२१३ मिति २०७७।६।१९ गतेको पत्रसहित सम्मानित काठमाडौं जिल्ला अदालतबाट जारी भएको पक्राउ अनुमति पत्रसमेत यस कार्यालयमा प्राप्त हुन आएको हुँदा सो पत्रअनुसार निज प्रतिवादीद्वयलाई खोजतलास गर्दा, गराउँदा मिति २०७७।७।२५ गते अं.१३:३० बजेको समयमा जिल्ला रौतहट चन्द्रपुर नगरपालिका वडा नं.४ स्थित चन्द्रनिगाहपुर बजारमा फेला परेकाले निज प्रतिवादीहरू सन्तोष कुमार चौधरी र सरोजकुमार चौधरीलाई पक्राउ पुर्जी दिई पक्राउ गरी यस कार्यालयको च.नं.६१७ मिति २०७७।७।२५ गतेको पत्रसाथ महानगरीय प्रहरी वृत्त, नयाँ बानेश्वर, काठमाडौं पठाइएको हो । विपक्षी रिट निवेदकले रिट निवेदनमा उल्लेख गर्नु भएअनुसार निजहरूलाई यस कार्यालयबाट गैरकानूनी रूपले पक्राउ गरी थुनामा राखिएको छैन । जनताको जिउधनको शान्ति सुरक्षा, कायम राख्न र अपराध अनुसन्धान तथा नियन्त्रणको लागि निरन्तर रूपले परिचालन हुने प्रहरीलाई कपोलकल्पित ढङ्गले बनावटी एवं झुट्टा बेहोरा उल्लेख गरी विपक्षी बनाई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी रिट निवेदकले सम्मानित सर्वोच्च अदालतसमक्ष दर्ता गराउनु भएको रिट निवेदन खारेजयोग्य रहेकोले खारेज गरिपाउँ **भन्नेसमेत बेहोराको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर रौतहटको हकमा ऐ. कार्यालयको निमित्त कार्यालय प्रमुख प्रहरी निरीक्षक चन्द्रभुसन यादवको मिति २०७७।८।१४ गतेको लिखित जवाफ ।**

नवराज लामिछानेको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रिट निवेदक सन्तोषकुमार चौधरी र सरोजकुमार चौधरीसमेत भएको सङ्गठित अपराध ठगी मुद्दामा जाहेरवाला नवराज लामिछानेलाई निज प्रतिवादीहरूले जाहेरवालाकी आमा शान्तादेवीको नाममा दर्ता कायम रहेको जिल्ला रौतहट चन्द्रनिगाहपुर गाउँ विकास समिति वडा नं.५ को कि.न.६८४ क्षे.फ.०-५-०, कि.न.८६२ को क्षे.फ.०-५-० को दुई कित्ता जग्गा र मैले फिर्ता गरेको रकम रू.९५,००,०००।- लिने खाने बेइमानी नियतमा सङ्गठित भई गिरोह खडा गरी सङ्गठित रूपमा ठगी गरेका हुँदा सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३, ४, ५, ८, ९ र १० तथा मुलुकी संहिता, २०७४ को परिच्छेद २१ को दफा २४९(१) र (२) को कसुर गरेकोले निजहरूलाई कानूनी कारबाही गरी रू.९५,००,०००।- तथा सोको कानूनबमोजिमको ब्याज दिलाई भराई पाउँ भनी महानगरीय प्रहरी वृत्त नयाँ बानेश्वर काठमाडौंमा जाहेरी दरखास्त पेस गरेपश्चात् सो सम्बन्धमा सम्मानित काठमाडौं जिल्ला अदालत बबरमहल, काठमाडौंबाट प्रतिवादी सन्तोषकुमार चौधरीसमेतको हकमा पक्राउ अनुमति तथा म्याद थप अनुमति प्रदान भई आएकोमा उक्त मुद्दामा अनुसन्धानको क्रममा जिल्ला सरकारी वकिल कार्यालय, बबरमहल, काठमाडौंबाट सो मुद्दा अनुसन्धान गर्ने क्षेत्राधिकार जिल्ला प्रहरी कार्यालय, रौतहटको रहेको भनी निर्देशन प्राप्त भएपश्चात् महानगरीय प्रहरी वृत्त नयाँ बानेश्वर काठमाडौंबाट उक्त मुद्दाको सक्कल मिसिल तथा पक्राउ प्रतिवादीहरू सन्तोषकुमार चौधरी र सरोजकुमार चौधरी यस कार्यालयमा दाखिला हुन आएका हुँदा उक्त मुद्दाको अनुसन्धानको क्रममा सम्मानित रौतहट जिल्ला अदालत गौरबाट छैठौं पटक दिन ५ को म्याद थप अनुमति प्रदान भई आएको हुँदा निज प्रतिवादीहरूलाई यस कार्यालयको न्यायिक हिरासतमा राखी मुद्दाको अनुसन्धान भइरहेकोले यस कार्यालयबाट निज प्रतिवादीहरूलाई गैरकानूनी रूपमा थुनामा नराखिएको, प्रतिवादीहरूले यस कार्यालयसमेतलाई विपक्षी बनाई सम्मानित अदालतसमक्ष दायर गराएको रिट निवेदन कपोलकल्पित एवम् झुट्टा भएको र रिट निवेदकले यस कार्यालयलाई बद्नाम गराउने नियतले रिट निवेदन दर्ता गराएका हुँदा सो रिट निवेदन बदरभागी रहेकोले खारेज गरिपाउँ **भन्नेसमेत बेहोराको जिल्ला प्रहरी कार्यालय रौतहट गौरको हकमा ऐ. कार्यालयका कार्यालय प्रमुख प्रहरी उपरीक्षक शिद्धीविक्रम शाहको मिति २०७७।८।१५ गतेको लिखित जवाफ।**

यसमा नवराज लामिछानेको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सन्तोषकुमार चौधरीसमेत भएको सङ्गठित अपराध तथा ठगी मुद्दामा वारदात मितिदेखि नै फरार रहेका प्रतिवादीहरू सन्तोषकुमार चौधरी र सरोजकुमार चौधरीलाई पक्राउ गर्नको लागि सम्मानित काठमाडौं जिल्ला अदालतबाट मिति २०७७।६।१६ गते पक्राउ अनुमति प्राप्त भएको र निज प्रतिवादीहरू हाल त्यहाँ कार्यालयको वडा एरियामा लुकिछिपी बस्ने गरेको भन्ने बुझिन आएको हुँदा तदारूकताका साथ खोजतलास गरी फेला परेमा पक्राउ पुर्जी दिई पक्राउ गरी यस कार्यालयमा उपस्थित गराई दिन हुन भनी महानगरीय प्रहरी वृत्त अ.अ. तथा कारबाही शाखा नयाँ बानेश्वर काठमाडौंको च.नं.१२१३ मिति २०७७।६।१९ गतेको पत्रसहित सम्मानित काठमाडौं जिल्ला अदालतबाट जारी भएको पक्राउ अनुमति पत्रसमेत यस कार्यालयमा प्राप्त हुन आएको हुँदा सो पत्रअनुसार निज प्रतिवादीद्वयलाई मिति २०७७।७।२५ गते अं.१३:३० बजेको समयमा जिल्ला रौतहट चन्द्रपुर नगरपालिका वडा नं.४

स्थित चन्द्रनिगाहपुर बजारमा फेला परेकाले निज प्रतिवादीहरू सन्तोषकुमार चौधरी र सरोजकुमार चौधरीलाई पक्राउ पुर्जी दिई पक्राउ गरी इलाका प्रहरी कार्यालय, चन्द्रनिगाहपुर, रौतहटले मिति २०७७।७।२५ गतेको पत्रसाथ महानगरीय प्रहरी वृत्त, नयाँ बानेश्वर, काठमाडौँमा पठाइएको भनी बुझिएको हो। निज विपक्षी रिट निवेदकले रिट निवेदनमा उल्लेख गर्नु भएअनुसार निजहरूलाई यस कार्यालयबाट पक्राउ गरी थुनामा राखिएको छैन । जनताको जिउ, धनको शान्तिसुरक्षा कायम राख्न अपराध अनुसन्धान तथा नियन्त्रणको लागि निरन्तर रूपले परिचालन हुने प्रहरीलाई कपोलकल्पित ढङ्गले बनावटी एवं झुट्टा बेहोरा उल्लेख गरी विपक्षी बनाई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी रिट निवेदकले सम्मानित सर्वोच्च अदालतसमक्ष दर्ता गराउनु भएको रिट निवेदन खारेजयोग्य रहेकोले खारेज गरिपाउँ **भन्नेसमेत बेहोराको इलाका प्रहरी कार्यालय, गरूडा रौतहटको हकमा ऐ. कार्यालयका कार्यालय प्रमुख प्रहरी नायब उपरीक्षक रवि रावलको मिति २०७७।८।१५ गतेको लिखित जवाफ।**

यसमा रिट निवेदक रामनारायण साह कलवारको नाति शम्भुप्रसाद कलवारको छोरा जिल्ला रौतहट साबिक पोठीयाही गाउँ विकास समिति वडा नं.५ को परिवर्तित गरूडा नगरपालिका वडा नं.६ घर भई श्री काठमाडौं जिल्ला अदालतको अनुमतिले पक्राउ भई महानगरीय प्रहरी वृत्त, तिनकुने काठमाडौं प्रहरी हिरासतमा रहेको वर्ष ३५ को सन्तोषकुमार चौधरीसमेतले दिएको रिट निवेदन बन्दीप्रत्यक्षीकरण मुद्दामा निज रिट निवेदकको निवेदन जग्गा खरिद बिक्री गर्ने कार्यसँग सम्बन्धित रहेकोमा सो कार्य यस कार्यालयको कार्यक्षेत्रभित्र नपरेको र निज रिट निवेदकहरूलाई पक्राउ गरी थुनामा राख्न यस कार्यालयबाट कुनै किसिमको आदेश निर्देशन जारी नभएको बेहोरा सादर अनुरोध छ। विपक्षी रिट निवेदकले सरासर कपोलकल्पित झुट्टा निराधार बेहोरा उल्लेख गरी दुःख हैरानी दिने उद्देश्यले यस कार्यालयसमेतलाई विपक्षी बनाई सम्मानित अदालतसमक्ष दर्ता गराउनु भएको बन्दीप्रत्यक्षीकरण मुद्दा खारेजभागी छ। खारेज गरिपाउँ **भन्नेसमेत बेहोराको जिल्ला प्रशासन कार्यालय, रौतहट, गौरको तर्फबाट प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको मिति २०७७।८।१६ गतेको लिखित जवाफ।**

यसमा निवेदकउपर चलेको सङ्गठित अपराध / ठगी मुद्दाका सन्दर्भमा अनुसन्धान भइरहेको सक्कलै मिसिल सम्बन्धित अनुसन्धान गर्ने कार्यालयबाट पेसीका दिन इजलाससमक्ष देखाई फिर्ता लैजाने गरी झिकाई नियमानुसार पेस गर्नु **भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०७७।८।१९ गते भएको आदेश।**

आदेश खण्ड

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा रिट निवेदकहरूका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री गोपालकृष्ण घिमिरे तथा विद्वान् अधिवक्ताहरू श्री विजयप्रसाद मिश्र, श्री रामदरेस प्रसाद, श्री रमेशकुमार के.सी., श्री विजयकुमार यादव र श्री सुरेश महतोले प्रत्यर्थीहरूउपर काठमाडौं जिल्ला अदालतमा लेनदेन, बैना रकम फिर्ता पाउँ भन्ने मुद्दा रौतहट जिल्ला अदालतमा दर्ता गरी विचाराधीन रहेको अवस्थामा लेनदेनको विषयलाई लिई विपक्षी प्रत्यर्थीहरूको मिलेमतोबाट रिट निवेदक सन्तोषकुमार चौधरीसमेतलाई गैरकानूनी रूपमा पक्राउ गरी सङ्गठित अपराध ठगी मुद्दा दर्ता गरी गैह्रन्यायिक थुनामा राख्ने कार्य नेपालको संविधानको धारा

१३३(२)(३) बमोजिम बदर गरी विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनामुक्त गरिपाउँ भन्नेसमेत बेहोराको बहससमेत सुनियो।

प्रत्यर्थी काठमाडौं जिल्ला अदालतसमेतको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री दशरथ पंगेनीले नवराज लामिछानेको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यी रिट निवेदकसमेत भएको सङ्गठित अपराध ठगी मुद्दा चली सन्तोषकुमार चौधरीसमेतलाई मिति २०७७।७।२५ गते पक्राउ गरी काठमाडौं जिल्ला अदालतबाट पक्राउ मितिदेखि नै लागु हुने गरी कानूनबमोजिम म्याद थप गरी निज प्रतिवादीउपर ठगी मुद्दामा अनुसन्धान भइरहेकोले निजलाई न्यायिक हिरासतमा राखिएको हुँदा निवेदन मागबमोजिम रिट जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको बहस जिकिर सुनियो।

उपर्युक्त बहस जिकिर सुनी मिसिल संलग्न कागज प्रमाण अध्ययन गरी हेर्दा, निवेदन मागबमोजिम निवेदक सन्तोषकुमार चौधरीसमेतलाई गैरकानूनी थुनामा राखी बन्दी बनाइएको हो, होइन ? निवेदन जिकिरबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश पुर्जी जारी हुनुपर्ने हो, होइन ? सोही विषयमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादीहरूले शान्तादेवीको नाममा दर्ता स्रेस्ता कायम रहेको जिल्ला रौतहट चन्द्रनिगाहपुर गाउँ विकास समिति वडा नं.५ को कित्ता नं.६८४ को ०-५-० जग्गा र ऐ.ऐ.को कित्ता नं.८६२ को ०-५-० समेत दुई कित्ताको १० कठ्ठा जग्गालाई प्रतिकठ्ठा रू.१० लाखको दरले सन्तोषकुमार चौधरीले खरिद गर्ने भनी बैना कागजसमेत गरी निजले रू.५ लाखको चेकसमेत दिएकोमा उक्त चेक सटही नभएको र बाँकी रकमसमेत नपठाएकोले उक्त जग्गा निजलाई बिक्री नगर्ने भन्दा पनि निजले मलाई रू.९२,५०,०००।- रकम मेरो खातामा पठाएकोमा मैले उक्त जग्गा खरिद नगर्ने भएपछि निजले पठाएको उक्त रकम फिर्ता पठाइदिन्छु खाता नं. दिनुहोस् भनेर माग्दा निज सन्तोषकुमार चौधरीको भाइ सरोजकुमार चौधरीको मोबाइल नं.९८०८४१४५३६ बाट SMS गरी सन्तोषकुमार चौधरीको खाता नं.१७१००१८५०७१० (रा.बा.बैंक) मा रकम जग्गा गरिदिनु भनेकोले मैले पटकपटक गरी उक्त खाता नं.मा रू.९५,००,०००।- फिर्ता गरिदिएकोमा उक्त रकम मैले पाएकै छैन भनी लेनदेन तथा बैना रकम फिर्ता पाउँ भन्ने मुद्दा दायर गरेको र मेरो नाममा म्याद जारी भई प्रतिउत्तर पत्रसमेत लगाई वास्तविक कुरा बुझ्दा नक्कल सारी बैंक स्टेटमेन्टसमेत हेर्दा मैले सन्तोषकुमार चौधरीलाई फिर्ता गरिदिएको रू.९५,००,०००।- रकम लिने खाने नियतले बदनियतपूर्वक सन्तोषकुमार चौधरी (रौतहट), सरोजकुमार चौधरी, दिपेन्द्रकुमार साह र सन्तोषकुमार चौधरी (सर्लाही) समेत समूहमा सङ्गठित भई योजनाबद्ध तरिकाले एकै नाम, थर मिल्ने सन्तोषकुमार चौधरी (सर्लाही) को खाता नं. खोली सोही खातामा उक्त रकम जम्मा गर्न लगाई रकम जम्मा गरिसकेपछि रकम पाएकै छैन भनी लेनदेन, बैना रकम फिर्ता पाउँ भन्ने झुट्टा मुद्दासमेत दर्ता गरी निजहरूले मेरो रू.९५,००,०००।- (पन्चानब्बे लाख रूपैयाँ) ठगी खाएको भन्नेसमेत बेहोरा भएको भनी यी निवेदक सन्तोषकुमार चौधरीसमेत उपर ठगी तथा सङ्गठित अपराधअन्तर्गत कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको नवराज लामिछानेले किटानी जाहेरी दरखास्त दिएको देखिन्छ। मिति २०७७।६।१६ मा सम्मानित काठमाडौं जिल्ला अदालतबाट पक्राउ गर्न अनुमतिसमेत प्राप्त भई निजहरूको खोजतलास

कार्य जारी रहेकोमा प्रतिवादीहरूमध्येका सन्तोषकुमार चौधरी (रौतहट) र सरोजकुमार चौधरीलाई मिति २०७७।७।२५ गते जिल्ला रौतहट चन्द्रपुर नगरपालिका वडा नं.४ मा फेला परेकोले पक्राउ गरी इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर रौतहटको च.नं.६१७, मिति २०७७।७।२५ गतेको पत्रसहित यस कार्यालयमा दाखिला गरेकोले निजहरूलाई ऐ.२६ गते जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंमार्फत सम्मानित काठमाडौं जिल्ला अदालतमा प्रस्तुत गरेको देखिन्छ । ठगी तथा सङ्गठित अपराधको मुद्दामा जाहेरी परी अनुसन्धानको लागि सक्षम अदालतबाट तत्काल प्राप्त प्रमाणको आधारमा थुनामा राख्ने आदेश भएकोले गैरकानूनी थुना मान्न मिल्दैन भन्ने विपक्षीहरूको लिखित जवाफ देखिन्छ।

३. यस परिप्रेक्ष्यमा निवेदन मागबमोजिम सन्तोषकुमार चौधरीसमेतलाई गैरकानूनी रूपमा थुनामा राखी बन्दी बनाएको हो, होइन ? भन्ने सम्बन्धमा विचार गर्दा, हाल थुनामा रहेका सन्तोषकुमार चौधरीसमेतलाई सङ्गठित अपराध ठगी मुद्दामा मिति २०७७।६।६ मा महानगरीय प्रहरी वृत्त, बानेश्वरमा जाहेरी परेको देखिन्छ। सो जाहेरीका आधारमा सन्तोषकुमार चौधरी र सरोजकुमार चौधरीलाई हिरासतमा राख्न मिति २०७७।७।२५ गतेबाट लागु हुने गरी मिति २०७७।७।२६ मा पहिलो पटक दिन ७, मिति २०७७।८।२ गतेबाट लागु हुने गरी मिति २०७७।८।३ मा हाल उपस्थित गराइएका प्रतिवादीको हकमा उपर्युक्तबमोजिमका विवरणहरू प्राप्त गर्नका लागि ३ दिनको म्याद थप गर्नु भन्नेसमेत बेहोराको आदेशसहित दोस्रो पटक दिन ३ र मिति २०७७।८।५ गतेबाट लागु हुने गरी मिति २०७७।८।५ मा मिति २०७७।८।३ गतेको आदेशानुसारको बाँकी कार्य र अन्य अनुसन्धानसमेत गर्न तेस्रो पटक दिन २ को म्याद थप भई सन्तोषकुमार चौधरी र सरोजकुमार चौधरी थुनामा रहेको देखिन्छ।

४. प्रस्तुत रिट निवेदनको मिसिल हेर्दा, सङ्गठित अपराध ठगी मुद्दा मुलुकी फौजदारी संहिता, २०७४ को अनुसूची (१) मा उल्लिखित सरकारवादी भई चल्ने मुद्दा भएकोले सोमा जाहेरी लिनु र सोअनुसार अनुसन्धानको प्रक्रिया अगाडि बढाउनु तथा प्रारम्भिक रूपमा हेर्दा नै प्रमाण सङ्कलन आदिका लागि थुनामा राख्नुपर्ने अपरिहार्यता देखिएमा त्यस अवस्थामा थुनामा राखी अनुसन्धान अगाडि बढाउनु प्रहरी कार्यालयको कानूनी कर्तव्य नै हो । यसो भन्दैमा कसैको उजुरी वा जाहेरी पर्दैमा प्रहरीले कुनै पनि व्यक्तिलाई पक्राउ गर्नैपर्छ भन्ने होइन । पक्राउ गरी थुनामा राख्नुपर्ने पर्याप्त कारण र आधार हुनुपर्ने विषयमा प्रहरी प्रशासन र अधिकारीहरू सचेत रहनुपर्छ। प्रस्तुत विवादमा सन्तोषकुमार चौधरीसमेत उपर किटानी जाहेरी परेको अवस्था छ, एक सन्तोषकुमारको खाता भनी अर्के सन्तोषकुमारको खातामा रकम जम्मा गराई पुन: आफैँले रकम लिएको भन्ने जाहेरी छ । यी निवेदकहरूलाई सङ्गठित अपराध ठगी मुद्दामा अनुसन्धानका लागि भनी पक्राउ पुर्जीसमेत दिई पक्राउ गरी प्रहरी हिरासतमा राखिएको छ । अनुसन्धानका लागि बाटाका म्यादबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्नेमा सो अनुसार उपस्थित गराई अनुसन्धानका लागि थप थुनामा राख्न आवश्यक भनी म्याद थप गरिपाउँ भन्ने निवेदनअनुसार मुद्दा हेर्ने सक्षम निकाय काठमाडौं जिल्ला अदालतबाट म्याद थप गराई सोअनुसार महानगरीय प्रहरी परिसर, टेकुले निजलाई थुनामा राखेको नै देखिन्छ।

५. अब यी निवेदकहरूलाई निवेदन मागबमोजिम थुनामुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश

जारी हुने पूर्वावस्था छ, छैन भन्ने सम्बन्धमा केही विवेचना हुन आवश्यक देखिन्छ। कुनै पनि व्यक्तिलाई विनाकारण आधार एवं कानूनले तोकेको कार्यविधि नअपनाई थुनामा राखी निजको वैयक्तिक स्वतन्त्रता हनन हुन दिनु हुँदैन । यसरी कानूनविपरीत थुनामा राखिएको भएमा, प्रवृत्त धारणा बनाई वा बदनियत वा कपटपूर्ण तवरले थुनामा राखिएको भएमा, पक्राउ गर्नुपर्ने कारणको सूचना तथा जानकारी नै नदिई थुनामा राखेको भएमा, प्राकृतिक न्यायको सिद्धान्तको गम्भीर उल्लङ्घनलगायत कानूनले अनिवार्य गरेको प्रक्रियाहरू स्पष्ट उल्लङ्घन गरी थुनामा राखिएको देखिएमा, अख्तियारवाला बाहेक अरूबाट भएको कामकारबाही तथा आदेशले अनधिकृत तवरबाट थुनामा राखिएको भएमा वा स्वच्छ सुनुवाइबेगर वा अभियोग नलगाई थुनामा राखिएको देखिएमा अर्थात् स्पष्टत: अधिकार क्षेत्रात्मक त्रुटि देखिएको अवस्था भएमा अथवा यस्तै प्रकारबाट कानून प्रतिकूल थुनामा राखेको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था रहन्छ। कानून प्रतिकूल बन्दी बनाइएको अवस्थामा संविधानद्वारा प्रदत्त वैयक्तिक स्वतन्त्रताको हक प्रचलनका लागि बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने गरिएको छ। तर माथि वर्णित अवस्थाहरू विद्यमान नभएमा वा विधिवत् रूपमा अनुसन्धानको क्रममा थुनामा रहेको अवस्थामा वा अभियोगपत्र दायर भई साधारण अधिकार क्षेत्रअन्तर्गत कानूनबमोजिम सक्षम अदालतले तहतह प्रमाणको मूल्याङ्कन गरी पुर्पक्षका लागि हिरासतमा राखिएको विषयलाई लिएर केही अपवादको अवस्थामा बाहेक बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु मनासिब हुँदैन। बन्दीप्रत्यक्षीकरणको आदेशबाट न्यायिक उपचार प्रदान गर्ने कुराको सीमा, परिधि र प्रयोजनतर्फ विवेकपूर्ण रूपमा दृष्टि दिनु आवश्यक हुन्छ। यो आदेश न अदालतको साधारण क्षेत्राधिकारको विकल्प हो, न त यसलाई पुनरावेदकीय तहको रूपमा हेर्न र प्रयोग गर्न हुन्छ। यसको छुट्टै र विशिष्ट महत्त्व छ। सामान्यतया: अदालतले नियमित र साधारण अधिकार क्षेत्रअन्तर्गत हेरेको कुरालाई बन्दीप्रत्यक्षीकरणको विषय बनाउनु हुँदैन। अदालतले मुद्दाको रोहमा कुनै कामकारबाही गर्दा कानूनको स्पष्ट उल्लङ्घन हुन गएको परिणामस्वरूप वा अन्य कारणले गम्भीर अन्याय हुन पुगेको असामान्य एवं अपवादको स्थितिमा यदाकदा बन्दीप्रत्यक्षीकरणको माध्यमबाट न्यायिक उपचार प्रदान गर्न सकिन्छ। देखादेखी पूर्वाग्रहयुक्त रूपमा वा प्रवृत्त भावना राखी वा कसैउपर दबाब प्रभाव पार्ने कुनै शक्तिको आडमा कसैलाई बन्दी बनाइएको छ र त्यस कार्यमा कानूनको गम्भीर उल्लङ्घन भएको छ भने बन्दीप्रत्यक्षीकरणको रिटको माध्यमबाट थुनामुक्त गर्न वा उपयुक्त आदेश जारी गरी व्यक्ति वैयक्तिक स्वतन्त्रताको संरक्षण गर्ने आदेश दिनुपर्ने संवैधानिक व्यवस्थाको मर्म र मनसाय हो। तर यसरी उपचार प्रदान गर्दा पर्याप्त सावधानी, सुझबुझ, संयम र बुद्धिमत्ताको प्रयोग अपेक्षित रहने गर्दछ। प्रमाणको मूल्याङ्कनसम्बन्धी विषय वा तजबिजी अधिकारको प्रयोग गर्दा विविध मानवीय दृष्टिकोणमा रहने स्वाभाविक विविधताको कारणबाट देखा पर्ने अन्तर-भिन्नता जस्ता कुरालाई हेरेर मातहतका अदालतले साधारण अधिकारक्षेत्रअन्तर्गत मुद्दाको नियमित प्रक्रियाका सन्दर्भमा गरेका निर्णय वा आदेशअनुसार थुना वा कैदमा परेको विषयलाई लिएर बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु स्वीकृत न्यायिक मान्यता वा परिपाटीअनुकूल हुँदैन। बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने अधिकारको खुकुलो वा हलुका प्रयोगले न्याय पद्धतिमा खलबली वा गडबडी नमच्चियोस् भन्ने पक्षमा वाञ्छित विवेक पुग्नु आवश्यक हुन्छ।

६. निवेदकलाई पक्राउ गरी थुनामा राखिनुको कारण हेर्दा, नवराज लामिछानेको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी सन्तोषकुमार चौधरीसमेत भएको सङ्गठित अपराध ठगीसम्बन्धी कसुरको अनुसन्धानका लागि महानगरीय प्रहरी वृत्त, नयाँ बानेश्वर काठमाडौंको पत्र र जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंको रायसहित म्याद थपको लागि माग भई आएकोमा सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा १४ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(६) बमोजिम सन्तोषकुमार चौधरी र सरोजकुमार चौधरीलाई हिरासतमा राख्न मिति २०७७/७/२५ गतेबाट लागु हुने गरी मिति २०७७/७/२६ मा पहिलो पटक दिन ७, मिति २०७७/८/२ गतेबाट लागु हुने गरी मिति २०७७/८/३ मा दोस्रो पटक दिन ३ र मिति २०७७/८/५ गतेबाट लागु हुने गरी मिति २०७७/८/५ मा र मिति २०७७/८/३ गतेको आदेशानुसारको बाँकी कार्य र अन्य अनुसन्धानसमेत गर्न तेस्रो पटक दिन २ को म्याद थप भएको देखिएबाट सन्तोषकुमार चौधरी र सरोजकुमार चौधरीलाई कानूनबमोजिम हिरासतमा राख्ने आदेश काठमाडौं जिल्ला अदालतबाट भएको देखिन्छ । यी वादीहरूलाई यसरी अनुसन्धानको लागि अदालतको आदेशले थुनामा राखेको देखियो । जहाँसम्म देवानी मुद्दाको कारण प्रवृत्त भावना राखिएको भन्ने प्रश्न छ, सो सम्बन्धमा हेर्दा, पहिले लेनदेन मुद्दा दायर भएकै कारण ठगी मुद्दा चल्न नसक्ने भन्ने होइन। अवस्था, परिस्थिति, कारोबारको प्रकृति र घटनाक्रमसम्बन्धी तथ्य प्रमाण हेरी ठगीलाई सङ्गठित अपराध हो, होइन भन्नेबारे अनुसन्धान हुन सक्ने नै हुँदा सोही मुद्दाको कारण यी निवेदकलाई बन्दी बनाइएको भन्न नसकिने हुँदा उक्त एक मात्र जिकिर विश्वसनीय देखिएन।

७. अतः प्रस्तुत विवादको सन्दर्भमा निवेदकको थुना गैरकानूनी, बदनियतपूर्ण वा अनधिकृत हो भन्ने नदेखिएको र उक्त थुनालाई गम्भीर अन्यायपूर्ण परिणाम पैदा हुने प्रकृतिको कानून प्रतिकूलको थुना मान्न सकिने अवस्था नभएको हुँदा निवेदकलाई गैरकानूनी तवरबाट थुनामा राखेको नभई पुर्पक्षको सिलसिलामा अनुसन्धानको लागि अदालतबाट भएको आदेशबमोजिम थुनामा राखेको देखिएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । यो आदेशको जानकारी विपक्षीहरूलाई दिनु भनी एकप्रति प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालयमा पठाइदिनू । प्रस्तुत आदेशको विद्युतीय प्रति अपलोड गरी निवेदनको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.हरिप्रसाद फुयाल

इजलास अधिकृत : सोनी श्रेष्ठ
इति संवत् २०७७ साल मङ्सिर २३ गते रोज ३ शुभम्।

## निर्णय नं. १०६८९

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री सुष्मालता माथेमा
फैसला मिति : २०७६।१०।२२
०७३-CI-१०६६

मुद्दा : मिलापत्र बदर

पुनरावेदक / प्रतिवादी : जिल्ला सप्तरी, राजविराज नगरपालिका वडा नं.२ बस्ने राधाकान्त झाको छोरा प्रविणकुमार झासमेत

विरूद्ध

विपक्षी / वादी : जिल्ला सप्तरी, राजविराज नागरपालिका वडा नं.२ घर भई हाल ऐ. गा.वि.स. बरही विरपुर वाड नं.६ माइतीमा बस्ने प्रविणकुमार झाको पत्नी वर्ष २२ की राखीकुमारी झा

- **अंशको हक सगोलका अंशियार भएका नाताले स्वत: प्राप्त गर्ने हक हुँदा अंश जस्तो नैसर्गिक कानूनी हकलाई कुनै प्रक्रियाबाट निष्क्रिय वा सङ्कुचित पार्ने गरी भएका कुनै लिखतले कानूनी मान्यता प्राप्त गर्न नसक्ने ।**
- **परिवारको एक सदस्यको अंश मार्ने उद्देश्यले आफ्नो पतिबाट पाउने सम्पत्तिलाई अस्वाभाविक रूपमा कम गरी भएको मिलापत्र कानून एवम् न्यायोचित नदेखिने । व्यक्तिको नैसर्गिक हकलाई निष्क्रिय वा सङ्कुचित गरी हक अधिकारबाट वञ्चित गराउनका लागि भएको मिलापत्रले कानूनी मान्यता प्राप्त गर्न नसक्ने ।**

(प्रकरण नं.२)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री महादेवप्रसाद यादव र विद्वान् अधिवक्ताहरू श्री देवेन्द्र झा, श्री पुनम झा ठाकुर
विपक्षी / वादीका तर्फबाट :
अवलम्बित नजिर :

- ने.का.प. २०६८, अङ्क ९, नि.नं.८६९०

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्ने :
माननीय न्यायाधीश श्री राजेन्द्र अधिकरी
सप्तरी जिल्ला अदालत
पुनरावेदन तहमा फैसला गर्नेः
माननीय मुख्य न्यायाधीश श्री कुमार चुडाल
माननीय न्यायाधीश श्री उमेशकुमार सिंह
पुनरावेदन अदालत राजविराज

### फैसला

**न्या.सपना प्रधान मल्ल :** न्याय प्रशासन ऐन, २०७३ को दफा ९ बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र परी पुनरावेदन दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एंव ठहर यसप्रकार छः-

### तथ्य खण्ड

मुलपुर्खा राधाकान्त झाको १ मात्र पत्नी विपक्षी मोतीदेवी भई निजहरूका ३ जना छोरामा जेठा विपक्षी जेठाजु अरविन्द झा माहिला नविन झा

र कान्छा पति लोग्ने प्रविणकुमार झा रहनु भई मलाई विपक्षीहरूले खान लाउन नदिई घरबाट निकाला गरी दिएकाले यसै अदालतमा CP-१२८४ को अंश दर्ता मुद्दा २०६९।१२।७ मा दायर गरेकी छु । विपक्षीहरूले मलाई अंशबाट वञ्चित गराउने उद्देश्यले २०६९।१२।७ मा सा.दे.नं. CP-१२७३ को अंश मुद्दा मिलापत्र गर्दा फिरादीका पति प्रविणकुमार झालाई मलेठ गा.वि.स. वडा नं. ७(क) अन्तर्गतको कि.नं. ८२ को ०-१-३ जग्गा र नगद रू. ५०,०००।- लिई दिई बाँकी धेरै मोल पर्ने सम्पूर्ण घर जग्गा अन्य प्रतिवादीले राखी मिलापत्र गरेकाले मेरो भागमा पर्न आउने हक अंशबाट वञ्चित भएकी हुँदा उक्त मिति २०६९।१२।७ गतेको मिलापत्र बदर गरिपाउँ भन्नेसहित वादी दाबी ।

प्रतिवादी प्रविणकुमार झा हामी प्रतिवादी राधाकान्त र मोती देवीको छोरा हुन् र यी वादी निज प्रविणकुमारकी पत्नी भएकीले हाम्रो अंशियार होइन अ.बं. ८२ नं. र ८६ नं. को कानूनी व्यवस्था मूल अंशियारबिचको भएकाले वादी दाबीबाट फुर्सद पाउँ भन्नेसमेत प्रतिवादी राधाकान्त झा, अरविन्दकुमार झा, नविनकुमार झा, मोतीदेवी झासमेतको संयुक्त प्रतिउत्तर पत्र ।

विपक्षी वादी म प्रतिवादीसँग पत्नीको रूपमा सम्बन्ध नजोडी आर्थिक फाइदा लिनमात्र सम्बन्ध जोडेको र म निजको भनाइमा लागि धेरै आर्थिक नोकसानी गरेपश्चात् बुबा आमासँग अंश बन्डा गरेको हो, पुन: आर्थिक फाइदा लिन मुद्दा दिएको हुँदा वादी दाबीबाट फुर्सद पाउँ भन्नेसमेत प्रतिवादी प्रविणकुमार झाको प्रतिउत्तर पत्र ।

यिनै वादी प्रतिवादीबिचको २०६९ सालको CP-१२७३ को अंश दर्ता मुद्दा लगाउमा रहि साथै पेस भएको ।

अन्य प्रतिवादीका समान अंशियार वादीका पतिले मिति २०६९।१२।७ को मिलापत्रलाई अन्यथा भनेको अवस्था नदेखिँदा वादीको फिराद जिकिरकै आधारमा मात्र भएको मिलापत्र बदर हुन सक्ने अवस्था नदेखिँदा सो मिलापत्र बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न सक्दैन भन्ने सप्तरी जिल्ला अदालतबाट मिति २०७१।१।२९।२ मा भएको फैसला ।

मलाई अंश नदिन निरअंशी बनाउन विपक्षीहरू भित्रभित्रै मिली करौंडौको सम्पतिबाट प्रविणकुमार झाले नाम मात्रको अंश लिई मिलापत्र गरी सो मिलापत्र भई प्रविणकुमार झाले प्राप्त गरेको सम्पत्तिवाट मात्र अंश पाउने हो भने मिली भगत गरी मेरो अंश हक मार्ने उद्देश्यले षडयन्त्र पूर्वक गरिएको मिलापत्र बदर नगर्ने गरी भएको सुरू सप्तरी जिल्ला अदालतको फैसला कानूनी त्रुटिपूर्ण रहेकाले उल्टी गरिपाउ भन्नेसमेत बेहोराको वादी राखीकुमारी झाको पुनरावेदन अदालत राजविराजसमक्ष परेको पुनरावेदन पत्र ।

यसमा फिराद पत्रमा उल्लेख भएको पुस्तेवारीमा प्रतिवादीहरूले कुनै किसिमको विवाद नदेखाएकोरपुनरावेदकवादीयीप्रत्यर्थीप्रतिवादीहरूको अंशियार रहे भएको अवस्थामा CP-१२७३ को अंश दर्ता मुद्दामा यी वादीको लोग्ने प्रविणकुमार झाले आफूले पाउनु पर्ने अंशभन्दा ज्यादै न्यून अंश हक दिई मिति २०६९।१२।७ मा प्रतिवादीहरूले गरेको मिलापत्रलाई बदर नगर्ने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला ने.का.प.२०६८, अङ्क ९, नि.नं.८६९०, पृष्ट १५९९ र ने.का.प.२०६८, अङ्क १०, नि.नं.८७०१, पृष्ठ १७०७ मा प्रकाशित सम्मानित श्री सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको परिप्रेक्ष्यमा फरक पर्न सक्ने देखिँदा छलफलको लागि अ.बं.२०२ नं. को प्रयोजनार्थ पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थीहरूको नाउँमा म्याद सूचना जारी

गरी झिकाई हाजिर भए वा अवधि नोघेपछि पुनरावेदन पत्र तथा फिराद पत्रमा उल्लिखित २०६९ सालको CP-१२७३ को अंश दर्ता मुद्दा र २०६९ सालको CP-१२८४ को अंश दर्ता मुद्दाको मिसिल सप्तरी जिल्ला अदालतवाट झिकाई नियमानुसार गरी पेस गर्नु भन्नेसमेत बेहोराको पुनरावेदन अदालत राजविराजको मिति २०७१।१२।१०।३ को आदेश।

महिलाले प्राप्त गर्ने अंश हकको स्रोत भनेको वैवाहिक नाताले पतितर्फको पैतृक सम्पति र अविवाहित अवस्थामा जन्मको नाताले बाबुतर्फको पैतृक सम्पत्तिबाट अंश प्राप्त गर्ने कानूनबमोजिमका अंशको हकदार हुन्। यिनिहरूले कसैको कृपा वा दया मायाबाट अंश पाउने नभई कानूनी प्रावधानबाट नै अंश पाउने हकदार भएकोले महिला तथा बालबालिकालाई नाम मात्रको अंश दिने सगोलमै रही बसी आएको परिवारको एक सदस्यको अंश मार्ने उद्देश्यले निजले आफ्नो पतिबाट पाउने सम्पत्तिलाई अस्वाभाविक रूपमा कम गरी भएको मिलापत्र कानून एवम् न्यायसम्मत् नभएको, व्यक्तिको नैसर्गिक हकलाई निष्क्रिय वा सङ्कुचित गर्नकै लागि भएको अवस्था मिसिल कागजातबाट स्थापित भएको प्रस्तुत मिलापत्र कानूनसम्मत् भएको मान्न मिलेन। माथि विवेचित आधार प्रमाण र कारणबाट मिति २०६९।१२।७ को मिलापत्र बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर गरी सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०७१।१।२९ मा भएको फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई पुनरावेदक वादीको फिराद दाबीबमोजिम उक्त मिलापत्र बदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत राजविराजबाट मिति २०७३।५।२० मा भएको फैसला।

सप्तरी जिल्ला अदालतमा CP-१४४४ नं. को मिलापत्र बदर मुद्दा, CP-१२८४ नं.को अंश दर्ता मुद्दा र CP-०७११ नं. को खान लाउन माना चामल दिलाई भराई पाउँ भन्ने एकै साथ लगाउमा रही सप्तरी जिल्ला अदालतबाट मिति २०७१।१।२९ मा पेसी चढी अंश दर्ता मुद्दामा तायदाती फाँटवारी माग्ने आदेश भएको छ। उक्त आदेश हुँदा आदेशमा CP-१४४४ को अंश दर्ता मुद्दाका वादीका पति र अन्य प्रतिवादीहरूबिच भएको २०६९।१२।७ को मिलापत्र बदर नहुने ठहरी फैसला भइरहेको अवस्थामा प्रतिवादी प्रविणकुमार झाबाहेकका अन्य प्रतिवादीबाट यी वादीले अंश पाउने अवस्था नदेखिएको भनी बोलिएको छ सो आदेशानुसार विपक्षीले २०७१ साल जेष्ठ ६ गते तायदाती फाँटवारी लिई हाजिर हुनेछु भनी तोरख लिएको छ अर्थात् विपक्षी उक्त CP-१४४४ नं.को मिलापत्र बदर मुद्दा फैसला भएको जानकारी २०७१।१।२९ मा नै लिखित रूपमा थाहा पाइसकेको छ। विपक्षीले २०७१।१।२९ बाट ६५ दिनभित्रै उक्त फैसलाउपर पुनरावेदन गर्नु पर्नेमा सो गरिएको छैन। विपक्षीको सोही मितिबाट म्याद चालु भइसकेकोले सो हदम्याद भित्र, पुनरावेदन गरेको छैन। लिखित रूपमा उक्त आदेशानुसार तायदती फाँटवारी पेस गर्छु भनी तारेख लिइसकेपश्चात् त्यसलाई अन्यथा भन्न सक्ने अवस्था छैन।

विपक्षी वादीले उक्त मुद्दाको फिराद मुलुकी ऐन, अ.बं. ८६ नं. लाई मुख्य कानूनी आधार टेकी गरेको छ जुन कानूनी व्यवस्था हेर्दा समान अंशीको लागि हो विपक्षी हाम्रो समान अंशी होइन। वादीको पतिले मिलापत्र बदरतर्फ दाबी लिएको छैन। वादीको पति हाम्रो समान अंशी हो। वादी आफैँ सम्बन्ध विच्छेद गर्न मन्जुर भई हामीलाई हैरान गर्ने मनसायबाट मात्र यो मुद्दा गरेको हो। सम्मानित सर्वोच्च अदालतबाट ने.का.प. २०६९, अङ्क १२, नि.नं. ८९२९, पृष्ठ १७९५ मा यस्तै प्रकृतिको मुद्दामा आफनो लोग्नेबाट मात्र अंश पाउने हो मिलापत्र बदर हुने होइन भनी

सिद्धान्त कायम भएको छ । उल्लिखित जिकिर एवंम हाम्रो प्रमाण बुझी मुद्दा सुनुवाइको क्रममा हाम्रोतर्फबाट नियुक्त हुने का.व्य. को जिकिरलाई यस मुद्दाको अभिन्न अङ्ग मानी विपक्षीको दाबी नपुग्ने गरी सप्तरी जिल्ला अदालतको मिति २०७१।१।२९ को फैसला कानूनसम्मत् रहेकोले सोही फैसला सदर गरी हक इन्साफ गरिपाउँ भन्ने पुनरावेदक प्रतिवादी प्रविणकुमार झासमेतको यस अदालतमा परेको पुनरावेदन जिकिर।

नियमबमोजिम पेसी सूचीमा चढी यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी पुनरावेदक प्रतिवादीहरूका तर्फबाट उपस्थित हुनु भएका विद्वान् वरिष्ठ अधिवक्ता श्री महादेवप्रसाद यादव र विद्वान् अधिवक्ताहरू श्री देवेन्द्र झा, श्री पुनम झा ठाकुरले वादी हाम्रो पक्षको अंशियार नभएकोले मिलापत्र बदर गर्नेतर्फ दाबी लिने अधिकार निजलाई छैन । वादीको लोग्ने र निजबिच सम्बन्ध विच्छेद मुद्दासमेत चली हाल सुरू सप्तरी जिल्ला अदालतमा कार्यवाहीयुक्त अवस्थामा रहेको छ । विपक्षीले आफ्नो प्रतिउत्तर पत्रको प्रकरण ८ मा अंश दर्ता मुद्दाबाट जे पाउँछु त्यसैमा सन्तोष गर्नुपर्ने अवस्था छ । विपक्षीसँग सम्बन्ध कायम राख्ने चाहना नभएकोले विपक्षीसँग अंश लिई छुट्टै बस्न चाहेकाले विपक्षीसँग लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद गर्न मेरो मन्जुरी छ भनी लिखित रूपमा स्वीकार गरेकी हुँदा हाम्रो पक्षमाथि मुद्दा गर्ने हकदैया वादीलाई नहुँदा विपक्षी वादीको फिराद दाबी नपुग्ने गरी सप्तरी जिल्ला अदालतबाट मिति २०७१।१।२९ को फैसला कानूनसम्मत् रहेकोले सोही फैसला सदर गरिपाउँ भन्ने बहस प्रस्तुत गर्नुभयो।

उपयुर्क्त विद्वान्हरूले गर्नुभएको बहससमेत सुनी मिसिल अध्ययन गरी पुनरावेदन अदालत राजविराजबाट भएको फैसला मिलेको छ, छैन ? पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्ने नसक्ने विषयमा निर्णय दिनुपर्ने देखियो ।

फिरादीका पति प्रविणकुमार झालाई कि.नं. ८२ को ०-१-३ जग्गा र नगद रू.५०,०००।- लिई दिई बाँकी धेरै मोल पर्ने सम्पूर्ण घर जग्गा अन्य प्रतिवादीले राखी मिलापत्र गरेकाले मेरो भागमा पर्न आउने अंश हकबाट वञ्चित भएकी हुँदा उक्त मिति २०६९।१२।७ को मिलापत्र बदर गरिपाउँ भन्ने वादी दाबी भई वादी प्रविणकुमारकी पत्नी भएकीले हाम्रो अंशियार होइन अ.बं. ८२ नं. र ८६ नं. को कानूनी व्यवस्था मूल अंशियारबिचको भएकाले वादी दाबीबाट फुर्सद पाउँ भन्ने राधाकान्त झासमेतका प्रतिवादीहरूको संयुक्त र विपक्षी वादीको भनाइमा लागि धेरै आर्थिक नोकसानी गरेपश्चात् बुबा आमासँग अंश बन्डा गरेको हो, दाबीबाट फुर्सद पाउँ भन्नेसमेत प्रतिवादी प्रविणकुमार झाको प्रतिउत्तर जिकिर रही, प्रतिवादीका समान अंशियार वादीका पतिले मिति २०६९।१२।७ को मिलापत्रलाई अन्यथा भनेको अवस्था नदेखिँदा वादीको फिराद जिकिरकै आधारमा मात्र भएको मिलापत्र बदर हुन सक्ने अवस्था नदेखिँदा मिलापत्र बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने भनी सप्तरी जिल्ला अदालतबाट मिति २०७१।१।२९ मा भएको फैसलाउपर वादी राखीकुमारी झाको पुनरावेदन अदालत राजविराजमा पुनरावेदन परी सुरू सप्तरी जिल्ला अदालतबाट भएको फैसला उल्टी भई फिराद दाबीबमोजिम मिलापत्र बदर हुने गरी भएको फैसलाउपर प्रतिवादीहरूको यस अदालतमा पुनरावेदन परेको पाइयो।

२. निर्णयतर्फ विचार गर्दा, वादी राखीकुमारी झाले यी पुनरावेदक प्रतिवादीहरूउपर सुरू सप्तरी जिल्ला अदालतमा दिएको CP-१२८४ को अंश मुद्दा मिति २०६९।१२।७ मा दर्ता गराएको देखिन्छ। मिति २०६९।१२।७ मा अंश मुद्दा दर्ता गरेकै दिन यी वादीका

पति प्रविणकुमार झाले अन्य प्रतिवादीहरूउपर दायर गरेको CP-१२७३ को अंश दर्ता मुद्दामा मिलापत्र गरी प्रविणकुमार झाले ०-१-३ जग्गा र रू.५०,०००।- लिई अन्य सम्पत्तिहरू प्रतिवादीहरूको सगोलमा रहने गरी मिलापत्र भएको बेहोरा मिसिल संलग्न रहेको मिलापत्र बदर मुद्दामा पेस भएको मिति २०६९।१२।०७ को मिलापत्रको प्रतिलिपिबाट देखिन्छ। वादी राखी कुमारी झाले विपक्षी राधाकान्त झासमेतका उपर दायर गरेको CP-१२८४ को अंश मुद्दा मिति २०६९।१२।७ मा दर्ता भएकोमा सोही दिन प्रतिवादीहरूबिच एकापसमा मिलापत्र भएकोले सो मितिसम्म वादी प्रतिवादीहरू सगोलमै रहेको भएको नै देखिन्छ। वादी राखीकुमारी झाले प्रतिवादीहरूउपर दिएको CP-१२८४ को अंश मुद्दामा प्रतिवादीहरू सबैको तायदाती फाँटवारी लिई मिलापत्र बदर मुद्दासमेत अंश मुद्दाका साथ लगाउ राखी फैसला गर्नुपर्नेमा सो नगरी मिलापत्र बदर मुद्दामा मात्र फैसला भएको देखिन्छ। मुलुकी ऐन, अंशबन्डाको १ नं. ले अंशबन्डा गर्दा बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरीहरूको जियजियैको अंश गर्नु पर्छ र सोहीको २ नं. ले अंशबन्डा गर्दा अंश पाउने सबैको बराबर अंश गर्नुपर्छ भन्ने कानूनी व्यवस्था भएकोमा, सगोलमै रहेका सम्पूर्ण अंशियारको सम्पत्ति खुलाई कानूनले निर्दिष्ट गरेको कार्यविधि अपनाई प्रस्तुत मुद्दाको न्याय निरूपण गर्नुपर्नेमा, पत्नीले आफ्नो पतिबाट अंश पाउने नैसर्गिक अधिकारको विषय समावेश भएकोमा सोतर्फ दृष्टीकोण नपुऱ्याई मिलापत्र हुँदा वादीको पतिसँग कम सम्पत्ति हुने गरी मिलापत्र भएको कुरामा वादीले लिएको दाबी जिकिरलाई अन्यथा भन्न मिल्ने देखिँदैन। अंशको हक सगोलका अंशियार भएका नाताले स्वत: प्राप्त गर्ने हक हुँदा अंश जस्तो नैसर्गिक कानूनी हकलाई कुनै प्रक्रियाबाट निष्क्रिय वा सङ्कुचित पार्ने गरी भएका कुनै लिखतले कानूनी मान्यता प्राप्त गर्न सक्दैन। यस सम्बन्धमा (ने.का.प. २०६८, अङ्क ९, नि.नं.८६९०) मा **"अंशियारको बराबर अंश हक लाग्ने कुरामा कुनै द्विविधा छैन। महिलाले प्राप्त गर्ने अंश हकको स्रोत भनेको वैवाहिक नाताले पतितर्फको पैतृक सम्पत्ति र अविवाहित अवस्थामा जन्मको नाताबाट बाबुतर्फको पैतृक सम्पत्तिबाट अंश प्राप्त गर्ने कानूनबमोजिमका अंशका हकदार हुन्। यिनीहरूले कसैको कृपा वा दया मायाबाट अंश पाउने नभई कानूनी प्रावधानबाट नै अंश पाउने हकदार भएकाले महिला तथा बालबालिकालाई नाम मात्रको अंश दिने कलुषित भावना तथा उद्देश्यले अभिप्रेरित भई गरिएका त्यस्ता लिखतलाई आधार मानी नाम मात्रको अंश दिने किसिमले निचोडमा पुग्नु भनेको न्यायको मार्ग अवरोध गर्नु समान हुने"** भन्ने सिद्धान्तसमेत प्रतिपादित भएको देखिन्छ। एक विवाहिता नारीलाई निजको सहमती मन्जुरी नलिई निजले दिएको अंश मुद्दालाई प्रभावित पार्ने गरी पतिले सगोलको घरसमेत नलिई अन्य आंशियारलाई छोडी नाम मात्रको जग्गा लिएर मिलापत्र गर्नु न्यायसङ्गत मान्न मिल्ने देखिएन। कसैले आफ्नो हक परित्याग गर्दैमा अन्य अंशियारको अंश हक पनि गुमेको अर्थ गर्न मिल्दैन। परिवारको एक सदस्यको अंश मार्ने उद्देश्यले आफ्नो पतिबाट पाउने सम्पत्तिलाई अस्वाभाविक रूपमा कम गरी भएको मिलापत्र कानून एवम् न्यायोचित भएको देखिएन। व्यक्तिको नैसर्गिक हकलाई निष्क्रिय वा सङ्कुचित गरी हक अधिकारबाट वञ्चित गराउनका लागि भएको मिलापत्रले कानूनी मान्यता प्राप्त गर्न सक्दैन।

३. तसर्थ, माथि विवेचित आधार, प्रमाण र कारणबाट मिति २०६९।१२।७ को मिलापत्र बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर गरी सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०७१।१।२९ मा

भएको फैसला मिलेको नदेखिँदा सो फैसला उल्टी भई पुनरावेदक वादीको फिराद दाबीबमोजिम उक्त मिलापत्र बदर हुने भनी पुनरावेदन अदालत राजविराजबाट मिति २०७३।५।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन । दायरीको लगत कट्टा गरी मिसिल नियामानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.सुष्मालता माथेमा

इजलास अधिकृत : नारायण सापकोटा
इति संवत् २०७६ साल माघ २२ गते रोज ४ शुभम् ।

## निर्णय नं. १०६९०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
माननीय न्यायाधीश श्री कुमार रेग्मी
फैसला मिति : २०७७।९।१५
०७४-CR-०९९८

मुद्दा:- वैदेशिक रोजगार कसुर

पुनरावेदक / वादी : मनोजकुमार राना मगरको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : ललितपुर जिल्ला, टिकाथली गा.वि.स. वडा नं.१ बस्ने सन्तोष महर्जन

- **वैदेशिक रोजगार ठगी जस्तो मुद्दामा, लिखत, भौचर र अन्य कागजातहरू जस्ता भौतिक एवं स्वतन्त्र प्रमाण र सोका परीक्षणले घटना, वारदात र सोमा कसुरदारको संलग्नतालाई पुष्टि नगरेको अवस्थामा केवल सहप्रतिवादीले पोल गरेकै आधारमा अदालतले पनि शंका र अनुमानको आधारमा कसैलाई पनि सजाय गर्न नमिल्ने ।**

(प्रकरण नं.९)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री प्रकाश मरासिनी
प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः
माननीय अध्यक्ष श्री रेवन्तबहादुर कुँवर
सदस्य श्री कृष्णजीवी घिमिरे
सदस्य श्री देवेन्द्रराज ढकाल
वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौं

फैसला

**न्या.तेजबहादुर के.सी.:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६(२) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

तथ्य खण्ड

प्रतिवादी रामचन्द्र पुडासैनीले मलाई वैदेशिक रोजगारीको लागि कम्बोडियाको क्यासिनोमा

यु.एस. डलर १०००।- पारिश्रमिक हुने गरी पठाई दिउँला भनी विश्वास तथा प्रलोभनमा पारी विभिन्न मितिमा जम्मा रू.२,८०,०००।- बुझिलिएकोमा भनेबमोजिमको वैदेशिक रोजगारमा पठाउन नसकी मबाट बुझिलिएको रकम मिति २०७०।१।२१ गतेभित्र फिर्ता बुझाउने छु भनी मिति २०६९।११।२० गते लिखत कागजसमेत गरी भाखाभित्र रकम नदिई आलटाल गरी लिएको रकम फिर्ता नगरेको हुनाले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० बमोजिम कारबाही गरी बिगो र हर्जानासमेत दिलाई भराइपाउँ भन्नेसमेत बेहोराको मनोजकुमार राना मगरको मिति २०७१।५।२४ मा वैदेशिक रोजगार विभागमा परेको जाहेरी दरखास्त।

प्रतिवादी रामचन्द्र पुडासैनीले जाहेरवाला मनोजकुमार राना मगरलाई वैदेशिक रोजगारमा कम्बोडिया मुलुकमा पठाइदिन्छु भनी रू.२,८०,०००।- रकम बुझिलिई यी प्रतिवादीले मिति २०६९।११।२० मा गरिदिएको लिखत कागज खामबन्दी थान-१।

मैले निज जाहेरवालालाई वैदेशिक रोजगारको लागि कम्बोडिया पठाइदिने सम्बन्धमा टिकाथली बस्ने सन्तोष महर्जनले मानिस भए ल्याउनु भनेकोले मेरो सम्पर्कमा आएका जाहेरवाला मनोजकुमार राना मगरलाई निज सन्तोष महर्जनसँग भेट गराई कुराकानी भई निज जाहेरवालासँग सोबापत लाग्ने रू.२,००,०००।- लिई सन्तोष महर्जनको इन्भेष्टमेन्ट बैंकको खातामा हालिदिएको भौचर खोजी गरी भेटेमा पेस गर्ने छु । सन्तोष महर्जनले भनेबमोजिम जाहेरवालालाई कम्बोडिया नपठाई दिएकोले जाहेरवालाले तपाइँले भनेर मैले रकम दिएको हुनाले तपाइँले नै मलाई रकम फिर्ता गर्नुपर्छ भनी विवाद गरेको हुँदा मैले उक्त रकम लिएको भनी लिखत कागज गरिदिएको हो। लिखत कागजमा भएको सहीछाप मेरै हो, मैले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने अनुमतिपत्र लिएको छैन भन्नेसमेत बेहोराको प्रतिवादी रामचन्द्र पुडासैनीले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान।

प्रतिवादी रामचन्द्र पुडासैनीले जाहेरवाला मनोजकुमार राना मगरलाई वैदेशिक रोजगारका लागि कम्बोडिया मुलुकमा पठाइदिन्छु भनी जाहेरवाला मनोजकुमार राना मगरसँग रू.२,८०,०००।- लिई मिति २०६९।११।२० मा गरेको कागजमा भएको सहि मेरो हो । म उक्त कागज गर्दा साक्षी बसेको हुँ । उक्त कागजमा वैदेशिक रोजगारका लागि कम्बोडिया मुलुकमा पठाउने प्रयोजनको लागि रामचन्द्र पुडासैनीले उक्त रकम लिएको कुरा साँचो हो। सो कागज जबरजस्ती गराएको होइन प्रतिवादी रामचन्द्र पुडासैनीले उक्त कागज राजीखुसीले गरेको हो भन्नेसमेत बेहोराको लिखत कागजको साक्षी ललितबहादुर क्याप्छाकीले अनुसन्धान अधिकृतसमक्ष गरेको कागज।

प्रतिवादी रामचन्द्र पुडासैनी र सन्तोष महर्जनले वैदेशिक रोजगार व्यवसाय गर्न पाउने इजाजत अनुमति नलिई जाहेरवाला मनोजकुमार राना मगरलाई वैदेशिक रोजगारीका लागि कम्बोडिया पठाइदिन्छु भनी झुट्टा आश्वासन र प्रलोभनमा पारी जम्मा रू.२,८०,०००।- लिई भनेबमोजिमको मुलुकमा पठाउन नसकेको प्रतिवादीहरूको उक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर अपराध भए गरेको देखिँदा निज प्रतिवादीहरू रामचन्द्र पुडासैनी र सन्तोष महर्जनलाई सोही ऐनको दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाको बिगो रू.२,८०,०००।- (दुई लाख असी हजार) र सोको ५० प्रतिशतले हुने हर्जाना रकम

रू.१,४०,०००।- (एक लाख चालिस हजार) समेत जम्मा रू.४,२०,०००।- (चार लाख बिस हजार) यी प्रतिवादीहरूबाट जाहेरवाला मनोजकुमार राना मगरलाई दिलाई भराई पाउँ भन्नेसमेत बेहोराको अभियोगपत्र।

जाहेरी बेहोरा पढी बाची सुनाउँदा सुनी पाएँ । मैले जाहेरवालालाई वैदेशिक रोजगारको लागि पठाइदिन्छु भनी रकम लिएको होइन । मैले जाहेरवालालाई सन्तोष महर्जनसँग चिनजान गराई दिएको हो। कारोबार सन्तोष महर्जन र जाहेरवालाबिच नै भएकोमा सन्तोष महर्जन सम्पर्कविहीन भएपछि जाहेरवालाले मलाई यो झुट्टा उजुरी दिएका हुन् । लिखत कागज जबरजस्ती गराएको हो। मैले वैदेशिक रोजगार व्यवसाय गर्ने अनुमति लिएको छैन । मैले अभियोग माग दाबीबमोजिमको कसुर नगरेको हुँदा मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी रामचन्द्र पुडासैनीले वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंमा (यसपछि न्यायाधिकरण भनिएको) गरेको बयान।

तत्काल प्राप्त प्रमाणहरूबाट यी प्रतिवादी रामचन्द्र पुडासैनीले आरोपित कसुर गरेको रहेछ भनी विश्वास गर्ने मनासिब आधारहरू विद्यमान देखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल मुद्दाको पुर्पक्षको लागि मुलुकी ऐन अ.बं.११८ नं. को देहाय ५ एवं १० बमोजिम प्रतिवादी रामचन्द्र पुडासैनीबाट नगद धरौट रू.२,८०,०००।- वा सो बराबरको जेथा जमानी दिए लिई तारेखमा राख्नु, दिन नसके कानूनबमोजिमको सिधा खान पाउने गरी अ.बं.१२१ नं. बमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्न पठाइदिनु भन्ने न्यायाधिकरणको मिति २०७१।७।५ को आदेश।

प्रतिवादीमध्ये सन्तोष महर्जनका नाममा यस न्यायाधिकरणबाट जारी भएको समाह्वान मिति २०७१।१०।१५ गते रीतपूर्वक तामेल भएकोमा निज म्यादभित्र हाजिर नभई म्यादै गुजारी बसेको।

जाहेरवाला मनोजकुमार राना मगरलाई प्रतिवादी रामचन्द्र पुडासैनीले विदेश पठाउने भनी रकम लिएको नभई सन्तोष महर्जनले आफ्नो व्यापार व्यवसाय गर्नको लागि रकम चाहियो भनी प्रतिवादी रामचन्द्र पुडासैनीलाई ब्याजमा पैसा दिने कोही मानिस भए भेटाइदिनुहोस् भनेको हुँदा जाहेरवाला मनोजकुमार राना मगर र निजका साथी दुर्गबहादुर रानामगरसँग चिनजान मात्र गराएको हो । सन्तोष महर्जनले समयमा पैसा फिर्ता नगरेपछि जाहेरवालाले प्रतिवादी रामचन्द्र पुडासैनीलाई तिमीले चिनाएको व्यक्तिले रकम लिएको हुँदा लेनदेनको कागज गरिदेउ भनी कागज गराएका थिए तर कागजको बेहोरा वैदेशिक रोजगारसम्बन्धी रहेछ । प्रतिवादी रामचन्द्र पुडासैनी वैदेशिक रोजगारीसम्बन्धी कुनै कार्यमा संलग्न नहुँदा प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी रामचन्द्र पुडासैनीका साक्षी भिमबहादुर बल तामाङले न्यायाधिकरणमा गरेको बकपत्र।

मैले प्रतिवादी रामचन्द्र पुडासैनीलाई उपचार गर्नको लागि रू.२,८०,०००।- (दुई लाख असी हजार) सापटी स्वरूप दिएको हुँ र हाल उक्त सम्पूर्ण रकम फिर्ता पाइसकेको छु। रकम वैदेशिक रोजगारीको लागि भनी दिएको होइन । रकम उठाउन सजिलो हुन्छ भनी वैदेशिक रोजगारको कागज गराएको हो । अभियोग मागदाबी झुट्टा हो, अर्का प्रतिवादी सन्तोष महर्जनलाई चिनेको छैन । प्रतिवादीले अभियोग माग दाबीबाट सफाइ पाउनुपर्छ भन्नेसमेत बेहोराको जाहेरवाला मनोजकुमार राना

मगरले न्यायाधिकरणमा गरेको बकपत्र।

अभियोग माग दाबीबमोजिम प्रतिवादीमध्ये रामचन्द्र पुडासैनीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसुर गरेको पुष्टि भएकोले निजलाई सोही ऐनको दफा ४३ बमोजिम १।६।० (एक वर्ष छ महिना) कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार) जरिवाना हुने ठहऱ्याई अर्का प्रतिवादी सन्तोष महर्जनको अभियोग दाबी प्रमाणित हुन नसकेकाले निजले अभियोग दाबीबाट सफाइ पाउने र जाहेरवाला मनोजकुमार राना मगरले प्रतिवादीबाट लिनुपर्ने रकम पाइसकेको भनी न्यायाधिकरणको बकपत्रमा उल्लेख गरेको देखिँदा बिगो र हर्जाना भराइपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०७३।१२।७ मा भएको फैसला।

प्रतिवादी सन्तोष महर्जनउपर किटानी जाहेरी नपरे तापनि कसुर ठहर भएका प्रतिवादी रामचन्द्र पुडासैनीले अनुसन्धानको क्रममा बयान गर्दा जाहेरवालालाई वैदेशिक रोजगारीका लागि कम्बोडिया पठाइदिने सम्बन्धमा टिकाथली बस्ने सन्तोष महर्जनले मानिस भए ल्याउनु भनी भनेकोले जाहेरवालालाई सन्तोष महर्जनसँग भेट गराई दिएको हो । जाहेरवालासँग रकम लिई सन्तोष महर्जनको खातामा हालिदिएको हो भनी आफू कसुरमा साबित रही, सहअभियुक्तलाई समेत पोल गरेको अवस्था छ । प्रतिवादी रामचन्द्र पुडासैनीले न्यायाधिकरणमा मौकाको अनुसन्धानको बयान मैले भन्नेबमोजिम लेखिएको हो, बयानको शीर पुच्छरमा लागेको सहीछाप मेरो हो भनी लेखाएको अवस्थामा एकै अवस्थाका सहअभियुक्तलाई कसुर ठहर गरी अर्का प्रतिवादी सन्तोष महर्जनलाई सफाइ दिनु कानूनविपरीत छ । प्रतिवादी सन्तोष महर्जनले आरोपित कसुर गरेको स्पष्ट हुँदाहुँदै सबुत प्रमाणहरूको तथ्यपरक मूल्याङ्कन नगरी प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी यी प्रतिवादीलाई सुरू अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्नेसमेत बेहोराको पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा दायर हुन आएको पुनरावेदनपत्र।

ठहर खण्ड

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको मिसिल कागजात अध्ययन गरियो।

पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री प्रकाश मरासिनीले जाहेरवालासँग रकम लिई सन्तोष महर्जनको खातामा हालिदिएको हो भनी प्रतिवादी रामचन्द्र पुडासैनीले आफू कसुरमा साबित रही, सहअभियुक्तलाई समेत पोल गरेको अवस्था छ । प्रतिवादी रामचन्द्र पुडासैनीले मौका र न्यायाधिकरणको बयानमा उक्त कुरा स्वीकार गरी मैले भन्नेबमोजिम लेखिएको ठिक हो भनी उल्लेख गरेबाट एकै अवस्थाका सहअभियुक्तलाई कसुर ठहर गरी अर्का प्रतिवादी यी सन्तोष महर्जनलाई आरोपित कसुरबाट सफाइ दिने गरी न्यायाधिकरणबाट भएको उक्त फैसला कानूनतः त्रुटिपूर्ण हुनाले बदर गरी अभियोग मागदाबीबमोजिम नै सजाय हुनुपर्दछ भनी गर्नुभएको बहससमेत सुनियो।

उपर्युक्तानुसारको तथ्यगत विषय र बहस जिकिरसमेत भएको प्रस्तुत मुद्दामा पुनरावेदनसहितका मिसिल संलग्न प्रमाणहरूको

अध्ययन गरी हेर्दा वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट भएको फैसला मिलेको छ, छैन ? पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन ? सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादी रामचन्द्र पुडासैनी र सन्तोष महर्जनले वैदेशिक रोजगार व्यवसाय गर्न पाउने इजाजत अनुमति नलिई जाहेरवाला मनोजकुमार राना मगरलाई वैदेशिक रोजगारीका लागि कम्बोडिया पठाइदिने भनी झुट्ठा आश्वाशन र प्रलोभनमा पारी जम्मा रू.२,८०,०००।- लिई भनेबमोजिमको मुलुकमा पठाउन नसकेको प्रतिवादीहरूको उक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर अपराध भएकोले यी प्रतिवादीहरूलाई सोही ऐनको दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाको बिगो रू.२,८०,०००।- र सोको ५० प्रतिशतले हुने हर्जाना रकम रू.१,४०,०००।- समेत गरी जम्मा रू.४,२०,०००।- यी प्रतिवादीहरूबाट जाहेरवाला मनोजकुमार राना मगरलाई दिलाई भराइपाउँ भन्ने अभियोग मागदाबी रहेकोमा दाबीबमोजिम प्रतिवादीमध्ये रामचन्द्र पुडासैनीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसुरमा सोही ऐनको दफा ४३ बमोजिम १ वर्ष ६ महिना कैद र रू.१,५०,०००।- जरिवाना हुने ठहऱ्याई अर्का प्रतिवादी सन्तोष महर्जनले अभियोग दाबीबाट सफाइ पाउने र जाहेरवाला मनोजकुमार राना मगरले प्रतिवादीबाट लिनुपर्ने रकम पाइसकेको भनी न्यायाधिकरणमा बकपत्र गरेको देखिँदा बिगो र हर्जानातर्फको दाबी पुग्न नसक्ने ठहऱ्याई न्यायाधिकरणबाट भएको फैसलामा चित्त नबुझाई अभियोग दाबीबाट सफाइ पाएका प्रतिवादी सन्तोष महर्जनको हकमा दाबीबमोजिम नै सजाय गरिपाउँ भनी वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पुनरावेदन परेको देखियो। अर्का प्रतिवादी रामचन्द्र पुडासैनीको हकमा कुनै दाबी नलिएकोले निजका सम्बन्धमा केही गरिरहनु परेन।

३. अब यी प्रतिवादी सन्तोष महर्जनलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको फैसला कानूनत: त्रुटिपूर्ण हुनाले बदर गरी अभियोग मागदाबीबमोजिम नै सजाय हुनुपर्दछ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, प्रतिवादी रामचन्द्र पुडासैनीले मलाई वैदेशिक रोजगारीको लागि कम्बोडियाको क्यासिनोमा यु.एस. डलर १०००।- पारिश्रमिक हुने गरी पठाई दिउँला भनी विश्वास तथा प्रलोभनमा पारी विभिन्न मितिमा जम्मा रू.२,८०,०००।- लिई भनेबमोजिमको वैदेशिक रोजगारमा पठाउन नसकेको र मबाट लिएको रकम लिखत कागजसमेत गरी भाखाभित्र रकम फिर्ता नगरेको हुनाले वैदेशिक रोजगार ऐनअनुसार कारबाही गरी मेरो बिगो र हर्जानासमेत दिलाई भराइपाउँ भन्ने जाहेरवाला मनोजकुमार राना मगरको जाहेरीबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ।

४. प्रतिवादीमध्येका सन्तोष महर्जन सुरू अनुसन्धानमा उपस्थित नहुनुका साथै न्यायाधिकरणबाट निजको नाममा जारी भएको समाह्वान म्याद रीतपूर्वक तामेल भएकोमा म्यादभित्र हाजिर नभई म्यादै गुजारी बसेको देखिन्छ।

५. प्रतिवादीहरूमध्ये रामचन्द्र पुडासैनीले जाहेरवालालाई गरिदिएको मिति २०६९।११।२० गतेको सक्कल लिखत हेर्दा जाहेरवाला मनोजकुमार

राना मगरलाई वैदेशिक रोजगारको लागि कम्बोडियाको क्यासिनोमा रोजगारी दिलाइदिने सर्तमा विभिन्न मितिमा आई.एम.ई मार्फत, NIC Bank मा Deposit गर्न लगाई र नगदसमेत गरी रू.२,८०,०००।- (दुई लाख असी हजार) बुझिलिएको, वैदेशिक रोजगारीमा पठाउन नसकेको हुँदा उक्त रकम मिति २०७०।१।३० भित्रमा फिर्ता बुझाइसक्ने र सो मितिमा फिर्ता बुझाउन नसकेमा प्रचलित कानूनबमोजिम कारबाही गरी सावाँ ब्याज जाहेरवालाले असुलउपर गरी लिनु भन्ने बेहोरा उल्लेख गरेको पाइन्छ।

६. प्रतिवादीमध्ये रामचन्द्र पुडासैनीले न्यायाधिकरणमा आफ्नो साथी सन्तोष महर्जनलाई चिनाई दिएको मात्र भनी कसुरमा इन्कार रही बयान गरे तापनि जाहेरवाला मनोजकुमार राना मगरलाई निज सन्तोष महर्जनसँग भेट गराई कुराकानी गरी निज जाहेरवालासँग रू.२,००,०००।- लिई सन्तोष महर्जनको इन्भेष्टमेन्ट बैंकको खातामा हालिदिएको हो। सन्तोष महर्जनले भनेबमोजिम जाहेरवालालाई कम्बोडिया नपठाई दिएकोले जाहेरवाला र मबिच विवाद भई मैले रकम लिएको हुँ भनी लिखत कागज गरिदिएको हो भनी जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउन रकम लिएको स्वीकार गरी अनुसन्धानमा बयान गरेको देखिन्छ।

७. प्रतिवादी रामचन्द्र पुडासैनीले आफूलाई वैदेशिक रोजगारमा कम्बोडिया मुलुकमा रोजगारीको लागि पठाइदिन्छु भनी पटकपटक गरी रू.२,८०,०००।- लिई मिति २०६९।११।२० मा कागज गरिदिएको भनी किटानी जाहेरी दिनुका साथै प्रमाणमा सो कागज पेस गरेको देखिन्छ भने प्रतिवादी रामचन्द्र पुडासैनीले आफूले जाहेरवालाबाट रकम लिई अर्का प्रतिवादी सन्तोष महर्जनको बैंक खातामा उक्त रकम जम्मा गरिदिएको हुँ भने तापनि सोको ठोस प्रमाणसमेत पेस गर्न सकेको मिसिलबाट देखिँदैन।

८. जाहेरी दिएको लामो समयपश्चात् जाहेरवाला मनोजकुमार राना मगरले आफूले दिएको जाहेरी दरखास्त र सोसाथ प्रमाणमा पेस गरेको लिखत कागजविपरीत गरेको निजको बकपत्र आफैँमा विश्वसनीय देखिँदैन । लिखत कागजका साक्षी ललितबहादुर क्याप्छाकीले प्रतिवादी रामचन्द्र पुडासैनीले जाहेरवाला मनोजकुमार राना मगरसँग वैदेशिक रोजगारमा पठाई रोजगारी दिलाइदिने भनी राजीखुसीका साथ रकम बुझिलिई लिखत कागज गरिदिएका हुन् भनी अनुसन्धानमा जाहेरीलाई समर्थन हुने गरी कागज गरेसमेतबाट प्रतिवादी रामचन्द्र पुडासैनीले बिनाइजाजत जाहेरवालालाई वैदेशिक रोजगारमा कम्बोडिया पठाइदिन्छु भनी झुट्टा आश्वासन दिई प्रलोभनमा पारी रकमसमेत लिई भनेबमोजिम वैदेशिक रोजगारमा नपठाएको तथ्य पुष्टि भएको देखिन्छ।

९. यी प्रतिवादी सन्तोष महर्जनउपर जाहेरवालाले उक्त कसुरमा निजको पनि संलग्नता थियो भनी जाहेरीमा प्रतिवादी सन्तोष महर्जनको नामसम्म पनि उल्लेख गर्न सकेको पाइँदैन । त्यसैगरी जाहेरवालाले यी प्रतिवादी सन्तोष महर्जनलाई आफूले नचिनेको भनी न्यायाधिकरणमा बयान गरेको देखिन्छ । जाहेरवाला मनोजकुमार राना मगरबाट रकम बुझिलिएको कागज प्रतिवादी रामचन्द्र पुडासैनीले गरेको देखिन्छ । प्रतिवादी रामचन्द्र पुडासैनीले जाहेरवालाबाट बुझेको रकम यी प्रतिवादी सन्तोष महर्जनको बैंक खातामा जम्मा गरेको हो भने तापनि उक्त रकम सन्तोष महर्जनको

खातामा जम्मा गरेको बैंक भौचर र निजको खाताको स्टेटमेन्ट जस्ता कुनै ठोस प्रमाण पेस गर्न सकेको पनि देखिँदैन। यी प्रतिवादी सन्तोष महर्जनले जाहेरवाला तथा सहप्रतिवादी रामचन्द्र पुडासैनीबाट कुनै प्रकारको रकम बुझिलिएको वा त्यस्तो कुनै लिखत कागज गरिदिएको समेत मिसिलबाट देखिँदैन । वैदेशिक रोजगार ठगी जस्तो मुद्दामा, लिखत, भौचर र अन्य कागजातहरू जस्ता भौतिक एवं स्वतन्त्र प्रमाण र सोका परीक्षणले घटना, वारदात र सोमा कसुरदारको संलग्नतालाई पुष्टि नगरेको अवस्थामा केवल सहप्रतिवादीले पोल गरेकै आधारमा अदालतले पनि शंका र अनुमानको आधारमा कसैलाई पनि सजाय गर्न मिल्दैन । प्रतिवादीको बयान कागज र सहअभियुक्तको पोललाई अन्य स्वतन्त्र प्रमाणबाट समर्थित नभएको अवस्थामा केवल शंकास्पद प्रमाण वा तथ्यगत विश्लेषणबाट गरिएको अनुमानको भरमा मात्र कसैलाई कुनै फौजदारी कसुर गरेको ठहर गरी प्रतिवादीलाई सजाय गर्नु न्यायसङ्गत र कानूनसम्मत नहुने देखिँदा केवल प्रतिवादी रामचन्द्र पुडासैनीको पोल बयानबाहेक अन्य स्वतन्त्र प्रमाणबाट अभियोजन पक्षले यी प्रतिवादी सन्तोष महर्जनउपरको अभियोग दाबीलाई प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम प्रमाणित गर्न नसकेको देखिँदा यी प्रतिवादी सन्तोष महर्जनलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन र उक्त पुनरावेदनलाई समर्थन हुने गरी विद्वान् उपन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिरसँग सहमत हुन सकिएन।

१०. तसर्थ, माथि विवेचित तथ्यगत आधार र कारणसमेतबाट प्रतिवादीमध्ये रामचन्द्र पुडासैनीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसुरमा सोही ऐनको दफा ४३ बमोजिम १।६।० (एक वर्ष छ महिना) कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार) जरिवाना हुने ठहऱ्याई र साथै यी प्रतिवादी सन्तोष महर्जनलाई अभियोग दाबी प्रमाणित हुन नसकेको आधारमा अभियोग दाबीबाट सफाइ दिने र जाहेरवाला मनोजकुमार राना मगरले प्रतिवादी रामचन्द्र पुडासैनीबाट लिनुपर्ने रकम पाइसकेको देखिँदा बिगो र हर्जाना भराई दिइरहन नपर्ने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०७३।१२।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.कुमार रेग्मी

इजलास अधिकृत : माधव भण्डारी
इति संवत् २०७७ साल पौष १५ गते रोज ४ शुभम्।

## निर्णय नं. १०६९१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
माननीय न्यायाधीश श्री कुमार रेग्मी
फैसला मिति : २०७७।९।१५

मुद्दा:- वैदेशिक रोजगार कसुर

०७६-CR-०३५१

पुनरावेदक / प्रत्यर्थी : शेरबहादुर छन्त्यालको छोरा दाङ जिल्ला, तुलसीपुर नगरपालिका वडा नं.५ घर भई हाल कारागार कार्यालय डिल्लीबजार, काठमाडौंमा थुनामा रहेको होमबहादुर छन्त्याल

विरूद्ध

विपक्षी / वादी : सुदय नेपालीसमेतको जाहेरीले नेपाल सरकार

०७६-CR-०७१९

पुनरावेदक / वादी : सुदय नेपालीसमेतको जाहेरीले नेपाल सरकार

विरूद्ध

विपक्षी / प्रत्यर्थी : शेरबहादुर छन्त्यालको छोरा दाङ जिल्ला, तुलसीपुर नगरपालिका वडा नं. ५ हात्तीखोवा घर भई हाल काठमाडौं जिल्ला, टोखा नगरपालिका वडा नं.४ गोंगबु बस्ने होमबहादुर छन्त्यालसमेत

- **वैदेशिक रोजगारीमा जानका लागि रकम भुक्तानी गरेको वा उपलब्ध गराएको हो भनी पीडितले जाहेरी दरखास्तमा किटानी रूपमा उल्लेख नगरेको स्थितिमा प्रतिवादीलाई उपलब्ध गराएको रकम अन्य काम बेहोरा वा ऋण सापटको लागिसमेत उपलब्ध गराएको हुनसक्ने अवस्थालाई पूरै इन्कार गर्न नसकिने ।**

(प्रकरण नं.१३)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री विदुरकुमार कार्की
प्रत्यर्थीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- वैदेशिक रोजगार ऐन, २०६४
- प्रमाण ऐन, २०३१

सुरू तहमा फैसला गर्नेः
माननीय अध्यक्ष श्री सत्यराज गुरूङ
सदस्य श्री रमादेवी पराजुली
सदस्य श्री रामेश्वर रेग्मी
वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौं

फैसला

**न्या.कुमार रेग्मी :** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६(२) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

तथ्य खण्ड

प्रतिवादी होमबहादुर छन्त्यालले जाहेरवाला सुदय नेपाली, रविन परियार (नेपाली), केशव परियार र डम्बर बुढाथोकीसमेत जना ४ लाई पलाउमा होटलमा काम गर्ने मानिसहरूको माग भई

आएको छ, मासिक तलब ११०० डलर हुन्छ भनी प्रलोभन देखाई सोबापत २०७२ मंसिर महिनामा जाहेरवालाहरूबाट जनही रू.६,५०,०००।- का दरले जम्मा रू.२६,००,०००।- र राहदानीसमेत लिई मिति २०७३।१।२२ मा केशव परियार र डम्बरबहादुर बुढाथोकीलाई, मिति २०७३।२।१२ मा सुदय नेपाली र रविन परियारलाई थाइल्यान्ड हुँदै पलाउ जाने भनी थाइल्यान्डमा पठाई मिति २०७३।२।१५ मा प्रतिवादी होमबहादुर छन्त्याल आफैँ थाइल्यान्ड पुगी चारै जनालाई भेटी पलाउको लागि काम भएन अब चारै जनालाई यहीँबाट कोरिया पठाइदिन्छु भनी विश्वास दिलाई त्यहीँ छाडी अलपत्र पारी प्रतिवादी एक्लै नेपाल आएका हुन्। त्यसपछि हामी जाहेरवालाहरूले घरबाट रकम मगाई थाइल्यान्डबाट नेपाल फिर्ता आई प्रतिवादी होमबहादुर छन्त्याल सम्पर्क गर्दा सम्पर्कविहीन भई हामी जाहेरवालाहरूबाट रू.२६,००,०००।- ठगी गरेको भन्ने सुदय नेपाली, रविन परियार (नेपाली) केशव परियार र डम्बरबहादुर बुढाथोकीले महानगरीय प्रहरी परिसर टेकु काठमाडौंमा मिति २०७३।३।२६ मा दिएको संयुक्त जाहेरी दरखास्त।

काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. ३० महाबौद्धमा मिति २०७३।३।२६ मा होमबहादुर छन्त्याललाई फेला पारी निजको शरीर तलासी लिँदा निजकै नामको इन्भेष्टमेन्ट बैंक लि. चेक बुक, राहदानी, डायरी, सामसुङ मोबाइल विदेशी सिमकार्ड थान-२ समेत फेला पारी बरामद गरिएको भन्नेसमेत बेहोराको मिति २०७३।३।२६ को खानतलासी तथा बरामदी मुचुल्का।

प्रतिवादी होमबहादुर छन्त्यालले २०७२ सालको विभिन्न मितिमा पलाउ र साउथ कोरिया पठाई सेक्युरिटी गार्ड तथा सुपर मार्केटमा काम लगाइदिन्छु, ११०० डलर मासिक तलब हुन्छ भनी प्रलोभनमा पारेका हुँदा त्यहाँ जानको लागि खर्च भनी २०७२ सालमा बिमा पटकपटक गरी खर्कविर घर्तीसँग रू.६,५०,०००।-, शिवराज पुन मगरसँग रू.६,४०,०००।-, तारासिंह बुढासँग रू.६,२५,०००।- टिकाराम घर्तीमगरबाट रू.६,४५,०००।- र दिलबहादुर थापा मगरबाट ७,२५,०००।- लिई खर्कविर घर्तीलाई थाइल्यान्ड हुँदै पलाउ जाने भनी पठाएको, शिवराज पुन मगर, तारासिंह बुढा, टिकाराम घर्ती र दुलबहादुर थापा मगरलाई थाइल्यान्ड पठाई प्रतिवादी पनि थाइल्यान्ड गई १ महिनासम्म थाइल्यान्डमा निजहरूसँगै बसी प्रतिवादी एक्लै नेपाल फर्की हामीहरूलाई विचल्लीमा पारी हामीहरूबाट रू.३२,८५,०००।- ठगी गरेको भनी खर्कविर घर्ती, तारासिंह बुढा, टिकाराम घर्तीमगर, दलबहादुर थापा र शिवराज पुन मगरसमेतले महानगरीय प्रहरी परिसर टेकु, काठमाडौंमा मिति २०७३।३।२६ मा दिएको संयुक्त जाहेरी दरखास्त।

मिति २०७२।५।२७ देखि विभिन्न मितिमा प्रतिवादी होमबहादुर छन्त्यालले काम गर्नको लागि जाहेरवालाहरू धनराज तामाङलाई कतार हुँदै रसिया पठाइदिन्छु भनी रू.६,७५,०००।- लिई रसिया पठाई बिचल्लीमा परी फर्की आएका, उद्धबबहादुर मैनालीलाई भारत दिल्ली हुँदै साउथ अफ्रिका पठाइदिन्छु भनी रू.५,००,०००।- लिई दिल्ली पुऱ्याई ३ महिनासम्म त्यही राखी बिचल्लीमा पारेका, मणिराज घिमिरे, रविन्द्र घिमिरे, विरबहादुर गुरूङलाई पलाउ पठाइन्छु भनी निजहरूबाट क्रमश: रू.७,१०,०००।- रू.६,१०,०००।- र रू.७,१७,०००।- रकम लिई पलाउ पुऱ्याई ६ महिनासम्म अलपत्र पारेकोमा जाहेरवालाहरूले

घरमा सम्पर्क गरी नेपाल फर्की आएकोमा प्रतिवादीले पुन: अर्को देशमा पठाइदिन्छु भनी आश्वासन दिई केही महिनाअगाडिबाट सम्पर्कविहीन भई हामीहरूको कुल बिगो रू.३२,१२,०००।- ठगी गरेको भनी जाहेरवालाहरू धनराज तामाङ, उद्धबबहादुर मैनाली, मणिराम घिमिरे, रविन्द्र घिमिरे र विरबहादुर गुरूङले महानगरीय प्रहरी परिसर टेकु, काठमाडौंमा मिति २०७३।३।२७ मा दिएको संयुक्त जाहेरी दरखास्त।

प्रतिवादी होमबहादुर छन्त्यालले हामी जाहेरवालाहरू कृष्णबहादुर कुँवर र खिमराज न्यौपानेलाई वैदेशिक रोजगारको लागि युगान्डा पठाइदिन्छु भनी विभिन्न प्रकारको कागज, आई.एम.ई. तथा हातहातैमा गरी म कृष्णबहादुर कुँवरसँग रू.६,००,०००।- र म खिमराज न्यौपानेसँग रू.९,००,०००।- रकम लिएकोमा त्यहाँ नपठाई युगान्डाको लागि भएन अब रसिया पठाइदिन्छु भनी झुक्काई म कृष्णबहादुर कुँवरलाई दुबई पुर्‍याई अलपत्र पारेको र म खिमराज न्यौपानेलाई युक्रेन पुर्‍याएकोमा त्यहाँ ५ महिनासम्म जेल सजाय भोगी नेपाल फर्किएको हो । यसरी प्रतिवादी होमबहादुर छन्त्यालले रकम लिई झुक्काई ठगी गरेको भन्नेसमेत बेहोराको जाहेरवाला खिमराज न्यौपाने र कृष्णबहादुर कुँवरले महानगरीय प्रहरी परिसर टेकु, काठमाडौंमा मिति २०७३।३।२९ मा दिएको संयुक्त जाहेरी दरखास्त।

प्रतिवादी होमबहादुर छन्त्यालले म जाहेरवाला जुक्तबहादुर थापालाई युगान्डामा रहेको अमेरिकन कम्पनीमा सेक्युरिटी गार्डको माग भएको छ। मासिक तलब रू.८०,०००।– हुन्छ। सो काममा पठाइदिन्छु भनी प्रलोभनमा देखाई मिति २०७२।२।८ मा त्यहाँ जान लाग्ने खर्च रू.४,००,०००।- र राहदानीसमेत दिइसकेपछि युगान्डा मिलेन अब रसिया पठाइदिन्छु भनी तिस दिने भिजिट भिषा लगाई नक्कली हवाई टिकटसमेत दिई सम्पर्कविहीन भई प्रतिवादी होमबहादुर छन्त्यालले ठगी गरेको भन्नेसमेत बेहोराको जाहेरवाला जुक्तबहादुर थापाले महानगरीय प्रहरी परिसर टेकु, काठमाडौंमा मिति २०७३।३।३० मा दिएको संयुक्त जाहेरी दरखास्त।

प्रतिवादी होमबहादुर छन्त्यालले म जाहेरवाला राजिव के.सी.लाई वैदेशिक रोजगारको लागि कुर्दिस्तान पठाउन भनी रू.२,७०,०००।- लिई दुबई पुर्‍याई ४० दिनपछि नेपाल फर्की आएकोमा पुनः अष्ट्रेलिया पठाइदिने भनेपछि मेरो दाजु दिपेन्द्र के.सी.ले निज प्रतिवादीको नेपाल एम.वि.आई. बैंकमा रहेको खातामा रू.१,४०,०००।-, म जाहेरवालाले रू.३,००,०००।- र हातैमा रू.१,९५,०००।- गरी जम्मा रू.९,०५,०००।- दिएकोमा पुन: भारतसम्म लगी १ महिनासम्म राखी नेपाल फर्काएको र रकमसमेत फिर्ता नगरी ठगी गरेको भन्नेसमेत बेहोराको जाहेरवाला राजिव के.सी. ले महानगरीय प्रहरी परिसर टेकु, काठमाडौंमा मिति २०७३।४।३ मा दिएको जाहेरी दरखास्त।

प्रतिवादी होमबहादुर छन्त्यालले म जाहेरवाला नरेन्द्र बेलवासेलाई वैदेशिक रोजगारको लागि युगान्डा पठाउने भनी रू.१,००,०००।- र राहदानीसमेतका कागजात लिइसकेपछि काम भएन अब लिविया पठाइदिन्छु भनी पुनः रू.८०,०००।-, फेरी साउथ अफ्रिका पठाइदिने भनी रू.४,५०,०००।- र पुनः इरान पठाइदिने भनी रू.२,५०,०००।- हातमै नगद लिएका हुन् । त्यसपछि पनि आई.एम.ई. र हातैमा गरी हालसम्म जम्मा रू.१२,००,०००।- लिई इराक जान भनी भिजिट भिषामा दुबई पुर्‍याई पुन: नेपाल फर्काई भागी

फरार भएको र रकमसमेत फिर्ता नगरी ठगी गरेको भन्नेसमेत बेहोराको जाहेरवाला नरेन्द्र बेलवासेले महानगरीय प्रहरी परिसर टेकु, काठमाडौंमा मिति २०७३।४।९ मा दिएको जाहेरी दरखास्त।

प्रतिवादी होमबहादुर छन्त्यालले विभिन्न मितिमा म जाहेरवाला खिलबहादुर थापालाई वैदेशिक रोजगारको लागि पहिला अफगानिस्तान त्यसपछि क्रमश: रसिया, युगान्डासमेतका देशमा पठाउने भनी पटकपटक गरी हातैमा रू.५,९२,०००।- लिई भनेबमोजिम रोजगारीमा नपठाएको र रकमसमेत फिर्ता नगरी ठगी गरेको भन्नेसमेत बेहोरको जाहेरवाला खिलबहादुर थापाले महानगरीय प्रहरी परिसर टेकु, काठमाडौंमा मिति २०७३।४।१३ मा दिएको जाहेरी दरखास्त।

जाहेरवाला सुदय नेपालीलाई म र सोमराज नेपालीले पलाउ पठाई काममा लगाइदिने भनी आई.एम.ई. मार्फत रू.२,००,०००।- र नगद रू.३,५०,०००।- हातैमा लिएको हो । निजलाई थाइल्यान्डसम्म पुऱ्याए पनि पलाउ पुऱ्याउन सकिएन । निज जाहेरवालाबाट लिएको रकममध्ये रू.१,२५,०००।- सोमराज नेपालीले र रू.२,२५,०००।- मैले राखेको हो । जाहेरवाला रविन परियारलाई वैदेशिक रोजगारमा दुबई पठाउन भनी मैले रू.१,७५,०००।- लिई भिजिट भिषामा दुबई पठाएको हो । त्यहाँ काम दिलाउन नसकेपछि पुन: कोरिया पठाउन भनी निज जाहेरवालाबाट रू.२,५०,०००।- लिएकोमा निजलाई कोरिया पठाउन पनि सकिएन । जाहेरवालाबाट लिएको जम्मा रू.४,२५,०००।- मध्ये मनिष भन्ने उदय बरालले रू.१,२५,०००।-, सोमराज नेपालीले रू.१,१०,०००।- र मैले रू.१,९०,०००।- लिएको हुँ । जाहेरवाला केशव परियारलाई वैदेशिक रोजगारमा दुबई पठाउन भनी मैले रू.१,७५,०००।- लिई भिजिट भिषामा दुबई पठाएको हो । त्यहाँ काम दिलाउन नसकेपछि पुन: पलाउ पठाउन भनी निज जाहेरवालाबाट रू.२,५०,०००।- लिएकोमा निजलाई पलाउ काम दिलाउन पनि सकिएन । जाहेरवालाबाट लिएको जम्मा रू.४,२५,०००।- मध्ये मनिष भन्ने उदय बरालले रू.१,२५,०००।-, राजमणी दाहालले रू.१,३०,०००।- र मैले रू.१,७०,०००।- लिएको हुँ । जाहेरवाला डम्बरबहादुर बुढाथोकीलाई वैदेशिक रोजगारमा पलाउ पठाउन भनी मैले रू.३,५०,०००।- लिई भिजिट भिषामा पलाउ पठाएकोमा त्यहाँ काम दिलाउन नसकेपछि पुन: कोरिया पठाउने भनेकोमा निजलाई कोरिया पठाउन सकिएन । जाहेरवालाबाट लिएको जम्मा रू.३,५०,०००।- मध्ये राजमणि दाहालले रू.१,३०,०००।- र मैले रू.२,२०,०००।- लिएको हुँ । जाहेरवाला धनराज तामाङलाई वैदेशिक रोजगारमा रसिया पठाई काममा सेटल गराइदिने भनी मेरा साथी रामप्रसाद गुरागाईंले मेरो सम्पर्कमा ल्याएका हुन् । निजलाई ३० दिने भिजिट भिषामा रसिया पठाएकोमा निज सेटल हुन नसकेपछि जाहेरवाला नेपाल फर्किएका हुन् । जाहेरवाललाई रसिया पठाउन भनी रामप्रसाद गुरागाईंले मलाई रू.२,५०,०००।- दिई अरू पैसा निजले नै राखेका हुन् । जाहेरवाला उद्धवबहादुर मैनालीलाई वैदेशिक रोजगारमा साउथ अफ्रिका पठाइदिने भनी मेरा साथी रामप्रसाद गुरागाईंले मेरो सम्पर्कमा ल्याएका हुन् । रामप्रसाद गुरागाईंले मलाई रू.२,००,०००।- दिएका हुन् । निजले जाहेरवालाबाट के कति रकम लिए मलाई थाहा भएन । जाहेरवाला मणिराज घिमिरेलाई वैदेशिक रोजगारमा पलाउ पठाउन भनी मैले आई.एम.ई. मार्फत रू.१,००,०००।-, राजमणि

दाहालले रू.१,००,०००।- र बाँकी रकम रामप्रसाद गुरागाईंले लिएका हुन् । जाहेरवालालाई भिजिट भिषामा दुबई पठाएकोमा दुबईबाट पलाउ पठाई काममा सेटल गराउन सकिएन । जाहेरवाला रविन्द्र घिमिरेलाई वैदेशिक रोजगारमा पलाउ पठाई काममा सेटल गराइदिने भनी मेरा साथी रामप्रसाद गुरागाईंले मेरो सम्पर्कमा ल्याई मलाई रू.१,५०,०००।- दिएका हुन् । निजले जाहेरवालाबाट के कति रकम लिए मलाई थाहा भएन । राजमणि दाहालले रू.१,००,०००।- र बाँकी रकम रामप्रसाद गुरागाईंले लिएका हुन् । यी जाहेरवालालाई भिजिट भिषामा दुबई पठाएकोमा दुबईबाट पलाउ पठाई काममा सेटल गराउन नसकेपछि निज नेपाल फर्किएका हुन् । जाहेरवाला विरबहादुर गुरूङलाई वैदेशिक रोजगारमा पलाउ पठाई काममा सेटल गराइदिने भनी लालुमाया थापामगरले मेरो सम्पर्कमा ल्याएकी हुन् । जाहेरवालाबाट लिएको रू.५,००,०००।- मध्ये मैले रू.१,४०,०००।- लिएको हो र बाँकी रकम राजमणि दाहालले रू.३,६०,०००।- लिएको हो । लालुमाया थापामगरले जाहेरवालाबाट के कति रकम लिए मलाई थाहा भएन । जाहेरवालालाई भिजिट भिषामा पलाउ पठाएकोमा काममा सेटल गराउन नसकेपछि जाहेरवाला नेपाल फर्किएका हुन्। जाहेरवाला खर्कविर घर्तीलाई वैदेशिक रोजगारमा पलाउ पठाइदिने भनी मैले र राजमणि दाहालले हातैमा रू.२,५०,०००।- लिएकोमा सोमध्ये मैले रू.१,००,०००।- लिएको हो र राजमणि दाहालले रू.१,५०,०००।- लिएको हो । जाहेरवालालाई भिजिट भिषामा पलाउ पठाएकोमा काममा सेटल गराउन नसकेपछि जाहेरवाला नेपाल फर्किएका हुन् । जाहेरवाला शिवराज पुन मगर र तारासिंह बुढालाई वैदेशिक रोजगारमा कोरिया पठाइदिने भनी मैले र सोमराज नेपालीले रू.२,५०,०००।- लिएकोमा हो । जाहेरवालालाई भिजिट भिषामा थाइल्यान्ड पठाएकोमा थाइल्यान्डबाट कोरियामा लगि काममा सेटल गराउन नसकेपछि निज जाहेरवालाहरू नेपाल फर्किएका हुन् । जाहेरवाला टिकाराम घर्तीलाई म र सोमराज नेपाली भई वैदेशिक रोजगारमा कोरिया पठाइदिने भनी मैले रू. ५०,०००।- लिएको हो । अरू रकम सोमराज नेपालीले लिई भागेका हुन् । जाहेरवालालाई भिजिट भिषामा थाइल्यान्ड लगी कोरियामा पठाउने भनेकोमा निजलाई थाइल्यान्डबाट कोरिया पठाउन नसकेपछि जाहेरवाला नेपाल फर्किएका हुन् । जाहेरवाला दुलबहादुर थापामगरलाई म र सोमराज नेपाली भई वैदेशिक रोजगारमा कोरिया पठाइदिने भनी मैले रू.२,००,०००।- लिएको हो । जाहेरवालालाई भिजिट भिषामा थाइल्यान्ड लगी कोरियामा पठाउने भनेकोमा निजलाई थाइल्यान्डबाट कोरिया पठाउन नसकेपछि निज जाहेरवाला नेपाल फर्किएका हुन् । जाहेरवाला कृष्णबहादुर कुँवरलाई वैदेशिक रोजगारमा युगान्डा पठाइदिने भनी विभिन्न किसिमको कागज गरी र आई.एम.ई. समेतबाट जम्मा रू. ३,५०,०००।- लिएको हो । युगान्डा पठाउन नसकेपछि भिजिट भिषामा दुबई पठाई रसियामा पठाउने भनेकोमा निजलाई दुबईबाट रसिया पठाउन नसकेपछि जाहेरवाला नेपाल फर्किएका हुन् । जाहेरवाला खिमराज न्यौपानेलाई वैदेशिक रोजगारमा युगान्डा पठाइदिने भनी विभिन्न किसिमको कागज गरी र आई.एम.ई. समेतबाट जम्मा रू.३,५०,०००।- लिएको हो । युगान्डा पठाउन नसकेपछि भिजिट भिषामा दुबई पठाई रसिया पठाएकोमा निज रसियाबाट आफ्नै इच्छाले युक्रेन गएका हुन् । जाहेरवाला जुक्तबहादुर थापालाई वैदेशिक रोजगारमा युगान्डा नभई रसिया पठाइदिने

भनी निजबाट मैले जम्मा रू.४,००,०००।- लिएको हो । रसियाको लागि ३० दिने भिजिट भिषा लागेकोमा भिजिट भिषामा जान मानेनन् र पुन: दुबई पठाउन खोज्दा नमानेका हुन् भन्नेसमेत बेहोराको प्रतिवादी होमबहादुर छन्त्यालले मिति २०७३।४।३ मा अनुसन्धान अधिकृतसमक्ष गरेको बयान।

प्रतिवादी होमबहादुर छन्त्यालले जाहेरवाला राजिब के.सी. समेतका मानिसहरूलाई वैदेशिक रोजगारमा अष्ट्रेलियालगायतका देशमा पठाइदिन्छु भनी रकम लिई भिजिट भिषामा पठाई अलपत्र पारी वैदेशिक रोजगारमा नपठाउने र एक देशमा भनी अर्को देशमा पुऱ्याई विचल्ली पार्ने काम गरेका हुन् भनी शक्ति खड्का र सुवास के.सी.ले गरेको घटना विवरण कागज।

प्रतिवादी होमबहादुर छन्त्यालले जाहेरवाला धनराज तामाङसमेतका मानिसहरूलाई वैदेशिक रोजगारमा विभिन्न देशमा पठाइदिन्छु भनी रकम लिई भिजिट भिषामा पठाई अलपत्र पारी वैदेशिक रोजगारमा नपठाउने र एक देशमा भनी अर्को देशमा पुऱ्याई बिचल्ली पार्ने काम गरेका हुन् भनी छविलाल तामाङले गरेको घटना विवरण कागज।

२५ अप्रिल २०१६ मा होमबहादुर छन्त्यालको खातामा नं. ०१६१५०५०७३५ मा रू.२०,०००।- डिपोजिट गरेको बैंक स्टेटमेन्ट।

आई.एम.ई. कोड नं. ७१५१३१९२२३ डी मार्फत कृष्णबहादुरले रू.६०,०००।– पठाएकोमा होमबहादुर छन्त्यालले मिति २०७०।१०।१५ मा बुझी लगेको भन्नेसमेत बेहोराको पत्र।

शर्मिला पौड्यालको खाता नं.२०११५२४१४०३७६० मा दिपेन्द्र के.सी. (जाहेरवाला राजिब के.सी. को दाजु) ले रू.१,४०,०००।- र प्रतिभा रैलाको खाता नं.२०११५२४१४०३४६५ मा जाहेरवाला राजिब के.सी. ले रू.३,००,०००।- जम्मा गरेको बैंक स्टेटमेन्ट।

जाहेरवाला राजिव के.सी.लाई वैदेशिक रोजगारमा पठाउन भनी उद्धवराज के.सी. बाट रू.२,९३,०००।- र राजिव के.सी. बाट रू.२,७०,०००।- बुझी लिई प्रतिवादी होमबहादुर छन्त्यालले मिति २०६९।९।१५ गरिदिएको लिखत कागज मिसिल संलग्न रहेको।

जाहेरवाला नरेन्द्र बेलवासेलाई वैदेशिक रोजगारमा पठाउन भनी रू.२,५०,०००।- बुझीलिई प्रतिवादी होमबहादुर छन्त्यालले मिति २०६९।६।१८ गरिदिएको लिखत कागज मिसिल संलग्न रहेको।

म र मनिष भन्ने उदय बरालले जाहेरवाला राजिव के.सी.लाई दुबई हुँदै किर्गिस्तान पठाउने भनी ३ वर्षअगाडि कागज गरी रू.२,७०,०००।- लिई भिजिट भिषामा दुबई पठाएका हौं । दुबई पुगेपछि किर्गिस्तान जान सकेनन् र फिर्ता भएका हुन् । फिर्ता भएपछि पुन: अष्ट्रेलिया पठाउने भनी शर्मिला पौड्यालको नेपाल एस.वि.आई. बैंकको खातामा रू.१,४०,०००।- र प्रतिभा रैलाको खातामा रू.३,००,०००।- जम्मा गर्न लगाएको हो । निजबाट लिएको रकममध्ये मैले रू.३०,०००। - मात्र लिएको हुँ र बाँकी रकम मनिष भन्ने उदय बराल, शर्मिला पौडेल र प्रतिभा रैलाले लिएका हुन्। जाहेरवाला नरेन्द्र बेलवासेलाई वैदेशिक रोजगारमा दुबई पठाउने भनी मैले रू.२,५०,०००।- लिएको हुँ। पछि जाहेरवालाको मान्छेले मेरो श्रीमती मैना छन्त्यालको नाउँमा रू.१५,०००।- पठाई जम्मा रू.२,६५,०००।- लिई भिजिट भिषामा दुबई पठाएकोमा फिर्ता आएका हुन् । जाहेरवाला

खिलबहादुर थापालाई विदेश पठाउने कुरा गरेको तर रकम लिएको होइन भन्नेसमेत बेहोराको प्रतिवादी होमबहादुर छन्त्यालले गरेको ततिम्बा बयान।

जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंबाट प्रस्तुत मुद्दा वैदेशिक रोजगार ऐन, २०६४ को दफा १०, ४३, ४४ र ४६ अनुसारको कसुर हुने सक्ने अवस्था देखिएकोले थप अनुसन्धानसमेतको कार्य गर्नको लागि वैदेशिक रोजगार विभागमा पठाइदिनु भन्ने मिति २०७३।४।१९ को आदेश भएबमोजिम महानगरीय प्रहरी परिसरको मिति २०७३।४।१९ च.नं.३०४ को पत्रसाथ वैदेशिक रोजगार विभागमा मिसिल प्राप्त भएको देखियो।

जाहेरवाला सुदय नेपालीको मामा नाता पर्ने सोमराज नेपालीले यी जाहेरवाला सुदय नेपाली, रविन परियार, केशव परियार र डम्बर बुढाथोकीसमेतलाई वैदेशिक रोजगारको लागि पलाउ पठाइदिन्छु भनी रकम लिएको रहेछन तर के कति रकम लिएको हो सो सम्बन्धनमा मलाई थाहा भएन । जाहेरवाला सुदय नेपालीले रू.२०,०००।-, केशव परियारले रू.१,००,०००।-, डम्बर बुढाथोकीले रू.३०,०००।- निजहरू आफैँले मलाई काठमाडौंदेखि थाइल्यान्डसम्मको टिकट काट्न भनी दिएका हुन्। जाहेरवालामध्ये रविन परियारबाट मैले कुनै रकम लिएको छैन। जाहेरवाला धनबहादुर तामाङ, मणिराज घिमिरे, विरबहादुर गुरूङ, उद्धवबहादुर मैनाली र रविन्द्र घिमिरेसमेतलाई मेरा साथी रामप्रसाद गुरागाईंले वैदेशिक रोजगारको लागि रसिया पठाइदिने भनी रकम लिएको भन्ने कुरा यिनै जाहेरवालाहरूले भनेर थाहा पाएको हो । तर के कति रकम लिएका हुन् मलाई थाहा भएन । जाहेरवालामध्येका मणीराज घिमिरेलाई दुबईसम्मको टिकट काट्न भनी जाहेरवालाको आमा प्रेमकुमारी घिमिरेले सिटी एक्सप्रेस मनि ट्रान्सफरबाट मेरो नाममा रू.१,१०,०००।- पठाएको हुँदा मैले जाहेरवाला मणिराज घिमिरेलाई दुबईसम्मको भिजिट भिषा र टिकट निकाली दिएको हो । जाहेरवाला खिमराज न्यौपाने र कृष्णबहादुर कुँवरलाई वैदेशिक रोजगारमा युगान्डा देश पठाइदिन्छु भनी रकम लिएको नभई आफ्नो घर व्यवहार चलाउनको लागि भनी जाहेरवाला खिमराज न्यौपानेबाट रू.१,००,०००।- र कृष्णबहादुर कुँवरबाट रू.६०,०००।- आई.एम.ई. मार्फत बुझिलिएको हो। मैले उक्त रकम ब्याजसहित फिर्ता गरिसकेको छु। जाहेरवालाले जाहेरीसाथ पेस गरेको मिति २०७१।११।२१ मा रू.२,५०,०००।- रकम बुझिलिएको होइन। जाहेरवालाले मलाई जबरजस्ती लिखत कागज गराएका हुन् । जबरजस्ती लिखत कागज गराएउपर कहीँकतै उजुरबाजुर गरेको छैन। जाहेरवाला नरेन्द्र बेलवासेलाई वैदेशिक रोजगारमा पठाउने भनी मैले रू.२,५०,०००।- लिएको हुँ। पछि जाहेरवालाको श्रीमती शोभा बेलवासेले मेरो श्रीमती मैना छन्त्यालको नाउँमा रू.१५,०००।- पठाई जम्मा रू.२,६५,०००।- लिएको ठिक साँचो हो। उक्त रकम मैले फिर्ता गरिसकेको छु । जाहेरवाला खिलबहादुर थापालाई विदेश पठाउने कुरा गरेको तर रकम लिएको होइन। प्रतिवादी प्रतिभा रैला र शर्मिला पौड्यालसँग मेरो चिनजान छैन। प्रस्तुत मुद्दामा निजहरूको कुनै संलग्नता छ छैन म खुलाउन सक्दिन। प्रतिवादी मैना छन्त्याल मेरो श्रीमती हुन्। प्रस्तुत मुद्दामा निजको कुनै संलग्नता छैन भन्नेसमेत बेहोराको प्रतिवादी होमबहादुर छन्त्यालले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान।

प्रतिवादीहरू होमबहादुर छन्त्याल, मैना छन्त्याल, सोमराज नेपाली, शर्मिला पौड्याल र प्रतिभा रैलाले आपसी मिलेमतो गरी वैदेशिक रोजगार व्यवसाय गर्न पाउने इजाजत अनुमति नलिई जाहेरवालाहरू सुदय नेपाली, रविन परियार, केशव परियार, डम्बरबहादुर बुढाथोकी, धनराज तामाङ, उद्धबबहादुर मैनाली, मणीराज घिमिरे, रविन्द्र घिमिरे, विरबहादुर गुरूङ, खर्कविर घर्ती, टिकाराम घर्तीमगर, दुलबहादुर थापा, तारासिंह बुढा, शिवराज पुन मगर, खिमराज न्यौपाने, कृष्णबहादुर कुँवर, जुक्तबहादुर थापा, राजिब के.सी., नरेन्द्र बेलवासे र खिलबहादुर थापालाई वैदेशिक रोजगारीका लागि पलाउ, थाइल्यान्ड, इराक, कोरिया, युगान्डा, अष्ट्रेलिया, रसियालगायतका अन्य देशहरूमा पठाइदिन्छु भनी रकम बुझिलिई पलाउ, दुबई थाइल्यान्डसम्म पुऱ्याई अलपत्र परी आफैँ फर्किआएको देखिएको र लिए खाएको रकमसमेत फिर्ता नगरेको हुँदा प्रतिवादीहरू होमबहादुर छन्त्याल, मैना छन्त्याल, सोमराज नेपाली, शर्मिला पौड्याल र प्रतिभा रैलाको सो कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर भए गरेको देखिएको हुँदा प्रतिवादीहरू होमबहादुर छन्त्याल, मैना छन्त्याल, सोमराज नेपाली, शर्मिला पौड्याल र प्रतिभा रैलालाई सोही ऐनको दफा ४३ बमोजिम सजाय गरिपाउन र जाहेरवालाहरूबाट प्रतिवादीहरूले लिए खाएको जम्मा बिगो रू.१,३६,९४,०००।- (एक करोड छत्तिस लाख चौरानब्बे हजार) र सोको ५० प्रतिशतले हुने हर्जाना रकम र स्वदेश फर्की आउँदा लागेको खर्चसमेत गरी जम्मा रकम रू.२,०७,९१,०००।- (दुई करोड सात लाख एकानब्बे हजार) प्रतिवादीहरू होमबहादुर छन्त्याल, मैना छन्त्याल, सोमराज नेपाली, शर्मिला पौड्याल र प्रतिभा रैलाबाट जाहेरवालाहरू सुदय नेपाली, रविन परियार, केशव परियार, डम्बरबहादुर बुढाथोकी, धनराज तामाङ, उद्धबबहादुर मैनाली, मणीराज घिमिरे, रविन्द्र घिमिरे, विरबहादुर गुरूङ, खर्कविर घर्ती, टिकाराम घर्तीमगर, दुलबहादुर थापा, तारासिंह बुढा, शिवराज पुन मगर, खिमराज न्यौपाने, कृष्णबहादुर कुँवर, जुक्तबहादुर थापा, राजिव के.सी. नरेन्द्र बेलवासे र खिलबहादुर थापालाई दिलाई भराइपाउँ भन्नेसमेत बेहोराको अभियोगपत्र ।

मलाई मिसिल संलग्न अभियोग पत्रसमेतका सम्पूर्ण कागजातहरू पढिबाची सुनाउँदा सुनिपाएँ। मैले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाइदिन्छु भनी कुनै रकम लिएको छैन । जाहेरवाला सुदय नेपाली र केशव परियारले मलाई तपाइँ काठमाडौंमा बसेको मान्छे हामीहरू बैंककसम्म घुमघामको लागि जाने विचारमा छौं, तपाइँले चिनेको कुनै ट्राभल एजेन्सी भए सम्पर्क गराइदिनु भनी मसँग अनुरोध गरेकोले जाहेरवाला सुदय नेपाली, केशव परियार, डम्बरबहादुर बुढाथोकी, खर्कविर घर्ती, टिकाराम घर्तीमगर, दलबहादुर थापा, तारा सिंह बुढा, शिवराज पुन मगरलाई काठमाडौंको ठमेलमा रहेको वर्ल्ड लिङ्क ट्राभल्स एण्ड टुर्समा चिनजान गराई दिएको हुँ । पछि जाहेरवालाहरू सुदय नेपालीले रू.२०,०००।- जाहेरवाला डम्बरबहादुर बुढाथोकीले रू.३०,०००।-, केशव परियारले रू.२५,०००।- सोही ट्राभल्स एण्ड टुर्सबाट टिकट बुकिङ गर्नको लागि मेरो खातामा रकम जम्मा गरिदिएका हुन् । निजहरूको रकम मैले ट्राभल एजेन्सीमा बुझाइदिएकोसम्म हो । उक्त रकम बुझाएको भरपाई मसँग छ । जाहेरवालाहरू के कसरी को मार्फत

विदेश गए मलाई थाहा भएन । जाहेरवाला खिमराज न्यौपाने र कृष्णबहादुर कुँवरले जाहेरी दरखास्तसाथ पेस गरेको आई.एम.ई. रसिद ठिक साँचो हो । उक्त रसिदबमोजिमको रकम रू.६०,०००।- रकम मैले ऋणबापत लिएको हुँ र सो रकम मैले निज जाहेरवालाको बैंक खातामा पटकपटक गरी जम्मा गरिदिएको छु । अन्य जाहेरवालाहरू राजिव के.सी., धनबहादुर थापा र खिमराज न्यौपानेका लिखतका सम्बन्धमा मलाई केही थाहा भएन । उक्त लिखतमा भएको सहीछाप मेरो होइन । जाहेरवाला नरेन्द्र बेल्वासको श्रीमती शोभा बेल्वासेले मेरो श्रीमती मैना छन्त्यालका नाममा रकम आई.एम.ई. गरेको ठिक साँचो हो । उक्त रकम मैले ऋणबापत लिएको हो र मैले सो रकम तिरिसकेको छु । मैले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजतपत्र लिएको छैन भन्नेसमेत बेहोराको प्रतिवादी होमबहादुर छन्त्यालले वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौं (यसपछि न्यायाधिकरण भनिएको) मा गरेको बयान ।

तत्काल प्राप्त प्रमाणहरूबाट यी प्रतिवादी होमबहादुर छन्त्यालले आरोपित कसुर गरेको रहेन छन् भनी विश्वास गर्न सकिने अवस्था विद्यमान नहुँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल निज प्रतिवादीलाई मुलुकी ऐन, अ.बं.११८ नं. को देहाय २ बमोजिम थुनामा राखी मुद्दा पुर्पक्ष गर्ने गरी अ.बं.१२१ नं. बमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्न पठाउनु भन्नेसमेत बेहोराको न्यायाधिकरणबाट मिति २०७३।४।२८ मा भएको थुनछेक आदेश ।

मलाई मिसिल संलग्न अभियोग पत्रसमेतका सम्पूर्ण कागजातहरू पढिबाची सुनाउँदा सुनिपाएँ । मैले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाइदिन्छु भनी कुनै रकम लिएको छैन । जाहेरवाला नरेन्द्र बेल्वासको श्रीमती शोभा बेल्वासेले मेरो श्रीमान् होमबहादुर छन्त्यालसँग सापटी लिएको रकम मेरो नाममा प्रभु बैंकबाट रू.१५,०००।- पठाएको हो । अन्य कुरा मलाई केही थाहा छैन । मेरो श्रीमान् होमबहादुर छन्त्यालले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा विदेश पठाइदिन्छु भनी रकम लिए नलिएको सम्बन्धमा मलाई केही थाहा छैन । मैले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजतपत्र लिएको छैन भन्नेसमेत बेहोराको प्रतिवादी मैना छन्त्यालले न्यायाधिकरणमा गरेको बयान ।

तत्काल प्राप्त प्रमाणहरूबाट यी प्रतिवादी मैना छन्त्यालले आरोपित कसुर गरेको रहेछन् भनी विश्वास गर्न सकिने अवस्था विद्यमान नहुँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल निज प्रतिवादीलाई मुलुकी ऐन, अ.बं.४७ नं. बमोजिम साधारण तारेख राख्न पठाउनु भन्नेसमेत बेहोराको न्यायाधिकरणबाट भएको मिति २०७४।५।२५ को थुनछेक आदेश ।

प्रतिवादी मैना छन्त्याले कोही कसैलाई वैदेशिक रोजगारमा पठाउन भनी रकम लिएको मलाई थाहा छैन । निज प्रतिवादी सामान्य लेखपढ मात्र भएको गृहिणी हुन् । निजको वैदेशिक रोजगारमा पठाउने कुनै हैसियत छैन । यी प्रतिवादीका श्रीमान् होमबहादुर छन्त्यालले जाहेरवाला नरेन्द्र बेल्वासेसँग सापटी लिएको रकम रू.१५,०००।- जाहेरवालाले नरेन्द्र बेल्वासेले आफ्नी श्रीमती शोभा बेल्वासेको नामबाट प्रभु बैंकमा पठाएको रकम यी प्रतिवादी मैना छन्त्यालले लिएकोसम्म हो । अन्य कुरा मलाई केही थाहा छैन भन्नेसमेत बेहोरको प्रतिवादी मैना छन्त्यालका साक्षी नावु छन्त्यालले न्यायाधिकरणमा गरेको बकपत्र ।

प्रतिवादी होमबहादुर छन्त्यालले कोही कसैलाई वैदेशिक रोजगारमा पठाउन भनी रकम लिएको मलाई थाहा छैन। निजको वैदेशिक रोजगारमा पठाउने कुनै हैसियत छैन। यी प्रतिवादीले सामान्य वाइरिङसम्बन्धी काम गर्ने गर्छन्। जाहेरवालाहरूले घुमघामको लागि थाइल्यान्ड जान हवाई टिकटको व्यवस्था गरिदिनुपर्‍यो भनी अनुरोध गरेकाले चिनेको ट्राभलमार्फत हवाई टिकट काट्न आई.एम.ई. मार्फत निजको नाममा रकम पठाएको रहेछ पछि के केसो भएर झुट्टा बेहोरा पारी उजुरी दिएका हुन थाहा भएन। प्रतिवादीउपरको अभियोग माग दाबी झुट्टा हो भन्नेसमेत बेहोराको प्रतिवादी होमबहादुर छन्त्यालका साक्षी सन्तबहादुर छन्त्यालले न्यायाधिकरणमा गरेको बकपत्र।

प्रतिवादी होमबहादुर छन्त्यालले मलाई वैदेशिक रोजगारमा इराक पठाउँछु भनी नगद रू.२,५०,०००।- लिएको हो। प्रतिवादीलाई रकम दिएको प्रमाण स्वरूप लिखत कागज बनाएको छु। निजले मलाई वैदेशिक रोजगारमा इराकसम्म लगेर एक महिना बस्दा पनि भनेबमोजिम काम नपाएकोले आफ्नै खर्चमा नेपाल फर्किएको हो। उक्त रकम प्रतिवादीसँग माग गर्दा निजले फेरी सेसेल्स देशमा पठाउँछु भनी थप रू.४,००,०००।- माग गरेकोले उक्त रकम आई.एम.ई गरी प्रतिवादी होमबहादुर छन्त्याल र निजको श्रीमती मैयाँ छन्त्यालको नाममा पठाएको हो। सो रकम दिएपछि निजले भारतको दिल्लीसम्म लगेर राखी अलपत्र पारी प्रतिवादीसँग सम्पर्क गर्दा फेरी रू.१,००,०००।- मागेकोले मैले आई.एम.ई. बाट रकम पठाएको हो। उक्त रकम दिएपछि पुन: रू.८०,०००।- थप गरे मेक्सिको पठाइदिन्छु भनेकोले मैले उक्त रकमसमेत आई.एम.ई. बाट पठाएको हो। सो रकम दिएपछि निज प्रतिवादी सम्पर्कविहीन भएपछि म नेपाल फर्की आई जाहेरी दिएको हो। प्रतिवादीबाट हर्जानासहितको बिगो र फर्की आउँदा लागेको खर्चसमेत दिलाई पाउँ भन्नेसमेत बेहोराको जाहेरवाला नरेन्द्र बेल्वासेले न्यायाधिकरणमा गरेको बकपत्र।

प्रतिवादी होमबहादुर छन्त्यालले मलाई वैदेशिक रोजगारमा रसिया पठाउँछु भनी नगद रू.७,००,०००।- दिएको हो। प्रतिवादीलाई रकम दिएको प्रमाण स्वरूप लिखत कागज बनाएको छु। निजले मलाई वैदेशिक रोजगारमा रसियासम्म लगेर २२ दिन बस्दा पनि भनेबमोजिम काम नपाएकोले आफ्नै खर्चमा नेपाल फर्किएको हो। उक्त रकम प्रतिवादीसँग माग गर्दा निजले फेरी साउदी अफ्रिका देशमा पठाउँछु भनी भारतको दिल्लीसम्म लगेर राखी अलपत्र पारेपछि म नेपाल फर्की आई जाहेरी दिएको हो। मलाई प्रतिवादीबाट हर्जानासहितको बिगो र फर्की आउँदा लागेको खर्चसमेत दिलाइपाउँ भन्नेसमेत बेहोराको जाहेरवाला धनराज तामाङले न्यायाधिकरणमा गरेको बकपत्र।

प्रतिवादी होमबहादुर छन्त्यालले मलाई वैदेशिक रोजगारमा साउथ अफ्रिका पठाउँछु भनी पहिलो पटक नगद रू.१,००,०००।- र मेरो राहदानी, दोस्रो पटक रू.३,००,०००।- र तेस्रो पटक रू.१,००,०००।- गरी जम्मा रू.५,००,०००।- दिएको हो। प्रतिवादीलाई रकम दिएको प्रमाण केही छैन। सो रकम दिएपछि प्रतिवादीले भारतको दिल्लीसम्म लगेर तीन महिना राखी अलपत्र पारेपछि म नेपाल फर्की आई जाहेरी दिएको हो। मलाई प्रतिवादीबाट हर्जानासहितको बिगो र फर्की आउँदा लागेको खर्चसमेत दिलाई र प्रतिवादी होमबहादुर

छन्त्याललाई सजायसमेत गरिपाउँ भन्नेसमेत बेहोराको जाहेरवाला उद्धवबहादुर मैनालीले न्यायाधिकरणमा गरेको बकपत्र ।

प्रतिवादी होमबहादुर छन्त्यालले मलाई वैदेशिक रोजगारमा साइप्रस वा कुर्दिस्तान वा अष्ट्रेलिया पठाउँछु भनी विश्वास दिलाएका हुँदा नगद रू.९,५०,०००।- प्रतिवादी होमबहादुर छन्त्याललाई दिएको हो। प्रतिवादीलाई रकम दिएको प्रमाण स्वरूप लिखत कागज बनाएको छु । निजले मलाई वैदेशिक रोजगारमा लाने भनी दुबईसम्म लगेर ४५ दिनसम्म बस्दा पनि भनेबमोजिम काम नपाएकोले म आफ्नै खर्चमा नेपाल फर्किएको हो । मलाई प्रतिवादीबाट हर्जानासहितको बिगो र फर्की आउँदा लागेको खर्चसमेत दिलाई र प्रतिवादी होमबहादुर छन्त्याललाई सजायसमेत गरिपाउँ भन्नेसमेत बेहोराको जाहेरवाला राजिव के.सी.ले न्यायाधिकरणमा गरेको बकपत्र।

प्रतिवादी होमबहादुर छन्त्यालले मलाई वैदेशिक रोजगारमा कोरिया पठाउँछु भनी नगद रू.६,४०,०००।- दिएको हो। निजले मलाई वैदेशिक रोजगारका लागि थाइल्यान्डसम्म लगेर एक महिना बसालेको हो । थाइल्यान्डसम्म जाँदा हामीसँग १२/१३ जना अन्य साथीहरू पनि थिए। प्रतिवादीले भनेबमोजिम वैदेशिक रोजगार दिलाउन नसकेपछि म आफ्नै खर्चमा नेपाल फर्की आई जाहेरी दिएको हो। मलाई प्रतिवादीबाट हर्जानासहितको बिगोसमेत दिलाइपाउँ भन्नेसमेत बेहोराको जाहेरवाला शिवराज पुन मगरले न्यायाधिकरणमा गरेको बकपत्र।

प्रतिवादी होमबहादुर छन्त्यालले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ अनुसारको कसुर गरेको पुष्टि भएको देखिँदा निज प्रतिवादी होमबहादुर छन्त्याललाई सोही ऐनको दफा ४३ बमोजिम ३ (तीन) वर्ष कैद र रू.३,००,०००।- (तीन लाख) जरिवाना हुने तथा जाहेरवालाहरू नरेन्द्र बेल्वासेको बिगो रू.८,३०,०००।-, राजिव के.सी. को बिगो रू. ९,०५,०००।-, धनराज तामाङको बिगो रू.६,७५,०००।-, उद्धवबहादुर मैनालीको बिगो रू.५,००,०००।- र शिवराज पुन मगरको बिगो रू.६,४०,०००।- तथा उक्त बिगोहरूको पचास प्रतिशतले हुने हर्जानासमेत निज प्रतिवादी होमबहादुर छन्त्यालबाट निज जाहेरवालाहरूलाई भराइदिने ठहर गरी प्रतिवादीहरू सोमराज नेपाली, मैना छन्त्याल, प्रतिभा रैला र सर्मिला पौड्यालले अभियोग दाबीबमोजिमको कसुर गरेका हुन् भन्ने पुष्टि हुनेसम्मको प्रमाण अभियोजन पक्षबाट पेस भएको नदेखिँदा निज प्रतिवादीहरू सोमराज नेपाली, मैना छन्त्याल, प्रतिभा रैला र शर्मिला पौड्यालले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याउनुका साथै न्यायाधिकरणमा उपस्थित भई बकपत्र नगरेका अन्य जाहेरवालाहरूको बिगोतर्फको दाबी पुग्न नसक्ने गरी वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०७६।३।९ मा भएको फैसला।

म पुनरावेदक पेसाले इलेक्ट्रिसियनसम्बन्धी काम गरी परिवारको पालन पोषण गर्दै आएको थिए। हालसम्म कोही कसैलाई वैदेशिक रोजगारीमा पठाइदिन्छु भनी रकम लिएको, खाएको छैन। वैदेशिक रोजगारमा पठाउन सक्ने मेरो कुनै हैसियत, क्षमता इजाजत केही छैन। प्रतिवादी होमबहादुर छन्त्यालको वारदातमा संलग्न रहेको भनी यस मुद्दामा परेका सबै सातै जाहेरी दरखास्तहरूमा यी प्रतिवादीउपर किटानी जाहेरी दरखास्त परेको भनी आधार लिई फैसला भएको छ । सातवटा जाहेरी दरखास्तलाई

हेर्ने हो भने सो जाहेरी दरखास्त पुष्टि हुने कुनै पनि ठोस प्रमाण पेस भएको छैन । अन्य प्रमाणहरूले समर्थन नगरेसम्म त्यस्तो जाहेरी दरखास्त आफैँमा स्वतन्त्र प्रमाण हुन सक्दैन । कानूनको प्रस्ट उल्लङ्घन नभई कसैलाई पनि दण्डित गर्न मिल्ने होइन। लिखत कागजकै आधारमा मात्र कसुर कायम गर्नु न्यायोचित हुन सक्दैन। विनाआधार अनुमान र आशंकाको आधारमा मात्र मलाई कसुरदार कायम गर्न मिल्दैन । यी जाहेरवालाहरू कृत्रिम वैदेशिक रोजगार पीडित बनी मेरो विरूद्ध जाहेरी दिएका हुनाले उक्त आरोपित कसुरबाट सफाइ दिलाइपाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी होमबहादुर छन्त्यालको यस अदालतमा दायर हुन आएको पुनरावेदनपत्र।

प्रतिवादी होमबहादुर छन्त्यालले विभिन्न मुलुकमा वैदेशिक रोजगारमा पठाउँछु भनी रकम लिई विभिन्न देशसम्म पुऱ्याई अलपत्र पारेको उल्लेख गरी २० जना जाहेरवालाहरूले ७ वटा जाहेरी दरखास्त दिएको देखिन्छ। जाहेरी दरखास्तको बेहोरालाई पेस भएको पासपोर्टका प्रतिलिपि, बैंक भौचर, लिखत कागजले समर्थित गरेका छन् । मिसिल संलग्न प्रमाणबाट सबै जाहेरवालासँग रकम बुझेकोमा प्रहरी परिसरका अनुसन्धान अधिकृतसमक्ष साबिती रही वैदेशिक रोजगार न्यायाधिकरणमा समेत विभिन्न जाहेरवालाहरूबाट रकम लिएकोमा स्वीकार गरेको बयानले निजले वैदेशिक रोजगारको लागि विभिन्न देशमा पठाइदिने प्रलोभनमा पारी २० जना जाहेरवालाहरूलाई ठगी गरेको थप पुष्टि भइरहेको अवस्थामा बकपत्र गर्न नआएका जाहेरवालाहरूको हकमा बिगोको दाबी नपुग्ने ठहर गरी भएको फैसला प्रमाण ऐन, २०३१ को दफा १० विपरीत छ। साथै जाहेरवालाहरू सुदय नेपाली, रविन परियार, शिवराज पुन, तारासिंह बुढा, टिकाराम घर्ती र दलबहादुर थापालाई वैदेशिक रोजगारमा पठाउन प्रतिवादी मैना छन्त्याल, शर्मिला पौड्याल, प्रतिभा रैला र सोमराज नेपालीसमेतको सरसल्लाह र समन्वयमा उक्त कसुर भएको मिसिलबाट देखिएको अवस्थामा यी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिमको कसुरबाट सफाइ दिने गरी भएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी सबै प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्नेसमेत बेहोराको पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा दायर हुन आएको पुनरावेदनपत्र।

ठहर खण्ड

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको मिसिल कागजात अध्ययन गरियो।

पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री विदुरकुमार कार्कीले मिसिल संलग्न प्रमाणबाट सबै जाहेरवालासँग रकम बुझेकोमा प्रहरी परिसरका अनुसन्धान अधिकृतसमक्ष साबिती रही न्यायाधिकरणमा समेत विभिन्न जाहेरवालाहरूबाट रकम लिएकोमा स्वीकार गरेको बयानअनुसार प्रतिवादी होमबहादुर छन्त्यालले वैदेशिक रोजगारको लागि विभिन्न देशमा पठाइदिने प्रलोभनमा पारी २० जना जाहेरवालाहरूलाई ठगी गरेको पुष्टि भइरहेको अवस्थामा बकपत्र गर्न नआएका जाहेरवालाहरूको हकमा बिगोको दाबी नपुग्ने ठहर गरी भएको फैसला प्रमाण ऐन, २०३१ को दफा १० विपरीत छ ।

साथै प्रतिवादी मैना छन्त्याल, शर्मिला पौड्याल, प्रतिभा रैला र सोमराज नेपालीसमेतको सरसल्लाह समन्वय र संलग्नतामा उक्त कसुर भएको मिसिलबाट देखिएको अवस्थामा यी प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको फैसला कानूनत: त्रुटिपूर्ण हुनाले उक्त फैसला बदर गरी अभियोग मागदाबीबमोजिम नै सजाय हुनुपर्दछ भनी गर्नुभएको बहससमेत सुनियो।

उपर्युक्तानुसारको तथ्यगत विषय र बहस जिकिरसमेत भएको प्रस्तुत मुद्दामा पुनरावेदनसहितका मिसिल संलग्न प्रमाणहरूको अध्ययन गरी हेर्दा वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट भएको फैसला मिलेको छ, छैन ? पुनरावेदक वादी नेपाल सरकार र प्रत्यर्थी प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन ? सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादीहरू होमबहादुर छन्त्याल, मैना छन्त्याल, सोमराज नेपाली, शर्मिला पौड्याल र प्रतिभा रैलाले आपसी मिलेमतो गरी वैदेशिक रोजगार व्यवसाय गर्न पाउने इजाजत अनुमति नलिई जाहेरवालाहरू राजिव के.सी. समेतका बिस जनालाई वैदेशिक रोजगारीका लागि रसियालगायतका अन्य विभिन्न देशहरूमा पठाइदिन्छु भनी रकम बुझिलिई पलाउ, दुबई, थाइल्यान्ड र भारतलगायतका देशसम्म पुऱ्याई अलपत्र पारी जाहेरवालाहरू आफैँ फर्किआएको देखिएको र लिएखाएको रकमसमेत फिर्ता नगरेको हुँदा प्रतिवादीहरू होमबहादुर छन्त्याल, मैना छन्त्याल, सोमराज नेपाली, शर्मिला पौड्याल र प्रतिभा रैलाको सो कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर भए गरेको देखिएकोले यी प्रतिवादीहरूलाई सोही ऐनको दफा ४३ बमोजिम सजाय गरी जाहेरवालाहरूबाट प्रतिवादीहरूले लिए खाएको बिगो रू.१,३६,९४,०००।- र सोको ५० प्रतिशतले हुने हर्जाना रकमका साथै जाहेरवालाहरू स्वदेश फर्की आउँदा लागेको खर्चसमेत गरी जम्मा रू.२,०७,९१,०००।- (दुई करोड सात लाख एकानब्बे हजार) प्रतिवादीहरू होमबहादुर छन्त्याल, मैना छन्त्याल, सोमराज नेपाली, शर्मिला पौड्याल र प्रतिभा रैलाबाट जाहेरवालाहरू सुदय नेपाली, रविन परियार, केशव परियार, डम्बरबहादुर बुढाथोकी, धनराज तामाङ, उद्धवबहादुर मैनाली, मणीराज घिमिरे, रविन्द्र घिमिरे, विरबहादुर गुरूङ, खर्कविर घर्ती, टिकाराम घर्तीमगर, दुलबहादुर थापा, तारासिंह बुढा, शिवराज पुन मगर, खिमराज न्यौपाने, कृष्णबहादुर कुँवर, जुक्तबहादुर थापा, राजिव के.सी. नरेन्द्र बेलवासे र खिलबहादुर थापालाई दिलाई भराइपाउँ भन्ने अभियोग मागदाबी रहेकोमा यी प्रतिवादी होमबहादुर छन्त्याललाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ नं. को कसुरमा सोही ऐनको दफा ४३ बमोजिम ३ वर्ष कैद र रू.३,००,०००।- जरिवाना गरी जाहेरवालाहरू नरेन्द्र बेल्वासेको बिगो रू.८,३०,०००।-, राजिव के.सी.को बिगो रू.९,०५,०००।-, धनराज तामाङको बिगो रू.६,७५,०००।-, उद्धवबहादुर मैनालीको बिगो रू.५,००,०००।- र शिवराज पुन मगरको बिगो रू.६,४०,०००।- तथा उक्त बिगोहरूको पचास प्रतिशतले हुने हर्जानासमेत प्रतिवादी होमबहादुर छन्त्यालबाट निज जाहेरवालाहरूलाई भराइदिने ठहर गरी प्रतिवादीहरू सोमराज नेपाली, मैना छन्त्याल, प्रतिभा रैला र शर्मिला पौड्यालले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याउनुका साथै

न्यायाधिकरणमा उपस्थित भई बकपत्र नगरेका अन्य जाहेरवालाहरूको बिगोतर्फको दाबी पुग्न नसक्ने गरी न्यायाधिकरणबाट भएको फैसलाउपर चित्त नबुझाई प्रत्यर्थी प्रतिवादी होमबहादुर छन्त्याल र वादी नेपाल सरकारको तर्फबाट दोहोरो पुनरावेदन परेको देखियो।

३. अब प्रतिवादी होमबहादुर छन्त्यालबाट दाबीबमोजिमको बिगोभन्दा कम भराइदिने गरी र प्रतिवादीहरू सोमराज नेपाली, मैना छन्त्याल, प्रतिभा रैला र शर्मिला पौड्याललाई सफाइ दिने गरी भएको फैसला सो हदसम्म बदर गरी सबै प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम नै सजाय हुनुपर्दछ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, धनराज तामाङसमेतका पीडितहरू यी प्रतिवादीहरूको मिलेमतोमा वैदेशिक रोजगारको लागि विभिन्न मुलुकमा पठाइदिने भनी रकम लिई भनेबमोजिमको रोजगारी दिलाउन नसकी जाहेरवालाहरूबाट लिए खाएको रकमसमेत फिर्ता नगरेको हुनाले कारबाही गरिपाउँ भनी विभिन्न मितिमा महानगरीय प्रहरी परिसर टेकु, काठमाडौंमा दिएको ७ वटा जाहेरी दरखास्तबाट प्रस्तुत मुद्दाको अनुसन्धान प्रारम्भ भएको देखिन्छ।

४. जाहेरवालाहरूले यी प्रतिवादी होमबहादुर छन्त्यालले वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकमा पठाइदिने भनी जाहेरवालाहरूसँग रकम लिई भनेबमोजिमको काममा पठाउन नसकी विभिन्न मुलुकसम्म पुऱ्याई जाहेरवालाहरूलाई अलपत्र पारेको भनी सातै थान जाहेरी दरखास्तमा किटानी गरेको देखिन्छ।

५. वैदेशिक रोजगारमा पठाइदिने भनी रकम लिई भिजिट भिषामा विदेश पठाई विभिन्न ठाउँमा अलपत्र पारेको भन्ने विवरण जाहेरी दरखास्तमा उल्लेख गरेका जाहेरवालाहरूले निजहरू तत् तत् ठाउँमा पुगेको देखिने गरी निजहरूको राहदानीमा लागेका अध्यागमन कार्यालयका छापहरूसमेत लागेको देखिने गरी निजहरूको राहदानीको प्रतिलिपिहरू, हवाई टिकटका प्रतिलिपिहरू, यी प्रतिवादीको नाममा रकम पठाएका बैंक भौचरहरू तथा यी प्रतिवादी होमबहादुर छन्त्यालले जाहेरवालाहरू राजिव के.सी. र नरेन्द्र बेल्वासेलाई गरिदिएको लिखत पेस गरेको पाइन्छ।

६. जाहेरवालाहरू धनराज तामाङ, उद्धवबहादुर मैनाली, राजिव के.सी., नरेन्द्र वेल्वासे र शिवराज पुन मगरले आफ्नो जाहेरी दरखास्तमा उल्लिखित बेहोरालाई समर्थन गरी न्यायाधिकरणमा बकपत्र गरेको देखिन्छ। अध्यागमन कार्यालयका छापहरूसमेत लागेको देखिने गरी निजहरूको राहदानीको प्रतिलिपिहरू, हवाई टिकटका प्रतिलिपिहरूसमेतबाट वैदेशिक रोजगारमा पठाउन भनी दुबई र रसियासम्म जाहेरवाला राजिव के.सी. र धनराज तामाङलाई लगी अलपत्र पारेको भन्नेसमेतबाट पुष्टि भएको देखिन्छ।

७. प्रमाण ऐन, २०३१ को दफा १० ले कुनै काम घटना वा अवस्थाका सम्बन्धमा सो काम घटना वा अवस्थाबाट पीडित भएका व्यक्तिले मौकामा वा तत्काल अघि वा पछि व्यक्त गरेको कुरा प्रमाणमा लिन मिल्ने व्यवस्था गरेनुसार पीडित जाहेरवालाहरू स्वयंले मौकामा दिएको किटानी जाहेरी बेहोरालाई पुष्टि हुने गरी न्यायाधिकरणमा बकपत्रसमेत गरेको अवस्थाको जाहेरी र निजहरूको बकपत्रलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ बमोजिम प्रमाणमा लिन नपर्ने अन्य कुनै कारण देखिँदैन।

८. त्यसै गरी यी प्रतिवादी होमबहादुर छन्त्यालले जाहेरवालाहरू राजिव के.सी. र नरेन्द्र बेल्वासेलाई वैदेशिक रोजगारमा पठाइदिने भनी लिएको रकमसमेत उल्लेख गरिदिएको लिखत पेस गरेको देखिन्छ । यसरी यी प्रतिवादीले तत् तत् जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा विभिन्न देशमा पठाइदिने भनी जाहेरवालाहरूबाट विभिन्न दरमा रकमहरू लिएको भन्ने बेहोरा उल्लेख भएको लिखत कागजहरू अन्यथा प्रमाणित भएको नदेखिँदा ती लिखतहरूलाई अदालतले वस्तुनिष्ठ र भरपर्दो प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखियो ।

९. प्रतिवादी होमबहादुर छन्त्यालले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजत पत्र लिएको छैन र आफूले कसैलाई पनि विदेश पठाउने भनी रकम लिएको छैन भनी न्यायाधिकरण र वैदेशिक रोजगार विभागका अनुसन्धान अधिकृतसमक्ष कसुरमा इन्कारी बयान गरेको भए तापनि मौकामा महानगरीय प्रहरी परिसर टेकुका अनुसन्धान अधिकृतसमक्ष बयान गर्दा कसुर गरेकोमा साबित रही जाहेरवालाहरू धनराज तामाङ, उद्धवबहादुर मैनाली, राजिव के.सी., नरेन्द्र बेल्वासे र शिवराज पुन मगरेसमेतका जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाउन भनी रकम लिएको हो भनी गरेको साबिती बयान, जाहेरवाला नरेन्द्र बेल्वासेलाई गरिदिएको लिखत, रोजगारमा विदेश पठाइदिने भनी प्रतिवादी मैना छन्त्यालको नाममा निज जाहेरवालाकी श्रीमती शर्मिला बेल्वासेले रू.१५,०००।- आई.एम.ई. गरी पठाएको हो भनी उल्लेख गरेको बेहोरा, जाहेरवाला राजिव के.सी.लाई वैदेशिक रोजगारमा पहिला किर्गिस्तान पठाउन भनी रू.२,७०,०००।- लिई भिजिट भिषामा दुबई पठाएकोमा भनेबमोजिमको मुलुकमा पठाउन नसकी फिर्ता आएपछि पुनः अष्ट्रेलिया पठाउन भनी रू.४,४०,०००।- जम्मा गर्न लगाएको हो भनी उल्लेख गरेको बेहोरा र लिखतसमेतबाट पुष्टि भएको देखिन्छ । साथै मिसिल संलग्न रहेको शर्मिला पौड्याल, प्रतिवादी प्रतिभा रैला र प्रतिवादी मैना छन्त्यालको खातामा यी प्रतिवादी होमबहादुर छन्त्यालले भनेअनुसार पीडित जाहेरवालाहरू र निजका आफन्तले रकम जम्मा गरेका भौचरहरूको प्रतिलिपिहरूसमेतबाट कसुर गरेको पुष्टि भइरहेको अवस्थामा अन्य स्वतन्त्र र परिस्थितिजन्य प्रमाणबाट विश्वासिलो देखिन नआएको यी प्रतिवादी होमबहादुर छन्त्यालले न्यायाधिकरणमा गरेको इन्कारी बयानलाई मात्र कसुरबाट उन्मुक्ति दिने आधार मान्न सकिँदैन ।

१०. अत: जाहेरी दरखास्त, जाहेरवालाहरू धनराज तामाङ, राजिव के.सी., नरेन्द्र बेल्वासे, उद्धवबहादुर मैनाली र शिवराज पुन मगरले आफ्नो जाहेरी बेहोरालाई समर्थित गर्ने गरी गरेका बकपत्रहरू तथा यी प्रतिवादी होमबहादुर छन्त्यालले मौकामा जाहेरवालाहरू नरेन्द्र बेल्वासे र राजिव के.सी.लाई वैदेशिक रोजगारमा पठाउन भनी रकम लिएकोमा साबित भई गरेको बयान, जाहेरवालाहरूका राहदानीमा लागेका अध्यागमन कार्यालयका छापहरूसमेतबाट जाहेरवालाहरू धनराज तामाङ, राजिव के.सी., नरेन्द्र बेल्वासे, उद्धवबहादुर मैनाली र शिवराज पुन मगरलाई वैदेशिक रोजगारमा पठाउने इजाजत पत्र नलिई वैदेशिक रोजगारमा पठाइदिन्छु भनी विश्वास दिलाई जाहेरवालाहरूबाट अलग अलग रकम लिई धनराज तामाङलाई रसियासम्म लगी भनेबमोजिम काम दिलाउन नसकी अलपत्र पारेको, जाहेरवाला राजिव के.सी.लाई कुर्दिस्तान

पठाउन भनी दुबईसम्म पुऱ्याई भनेबमोजिम पठाउन नसकेपछि पुन: अष्ट्रेलिया पठाउन भनी रकम लिई भारतसम्म लगी अलपत्र पारेको तथा अन्य जाहेरवालाहरू उद्धवबहादुर मैनाली, नरेन्द्र बेल्वासे र शिवराज पुन मगरलाई भनेबमोजिम वैदेशिक रोजगारमा पठाउन नसकेको पुष्टि भएको अवस्थामा यी प्रतिवादी होमबहादुर छन्त्याललाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ नं. को कसुरमा सोही ऐनको दफा ४३ बमोजिम ३ वर्ष कैद र रू.३,००,०००।- जरिवाना गरी जाहेरवालाहरू नरेन्द्र बेल्वासेको बिगो रू.८,३०,०००।-, राजिव के.सी.को बिगो रू.९,०५,०००।-, धनराज तामाङको बिगो रू.६,७५,०००।-, उद्धवबहादुर मैनालीको बिगो रू.५,००,०००।- र शिवराज पुन मगरको बिगो रू.६,४०,०००।- तथा उक्त बिगोहरूको पचास प्रतिशतले हुने हर्जानासमेत प्रतिवादी होमबहादुर छन्त्यालबाट निज जाहेरवालाहरूलाई भराइदिने ठहर गरेको न्यायाधिकरणको फैसला मनासिब नै देखिएकोले अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादी होमबहादुर छन्त्यालको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

११. अब अभियोग दाबीबाट सफाइ पाएका अन्य प्रतिवादीहरू मैना छन्त्याल, प्रतिभा रैला, शर्मिला पौड्याल र सोमराज नेपालीको हकमा विचार गर्दा, जाहेरवाला नरेन्द्र बेल्वासेको श्रीमती सर्मिला बेल्वासेले प्रतिवादी मैना छन्त्याललाई आई.एम.ई. गरी रू.१५,०००।- पठाएको देखिए तापनि यी प्रतिवादी कसुर गरेकोमा अनुसन्धान र न्यायाधिकरणमा इन्कार रही बयान गरेको पाइन्छ । प्रस्तुत मुद्दामा परेका सातवटा जाहेरी दरखास्तहरूमध्ये जाहेरवाला नरेन्द्र बेल्वासेको जाहेरीको पेट बोलीमा सर्मिला बेल्वासेले प्रतिवादी मैना छन्त्याललाई आई.एम.ई. गरी रू.१५,०००।- पठाएको भनी उल्लेख गरे तापनि जाहेरीमा यी प्रतिवादी मैना छन्त्याललाई विपक्षी बनाएको देखिँदैन । साथै उक्त वारदातमा प्रतिवादी मैना छन्त्यालको के कस्तो भूमिका र संलग्नता थियो भनी जाहेरवाला नरेन्द्र बेल्वासेको जाहेरी तथा निजले गरेको बकपत्रमा समेत केही उल्लेख गर्न सकेकोसम्म पाइँदैन।

१२. प्रतिवादी होमबहादुर छन्त्यालले यी प्रतिवादी मैना छन्त्यालले पाउने गरी जाहेरवाला नरेन्द्र बेल्वासेलाई रकम पठाइदिनु भनेअनुसार श्रीमती शर्मिला बेल्वासेले यी प्रतिवादी मैना छन्त्यालले पाउने गरी आई.एम.ई. बाट रकम पठाएको भन्ने जाहेरवाला नरेन्द्र बेल्वासेको बकपत्र र प्रतिवादी होमबहादुर छन्त्यालले गरेको बयान बेहोरासमेतबाट यी प्रतिवादी मैना छन्त्यालले कसुर गरेकोमा मौका र न्यायाधिकरणमा इन्कार रही गरेको बयान समर्थित हुन आएकोले प्रतिवादी मैना छन्त्यालको उक्त कसुरमा भूमिका र संलग्नता थियो भनी मान्न सकिने अवस्था देखिँदैन।

१३.त्यसैगरीप्रतिवादीहरूशर्मिलापौड्याल, प्रतिभा रैला र सोमराज नेपालीले न्यायाधिकरणबाट जारी भएको म्यादमा उपस्थित नभए तापनि प्रस्तुत मुद्दामा परेका सातवटा जाहेरी दरखास्तहरूमध्ये जाहेरवाला राजिव के.सी. को जाहेरीको पेटबोलीमा प्रतिवादी प्रतिभा रैलाको एस.वि.आई. बैंकमा रहेको बैंक खाता नं.२०११५२४१४०३४६५ मा रू.३,००,०००।- र प्रतिवादी शर्मिला पौड्यालको खाता नं.२०११५२४१४०३७६० मा जाहेरवाला राजिव के.सी. को दाजु दिपेन्द्र के.सी.

ले रू.१,४०,०००।- जम्मा गरेको उल्लेख गरे तापनि जाहेरवाला नरेन्द्र बेल्वासेले जाहेरी दिँदा यी प्रतिवादीहरूलाई विपक्षी बनाएको देखिँदैन । यसरी यी प्रतिवादी प्रतिभा रैलाको एस.वि.आई. बैंकमा रहेको बैंक खाता नं.२०११५२४१४०३४६५ मा रू.३,००,०००।- र प्रतिवादी शर्मिला पौड्यालको खाता नं. २०११५२४१४०३७६० मा जाहेरवाला राजिव के.सी. को दाजु दिपेन्द्र के.सी. ले र.१,४०,०००।- जम्मा गरेको बैंक स्टेटमेन्टहरूबाट देखिएको भए तापनि यी प्रतिवादीहरूसमेतले जाहेरवाला राजिव के.सी. लाई वैदेशिक रोजगारीमा पठाइदिने भनी झुट्टा आश्वासन दिई प्रलोभनमा पारेका भनी निजहरूउपर किटानी गरी जाहेरी दिएको देखिँदैन । वैदेशिक रोजगारीमा जानका लागि रकम भुक्तानी गरेको वा उपलब्ध गराएको हो भनी पीडितले जाहेरी दरखास्तमा किटानी रूपमा उल्लेख नगरेको स्थितिमा प्रतिवादीलाई उपलब्ध गराएको रकम अन्य काम बेहोरा वा ऋण सापटको लागिसमेत उपलब्ध गराएको हुनसक्ने अवस्थालाई पूरै इन्कार गर्न सकिँदैन । जाहेरवाला राजिव के.सी. ले दिएको जाहेरीमा प्रतिवादी होमबहादुर छन्त्यालले भनेअनुसार प्रतिभा रैला र शर्मिला पौड्यालको बैंक खातामा रकम जम्मा गरेको भन्ने बेहोरा उल्लेख भएको देखिएको छ । साथै यी जाहेरवाला राजिव के.सी.ले बकपत्र गर्दासमेत यी प्रतिवादीहरूलाई पोल गरेको देखिँदैन ।

१४. प्रस्तुत मुद्दामा परेको कुनै पनि जाहेरी दरखास्तमा यी प्रतिवादी सोमराज नेपालीलाई विपक्षी बनाई अन्य प्रतिवादीहरूसँग मिलेमतो गरी जाहेरवालाहरूलाई झुट्टो आश्वासन दिई प्रलोभनमा पारी रकम लिएका हुन् भनी उल्लेख भएको पाइँदैन । साथै न्यायाधिकरणमा उपस्थित भई बकपत्र गरेका कुनै पनि जाहेरवालाले प्रतिवादी सोमराज नेपाली उक्त कसुरमा संलग्न थिए भनी पोल गरेकोसमेत देखिँदैन । केवल सहप्रतिवादी होमबहादुर छन्त्यालले अनुसन्धानमा यी प्रतिवादीहरू प्रतिभा रैला, शर्मिला पौड्याल र सोमराज नेपालीलाई पोल गरेकै आधारमा यी प्रतिवादीहरूको उक्त कसुरमा संलग्नता थियो भनी मान्न सकिने अन्य स्वतन्त्र वस्तुनिष्ठ र विश्वासिलो प्रमाणबाट निजहरूको संलग्नता र मिलेमतो रहेको भन्ने तथ्य शंकारहित तवरले पुष्टि हुन आएको देखिएन।

१५. न्यायाधिकरणमा उपस्थित भई बकपत्र नगरेका अन्य जाहेरवालाहरूको बिगोतर्फ विचार गर्दा, जाहेरी वारदात वा कसुर भए गरेको सम्बन्धमा अधिकारप्राप्त निकायमा दिइएको प्रारम्भिक सूचनाको एक महत्त्वपूर्ण पाटो भए तापनि घटना परिस्थितिसँग जोडिएका साक्षी प्रमाणहरूले जाहेरी बेहोरा समर्थित हुनु पर्दछ । जाहेरी दरखास्तले आफैँमा प्रमाणको रूप ग्रहण नगर्ने र यसले अन्य साक्षी प्रमाणको सापेक्षतामा प्रमाणको रूप ग्रहण गर्ने भएको हुँदा जाहेरी दरखास्तमा किटिएको बेहोरा पीडित जाहेरवालाका साथै अन्य स्वतन्त्र प्रमाणबाट पनि पुष्टि हुनु आवश्यक छ । जाहेरी दरखास्तको मूल्याङ्कन गर्ने महत्त्वपूर्ण आधारको रूपमा प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम त्यस्तो जाहेरी दिने व्यक्ति अर्थात् जाहेरवाला स्वयं साक्षीका रूपमा अदालतमा उपस्थित भई आफूले जाहेरी दरखास्तमा लेखाएको कुरालाई अदालतमा बकपत्र गरी समर्थन गरेको स्थिति विद्यमान हुनु पर्दछ । अन्यथा कुनै पनि जाहेरीको बेहोराले कसुर

पुष्टि गर्ने प्रामाणिक महत्त्व ग्रहण गर्न नसक्ने हुँदा केवल जाहेरी दिएकै आधारमा कसैलाई दोषी करार गरी सजाय गर्नु न्याय र तर्कसङ्गत हुँदैन । पीडित भनिएका जाहेरवालाहरूले नै आफ्नो जाहेरीप्रति गम्भीरता देखाउन नसक्नुका साथै अभियोजन पक्षबाट समेत उक्त जाहेरी बेहोरालाई समर्थन हुने गरी अन्य खम्बिर प्रमाण पेस गर्न नसकेको अवस्थामा केवल जाहेरीमा उल्लेख गरेको बिगो कायम गर्ने गरी कसुदार ठहर गर्नु मनासिब नदेखिँदा यी प्रतिवादीहरू मैना छन्त्याल, प्रतिभा रैला, शर्मिला पौड्याल र सोमराज नेपालीलाई अभियोग दाबीबाट सफाइ दिने तथा बकपत्रसमेत गर्न नआएका अन्य जाहेरवालाहरूको बिगो दाबी नपुग्ने ठहर गरी न्यायाधिकरणबाट भएको फैसला मनासिब नै देखिँदा यी प्रतिवादीहरूलाई सुरू अभियोग दाबीबमोजिम नै सजाय हुनुपर्दछ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन र बहस जिकिरसँग सहमत हुन सकिएन ।

१६. तसर्थ, माथि विवेचित तथ्यगत आधार र कारणसमेतबाट प्रतिवादी होमबहादुर छन्त्याललाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा सोही ऐनको दफा ४३ बमोजिम ३ (तीन) वर्ष कैद र रू.३,००,०००।- (तीन लाख) जरिवाना गरी जाहेरवालाहरू नरेन्द्र बेल्वासेको बिगो रू.८,३०,०००।-, राजिव के.सी. को बिगो रू. ९,०५,०००।-, धनराज तामाङको बिगो रू.६,७५,०००।-, उद्धवबहादुर मैनालीको बिगो रू.५,००,०००।- र शिवराज पुन मगरको बिगो रू.६,४०,०००।- तथा उक्त बिगोहरूको पचास प्रतिशतले हुने हर्जानासमेत निज प्रतिवादी होमबहादुर छन्त्यालबाट यी जाहेरवालाहरूलाई भराइदिने ठहर गरी प्रतिवादीहरू सोमराज नेपाली, मैना छन्त्याल, प्रतिभा रैला र शर्मिला पौड्याललाई अभियोग दाबीबाट सफाइ दिनुका साथै न्यायाधिकरणमा उपस्थित भई बकपत्र नगरेका अन्य जाहेरवालाहरूको बिगोतर्फको दाबी पुग्न नसक्ने ठहर्‍याई वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०७६।३।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकार तथा प्रत्यर्थी प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.तेजबहादुर के.सी.

इजलास अधिकृत : माधव भण्डारी
इति संवत् २०७७ साल पौष १५ गते रोज ४ शुभम् ।